# यौनिक तथा लैङ्गिक अल्पसंख्यक

## मानवअधिकार तथा कानूनी शिक्षा तालिम पुस्तिका

नील हिरा समाज

# यौनिक तथा लैङ्गिक अल्पसंख्यक

## मानवअधिकार तथा कानूनी शिक्षा तालिम पुस्तिका

नील हिरा समाज

**प्रथम संस्करण** : २०६६ श्रावण

**सर्वाधिकार** : **नील हिरा समाज**

शिवभक्तिमार्ग ३४४, खुर्सानीटार
लाजिम्पाट, काठमाडौ
फोन नं ४४४३३५०, ४४४५१४७
website: http://www.bds.org.np
email: bluediamondsociety@yahoo.com

५००० प्रति

(**यूरोपेली संघको आर्थिक सहयोगमा प्रकाशन गरिएको**)

**मुद्रण** : प्रिन्ट प्वाइन्ट पब्लिसिङ्ग ... 3P
त्रिपुरेश्वर, काठमाडौं
४२४९६७४/५

# भूमिका

नील हिरा समाज सन् २००१ मा स्थापना भई यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको यौन स्वास्थ्य र मानवअधिकारको लागि निरन्तर रूपमा कार्य गर्दै आइरहेको छ । बर्षौ देखि महिला र पुरुषमा आधारित विभेदकारी सामाजिक संरचनाको कारण यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय घर, परिवार, समाज र राज्यद्वारा विभेदको शिकार हुनु परेको अवस्था छ । फरक खालको यौन अभिमुखिकरण र लैङ्गिक पहिचान भएका कारण यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू माथि विभिन्न प्रकारका अमानवीय व्यवहार, हत्या, हिंसा, बलात्कार जस्ता घटनाहरू दिन प्रतिदिन हुदै आईरहेका छन् । आफ्नो लैङ्गिक पहिचान अनुसारको नागरिकता नभएको कारण तेश्रो लिङ्गीहरूलाई विभिन्न प्रकारको आरोप लगाई थुन्ने, शारीरिक तथा मानसिक यातना दिने, विभिन्न कार्यालयहरूमा प्रवेश गर्न नदिने जस्ता व्यवहार हुदै आएका छन् । सम्मानित सर्वोच्च अदालतको तेश्रो लिङ्गी समुदायलाई आफ्नो पहिचान अनुसारको नागरिकता दिनु भनी गरेको निर्देशनात्मक आदेश पश्चात् पनि तेश्रो लिङ्गीलाई आफ्नो पहिचान अनुसारको नागरिकता दिलाउने कुरामा सरकारले हालसम्म कुनै पहल गरेको छैन । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय अल्पसंख्यक भित्रको पनि अति सिमान्तकृत समुदाय भएका कारण यस समुदायका हक अधिकारलाई संविधानमा नै सुनिश्चित गर्नुपर्दछ । अन्य अल्पसंख्यक जस्तै यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई अब बन्ने संविधानमा विशेष आरक्षण, कोटा र विशेष अधिकार सहित उनीहरूको मानवअधिकार सुनिश्चित गर्नुपर्छ । सरकारका नीति निर्माण तथा कार्यक्रमहरूमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको प्रतिनिधित्व गराई राज्यका हरेक निकायमा यो समुदायलाई समान सहभागिता गराइनु पर्दछ । यौनिकता र लैङ्गिकताको सवाल यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले मात्र उठाउनु पर्छ भन्ने होइन, यस सवाललाई राष्ट्रपति, प्रधानमन्त्री, संवैधानिक निकायको प्रमुख, नीति निमार्णकर्ता, मानवअधिकारकर्मी, नागरिक समाज, विद्धत वर्ग सबैले यसलाई सम्बोधन गर्नु पर्छ । यस सवाललाई सबै माझ बहस र छलफलको विषय बनाउनु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

अतः राज्यबाट प्राप्त हुने कुनै पनि सुविधा सहुलियत तथा मानवअधिकारबाट वञ्चित यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई राज्यका हरेक निकायमा समान अवसर उपलब्ध गराएर सम्मानपूर्ण जीवन जिउन पाउने वातावरण श्रृजना गर्नु व्यक्ति, परिवार, समाज तथा राष्ट्रको कर्तव्य हो । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मुद्दा विभिन्न वाधा अड्चन पार गरी सडक देखि सदनसम्म पुग्न सफल भएको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको प्रतिनिधित्व गरी संविधानसभामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मुद्धा उठाउन तथा निर्धारित समयमा जनताले चाहे अनुसारको संविधान बनाउनु अहिलेको राजनैतिक परिस्थितिमा ठूलो चुनौतिको विषय बनेको छ । यस चुनौतिको बावजुत पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका मुद्दा अब बन्ने संविधानमा समेटिने तथा जनताले चाहे अनुसारको संविधान समयमा नै निर्माण हुनेछ भन्ने कुरामा पूर्ण विश्वस्त छु ।

प्रस्तुत यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकार तथा कानूनी शिक्षा सम्बन्धी तालिम पुस्तिकामा समावेश गरिएका विषयबस्तुले सम्पूर्ण यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई मानवअधिकार, निम्नतम कानुनी अधिकार, विश्वमा LGBTI का अधिकारको स्थिति, यौनिकता र लैङ्गिकताको सवालमा

पर्याप्त ज्ञान दिलाउन सफल हुनेछ साथै यस पुस्तिका मार्फत यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले आफू माथि हुदै आएको हत्या, हिंसा, भेदभाव जस्ता मानवअधिकार विरोधी कार्यहरू विरूद्ध कानूनी उपचारमा जाने प्रक्रियाहरू बुझी आफु माथि भएका मानवअधिकार उल्लंघनका घटनाहरूको आफैले प्रतिवाद गर्न सक्षम हुनेछन् भन्ने अपेक्षा राखेको छु ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका सवालमा जानकारीमूलक प्रशिक्षण पुस्तिकाको अभाव धेरै अगाडि देखि खड्किएको थियो । तर विभिन्न कठिनाईका कारण धेरै अगाडि गर्ने सोच भए पनि तयार गर्न सकेका थिएनौं । प्रस्तुत तालिम पुस्तिकामा समाबेश गरिएका विषयहरू ज्यादै समय सापेक्ष भएकोले यसमा उठाईएका विषयवस्तुहरू यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका लागि मात्र नभएर यौनिकता र लैङ्गिकताको विषयमा जिज्ञासा राख्ने विद्धत वर्ग, नीति निमाणकर्ता, प्राध्यापक, मानवअधिकारकर्मी, पत्रकार, विद्यार्थी, अनुसन्धानकर्ता जो कोहीलाई पनि लाभदायक हुनेछ । साथै, यौनिकता र लैङ्गिकताका विषयमा प्रशिक्षण प्रदान गर्नका लागि पनि मार्ग निर्देशक हुनेछ भन्ने आशा लिएको छु ।

अन्त्यमा यस तालिम पुस्तिकामा समयसापेक्ष विषयवस्तुहरू समावेश गरी सरल भाषामा लेखन कार्य गर्नु हुने अधिवक्ताहरू राजुराम भण्डारी, शर्मिला ढकाल, भुवन प्रसाद निरौला, सोम सापकोटा, प्रेम चन्द्र राईलाई विशेष धन्यवाद दिन चाहान्छु । साथै, यस तालिम पुस्तिका तयार पार्नको लागि आवश्यक सामग्रीहरू जुटाईदिनु हुने नील हिरा समाजका मानवअधिकार परियोजना संयोजक प्रदिप खड्का, मानवअधिकार कार्यक्रम अधिकृत सुवास पोखरेल, यौनिकता र लैङ्गिकताको विषयमा सल्लाह सुझाव दिनु हुने यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघका अध्यक्ष मनिषा बिष्ट, नील हिरा समाजका लेखा प्रमुख बिष्णु राज पन्त तथा लेखा अधिकृतद्वय कृष्ण पाण्डे र कृष्ण ढउन्नेलाई पनि विशेष धन्यवाद दिन चाहन्छु । यौनिकता र लैङ्कताका विषयमा आफ्ना अनुभवहरू बाँडी लेखन कार्यमा समेत सहयोग पुऱ्याउनु हुने नील हिरा समाजकी अध्यक्ष पिंकी गुरूङ तथा अन्य साथीहरू अनुषा भुजेल, दुर्गा थापा, भक्ति शाह, सुमन तामाङ, भूमिका श्रेष्ठ, सुशिला लामा, सन्ध्या लामा, ज्योति मल्ल, बद्री पुन मगर र पप्पु शाही प्रति आभारी छु । अन्त्यमा, यस तालिम पुस्तिका प्रकाशन गर्नको लागि आर्थिक सहयोग गर्ने यूरोपियन यूनियन प्रति विशेष अभार प्रकट गर्दै प्रस्तुत तालिम पुस्तिकामा समावेश गरिएका तालिम प्रक्रिया र विषय बस्तुलाई सहभागीहरूको स्तर, समय र स्थान अनुसार मौलिक ढंगले प्रस्तुत गरिनेछ भन्ने अपेक्षा लिएको छु ।

माननीय सभासद्

**सुनील बाबु पन्त**

# विषय सूची

**परिच्छेद १** ...... ७
**तालिम पुस्तिका** ...... ७
१. तालिम निर्देशिका ...... ७
२. विषय प्रवेश ...... १०
३. यौनिकता तथा लैङ्गिकता ...... १३
४. यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार र योग्यकार्ता सिद्धान्त ...... १५
५. विश्वमा LGBTI अधिकारको स्थिति ...... १७
६. मानवअधिकार हनन्, LGBTI सन्दर्भ र उपचार ...... १८
७. मानवअधिकार हनन्को अभिलेखिकरण र प्रतिवेदन ...... २०
८. नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारसम्बन्धी संबैधानिक तथा कानुनी प्रावधान ...... २२
९. आधारभूत कानुनी अधिकार र त्यसको उपयोग ...... २४
१०. मानवअधिकार र संबैधानिक हकको संबर्द्धन गर्न के के गर्न सकिन्छ ? ...... ३०

**परिच्छेद २** ...... ३३
**यौनिक तथा लैङ्गिक अल्पसंख्यक** ...... ३३
**मानवअधिकार तथा कानूनी शिक्षा पाठ्य सामाग्री** ...... ३३
१. मानवअधिकार परिचय ...... ३३
२. मानवअधिकारको ऐतिहासिक विकासक्रम ...... ३६
३. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायसंग सम्बन्धित शब्दावलीहरू ...... ३८
४. लैङ्गिकता तथा यौनिकता (Gender and Sexuality) ...... ३९
५. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकार ...... ४२
६. LGBTI अधिकार र जकार्ता (Yogyakarta योग्यकार्ता) सिद्धान्तहरू ...... ४५
७. विश्वमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारको स्थिति ...... ४८
८. मानवअधिकार हनन्, यौनिक तथा लैङ्गिक अल्पसंख्यक सन्दर्भ र उपचार ...... ५१
९. मानवअधिकार हनन्को अभिलेखिकरण र प्रतिवेदन ...... ५८
१०. नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारसम्बन्धी संबैधानिक तथा कानुनी प्रावधान ...... ६०
११. आधारभूत कानुनी अधिकार र त्यसको उपयोग ...... ६५
१२. सन्दर्भ सामाग्री ...... ७६

**परिच्छेद ३** ...... ७८
अनुसूची १: मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ...... ७८
अनुसूची २: नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (अनुवन्ध) ...... ८२

अनुसूची ३: आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध ........ ९८
अनुसूची ४: सबै प्रकारका जातीय भेदको निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि ........ १०६
अनुसूची ५: महिलाका विरूद्ध सबै किसिमका भेद उन्मूलन सम्बन्धी महासन्धि ........ ११७
अनुसूची ६: यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि ........ १२८
अनुसूची ७: बाल अधिकार सम्बन्धी महासन्धि ........ १३९
अनुसूची ८: जकार्ता योग्यकार्ता सिद्धान्तहरू ........ १५७
अनुसूची ९: यौनिक तथा लैङ्गिक अल्पसंख्यक समूदायको हकमा सम्मानित सर्वोच्च अदालबाट नेपाल सरकारको नाममा जारी गरिएको निर्देशनात्मक आदेश ........ १८६

# परिच्छेद १

# तालिम पुस्तिका

## १. तालिम निर्देशिका

**समयः १ घण्टा**

### १.१ तालिम उदघाटन

- स्वागत तथा परिचय
- तालिमको उदेश्य

### १.२ प्रशिक्षकले गर्नुपर्ने केही कामहरु

प्रशिक्षकको रूपमा तपाईले निम्न कुराहरू गर्नु आवश्यक छ :–

- **प्रारम्भ**

कार्यक्रमको प्रारम्भ मा नै निम्न कुराहरू भन्नुहोस्ः
क) यो कार्यक्रम जिम्मेवारी वहन गर्ने व्यक्तिका लागि हो ।
ख) कार्यक्रमको दौरानमा आउने कठिन कार्यका लागि तपाईहरू तयार रहनुहोस् ।

- **प्रशिक्षण सञ्चालन स्थल**

निम्नलिखित कुराको पहिले नै व्यवस्था मिलाउनुहोस्ः
क) पर्याप्त उज्यालो, हावा आउने जाने तथा सुविधाजनक कोठा सुनिश्चित गर्नुहोस् ।
ख) कोठाको साईज - आवश्यक सहभागी बस्न तथा श्रव्यदृष्य सामग्री राख्न सकिने ।
ग) आउने जाने सुविधा ।

- **प्रशिक्षण सुरु भन्दा ठीक अघि**

क) सहभागीहरूको नाम दर्ता गर्ने ।
ख) हाजिरी पुस्तिका राख्ने ।
ग) प्रशिक्षण सञ्चालन स्थलको प्रवन्ध गर्ने तथा आवश्यक पर्ने कागज, कलम, पेन्सिल तथा प्रयोगमा आउने अन्य कुराहरू जस्तै श्रव्यदृष्य तथा ह्याण्डस् आउट्को व्यवस्था मिलाउने ।

- **प्रशिक्षण सुरु गरेपछि**

क) प्रशिक्षण कार्यक्रमलाई प्रोत्साहित गर्ने ।
ख) प्रत्येक सत्रलाई क्रमबद्ध तथा समय अनुसार सञ्चालन गर्ने ।
ग) प्रत्येक सत्र उप्रान्त अन्य प्रशिक्षकहरूलाई सहयोग तथा मार्गदर्शन दिने ।
घ) सत्रको अनुगमन गर्ने तथा आउने अर्को सत्रको बारेमा स्मरण गराउने ।
ङ) उदारपूर्वक प्रशंसा गर्ने तथा मधुरपूर्वक आलोचना गर्ने ।
च) सत्रको दौरानमा छलफलको लागि उत्प्रेरित गर्ने तथा सहभागीहरूबाटै जवाफ खोज्ने ।
ज) सत्र सञ्चालन गर्नु पूर्व नै विषयवस्तुको अध्ययन गर्ने ।

(याद राख्नुहोस् तपाईले सञ्चालन गर्ने कार्यक्रमको सफलता अथवा असफलताको प्रमुख कारक तपाई आफै हुनुहुन्छ ।)

## १.३ प्रशिक्षणमा सफल बनाउने केही उपाय

### प्रशिक्षणमा जानु अघि

- पाठ्यक्रमको सामान्य तथा निर्दिष्ट उद्देश्यहरूलाई राम्ररी अध्ययन गरेर आत्मसात गर्नुहोस् ।
- सम्बन्धित विषयको निर्दिष्ट उद्देश्य पहिल्याउनुहोस् अनि त्यस विषयको पृष्ठभूमि पढ्नुहोस् ।
- प्रत्येक बुँदाको संक्षिप्त विषयवस्तु तथा व्याख्या (अनुसूचि समेत) को अध्ययन गर्नुहोस् । महत्वपूर्ण शब्दहरूमा चिन्ह लगाउनुहोस् तथा आफुले नोट गर्नु पर्ने कुरा टिप्नुहोस् ।
- नोट पढ्नुहोस् । पोष्टर, मेटाकार्डका लागि दिएको समयलाई ध्यानमा राखी त्यसलाई तपाईले कसरी सञ्चालन गर्ने हो यो निर्धारण गर्नुहोस् ।
- इनरजाइजर, कथा तथा अनुसूचीहरू हेर्नुहोस्, विषय सुहाउँदो इनरजाइजर, कथा अथवा उदाहरणहरू यस निर्देशिकाबाट अथवा आफ्नो पूर्व अनुभवको आधारमा रोज्नुहोस् ।
- आफ्नो विचारको समेत प्रयोग गरी सत्रगत रूपमा निर्देशन (Session Guide) लाई अन्तिम रूप दिनुहोस् ताकि यसले सत्रगत योजनाको रूपमा तपाईलाई सहयोग गर्न सकोस् ।
- तयार पारेको सत्रगत पाठ योजना अनुसार सत्र सञ्चालन गर्न तयारी गर्नुहोस् ।
- निर्दिष्ट उद्देश्यलाई ध्यानमा राखी सत्रको सारांश तयार गर्नुहोस् ।

## १.४ सत्रको तयारी

सत्र सञ्चालन गर्नुपूर्व प्रशिक्षकले ध्यान पुग्राउनु पर्ने कुरा (चेकलिष्ट) निम्न छन् :

| के तपाईले | छ/छैन |
|---|---|
| १) सत्रको उद्देश्य निर्धारण गर्नुभएको छ ? | ---- |
| २) सत्रका लागि चाहिने आवश्यक सामग्रीहरू जुटाउनु भएको छ ? | ---- |
| क) परिचय खेलका लागि चाहिने नामावली सूची | ---- |
| ख) घटनाको अध्ययनहरू ( समूह कार्यका लागि ) | ---- |
| ग) ह्याण्डस्आउट | ---- |
| ३) सुरूवात कसरी गर्ने भनी तयारी गर्नु भएको छ ? | ---- |
| ४) प्रस्तुतीकरणका बुँदाहरूको राम्ररी अध्ययन गर्नु भएको छ ? | ---- |
| क) बढी महत्व दिने बुँदाहरूको निर्धारण गर्नुभएको छ ? | ---- |
| ख) जोड दिनका लागि आवश्यक अनुभव तथा उदाहरणहरूको निर्धारण गर्नु भएको छ ? | ---- |
| ग) सारांशका बुँदाहरू तय गर्नु भएको छ ? | ---- |
| घ) जोड दिनका लागि आवश्यक कथाहरू तथा उदाहरणहरूको चयन गर्नु भएको छ ? | ---- |
| ङ) सत्रप्रति रूची तथा सहभागिता बढाउन आवश्यक पर्ने कुराहरूको निर्धारण गर्नु भएको छ ? | ---- |
| ५) समयभित्र सत्र पूरा गर्न राम्ररी योजना गर्नु भएको छ ? | ---- |
| ६) सत्र सञ्चालनका लागि आवश्यक पर्ने भौतिक सामग्री जाँच गर्नु भएको छ ? | ---- |
| क) ब्ल्याक/ ह्वाइट बोर्ड, फ्लिपचार्ट, प्रोजेक्टर, कम्प्युटर | ---- |
| ख) बस्ने सुविधा | ---- |
| ग) चक, मार्कर, टेप, कागज, कलम इत्यादि | ---- |
| घ) कोठाको तापक्रम, प्रकाश, हावा, पिउने पानी इत्यादि | ---- |

**पहिलो चरण**

- प्रशिक्षकहरूको आ–आफ्नो परिचय आफैले दिने ।
- नील हिरा समाजको बारेमा संक्षिप्तमा जानकारी गराउने ।

**दोश्रो चरण**

- मेटाकार्डको प्रयोग गरी प्रत्येक समूहले एक मेटाकार्डमा एउटा अपेक्षा लेख्ने अनि समूह नायकले संकलन गर्ने ।
- समूह नायकले संकलन गरेको मेटाकार्ड फिलिप चार्टमा प्रदर्शन गर्ने र विषयको आधारमा एकिकृत (Clustering) गर्ने ।

**तेश्रो चरण**

- प्रशिक्षण कार्यशालाको मूल उद्देश्यमाथि स्पष्ट पार्ने ।
- सहभागीहरूको अपेक्षासित उद्देश्य समायोजन भयो कि भएन भन्ने प्रष्ट पार्ने ।

**चौथो चरण**

- सहभागीहरू वीचमा मस्तिष्क मन्थन गरी कार्यशाला सञ्चालनको लागि समूह मान्यता निर्धारण गर्ने ।
- सहभागीहरू वीच छलफल गरी सञ्चालनको (विहानको खाजा, खाना बेलुकाको खाजा र कार्यशालाको समाप्ति) समय निर्धारण गर्ने ।

### समूह मान्यता नमूना

**उदाहरणका लागि समूह मान्यता निर्धारणका औजारहरु**

| सि. नं. | समूह मान्यता | के गर्ने |
|---|---|---|
| १ | ठिक समयमा उपस्थिति | |
| २ | समय तालिकाको पालना | |
| ३ | प्रस्तुतीको बेला कानेखुशी | |
| ४ | आफुले बोल्ने कुरा पालैपालो | |
| ५ | छलफलमा सबैले भाग | |
| ६ | एकले अर्काको विचार ध्यान दिएर | |
| ७ | विषय देखि बाहिर | |
| ८ | साथी विच भेदभावको भावना | |
| ९ | एकजना बाहिर गएमा छलफल | |
| १० | ठिक समयमा उपस्थित नहुनेले | |
| ११ | माथिका मान्यतालाई सबैले पालना | |

# २. विषय प्रवेश

## १. मानवअधिकार परिचय र मानवअधिकारसम्बन्धी अवधारणाको ऐतिहासिक विकासक्रम

**समयः १ घण्टा**

**उदेश्य** : सहभागीहरूले मानवअधिकार सम्बन्धी आधारभूत कुराहरू बुझी बताउन सक्नेछन ।

### क्रियाकलाप

- मानवअधिकार के हो ? भन्ने बिषयमा मस्तिष्क मन्थन गराउने ।
- सहभागीहरूले बुझ्ने भाषामा मानवअधिकार भनेको के हो भनी लेखेर प्रस्तुत गर्ने ।

### मानवअधिकार भनेको के हो ?

- मानवका हैसियतमा प्राप्त हुने सम्पूर्ण अधिकारहरू मानवअधिकार हुन् । जस्तैः मान्छेको बाँच्न पाउने अधिकार, स्वतन्त्र रूपमा हिडडुल गर्न पाउने अधिकार, शिक्षाको अधिकार आदि ।
- मानवअधिकार सर्वव्यापी हुन्छ, जुन जहाँ सुकै बस्ने समस्त मानव जातिको लागि प्राप्त हुन्छ ।
- मानवअधिकार हरेक व्यक्तिमा अन्तर्निहित हुन्छ । यो मानिसको नैसर्गिक अधिकार हो, जुन उसलाई जन्मदै प्राप्त हुन्छ ।
- मानवअधिकारको उल्लंघन कसैले गर्न पाउँदैन । यी अधिकारहरू अउल्लंघनिय प्रकृतिका हुन्छन् ।
- मानवअधिकारको संरक्षण गर्नु राज्य वा सरकारको प्रथम दायित्व हो ।

### मानवअधिकारका विशेषताहरु

- विश्वव्यापकता
- अउल्लंघनियता
- अविभाज्य
- अन्तर-सम्बन्धित
- नैसर्गिक वा जन्मसिद्ध अधिकार

## मानवअधिकारका मूलभूत सैद्धान्तिक मान्यताहरुलाई व्यवहारमा उतार्न अवलम्बन गरिनु पर्ने सिद्धान्तहरु:

मानव मानव बीच समानता र स्वतन्त्रताको रक्षा, प्रवर्द्धन र पालना गराउने सैद्धान्तिक लक्ष मानवअधिकारका मूलभूत सैद्धान्तिक मान्यता भित्र पर्दछ । यसलाई व्यवहारमा उतार्ने सम्बन्धमा निम्न सिद्धान्तहरूको अवलम्बन गरिनु पर्दछ :

- सहभागिताको सिद्धान्त
- जवाफदेहिताको सिद्धान्त
- भेदभावविहीनताको सिद्धान्त
- सशक्तिकरणको सिद्धान्त
- पारदर्शिताको सिद्धान्त
- कानुनी राजको सिद्धान्त अनुकूल हुनुपर्ने

## मानवअधिकारको विकासक्रम

- मानवअधिकारसम्बन्धी अवधारणको विकास सभ्यताको सुरूवातसगै भएको हो ।
- विभिन्न धर्मशास्त्र नीतिशास्त्रहरूमा मानव हितका कुराहरू अहिंसा, प्रेम, अरूको हितको लागि काम गर्ने, मानव हितका कामलाई धर्म र खराब कामलाई पापको रूपमा गरिएका व्याख्या जस्ता परीकल्पनाबाट मानवअधिकार सम्बन्धी अवधारणाको विकास भएको हो ।
- विश्वका विभिन्न देशहरू जस्तै बेलायत, अमेरिका, फ्रान्स जस्ता राष्ट्रहरूमा भएको क्रान्तिका परिणाम ती देशहरूले आफ्ना राष्ट्रिय कानुनहरूमा संवैधानिक र मौलिक अधिकार भनी केही अधिकारहरू सृजना गरे । यी अधिकारहरूले मानवअधिकारसम्बन्धी अवधारणाको विकासमा महत्वपूर्ण योगदान दिएका छन् ।
- ई. सं. १२१५ मा बेलायतका राजा र जनताका बीच भएको संर्घषको परिणामस्वरूप आएको म्याग्नाकार्टा (Magna Carta) ले जनताका केही अधिकारहरू सुनिश्चित गरेको थियो । यिनै अधिकारहरूका लिखित दस्तावेज नै मानवअधिकारको पहिलो लिखित दस्तावेज मानिन्छ ।
- प्रथम विश्वयुद्धबाट भएको ठुलो धन जनको क्षति पश्चात् मानवअधिकारको संरक्षण गरी विश्वमा दिगो शान्ति स्थापना गर्न १० जनवरी १९२० मा राष्ट्रसंघ (League of Nations) को स्थापना भयो ।
- दोश्रो विश्वयुद्धबाट भएको ठुलो जनधनको क्षति पश्चात् विश्वका सम्पूर्ण मानव जातिको संरक्षण गरी विश्वमा भातृत्व, शान्ति, सहअस्तित्व कायम गर्ने उदेश्यले २४ अक्टुवर १९४५ का दिन संयुक्त राष्ट्रसंघ (United Nations Organization – UNO) को स्थापना भयो । मानवअधिकारको विकासका लागि ठोस प्रयासहरू संयुक्त राष्ट्रसंघको स्थापना भए पछि नै हुन थाले ।

## मानवअधिकारका प्रकार वा स्वरुपहरु

- नागरिक तथा राजनीतिक अधिकार :- सामूहिक एवं व्यक्तिगत अधिकार गरी दुवै सम्मिलित हुन्छ ।
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार :- सामूहिक एवं व्यक्तिगत अधिकार गरी दुवै सम्मिलित हुने ।
- व्यक्तिका अधिकार (Individual Rights)
- सामुहिक अधिकार (Collective Rights)
    - अल्पसंख्यकका अधिकार (Minority Rights) जस्तैः वालवालिका, जनजाति, दलित, LGBTI, महिला आदिका अधिकार
    - विकासको अधिकार (Right to Development)
    - धर्म वा आस्थासंग सम्बन्धित अधिकार (यो व्यक्तिको अधिकार पनि हुन सक्छ)
    - शान्तिको वातावरणमा बस्न पाउने अधिकार (Right to live in peace)
    - ट्रेड युनियन सम्बन्धी अधिकार आदि ।

## मानवअधिकारको विश्वव्यापी घोषणापत्र

### (Universal Declaration of Human Rights-UDHR)

- संयुक्त राष्ट्रसंघले आफ्नो स्थापना भए लगत्तै मानवअधिकारको व्यापक र स्पष्ट व्यवस्थाका लागि सन् १९४६ को प्रारम्भमा एक मानवअधिकार आयोग गठन गऱ्यो ।
- उक्त आयोगले राष्ट्रसंघको भावना अनुरूप International Bill of Human Rights को रूपमा १९४७ मा मानवअधिकारको लिखित मस्यौदा तयार पाऱ्यो ।
- संयुक्त राष्ट्रसंघको माहासभाले १० डिसेम्वर १९४८ का दिन सो मस्यौदालाई पारित गऱ्यो । यसलाई मानवअधिकारको विश्वव्यापी घोषणा (Universal Declaration of Human Rights-UDHR) भनिन्छ ।
- मानवअधिकारप्रति अवहेलना तथा अनादरको परिणामबाट बर्बर काम भई मानव जातिको अन्तस्करणमा चोट पुऱ्याउने हुनाले मानिसहरू स्वतन्त्र हुनुपर्दछ, भय र अभावबाट मुक्ति पाउनु पर्दछ भन्ने सर्वसाधारणको घोषित आकांक्षा भएको हुनाले संयुक्त राष्ट्रसंघको महासभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको हो ।

यस घोषणापत्रमा मानवअधिकारलाई ३० वटा धाराहरूमा व्याख्या गरिएको छ । यो नै हालसम्म मानवअधिकारको परिभाषा गर्ने निर्णायक र आधिकारिक दस्तावेज हो, जसको उद्देश्य मानव मानव वीच हुने सम्पूर्ण किसिमका (जाति, लिङ्ग, भाषा, धर्म, रंङ्, आदि) भेदभावहरूको अन्त्य गरी स्वतन्त्रता, न्याय र शान्तिको जगमा आधारित भयमुक्त विश्वको निर्माण गर्नु हो ।

# ३. यौनिकता तथा लैङ्गिकता

**समयः १ घण्टा**

**उदेश्य** : सहभागीहरूले यौनिकता तथा लैङ्गिकताको बारेमा बुझेर बताउन सक्नेछन् ।

## क्रियाकलापहरु

- सहभागीहरूलाई यौनिकता / लैङ्गिकता के हो भन्ने बारेमा मस्तिक मन्थन गराउने ।
- सहभागीहरूलाई ३ समुहमा बिभाजन गरी महिलाको सामाजिक भूमिका, पुरूषको सामाजिक भूमिका र तेश्रो लिङ्गी / समलिङ्गीको सामाजिक भूमिकाका बारेमा प्रस्तुती गर्न लगाउने ।
- यौनिकता र लैङ्गिकता भनेको के हो भन्ने बारेमा सहभागीहरूले बुझ्ने भाषामा प्रस्टसंग लेखी बुझाउने ।
- यौनिकता तथा लैङ्गिकता संग जोडिएका शब्दावलीहरू बारे प्रस्ट्याउने ।



## यौनिकता भनेको के हो ?

- ❖ कुनै एउटा व्यक्तिको अर्को व्यक्ति प्रति हुने शारीरिक, मानसिक र भावनात्मक आकर्षणलाई यौनिकता (Sexuality) भनिन्छ ।
- ❖ यौनिकताका तीन प्रकारहरू हुन्छन् :
  - समलिङ्गी (Homosexual) : कुनै एउटा व्यक्तिको अर्को समान जैविक लिङ्ग तथा समान सामाजिक लिङ्ग भएको व्यक्ति संग शारीरिक, मानसिक र भावनात्मक आकर्षणलाई समलिङ्गीकता (Homosexual) भनिन्छ ।
  - विपरित लिङ्गी (Heterosexual) : कुनै एउटा व्यक्तिको अर्को विपरित जैविक लिङ्ग तथा विपरित सामाजिक लिङ्ग भएको व्यक्तिसंगको शारीरिक, मानसिक र भावनात्मक आकर्षणलाई विपरित लिङ्गी भनिन्छ ।
  - द्विलिङ्गी (Bisexual) : कुनै एउटा व्यक्तिको अर्को समान र विपरित दुवै किसिमका जैविक लिङ्ग र सामाजिक लिङ्ग भएको व्यक्ति संगको शारीरिक, मानसिक र भावनात्मक आकर्षणलाई द्विलिङ्गी (Bisexual) भनिन्छ ।

## यौनिकता तथा लैङ्गिकता संग जोडिएका शब्दावलीहरु

- ❖ महिला समलिङ्गी (Lesbian लेसबेयन) – कुनै महिला जसको आकर्षण अन्य महिलाहरूप्रति नै हुन्छ ।
- ❖ पुरूष समलिङ्गी (Gay गे) – कुनै पुरूष जसको आकर्षण अन्य पुरूषहरूप्रति नै हुन्छ ।
- ❖ द्विलिङ्गी (Bisexual बाइसेक्सुअल) – पुरूष र महिला दुबै प्रति आकर्षित हुने व्यक्ति ।
- ❖ लिङ्ग परिबर्तित व्यक्ति (Transexual ट्रान्ससेक्सुअल) – कुनै व्यक्ति जो आफु जन्मेको अवस्थाको भन्दा फरक शारीरिक लिङ्ग परिवर्तन गरी आफ्नो पहिचान दिन्छ ।
- ❖ समलिङ्गी (Homosexual होमो सेक्सुअल) – कुनै व्यक्ति जसको विपरित लिङ्गी व्यक्तिहरू प्रति नभै समलिङ्गी व्यक्तिहरू प्रति यौन आकर्षण हुन्छ ।
- ❖ तेश्रो लिङ्गी (Transgender ट्रान्सजेन्डर) – कसैको यस्तो लैङ्गिक पहिचानको अवस्था (महिला, पुरूष, वा दुबै नभएको स्व पहिचान) जसको कसैले छुट्टयाएको लिङ्ग (शारीरिक वा जैविक लिङ्गका आधारमा महिला, पुरूष भनी अन्य व्यक्तिहरूले पहिचान दिने) संग मेल खादैन । तेश्रो लिङ्गीले कुनै किसिमको यौन अभिमुखिकरणको खास स्वरूपलाई इंगित गदैन; तेश्रो लिङ्गी व्यक्तिहरू आफुलाई विपरित लिङ्गी, समलिङ्गी, द्विलिङ्गी, सर्बलिङ्गी, वा कुनै लिङ्गी प्रति पनि आकर्षण नहुने भनी चिनाउन सक्तछन् ।
- ❖ अन्तरलिङ्गी (Intersex इन्टरसेक्स) – अन्तरलिङ्गीको जैविक लिङ्ग पुलिङ्गी र स्त्रीलिङ्गी दुबै विशेषताको हुनसक्तछ । अन्तरलिङ्गी शब्द वीसौं शताव्दीको चिकित्सा विज्ञानले अवलम्बन गरेको हो र यो पुरूष वा महिला भनी बर्गीकरण गर्न नसकिने मानवलाई प्रयोग गरिन्छ ।

### लैङ्गिकता भनेको के हो ?

- ❖ कुनै पनि व्यक्तिलाई उसको जैविक लिङ्गको आधारमा समाजले तोकिदिएको भूमिका (सामाजिक लिङ्ग) लाई लैङ्गिकता भनिन्छ ।
- ❖ समाजमा ३ प्रकारका लैङ्गिकता छ, जस्तैः महिला, पुरूष र तेश्रो लिङ्गी ।
- ❖ महिला र पुरूषको सामाजिक भूमिकालाई समाजले परापुर्वकाल देखि मान्यता दिएको छ भने तेश्रो लिङ्गीको लैङ्गिक भूमिकालाई समाजले मान्यता दिएको छैन ।
- ❖ समाजले तोकिदिएको भूमिका परिवर्तन हुन्छ तर जैविक लिङ्ग परिवर्तन गर्न सकिदैन, जस्तै महिलाले सर्ट पाईन्ट लगाउन सक्ने तर महिलाको जैविक बनावट परिवर्तन हुन नसक्ने ।
- ❖ जैविक लिङ्गको आधारमा समाजले तोकिदिएको सामाजिक भूमिका भन्दा फरक भूमिकामा प्रस्तुत हुने व्यक्तिहरू तेश्रो लिङ्गी हुन् ।

# ४. यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार र योग्यकार्ता सिद्धान्त

**समयः १ घण्टा**

**उदेश्य** : सहभागीहरूले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकारको बारेमा बुझि बताउन सक्नेछन् ।

## क्रियाकलाप

- सहभागीहरूसंग यौनिक तथा लैङ्गिक अल्पसख्यकको अधिकारको बारेमा के थाहा छ भनी छलफल गर्ने ।
- सहभागीहरूले बुझ्ने भाषामा यौनिक तथा लैङ्गिक अल्पसख्यकको अधिकारको बारेमा लेखेर प्रस्ट पार्ने ।
- सहभागीहरूले LGBTI अधिकार र जकार्ता (Yogyakarta योग्यकार्ता) सिद्धान्तहरूका बारेमा बताउने ।

- ❖ यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारको अवधारणा मानवअधिकारको विकासक्रमको पछिल्लो व्याख्या र मान्यता हो ।
- ❖ यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू कुनै छुट्टै विशिष्ट खाले अधिकार नभई मानवअधिकार कै संगालो भित्र दावी गरिने अधिकारहरू हुन् ।
- ❖ मानवअधिकारको मुल्य र मान्यताको विकाससंग सम्पूर्ण मानव जातिको अधिकारको संरक्षण र संबर्द्धन गरिनु पर्दछ भन्ने मान्यता संगै समाजमा उपेक्षित, अपहेलित, बहिष्कृत रूपमा रहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक (LGBTI) समुदायका अधिकारहरू पनि संरक्षण र संबर्द्धन गरिनुपर्दछ भनी यौनिक तथा लैङ्गिक अल्पसंख्यक (LGBTI) अधिकार सम्बन्धी आवाज उठेको हो ।

- मानवअधिकारको विश्वव्यापी घोषणापत्रले मानव परिवारका सबै सदस्यहरूमा अन्तरनिहीत मर्यादा तथा सम्मानलाई अहरणीय अधिकारको रूपमा मान्यता दिनु नै स्वतन्त्रता र न्याय, शान्तिको आधार भएको कुरा उल्लेख गरेको छ । मानवअधिकारका घोषणापत्र, महासन्धी, अभिसन्धी तथा अन्य विकसित दस्तावेजहरू LGBTI व्यक्तिहरूको हक अधिकारलाई मान्यता दिदै उनीहरूलाई पनि समेटेर मानवअधिकारको व्याख्या गर्न थालियो ।
- मानवअधिकारको विश्वव्यापी घोषणाले उल्लेख गरे बमोजिम सबै मानिसहरूलाई यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा लैङ्गिक प्रस्तुती साथ साथै लिङ्ग, जात जाति, राष्ट्रियता भाषा लगायतका कुनै पनि आधारमा भेदभाव नगरी मानवअधिकारको प्राप्ति तथा हकदार बनाइनु पर्दछ ।
- मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १७ अन्तर्गतको अत्यन्त शक्तिशाली अधिकारको रूपमा रहेको गोपनियताको हक, त्यसैगरी ऐ. ऐ. को क्रमशः धारा ७ र २६ को समानताको हक, र ऐ. ऐ. को धारा ७ र २ को भेदभावको अन्त्य सम्बन्धी हक महत्वपूर्ण छन् ।
- सन् १९९४ मा संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिद्वारा टुनेन वि. अष्ट्रेलिया (Toonen v. Australia) को मुद्दामा सहमतिमा गर्न सकिने यौन व्यवहारलाई रोक लगाउने कानुन नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धले ग्यारेन्टी गरेका गोपनीयताको हक (धारा १७) र भेदभाव विरूद्धको हक (धारा २) को विरूद्ध मौलिक मानवअधिकारको उल्लंघन हो भन्ने नजिर स्थापित गरेको छ ।

## योग्यकार्ता सिद्धान्त

- विश्व मानवअधिकार आन्दोलन र विकासमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र मानवअधिकारको राष्ट्रिय संयन्त्र (National Human Rights Commission-NHRC) मा पेरिस प्रिन्सिपलको जुन स्थान रहेका छ, LGBTI अधिकारका सवालमा योग्यकार्ता सिद्धान्त (Yogyakara Principles) लाई यो समुदायले त्यही रूपमा लिएको पाइन्छ ।
- योग्यकार्ता सिद्धान्त यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका सम्बन्धमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको प्रयोगसम्बन्धी सिद्धान्तहरूको फेहरिस्त हो ।
- योग्यकार्ता सिद्धान्तले यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको मुद्दालाई लिएर वृहत्तर अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्ड र तिनको प्रयोगका विषयलाई सम्बोधन गर्दछ ।
- यी सिद्धान्तले बाध्यकारी अन्तर्राष्ट्रिय कानुनी मापदण्डहरू प्रति दृढता जनाउँदछ जसलाई सबै राज्यहरूले पालन गर्नु पर्दछ ।
- यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका आधारमा हुने मानवअधिकार हनन्का कुराहरू प्रस्तावनामा नै उल्लेख गरी कानुनी संरचनाका कुराहरू उल्लेख गरेको छ ।
- योग्यकार्ता सिद्धान्तका मुलभूत प्रावधानहरूः
  - कानुनका सामु मान्यता, गैर-भेदभाव र मानवअधिकारको विश्वव्यापी अधिकारको उपभोगः सिद्धान्त १ देखि ३ सम्म

- मानव तथा व्यक्तिगत सुरक्षाको अधिकारः सिद्धान्त ४ देखि ११
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूः सिद्धान्त १२ देखि १८ सम्म
- अभिव्यक्ति, विचार र संगठनको अधिकारः १९ देखि २१ सम्म
- आवत जावत र शरणको स्वतन्त्रताः सिद्धान्त २२ र २३
- साँस्कृतिक र पारिवारिक जीवनमा सहभागिताको अधिकारः २४ देखि २६ सम्म
- मानवअधिकार रक्षकका अधिकारः सिद्धान्त २७
- क्षतिपूर्ति तथा जवाफदेहिताको अधिकारः सिद्धान्त २८ र २९

# ६. विश्वमा LGBTI अधिकारको स्थिति

**समयः १ घण्टा**

**उदेश्य** : सहभागीहरूले विश्वमा LGBTI अधिकारको स्थितिको बारेमा बुझेर बताउन सक्नेछन् ।

## क्रियाकलाप

- सहभागीहरूलाई बिश्वमा LGBTI अधिकारको स्थितिका बारेमा के थाहा छ? भनी मस्तिस्क मन्थन गराउने ।
- न्युजप्रिन्टमा सहभागीहरूले बुझ्ने भाषामा बिश्वमा LGBTI का अधिकारको स्थितिका बारेमा तयार गरी बुझाउने ।

❖ यौनिक तथा लैङ्गिक अल्पसंख्यक (LGBTI) का मानवअधिकार व्याख्या गर्ने क्रममा संयुक्त राष्ट्र संघको मानवअधिकार आयोग (UN Human Rights Committee) मा सन् १९९४ मा टुनेन विरूद्ध अष्ट्रेलियाको मुद्दामा भएको फैसलाले महत्वपूर्ण भूमिका खेलेको पाईन्छ ।

❖ सन् १९९४ देखि सयुक्त राष्ट्र संघको मानवअधिकार समिति (हाल परिषद्) ले नियमित रूपमा विभिन्न राष्ट्रहरूलाई यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका आधारमा हुने भेदभावका सम्बन्धमा भएका कानुन र नीतिहरू बारे सवाल राख्दै आएको छ ।

❖ महिला विरूद्ध भेदभाव उन्मुलन सम्बन्धी समिति लगायतका अन्य सन्धीजनित अंगहरूले पनि विभिन्न राष्ट्रहरूलाई यौनिक अभिमुखिकरण र लैङ्गिक पहिचानका आधारमा हुने विभेदलाई लिएर सरकारहरूलाई सवाल गर्दै आएको छ ।

- मानवअधिकार समितिले योङ विरूद्ध अष्ट्रेलिया (Young v Australia), र याक्स विरूद्ध कोलम्बिया (X v Colombia) को मुद्दामा यौन अभिमुखिकरणको आधारमा भेदभाव गर्नु नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुवन्धको उल्लंघन हो भन्ने सिद्धान्तलाई समर्थन गर्ने गरी फैसला भएका छन् । यी फैसलाहरूमा समलिङ्गी जोडिहरूलाई पनि विपरित लिङ्गी जोडि सरह समान अधिकारहरू प्रदान गरिनु पर्दछ भनिएको छ ।
- मानवअधिकार आयोग अन्तर्गत विशेष कार्यविधी जातिवाद र रंगभेदलाई लिएर सन् १९६० का दशकमा नै स्थापना गरिएको थियो । यो कार्यविधीमा गैर न्यायिक, आम र स्वेच्छाचारी हत्यासम्बन्धी विशेष समाधिक्षेक (Special Rapporteur) बाट सन् २००१ मा बुझाएको प्रतिवेदनमा पहिलो पटक यौन अल्पसंख्यक सदस्यका गैरन्यायिक हत्यासम्बन्धी जानकारी प्रतिवेदनमा समावेश गरिदा केही सदस्यहरूले यो विषय समेटेकोमा विरोध गरे र सो कुरा उल्लेखित भाषा हटाउन दवाव दिए ।
- तर त्यही बर्ष जव यस्ता हिंसाहरू तिनका कार्यादेश भित्र आए, तब ६ वटा विषयगत विशेष समाधिक्षकहरूले LGBTI व्यक्तिहरू विरूद्धका मानवअधिकार उल्लंघनसम्बन्धी जानकारी प्राप्त गर्न र त्यसबारे विचार गर्ने तिनका चाहना प्रकट गरे र सन २००२ देखि LGBTI का मुद्दाहरूमा चासो राख्ने अधिकार (Authority) ले निरन्तरता पाई LGBTI अधिकारका लागि संयुक्त राष्ट्रसंघको "राजनीतिक" अंगमा पहिला पटक यो बिषयले स्थान पायो ।
- यस अतिरिक्त, सन् २००६ को नोभेम्बरमा इन्डोनेसियाको राजधानी जकार्तामा सम्पन्न भएका भेलाले जकार्ता सिद्धान्तहरू (Yogyakarta Principles) जारी गऱ्यो, जुन LGBTI अधिकारका लागि कोशेढुङ्गा मानिन्छ ।
- विश्वका विभिन्न देशहरू जस्तो दक्षिण अफ्रिका, फिजी, पर्चुगल, ईक्वेडर, बोलिभिया लगायत अन्य देशहरूले आ–आफ्नो देशका संविधान, कानुनमा यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचानको आधारमा विभेद गर्न नहुने भनी LGBTI का अधिकारहरू सुनिश्चित गरेका छन् ।

# ६ मानवअधिकार हनन्, LGBTI सन्दर्भ र उपचार

**समयः १ घण्टा**

**उदेश्य** : सहभागीहरूले LGBTI माथि हुने मानवअधिकार र उपचारका बारेमा बुझ्नेछन ।

## क्रियाकलाप

- न्युजप्रिन्टमा सहभागीहरूले बुझ्ने भाषामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मानवअधिकार र यसका उपचारका बारेमा प्रस्तुत गरी स्पष्ट पार्ने ।
- सहभागीहरूलाई यौनिक तथा लैङ्गिक अल्पसंख्यक माथि हुने मानवअधिकार हनन्का घटनाहरू तथा उपचारका वारेमा बताउने र छलफल चलाउने ।

## क. मानवअधिकार उल्लंघनका घटनाहरुलाई राष्ट्रिय स्तरमा उपचार

**राष्ट्रिय स्तरमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मानवअधिकार हनन्मा उपचारका लागि उजुरी गर्ने निकाय :**

- नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक (LGBTI) लगायत अन्य व्यक्तिहरूको मानवअधिकार उल्लंघनका घटनाहरू विरूद्ध राष्ट्रिय मानवअधिकार आयोग, नेपाल प्रहरीको मानवअधिकार सेल, नेपाली सेनाको मानव अधिकार सेल, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको नेपाल स्थित कार्यालय (OHCHR Nepal) मा उजुरी लैजान सकिन्छ ।
- राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गर्दा व्यक्ति आफै उपस्थित भई वा पीडितको तर्फबाट कसैले लिखित वा मौखिक उजुरी गर्न सकिन्छ ।
- उजुरी दिंदा लिखित वा मौखिक निवेदन मार्फत, टेलीफोन मार्फत, हुलाक, फ्याक्स, इमेल, टेलिग्राम मार्फत उजुरी दिन सकिन्छ ।
- उजुरी गर्दा उजुरी गर्ने व्यक्तिको नाम, थर, ठेगाना, कुनै संस्थाको तर्फबाट उजुरी परेको भए सो संस्थाको विवरण, उजुरीको विषय, उजुरी गर्न पर्ने कारण, उजुरीको संक्षिप्त व्यहोरा, उजुरीलाई समर्थन वा पुष्टि गर्ने प्रमाण, उजुरीकर्ताले माग गरेको विवरण, उजुरीको विषयमा अन्यत्रै कतै उजुरी गरेको भए सोको विवरण समेत खुलाएर उजुरी गर्नु पर्दछ ।

राष्ट्रिय मानवअधिकार आयोगमा विचाराधिन रहेको कुनै पनि उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मिलापत्र गरी पाउन संयुक्त निवेदन गरेमा मिलापत्र पनि हुन सक्तछ ।

## ख. अन्तर्राष्ट्रिय स्तरको उपचार

**अन्तर्राष्ट्रिय स्तरमा उपचार पाउने अवस्था** (**संयुक्त राष्ट्रसंघीय स्तरमा मानवअधिकार संरक्षणका संयन्त्रहरु**)

१. **सन्धिमा आधारित अंग** (Treaty based Body – **ट्रिटी बेस वडी**) (**मानवअधिकार सन्धि स्थापना हुँदा सो सन्धिले नै प्रत्याभूत गरेका मानवअधिकारहरुको कुनै पक्ष राज्यले उल्लंघन गरेमा पीडितले ल्याएको सिकायतको छिनोफानो गर्ने अंगको रुपमा स्थापित गरिएको छ।**

- मानवअधिकारका मुख्य नौ वटा सन्धिहरूमध्ये पाँच वटा सन्धिहरूले व्यक्तिगत सिकायतहरू हेर्ने व्यवस्था समेत गरेको छ ।
- व्यक्तिले यी समितिहरू समक्ष मुद्दा लिएर जाने कार्यलाई व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधि (Individual Complain Procedure) भनिन्छ ।

**व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधिमा प्रवेश गर्नु अघि निम्न कुराहरु ध्यान दिनु पर्दछ :**

- ❖ राज्य त्यो सन्धिको पक्षराज्य हुनु पर्दछ र त्यतिले मात्रै हुँदैन उसले 'म व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधिलाई स्वीकर गर्दछु' भनी अनुमोदन गरेको हुनु पर्दछ ।
- ❖ सिकायत सोही संबन्धित सन्धिले व्यवस्था गरेको धारासंग सम्बन्धित हुनु पर्दछ ।
- ❖ संबन्धित समितिमा सिकायत लिएर जानु अघि सम्बन्धित राज्यमा उपलब्ध उपचारका सबै उपायहरू अपनाई सकेको वा ती उपचारका उपायहरूलाई उपभोग गर्ने परिस्थिति नरहेको कुरा सुनिश्चित गर्नु पर्दछ ।

२. **वडापत्रमा अधारित अंग** (Charter based Body — **चार्टर वेस वडी**): (**मानवअधिकार सन्धिहरुमा मात्र सीमित नभई समग्र मानवअधिकारको अवस्थालाई रेखदेख गर्न चार्टर वेस वडीको स्थापना गरिएको हो ।**

- ❖ यस प्रणाली अन्तर्गत यदि कुनै राज्य कुनै मानवअधिकार सम्बन्धी सन्धिको पक्ष रहेको छैन भने पनि उसको भु-भागमा भएको मानवअधिकार उल्लंघनको छानविन गरिन्छ ।
- ❖ मानवअधिकारको संरक्षण भनौ वा उपरचारका लागि यस अंग अन्तर्गत विशेष कार्यविधि (Special Procedure) स्थापना गरिएको छ ।

यस अर्न्तगत कसैको मानवअधिकारको गम्भीर उल्लंघन भएको, भइरहेको, हुने जोखिमी अवस्था विद्यमान रहेको भएमा यो संयन्त्रलाई उपयोग गरी कुनै पनि व्यक्ति वा संगठनले मानवअधिकारको चार्टर वडी सम्म पुगी सिकायत गर्न सक्दछ ।

# ७. मानवअधिकार हनन्को अभिलेखिकरण र प्रतिवेदन

**समय: १ घण्टा**

**उदेश्य:** सहभागीहरूले मानवअधिकार हनन्को अभिलेखिकरण र प्रतिवेदन लेख्ने तरिकाहरू बुझी बताउन सक्नेछन् ।

## क्रियाकलाप

- ❖ सहभागीहरूलाई अभिलेखिकरण भनेको के हो? अभिलेखिकरण कसरी राखिन्छ भन्ने बारेमा मस्तिस्क मन्थन गराउने ।
- ❖ न्युजप्रिन्टमा सहभागीहरूले बुझ्ने भाषामा अभिलेखिकरण भनेको के हो ? अभिलेखिकरण कसरी राख्न सकिन्छ भनी प्रस्ट पार्ने ।

**अभिलेखिकरण भनेको के हो ?**

- अभिलेखिकरण भन्नाले घटना/विषयवस्तुमा आफूलाई आवश्यक परेका सूचना प्राप्त गर्ने, पाईएका सूचनाहरूलाई व्यवस्थित गर्ने, व्यवस्थित सूचनालाई प्रस्तुत गर्ने कार्यलाई बुझिन्छ ।
- अभिलेखिकरण मानवअधिकार उल्लंघनको तथ्य स्थापित गर्न, मानवअधिकार शिक्षा दिन, मानवअधिकार उल्लंघनका पीडितहरूलाई तत्काल राहत दिन, न्यायमा पहुँच पुऱ्याउन, ऐतिहासिक तथ्य स्थापित गर्न, उल्लंघनका घटनाहरूलाई रोकथाम गर्न, प्रमाणिक महत्व, घटनाको राष्ट्रिय र अन्तरराष्ट्रियकरण गर्नका लागि अभिलेखिकरण गरिन्छ ।

**व्यक्तिगत घटनाहरुको अभिलेखिकरण गर्दा सामान्यतया निम्न तथ्यहरु खुलाई तयार गरिन्छ :**

- पीडितको नाम, उमेर, मिति (पूर्व अनुमति लिनुपर्ने) ।
- घटनाको विवरण
- घटनापछिको उद्देश्य
- घटना हुँदाको परिवेश, परिस्थिति
- घटनामा संलग्न दोषी
- सम्बन्धित पक्ष वा अधिकारीले कस्तो कार्य गरेर वा नगरेर घटना भएको हो ।
- सूचनाको श्रोत ।

**अभिलेखिकरणका लागि तथ्य संकलन निम्न तरिका अनुसार गर्न सकिन्छ :**

- अन्तर्वार्ता
- अनुगमन
- कारवाही प्रक्रियाको अनुगमन, खास गरी (trial monitoring) का विषयमा
- सम्बन्धित विषयमा प्रकाशित/लेखिएका लिखतको संकलन
- फोटो लिने
- कसैले भनेको कुरालाई भिडियो रेकर्डिङ्ग गर्ने
- वैज्ञानिक (forensic) परीक्षण गर्ने

**प्रतिवेदन भनेको के हो ?**

- कुनै पनि क्रियाकलाप वा काम कसरी संचालन भयो भन्ने सिङ्गो प्रक्रिया समेटी समस्या र समाधानका उपाय तथा राय/सुझाव समावेश भएको विवरण नै प्रतिवेदन हो ।
- योजना अनुरूप प्रतिफल प्राप्त भयो भएन बुझ्न, कार्यक्रमको प्रगतिबारे सम्बन्धित निकायलाई जानकारी दिन, अनुभव आदान प्रदान गर्न, निर्णय प्रक्रियालाई सरल बनाउन, समस्या पत्ता लगाई समाधान गर्न, कार्यक्रमले लक्षित समुहमा पारेको असर र प्रभाव पत्ता लगाउन प्रतिवेदन बनाइन्छ ।

**प्रतिवेदनमा सामान्यतयाः निम्न कुराहरु उल्लेख गरिन्छन् :**

- सामान्य परिचय
- विधि/प्रणाली
- विवरण र विश्लेषण
- निष्कर्ष
- सुझावहरु
- अनुसूचीहरु

# ८. नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारसम्बन्धी संवैधानिक तथा कानुनी प्रावधान

**समयः** १ **घण्टा**

**उदेश्यः** सहभागीहरूले नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारसम्बन्धी सबैधानिक तथा कानुनी प्राबधानका बारेमा बुझि बताउन सक्नेछन ।

## क्रियाकलाप

- सहभागीहरूसंग नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारसम्बन्धी संबैधानिक तथा कानुनी प्रावधानका बारेमा सामान्य छलफल गर्ने ।
- न्युजप्रिन्टमा सहभागीहरूले बुझ्ने भाषामा नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारसम्वन्धी संबैधानिक तथा कानुनी प्रावधानका बारेमा लेखि स्पष्ट पार्ने ।

**सर्वोच्च अदालतले मिति २०६४ साल पौष ६ गते गरेको अन्तिम आदेश (फैसला) मा बोलेका कुराहरु नै हालका लागि यौनिक तथा लैङ्गिक अल्पसंख्यकका कानुनी अधिकार का आधारहरु हुन्। यसको सार संक्षेप निम्न रहेको छ –**

- संविधानमा महिला र पुरूष भन्ने उल्लेख नभई लिङ्ग भन्ने शब्द मात्र उल्लेख भएमा यसले महिला पुरूष लगायत तेस्रो लिङ्गीलाई समेत समेट्न सक्ने ।
- संविधानमा महिला र पुरूष दुई लिङ्ग मात्र उल्लेख हुँदैमा संविधानका मौलिक हकहरू वा अन्य कानूनी हकहरू वा नेपालले हस्ताक्षर गरेको मानव अधिकार सम्बन्धी विभिन्न महासन्धि वा मानवअधिकारहरू महिला र पुरूषले मात्र उपभोग गर्न पाउँछन् भन्ने अर्थ गर्न मिल्दैन ।
- महिला र पुरूष वाहेकका तेश्रो प्रकारको लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको व्यक्ति पनि नेपाली नागरिक एवम् प्राकृतिक व्यक्ति भएको कारण उनीहरूले पनि आफ्नै पहिचानमा संविधान, कानून र मानवअधिकार सम्बन्धी सन्धि, महासन्धिहरूले दिएका सम्पूर्ण हकहरू उपभोग गर्न पाउनुपर्छ । त्यस्तो हकको उपभोग गर्न पाउने वातावरण श्रृजना गर्ने र सो अनुसारको कानूनी व्यवस्था गर्ने दायित्व राज्यको हो । फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको कारण ती हकहरू उपभोग गर्न नपाउने वा महिला वा पुरूष भएमात्र ती हकहरू उपभोग गर्न पाउने भन्ने अर्थ गर्न मिल्दैन ।
- LGBTI हरूले आफ्नो पहिचानको अधिकार (Right to have one's own identity) को आधार मा विना भेदभाव आफ्नै पहिचान सहित नेपाल कानूनले दिएको हकहरू अरू सरह निर्वाध रूपमा उपभोग गर्न पाउनु पर्ने देखिन्छ ।
- वर्तमान सम्पत्ति सम्बन्धी कानून, नागरिकता लगायत व्यक्तिगत पहिचानसम्बन्धी कानून, बिवाहसम्बन्धी कानून लगायतका विभिन्न कानूनहरू पुरूष एवम् महिला केन्द्रित (Male and Female Sex Specific) रहेका देखिन्छन् । यस्ता कानुनले महिला र पुरूष वाहेक अन्य व्यक्तिको कुनै अस्तित्व नै मानेको देखिदैन । आफ्नै पहिचान कायम राखी मौलिक हक र स्वतन्त्रताको उपभोग गर्न नपाउने कानूनलाई भेदभावकारी कानून मान्नु पर्छ ।
- अन्तरिम संविधानको धारा १२ ले दिएको स्वतन्त्रता प्रत्येक व्यक्तिलाई हो । व्यक्ति भन्नाले प्रत्येक प्राकृतिक व्यक्ति (Natural person) लाई जनाउँछ । LGBTI पनि प्राकृतिक व्यक्ति (Natural person) भएको कारण उनीहरूले समाजमा ती सबै स्वतन्त्रताहरूको उपयोग गरी सम्मानपूर्वक बाँच्न पाउनु पर्छ ।
- स्वतन्त्रता सबै नागरिक, सबै व्यक्तिलाई समानताको आधारमा Right to have one's own Identity को रूपमा प्राप्त हुन्छ । तर भेदभावकारी वा स्वेच्छाचारी कानून बनाउदैमा भने यस्तो स्वतन्त्रता अपहरण हुन सक्दैन ।
- LGBTI अल्पसंख्यक भएपनि नेपाली नागरिक भएको कारण आफ्नै पहिचानमा ती हकहरू उपभोग गर्न पाउने उनीहरूको मौलिक अधिकार हो । राज्यले बनाउने नीतिहरूबाट आफ्नै पहिचानमा लाभान्वित हुन पाउने उनीहरूको हक हो ।

- कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता प्राप्त भएपछि अरू कुनै कारणले व्यक्तिका मौलिक मानवअधिकार उपभोगमा संकुचन हुन सक्दैन । स्वतन्त्र सहमतिबाट विवाह गर्ने, परिवार आरम्भ गर्ने, गोपनियतामा हस्तक्षेप नगरिने, जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभाव नगरिने भनी उल्लिखित अभिसन्धिले प्रत्याभूत गरेका अधिकारको समानरूपमा उपभोग गर्न पाउने हक LGBTI हरू लाई पनि स्वभाविक रूपमा प्राप्त छ ।
- LGBTI हरूमा अरू स्वभाव सामान्य हुन्छ । केवल sexuality मा मात्र पुरुष या महिला जस्तो विपरीत लिङ्गी प्रति आकर्षित नहुने, पोशाक पहिरन आदि भिन्न खालको लगाउने कारणले मात्र ती व्यक्तिहरू मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु हुँदैन ।
- पुरूष वा महिलाको लिङ्गीय पहिचान (जनेन्द्रीय) भएका कारण यी व्यक्तिहरू महिला वा पुरूष मानिए । यसरी महिला र पुरूष भनी स्पष्ट पहिचान भएका व्यक्तिहरूलाई चाँही मौलिक हक उपभोग गर्नमा कुनै बाधा देखिंदैन । तर लैङ्गिक पहिचानका दृष्टिले स्पष्टरूपमा महिला र पुरूष भनी चिनिएका वाहेकका तेस्रो लिङ्गीहरूलाई चाँही मौलिक हक उपभोग गर्नमा बाधा पर्ने खालका संवैधानिक तथा कानुनी व्यवस्था हुनु उपयुक्त हुँदैन ।
- यस्ता व्यक्तिहरूले हाम्रो संविधानको भाग ३ का मौलिक हक र नेपालले हस्ताक्षर गरी नेपाल कानून सरह लागू भएका मानव अधिकार सम्बन्धी विभिन्न महासन्धिहरूले दिएको अधिकार आफ्नै पहिचानमा उपयोग गर्न नपाउने कानुनी व्यवस्था छ भने त्यस्तो व्यवस्थालाई स्वेच्छाचारी (Arbitrary), आधारहीन (Unreasonable) र भेदभावयुक्त (Discriminatory) मान्नु पर्ने हुन्छ र त्यस्तो कानुन कार्यान्वयन गर्ने राज्यको कार्य पनि Arbitrary, Unreasonable / Discriminatory नै मान्नु पर्दछ ।
- महिला र पुरुष वाहेक अन्य तेश्रो लिङ्गी लगायतका व्यक्तिहरूलाई यौन अभिमुखीकरण (Sexual Oriention) का आधारमा भेदभाव गर्न मिल्दैन । राज्यले महिला र पुरूष बाहेकका तेस्रो लिङ्गी प्राकृतिक व्यक्ति नागरिकहरूको अस्तित्वलाई स्वीकार गरी उनीहरूलाई पनि संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकहरूबाट वञ्चित गर्न सक्दैन ।

# ९. आधारभूत कानुनी अधिकार र त्यसको उपयोग

**समयः १ घण्टा**

**उदेश्यः** सहभागीहरूले बिभिन्न कानुनी अधिकार र त्यसको उपयोग बारेमा बुझी बताउन र अपनाउन सक्नेछन् ।

## क्रियाकलाप

- सहभागीहरूका आफ्ना व्यक्तिगत समस्याहरू राख्न लगाइने छ ।
- सहभागीहरूको व्यक्तिगत समस्याहरूलाई समेत सम्बोधन गर्दै कानुनी उपचारको बाटो प्रस्ट्याईने छ ।

**मुद्दा सामान्यतयाः दुई किसिमका हुन्छन्ः देवानी र फौजदारी मुद्दा । अपराध संग सरोकार राख्ने विषयवस्तु भएको मुद्दालाई फौजदारी र पद तथा सम्पतिको हक संग सरोकार राख्ने विषयवस्तु भएको मुद्दालाई देवानी भन्ने गरिन्छ । यी पनि सरकारवादी र दुनियावादी हुने गरी दुई किसिमका हुन्छन् ।**

**सरकारवादी फौजदारी मुद्दा संग सरोकार राख्ने केही आधारभूत व्यवस्थाहरुः**

**पक्राउ तथा थुना**

- कुनै पनि व्यक्तिलाई पक्राउ गर्नु पर्ने कारण सहितको सूचना नदिई पक्रन पाइँदैन ।
- पक्राउ परेको व्यक्तिलाई यथासक्य चाँडो स्वास्थ परिक्षण गराउने दायित्व राज्यको हुन्छ ।
- अनुसन्धानको क्रममा थुनामा राख्नु पर्ने अवस्था भएमा के कारणले थुनामा राख्नु परेको हो सो व्यहोरा जनिएको थुनुवा पुर्जी दिएर मात्र थुनामा राख्न सक्तछ ।
- पक्राउ पर्ना साथ निज व्यक्तिलाई आफुले रोजेको कानुनव्यवसायी संग सल्लाह लिन पाउने अधिकार हुन्छ ।
- अनुसन्धानको क्रममा पक्राउ गरी थुनामा राखिएको व्यक्तिलाई बाटाको म्याद वाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ ।
- विना कारण, विना पक्राउ पुर्जी, विना थुनुवा पुर्जी कसैलाई थुनेमा निजले वा निजको तर्फबाट अन्य कसैले बन्दी प्रत्यक्षीकरणको निवेदन अदालतमा दर्ता गराई थुनिएको व्यक्तिलाई थुना मुक्त गर्न सकिन्छ ।
- महिला समलिङ्गी र तेस्रोलिङ्गी व्यक्तिहरूलाई पक्राउ गर्दा महिला प्रहरीले मात्र प्रक्राउ गर्न मिल्छ । महिला समलिङ्गीलाई महिला थुनुवा गृहमा राख्नु पर्छ । तेश्रो लिङ्गी महिला, समलिङ्गी महिला र तेश्रो लिङ्गी पुरूषलाई भए छुट्टा छुट्टै थुनुवा गृहमा नभएमा महिला थुनुवा गृहमा राख्नु पर्दछ ।

**मानव वेचविखन तथा ओसार पसार**

- कसैले कुनै पनि उदेश्यले मानिस बेच बिखन गर्न, वेचविखन गर्ने उदेश्यले कुनै मानिसलाई विदेशमा लैजानलाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउने कार्यलाई मानव वेचविखन भनिन्छ ।
- मानिसलाई वेचविखन गर्न, दास वनाउन पाईदैन । यदि वेच विखन गरेमा नजिकको प्रहरी कार्यालयमा आफुलाई बेच्ने बिरूद्ध उजूरी गर्नु पर्छ । उजूरी पीडित स्वयं, निजको आफन्त, साथी वा अन्य जो सुकैले पनि गर्न सक्दछ । मानव वेचविखन गम्भीर अपराध भएकोले जहिले सुकै उजुरी दिन सकिन्छ ।
- मानव वेचविखन गर्ने व्यक्तिलाई कसुरको प्रकृति हेरी २० बर्षसम्म कैद र ५ लाख रूपैयाँ सम्म जरीवानाको सजाय हुन सक्तछ ।
- मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ ले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई समेत समेटेको पाइन्छ ।

**जवरजस्ती करणी** (बलात्कार)

- कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा १६ बर्ष भन्दा कम उमेरकी वालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले जवरजस्ती करणी गरेको ठहर्छ ।
- कुनै नावालक संग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जवरजस्ती करणी गरेको मानिन्छ ।
- १६ वर्ष उमेर नपुगेका नावालकलाई सहमतीमा नै कसैले यौन सम्पर्क गरेमा पनि जवरजस्ती करणी हुन्छ ।
- कसैले कसैलाई जवरजस्ती करणी गरेमा सर्वप्रथम प्रहरीमा उजुरी दिनु पर्छ ।
- यथासिघ्र मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परिक्षण गराउनु पर्छ । स्वास्थ परिक्षण नगराई नुहाउनु हुँदैन, घटनास्थलको प्रकृति बदल्नु हुँदैन, घटनास्थलमा भएको प्रमाणहरू मेटाउनु हुँदैन, घटनाको समयमा लगाएको कपडा प्रमाणका लागि उस्तै राख्नु पर्छ, तुरुन्तै धुनु, पखाल्नु हुँदैन ।
- स्वास्थ्य परिक्षण नगराई अन्य व्यक्ति संग यौन सम्पर्क गर्नु हुँदैन ।
- जवरजस्ती करणी भएकोमा पीडित, पीडितको आफ्नो मानिस वा थाहा पाउने जोसुकैले पनि नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त (निवेदन) दिन सकिन्छ । प्रहरीले उजुरी लिन इन्कार गरेमा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा उजुर गर्न सकिन्छ ।
- जवरजस्ती करणी भएकोमा घटना घटेको मितिले ३५ दिन भित्र उजुरी दिनु पर्दछ ।
- जवरजस्ती करणीको अपराधमा पीडकलाई पीडितको उमेरलाई हेरी ५ वर्ष देखि १५ बर्ष सम्मको कैद सजाय, उचित क्षतिपूर्तिका साथै पीडितलाई पीडकको आधा अंश सर्वश्व गरी दिलाउने सम्मको व्यवस्था छ ।

**दुनियाँवादी फौजदारी अपराधसंग सरोकार राख्ने केही आधारभूत व्यवस्थाहरु**

**यातना**

- अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिइएको शारीरिक वा मानसिक यातना, निज उपर गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत यातना भनिन्छ ।
- नेपाल यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी महासन्धी (CAT), १९८४ को पक्ष राष्ट्र हो र सोही महासन्धीको प्रभाव स्वरूप यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ लागू भएको हो ।
- यातना पीडित व्यक्तिले आफु थुनाबाट मुक्त भएको ३५ दिन भित्र वा यातना भएको मितिले ३५ दिन भित्र पीडक उपर यातना क्षतिपूर्ति मुद्दा यातना भएको इलाकाको जिल्ला अदातलमा दर्ता गराउन सक्दछ ।
- यातना पीडित व्यक्ति स्वयंले उजुरी गर्न वा अदालतमा मुद्दा दर्ता गराउन असमर्थ भएमा निजको परिवारको सदस्यले वा निजले रोजेको कानुनव्यवसायीले समेत उजुरी गर्न वा अदालतमा मुद्दा दर्ता गराउन सक्नेछन् ।
- यातना क्षतिपूर्ति मुद्दामा अदालतले पीडकलाई अवकाश सम्मको विभागीय सजाय गरी राज्य तर्फबाट रू १ लाख सम्मको क्षतिपूर्ति पीडितलाई दिलाउने कानुनी व्यवस्था छ ।

## कुटपीट

- कसैले कसैलाई हात हतियार उठाई वा अरू कुनै प्रकारले रगत पच्छे, घा चोट अंगभंग पारेमा वा जिउमा अरू पीडा नोक्सान हुने काम गरेमा कुटपीट हुन्छ ।
- कुटपीट साधारण र अङ्गभङ्ग गरी २ प्रकारका हुन्छन् ।
- साधारण कुटपीट भन्नाले शरीरमा सामान्य चोटपटक लाग्नुलाई जनाउँछ ।
- अंगभंग कुटपीट भन्नाले अंग भंग हुने प्रकृतिको कुटपीटलाई जनाउँदछ । जस्तैः आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी अन्धो गरी दिएमा, नाकको सुघ्ने शक्ति हरण गरी दिएमा, कानको सुन्ने शक्ति हरण गरी बहिरो गरी दिएमा, जिब्रोको वोल्ने शक्ति हरण गरी दिएमा, स्वास्नी मानिसको दुध काटी बेकम्मा गरिदिएमा, नलफलको पुरूषत्व हीन गरी नपुंशक गरिदिएमा, मेरूदण्ड डडाल्नो, हात खुट्टा वा यिनैको जार्नी फोरी फुकाली बेकम्मा पारी दिएमा आदि ।
- साधारण कुटपीट व्यक्तिवादी फौजदारी मुद्दा हुन्छ ।
- साधारण कुटपीट भएमा पीडितले जतिसक्दो चाँडो नजिकको प्रहरी कार्यालय, गाउँ विकास समिती वा नगरपालिका वा सम्बन्धित मुद्दा हेर्ने अड्डा मार्फत नजिकको अस्पताल वा मान्यता प्राप्त स्वस्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण गराउनु पर्दछ ।
- कुटपीट गर्ने उपर कुटपीट भएको इलाकाको जिल्ला अदालतमा ३५ दिन भित्र फिरादपत्र (मुद्दा) दर्ता गराउनु पर्दछ । अदालतले निज पीडकलाई झिकाई बुझि स्वास्थ्य परिक्षण रिपोर्ट (घाँ केश फारम) समेतको आधारमा पीडकलाई कैद र जरीवाना दुवै वा जरीवाना सम्मको सजाय गरी पीडितलाई औषधी उपचार खर्च र क्षतिपूर्ति रकम समेत दिलाई भराई दिन्छ ।
- कुटपीट मात्र भएकोमा ३ बर्ष, हतियारले हानी घोची घाउ पारे वा आगोले पोले डामेकोमा ६ बर्ष, अंगभंग पारेकोमा भए १० बर्ष सम्मको कैद सजाय हुने कानुनी व्यवस्था छ ।
- अंगभंग कुटपीट सरकारवादी फौजदारी मुद्दा हुने भएकोले यसको सम्पूर्ण अनुसन्धान प्रहरीद्वारा हुन्छ । पीडितको तर्फबाट सरकारी वकिलले मुद्दामा बहस पैरवी गर्दछ ।
- यस्तो मुद्दा अंगभंग भएको मितिले ३ महिनाभित्र घटना घटेको इलाकाको जिल्ला अदालतमा प्रहरीद्वारा दर्ता गरिन्छ ।

## यौन शोषण वा यौन दुर्व्यवहार

- कसैले पनि कसैलाई उसको इच्छा बिपरित सम्वेदनशिल अंग छोएमा वा छुने प्रयास गरेमा वा आफ्नो यौन सम्वन्धी अंग छुन तथा समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य यस्तै शब्दहरू प्रयोग गरी जिस्काएमा, जवरजस्ती यौन सम्पर्क राखेमा यौन शोषण वा यौन दुर्व्यवहार गरेको हुन जान्छ ।
- यौन शोषण र यौन दुर्व्यवहार भएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दर्ता गराउन सकिन्छ ।
- यस्तो कसुरमा कसुरदारलाई १ बर्ष सम्म कैद र १० हजार रूपैयाँ सम्म जरिवाना साथै पीडितलाई कसुरदारबाट मनासिव माफिकको क्षतिपूर्ति समेत भराई पाउने कानुनी व्यवस्था छ ।

### घरेलु हिंसा

- ❖ घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँदछ ।
- ❖ घरेलु हिंसा सम्बन्धमा पीडितले उजुरी गर्ने दुई किसिमका उपचारका संयन्त्रहरू रहेको पाइन्छ ।

  १. पीडित स्वयं आफैले आफुलाई भएको मानसिक वा शारीरिक हिंसा जसले समयमा नजिकको अस्पताल वा स्वास्थ्य संस्थामा परिक्षण र उपचार गराई सो कागजातहरू समेत राखी सिधै जिल्ला अदालतमा मुद्दा दर्ता गराउन सकिन्छ ।

  २. घरेलु हिंसा भएको वा भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई नजिकको प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानिय निकाय समक्ष लिखित वा मौखिक रूपमा उजुरी दिन सकिन्छ ।
- ❖ अदालतले मुद्दा फैसला गर्दा पीडितलाई लागेको उपचार खर्च दिलाई निजलाई भएको शारीरिक र मानसिक हिंसा समेतको मध्यनजर गरी तीन हजार रूपैयाँ देखि पच्चिस हजार रूपैयाँ सम्म जरीवाना वा छ महिना सम्म कैद वा दुबै सजाय गर्न सक्तछ ।
- ❖ यस अपराधमा मतियारलाई समेत आधा सजाय गर्ने, पटक पटक गर्नेलाई प्रत्येक पटकमा दोब्बर सजाय गर्ने सार्वजनिक जवाफदेहीको पदमा रहेको व्यक्तिले यस्तो कार्य गरेमा थप १० प्रतिशत सजाय थप समेत गरिएको छ ।
- ❖ यस अपराधमा ९० दिन भित्र मुद्दा दर्ता गराउनु पर्दछ ।

### लाञ्छना तथा भेदभाव

- ❖ लाञ्छना भन्नाले कुनै पनि ब्यक्ति माथि लगाइने विभिन्न खालका आरोप प्रत्यारोपलाई जनाउँदछ । भेदभाव भन्नाले कुनै पनि ब्यक्ति माथि घर परिवार तथा समाजले गर्ने पक्षपातपूर्ण ब्यवहार हो ।
- ❖ विद्यमान ऐन कानुनलाई हेर्दा लान्छना तथा भेदभावलाई २ वटा ऐनले समेटेर हेर्न सकिन्छ ।
- ❖ पहिलो, गाली वेइजति ऐन, २०१६ र
- ❖ दोश्रो भर्खरै संविधानसभा- व्यवस्थापिका संसदद्वारा पारित घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ।
- ❖ गाली वेइजति ऐन, २०१६ सर्वसाधारणको इज्वत र मान मर्यादा कायम राख्न पाउने अधिकारको रक्षाका लागि गाली र वेइजतिको कसूरको निमित्त सजायको व्यवस्था गर्न आवश्यक देखिएकाले यो ऐन समाजमा आएको हो ।
- ❖ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवार भित्र वा घर परिवारसंग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्न आएको हो ।
- ❖ गाली वेइजति भएकोमा गाली वेइजति गर्ने व्यक्तिलाई ५ हजार रूपैयाँसम्म जरिवाना र २ बर्षसम्म कैद सजाय गरी पीडितलाई मनाशिव माफिकको क्षतिपूर्ति भराई दिने व्यवस्था छ ।
- ❖ गाली वेइजतिमा उजुर गर्ने हदम्याद गाली वेइजति भएको मितिले ६ महिना भित्र नालेश (मुद्दा) सम्बन्धित जिल्लाको जिल्ला अदालतमा दर्ता गराउनु पर्दछ ।

**अन्य केही कानुनी व्यवस्थाहरु**

**बिवाह**

- कसैलाई पनि निजको मंजुरी बिना, घर परिवारको वा अन्य कसैको दबाबले जवर्जस्ती बिवाह गरिदिन पाइदैन । आफुखुशी बिवाह गर्नको लागि कानुनले २० बर्षको उमेर पुगेको हुनु पर्दछ । घर परिवारको मञ्जुरीले १८ बर्षको उमेर पुगेको हुनु पर्दछ ।
- मंजूरी बिना जवर्जस्ती गरिएको बिवाहलाई अदालतवाट मुद्दा गरी बदर गर्न सकिन्छ । यसमा जवरजस्ती बिवाह भएको मितिले ३ महिना भित्र सो जिल्लाको जिल्ला अदालतमा नालेश (मुद्दा) दिन सकिन्छ ।
- जवरजस्ती विवाह गर्ने गराउनेलाई २ बर्षसम्म कैद सजाय हुन्छ ।
- विद्यमान कानुनले विवाहका लागि महिला र पुरूष हुनुपर्ने अवस्था छ ।
- नेपालको सर्वोच्च अदालतले समलिङ्गी विवाहको विषयलाई लिएर एउटा सात सदस्यीय समिति समेत गठन गर्न आदेश दिएको पाइन्छ । यो गठन प्रक्रियामा छ ।

**सम्पति**

- सम्पत्तिको परिभाषा भित्र चल अचल दुवै प्रकारको सम्पत्ति पर्दछ ।
- परिवारको सगोलको सम्पति अंशवण्डा गर्दा वावु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरी वीच व्यक्ति पिच्छे वरावर भाग लगाउनु पर्दछ ।
- परिवारको मुख्य व्यक्तिले महिला, पुरूष, तेश्रो लिङ्गी सबै सन्तानलाई समानरूपमा खान, लाउन, शिक्षा, दीक्षा, औषधि उपचार गर्नु पर्दछ । सो नगरेमा अंश दिनु पर्दछ ।
- खान, लाउन, शिक्षा, दीक्षा, औषधि उपचार नगरी अंश पनि नदिएमा परिवारका मुख्य व्यक्ति समेत उपर अंश मुद्दा सम्बन्धित जिल्लाको जिल्ला अदालतमा दर्ता गराउन सकिन्छ ।
- अंश मुद्दा गर्दा केही लामो समय लाग्ने र आफुलाई खान लाउन, बसोवास गर्न समस्या पर्ने भएको हुँदा परिवारको मुख्य व्यक्ति उपर छिट्टै कार्यन्वयन हुने माना चामल मुद्दा दर्ता गराई मासिक आम्दानीमा आफ्नो भाग लिई खर्च गरी बसी अंश मुद्दा लड्न सकिन्छ ।
- नागरिकताका आधारमा महिला र पुरूष सरह नै तेश्रो लिङ्गीले पनि अंश पाउनु पर्ने हुन्छ । अन्य नागरिकलाई भए सरह सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने अधिकार तेश्रो लिङ्गीलाई पनि हुन्छ ।
- अंश तथा माना चामल मुद्दा दायर गर्ने कुनै हदम्याद हुँदैन । जहिले पीडितलाई आवश्यक हुन्छ सोही समयमा दर्ता गराउन सकिन्छ ।

**नागरिकता**

- राज्यले १६ बर्ष उमेर पुगेका कुनै व्यक्तिलाई आफ्नो देशको वासिन्दा (नागरिक) हो भनी स्वीकारेको एउटा प्रमाण-पत्र नै नागरिकता हो ।
- सामान्यतयाः राज्यले महिला र पुरूष भनी नागरिकता दिँदै आएकोमा हाल आएर महिला, पुरूष र तेश्रो लिङ्गी भनी नागरिकता दिने गरेको छ ।
- कहिले काँही सहज रूपमा आफुले चाहे अनुसारको अर्थात् तेश्रो लिङ्गी उल्लेख गरी नागरिकता दिने कुरामा कार्यालयले समस्या देखाउन सक्तछ । त्यस्तो अवस्थामा यस अघि तेश्रो लिङ्गी वा दुवै लिङ्ग उल्लेख गरी नागरिकता लिएका व्यक्तिहरूको नागरिकताको प्रतिलिपी, सर्वोच्च अदालतबाट भएको निर्देशनात्मक आदेशको प्रतिलिपी समेत साथै राखी आफ्नो पहिचान अनुसारको नागरिकता लिन सकिन्छ ।
- नेपाल नागरिकता ऐन, २०६३ बमोजिम बंशजका नाताले, जन्मका आधारमा, अंगीकृत नेपाली नागरिकता र सम्मानार्थ नागरिकता गरी ४ किसिमको नागरिकताको व्यवस्था गरिएको पाइन्छ ।
- राज्यले महिला, पुरूष, तेश्रो लिङ्गी जो कोहीलाई आफुले चाहेको नागरिकता लिनबाट बञ्चित गराएमा अदालतबाट परमादेशको आदेश गराई नागरिकता लिन सकिन्छ ।

# १०. मानवअधिकार र संबैधानिक हकको संबर्द्धन गर्न के के गर्न सकिन्छ ?

## क्रियाकलाप

- सहभागीहरूले मानवअधिकार र संबैधानिक हकको संबर्द्धन गर्न के के गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्ने न्युजप्रिन्टमा मानवअधिकार र संबैधानिक हकको संबर्द्धन गर्न के के गर्न सकिन्छ भन्ने बारेमा सहभागीहरूबाट आएका कुराहरूलाई लेखबद्ध गरी व्यवहारिक कार्यान्वयनमा लैजान उत्प्रेरित गर्ने ।

## ख) तालिम मूल्यांकन

**उद्देश्यः** सहभागितात्मक प्रक्रियाबाट तालिमको लेखाजोखा गर्नेछन् ।

## क्रियाकलाप

- तालिम मुल्याङ्कन तालिका तयार गर्ने मुल्याङ्कन फाराम भर्न लगाउने ।

## तालिम मुल्याकन तालिका

| सि न | बिषय | राम्रो | | ठिकै | | नराम्रो | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

# यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानवअधिकार तथा कानूनी शिक्षा प्रशिक्षण कार्यतालिका

| दिन | ८:००–८:३० | ८:३०–९:०० | ९:००–१०:०० | १०:००–११:०० | ११:००–१२:०० | १२:००–१:०० | १:००–१:१५ | १:१५–२:१५ | २:१५–३:१५ | ३:१५–४:०० | ४:००–४:१५ | ४:१५–४:३० | ४:३०–५:०० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चिया/ रजिस्ट्रेशन | उदघाटन परिचय अपेक्षा उदेश्य | मानवअधिकार परिचय र मानवअधिकार सम्बन्धी अवधारणको ऐतिहासिक विकासक्रम | यौनिकता लैङ्गिकता | छलफल | खाना | रमाईलो | यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार र योग्यकार्ता सिद्धान्त | विश्वमा LGBTI को अधिकारको स्थिति | छलफल | चिया | पहिलो दिनको समिक्षा | समापन |
| २ | चिया/ रजिस्ट्रेशन | पहिलो दिनको समिक्षा | मानवअधिकार हनन् तथा उपचार | मानव अधिकार हनन्को अभिलेखिकरण तथा प्रतिवेदन | छलफल | खाना | रमाईलो | नेपालमा LBGTI सम्बन्धी सबैधानिक तथा कानुनी प्रावधान | आधारभूत कानुनी अधिकार र उपयोग | छलफल | चिया | मानवअधिकार सबैधानिक हकको संम्बर्दन | तालिम मुल्यांकन तथा समापन |

# परिच्छेद २

## यौनिक तथा लैङ्गिक अल्पसंख्यक

## मानवअधिकार तथा कानूनी शिक्षा पाठ्य सामाग्री

### १. मानवअधिकार परिचय

मानवअधिकार भन्ने वाक्यांश परंपरागत रूपमा भनिने मानिसका अधिकार (Rights of Men) का पर्यावाची हो । मानवअधिकार कसैले दिएर पाउने होइन । यो मानव भएर जन्मेको आधारमा मानिसले लिएर आउने वा पाउने जन्मसिद्धि अधिकार (Birth Rights) हो । त्यसैले, मानवअधिकार हरेक व्यक्तिमा अन्तर्निहित (Inalianable) हुन्छ । अनि, तिनीहरूको उल्लंघन गर्ने अधिकार राज्य लगायत कसैमा हुँदैन अथवा तिनीहरू अउल्लंघनिय (Non-violable) मानिन्छन् । मानव भएका नातामा उपयोग हुने अधिकार भएकोले मानवअधिकारको उपयोग सबैले समानरूपमा गर्न पाउनु पर्दछ । मानवअधिकारको संरक्षण गर्नु राज्य वा सरकारको प्रथम दायित्व (First Reponsibility) हो, (Vienna Declaration 1993, Article 1) । मानवअधिकारको हनन् वा उल्लंघन भएकोमा उपचारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट पहल गरिन्छ वा दायित्व निर्धारण गरिन्छ । मानवअधिकारलाई विश्वका सबै मानवको हकको रूपमा स्वीकार गरिएको (Unversality) हुँदा त्यसको उपचार राष्ट्रिय स्तरबाट संभव नभएमा अन्तर्राष्ट्रिय न्यायिक एवं अन्य संयन्त्रबाट प्रदान गर्ने गरिन्छ । मानवअधिकार हनन् भएमा सच्चाउने (Corrective), तथा रोकथाम गर्ने (Preventive) दुबै तरिका अवलम्बन गरिने गरिन्छ । Corrective Measures अन्तर्गत राज्यले मानवअधिकार क्षेत्रमा भएका कामहरू संयुक्त राष्ट्र संघ मानवअधिकार समिति समक्ष पेश गर्ने र सो समितिले राज्यले सुधार गर्नु पर्ने भनेका कुरा पर्दछन् । यस्तै, Preventive Measures मा भविश्यमा मानवअधिकार उल्लंघनको पीडित (Victim) बनाउन नहुने कुरा सम्मिलित हुन्छन् ।

मानवअधिकारका प्रावधानहरूलाई देश परिस्थिति अनुसार विभिन्न देशहरूले आ-आफ्ना मुलुकका कानुनहरूमा समावेश गरी परिभाषित र तिनको संबैधानिक र कानुनी प्रत्याभूति गरेका हुन्छन् । नेपालमा मानवअधिकार ऐन, २०५३ ले मानवअधिकारलाई "व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासंग सम्बन्धित संविधान तथा अन्य प्रंचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धी-संफौतामा निहित अधिकार" भनी मानवअधिकारलाई परिभाषित गरको छ ।

समग्रमा, मानवअधिकारभित्र मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरू पर्दछन् र ती सबै मानवअधिकारहरू हुन् ।

**मानवअधिकारका विशेषताहरु:**

- विश्वव्यापी हुने (Universality) – मानवअधिकारको मान्यता विश्वव्यापी रहन्छ किनकि विश्वका सबै मानवलाई यो अधिकार समानरूपमा प्राप्त हुन्छ ।

- उल्लंघन गर्न नहुने (Non-violability) – मानवअधिकारको उल्लंघन गर्ने अधिकार कसैमा रहदैन । उल्लंघन गर्ने दण्ड सजायको भागी हुन्छ ।
- अविभाज्य (Indivisibility) – मानवअधिकारहरू अभिवाज्य हुन्छन् । कतिपय अवस्थामा एक भन्दा बढी अधिकारहरू परस्परमा सम्बन्धित हुन्छन् वा कुनै अधिकारको पूर्णताका लागि अर्को अधिकारको उपयोग आवश्यक हुन्छ ।
- अन्तर-सम्बन्धित (Interdependence) – मानवअधिकारहरू एक आपसमा भरपर्ने वा एक अर्कामा आधारित हुन्छन् । जस्तो शिक्षाको अधिकार उपभोग गर्न आवत-जावतको अधिकार वा स्वतन्त्रता उपभोग गर्न सक्ने अवस्था रहन सक्तछ ।
- नैसर्गिक (Inherent or birth rights) – मानवअधिकारहरू मानवले जन्मदै लिएर आएको वा जन्मसिद्ध अधिकार हुन् ।

## मानवअधिकारका प्रकार वा स्वरुपहरु

- नागरिक तथा राजनीतिक अधिकार :- सामूहिक एवं व्यक्तिगत अधिकार गरी दुवै सम्मिलित हुन्छ ।
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार :- सामूहिक एवं व्यक्तिगत अधिकार गरी दुवै सम्मिलित हुन्छ ।
- व्यक्तिका अधिकार (Individual Rights)
- सामुहिक अधिकार (Collective Rights)
  - अल्पसंख्यकका अधिकार (Minority Rights) जस्तैः वालवालिका, जनजाति, दलित, LGBTI, महिला आदिका अधिकार
  - विकासको अधिकार (Right to Development)
  - धर्म वा आस्थासंग सम्बन्धित अधिकार (यो व्यक्तिको अधिकार पनि हुन सक्छ)
  - शान्तिको वातावरणमा बस्न पाउने अधिकार (Right to live in peace)
  - ट्रेड युनियन सम्बन्धी अधिकार आदि ।

## मानवअधिकार र अन्य प्रकृतिका अधिकारहरु

- मानवअधिकार – अन्तर्राष्ट्रिय अनुवन्घ तथा राष्ट्रिय कानुनले मानवअधिकार भनी व्यवस्था गरिएका अधिकारहरू ।
- मौलिक हक र स्वतन्त्रता – राष्ट्रको संविधान वा कानुनले व्यवस्था गरे बमोजिमका हक अधिकार र स्वतन्त्रताहरू ।
- नागरिक अधिकार – नागरिक अधिकारसम्बन्धी कानुनले व्यवस्था गरेका हक अधिकारहरू ।
- प्राकृतिक अधिकार – प्राकृतिक कानुनको सिद्धान्तमा आधारित अधिकारहरू जसलाई मुलुकको कानुन/सविधानमा पनि उल्लेख गर्ने प्रचलन छ ।
- कानुनी अधिकार – माथि उल्लेख भएका समेत देशको कानुनद्वारा सुनिश्चित गरिएका हक अधिकारहरू ।

## मानवअधिकारका सिद्धान्त

कानुनी राज्यको सिद्धान्तको मान्यताभित्र रही मानवहरू बीच समानता र स्वतन्त्रताको रक्षा, प्रवर्द्धन र पालना गराउने सैद्धान्तिक लक्ष मानवअधिकारका मूलभूत सैद्धान्तिक मान्यताको रूपमा देखा पर्दछ । कानुनको अगाडि समानता (Equality before Law), कानुनको समान संरक्षण (Equal Protection of Law), र कानुनले सबैका लागि समानरूपले बाध्य गराउने (Equal Subjection of Law) को सैद्धान्तिक परिधी भित्र रही सो उदेश्य प्राप्तिका लागि अवलम्बन गरिने प्रक्रियालाई पनि मानवअधिकारको विषय मानिन्छ । उक्त लक्षगत सिद्धान्तलाई व्यवहारमा उतार्ने सम्बन्धमा निम्न सिद्धान्तहरूको अवलम्बन आवश्यक हुन्छ :

### (क) सहभागिताको सिद्धान्त (Participation)

- सहभागिता शव्दले न्याय पाउने कुरामा सहभागिता, विकास कार्यक्रममा सहभागिता, मतदान दिनमा सहभागिता लगायतका विविध पक्षलाई जनाउँदछ ।
- सम्बन्धित हरेक व्यक्तिलाई विकास तथा सामाजिक विषयको निर्णय गर्नमा वा निर्णयको प्रक्रियामा सहभागिता जनाउने अधिकार हुन्छ ।
- सहभागिताको हक व्यक्तिलाई मात्र नभई समूह जस्तै महिला, अल्पसंख्यक, आदिवासी आदि सबै रहन्छ ।
- सबैलाई सहभागिता मात्र नभएर सक्रिय, स्वतन्त्र र सार्थक (Active, free, and meaningful) सहभागिताको हक प्राप्त हुनु पर्दछ ।
- सहभागिताका लागि उपयुक्त दुरी (Proximity) र पहुँच (Accessibility) का विषयहरू महत्वपूर्ण हुन्छन्, जसको अभावमा कसैको हक संरक्षित नहुन सक्तछ ।

### (ख) जवाफदेहिताको सिद्धान्त (Accountability)

- मानवअधिकारको संरक्षण र प्रबर्द्धन गर्नु सरकारको पहिलो दायित्व हो (Protection and promotion of human rights is the first responsibility of governments - Vienna Declaration and Program of Action, 1993 Article 1)
- राज्यको अलावा समाज र समुदाय पनि मानवअधिकारको संरक्षण र प्रबर्द्धन गर्नमा परोक्षरूपमा जिम्मेवार रहन्छन् ।
- अधिकार उपभोग गर्ने र कर्तव्य निर्वाह गर्ने दायित्व पनि यसमा सम्मिलित हुन्छ ।
- मुलतः मानवअधिकार संरक्षण र प्रबर्द्धनमा राज्य जिम्मेवार हुन्छ ।

### (ग) भेदभावविहीनताको सिद्धान्त (Non-discrimination)

- मानवहरू बीच समान व्यवहार गर्नु मानवअधिकारको मुलभूत सिद्धान्त हो ।
- कानुनी समानताले मात्र मानवहरू बीच व्यवहारमा समानता कायम हुन सकेन । त्यसैले असमान अवस्थामा रहेको वा समन्याय (Equity) को उचित हिस्सेदारी पाउन नसकेको वर्ग वा समुदायलाई

सकरात्मक भेदभाव (Positive Discrimination) को सिद्धान्त मार्फत थप सुविधा प्रदान गरी सुविधा सम्पन्न बर्ग समान बनाउनुलाई असमानता वा मानवअधिकारको सिद्धान्त प्रतिकूल मानिदैन ।

- ❖ यो व्यवस्था विपन्न वर्ग जस्तै महिला, आदिवासी, दलित अल्पसंख्यक आदिका लागि गर्न सकिन्छ ।

### (घ) सशक्तिकरणको सिद्धान्त (Empowerment)

- ❖ विपन्न वर्गको लागि आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तिकरण गर्नु गराउनु पत्यक्ष वा परोक्ष रूपमा मानवअधिकारको प्रबर्द्धन संग सम्बन्धित हुन्छ ।
- ❖ सशक्तिकरणको मूख्य लक्ष आवश्यक परेका विपन्न बर्गको लागि शक्ति, क्षमता तथा जीवनमा परिवर्तनको अवसर प्रदान गर्नु हो ।
- ❖ महिला जनजाति, आदिवासी, अल्पसंख्यक, कामदार आदिमा सशक्तिकरणको अवसर प्रदान गर्नु भनेको उनीहरूलाई मानवअधिकारमा प्रवर्द्धन गर्नु हो ।

### (ङ) कानुनी राजको सिद्धान्त अनुकूल हुनुपर्ने (Legal framework consistent to 'Rule of Law')

- ❖ मानवअधिकारको प्रवर्द्धन कानुनी राज्यको सिद्धान्त अनुकूल हुनपर्दछ ।
- ❖ मानवअधिकार प्रत्याभूत गर्ने सन्दर्भमा कानुनी राजको सिद्धान्त प्रतिकूल काम गर्नु गैर कानुनी हुन्छ ।
- ❖ त्यसैले मानवअधिकारको रक्षा र प्रवर्द्धनको लागि गरिने जुनसुकै काम कानुन अनुकूल हुनै पर्दछ ।

### (च) पारदर्शिताको सिद्धान्त (Transparancy)

- ❖ जनता वा सर्वसाधारणलाई राज्य/निकायद्वारा भएका काम कार्वाहीको सूचना प्राप्त गर्ने अधिकार छ ।
- ❖ पारदर्शिताले जनताको जान्न पाउने अधिकार (Right to know) लाई सुनिश्चित गर्दछ ।
- ❖ मानवअधिकारको उपभोग र प्रवर्द्धनका लागि सर्बसाधारणलाई आवश्यक पर्ने सूचना प्रति पहुँच आवश्यक हुन्छ ।

## २. मानवअधिकारको ऐतिहासिक विकासक्रम

मानवअधिकारसम्बन्धी अवधारणाको विकास सभ्यताको सुरूवात संगै भएको पाइन्छ । मानवअधिकार नै उच्चारण गर्ने नभएपनि विभिन्न धर्मशास्त्र नीतिशास्त्रहरूमा मानव हितका कुराहरू उल्लेख भएको पाइन्छ । वेद, पुराण, महाभारत, गीता, बुद्ध उपदेश कुरान, वाइवल आदि धर्म ग्रन्थहरूमा उल्लेख गरिएका मानव हितका कुराहरू जस्तै अहिंसा, प्रेम, अरूको हितको लागि काम गर्ने, आफ्ना मुद्दामा आफै न्यायधिश हुन नपाउने, युद्धको समयमा घाइतेहरूलाई मानवोचित व्यवहार गर्नु पर्ने, मानव हितका कामलाई धर्म र खराब कामलाई पापको रूपमा गरिएका व्याख्या जस्ता आदर्श राज्यको परिकल्पनाबाट नै मानवअधिकारसम्बन्धी सोच या अवधारणाको विकास भएको पाइन्छ ।

विश्वका विभिन्न देशहरू वेलायत, अमेरिका, फ्रान्स जस्ता राष्ट्रहरूमा भएको क्रान्तिका परिणाम तिनले आफ्ना राष्ट्रिय कानुनहरूमा संवैधानिक र मौलिक अधिकार भनी केही अधिकारहरू सृजना गरेको

पाइन्छ । यी अधिकारहरू सम्पूर्ण विश्वका मानिसहरूका लागि सृजना भएका होइनन् तर पनि यी अधिकारहरूलाई मानवअधिकारसम्बन्धी अवधारणाको विकासमा महत्वपूर्ण मानिन्छ ।

विश्व इतिहासमा ई.सं. १२१५ मा वेलायतका राजा जोन (John) र वेलायती जनताका वीच अधिकार बाँडफाँडको एक लिखित सम्फौता भएको थियो । उक्त सम्फौतामा जनताहरूको अधिकारका बारेमा उल्लेख गरिएको थियो । त्यस सम्फौतालाई 'म्याग्नाकार्टा (Magna Carta)' भनिन्छ, र यसलाई नै मानवअधिकारको पहिलो लिखित दस्तावेज पनि मानिन्छ । यो म्याग्नाकार्टामा ऐन बनाउने अधिकार संसदलाई हुनुपर्ने, संसदको स्वीकृती बिना राजाले कुनै पनि कर (Tax) लगाउन नपाउने, स्वतन्त्र न्याय व्यवस्था र कानुनको सर्वोच्चता हुनुपर्ने आदि जस्ता महत्वपूर्ण अधिकारहरूका बारेमा उल्लेख गरेको पाइन्छ ।

त्यसैगरी, बेलायतमा राजा र जनता वीचमा अधिकारको लागि चलेको लामो संघर्ष पश्चात् राजाका अधिकारहरू तोक्न ई.सं. १६८९ मा एउटा दस्तावेज जारी गरियो । यसलाई 'अधिकार पत्र (Bill of Rights)' भनिन्छ । यसलाई राजा र जनता वीच भएको पहिलो सामाजिक सम्फौता भनिन्छ । ई.सं. १७७६ मा अमेरिकाले पनि 'Bill of Rights' मा अन्तर्निहित कुराहरूलाई आत्मसात गर्दै सोही बर्ष अमेरिकी स्वतन्त्रताको घोषणा जारी गऱ्यो । हरेक मानिसलाई स्वतन्त्रता र आत्मनिर्णयको अधिकार छ भन्ने धारणासँगै सन् १७८९ मा फ्रान्सेली राज्यक्रान्ति सम्पन्न भयो । सन् १९१९ मा श्रमिकहरूको हक, हित र अधिकारहरूको लागि अन्तराष्ट्रिय श्रम सङ्गठन (International Labour Orgaization-ILO) स्थापना भयो ।

अठारौं शताब्दीमा मानवअधिकारका विषयमा केही अन्तराष्ट्रिय प्रयासहरू भए । तर राष्ट्रहरू बीच बढ्दै गएको होडबाजीका कारण मानवअधिकारको विकासमा नै खतरा उत्पन्न हुनसक्ने भयले संगठित रूपमा मानवअधिकारको संरक्षणको लागि १० जनवरी १९२० मा लिग अफ नेसन्स (League of Nations) को विधिवत स्थापना भयो । लिग अफ नेसन्सद्वारा लक्षित प्रयासहरूमा जाती, धर्म, भाषा, र लिङ्गको विभेद नगरिने नीतिहरू समाविष्ट थिए । यस्ता प्रयासहरूका बावजुद पनि सन् १९१४ र सन् १९३९ देखि १९४५ सम्म विनाशकारी दुईवटा विश्वयुद्धहरू भए, जसले ती सम्पूर्ण प्रयासहरूलाई निरर्थकप्राय बनाइदियो ।

मानव सभ्यताको शान्तिपूर्ण विकासमा सबै मानिसहरूको समान सहभागिता र दायित्व हुन्छन् । एकले अर्काको अधिकारको आदर र सम्मान गर्नुपर्ने दायित्व सबैमा बराबर हुन्छ । यिनै पृष्ठभूमिलाई ध्यानमा राख्दै तथा विश्वमा विनाशकारी दुईवटा युद्ध भएपछि त्यसबाट भएको असंख्य जनधनको क्षति पुनः नदोहोरियोस् भन्ने उद्देश्य राखेर भातृत्व, शान्ति, सहअस्तित्व कायम गरी विश्व समुदायमा नेतृत्व प्रदान गर्ने विश्वव्यापी संगठनको आवश्यकता महसुस गरियो, र २४ अक्टुवर १९४५ का दिन विश्वका राष्ट्रहरूको साफा संगठनको रूपमा संयुक्त राष्ट्रसंघ (United Nations Organization – UNO) को स्थापना भयो । संयुक्त राष्ट्रसंघको स्थापनाको लगत्तै मानवअधिकारको विकासका लागि ठोस प्रयासहरू हुन थाले ।

**मानवअधिकारको विश्वब्यापी घोषणापत्र** (Universal Declaration of Human Rights-UDHR) **विकासक्रमः**

संयुक्त राष्ट्रसंघले आफ्नो स्थापना लगतै मानवअधिकारको अरू ब्यापक र स्पष्ट ब्यवस्थाका लागि सन् १९४६ को प्रारम्भमा एक मानवअधिकार आयोग गठन गऱ्यो । आयोगले राष्ट्रसंघको भावना अनुरूप International Bill of Human Rights को रूपमा १९४७ मा मानवअधिकारको लिखित मस्यौदा तयार गऱ्यो । सो मस्यौदालाई संयुक्त राष्ट्रसंघको माहासभाले १० डिसेम्बर १९४८ का दिन पारित गऱ्यो, जसलाई मानव अधिकारको विश्वव्यापी घोषणा (Universal Declaration of Human Rights- UDHR) भनिन्छ ।

“अन्याय र अत्याचारका विरूद्ध अन्य उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने मानिसहरूले नठानुन् भन्ने हो भने मानवअधिकारहरू कानुनी शासनद्वारा संरक्षित हनुपर्दछ” भन्ने प्रस्तावानाका साथ मानव अधिकारप्रति अवहेलना तथा अनादरको परिणामबाट बर्बर काम भई मानव जातिको अन्तस्करणमा चोट पुर्‍याउने हुनाले मानिसहरू स्वतन्त्र हुनुपर्दछ, भय र अभावबाट मुक्ति पाउनु पर्दछ भन्ने सर्वसाधारणको घोषित आकांक्षा भएको हुनाले संयुक्त राष्ट्रसंघको महासभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको हो ।

प्राचीनकालदेखि मानवअधिकारको पक्षमा भएका आन्दोलनका उपलब्धीहरूको रूपमा मानवअधिकारको एक मात्र पूर्ण दस्तावेज र संयुक्त राष्ट्रसंघकै महत्वपूर्ण उपलब्धीको रूपमा मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई लिइन्छ । यसमा मानवअधिकारलाई ३० वटा धाराहरूमा व्याख्या गरिएको छ । यो घोषणापत्र नै हालसम्म मानवअधिकारको परिभाषा गर्ने निर्णायक र आधिकारिक दस्तावेज हो, जसको उद्देश्य मानव मानव वीच हुने सम्पूर्ण किसिमका (जाति, लिङ्ग, भाषा, धर्म, रंङ्ग, आदि ) भेदभावहरूको अन्त्य गरी स्वतन्त्रता, न्याय र शान्तिको जगमा आधारित भयमुक्त विश्वको निर्माण गर्नु हो ।

यस घोषणापत्रमा उल्लेखित ३० वटा धाराहरूलाई दुई भागमा विभाजित गरेर हेर्ने गरिन्छ । पहिलो भागमाः नागरिक तथा राजनैतिक अधिकार, जसलाई स्वतन्त्रताको हक अधिकार पनि भनिन्छ । यी कुराको विश्लेषण, व्याख्या र परिभाषा घोषणापत्रको धारा १ देखि २१ सम्ममा गरिएको छ । दोश्रो भागमाः आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार जसलाई संरक्षणको हक अधिकार पनि भनिन्छ । यसको विश्लेषण, व्याख्या र परिभाषा धारा २२ देखि २८ सम्म गरिएको छ ।

यसरी संयुक्त राष्ट्रसंघले संसारमा स्थायी शान्ति स्थापना गर्न तथा मानवअधिकारको संरक्षण गर्ने आफ्नो उदेश्य पुरा गर्न सन् १९४८ मा पहिलो पटक मानिसका नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक आधारभूत अधिकारलाई समेटेर मानवअधिकारको विश्वव्यापी घोषणा पारित गर्‍यो । यो घोषणापत्र विश्व समुदायका लागि मानवअधिकारको रक्षाका लागि बनेको पहिलो लिखित र मानवअधिकारको क्षेत्रमा विश्लेषण र व्याख्या गर्ने एक मात्र उत्कृष्ट दस्तावेज मानिन्छ ।

## ३. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायसंग सम्बन्धित शब्दावलीहरू

- महिला समलिङ्गी (Lesbian-लेसबेयन) – कुनै महिला जसको आकर्षण अन्य महिलाहरूप्रति हुन्छ ।
- पुरूष समलिङ्गी (Gay-गे) – समलिङ्गी खास गरी पुरुष ।
- द्विलिङ्गी (Bisexual-बाइसेक्सुअल) – पुरूष र महिला दुबै प्रति आकर्षित हुने व्यक्ति ।
- लिङ्ग परिबर्तित व्यक्ति (Transexual-ट्रान्ससेक्सुअल) – कुनै व्यक्ति जो आफु जन्मेको अवस्थाको भन्दा फरक शारीरिक लिङ्ग परिवर्तन गरी आफ्नो पहिचान दिन्छ ।
- समलिङ्गी (Homosexual-होमो सेक्सुअल) – कुनै व्यक्ति जसको विपरित लिङ्गी व्यक्तिहरू प्रति नभै समलिङ्गी व्यक्तिहरू प्रति यौन आकर्षण हुन्छ ।
- तेश्रो लिङ्गी (Transgender-ट्रान्सजेन्डर) – कसैको यस्तो लैङ्गिक पहिचानको अवस्था (महिला, पुरूष, वा दुबै नभएको स्व पहिचान) जसको कसैले छुट्टयाएको लिङ्ग (शारीरिक वा जैविक लिङ्गका आधारमा महिला, पुरूष भनी अन्य व्यक्तिहरूले पहिचान दिने) संग मेल खादैन । तेश्रो लिङ्गीले

कुनै किसिमको यौन अभिमुखिकरणको खास स्वरूपलाई इंगित गर्दैन; तेश्रो लिङ्गी व्यक्तिहरू आफुलाई विपरित लिङ्गी, समलिङ्गी, द्विलिङ्गी, सर्बलिङ्गी, वा कुनै लिङ्गी प्रति पनि आकर्षण नहुने भनी चिनाउन सक्तछन् ।

- विकिपेडियाले "तेश्रो लिङ्गी" लाई न पुरूष न महिला भएको व्यक्तिको रूपमा लिइन्छ भनी परिभाषित गरेको छ । न पुरुष न महिला भएको अवस्था भन्नाले व्यक्तिको जैविक लिङ्ग, लैङ्गिक भूमिका, लैङ्गिक पहिचान, वा यौन अभिमुखिकरणलाई बुझ्न सकिन्छ । भिन्न संस्कृति र भिन्न व्यक्तिहरूका लागि तेश्रो लिङ्गी वा लैङ्गिक कुराले पुरूष र महिला बीचको मध्यम अवस्था, दुवै (उदाहरणका लागि कुनै महिलाको शरीरमा पुरूषको भावना) भएको अवस्था, कुनै पनि नभएको (तटस्थ) अवस्था, लैङ्गिकता पार वा परिवर्तन हुने, वा अन्तत: पुरूष र महिलाको अर्को स्वतन्त्र बर्गलाई प्रतिनिधित्व गर्न सक्तछ । यो शब्द भारत र पाकिस्तानमा हिजरास, पोलिनेसियामा फाफाफाइन, र बाल्कन क्षेत्रमा स्वर्न भर्जिन, भनी प्रयोग गरिएको छ, साथै अन्य स्थानहरूमा यस्ता व्यक्तिहरूलाई जनाउने उनीहरूलाई आफ्नै शब्दहरू छन् ।
- अन्तरलिङ्गी (Intersex-इन्टरसेक्स) – अन्तरलिङ्गीको जैविक लिङ्ग पुलिङ्गी र स्त्रीलिङ्गी दुबै विशेषताको हुनसक्तछ । अन्तरलिङ्गी शब्द वीसौं शताव्दीको चिकित्सा विज्ञानले अवलम्बन गरेको हो र यो पुरूष वा महिला भनी बर्गीकरण गर्न नसकिने मानवलाई प्रयोग गरिन्छ ।
- यौन अभिमुखीकरण (Sexual Orientation) भन्नाले हरेक व्यक्तिले अर्को समान लिङ्ग भएको, भिन्न लिंङ्ग भएको वा दुवै लिङ्गीहरूसँग गहन संवेगात्मक, भावनात्मक तथा यौन आकर्षण र निकततम तथा यौन सम्बन्ध राख्न सक्ने क्षमतालाई बुझिन्छ ।
- लैङ्गिक पहिचान (Gender Identity) भन्नाले हरेक व्यक्तिले अन्तस्करणमा व्यक्तिगत रूपमा अनुभव गरेको लैङ्गिक पहिचान हो, जसमा व्यक्तिगत शारीरिक संवेदना (जसमा स्वतन्त्रपूर्वक छनोट गरिएको हकमा, शारीरिक स्वरूपको परिवर्तन र स्वास्थ्यगत शल्यक्रिया वा अन्य माध्यमबाट गर्ने कुरा पर्दछ) का साथै व्यक्ति जन्मदै निरूपण गरिएको लैङ्गिक निरूपणसँग मेल खाने वा नखाने अवस्था, र लैङ्गिक पहिचान अभिव्यक्ति गर्ने पोशाक, बोलीचाली वा व्यवहार समेत पर्ने भन्ने बुझिन्छ ।

## ४. लैङ्गिकता तथा यौनिकता (Gender and Sexuality)

लिङ्ग (Sex) भन्नाले जैविक लिङ्ग (Biological Sex) लाई बुझ्नु पर्दछ । अत: यस अन्तर्गत ३ बटा Sex (जैविक लिङ्ग) पर्न आउँदछन् ।

Male : पुरूष

Female : महिला

Intersex : अन्तरलिङ्गी

अर्थात्, Male Sex भन्नाले जैविक लिङ्ग (Biological Sex) लिङ्ग भएको बुझ्नु पर्दछ ।
Female Sex भन्नाले जैविक लिङ्ग (Biological Sex) योनी भएको बुझ्नु पर्दछ ।

संसारमा केही व्यक्तिहरूको जैविक लिङ्ग (Biological Sex) लिङ्ग र योनी दुबै भएको वा लिङ्ग र योनी भनेर छुट्टयाउन नसकिने अवस्थाको हुन्छ । यस्ता व्यक्तिहरूलाई Intersex person (अन्तरलिङ्गी व्यक्ति) भनिन्छ भने त्यस्तो प्रकारको Biological Sex लाई अन्तरलिङ्गी भनिन्छ ।

Biological sex अर्थात् जैविक लिङ्गको आधारमा कुनै बच्चा जन्मेपछि उसको जन्म दर्ता वालक वा वालिका भनेर एकिन गरिन्छ । तर अन्तरलिङ्गी बच्चाको जन्म दर्ता गराउन कठिन हुन्छ । किनकि उसको कि दुबै लिङ्ग/योनी प्रष्ट हुन्छ वा लिङ्ग/योनी छुट्ट्याउन नसकिने स्थितिमा हुन्छ र कानुनले अन्तरलिङ्गी बच्चाको जन्म दर्ता गराउने प्रक्रियाले कानुनी मान्यता पाएको छैन । त्यस्ता बच्चाहरू एक प्रतिशत वा सो भन्दा कम जन्मिने गर्दछन् ।

## लैङ्गिक (Gender)

Gender शब्दलाई सामाजिक लिङ्गी अर्थात् (Social sex) को रूपमा बुझ्नु पर्दछ । परंपरागत रूपमा समाजले जैविक लिङ्ग (Biological Sex) को आधारमा व्यक्तिहरूको सामाजिक भूमिका इंगित गरेको हुन्छ । जैविक लिङ्ग योनी लिएर जन्मेको वालिकालाई सानै उमेर देखि फ्रक, घाँघर लगाउन दिइन्छ भने लुगाको रंगमा पनि रातो, गुलावी छनौट गरिन्छ । खेल्नका लागि पुतली आदि दिइन्छ । त्यसै गरी हुर्कने क्रममा सो वालिका ठूलो हुँदै जाँदा सो व्यक्तिले साडी, कुर्ता, फ्रक आदि लगाउन पर्ने, मेकअप गर्नु पर्ने, कपाल लामो, घरभित्रको काम ज्यादा गर्नु पर्ने, लज्जालु, कोमल हुनु पर्ने आदि जस्ता भूमिका हुन्छ भने जैविक लिङ्ग (Penis) लिएर आएको वालकलाई सानै उमेर देखि कट्ठ, कमिज, सर्ट लगाउन दिइन्छ, र लुगामा पनि नीलो, खैरो रंग छनौट गरिन्छ । खेल्नको लागि गाडि, मोटरसाइकल आदि दिइन्छ । त्यसै गरी हुर्कने क्रममा सो व्यक्तिले पाइन्ट, कमिज, शुट लगाउन पर्ने । छोटो कपाल, दाह्री जुंगा हुने, घर वाहिरको काम गर्नु पर्ने, कडा परिश्रम गर्नु पर्ने जस्ता भूमिका गर्नु पर्ने हुन्छ ।

महिलाले नछुने बार्नु पर्ने, गुफा बस्नु पर्ने, ब्रत लिनु पर्ने, श्रीमान्को आज्ञा पालन गर्नु पर्ने जस्ता धार्मिक साँस्कृतिक रीतिरिवाजको पालना गर्नु पर्ने हुन्छ भने हलो जोत्नु पर्ने, क्रिया बस्नु पर्ने, व्रतवन्ध गर्नु पर्ने जस्ता धार्मिक, साँस्कृतिक हक समाजले पुरूषलाई मात्र दिएको हुन्छ । अतः समाजले जैविक लिङ्गको आधारमा व्यक्तिहरूलाई तोकिदिएको सामाजिक, साँस्कृतिक, धार्मिक भूमिकालाई सामाजिक लिङ्ग (Gender) भनिन्छ । यस अर्थमा परंपरागत रूपमा दुइवटा सामाजिक लिङ्ग (पुरूष महिला) हुने भए जसले सामाजिक रूपमा स्वीकृति पाएका छन् ।

तर संसारमा यस्ता व्यक्तिहरू पनि जन्मिन्छन् जसको जैविक लिङ्गको आधारमा समाजले परंपरागत रूपमा तोकिदिएको सामाजिक भूमिका मिल्दैन । अर्थात् जैविक लिङ्ग (Penis) भएको व्यक्तिको सामाजिक लिङ्ग पुरूषको भन्दा भिन्न हुन्छ । त्यसै गरी योनी (Vegina) भएको व्यक्तिको सामाजिक लिङ्ग महिलाको भन्दा भिन्न हुन्छ । यसरी जैविक लिङ्गको आधारमा समाजले तोकिदिएको परंपरागत सामाजिक भूमिका भन्दा पृथक भूमिका भएका व्यक्तिहरू तेश्रो लिङ्गी व्यक्तिहरू हुन् ।

परंपरागतरूपको सामाजिक भूमिका मानी तेश्रो लिङ्गी व्यक्तिको भूमिका चुनौति भएको कारण उनीहरू लान्छना, भेदभावको शिकार वारंवार भइरहन्छन् । यस्ता तेश्रो लिङ्गी व्यक्ति पनि दुई प्रकारका हुन्छन् ।

1. Male to Female (पुरूषबाट महिला)
2. Female to Male (महिलाबाट पुरूष)

- (पुरूषबाट महिला) Male to Female: जैविक लिङ्ग पुरूष तर सामाजिक लिङ्ग पुरूष जस्तो नभएको ।
- (महिलाबाट पुरूष) Female to Male: जैविक लिङ्ग महिला तर सामाजिक लिङ्ग महिलाको जस्तो नभएको ।

Male to Female लाई नेपालमा मेटी भनिन्छ भने तराई तिर मोगिया, मोनी भनिन्छ । पश्चिम तिर मेहेरा, हिमाली भागमा फुलुमुलु र पहाड तिर सिंगारू भनिन्छ ।

## हिंजडा

भारतमा मुगल राज्य हुँदा राजकुमारीलाई नृत्य र संगीत सिकाउनका लागि सृजना गरिएको पदको नाम हिजडा थियो । हिजडा पदमा काम गर्नेहरूको रानी र राजकुमारी संग यौन सम्पर्क नहोस भनेर राजाहरूले उनीहरूको लिङ्ग काटी दिन्थे । ब्रिटिशहरूले भारतमा साम्राज्यबाद स्थापना गरे पछि राजा महाराजाहरू विस्तारै हट्न थाले । त्यसपछि ती हिजडा पदमा काम गर्नेहरू पछि आफ्नो जीवनको आर्जनका लागि सडकमा आउन थाले । उनीहरूले नाच्ने, गाउने, बजाइदिने जस्ता कामलाई निरन्तर ता दिन थाले । पछि उनीहरूलाई नै हिजडा भनिन थालियो । अहिले आएर हिजडा एउटा संस्कृति हो, जुन संस्कृतिमा गुरू र चेलाहरू हुन्छन् । गुरु हिजडाले चेला बनाए पछि ती चेलाहरूलाई गुरूको आज्ञा पालन गर्नु पर्ने र हिजडा संस्कृतिको ख्याल गर्नु पर्ने हुन्छ । हिजडा दुई प्रकारका हुन्छन्–

Aqua — हिजडा भए पनि लिङ्ग नकाटेको

Nirbana — लिङ्ग काटेको हिजडा

यहाँ स्मरणीय कुरा के छ भने त्यो समयको मुगल राज घरनाको सम्मानित पद हिजडा आज आएर गाली गलौजको शब्दको रूपमा परिणत भएको छ ।

## यौनिकता (Sexuality) र यौन अभिमुखिकरण (Sexual Orientation)

कुनै एउटा व्यक्तिको अर्को व्यक्ति प्रति हुने शारीरिक, मानसिक र भावनात्मक आकर्षणलाई यौनिकता (Sexuality) भनिन्छ । यौनिकताका तीन प्रकारहरू हुन्छन्-

१. समलिङ्गी (Homosexual) : कुनै एउटा व्यक्तिको अर्को समान जैविक लिङ्ग तथा समान सामाजिक लिङ्ग भएको व्यक्ति संग शारीरिक, मानसिक र भावनात्मक आकर्षणलाई समलैङ्गिकता (Homosexual) भनिन्छ ।

२. विपरित लिङ्गी (Heterosexual) : कुनै एउटा व्यक्तिको अर्को विपरित जैविक लिङ्ग तथा विपरित सामाजिक लिङ्ग भएको व्यक्तिसंगको शारीरिक, मानसिक र भावनात्मक आकर्षणलाई विपरित लिङ्गी भनिन्छ ।

३. Bisexual (द्विलिङ्गी) : कुनै एउटा व्यक्तिको अर्को समान र विपरित दुवै किसिमका जैविक लिङ्ग र सामाजिक लिङ्ग भएको व्यक्ति संगको शारीरिक, मानसिक र भावनात्मक आकर्षणलाई द्विलिङ्गी (Bisexual) भनिन्छ ।

- यौन अभिमुखिकरण (Sexual orientation): यौन अभिमुखिकरण भन्नाले पुरूष, महिला, दुवै प्रति वा कुनै प्रति पनि नहुने भावनात्मक, संवेगात्मक, र/वा यौन आकर्षणको स्थायी संरचना हो । यौन अभिमुखिकरण हरेक व्यक्तिले अर्को समान लिङ्ग भएको, भिन्न लिंङ्ग भएको वा दुवै लिङ्गीहरूसँग गहन संवेगात्मक, भावनात्मक तथा यौन आकर्षण र निकटतम तथा यौन सम्बन्ध राख्न सक्ने क्षमता हो ।

## ५. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकार

विश्वमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू भनी छुट्टै कुनै विशिष्ट अधिकारहरूको दस्तावेज रहेको भने पाइदैन । मानवअधिकारको आधारभूत सिद्धान्त, मूल्य मान्यताहरूको विकासक्रम र मानिसका आधारभूत मानवअधिकारको संरक्षण र संबर्द्धन गर्दै जाने अभियानमा समाजमा उपेक्षित, अपहेलित, बहिष्कृत रूपमा रहेका अल्पसंख्यक यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका अधिकारहरू पनि संरक्षण र संबर्द्धन गरिनुपर्दछ; उनीहरू पनि मानव हुन र मानिसका सर्वाङ्गिण विकासका लागि स्थापित र विकसित मानवअधिकार यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूका हकमा पनि लागू हुन्छ र हुनुपर्छ भन्ने मान्यताको विकास भयो र सोही अनुरूप मानवअधिकारका घोषणापत्र, महासन्धी, अभिसन्धी तथा अन्य विकसित दस्तावेजहरू यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको हक अधिकारलाई मान्यता दिदै उनीहरूलाई पनि समेटेर मानवअधिकारको व्याख्या गर्न थालियो । यसै सिलसिलमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारका विषयहरू उठेका हुन । अत यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू पनि मानवअधिकार कै अवधारणा र प्रयोगमा खोजिनु पर्दछ ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रले मानव परिवारका सबै सदस्यहरूमा अन्तरनिहीत मर्यादा तथा सम्मानलाई अहरणीय अधिकारको रूपमा मान्यता दिनु नै स्वतन्त्रता र न्याय, शान्तिको आधार भएको कुरा उल्लेख गरेको छ । मानवअधिकारहरू विश्वव्यापी, नैसर्गिक, अहरणीय, अन्तरसम्बन्धित तथा स्वतन्त्र हुन्छन् । यसै पृष्ठभमिमा हेर्ने हो भने हरेक व्यक्तिको आफ्नै यौन अभिमुखिकरण र लैङ्गिक पहिचान हुन्छ । यी पहिचान र अभिमुखिकरणलाई हरेकले सामाजिक कुराको जानकारी हुँदा हुँदै प्रस्तुत गरिरहेका हुन्छन् । जब कुनै व्यक्तिका यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचान उ बसेको समाज तथा उसको संस्कृतिको परम्परागतरूपले स्थापित मूल्य मान्यता र स्तरसंग बेमेल हुन्छ तब उक्त व्यक्तिलाई बारम्बार भेदभाव र शोषणको बैधानिक निशाना बनाउने गरेको पाइन्छ । यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचानका कारणबाट संसारमा लाखौं व्यक्तिहरू कार्वाही, जेल सजाय, यातना, हिंसा र भेदभावको सामना गर्नु परिरहेको छ । यस्ता शोषण तथा भेदभावको वेवास्ता र इन्कार गर्ने जो कोहीका क्रियाकलापलाई मानवअधिकारको आधारभूत सिद्धान्तको बर्खिलाफ भएको भनी बुझ्नुपर्दछ । किनकि, मानवअधिकारको विश्वव्यापी घोषणाले उल्लेख गरे बमोजिम सबै मानिसहरूलाई यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा लैङ्गिक प्रस्तुती साथ साथै लिङ्ग, जात जाति, राष्ट्रियता भाषा लगायतका कुनै पनि आधारमा भेदभाव नगरी मानवअधिकारको प्राप्ति तथा हकदार बनाइनु पर्दछ । अतः यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू कुनै छुट्टै विशिष्ट खाले अधिकार नभई मानवअधिकार कै संगालो भित्र दावी गरिने अधिकारहरू हुन् ।

### यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकार दावी गर्ने आधार

मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएको छः "सबै मानव जातिहरू मर्यादा र अधिकारका सम्बन्धमा स्वतन्त्र र समान हैसियतमा जन्मेका हुन्छन् र समान आत्मसम्मानका साथ बाँचेका हुन्छन्" । मानवअधिकारको विश्वव्यापी घोषणापत्र स्वयं र त्यसपछि आएका पछिल्ला संयन्त्रहरूले स्पष्टसंग लैङ्गिक पहिचान र यौन अभिमुखिकरण वा छुट्टै यौन प्रस्तुतीकरण भएका व्यक्तिहरूको मानवअधिकारका सम्बन्धमा कुनै स्पष्ट र ठोस व्यवस्था उल्लेख गरेको नभएतापनि संसारमा मानवअधिकारको बढ्दो अवधारणा र विकासले यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानिसहरूका मानवअधिकारको संरक्षणको

व्याख्यालाई समेट्न सकेको छ । यिनीहरूमा मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १७ अन्तर्गतको अत्यन्त शक्तिशाली अधिकारको रूपमा रहेको गोपनियताको हक, त्यसै गरी ऐ. ऐ. को क्रमशः धारा ७ र २६ को समानताको हक, र ऐ. ऐ. को धारा ७ र २ को भेदभावको अन्त्य सम्बन्धी हक महत्वपूर्ण छन् ।

यस सम्बन्धमा लैङ्गिक पहिचान, यौनिक अभिमुखिकरण तथा यौन प्रस्तुतीकरणका कारण भएका भेदभावका परिस्थिति र परिणामका सम्बन्धमा कानुनीरूपले बन्धनकारी मानिने अन्य अधिकारहरू पनि उल्लेखनीय छन् । तिनीहरूमा :

- निरंकुश तथा जबरजस्ती गिरफ्तारीबाट उन्मुक्ति, शरण माग्ने अधिकार, जीवनको अधिकार, व्यक्तिको स्वतन्त्रता र सुरक्षा (मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध);
- शिक्षाको अधिकार (आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र महिला विरूद्ध हुने सबै किसिमका भेदभावको अन्त्य गर्ने महासन्धी),
- सूचनाको अधिकार (मानवअधिकारको विश्वव्यापी घोषणापत्र र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध),
- स्वास्थ्यको अधिकार (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र महिला विरूद्ध हुने सबै किसिमका भेदभावको अन्त्य गर्ने महासन्धी),
- यातना तथा अपमानजनक व्यवहार विरूद्धको अधिकार (मानवअधिकारको विश्वव्यापी घोषणापत्र र यातनाविरूद्धको महासन्धी),
- स्टेरियो टाइप (परम्परा देखि चलिआएका यस्तै हुनुपर्छ भन्ने प्रथा परंपरागत रूढीबादी अवधारणाहरू) भेदभाव उन्मुलन (महिला विरूद्ध हुने सबै किसिमका भेदभावको अन्त्य गर्ने महासन्धी), र
- शान्तिपूर्ण भेला र सहभागी हुन पाउने अधिकार (मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध) मुख्य छन् ।

त्यसैगरी यौनिक अधिकारको बारेमा विकास हुँदै गरेको अवधारणा र मान्यतालाई स्पष्ट बनाउन यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचानका सन्दर्भमा देहाय बमोजिम नजिर स्थापित भएको छ–

- सन् १९९४ मा संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिद्वारा टुनेन वि. अष्ट्रेलिया (Toonen v. Australia) को मुद्दामा सहमतिमा गर्न सकिने यौन व्यवहारलाई रोक लगाउने कानुन नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धले ग्यारेन्टी गरेका गोपनीयताको हक (धारा १७) र भेदभाव विरूद्धको हक (धारा २) को विरूद्ध मौलिक मानवअधिकारको उल्लंघन हो भन्ने निर्णय गऱ्यो । यसमा यो पनि भनिएको छ कि नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्धमा यौनको संरक्षित वर्ग भित्र यौनिक अभिमुखिकरण पनि संलग्न गरिनुपर्दछ । यस मुद्धामा धारा २६ को यौन (Sex) शव्दले यौन अभिमुखिकरण (Sexual Orientation) लाई समेत बुझाउँछ भनी व्याख्या गरेको छ ।

  उपरोक्त टुनेनको मुद्दामा भएको फैसला पश्चात् मानवअधिकार समिति तथा सन्धीसंग सम्बन्धित अन्य निकाय र संयुक्त राष्ट्रसंघ समेतले यौन अभिमुखिकरणको आधारमा सदस्य राष्ट्रहरूले कुनै भेदभाव गरेको छ कि भनेर नियमित रूपमा निगरानी गरिरहेका छन् ।

- संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षकहरू, कार्यदल र स्वतन्त्र विशेषज्ञहरूले यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको आधारमा हुने भेदभावको र हिंसाको विवरणहरू प्रतिवेदनमा उल्लेखनीय ढंगले प्रस्तुत गरेका छन् । उदाहरणका लागि, सन् २००३ को गैरकानुनी थुना विरूद्ध कार्यदलले उनीहरूको जानकारीमा यस्तो तथ्य आयो भनी आफ्नो प्रतिवेदन बुझाएको थियो –

  - केही मुलुकहरूमा लागू पदार्थ दुर्व्यसनीहरू, वेश्यावृत्तिमा संलग्न भएकाहरू, समलिङ्गीहरू र एडस्बाट ग्रसित र पीडित व्यक्तिहरूलाई यिनीहरूले समाजमा विकृति ल्याउछन् भन्ने नाउँमा फरक व्यवहार गरिएको पाइयो र साथै मानिसहरूलाई यौन अभिमुखिकरण र लैङ्गिक पहिचान कै आधारमा जेलको सजाय समेत दिइयो । समलिङ्गीका कारणले मुद्दा लगाइएका र थुनिएका ५५ जना व्यक्तिहरूसंगको कुराकानीमा आधारित भएर उक्त कार्यदलले यस्तो आधारमा थुनामा राखिनु र मुद्दा चलाइनु गैरकानुनी र जवरजस्ती थुना भएको कुरामा अभिमत जाहेर गर्दै यो कार्य कानुनका अघि समान हुनेछन् भन्ने नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २ को हरफ १ र यौनिक विभेदका आधारमा लगायतका सबै किसिमका भेदभावबाट कानुनको समान संरक्षणको अधिकार हुनेछ भन्ने धारा २६ को घोर उल्लंघन भएको कुरामा जोड दियो ।

  - हरेकको उच्चतम स्तरमा स्वच्छ र स्वास्थ्यको पहुँच सम्बन्धी अधिकारका विशेष समाधिक्षेक पौउल हन्टले मानवअधिकार आयोगको ६० औं अधिवेशनमा प्रस्तुत प्रतिवेदन अनुसार -

    यौनिकता वा यौनिक पहिचान हरेक मानव जातिको पहिचान तथा विशेषता हो । यो व्यक्तिको परिचय तथा चिनारीको मुलभूत पक्ष पनि हो । यसले कुन मानिस के हो भन्ने कुराको परिभाषित गर्दछ । प्रतिवेदकले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले सन् १९४५ पछि व्यक्तिका गोपनियता, समानता, सम्मान, स्वायत्तता, व्यक्तिको आत्म सम्मान र आत्म निर्णय जस्ता कुराहरू पालना तथा लागू र संरक्षण गरिनुपर्ने कानुनको रूपमा चित्रण गर्नुहुन्छ । यी अवस्थाहरूमा विशेष प्रतिवेदक निशन्देहरूपमा बर्तमान मौलिक मानवअधिकारको सिद्धान्तप्रतिको बुझाइ साथ साथै स्थापित मानवअधिकार मूल्य र मान्यताले यौनिक अधिकारलाई निसन्देहरूपमा मानवअधिकारको रूपमा मान्यता दिइनुपर्ने कुरामा जोड दिनुहुन्छ । यौनिक अधिकारले मानव जातिका त्यस्ता सबै अधिकारको बारेमा ग्यारेन्टी गर्दछ जुन मानिसहरूले यस्ता अधिकारहरू आफ्नो यौनिक पहिचानका आधारमा आफ्नो भलाई तथा उन्नति तथा अरूको अधिकारको कुनै डर तथा त्रास विना नै र कुनै स्वतन्त्रताको इन्कारी वा सामाजिक बहिष्कार विना नै प्राप्त गर्दछन् ।

- संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिले आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको उच्च स्तरमा शारीरिक तथा मानसिक स्वास्थ्यको पहुँच तथा उपभोगको अधिकारको बारेमा आफ्नो एक प्रस्ताव पारित गर्दै भन्यो कि यौनिक पहिचानमा भेदभाव गर्नु भनेको भेदभावको रोकथाम उल्लंघनको आधार हो र यसले स्वास्थ्यको स्थितिमा पनि असर पार्दछ ।

सन्धीहरूको अनुगमन गर्ने निकाय खासगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्ध, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, माहिला सम्बन्धी सबै किसिमको भेदभावको उन्मुलन गर्ने महासन्धी र वालवालिका सम्बन्धी अभिसन्धी अन्तर्गतका निकायहरूले वारम्वार उल्लेखित सन्धीहरूको बारेमा प्रतिवेदन बुझाउने सदस्य राष्ट्रहरूलाई यौन अभिमुखिकरणका अधिकारहरू

मानवअधिकारको विषय भएको र यसका लागि सबै सदस्य राष्ट्रहरू जवाफदेही हुने कुरामा संकेत गर्दै विभिन्न प्रश्न सोध्ने गर्दछन् । यसरी यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारको अवधारणा मानवअधिकारको विकासक्रमको पछिल्लो व्याख्या र मान्यता हो ।

## यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मानवअधिकारको लागि भएका अभियान

विश्वव्यापी अधिकार लगायत मानवअधिकार सम्बन्धी काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूले यस्ता भेदभावको प्रचलन विरूद्ध उभिन थालेका छन् । उदाहरणका लागि विश्वव्यापी अधिकारले अमेरिकी राज्य संगठनको कार्यदललाई आफ्नो अनुवन्धमा यो कुरा राख्न भन्दै आएको छ कि जातियता र अन्य भेदभावका रूप र असहिष्णुता भेदभाव विरूद्धका कुरालाई यसमा स्थापित गर्न सकियोस् । पुरूष तथा महिला समलिङ्गी सम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकार आयोग (IGLHRC) र अन्तर्राष्ट्रिय महिला तथा पुरूष समलिङ्गी संघ (ILGA) ले पनि यी भेदभाव र हिंसाका कुरालाई आफ्नो कार्यक्षेत्रभित्र पारेर आवश्यक तयारीका साथ स्थानिय तहका सबै गैर सरकारी संस्थाहरू यस्ता भेदभाव र हिंसाको खिलाफमा उत्रेर मानवअधिकारको सुरक्षाका लागि सशक्तिकरणको अभियानमा लागेका छन् । एम्नेष्टी इन्टरनेशनल (AI), ह्युमन राइट्स वाच, र इन्टरनेशनल कमिशन अफ जुरिष्ट (ICJ) हरूले पनि अलग्गै कार्यालय स्थापना गरेका छन् जसले लैङ्गिक पहिचान तथा यौनिक अभिमुखिकरणका आधारमा हुने वा वास्तविक लैङ्गिक पहिचानका आधारमा हुने भेदभाव तथा हिंसा जस्ता विषयहरूको अध्ययन गर्नेछ । इन्टरनेशनल सर्भिस अफ ह्युमन राइट्सले जेनेभास्थित ह्युमन राइट्स एडभोकेसीको माध्यमबाट मानवअधिकारको संरक्षणका लागि काम गरिरहेका संघसंस्थाहरूका लागि सूचना र सल्लाह दिई भेदभाव र हिंसाका विरूद्धमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन । स्थानिय संघसंगठन, राष्ट्रिय संघसंगठन, क्षेत्रिय तथा अन्तर्राष्ट्रिय संघसंगठनहरूको एक ठूलो खेमाले विशेष गरेर यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरूका सम्बन्धमा र यौन तथा प्रजनन स्वास्थ्य, एचआइभि एड्स समेत उल्लेखित अधिकारहरूलाई मानवअधिकारको बैधानिक अधिकारको रूपमा परिभाषित गर्न र सुरक्षा गर्नका लागि वकालत गर्न लगातार लागि परेका छन् ।

## ६. LGBTI अधिकार र जकार्ता (Yogyakarta योग्यकार्ता) सिद्धान्तहरु

विश्व मानवअधिकार आन्दोलन र विकासमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र मानव अधिकारको राष्ट्रिय संयन्त्र (National Human Rights Commission-NHRC) मा पेरिस प्रिन्सिपलको जुन स्थान रहेका छ, यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारको सवालमा योग्यकार्ता सिद्धान्त (Yogyakara Principles) लाई यो समुदायले त्यही रूपमा लिएको पाइन्छ । योग्यकार्ता सिद्धान्त यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका सम्बन्धमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको प्रयोगसम्बन्धी सिद्धान्तहरूको फेहरिस्त हो । योग्यकार्ता सिद्धान्तले यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको मुद्दालाई लिएर वृहत्तर अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्ड र तिनको प्रयोगका विषयलाई सम्बोधन गर्दछ । यी सिद्धान्तले बाध्यकारी अन्तर्राष्ट्रिय कानुनी मापदण्डहरू प्रति दृढता जनाउँदछ जसलाई सबै राज्यहरूले पालन गर्नु पर्दछ । तिनले एक फरक भविश्यप्रति बचनबद्धता जनाउँदछन् जहाँ स्वतन्त्ररूपमा जन्मेका र समान प्रतिष्ठा र अधिकारका सबै मानिसहरूले यी जन्मसिद्ध अधिकारहरू पुरा उपभोग गर्न सक्तछन् ।

## योग्यकार्ता सिद्धान्तका आधारभूत प्रावधानहरु

**प्रस्तावना**ः यो सिद्धान्तको प्रस्तावनाले यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका आधारमा हुने मानवअधिकार हननहरूलाई स्वीकार्दछ, यसले सान्दर्भिक कानुनी संरचना स्थापित गर्दछ, र प्रमुख शव्दावलीहरूको परिभाषा गर्दछ ।

**कानुनका सामु मान्यता, गैर–भेदभाव र मानवअधिकारको विश्वव्यापी अधिकारको उपभोग**ः सिद्धान्त १ देखि ३ सम्म मानवअधिकारको विश्वव्यापकता एवं विना भेदभाव सबै व्यक्तिहरूमा तिनको प्रयोगका साथै कानुनका सामु सबै व्यक्तिहरूले मान्यता पाउने अधिकारका सिद्धान्तहरू उल्लेखित छन् । उदाहरणका लागि समलैङ्गिकतालाई अपराधीकरण गर्ने कानुनहरूले गैर-भेदभावसम्बन्धी अन्तर्राष्ट्रिय अधिकारको उल्लंघन गर्दछ (संयुक्त राष्ट्रसंघ मानवअधिकार कानुन समितिको निर्णय) ।

**मानव तथा व्यक्तिगत सुरक्षाको अधिकार**ः ४ देखि ११ सम्मका सिद्धान्तहरूले जीवनको आधारभूत अधिकार, हिंसा र यातनाबाट स्वतन्त्रता, गोपनियता, न्यायमा पहुँच तथा स्वेच्छाचारी थुनाबाट स्वतन्त्रतालाई सम्बोधन गर्दछ । उदाहरणका लागि वयष्क व्यक्तिहरू बीच सहमतिमा भएको यौन सम्बन्धलाई लिएर मृत्युदण्ड दिन सकिदैन भनी जोड दिएको संयुक्त राष्ट्रसंघीय प्रस्तावका वावजुद् पनि समलिङ्गी व्यक्तिहरू बीचको सहमतिमा भएका यौन क्रियाकलापलाई लिएर मृत्युदण्ड दिने कार्य जारी छ । ११ जना व्यक्तिहरूलाई गे बार (Gay bar) बाट गिरफ्तार गरियो र १ बर्षसम्म हिरासतमा राखियो । स्वेच्छाचारी थुनाका सम्बन्धमा काम गर्ने राष्ट्रसंघीय समुह (UN Working Group on Arbitrary Detention) ले उक्त स्वेच्छिक हिरासतमा राखेको कारणबाट एक व्यक्तिको मृत्यु भएको कुरामा चासो राख्दै ती व्यक्तिहरूलाई अन्तराष्ट्रिय कानुनको उल्लंघन हुने गरी थुनामा राखेको निष्कर्ष निकालेको थियो ।

**आर्थिक, सामाजिक तथा साास्कृतिक अधिकारहरु**ः सिद्धान्त १२ देखि १८ सम्म रोजगारी, वासस्थान, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य लगायतका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोगमा भेदभाव गर्न नहुने कुराको महत्वबारे उल्लेख गरिएको छ । उदाहरणका लागि–

- महिला समलिङ्गी र तेश्रो लिङ्गी महिलाहरू भेदभाव, बेघरवार र हिंसाको बढ्दो खतरामा रहेका छन् (पर्याप्त आवासको सम्बन्धमा राष्ट्रसंघीय विशेष समाधिक्षकको प्रतिवेदन) ।
- समलिङ्गी प्रेम प्रदर्शन गर्ने केटीहरूले भेदभाव, शैक्षिक संस्थाबाट निष्काशन जस्ता कुराहरूको सामना गरेका छन् (शिक्षाको अधिकार सम्बन्धी राष्ट्रसंघीय विशेष समाधिक्षकको प्रतिवेदन) ।
- राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तले लिङ्ग परिवर्तित (Transexuals) हरूको लैङ्गिकता पुनः छुट्टयाउने शल्यक्रियालाई निषेध गर्ने वा अन्तरलिङ्गीहरूलाई उनीहरूको इच्छा विपरित त्यस्तो शल्यक्रिया गराउने कानुनका सम्बन्धमा चासो व्यक्त गरेको छ ।

**अभिव्यक्ति, विचार र संगठनको अधिकार**ः १९ देखि २१ सम्मका सिद्धान्तले सार्वजनिक सभा तथा कार्यक्रमहरूमा शान्तिपूर्वक सहभागी हुन पाउने एवं अन्यथा अन्य व्यक्तिहरूसंग समुदायमा संगठित हुन पाउने अधिकार लगायत यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानका आधारमा राज्यको हस्तक्षेप विना कसैले आफ्नो पहिचान र उसको यौनिकता अभिव्यक्त गर्न पाउने स्वतन्त्रताको महत्वलाई जोड दिन्छ । उदाहरणका लागि,

- अधिकारीहरूले यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको आधारमा समानता प्रबर्द्धन गर्ने शान्तिपूर्ण भेलालाई प्रतिबन्ध लगाए र प्रहरी तथा अतिवादी राष्ट्रवादीहरूले "समलिङ्गीहरूलाई ले", हिटलरले यहुदीलाई जे गऱ्यो, हामी तिनलाई त्यसै गर्छौं" जस्ता नारा लगाउँदै भेलामा सहभागीहरूलाई हैरानी र डर त्रास देखाए (जातिवाद, जातिय भेदभाव, घृणा र यस्तै अन्य असहिष्णुताका स्वरूप सम्बन्धमा राष्ट्रसंघीय विशेष समाधिक्षेकको एक प्रतिवेदन ।)

**आवत जावत र शरणको स्वतन्त्रता**: सिद्धान्त २२ र २३ ले यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानका आधारमा अभियोजनबाट शरण खोज्ने व्यक्तिका अधिकारलाई उजागर गर्दछ । उदाहरणका लागि यौन अभिमुखिकरणको आधारमा भएको उत्पीडनको यथेस्ट डर सामना गरिरहेका शरणार्थीको संरक्षण व्यक्तिहरू अनुरूप नै गरिनु पर्दछ (संयुक्त राष्ट्रसंघीय शरणार्थी सम्बन्धी उच्च आयुक्तको निर्देशिका ।)

**साँस्कृतिक र पारिवारिक जीवनमा सहभागिताको अधिकार**: २४ देखि २६ सम्मका सिद्धान्तले यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानको आधारमा विना भेदभाव तिनका समुदायको पारिवारिक जीवन, सार्वजनिक कामकाज र साँस्कृतिक जीवनमा सहभागी हुन पाउने व्यक्तिका अधिकारलाई सम्बोधन गर्दछ । उदाहरणका लागि राज्यहरू संग बाँचेकाले प्राप्त गर्ने निवृत्तिभरण जस्ता सहयात्रीसाथीका लागि विनियोजन गरिने लाभमा फरक लिङ्गी र समलिङ्गी सम्बन्धहरूको बीच भेदभाव नगर्ने दायित्व रहेको हुन्छ (संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको निर्णय ।)

**मानवअधिकार रक्षकका अधिकार**: सिद्धान्त २७ ले यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका आधारमा विना भेदभाव मानवअधिकारको संबर्द्धन र प्रतिरक्षा गर्ने अधिकारलाई र यो क्षेत्रमा काम गर्ने मानवअधिकार रक्षकहरूको संरक्षण सुनिश्चित गर्ने राज्यको दायित्वलाई मान्यता प्रदान गर्दछ । उदाहरणका लागि यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका मुद्दाहरूमा काम गर्ने विश्वभरका देश एवं क्षेत्रहरूका मानवअधिकार रक्षकहरू "धम्काइएका छन्, उनीहरूका कार्यालयहरूमा हमला गराइएको छ, उनीहरूलाई आक्रमण गरिएको, यातना दिइएको, यौन दुर्व्यवहार गरिएको, निरन्तर मार्ने धम्कि र मारिएका पनि छन् । यस्ता घटनाहरू सम्बन्धित अधिकारीहरूद्वारा नै भएको हुँदा लगभग पूर्णरूपले यस सम्बन्धमा गम्भीरताको अभाव हुनु एक मुख्य चासो रहेको छ" (मानवअधिकार रक्षक सम्बन्धी राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधिको प्रतिवेदन ।)

**क्षतिपूर्ति तथा जवाफदेहिताको अधिकार**: सिद्धान्त २८ र २९ ले अधिकारको उल्लंघनकर्तालाई जवाफदेही वनाउने, र जसको अधिकार उल्लंघन भएको छ तिनलाई उचित क्षतिपूर्ति सुनिश्चितताको महत्वप्रति दृढता प्रकट गर्दछ ।

उदाहरणका लागि, राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तले "LGBT व्यक्ति विरूद्ध हिंसाको अपराधमा दण्डहीनता" र "पर्याप्त संरक्षण प्रदान गर्नु राज्यको दायित्व" बारे चासो व्यक्त गरेको छ । उच्च आयुक्तले उल्लेख गरेको छ कि "LGBT व्यक्तिहरूलाई यी संरक्षणहरूबाट बाहेक गर्नु प्रष्टरूपमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका साथ साथै हामी सबैलाई परिभाषित गर्ने मानवताको साभा मापदण्डको उल्लंघन हो" ।

**अतिरिक्त सिफारिसहरु**: यो सिद्धान्तले राष्ट्रिय मानवअधिकार संस्था, पेशागत निकाय, दाता, गैसस, राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्त, राष्ट्रसंघीय निकायहरू, सन्धी निकाय, विशेष कार्यविधी एवं

अन्यलाई १६ वटा अतिरिक्त सिफारिस पनि उल्लेख गरेको छ । उदाहरणका लागि यो सिद्धान्त मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि तथा यी मापदण्डहरूलाई तिनका कार्यमा एकिकृत गर्नका लागि असंख्य कर्ता (Actor) हरूको उत्तरदायितत्वलाई मान्यता दिदै अन्त हुन्छ । सन् २००६ डिसेम्बर १ मा राष्ट्रसंघका ५ मध्ये ४ क्षेत्रका ५४ राज्यहरूद्वारा राष्ट्रसंघीय मानवअधिकार परिषद्मा बुझाइएको एक संयुक्त विज्ञप्ती (Joint statement) मा मानवअधिकार परिषद्लाई "यौन अभिमुखिकरण र लैङ्गिक पहिचानमा आधारित मानवअधिकार उल्लंघनहरूप्रति उचित ध्यान दिन आग्रह गर्ने", "यो क्षेत्रमा नागरिक समाजले गरेको कामको सह्राना गर्ने, सबै विशेष कार्यविधी र सन्धी निकायहरूलाई तिनका सान्दर्भिक कार्यादेश अन्तर्गत रही यौन अभिमुखिकरण र लैङ्गिक पहिचानमा आधारित मानवअधिकार उल्लंघनका विमर्श (Consideration) हरू एकिकृत गर्ने कार्यको निरन्तरताका लागि आव्हान गर्ने" जस्ता कुराहरू पर्दछन् । यस विज्ञप्तीले मान्यता दिएको र योग्यकार्ता सिद्धान्तले दृढता जनाए अनुसार प्रभावकारी मानवअधिकारको संरक्षण साच्चै सबैको उत्तरदायित्व हो ।

## ७. विश्वमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारको स्थिति

LGBTI का मानवअधिकारका विषयमा संयुक्त राष्ट्र संघ विभाजित देखिन्छ । संघको राजनीतिक अंगमा धेरै देशहरूले यसलाई मान्यता दिने कुरामा विरोध गरे तर ती आधारहरू भने विस्तारै हट्दैछ । संयुक्त राष्ट्र संघीय प्रणालीका २ अंगहरू, सन्धीजनित अंगहरू र विशेष कार्यविधीमा केही प्रगति भइरहेको देखिन्छ । नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध अन्तर्गत स्थापित संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोग (UN Human Rights Committee) मा सन् १९९४ मा टुनेन विरूद्ध अष्ट्रेलियाको मुद्दामा भएको फैसलाबाट सन्धीजनित अंग मार्फत यो विषयले प्रवेश पायो । यो मुद्दाले प्राचीन वेलायती प्रचलनको समलिङ्गी विरोधी फौजदारी कानुनलाई चुनौति दियो । सन् १९८१ मा मानवअधिकारसम्बन्धी युरोपेली अदालतले उत्तरी आयरल्याण्डमा प्रसिद्ध डड्जेन (Dudgeon) को मुद्दामा यस्तै किसिमको कानुनलाई धक्का दिने गरी फैसला गरेको थियो । यो समय सम्ममा पश्चिमाहरूमा समलिङ्गी यौन कार्यलाई गैरअपराधीक बनाउने थालनी पहिले नै भै सकेको थियो । यो पुरानो कानुन बेलायत र वेल्समा भने १४ बर्ष पहिले नै खारेज गरिसकेको थियो ।

सन् १९९४ देखि मानवअधिकार समिति (हाल परिषद्) ले नियमित रूपमा राष्ट्रहरूलाई यौन अभिमुखिकरण भेदभाव सम्बन्धी तिनका कानुन र नीतिहरू बारे सवाल राख्दै आएको छ । महिला विरूद्ध भेदभाव उन्मुलन सम्बन्धी समिति लगायतका अन्य सन्धीजनित अंगहरूले पनि यसका आधारमा सरकारहरूलाई सवाल गर्दै आएको छ । मानवअधिकार समितिले यस पछिका २ मुद्दाहरू योङ विरूद्ध अष्ट्रेलिया (Young v Australia), र याक्स विरूद्ध कोलम्विया (X v Colombia) को मुद्दामा यौन अभिमुखिकरणको आधारमा भेदभाव गर्नु नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुवन्धको उल्लंघन हो भन्ने सिद्धान्तलाई समर्थन गर्ने गरी फैसला भएका छन् । यी फैसलाहरूमा समलिङ्गी जोडिहरूलाई पनि विपरित लिङ्गी जोडि सरह समान अधिकारहरू प्रदान गरिनु पर्दछ भनिएको छ । दुवै फैसलाहरूले बाँचेकाले प्राप्त गर्ने निवृत्तिभरणको अधिकार पनि उल्लेख गरेको छ ।

मानवअधिकार आयोग अन्तर्गतको विशेष कार्यविधी सुरूमा जातिवाद र रंगभेदलाई लिएर सन् १९६० का दशकमा नै स्थापना गरिएको हो । यस अन्तर्गत विशेष समाधिक्षेक (Special Rapporteur) हरू

नियुक्त गरिन्छन् जसले खास विषयमा अनुसन्धान गरी मानवअधिकार आयोग र महासभालाई प्रतिवेदन दिन्छन् । यस विशेष कार्यविधी अन्तर्गतका गैर न्यायिक, आम र स्वेच्छाचारी हत्यासम्बन्धी विशेष समाधिक्षेकबाट पहिलो पटक सन् २००१ मा बुझाएको प्रतिवेदनमा यौन अल्पसंख्यक सदस्यका गैर न्यायिक हत्यासम्बन्धी जानकारी प्रतिवेदनमा समावेश गरियो । मानवअधिकार आयोगका केही सदस्यहरूले यो विषय समेटेकोमा विरोध गरे र यस कुरा उल्लेखित भाषा हटाउन दवाव दिए । तर त्यही बर्ष जव यस्ता हिंसाहरू तिनका कार्यादेश भित्र आए, तब ६ वटा विषयगत विशेष समाधिक्षकहरूले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरू विरूद्धका मानवअधिकार उल्लंघनसम्बन्धी जानकारी प्राप्त गर्न र त्यसबारे विचार गर्ने तिनका चाहना प्रकट गरे । मानवअधिकार उच्चआयुक्त मेरी रविन्सनले समाधिक्षकहरू माझ यो सहमति बनाउनु भएको थियो । गैरन्यायिक, आम तथा स्वेच्छाचारी हत्यासम्बन्धी विशेष समाधिक्षेकमा यो विषयलाई सेन्सर (Censure) गर्ने विषय अर्को सालको मानवअधिकार आयोगको अधिवेशनमा पराजित भयो । तत् पश्चात् सन् २००२ देखि यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मुद्दाहरूमा चासो राख्ने अधिकार (Authority) ले निरन्तरता पाइ आएको छ, र यो नै यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारका लागि संयुक्त राष्ट्रसंघको "राजनीतिक" अंगमा पहिलो विजय थियो । राष्ट्र संघीय वडापत्रले राष्ट्रसंघको कार्यमा सहभागी हुन गैरसरकारी संघसस्थाहरूलाई "परामर्शदायी हैसियत (Consultative Status)" प्रदान गरेको छ । सन् २००६ बाट यौनिक तथा लैङ्गिक अल्पसंख्यकका क्षेत्रमा काम गर्ने गैर सरकारी संघसंस्थालाई पनि यो हैसियत रहेको छ । यो राष्ट्रसंघीय प्रणालीमा LGBTI अधिकारका लागि सहयोग गर्ने गरी राजनीतिक अंगबाट भएको दोश्रो निर्णय थियो ।

यस अतिरिक्त, सन् २००६ मा मोन्ट्रियलमा एक बृहत अन्तर्राष्ट्रिय यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकार सम्बन्धी सम्मेलन भयो, जसमा तत्कालिन राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्त लुइस आर्वरको पनि उपस्थिति रहेको थियो । यसै वर्षको अन्त्य तिर नोभेम्बर २००६ मा इन्डोनेसियाको राजधानी जकार्ता एक भेला सम्पन्न भयो र यो भेलाले जकार्ता सिद्धान्तहरू (Yogyakarta Principles) जारी गर्‍यो, जुन यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारका लागि कोशेढुङ्गा मानिन्छ । पछिल्ला दिनहरूमा नयाँ बन्ने संविधानमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू देशको मूल कानुन संविधानमा नै उल्लेख गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका अधिकारहरू सुनिश्चित गरिने थालनी भएको छ । यस्ता केही देशका उदाहरणहरू निम्न उल्लेखित छन्ः

## यौन अभिमुखीकरण उल्लेख गर्ने संविधानहरु

विगत २० वर्ष देखि विश्वका धेरै राज्यहरूले तीव्र आन्तरिक सुधार गर्ने सन्दर्भमा नयाँ संविधान निर्माण गरी रहेका छन र मानवअधिकारका व्यापक प्रावधानहरूलाई संविधानमा समावेश गर्ने प्रचलन बढ्दै गएको छ र त्यसमा पनि यौन अभिमुखीकरणलाई विभेदको निषिद्ध आधार मानिएको छ । यौन अभिमुखीकरणको विभेद निषिद्ध गर्ने ती संविधानहरू निम्न अनुसार छन–

**(क) १९९४ः दक्षिण अफ्रिका**

सन् १९९४ को दक्षिण अफ्रिकाको अन्तरिम संविधानमा यौन अभिमुखीकरणलाई समानताको हक भित्रै समावेश गरिएको थियो । पछि, सन् १९९७ को जारी संविधानमा थप प्रावधान समावेश गरियो जुन निम्नानुसार छन् :

धारा ९ (३) राज्यले अन्यायपूर्वक प्रत्यक्ष वा परोक्ष रूपबाट कुनै व्यक्ति विरूद्ध जाति, लैङ्गिकता, लिङ्ग, गर्भावस्था, वैवाहिकस्थिति जातिय वा सामाजिक उत्पत्ति, रगं, यौन अभिमुखीकरण, उमेर, अपाङ्गता, धर्म, विवेक, आस्था, सँस्कृति, भाषा तथा जन्म मध्ये कुनै एक वा सो भन्दा बढी आधारमा कुनै भेदभाव गर्ने छैन ।

धारा ९ (४) कुनै पनि व्यक्तिले अन्यायपूर्वक प्रत्यक्ष वा परोक्ष रूपबाट कुनै व्यक्ति विरूद्ध उपधारा (३) मा उल्लेख गरिएको कुनै एक वा सो भन्दा बढी आधारमा कुनै भेदभाव गर्न पाइने छैन । यस्ता विभेदलाई रोक्न वा प्रतिवन्ध गर्न राष्ट्रिय कानुनको तर्जुमा गरिनेछ ।

धारा ९ (५) उपधारा (३) मा सूचीकृत गरिएका कुनै एक वा सो भन्दा बढी आधारमा गरिने विभेद अन्यायपूर्ण हुनेछ । यदि यो कुरा कार्यान्वयन गरिदैन भने विभेद कायम हुनेछ ।

(ख) **पर्चुगल**, २००४

पोर्चुगलको सन् २००४ को संशोधित संविधानको धारा १३ मा 'यौन अभिमुखीकरण' भन्ने शव्दांश थप गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका सम्बन्धमा निम्न व्यवस्था गरिएको थियो–

## धारा १३ (समानताको सिद्धान्त)

१. प्रत्येक नागरिकको समान सामाजिक मर्यादा हुनेछ र कानुनको सामु सबै समान हुनेछन ।

२. कसैलाई पनि विशेषाधिकार प्राप्त हुनेछैन, पक्षपात गरिने छैन, पूर्वाग्रह राखिने छैन, अधिकारबाट वञ्चित गरिने छैन, अथवा पूर्ख्यौली, लिङ्ग, जाति, भाषा, उत्पत्तिस्थान, धर्म, राजनैतिक वा वैचारिक आस्था शिक्षा, आर्थिक अवस्था, सामाजिक परिवेश वा यौन अभिमुखीकरणको आधारमा कसैलाई पनि छुट दिइने छैन ।

(ग) १९९७ : **फिजी**

फिजीमा २५ जुलाई १९९७ मा नयाँ संविधान निर्माण गरियो । यो संविधान २८ जुलाई १९९८ देखि लागू गरिएकोमा सन् २००६ मा सैनिक विद्रोहद्वारा खारेज गरियो । यो संविधानमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका सम्बन्धमा निम्न व्यवस्था गरिएको थियो–

## धारा ३८ समानता

१. प्रत्येक व्यक्ति कानुनका सामु समानताका हकदार छन ।

२. कुनै पनि व्यक्ति अन्यायपूर्वक प्रत्यक्ष वा परोक्ष ढंगबाट उनको निम्न आधारमा भेदभाव गरिनु हुँदैन :

क. जाति, जातिगत उत्पत्ति, रंग, जन्म स्थान, लिङ्ग, यौन अभिमुखीकरण, जन्म, मातृभाषा, आर्थिक अवस्था, उमेर, अपाङ्गता को आधारमा हुने/गरिने वास्तविक वा अनुमानित वैयक्तिक आचरण अवस्था/स्थिति अथवा

ख. विचार वा आस्था–त्यस्ता विचार वा आस्थाले अरूलाई हानि नोक्सानी पुर्‍याउदैन अथवा अर्काको हक अधिकार र समानताको हनन्/न्यूनिकरण गर्दैन भन्ने हदसम्म वा अरू कुनै आधारमा यस संविधानद्वारा प्रतिवन्धित नभएको अवस्था

३. उपरोक्त बमोजिम – न कानुन न प्रशासनले गरेका कामकुराले प्रत्यक्ष वा परोक्षरूपमा निषेधित गरिएका आधारमा कुनै व्यक्ति उपर अक्षमता वा प्रतिवन्ध लाद्न पाईदैन ।

(घ) १९९८/२००८ : **ईक्वेडर**

ईक्वेडरको संविधान, १९९८ सत्तरी सदस्यीय संविधान सभाले निर्माण गरेका एउटा सुधारवादी संविधान हो जसले खासगरी आदिवासी जनजातिहरूलाई भूमि र भाषा तथा एफ्रो–अमेरिकनहरूको निम्ति गैर विभेदकरणको अधिकार प्रदान गरेको छ । यो संविधानको धारा २३ मा यौन अभिमुखिकरण सम्बन्धी निम्न प्रावधान रहेको छ–

धारा २३ (३) कानुनको सामु सबै समान छन् । सबै व्यक्तिहरू समान अधिकार, स्वतन्त्रता र अवसर सहित समान छन र जन्म, उमेर, लिङ्ग, जातियता, रंग, सामाजिक उत्पत्ति, भाषा, धर्म, राजनैतिक आस्था, आर्थिक स्थिति, यौन अभिमुखीकरण, स्वास्थ, अपाङ्गता वा यस्तै अरू भिन्नताको आधारमा कुनै भेदभाव गरिने छैन ।

सन् २००८ को संविधानले समलिङ्गी सम्बन्धी मान्यता प्रदान गऱ्यो । समाचरमाध्यमहरूले समलिङ्गी जोडीहरूलाई विवाहको अधिकार प्रदान गरेको कुरा लेख्यो । र, यसलाई सेप्टेम्बर २८, २००८ मा सम्पन्न जनमत संग्रहले अनुमोदित समेत गऱ्यो ।

(ङ) **वोलिभिया**, २००९

जनवरी २००९ मा राष्ट्रिय रूपमा ६१ प्रतिशत मतदाताहरूद्वारा वोलिभियाले नयाँ संविधान अनुमोदन गऱ्यो । यो संविधानले 'यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको आधार" मा गरिने विभेदिकरणलाई वञ्देज गरेको छ ।

### धारा १४ (मौलिक अधिकार तथा प्रत्याभूति)

राज्यले लिङ्ग, छालाको रंग, लैङ्गिकता, उमेर, यौन अभिमुखीकरण र लैङ्गिक पहिचान, उत्पत्ति, सँस्कृति, राष्ट्रियता, नागरिकता, भाषा, धार्मिक विश्वास, विचारधारा, राजनैतिक वा दार्शनिक सम्बद्धताको आधारमा स्थापित सबै प्रकारका विभेदहरूलाई प्रतिवन्धित एवं दण्डित गर्दछ ।

उक्त संविधानले विवाह चांही पुरूष र महिला वीच मात्र हुने भनी परिभाषित गरेको छ । संविधानभित्र एउटा नयाँ समानान्तर जातिय न्यायिक प्रणाली पनि स्थापित गरेको छ । एउटा रिपोर्टरले यस बारे टिप्पणी गरेका छन् कि सो प्रणालीभित्र संवैधानिक प्रावधानहरू लागू हुन्छ हुँदैन स्पष्ट छैन ।

## ८. मानवअधिकार हनन्, यौनिक तथा लैङ्गिक अल्पसंख्यक सन्दर्भ र उपचार

मानवअधिकार हनन् र संरक्षण दुवैको कर्ता प्राथमिक रूपमा राज्यलाई नै लिइन्छ । कुनै व्यक्तिलाई प्राप्त अधिकारको हनन्मा राज्य स्वयं नै जव एक पक्षको रूपमा आउँदछ तव त्यो मानवअधिकार उल्लंघन हुन्छ । व्यक्ति व्यक्ति वीचको विवाद अर्थात् जव एक व्यक्तिले अर्को व्यक्तिको अधिकार र स्वतन्त्रतामा आँच पुऱ्याउँदछ तव त्यो मानवअधिकार हनन् नभै अपराध हुन्छ । त्यस्तो अपराधमा संलग्न व्यक्तिलाई कानुन बमोजिम कार्वाही गरी पीडितलाई न्याय दिलाउनु राज्यको कर्तव्य र दायित्व हो ।

जव राज्य त्यो कर्तव्य र दायित्व निभाउनबाट विमुख हुन्छ तव परोक्षरूपमा मानवअधिकार हनन्मा राज्य संलग्न भएको मानिन्छ । यद्यपी मानवअधिकार हनन्का सवालमा पछिल्लो अवधीमा राज्य बाहेक अन्य पक्षहरू जस्तैः विद्रोही पक्ष, सशस्त्र हतियारधारी समुह वा गुटका क्रियाकलापले व्यक्तिका मानवअधिकारमा दख्खल दिन पुगेमा त्यो पनि मानवअधिकार हनन् कै रूपमा लिने गरेको पाइन्छ, तापनि मानवअधिकार हनन् भनेपछि राज्य पक्ष कै क्रियाकलाप प्राथमिक रूपमा आउँदछ ।

## यौनिक तथा लैङ्गिक अल्पसंख्यक सन्दर्भमा मानवअधिकार हनन्

मानवअधिकार हनन् र हिंसाका विभिन्न स्वरूप हुन्छन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यकका सन्दर्भमा मानवअधिकार हनन् तथा हिंसाका स्वरूपका सम्बन्धमा कुरा गर्ने हो भने धेरै देशहरूले समलिङ्गीहरूको सहमतिमा हुने यौन कार्यलाई या त निषेध गरेका हुन्छन या त यसलाई अप्राकृतिक वा असामान्य प्रकृतिको कार्य भनेर यसको विरूद्धमा कानुन निर्माण गरेका हुन्छन् । यसलाई अप्राकृतिक यौन कार्य विरूद्धको (सोडोमी) कानुन भनेर भनिन्छ । कुनै कानुनले यौनिक तथा लैङ्गिक पहिचानमा आधारित यौन कार्य भन्दा पनि विशेष प्रकृतिको यौन कार्य (जस्तो एनल यौन) भनेर परिभाषित तथा नियमित गरिरहेका हुन्छन् । त्यसै गरी कतिपय कानुनहरूले उही लिङ्ग भित्रको यौन कार्य भनेर निषेधित गरिरहेका हुन्छन् । धेरै कानुनहरू आफ्नो कामको क्षेत्रका हिसावले धेरै फराकिला हुन्छन् जस्तो कि कुनै अपराधजन्य यौन क्रियाकलाप वा गैर कानुनी वा सदाचार विरूद्धका यौन कार्य भनेर उल्लेख गरेका हुन्छन् भने प्राकृतिक यौन कार्य र सदाचारको भने परिभाषा गर्न बारम्बार यस्ता कानुनले विर्सिएका हुन्छन् ।

यो कुरा स्पष्ट छ कि पीडित र दवाइएका यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानिसहरूको आफ्नो यौन क्रियाकलाप समाजको परंपरागत प्रचलन र साँस्कृतिक मूल्य र मान्यता तथा स्तर भन्दा फरक भएकोले समस्या भोगी रहेका हुन्छन् र उनीहरू सधै खुला भएर बस्न सकेका हुँदैनन् । बारम्बार समलिङ्गी प्रति हुने घृणा, त्रास र डर (होमोफोविया र ट्रान्सफोविया) ले उनीहरू माथि हुने दुर्व्यवहारलाई बढाउन अरू बढी उत्प्रेरणा दिन सघाउ पुऱ्याउँदछ । राजनीतिक रूपले उत्प्ररित भएर समलिङ्गी भनेर राजनीतिक दाउपेचको भावनालाई उकास्ने तथा आलोचना गर्नेहरूलाई दवाउन जवरजस्ती यी मानिसहरू समलिङ्गी हुन भनेर समेत दुर्व्यवहार गरिहेका हुन्छन् । र यसबाट संगठन बन्द गराउनेसम्मका कुराहरू भएका देखिन्छन् भने यस कार्यमा सामान्य मानवअधिकावादी व्यक्तिका संगठनहरू पनि बन्द गराइएका छन् ।

लैङ्गिक पहिचान यौन अभिमुखिकरण संग अनुभवका हिसावले र शोषणका कारणले प्रत्यक्षरूपमा सम्बन्धित हुन्छ । गैर सरकारी संघसंस्थाहरूको भनाइ अनुसार कानुन कार्यान्वयन गर्ने अधिकारीहरू अथवा सरकारी तथा सार्वजनिक व्यक्तिहरूले महिलात्व र पुरूषत्वका हिसावले स्थापित परंपरागत सामाजिक तथा साँस्कृतिक स्तर, मूल्य र मान्यता माथि आँच पुऱ्याउनेहरू माथि निशाना बनाउने गर्दछन् । उनीहरूले पीडित पुरूष समलिङ्गी, महिला समलिङ्गी, द्विलिङ्गी र अन्तरलिङ्गी भनेर फरक गरिरहदैनन् । जव मानिसहरू समाजका लैङ्गिक मूल्य र मान्यताहरूलाई वास्ता गर्दैनन् र त्यति महत्व दिदैनन् तव उनीहरू भेदभाव र हिंसाको शिकार हुन पुग्दछन् । जसले व्यवहारमा, लवाईमा, वोलीचालीमा वा हेराइमा फरकपन देखाउँदछन् वा देखिन्छन् तिनीहरू या त राज्य वा राज्यका कर्मचारीको आक्रमणको शिकार हुन्छन् या त उनीहरूकै समुदाय तथा परिवारको आक्रमणमा पर्दछन् ।

संयुक्त राष्ट्र संघका यातनासम्बन्धी विशेष समाधिक्षक उल्लेख गर्दछन् कि बारम्बार यौन चरित्रका कारण धेरै यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू मानवअधिकारको शोषणका शिकार भएका हुन्छन्, र यिनै सामान्य कारणहरू पहिला अमानवीय व्यवहार र पछि शोषणका कारक बनेका छन् । महासभामा बुझाइएको प्रतिवेदनमा उल्लेख गरिएको छ किः यौनिक पहिचानको आधारमा अल्पसंख्यक मानिएका व्यक्तिहरूका विरूद्ध भएका विभिन्न धेरै घटनाहरूले यो सुझाएका छन् कि यौनिक पहिचान कै आधारमा यस्ता अल्पसंख्यकहरू धेरै भेदभावका शिकार भएका छन् । यस्ता व्यक्तिहरूलाई सजाय दिन र दुर्व्यवहार भइरहने यौनिक आधारहरू र चलनचल्तीका लैङ्गिक मान्यताको चुनौति भएकै कारणले वलात्कार र यौन दुराचार जस्ता क्रियाकलापको माध्यमबाट प्रायशः सजाय दिने गरिन्छ । यौनिक अल्पसंख्यकहरू समाजले स्थापना र निरन्तरता दिएको लैङ्गिक पहिचानको खिलाफमा आफ्ना क्रियाकलापहरू गर्ने हुनाले उनीहरू विना कारण यातना तथा दुर्व्यवहारका शिकार बनेका हुन्छन् । वास्तवमा यौनिक पहिचान र यौनिक अभिमुखिकरणका आधारमा भएका भेदभावले वारम्बार पीडितका विरूद्ध अमानवीय कार्य गराउनका लागि भूमिका निर्वाह गर्न सक्तछन् ।

## उपचार

मानवअधिकार हनन् भएमा प्राप्त गर्न सकिने उपचारलाई राष्ट्रिय स्तरको र अन्तर्राष्ट्रिय स्तरको गरी मोटी मोटी रूपमा २ वर्गमा विभाजन गर्न सकिन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकका हकमा मानवअधिकारको उल्लंघन भएमा पनि यस विषयलाई लिएर कुनै विशिष्ट सन्धी पनि नभएको र त्यस अन्तर्गत कुनै विषगत समिति पनि नभएका कारण अन्य मानवअधिकार हनन् हुँदा अवलम्बन गरिने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय उपचारका संयन्त्रहरू नै उपयोग गरिनु पर्ने देखिन्छ । अतः समग्र मानवअधिकार उल्लंघनमा अवलम्बन गरिने उपचार पद्धति र संयन्त्र नै यहाँ उल्लेख गरिन्छ ।

### क. मानवअधिकार उल्लंघनका घटनाहरुलाई राष्ट्रिय स्तरमा उपचार

कुनै पनि राष्ट्र भित्र अन्तर्राष्ट्रिय तथा क्षेत्रिय मानवअधिकार सम्बन्धी कानुनको व्यवहारिक कार्यान्वयनका लागि राष्ट्रले संबैधानिक, प्रशासनिक तथा नीतिगत तहमा आवश्यक कानुन तर्जुमा गर्नु पर्दछ । मानवअधिकारको उल्लंघन भएमा अन्तर्राष्ट्रिय तथा क्षेत्रिय कानुनमा स्थापित मापदण्ड अनुरूप कानुनी उपचारका सबै उपायहरूको व्यवस्था गर्नु पर्दछ । यसरी अन्तर्राष्ट्रिय कानुनलाई देशको संविधान तथा अन्य कानुनहरूमा समावेश गर्न वा ती कानुनहरूको आधारमा नयाँ कानुनहरूको निर्माण गरी मानवअधिकार सम्बन्धी उल्लंघनका घटनाहरूमा उपचार दिलाउन सकिन्छ । नेपालमा यसरी मानवअधिकारको उल्लंघनका घटनाहरू विरूद्ध राष्ट्रिय मानवअधिकार आयोग, प्रहरीको मानवअधिकार सेल, नेपाली सेनाको मानवअधिकार सेल, संयुक्त राष्ट्र सघीय मानवअधिकार उच्च आयुक्तको नेपाल स्थित कार्यालय (OHCHR Nepal) मा उजुरी लैजान सकिन्छ ।

### राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी कसरी दिने ?

कुनै पनि व्यक्तिको मानवअधिकार उल्लंघन भएमा उजुरी गर्ने व्यक्ति आफै उपस्थित भई वा पीडितको तर्फबाट कसैले लिखित वा मौखिक उजुरी गर्न सकिन्छ । यसरी मानवअधिकार उल्लंघन विरूद्धका उजुरी दिंदा लिखित वा मौखिक निवेदन मार्फत, टेलीफोन मार्फत, हुलाक, फ्याक्स, इमेल, टेलिग्राम

मार्फत उजुरी दिन सकिन्छ । यसरी उजुरी गर्दा उजुरी गर्ने व्यक्तिको नाम, थर, ठेगाना, कुनै संस्थाको तर्फबाट उजुरी परेको भए सो संस्थाको विवरण, उजुरीको विषय, उजुरी गर्न पर्ने कारण, उजुरीको संक्षिप्त व्यहोरा, उजुरीलाई समर्थन वा पुष्टि गर्ने प्रमाण, उजुरीकर्ताले माग गरेको विवरण, उजुरीको विषयमा अन्यत्रै कतै उजुरी गरेको भए सोको विवरण समेत खुलाएर उजुरी गर्नु पर्दछ ।

कुनै व्यक्ति वा समुहको मानवअधिकार उल्लंघनको उजुरी प्राप्त भए पछि आयोगले त्यसको छानवीन गर्दछ र अनुसन्धान गरी दोषी उपर कारवाही गर्न सिफारिस गर्दछ । मानवअधिकार उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएका पदाधिकारीले आफ्नो जिम्मेवारी पुरा नगरे वा कर्तव्य पालनामा उदासिनता देखाएमा त्यस्तो पदाधिकारीलाई कार्वाहीका लागि लेखि पठाउँदछ । मानवअधिकार उल्लंघन गर्ने व्यक्ति विरूद्ध मुद्धा चलाउनु पर्ने देखिएमा अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्दछ । मानवअधिकार उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी मानवअधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख राख्दछ ।

राष्ट्रिय मानवअधिकार आयोगमा विचाराधिन रहेको कुनै पनि उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मिलापत्र गरी पाउन संयुक्त निवेदन गरेमा मिलापत्र पनि हुन सक्तछ । पक्षहरू बीच मिलापत्र भएमा आयोगमा परेको उजुरीको कार्वाही अन्त्य हुन सक्तछ ।

### नेपाल प्रहरीको मानवअधिकार सेल

मिति २०५९ माघ २ मा नेपाल प्रहरीका सम्पूर्ण क्रियाकलापहरूलाई मानवअधिकारको संरक्षण तर्फ निर्देशित गर्न एक "नेपाल प्रहरी मानवअधिकार इकाई" को स्थापना गरिएको छ । यस इकाईले कुनै पनि प्रहरी कर्मचारीबाट वा प्रहरी कर्मचारी उपर भएको मानवअधिकार उल्लंघन सम्बन्धी जानकारी वा उजुरी पत्रपत्रीका, टेलिफोन, इमेल, फ्याक्स, मौखिक वा अन्य जुनसुकै माध्यमबाट ग्रहण गर्दछ । यसरी प्राप्त जानकारी वा उजुरी उपर तत्काल यस इकाइले अनुसन्धान सुरू गर्दछ । र त्यसरी अनुसन्धान सुरू गर्दा यस इकाईले आफ्नै कर्मचारी खटाई वा सम्बन्धित कार्यालयहरूलाई पत्राचार गरी वा जिल्ला स्थित मानवअधिकार अनुसन्धान अधिकृतको माध्यमबाट वा केन्द्रबाटै विशेषज्ञ टोली गठन गरी अनुसन्धान गर्ने गर्दछ । अनुसन्धान तहकिकातबाट मानवअधिकार उल्लंघन भएको ठहर भै दोषी प्रहरी कर्मचारी माथि कार्वाही गर्नु पर्ने देखिएमा यस इकाईले कार्वाहीका लागि आफ्नो राय सहित प्रहरी प्रधान कार्यालय कानुन शाखा वा सम्बन्धित प्रहरी कार्यालयलाई लेखि पठाउँदछ ।

### ख. अन्तर्राष्ट्रिय स्तरको उपचार

कानुनी दृष्टिकोणबाट मानवअधिकार भन्नाले ती अधिकारहरू हुन् जसलाई मानवअधिकार सम्बन्धी अन्तराष्ट्रिय कानुन (महासन्धि) हरूले मानवअधिकारहरू हुन् भनेर किटानी गरिदिएका छन् । ती अधिकारहरूलाई सन्धिका पक्ष राज्यहरूले संरक्षण नदिएमा वा उल्लंघन गरेमा मानवअधिकारको हनन् भएको ठहरिने छ । तर, सन्धिको पक्ष नभएका राज्यहरूबाट मानवअधिकारको उल्लंघन नहुने भन्ने चाहिं होइन । सवाल के मात्र हो भने राज्य सन्धिको पक्ष नरहेको अवस्थामा भने सम्बन्धित सन्धिले त्यस्ता राज्यहरूमा भएका मानवअधिकारको उल्लंघनलाई रोक्न नसक्ने देखिन्छ । तर सन्धिको पक्ष नभएका राज्यहरूलाई पनि मानवअधिकारको उल्लङ्घन गर्ने छुट भने हुन्न । मानवअधिकारको संरक्षण गर्ने कस्ता संयन्त्रहरू स्थापित भएका छन् भन्ने जस्ता विषयमा यहाँ चर्चा गरिने छ ।

**संयुक्त राष्ट्रसंघीय स्तरमा मानवअधिकार संरक्षणका संयन्त्रहरु दुई प्रकारका रहेका छन्:**

कुनै पनि व्यक्तिको मानवअधिकार उल्लंघन हुँदा त्यसको उपचार गराउने कस्ता उपायहरू संयुक्त राष्ट्रसंघीय प्रणाली भित्र छ भन्ने कुरा यहाँ उल्लेख गर्न खोजिएको हो । यस सन्दर्भमा निम्न दुई प्रणाली स्थापित भएको देखिन्छ । पहिलो प्रणाली भनेको खास मानवअधिकार सन्धि स्थापना हुँदा सो सन्धिले नै प्रत्याभूत गरेका मानवअधिकारहरूको कुनै पक्ष राज्यले उल्लंघन गरेमा पीडितले ल्याएको सिकायतको छिनोफानो गर्ने अंगको रूपमा स्थापित गरिएको छ जसलाई सन्धिमा आधारित अंग (Treaty based Body – ट्रिटी बेस वडी) भनिन्छ, र अर्को भनेको संयुक्त राष्ट्रसंघको वडापत्र अनुसार स्थपित अंग जसलाई वडापत्रमा अधारित अंग (Charter based Body – चार्टर बेस वडी) भन्ने गरिन्छ ।

## १. सन्धिमा आधारित अंग (Treaty based Body – ट्रिटी बेस वडी)

मानवअधिकारका मुख्य नौ वटा सन्धिहरूमध्ये पाँच वटा सन्धिहरूले व्यक्तिगत सिकायतहरू हेर्ने व्यवस्था समेत गरेको छ । यसका लागि ती सबैमा छुट्टा छुट्टै अनुगमन समितिहरू स्थापित गरिएका छन् । यसरी व्यक्तिले यी समितिहरू समक्ष मुद्दा लिएर जाने कार्यलाई व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधि (Individual Complain Procedure) भनिन्छ । ती सन्धिहरू निम्न अनुसार रहेका छन्:

- नागरिक तथा राजनीतिक अधिकार संबन्धी अन्तर्राष्ट्रिय अनुवन्ध ।
- यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरूद्धको अभिसन्धि ।
- सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि ।
- महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मुलन सम्बन्धी महासन्धी ।
- प्रवासी कामदारहरू तथा उनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि ।

व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधिले सन्धिको कुनै खास पक्ष राज्यमा मानवअधिकर कार्यान्वयन भएको छ कि छैन भनी अनुगमन गर्ने गर्दछ । राज्यले आफ्नो मानवअधिकार हनन् गऱ्यो भन्ने कुनै पनि व्यक्तिको सिकायतलाई समेत यसले स्वीकार्दछ र त्यसको छानवीन गरी राज्यलाई सो सम्बन्धमा के गर्ने वा नगर्ने भनेर सिफारिशहरू समेत गर्दछ ।

**तर, व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधिमा प्रवेश गर्नु अघि निम्न कुराहरु ध्यान दिनु पर्दछ :**

- राज्य त्यो सन्धिको पक्षराज्य हुनु पर्दछ र त्यतिले मात्रै हुँदैन उसले 'म व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधिलाई स्वीकर गर्दछु' भनी अनुमोदन गरेको हुनु पर्दछ ।
- सिकायत सोही संबन्धित सन्धिले व्यवस्था गरेको धारासंग सम्बन्धित हुनु पर्दछ ।
- संबन्धित समितिमा सिकायत लिएर जानु अघि सम्बन्धित राज्यमा उपलब्ध उपचारका सबै उपायहरू अपनाई सकेको वा ती उपचारका उपायहरूलाई उपभोग गर्ने परिस्थिति नरहेको कुरा सुनिश्चित गर्नु पर्दछ ।

## २. वडापत्रमा अधारित अंग (Charter based Body – चार्टर वेस वडी):

मानवअधिकार सन्धिहरूमा मात्र सीमित नभई समग्र मानवअधिकारको अवस्थालाई रेखदेख गर्न चार्टर वेस वडीको स्थापना गरिएको हो । यसर्थ, यस प्रणाली अन्तर्गत यदि कुनै राज्य कुनै मानवअधिकार सम्बन्धी सन्धिको पक्ष रहेको छैन भने पनि उसको भूभागमा भएको मानवअधिकारको उल्लंघनको छानविन गरिन्छ । यस अंगमा मानवअधिकार परिषद् (Human Rights Council) पर्दछ । मानव अधिकारको संरक्षण भनौ वा उपरचारका लागि यस अंग अन्तर्गत विशेष कार्यविधि (Special Procedure) स्थापना गरिएको छ । तर यहाँ स्पेसल प्रोसेड्युरको बारेमा कुरा गर्नु अघि मानवअधिकार परिषद्को बारेमा छोटो जानकारी दिइन्छ ।

### संयुक्तराष्ट्रसंघीय मानवअधिकार परिषद् (Human Rights Council)

सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना भएपछि १९४६ सालमा संयुक्त राष्ट्रसंघीय बडापत्रको अधारमा संयुक्त राष्ट्रसंघको छ वटा मुख्य अंगहरू मध्येको एक आर्थिक तथा सामाजिक परिषद्द्वारा संयुक्तराष्ट्रसंघीय मानवअधिकार आयोग (United Nations Commission on Human Rights) को स्थापना गरिएको थियो । यस आयोगको मुख्य उद्देश्य भनेको मानवजातिको मौलिक हक तथा स्वतन्त्रताको रक्षा गर्ने अन्तर्राष्ट्रिय कानुनको संजाल संसारभरी फिजाउने रहेको थियो । छ दशक सम्मको अथक प्रयत्नको परिणाम स्वरूप मानवअधिकारको प्रचार प्रसार लगभग संसार भरी जस्तै भएपछि सो आयोग स्थापनाको उद्देश्य करिब पुरा भएको ठानियो । त्यसपछि मानव अधिकारको संरक्षणको पाटो सवल बनाउनु अझ शक्तिशाली निकायको आवश्यकता महसुस भयो । परिणामस्वरूप सन् २००६ मा ४७ राष्ट्रहरू सदस्य रहेको मानवअधिकार परिषद् (Human Rights Council) को स्थापना गरी त्यति वेलासम्म अस्तित्वमा रहेको मानवअधिकार आयोगलाई प्रतिस्थापित गरियो । साथै, यसमा अर्को महत्वपूर्ण परिवर्तन भनेको पहिला आर्थिक तथा सामाजिक परिषद् (Economic and Social Council) अन्तर्गत रहेको "आयोग" लाई परिषद्को रूपमा महासभा (General Assembly) अन्तर्गत सारियो । यसरी मानवअधिकारको संरक्षणका लागि पुरानो ठाउँमा अझ शक्तिशाली नयाँ संयन्त्र मानवअधिकार परिषद्को स्थापना भएको देखिन्छ ।

### विशेष कार्यविधि (Special Procedure)

विशेष कार्यविधि कुनै मुलुक विशेषको मानवअधिकारको अवस्थाको रेखदेख गर्न वा मानवअधिकार संग सम्बन्धित कुनै विषय विशेष (Thematic Issues) को संसारभरीको अवस्थाका वारेमा उठेका सवालहरूलाई संवोधन गर्नका लागि स्थापना गरिएको विशेष संयन्त्र हो जो हाल मानवअधिकार परिषद्को मातहतमा रहेको छ । यी संयन्त्रहरूमा काम गर्न स्वतन्त्र विज्ञहरू (Independent Experts) व्यक्तिगत वा सामुहिक रूपमा छानिएका हुन्छन् । उनीहरूलाई जिम्मेवारीवाहकहरू (Mandate Holders) भनिन्छ । सम्बोधनका क्रममा मुलुक विशेषका लागि खटाइएका (Country Mandate Holders) लाई फलना मुलुकका लागि महासचिवको विशेष प्रतिनिधि (Special Representative of Secretary General) भनिन्छ भने विषय विशेषमा छानिएका विज्ञ (Thematic Mandate Holder) लाई स्पेसल रापोर्टर (Special Rapporteur) भनिन्छ । यसका अतिरिक्त अझ गम्भीर खालका विषयहरूसंग सम्बन्धित मामलाहरूलाई हेर्नका लागि कार्य समुह (Working Group) अथवा स्वतन्त्र विज्ञहरूको समुह बनाइएका हुन्छन् । यी

म्यानडेट होल्डरहरूको काम भनेको मुलुक विशेषको म्यानडेट होल्डरले सो मुलुकमा भएको समग्र मानवअधिकारको अवस्थाका बारेमा र विषय विशेषको म्यानडेट होल्डरले संसारभरीको सो विषय संग सम्बन्धित मानवअधिकारको अवस्थाका वारेमा परिक्षण, रेखदेख, सुझाव, तथा प्रतिवेदनहरू तयार पार्दछ । कसैको मानवअधिकारको गम्भीर उल्लंघन भएको, भइरहेको, हुने जोखिमी अवस्था विद्यमान रहेको भएमा यो संयन्त्रलाई उपयोग गरी कुनै पनि व्यक्ति वा संगठन मानवअधिकारको चार्टर वडी सम्म पुगी सिकायत गर्न सक्दछ र संबन्धित विषय वा मुलुकका जिम्मेवारी वाहक विज्ञले यसरी मानवअधिकारको उल्लंघनकर्ता राज्यको सरकारमा प्रत्यक्षरूपमा र तत्काल हस्तक्षेप (Urgent Action) गरी जरूरी अपिल (Urgent appeal) प्रशारण गरी सो कार्यलाई रोक्न लगाउन सक्नेछ ।

यस प्रकार कसैको मानवअधिकारको उल्लंघन भएको अवस्थामा यदि उसले आफ्नो मुलुकको न्यायिक निकायहरूबाट उपचार प्राप्त गर्न सकेन भने माथि उल्लेखित सर्तहरूको अधिनमा रही संयुक्त राष्ट्रसंघको उपरोक्त दुई प्रणालीहरूको माध्यमबाट मानवअधिकारको संरक्षण संयन्त्र सम्म पुगी उपचार प्राप्त गर्न सक्नेछ ।

## १५०३ को कार्यविधि

विशेष कार्यविधिको कुरा गर्दा यसैको अभिन्न पाटोको रूपमा रहेको १५०३ कार्यविधिलाई उल्लेख गर्नु सान्दर्भिक हुन आउछ । मानवअधिकार आयोगले मानवअधिकारको गम्भीर उल्लंघन भएका मुलुकहरूको अवस्थालाई छानविन गर्न सकोस भन्ने उद्देश्यले १९७० मा आर्थिक तथा सामाजिक परिषद्ले संकल्प प्रस्ताव नं १५०३ मार्फत विशेष कार्यविधिको स्थापना गरेको थियो । जसलाई संयुक्त राष्ट्रसंघीय प्रणाली अन्तर्गत 'सबै भन्दा पुरानो मानवअधिकारको उजुरी प्रणाली' भनेर चिनिने गरिएको छ । सुरूका दिनहरूमा यस संयन्त्र अन्तर्गत मानवअधिकार आयोगले व्यक्तिगत उजुरीहरूलाई नहेरी मुलुकको समग्र मानवअधिकारको अवस्थाको छानविन गर्दथ्यो । तर, पछि गएर यसलाई अझ प्रभावकारी बनाउने उद्देश्यले सन २००० मा मानवअधिकार उल्लंघन सम्बन्धी व्यक्तिगत उजुरीहरू पनि स्वीकार गर्ने गरी यसलाई संशोधन गरियो । अहिले विशेष कार्यविधि अन्तर्गत व्यक्तिगत उजुरीहरू गर्न पाइन्छ र सो कुराको व्यवस्था १५०३ मा भएको संशोधनले सम्भव बनाएको हो ।

अव १५०३ को कार्यविधि अन्तर्गत कस्ता खालका व्यक्तिगत उजुरीहरू को मार्फत मानवअधिकार परिषद्मा कसरी पुऱ्याउने हो भन्ने विषयमा छोटकरीमा बुझौं । खासगरी जुन विषयमा उजुरी दिन खोजिएको हो सो विषय मानवअधिकार परिषद्ले तोकेको जिम्मेवारी (Mandate) भित्र को विषयहरू (Thematic Issues) भित्र पर्नुपर्दछ । र, सो विषय भित्र पर्ने मानवअधिकार वा मौलिक स्वतन्त्रताको उल्लंघन लगातर वा प्रमाणिक किसिमले भएको हुनु पर्दछ । मानवअधिकार उल्लंघनका पीडित वनेका कुनै पनि व्यक्ति वा समुहले वा त्यस्तो उल्लंघनको घटना भएको थाहा पाउने कुनै पनि व्यक्ति वा समुह वा असल नियतले उनीहरूको पक्षमा काम गरिरहेका कुनैपनि गैरसरकारी संस्थाले समेत पीडितको तर्फबाट उजुरी दिन सक्दछ । उजुरीमा सम्पूर्ण विवरणहरू प्रष्ट हुन पर्दछ । वेनामी उजुरीमा कुनै कारवाही हुँदैन । उजुरीलाई सामान्य पत्र, इ–मेल, अथवा फ्याक्स मार्फत मानवअधिकार सम्बन्धी संयुक्तराष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयमा पठाउनु पर्दछ ।

यसरी उजुरी प्राप्त गरिसकेपछि उजुरीहरूको छानविन गर्ने विज्ञहरूको समुहहरू (Working group on Communications on Situations) ले अवस्था हेरी यात सम्बन्धित सरकारलाई यस्तो मानवअधिकारको

उल्लंघनको घटना भइ रहेको हुनाले तत्काल रोक्नका लागि कदम चाल्नु भनी आह्वान (Urgent appeal) गर्दछ, यात आरोप पत्र (Letter of allegation) तयार गरी सम्बन्धित मुलुकको सरकारलाई यस सम्बन्धमा छानविन गरी के हो जानकारी गराउन आह्वान गर्दछ र चित्त नवुझे यो क्रमलाई दोहोऱ्याउन सक्तछ । साथै, सरकार तथा पीडितहरूलाई संगै राखेर छलफल वहस समेत गराउन सक्तछ । अन्तमाः यस सम्बन्धमा मानवअधिकार परिषद्ले वर्किङ ग्रुपहरूको सुझावहरूलाई समेत ध्यानमा राखि हरेक खालका परिस्थिति उपर निर्णय दिने गर्दछ ।

# ९. मानवअधिकार हनन्को अभिलेखिकरण र प्रतिवेदन

## अभिलेखिकरण

अभिलेखिकरण भन्नाले घटना/विषयवस्तुमा आफूलाई आवश्यक परेका सूचना प्राप्त गर्ने, पाईएका सूचनाहरूलाई व्यवस्थित गर्ने, व्यवस्थित सूचनालाई प्रस्तुत गर्ने कार्यलाई बुझिन्छ ।

अभिलेखिकरण मानवअधिकार उल्लंघनको तथ्य स्थापित गर्न, मानवअधिकार शिक्षा दिन, मानवअधिकार उल्लंघनका पीडितहरूलाई तत्काल राहत दिन, न्यायमा पहुँच पुऱ्याउन, ऐतिहासिक तथ्य स्थापित गर्न, उल्लंघनका घटनाहरूलाई रोकथाम गर्न, प्रमाणिक महत्व, घटनाको राष्ट्रिय र अन्तरर्राष्ट्रियकरण गर्नका लागि अभिलेखिकरण गरिन्छ । अभिलेखिकरण घटना विशेष र कार्यक्रम विशेष गरी दुई प्रकारको हुन सक्तछ ।

**व्यक्तिगत घटनाहरुको अभिलेखिकरण गर्दा सामान्यतय निम्न तथ्यहरु खुलाई तयार गरिन्छः**

- पीडितको नाम, उमेर, मिति (पूर्व अनुमति लिनुपर्ने) ।
- घटनाको विवरण
- घटनापछिको उद्देश्य
- घटना हुँदाको परिवेश, परिस्थिति
- घटना संलग्न दोषी
- सम्बन्धित पक्ष वा अधिकारीले कस्तो कार्य गरेर वा नगरेर घटना भएको हो ।
- सूचनाको श्रोत ।

**अभिलेखिकरणका लागि तथ्य संकलन निम्न तरिकाहरू अनुसार गर्न सकिन्छः**

- अन्तर्वार्ता
- अनुगमन
- कारवाही प्रक्रियाको अनुगमन खास गरी (trial monitoring) का विषयमा
- सम्बन्धित विषयमा प्रकाशित/लेखिएका लिखतको संकलन
- फोटो लिने
- कसैले भनेको कुरालाई भिडियो रेकर्डिङ्ग गर्ने
- वैज्ञानिक (forensic) परीक्षण गर्ने

## कार्यक्रम अभिलेखिकरण

**कार्यक्रमको अभिलेखिकरण गरिनु पछाडिका कारण निम्न हुनसक्तछन्:**

- सम्पन्न भएका क्रियाकलापको अवस्थाको जानकारीको लागि
- हुन लागेका गतिविधीको जानकारीको लागि
- भावी दिशा निर्धारणको लागि
- सम्बन्धित सरोकारवालाहरूसंग नियमित सम्पर्क सम्बन्ध समन्वयका लागि
- विश्वसनियता, प्रभावकारिता र भविश्यको पुर्वाधार निर्माणका लागि ।

**अभिलेखिकरणबाट निम्न फाइदा हुन सक्तछ:**

- कार्यको सूचना पर्यवेक्षण
- कार्यप्रगति र हुन नसकेका कुराको संकेत
- प्रगतिमा पुग्न नयाँ योजना बनाउने तरिका पहिल्याउन मदत
- जवाफदेहीता
- छलफल प्रबर्द्धन र निर्णय सुचित
- समस्याहरू र सहभागिता निर्माणमा जोड
- सूचना सिकाइ र अनुभवको आदान प्रदान
- विश्लेषण सहित अगाडि बढ्न बाटो देखाउनु
- रणनीनिक योजना बनाउन सहयोग

**अभिलेखमा निम्न कुराहरु समेटिनु पर्दछ:**

- अर्थपूर्ण शीर्षक निर्माण
- तयारी मिति
- कसले प्रतिवेदन तयार गरेको हो
- प्रतिवेदन लामो छ भने विषय सूचि
- मुख्य बुँदाहरूको सार
- विषयको तार्किक प्रवाह
- अर्थपूर्ण सह शीर्षकहरू
- निष्कर्ष र सुझावहरू

## प्रतिवेदन

कुनै पनि क्रियाकलाप वा काम कसरी संचालन भयो भन्ने सिङ्गो प्रक्रिया समेटी समस्या र समाधानका उपाय तथा राय/सुझाव समावेश भएको विवरण नै प्रतिवेदन हो । प्रतिवेदन लेखन विषयवस्तुको यथार्थ चित्रण गरी संचार गर्ने प्रक्रिया हो । यो अरूका लागि तयार गरिन्छ ।

योजना अनुरूप प्रवेश वा प्रतिफल प्राप्त भयो भएन बुझ्नु कार्यक्रमको तथ्य, तथ्यांक र कार्य प्रगतिबारे सम्बन्धित निकायलाई जानकारी दिन, अनुभव आदान प्रदान गर्न, निर्णय प्रक्रियालाई सरल बनाउन, समस्या पत्ता लगाई समाधान गर्न, कार्यक्रमले लक्षित समुहमा पारेको असर र प्रभाव पत्ता लगाउन प्रतिवेदन बनाइन्छ ।

**प्रतिवेदनमा सामान्यतयाः निम्न कुराहरु उल्लेख गरिन्छन्ः**

- सामान्य परिचय
- विधि/प्रणाली
- विश्लेषण
- निष्कर्ष
- सुझावहरु
- अनुसूचीहरु

## १०. नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारसम्बन्धी संबैधानिक तथा कानुनी प्रावधान

नेपालको अन्तरिम संविधान, २०६३ ले धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भनी भेदभाव गर्न निषेध गरेको छ र सबै नागरिकहरूलाई समान व्यवहारको प्रत्याभूति गरेको छ । यद्यपी नेपालमा भेदभावजन्य कार्यहरू व्यवहारमा भइ नै रहेका छन् । त्यसमा पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू जीवन, स्वतन्त्रता एवं गोपनियताको अधिकार; विवेक (conscience) तथा विचारको स्वतन्त्रता; भेला हुने र संगठन गर्न पाउने अधिकार; साथै कानुनको अघि समानता र कानुनबाट समान संरक्षणको अधिकार लगायत अन्य नागरिक तथा व्यक्तिका हकमा प्राप्त हुने संबैधानिक तथा कानुनी अधिकारको उपभोगबाट बञ्चित छन् । धेरै समलिङ्गी र तेश्रो लिङ्गीहरूले आफ्नो वास्तविक पहिचान सहितको नागरिकता पाउन सकेका छैनन् । उनीहरूले कि त गलत नागरिकताको प्रमाणपत्र लिन बाध्य छन् कि त उनीहरूलाई नेपाली नागरिकको मान्यता दिन नै इन्कारी गरिएको छ । यी समुदायका व्यक्तिहरूले अझै हिंसा, वलात्कार र अन्य दुर्व्यवहार जस्ता अत्यन्त निकृष्ट व्यवहारहरूको सामना गरिरहेका छन् । शिक्षा, रोजगार स्वास्थ्य स्याहारबाट बहिष्कृत छन् ।

सन् १९९४ मा संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिद्वारा टुनेन वि. अष्ट्रेलिया (Toonen v. Australia) को मुद्दामा भएको फैसला पश्चात् जसरी मानवअधिकार समिति तथा सन्धीसंग सम्बन्धित अन्य निकाय र संयुक्त राष्ट्रसंघ समेतले यौन अभिमुखिकरणको आधारमा सदस्य राष्ट्रहरूले कुनै भेदभाव गरेको छ कि भनेर नियमित रूपमा निगरानी गर्न थाले, र अन्तर्राष्ट्रिय कानुनको प्रयोग र विकासमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू उठ्न थाले त्यसै गरी वि.सं. २०६४ पौष ६ मा नेपालको सर्वोच्च अदालतले सुनील वाबु पन्त समेत विरूद्ध नेपाल सरकार भएको मुद्दामा गरेको व्याख्याबाट नेपालमा पनि यौनिक तथा लैङ्गिक अल्प संख्यकहरूले मान्यता प्राप्त गरेका छन् र उनीहरूका अधिकारहरू स्थापित भएका छन् । "फरक लैङ्गिक पहिचान र फरक लैङ्गिक तथा यौनिक अभिमुखिकरणका आधारमा

भेदभाव गर्न नपाइने" भन्ने अदालतको व्याख्याले नेपालका कानुनहरूद्वारा हरेक नागरिकलाई प्राप्त हुने सबै संबैधानिक र कानुनी अधिकारहरू यौनिक तथा लैङ्गिक अल्पसंख्यकका हकमा पनि लागू हुने नजिर (न्यायिक सिद्धान्त) कायम भएको छ । अतः यसैका आधारमा नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारसम्बन्धी संबैधानिक तथा कानुनी प्रावधानको व्याख्या र विश्लेषण गरिनु पर्ने हुन्छ ।

हालको अन्तरिम संविधानको धारा ११६ (२) मा उल्लेखित "मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नु पर्नेछ" भन्ने संबैधानिक व्यवस्था र नेपाल सन्धी ऐन २०४७ को दफा ९ बमोजिम नेपाल पक्ष राज्य भएका सबै सन्धी संझौताहरू नेपाल कानुन सरह लागू हुने कानुनी व्यवस्था बमोजिम नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको हक अधिकारहरू पनि अन्य नेपाली नागरिकहरूमा लागू हुने राष्ट्रिय कानुनहरू सरह नै लागू हने देखिन्छ । यस अतिरिक्त, नेपाल पक्षराज्य भएका कुनै पनि अन्तर्राष्ट्रिय सन्धीहरूका व्याख्याको क्रममा स्थापित यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अन्तर्राष्ट्रिय कानुनद्वारा प्रदत्त अधिकारहरू पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू हुनेछन् ।

नेपालको सर्वोच्च अदालतबाट स्थापित नजीरले अव अन्तरिम संविधान र अन्य नेपाल कानुनले प्रत्याभूत गरेका हक अधिकारहरू यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूमा पनि लागू हुने भए पश्चात् सर्वोच्च अदालतले व्याख्याका क्रममा बोलेका कुराहरू के के हुन् त्यस तर्फ हेरिनु पर्दछ । उल्लेखित मुद्दामा अदालतले बोलेका कुराहरूको सार संक्षेप निम्न रहेका छन् –

- LGBTI हरू अर्थात् यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको लिङ्ग (sex) महिला वा पुरूष (Male or Female) अथवा Gender को हिसाबले Masculine / Feminine अथवा यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान जेभएपनि उनीहरू पनि प्राकृतिक व्यक्ति हुन् भन्ने कुरा विभिन्न खोज, अनुसन्धान र परीक्षणबाट स्थापित भएको छ ।
- कुनै पनि व्यक्तिको लैङ्गिक पहिचान उसको जैविक लिङ्गका आधारमा मात्र नभई उसको स्वभाव, चरित्र र अवधारणाले समेत निर्धारण गर्ने गर्दछ भन्ने मान्यता अव स्थापित भैसकेको छ ।
- सामान्यतया प्राकृतिक र जैविक आधारमा जन्ममा पुरूष वा महिला जे भए पनि शारीरिक विकासक्रम संगैं उनीहरूको स्वभाव उनीहरूको पहिचान अनुरूप नै या त Masculine or Faminine प्रकारको हुँदै जान्छ । तर सबै मानिसहरूलाई एउटै सिद्धान्तबाट हेर्न सकिदैन । केही व्यक्तिहरूमा भने जन्मदाको लिङ्ग विपरितको स्वभाव, आचरण एवं व्यवहार हुन जान्छ ।
- संविधानमा महिला र पुरूष भन्ने उल्लेख नभई लिङ्ग भन्ने शब्द मात्र उल्लेख भएमा यसले महिला पुरूष लगायत तेस्रो लिङ्गीलाई समेत समेट्न सक्ने देखिन्छ ।
- संविधानमा महिला र पुरूष दुई लिङ्ग मात्र उल्लेख हुँदैमा संविधानका मौलिक हकहरू वा अन्य कानूनी हकहरू वा नेपालले हस्ताक्षर गरेको मानव अधिकार सम्बन्धी विभिन्न महासन्धि वा मानव अधिकारहरू महिला र पुरूषले मात्र उपभोग गर्न पाउँछन् भन्ने अर्थ गर्न मिल्दैन ।
- महिला र पुरूष वाहेकका तेश्रो प्रकारको लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको व्यक्ति पनि नेपाली नागरिक एवम् प्राकृतिक व्यक्ति भएको कारण उनीहरूले पनि आफ्नै पहिचानमा संविधान,

कानून र मानव अधिकार सम्बन्धी सन्धि महासन्धिहरूले दिएका सम्पूर्ण हकहरू उपभोग गर्न पाउनुपर्छ । त्यस्तो हकको उपभोग गर्न पाउने वातावरण श्रृजना गर्ने र सो अनुसारको कानूनी व्यवस्था गर्ने दायित्व राज्यको हो । फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको कारण ती हकहरू उपभोग गर्न नपाउने वा महिला वा पुरूष भएमात्र ती हकहरू उपभोग गर्न पाउने भन्ने अर्थ गर्न मिल्दैन ।

- LGBTI हरूले आफ्नो पहिचानको अधिकार (Right to have one's own identity) को आधारमा विना भेदभाव आफ्नै पहिचान सहित नेपाल कानूनले दिएको हकहरू अरू सरह निर्वाध रूपमा उपभोग गर्न पाउनु पर्ने देखिन्छ ।
- वर्तमान सम्पत्ति सम्बन्धी कानून, नागरिकता लगायत व्यक्तिगत पहिचानसम्बन्धी कानून, बिवाह सम्बन्धी कानून लगायतका विभिन्न कानूनहरू पुरूष एवम् महिला केन्द्रित (Male and Female Sex Specific) रहेका देखिन्छन् । यस्ता कानुनले महिला र पुरूष वाहेक अन्य व्यक्तिको कुनै अस्तित्व नै मानेको देखिदैन । आफ्नै पहिचान कायम राखी मौलिक हक र स्वतन्त्रताको उपभोग गर्न नपाउने कानूनलाई भेदभावकारी कानून मान्नु पर्छ ।
- अन्तरिम संविधानको धारा १२ ले दिएको स्वतन्त्रता प्रत्येक व्यक्तिलाई हो । व्यक्ति भन्नाले प्रत्येक प्राकृतिक व्यक्ति (Natural person) लाई जनाउँछ । LGBTI पनि प्राकृतिक व्यक्ति (Natural person) भएको कारण उनीहरूले समाजमा ती सबै स्वतन्त्रताहरूको उपयोग गरी सम्मानपूर्वक बाँच्न पाउनु पर्छ ।
- स्वतन्त्रता सबै नागरिक, सबै व्यक्तिलाई समानताको आधारमा Right to have one's own Identity को रूपमा प्राप्त हुन्छ । तर भेदभावकारी वा स्वेच्छाचारी कानून बनाउदैमा भने यस्तो स्वतन्त्रता अपहरण हुन सक्दैन ।
- LGBTI अल्पसंख्यक भएपनि नेपाली नागरिक भएको कारण आफ्नै पहिचानमा ती हकहरू उपभोग गर्न पाउने उनीहरूको मौलिक अधिकार हो । राज्यले बनाउने नीतिहरूबाट आफ्नै पहिचानमा लाभान्वित हुन पाउने उनीहरूको हक हो ।
- कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता प्राप्त भएपछि अरू कुनै कारणले व्यक्तिका मौलिक मानव अधिकार उपभोगमा संकुचन हुन सक्दैन । स्वतन्त्र सहमतिबाट विवाह गर्ने, परिवार आरम्भ गर्ने, गोपनियतामा हस्तक्षेप नगरिने, जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभाव नगरिने भनी उल्लिखित अभिसन्धिले प्रत्याभूत गरेका अधिकारको समानरूपमा उपभोग गर्न पाउने हक LGBTI हरू लाई पनि स्वभाविक रूपमा प्राप्त छ ।
- प्राकृतिक तवरले जन्म एवं विकास भएकाहरूमा पनि कोही ठीक उचाइका ठीक तौलको चनाखो र स्वस्थ मनस्थितिका व्यक्तिहरू पनि हुन्छन् । कोही अपाङ्, कोही सुस्त मनस्थितिका (Handicapped) व्यक्ति पनि जन्मिएका हुन्छन् भने कोही अन्धो, कोही बहिरो, कोही पुड्को, कोही Deafmute जन्म भएका हुन्छन् ।
- LGBTI हरूमा अरू स्वभाव सामान्य हुन्छ । केवल sexuality मा मात्र पुरूष या महिला जस्तो विपरीत लिङ्गी प्रति आकर्षित नहुने, पोशाक पहिरन आदि भिन्न खालको लगाउने कारणले मात्र ती व्यक्तिहरू मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु हुँदैन ।

- पुरूष वा महिलाको लिङ्गीय पहिचान (जनेन्द्रीय) भएका कारण यी व्यक्तिहरू महिला वा पुरूष मानिए । यसरी महिला र पुरूष भनी स्पष्ट पहिचान भएका व्यक्तिहरूलाई चाहीं मौलिक हक उपभोग गर्नमा कुनै बाधा देखिंदैन । तर लैङ्गिक पहिचानका दृष्टिले स्पष्टरूपमा महिला र पुरूष भनी चिनिएका वाहेकका तेस्रो लिङ्गीहरूलाई चाँही मौलिक हक उपभोग गर्नमा बाधा पर्ने खालका संवैधानिक तथा कानुनी व्यवस्था हुनु उपयुक्त हुँदैन ।

- राज्यले यस्ता महिला र पुरूष वाहेकका तेस्रो लिङ्गी व्यक्तिहरूका लागि समेत आवश्यक व्यवस्था गर्नु पर्दछ । यदि लिङ्गको आधारमा पुरूष वा महिला भनी पहिचान भएको तर अपाङ्ग वा पुड्को वा Deafmute भएका व्यक्तिहरूले आफ्नै पहिचानमा संविधानले दिएको मौलिक हक वा मानव अधिकार सम्बन्धी महासन्धिहरूले दिएको मानव अधिकारको उपभोग गर्न पाउँछन् भने अरू सबै अवस्था सामान्य भएका तर केवल लैङ्गिक पहिचान र यौन चाहना मात्र फरक भएका व्यक्तिहरूले चाहि त्यस्तो अधिकारको उपभोग गर्न पाँउदैनन् भन्नु तर्कसंगत हुँदैन ।

- यस्ता व्यक्तिहरूले हाम्रो संविधानको भाग ३ का मौलिक हक र नेपालले हस्ताक्षर गरी नेपाल कानून सरह लागू भएका मानव अधिकार सम्बन्धी विभिन्न महासन्धिहरूले दिएको अधिकार आफ्नै पहिचानमा उपयोग गर्न नपाउने कानुनी व्यवस्था छ भने त्यस्तो व्यवस्थालाई स्वेच्छाचारी (Arbitrary), आधारहीन (Unreasonable) र भेदभावयुक्त (Discriminatory) मान्नु पर्ने हुन्छ र त्यस्तो कानुन कार्यान्वयन गर्ने राज्यको कार्य पनि Arbitrary, Unreasonable र Discriminatory नै मान्नु पर्दछ ।

- कानूनी व्यवस्थाहरू, नागरिकता, राहदानी, मतदाता नामावली, सुरक्षा जाँच लगायतका कतिपय ऐन नियमावलीमा भएका व्यवस्था लगायतका हाम्रा अभ्यासहरूले तेस्रो लिङ्गीको पहिचानलाई स्वीकार नगरेको मात्र होइन उनीहरूको अस्तित्वलाई नै पनि आत्मसात गरेको छैन । त्यस्तै प्रशासनिक निकायको सोच र सामाजिक परिवेशले पनि तेस्रो लिङ्गीलाई उनीहरूलाई प्रकृतिले प्रदान गरेको स्वभाव र चरित्र अनुरूपको जीवन यापन गर्न सहज नभएको समेतको परिस्थितिलाई विश्लेषण गरिनु आवश्यक भैसकेको छ ।

- पुरूष जनेन्द्रिय लिएर जन्मेको कुनै व्यक्ति वयस्क हुँदै गएपछि Feminine चरित्रको व्यवहार गर्न थाल्दछ र त्यसै प्रकारको पोशाक लगाई महिला जस्तो भएर हिड्दछ तर उसलाई राज्य वा समाजले प्रदान गरेको पहिचान खुल्ने प्रमाणपत्र (नागरिकता इत्यादि) भने पुरूषको परिचय देखिने खालको छ वा महिला जनेन्द्रिय लिएर जन्मेको कुनै व्यक्ति उमेर बढ्दै जाँदा Masculine चरित्रको व्यवहार गर्न थाल्दछ र त्यसै प्रकारको पोशाक लगाई पुरूष जस्तो भएर हिड्छ तर उसलाई राज्य वा समाजले प्रदान गरेको पहिचान खुल्ने प्रमाणपत्र (नागरिकता ईत्यादि) भने महिलाको परिचय देखिने खालको छ भने त्यस्ता व्यक्तिलाई पहिचानको समस्या पर्न जानु स्वभाविक नै हुन्छ ।

- समाजमा विकृति फैलिन्छ कि भन्ने धारणाका आधारमा मात्र यस्ता व्यक्तिको अधिकारलाई कानुनी रूपमा नै बेवास्ता गर्दै जाने हो भने हाम्रो मानव अधिकार प्रतिको प्रतिवद्धतामा अन्तर्राष्ट्रियस्तरमा नै प्रश्न उठ्न जान्छ । यस्ता व्यक्तिहरूले उनीहरूको आत्मानुभूति अनुरूपको व्यवहार, गतिविधि, आचरण गर्दैमा समाजले लैङ्गिक पहिचान बमोजिम निर्धारण गरिदिएको भन्दा अलग प्रकारको लवाई (Cross Dress) हुँदैमा समाजमा विकृति फैलन्छ भन्न मिल्दैन ।

- अरूको देखासिखीबाट मात्र मानिसले आफ्नो स्वाभाविक लैङ्गिक पहिचान त्यागेर अर्को पहिचान अगाल्ने होइन । यो समस्या कुनै Psychiatric समस्या नभएर प्राकृतिक रूपमा नै आउने स्वभावगत समस्या हो भन्ने कुरा चिकित्सा विज्ञानले प्रमाणित गरिसकेको छ ।

- चिकित्सा शास्त्र र विज्ञानले देखाएका निचोडहरूलाई अस्वीकार गरी यथास्थितिमा रहन सकिने अवस्था पनि हुँदैन । मानिसको स्वतन्त्रता, प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि व्यवस्थाहरू मानवअधिकारको दृष्टिकोणबाट मान्य हुन सक्दैनन् । धर्म, संस्कृति, परम्परा, मूल्य मान्यता जस्ता कुनै पनि आधारमा व्यक्तिको आधारभूत अधिकारलाई संकुचन गरिनु पनि हुँदैन ।
- तेस्रो लिङ्गीको अवधारणालाई कानूनी रूपमा स्वीकार नगरेको कारण त्यस्ता व्यक्तिहरूले आफ्नो पहिचान कायम राखी जीवन संचालन सहज रूपमा गर्न नसकेको कुरालाई पनि अन्यथा भन्न सकिने अवस्था छैन । जन्मदाको अवस्थामा देखिएको जैविक लिङ्गको आधारमा आफ्नो चरित्र स्वभाव विपरीतको पहिचान कायम राखी सार्वजनिक जीवनमा उपस्थित हुनु पर्ने वाध्यात्मक परिस्थिति अहिले पनि यथावत रहेको कुरा प्रति मानव अधिकार र मौलिक हकको सन्दर्भमा पुनर्विचार हुनु अति आवश्यक छ ।
- महिला र पुरूष वाहेक अन्य तेश्रो लिङ्गी लगायतका व्यक्तिहरूलाई यौन अभिमुखीकरण (Sexual Oriention) का आधारमा भेदभाव गर्न मिल्दैन । राज्यले महिला र पुरूष बाहेकका तेस्रो लिङ्गी प्राकृतिक व्यक्ति नागरिकहरूको अस्तित्वलाई स्वीकार गरी उनीहरूलाई पनि संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकहरूबाट वञ्चित गर्न सक्दैन ।
- बच्चा पैदा हुँदा सामान्य महिला र पुरूष भन्दा फरक अन्तर लिङ्गी पनि जन्मने गर्दछन् । या जन्मदा एउटा लिङ्गीमा जन्मेको भए पनि जैविक (Biological) र प्राकृतिक (Natural) प्रक्रिया अनुसार जन्मदा भन्दा अर्को लिङ्गीमा विकास भई जन्मदाको भन्दा फरक लिङ्गीमा लैङ्गिक स्वरूप परिवर्तन हुन सक्छन् । यस्तो परिवर्तन हुँदैमा तिनीहरू मानव जाति वा नागरिक नै नहुने होइनन् ।
- यही कारणले गर्दा भाग ३ का मौलिक हकहरू Human Being भएको कारण तेस्रो लिङ्गीलाई पनि समान रूपले प्राप्त हुने हक हो । महिला पुरूष जस्तै तेश्रो लिङ्गी वा समलिङ्गी पनि मानिस नै हुन् । महिला र पुरूष बाहेकका तेश्रो लिङ्गी वा समलिङ्गी सबै मानव हुनुका साथसाथै यो देशको नागरिकहरू पनि हुन् ।
- गोपनियताको अधिकार मानिसको आधारभूत मौलिक अधिकार हो । यौनिक क्रियाकलापको बिषय गोपनियताको परिभाषाभित्र पर्दछ । कानूनले निर्धारण गरेको उमेर पूरा गरेका व्यक्तिहरूले कसरी यौन सम्पर्क (Sexual Intercourse) राख्दछन् र त्यस्तो सम्पर्क प्राकृतिक अप्राकृतिक के हो भनी प्रश्न गर्ने अधिकार कसैलाई पनि प्राप्त हुनु हुँदैन ।
- जसरी महिला र पुरूषहरू (विपरीत लिङ्गी) ले गर्ने यौन सम्पर्कमा गोपनियताको हक सुरक्षित छ त्यस्तो अधिकार फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका तेश्रो लिङ्गी व्यक्तिहरूको हकमा पनि समान रूपमा आकर्षित हुन्छ । त्यसैले यौनिक क्रियाकलापलाई अप्राकृतिक भनी समलिङ्गी र तेश्रो लिङ्गीहरूको लैङ्गिक पहिचान र यौन अभिमुखीकरणलाई अस्वीकार गर्न सकिने अवस्था हुनु हुँदैन ।
- जब कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्दछ तत्पश्चात उसको जैविक लिङ्ग के हो ? निजले कस्तो यौन साथी रोज्नु पर्ने हो, कस्तो व्यक्तिसंग बैवाहिक सम्बन्ध कायम गर्नु पर्ने हो भन्ने कुराको निर्धारण अरू व्यक्ति, समाज, राज्य वा कानूनले गरिदिने होइन । यो नितान्त रूपमा त्यस्तो व्यक्तिको वैयक्तिक आत्मनिर्णयको अधिकार अन्तर्गत पर्ने बिषय हो ।

### यौनिक तथा लैङ्गिक अल्पसंख्यकका हकमा संबैधानिक संरक्षणको आवश्यकता

यौनिक तथा लैङ्गिक अल्पसंख्यक अर्थात् महिला समलिङ्गी, पुरूष समलिङ्गी, द्विलिङ्गी, तेश्रो लिङ्गी, र अन्तरलिङ्गी (LGBTIs) हरू यौन अभिमुखिकरण र लैङ्गिक पहिचान र/वा अभिव्यक्तिका आधारमा उनीहरू प्रति समाजको बुझाइ र व्यवहारको कारण पिछडिएका अल्पसंख्यक हुन् । वास्तवमा नेपालका महिला समलिङ्गी, पुरूष समलिङ्गी, द्विलिङ्गी, तेश्रो लिङ्गी, र अन्तरलिङ्गीहरूले परिवार, समाज एवं राज्यबाट गम्भीर लान्छना र भेदभावहरूको सामना गर्न परेको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू संग दिनहु जसो घरेलु, सामाजिक वा राज्य हिंसाको अनुभव छ । उनीहरू यस विषय प्रति सचेत नभएका सुरक्षा निकायहरूबाट स्वेच्छाचारी हिरासत, क्रुर अमानवीय एवं अपमानजनक व्यवहारबाट पीडित भएका छन् । राष्ट्रिय मानवअधिकार आयोग र महिला समलिङ्गी, पुरूष समलिङ्गी, द्विलिङ्गी, तेश्रो लिङ्गी, र अन्तरलिङ्गीहरूको विषयमा वकालत गर्ने संस्था नील हिरा समाज (BDS) ले सुरक्षा निकायबाट यिनीहरू प्रति भएका वलात्कार र निर्घात कुटपीट, विनाकारण लामो समयसम्म थुनामा राखिएका र हिरासतमा रहदा खाना, पानी नदिएको एवं दुर्व्यवहार र हैरानी बेहोरेका धेरै घटनाहरूको अभिलेख राखेको छ ।

नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यक जन समुदायले समानरूपमा भोगेका भेदभाव र लान्छाना सम्बन्धी अभिलेखित अन्य प्रकारका घटनाहरूमा परिवारका सदस्यहरूले गरेका इन्कारी र/वा विपरित लिङ्गीसंग जवरजस्ती विवाह गरिदिने; पैत्रिक सम्पतिबाट विमुख; विद्यालयबाट निष्कासन, सरकारी सेवामा समेत रोजगारीबाट बरखास्ती (हाल सरकारी सेवाको कुनै पनि तहमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको प्रतिनिधित्व छैन ।); सुरक्षा निकाय (नेपाली सेना र माओवादी सेना दुवै तर्फ)बाट निष्काशन; र शारीरिक एवं मानसिक यातना जस्ता घटनाहरू पर्दछन् ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूले उनीहरूको लैङ्गिक पहिचान झल्किने गरी नागरिकता, राहधानी एवं पहिचान दिने अन्य परिचय पत्रका अभावमा आइपरेका समस्याहरू पनि अभिलेखन गरिएका छन् । उदाहरणका लागि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई उनीहरूको वास्तविक लैङ्गिक पहिचानसंग नमिल्ने परिचयका कागजातहरूबाट राज्य पक्ष स्पष्ट नहुँदा एअरपोर्ट तथा सरकारी भवनहरू जस्ता स्थानहरूमा प्रवेश बन्देज भएको छ । त्यस्तै, समुदायका व्यक्तिहरू उपचारका लागि अस्पतालमा जादा सम्म पनि तिमी त कस्तो के भन्ने जस्ता प्रश्न गरी अनावश्यक हैरानी व्यहोर्न परेको अवस्था छ । यस्ता कुनै निकाय छैनन् जहाँ जैविकताका आधारले पाएका परिचयका कागजातहरू लिएर हिडेको तेश्रो लिङ्गी व्यक्तिलाई अवरोध नदिएको अवस्था होस् । तसर्थः वर्तमान अवस्थामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानवअधिकार संरक्षणका लागि नयाँ बन्ने संविधानमा उनीहरूको हक अधिकार र विशेष संरक्षण सहितको संबैधानिक सुनिश्चितता नै हो ।

## ११. आधारभूत कानुनी अधिकार र त्यसको उपयोग

मुद्दालाई सामान्यतयाः दुई किसिमले वर्गीकरण गरी हेर्न सकिन्छ । अपराध संग सरोकार राख्ने विषयवस्तु भएको मुद्दालाई फौजदारी र पद तथा सम्पतिको हक संग सरोकार राख्ने विषयवस्तु भएको मुद्दालाई देवानी भन्ने गरिन्छ । फौजदारी विषयवस्तुलाई पनि दुई किसिमले बर्गीकरण गरिएको पाइन्छ, जस अन्तर्गत सरकारवादी फौजदारी र दुनियाँवादी फौजदारी पर्दछन् । त्यस्तै, देवानी विषयवस्तु पनि दुई वर्गमा वर्गीकरण गरिएको पाइन्छ, सरकारवादी देवानी र दुनियाँवादी देवानी ।

## सरकारवादी फौजदारी मुद्दा संग सरोकार राख्ने केही आधारभूत व्यवस्थाहरु

### पक्राउ तथा थुना

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ अनुसार कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन । जुन प्रावधानले प्रहरी लगायत अन्य कुनै अनुसन्धान गर्ने निकायले कसैलाई पनि बिनाकारण, बिना प्रकाउ पुर्जी (पक्रनु पर्ने कारण खोलेको कागज) पक्रन तथा थुनामा राख्न तथा राख्न लगाउन पाउंदैन । पक्राउ गर्दा किन पक्रेको हो कारण सहितको पुर्जी देखाउन लगाउनु पर्छ । उक्त पुर्जीमा कुन अपराध गरेको वा कुन कानुन अन्तरर्गत पक्राउ गरेको भन्ने खुलाईएको हुनुपर्दछ । पक्राउ परेको व्यक्तिलाई यथासक्य चाँडो स्वास्थ्य परिक्षण गराउने दायित्व समेत राज्यको हुन्छ । साथै पक्राउ परेको व्यक्तिलाई अनुसन्धानको क्रममा थुनामा राख्नु पर्ने अवस्था भएमा के कारणले थुनामा राख्न परेको हो सो व्यहोरा जनिएको थुनुवा पुर्जी दिएर मात्र थुनामा राख्न सक्तछ । पक्राउ पर्ना साथ निज व्यक्तिलाई आफुले रोजेको कानुनव्यवसायी संग सल्लाह लिने अर्थात् पक्राउ परेको व्यक्तिले आफुले शुल्क तिरी कानुनव्यवसायी संग सल्लाह लिन सक्ने अवस्था नभएमा राज्यले नै व्यवस्था गरिदिएको निशुल्क कानुनी सेवा प्रदान गर्ने कानुनव्यवसायी मार्फत कानुनी सल्लाह लिन पाउने अधिकार समेत संविधानले सुनिश्चित गरेको छ । साथै अनुसन्धानको क्रममा पक्राउ गरी थुनामा राखिएको व्यक्तिलाई बाटाको म्याद वाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ । मुद्दा हेर्ने अधिकारी भन्नाले के कुन अपराध अन्तर्गतको मुद्दा के कुन निकायको कसले हेर्ने भन्ने छुट्टा छुट्टै कानुनी व्यवस्था भएको हुँदा सोही बमोजिमको निकायको तोकिएको व्यक्ति समक्ष उपस्थित गराउने भन्ने बुझिन्छ । जस्तैः केही सार्वजनिक अपराध, हात हतियार खर खजना, कालो बजारी जस्तो मुद्दामा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष; कर्तव्य ज्यान, चोरी, ज्यान मार्ने उद्योग जस्ता मुद्दामा सम्बन्धित जिल्ला अदालतका न्यायधिश समक्ष; भ्रष्टाचारको मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले थुनामा राखेको अवस्था भएमा तोकिएको विशेष अदालतका न्यायधिश समक्ष बाटाका म्याद बाहेक २४ घण्टा भित्र उपस्थित गराउनु पर्दछ ।

यो संबैधानिक प्रावधान यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूमा पनि समानरूपमा लागू हुन्छ । यसका अतिरिक्त महिला समलिङ्गी र तेस्रोलिङ्गी व्यक्तिहरूलाई पक्राउ गर्दा महिला प्रहरीले मात्र प्रक्राउ गर्न मिल्छ । महिला समलिङ्गीलाई महिला थुनुवा गृहमा राख्नु पर्छ । तेश्रो लिङ्गी महिला, समलिङ्गी महिला र तेश्रो लिङ्गी पुरूषलाई भए छुट्टा छुट्टै थुनुवा गृहमा नभएमा महिला थुनुवा गृहमा राख्नु पर्दछ । पक्राउ गरिएको व्यक्तिलाई मानसिक तथा शारीरिक कुनै पनि यातना दिन पाइँदैन ।

### जवरजस्ती करणी (बलात्कार)

हाम्रो मुलुकी ऐनको जवरजस्ती करणीको महलको १ नं. ले कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा १६ बर्ष भन्दा कम उमेरकी वालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले जवरजस्ती करणी गरेको ठहर्छ । सोही महलको ९ क नं. ले कसैले कुनै नावालक संग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जवरजस्ती करणी गरेको मानी यसै महलको ३ नं. बमो जिम हुने सजायमा थप १ बर्ष सम्म कैद गरी त्यस्तो नावालकलाई निजको उमेर र उसलाई पुग्न

गएको मार्का समेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनाशिव माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्दछ भन्ने व्यवस्था छ । यो व्यवस्थाले बिना मंजुरी, बिना सहमति, डर, त्रास, धाक धम्की देखाएर, शरीर बन्धक लिएर, अपहरण गरेर गरिने यौन सम्पर्कलाई जवरजस्ती करणी भनेको छ । होस् ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई समेत मञ्जुरी मानिन्न । १६ वर्ष उमेर नपुगेका नावालकलाई सहमतीमा नै कसैले यौन सम्पर्क गरेमा पनि जवरजस्ती करणी हुन्छ । कानुनले अप्राकृतिक मैथुन भनी केवल नावालक मात्र उल्लेख गरेकोले छोरा मानिसलाई करणी हुन सक्ने संभावना औल्याएको पाइन्छ । यो प्रावधानले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई समेट्न सकेको छैन । यसका निम्ति सम्मानित सर्वोच्च अदालतबाट २०६४ पौष ६ गते भएको नेपाल सरकारका नामको निर्देशनात्मक आदेशलाई ग्रहण गर्न सकिन्छ । सो निर्देशनात्मक आदेश पश्चात् कसैले कुनै व्यक्तिलाई निजको मञ्जुरी नलिई करणी गरेमा (करणी भन्ने शब्दले योनीमा हुने करणी, मलद्वारमा हुने करणी, मुख मैथुन) वा १६ बर्ष भन्दा कम उमेरको नावालकलाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले जवरजस्ती करणी गरेको ठहर्छ भनी बुझ्नु पर्ने हुन्छ ।

कसैले पनि कसैलाई डर धाक धम्की देखाएर वा नावालकको मञ्जुरी लिएरै पनि करणी गरेमा कानूनद्वारा सजाय हुन्छ । कसैले कसैलाई जवरजस्ती करणी गरेमा सर्वप्रथम प्रहरीमा उजुरी दिनु पर्छ । प्रहरीकै सहयोगमा यथासिघ्र मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परिक्षण गराउनु पर्छ । स्वास्थ परिक्षण नगराई नुहाउनु हुँदैन, घटनास्थलको प्रकृति बदल्नु हुँदैन, घटनास्थलमा भएको प्रमाणहरू मेटाउनु हुँदैन, घटनाको समयमा लगाएको कपडा प्रमाणका लागि उस्तै राख्नु पर्छ, तुरुन्तै धुनु, पखाल्नु हुँदैन । स्वास्थ्य परिक्षण नगराई अन्य व्यक्ति संग यौन सम्पर्क गर्नु हुँदैन । जवरजस्ती करणी भएकोमा पीडित, पीडितको आफ्नो मानिस वा थाहा पाउने जो सुकैले पनि नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त (निवेदन) दिन सकिन्छ । जवरजस्ती करणी भएकोमा घटना घटेको मितिले ३५ दिन भित्र उजुरी दिनु पर्दछ । जवरजस्ती करणीको अपराधमा पीडकलाई पीडितको उमेरलाई हेरी ५ वर्ष देखि १५ बर्ष सम्मको कैद सजाय, उचित क्षतिपूर्तिका साथै पीडितलाई पीडकको आधा अंश सर्वश्व गरी दिलाउने सम्मको व्यवस्था छ ।

## मानव वेचविखन तथा ओसार पसार

कसैले कुनै पनि उदेश्यले मानिस बेच विखन गर्न, वेचविखन गर्ने उदेश्यले कुनै मानिसलाई विदेशमा लैजान ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउने कार्यलाई मानव वेचविखन भनिन्छ । मानिसलाई वेचविखन गर्न, दास वनाउन पाईदैन । यदि वेच विखन गरेमा नजिकको प्रहरी कार्यालयमा आफुलाई बेच्ने बिरूद्ध उजूरी गर्नु पर्छ । उजूरी पीडित स्वयं, निजको आफन्त, साथी वा अन्य जो सुकैले पनि गर्न सक्दछ । मानव वेचविखन गम्भीर अपराध भएकोले जहिले सुकै उजुरी दिन सकिन्छ । मानव वेचविखन गर्ने व्यक्तिलाई कसुरको प्रकृति हेरी २० बर्षसम्म कैद सजाय हुन सक्तछ । मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ ले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई समेत समेटेको अवस्था पाइन्छ । ऐनले स्वास्नी मानिसलाई मात्र वेश्यावृत्तिमा लगाउन सक्ने प्रावधान राखेको छैन । सर्वोच्च अदालतको निर्देशनात्मक आदेशले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू बीचको शारीरिक सम्पर्कलाई विपरित लिङ्गीहरू वीचको शारीरिक सम्पर्क समान मान्दछ । यस अर्थमा यौ

निक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई वेश्यावृत्तिमा लगाउने, वेश्यावृत्तिको प्रयोजनका लागि विदेशमा लगी विक्री गर्ने लगायतका मानव वेचविखनका कार्यहरू भएमा प्रस्तुत ऐन आकर्षित हुनेछ । समुदायका व्यक्तिहरूलाई वेचविखन गरेको, वेश्यावृत्तिमा लगाएको जस्ता अवस्थामा सर्वप्रथम पीडित स्वयंले, निजको आफन्तले अर्थात् अन्य जो कोहीले नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सक्तछ । यस विषयमा सम्बन्धित प्रहरी कार्यालयले ऐनको गलत अर्थ गरी हामी केही गर्न सक्तैनौ भनी जवाफ दिएको अवस्थामा वा वेवास्ता गरेको अवस्थामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा जाहेरी दरखास्त दर्ता गराउन सकिन्छ । यदि यस्तो दरखास्त दर्ता नगरेमा प्रस्तुत विषयवस्तु गम्भीर मानवअधिकारको उल्लंघनको विषय हुन्छ र यस विषयमा राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकारको उच्च आयुक्तको कार्यालय, नेपाल प्रहरीको मानवअधिकार सेल, मानव-अधिकारका क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरूमा उजुरी दिई उपचार खोज्न सकिन्छ ।

## दुनियाँवादी फौजदारी अपराधसंग सरोकार राख्ने केही आधारभूत व्यवस्थाहरु

### यातना

अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिइएको शारीरिक वा मानसिक यातना, निज उपर गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत यातना भनिन्छ । यस परिभाषाले शारीरिक र मानसिक दुई किसिमको यातना हुने कुरा औल्याएको पाइन्छ । सुरक्षाकर्मीद्वारा सर्वसाधारणलाई पक्राउ गरी थुनामा राखी वा अन्य कुनै अवस्थामा समेत शारीरिक वा मानसिक किसिमले यातना हुन्छ भन्ने कुरालाई नेपाल सरकारले मनन गरी यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको महासन्धी (CAT), १९८४ को पक्ष राष्ट्र भएको हुँदा सोही महासन्धीको प्रभाव स्वरूप यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ लागू गरेको छ । यस ऐनले यातनाको परिभाषा गर्ने क्रममा अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई भन्ने उल्लेख गरी महासन्धीको उदेश्यलाई पूर्णरूपमा समेट्न नसकेको हो कि भन्ने जस्ता आशंका उत्पन्न भएको अवस्था छ । अर्थात् थुनामा रहेको व्यक्तिको हकमा मात्र यातना भएमा प्रस्तुत ऐनले समेट्दछ, अन्यथा अरू अवस्थामा सुरक्षाकर्मीले जे जसो गरी यातना दिए पनि ऐनको परिभाषामा पर्दैन भन्ने खालको गलत व्याख्या गर्ने गरिएको पाइन्छ । वास्तविकता त्यस्तो नभई महासन्धीको उदेश्य पुरा गर्नका लागि प्रस्तुत ऐन आएको हो । महासन्धीको धारा १ लाई हेर्दा यातना भन्नाले कुनै काम जसले दर्द वा पीडा (वेदना) चाहे त्यो शारीरिक वा मानसिक होस्, जानी जानी (बदनियतले) कुनै व्यक्तिलाई निजबाट वा तेश्रो व्यक्तिबाट सूचना प्राप्त गर्ने वा सावित गर्ने उदेश्यले, निजले वा तेश्रो व्यक्तिले गरेको वा गरेको भन्ने शंका भएको भन्ने लागि सजाय (दण्ड) दिने उदेश्य वा उसलाई वा तेश्रो व्यक्तिलाई कुनै पनि किसिमको भेदभावको कारणले धम्क्याउने वा रूखो व्यवहार गर्ने वा जहाँ यस्तो दुख वा वेदना सार्वजनिक अधिकारी वा उसको उक्साहटमा वा उसको मञ्जुरी वा सहमतिले वा अन्य व्यक्तिको सहमतिले जो सरकारी हैसियतमा रहेको छ, गरिएको होस् भनी उल्लेख भएको पाइन्छ । महासन्धीको उक्त धाराको प्रावधानलाई हेर्दा अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको अवस्थामा भन्ने कुरालाई कुनै पनि सार्वजनिक अधिकारीद्वारा जुनसुकै अवस्थामा कोही व्यक्तिलाई यातना दिएको वा निज मार्फत दिइएको अवस्थामा प्रस्तुत ऐनको परिभाषामा समेटी व्याख्या गर्ने गर्नु

पर्दछ । नेपालको सन्दर्भमा अदालतले व्याख्या गर्ने क्रममा सुरक्षाकर्मीले जुनसुकै अवस्थामा यातना दिएको वा दिन लगाएकोमा सम्म प्रस्तुत यातनाको परिभाषा भित्र राखी व्याख्या गर्ने गरिएको पाइन्छ । तर महासन्धीको भावना अनुसार सार्वजनिक अधिकारीद्वारा गरिने वा गर्न लगाइने यातनालाई हाम्रो अदालतले यातनाको परिभाषा भित्र राख्न सकेको अवस्था छैन । अझ गहिरिएर हेर्ने हो भने यातना क्षतिपूर्ति मुद्दामा पीडितलाई रू १ लाख सम्म क्षतिपूर्ति रकम जुन राज्यले दिनुपर्दछ, सो नभएर सांकेतिक रूपमा सो रकमसम्म अदालतले दिलाउने गरेको अभ्यास छ । न कि पीडकलाई ऐनको आसय अनुसार हुनुपर्ने अवकाश सम्मका विभागीय सजाय नतोकी एक पटक सचेत गराउने भन्ने सम्मका फैसलाहरू गरिएका पाइन्छन् । कथंकदाचित विभागीय सजाय हुने गरी फैसलाहरू भइहाले पनि सो फैसला पूर्व नै निज पीडकले अवकाश लिने, बढुवा हुने, सरूवा हुने, विदेशमा रहने, फैसला पूर्व नै विभागीय सजाय गरिसकिएको भन्ने आदि जस्ता विभिन्न वाहनावाजी स्वरूप त्यसको सफल कार्यान्वयन भने हुन सकेका छैनन् ।

यातनासम्बन्धी महासन्धी र सो महासन्धीको भावनालाई समेट्ने गरी आएको यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ऐन आफैमा केही कमीकमजोरी भएको भए तापनि प्रस्तुत ऐनले यौनिक तथा लैङ्गिक अल्प संख्यक समुदायलाई अलग्याएको भने पाइँदैन । प्रस्तुत ऐनको उदेश्य बमोजिम सुरक्षाकर्मीले कोही पनि चाहे त्यो महिला, पुरूष, समलिङ्गी तेश्रो लिङ्गी कोही कसैलाई यातना दिन पाइँदैन भन्ने हो । यदि सुरक्षाकर्मीले कुनै पनि किसिमको यातना जो कोहीलाई दिएमा तुरुन्तै मान्यता प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गराउनु पर्छ । साथै उक्त घटनाको बारेमा राष्ट्रिय मानबअधिकार आयोग, राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको कार्यालय, मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुमा तथा नेपाल प्रहरीको मानवअधिकार सेलमा उजुरी दिन सकिन्छ । यो कानुनी उपचारको बाटो नभई मानवअधिकार संरक्षणको प्राथमिक उपचार हो । त्यस पश्चात् पीडित व्यक्ति आफु थुनाबाट मुक्त भएको ३५ दिन भित्र वा यातना भएको मितिले ३५ दिन भित्र पीडक उपर यातना क्षतिपूर्ति मुद्दा यातना भएको इलाकाको जिल्ला अदातलमा दर्ता गराउन सकिन्छ । यातना पीडित व्यक्ति स्वयंले उजुरी गर्न वा अदालतमा मुद्दा दर्ता गराउन असमर्थ भएमा निजको परिवारको सदस्यले वा निजले रोजेको कानुनव्यवसायीले समेत उजुरी गर्न वा अदालतमा मुद्दा दर्ता गराउन सक्नेछन् । कानुनतः यातना क्षतिपूर्ति मुद्दामा अदालतले पीडकलाई अवकाश सम्मको विभागीय सजाय गरी राज्य तर्फबाट रू १ लाख सम्मको क्षतिपूर्ति पीडितलाई दिलाउने व्यवस्था छ ।

## कुटपीट

कसैले कसैलाई हात हतियार उठाई वा अरू कुनै प्रकारले रगत पच्छे, घा चोट अंगभंग पारेमा वा जिउमा अरू पीडा नोक्सान हुने काम गरेमा कुटपीट हुन्छ । कुटपीट साधारण र अङ्गभङ्ग गरी २ प्रकारका हुन्छन् । साधारण कुटपीट भन्नाले शरीरमा सामान्य चोटपटक लाग्नुलाई जनाउँछ । जस्तैः शरीरमा नील, डाम हुने, घा चोट लाग्नु आदि । अंगभंग कुटपीट भन्नाले अंग भंग हुने प्रकृतिको कुटपीटलाई जनाउँदछ । जस्तैः आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी अन्धो गरी दिएमा, नाकको सुघ्ने शक्ति हरण गरिदिएमा, कानको सुन्ने शक्ति हरण गरी बहिरो गरी दिएमा, जिब्रोको वोल्ने शक्ति हरण गरिदिएमा, स्वास्नी मानिसको दुध काटी बेकम्मा गरिदिएमा, नलफलको पुरूषत्व हीन गरी नपुंशक गरिदिएमा, मेरूदण्ड डडाल्नो, हात खुट्टा वा यिनैको जोर्नी फोरी फुकाली बेकम्मा पारी

दिएमा आदि । साधारण कुटपीट व्यक्तिवादी फौजदारी मुद्दा हुन्छ । साधारण कुटपीट भएमा पीडितले जतिसक्दो चाँडो नजिकको प्रहरी कार्यालय, गाउँ बिकास समिति वा नगरपालिका वा सम्बन्धित मुद्दा हेर्ने अड्डा मार्फत नजिकको अस्पताल वा मान्यता प्राप्त स्वास्थ्य संस्थामा गै जचाँउनु पर्दछ ।

सो स्वास्थ्य परिक्षणको रिपोर्ट राखी पीडक (कुटपीट गर्ने) उपर कुटपीट भएको इलाकाको जिल्ला अदालतमा ३५ दिन भित्र फिरादपत्र (मुद्दा) दर्ता गराउनु पर्दछ । अदालतले निज पीडकलाई झिकाई बुझि स्वास्थ्य परिक्षण रिपोर्ट (घाँ केश फारम) समेतको आधारमा पीडकलाई कैद र जरीवाना दुवै वा जरीवाना सम्मको सजाय गरी पीडितलाई औषधी उपचार खर्च र क्षतिपूर्ति रकम समेत दिलाई भराई दिन्छ ।

अंगभंग कुटपीट भएको अवस्थामा यथासक्य चाँडो नजिकको प्रहरी कार्यालयमा गई पीडित वा आफन्तले सूचना गरी प्रहरी कार्यालय कै अनुरोधमा मान्यता प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गराई अंगभंग कुटपीट गर्ने व्यक्तिलाई पक्राउ गराई निज व्यक्तिलाई थुनामा नै राखी मुद्दाको अनुसन्धान गर्नु पर्ने हुन्छ । अंगभंग कुटपीट सरकारवादी फौजदारी मुद्दा हुने भएकोले यसको सम्पूर्ण अनुसन्धान प्रहरीद्वारा हुन्छ । पीडितको तर्फबाट सरकारी वकिलले मुद्दामा बहस पैरवी गर्दछ । अदालतले अपराध गर्ने व्यक्तिलाई कैद सजाय समेत गराई पीडितलाई औषधी उपचार खर्च र क्षतिपूर्ति रकम समेत दिलाई भराई दिन्छ । यस्तो मुद्दा अंगभंग भएको मितिले ३ महिनाभित्र घटना घटेको इलाकाको जिल्ला अदालतमा प्रहरीद्वारा दर्ता गरिन्छ ।

प्रस्तुत कुटपीटको अपराधमा ऐन कानुनले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई कही कतै अलग गरेको छैन । कानुनले महिला पुरूष र तेश्रो लिङ्गी/समलिङ्गी कसैलाई अलग्याएर हेरेको छैन । समग्रमा मानवका लागि व्यवस्था गरिएको अवस्था छ । यस अर्थमा समुदायका लागि छुट्टै कानुन नभएको भए तापनि विभेद छैन । कुटपीट संगै सरोकार राख्ने जुन घटना सार्वजनिक स्थानमा हुने गर्दछ र जसले समाजमा शान्ति सुरक्षा खलल गर्ने खालका कार्यहरू हुने गर्दछन् त्यस्तो अवस्थामा उक्त घटना कुटपीट नभै सार्वजनिक अपराध हुने गर्दछ । सार्वजनिक अपराध मुद्दा सरकारवादी फौजदारी मुद्दा हुने भएकोले घटना घटे पश्चात ७ दिन भित्र पीडितले लिखित वा मौखिक रूपमा नै उजुरी गरेको अवस्थामा प्रहरीले कसुरदारलाई पक्राउ गरी अनुसन्धान गरी जिल्ला प्रशासन कार्यालय समक्ष मुद्दा दायर गर्ने गर्दछ । केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ बमोजिम प्रमुख जिल्ला अधिकारीले निज अपराध गर्ने व्यक्तिलाई कसुरको मात्रा अनुसार सजाय गरी पीडितलाई हानी नोक्सानी भएको विगो दिलाई घाँ चोट भएको अवस्थामा उपचार खर्च र उचित क्षतिपूर्ति समेत दिलाई दिने गरिन्छ ।

प्रस्तुत केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को गलत प्रयोग गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका तेश्रो लिङ्गी/समलिङ्गी व्यक्तिहरूलाई एकल रूपमा वा सामूहिक रूपमा समेत मुद्दा लगाउने गरेको पाइन्छ । ऐनले नेपाल राज्यका विभिन्न क्षेत्रमा शान्ति र व्यवस्था कायम राख्न र सर्बसाधारण जनताको सुविधा, सदाचार र नैतिकता कायम राख्न केही सार्वजनिक अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी सजायको व्यवस्था गर्न वान्छनीय भएकोले प्रस्तुत ऐन समाजमा आएको कुरा उल्लेख गर्दछ । समुदायका व्यक्तिहरू आफ्नो अन्तरआत्माले मागेको पहिरनमा विना रोकावट हिड डुल गर्न पाउने अधिकार साथै आफुले रोजेको साथीसंग हिडडुल गर्न पाउने अधिकारलाई कुण्ठित गर्नका लागि विकृति र विसंगतिको संज्ञा दिई राज्यले प्रस्तुत ऐनको गलत व्याख्या गरी विपरित लिङ्गी महिला र पुरूषको

सोचमा रहेको राज्य सत्ताको पहरेदारीको रूपमा रहेकोले प्रस्तुत मुद्दा लगाउने गरिएको पाइन्छ । तर हालको अवस्थामा सर्वोच्च अदालतको निर्देशनात्मक आदेश पश्चात् यस्ता घटनाहरू कम हुने गरेको छ । समुदायका व्यक्तिहरू आफ्नो अन्तरआत्माले मागेको पहिरनमा विना रोकावट हिडडुल गर्न र आफुले इच्छाएको जीवन साथी राख्न उक्त ऐनले वाधा पुऱ्याएको पाइदैन ।

कानुनतः कुटपीट मात्र भएकोमा ३ बर्ष, हतियारले हानी घोची घाउ पारे वा आगोले पोले डामेकोमा ६ बर्ष, अंगभंग पारेकोमा भए १० बर्ष सम्मको कैद सजाय हुने व्यवस्था छ ।

## यौन शोषण वा यौन दुर्व्यवहार

यौन शोषण वा यौन दुर्व्यवहार भन्नाले कसैले पनि कसैलाई उसको इच्छा बिपरित सम्वेदनशिल अंग छोएमा वा छुने प्रयास गरेमा वा आफ्नो यौन सम्वन्धी अंग छुन तथा समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य यस्तै शब्दहरू प्रयोग गरी जिस्काएमा, जवरजस्ती यौन सम्पर्क राखेमा यौन शोषण वा यौन दुर्व्यवहार भनिन्छ ।

विद्यमान ऐन कानुनलाई हेर्दा यौन शोषण वा दुर्व्यवहारलाई २ वटा ऐनले समेटेर हेर्न सकिन्छ । पहिलो, मुलुकी ऐन, २०२० को आसय करणीको महल र दोश्रो भर्खरै संविधानसभा- व्यवस्थापिका संसदद्वारा पारित घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ । यी दुई मध्ये मुलुकी ऐन, २०२० को आसय करणीको महलको १ नं. ले "कसैले कुनै महिलाको मञ्जुरी विना निजको संबेदनशील अंग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वभाविक रूपमा एकान्त ठाउँमा लगेमा, आफ्नो यौन सम्बन्धी अंग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा, यौनका आसयले जिस्काएमा वा हैरानी दिएमा वा निज संग यस्तै अन्य कुनै किसिमले अस्वभाविक व्यवहार गरेमा वा निजलाई करणीका आसयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ" भनी नितान्त महिलाको लागि मात्र प्रस्तुत परिभाषाले समेटेको पाइन्छ । अर्को घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा २ (क) मा भएको घरेलु हिंसाको परिभाषाले "कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँदछ" भन्ने कुरा सम्म रहे को पाइन्छ । साथै, सोही दफाको २(ङ) मा यौनजन्य यातना भन्नाले "यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै कार्य सम्झनुपर्दछ" भनी यौनजन्य यातनाको अझ गहिरिएर परिभाषा गरिएको पाइन्छ । यी दुवै ऐनले यौन शोषण र यौन दुर्व्यवहारको कुरा गर्दछन् तथापी पनि स्पष्ट रूपमा सवैलाई समेट्ने गरी परिभाषा गरिएको पाइदैन । जुन व्यवस्थाले सबै व्यक्ति विशेष र समुदायका लागि कानुनी रूपमा समेट्दछ, त्यस्तो अवस्थामा यौन शोषण र यौन दुर्व्यवहार भएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दर्ता गराउन सकिन्छ । अन्यथा प्रस्तुत विषयवस्तु मानवअधिकारको उल्लंघनको विषय हुन्छ ।

यौन शोषण वा दुव्यर्वहार यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू माथि अझ बढी हुने गरेका उदाहरण प्रशस्तै छन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू कसैलाई पनि डर धाक धम्की देखाई वा अन्य कुनै प्रलोभवनमा पारी जवरजस्ती यौन शोषण, यौन दुर्व्यवहार गर्न पाईदैन । कसैले

जवर्जस्ती यौन शोषण वा दुर्व्यवहार गरेमा त्यसको जानकारी आफ्नो समुदाय वा यौनिक तथा लैङ्गिक अल्पसंख्कहरूको हक हितको लागि काम गर्ने संघ संस्थाहरू, नजिकको प्रहरी कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, विभिन्न मानव अधिकारवादी संघ सस्था, प्रहरीको मानव अधिकार सेल आदिमा उजुरी दिन सकिन्छ ।

यौन शोषण र यौन दुर्व्यवहारको कसुरमा कसुरदारलाई १ बर्ष सम्म कैद र १० हजार रूपैयाँ सम्म जरिवाना साथै पीडितलाई कसुरदारबाट मनासिव माफिकको क्षतिपूर्ति समेत भराई पाउने कानुनी व्यवस्था छ ।

## घरेलु हिंसा

घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँदछ । यस परिभाषालाई हेर्दा घरेलु हिंसा नितान्त आफ्नै परिवारका सदस्य तथा घर परिवारमा सहयोगीको रूपमा काम गर्न राखिएका आफन्त वा अन्य कोही व्यक्तिलाई समेत हुने देखिन्छ ।

घरेलु हिंसा सम्बन्धमा पीडितले उजुरी गर्ने दुई किसिमका उपचारका संयन्त्रहरू रहेको पाइन्छ ।

१. पीडित स्वयं आफैले आफुलाई भएको मानसिक वा शारीरिक हिंसा जसले समयमा नजिकको अस्पताल वा स्वास्थ्य संस्थामा परिक्षण र उपचार गराई सो कागजातहरू समेत राखी सिधै जिल्ला अदालतमा मुद्दा दर्ता गराउन सकिन्छ ।

२. घरेलु हिंसा भएको वा भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई नजिकको प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानिय निकाय समक्ष लिखित वा मौखिक रूपमा उजुरी दिन सकिन्छ । सो उजुरी पश्चात् तत्काल पीडितलाई आवश्यक भएमा नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई घा जाँच वा उपचार गर्न लगाई आवश्यक परेमा पीडितको सुरक्षा समेत प्रदान गरी यी निकायहरूले पीडकलाई झिकाई वा पत्राउ गर्न लगाई पीडक र पीडित दुवै पक्षलाई आवश्यक भए मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोगमा गोप्य रूपमा मेल मिलाप गराउने कोशिस गरिन्छ । मेलमिलाप हुन नसकेमा उक्त उजुरी र सोमा भएका मेलमिलापको पहलसम्बन्धी कागजात समेत संलग्न मिशिल प्रहरी मार्फत सम्बन्धित इलाकाको जिल्ला अदालत समक्ष पठाइन्छ । अदालतले संक्षिप्त कार्यविधि अपनाई मुद्दाको किनारा गर्दछ । अदालतले मुद्दा फैसला गर्दा पीडितलाई लागेको उपचार खर्च दिलाई निजलाई भएको शारीरिक र मानसिक हिंसा समेतको मध्यनजर गरी तीन हजार रूपैयाँ देखि पच्चिस हजार रूपैयाँ सम्म जरीवाना वा छ महिना सम्म कैद वा दुबै सजाय गर्न सक्तछ । यस अपराधमा मतियारलाई समेतलाई आधा सजाय गर्ने, पटक पटक गर्नेलाई प्रत्येक पटकमा दोब्बर सजाय गर्ने सार्वजनिक जवाफदेहीको पदमा रहेको व्यक्तिले यस्तो कार्य गरेमा थप १० प्रतिशत सजाय थप समेत गरिएको छ । यस अपराधमा ९० दिन भित्र मुद्दा दर्ता गराउनु पर्दछ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू माथि घरेलु हिंसा हुने गरेका प्रशस्त उदाहरणहरू छन् । जस्तै : घर परिवारबाट बहिस्कार गर्ने, कुटपीट गर्ने, विभिन्न प्रकारका गाली

गलौज गर्ने आदि । कसैले पनि कसैलाई कुनै पनि प्रकारको हिंसा गर्नु हूदैन । घरेलु हिंसा मानव अधिकारको उल्लघन हो । घरेलु हिंसा सम्बन्धी ऐनले समुदायका व्यक्तिलाई छुट्टै कुनै व्यवस्था गरेको नभए तापनि उक्त ऐनले महिला र पुरूष मात्र भनी उल्लेख नगरेको हुदा समग्र सबैमा यो किसिमको अपराध हुन सक्तछ भन्ने परिकल्पना विधायिकाले गरी समग्र व्यवस्था गरेको पाइन्छ । जस अनुसार समुदायका कुनै पनि व्यक्ति उपर घरेलु हिंसा भएमा माथि उल्लेखित व्यवस्था बमोजिम उपचार खोज्न सकिन्छ ।

## लाञ्छना तथा भेदभाव

लाञ्छना भन्नाले कुनै पनि ब्यक्ति माथि लगाइने विभिन्न खालका आरोप प्रत्यारोपलाई जनाउँदछ । भेदभाव भन्नाले कुनै पनि ब्यक्ति माथि घर परिवार तथा समाजले गर्ने पक्षपातपूर्ण ब्यवहार हो । जस्तोः घर परिवारमा अरू समान ब्यवहार नगर्नु, तिरस्कार गर्नु ।

विद्यमान ऐन कानुनलाई हेर्दा लान्छना तथा भेदभावलाई २ वटा ऐनले समेटेर हेर्न सकिन्छ । पहिलो, गाली वेइजति ऐन, २०१६ र दोश्रो भर्खरै संविधानसभा- व्यवस्थापिका संसदद्वारा पारित घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ । यी दुई मध्ये गाली वेइजति ऐन, २०१६ सर्वसाधारणको इज्वत र मान मर्यादा कायम राख्न पाउने अधिकारको रक्षाका लागि गाली र वेइजतिको कसूरको निमित्त सजायको व्यवस्था गर्न आवश्यक देखिएकाले यो ऐन समाजमा आएको पाइन्छ । प्रस्तुत ऐनको दफा ३ ले वेइज्जतीको परिभाषा यसरी गर्दछः १) कसैले अरू कुनै व्यक्तिको इज्वतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानी जानी, वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा संकेतले वा बुझिने गरी आकार, चिन्हद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको वेइजति गरेको मानिनेछ । २) व्यंग गरी वा अरू कुनै घुमाउरो तवरले लगाइएको दोष वेइजति ठहर्न सक्नेछ । ३) जान जान कसैको चरित्र हत्या गर्न वा अनुचित लान्छना लगाउने नियतले दोष लगाएमा वा प्रचार प्रसार गरेमा वेइजति गरेको ठहर्न सक्नेछ । ४) कसैले अरू कुनै व्यक्तिलाई सोझै वा घुमाउरो तवरले अरूको दृष्टिमा निजको नैतिक वा बौद्धिक चरित्र वा जात वा पेशा सम्बन्धी चरित्र वा ख्यातिलाई होच्याउने गरी वा निजको शरीर घृणित अवस्थामा वा सामान्यतः अपमानित सम्झिइने अवस्था छ भन्ने विश्वास पर्ने गरी दोष लगाएको हुनु पर्नेछ ।

त्यसै गरी, प्रस्तुत ऐन कै दफा ८ ले "कसैले कुनै आइमाईको अपमान गर्ने नियतले, निजले देख्ने सुन्ने गरी, कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हाउभाउ व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनियतामा दख्खल दिएमा समेत वेइजती हुने व्यवस्था गरेको पाइन्छ" भनी समग्र ऐनले सबै माथि गाली वेइजजती हुन सक्तछ भनी व्यवस्था गरेको छ । जसरी ऐनको दफा ८ ले महिलाका लागि छुट्टै विशेष व्यवस्था गरेको छ अरू अर्थात् पुरूष र तेश्रो लिङ्गीका लागि छुट्टै व्यवस्था गरेको छैन । अर्को घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवार भित्र वा घर परिवारसंग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न यो ऐन आएको पाइन्छ । प्रस्तुत ऐनको दफा २ (घ) ले मानसिक यातनाको परिभाषा गर्दै "शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुट्टा वात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्य सम्झनु पर्दछ र सो शब्दले बैचारिक, धार्मिक वा साँस्कृतिक

तथा प्रथा परंपराका आधारमा गरिने भेदभाव समेतलाई जनाउँदछ भनी परिभाषा गरिएको पाइन्छ । यी दुवै ऐनले लान्छना तथा भेदभावलाई घुमाउरो रूपमा समेटेको छ । जुन व्यवस्थाले सबै व्यक्ति विशेष र समुदायका लागि कानुनी रूपमा समेट्दछ, त्यस्तो अवस्थामा लान्छना तथा भेदभाव भएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दर्ता गराउन सकिन्छ । अन्यथा प्रस्तुत विषयवस्तु मानवअधिकारको उल्लंघनको हुन्छ ।

यौनिक तथा लैङ्गिंक अल्पसंख्यक समुदायका व्यक्तिहरू माथि लान्छना तथा भेदभाव हुने गरेका उदाहरणहरू हामी सामू प्रशस्त छन् । घर परिवार समाज र अन्य जो कोहीले पनि समुदायका व्यक्तिलाई हिजडा, छक्का आदि उपनाम दिने, त्यसै गरी छोरा र छोरीलाई गर्ने व्यवहार समुदायका व्यक्तिलाई नगर्ने, खान लाउन नदिने, घर समाजबाट निकाल्ने आदि ।

यौंनिक तथा लैङ्गिक अल्प संख्यक समुदायका व्यक्तिलाई घर परिवार, समाज, तथा अन्य व्यक्ति विशेषले र राज्य पक्षले समेत लाञ्छना लगाएमा निज व्यक्ति वा निज व्यक्तिको तर्फबाट अन्य जो कसैले नजिकको प्रहरी कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानवअधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरू वा अन्य मानवअधिकारको क्षेत्रमा कार्यरत संघ संस्थामा उजुरी दिन सकिन्छ ।

घर परिवार, समाज, तथा अन्य व्यक्ति विशेषले र राज्य पक्ष समेतले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई भेदभाव गर्न पाइदैन । यौनिकताका आधारमा हैरानी गर्ने, कुटपीट गर्ने, हातपात गर्ने वा त्यस्तो ब्यक्तिको साथमा रहेको सम्पत्ति खोस्न तथा जफत गर्न, डर त्रास वा दुःख दिन, अपमान वा बेइज्जत गर्न, टेलिफोन पत्रपत्रिकाबाट धम्काउन वा जिस्काउन पाईदैन । यस्तो कार्य अपराध हुन्छ । त्यस्तो अवस्थामा पीडित व्यक्तिले आफु उपर भएको अन्यायका विरूद्ध उजुरी सुन्ने तोकिएको निकाय समक्ष उजुरी गर्नु पर्ने हुन्छ । सामान्यतयाः यस्तो घटना घटे पश्चात् तुरून्तै नजिकको प्रहरी कार्यालयमा उजुर गर्नु पर्छ । राज्य पक्षले उल्लेखित कार्य गरेमा त्यसको उजुरी राष्ट्रिय मानवअधिकार आयोग, विभिन्न मानव अधिकारवादी संघ संस्था, नेपाल प्रहरीको मानवअधिकार सेल आदिमा दिन सकिन्छ ।

गाली वेइजति भएकोमा गाली वेइजति गर्ने व्यक्तिलाई ५ हजार रूपैयाँसम्म जरिवाना र २ बर्षसम्म कैद सजाय गरी पीडितलाई मनाशिव माफिकको क्षतिपूर्ति भराई दिने व्यवस्था छ । गाली वेइजतिमा उजुर गर्ने हदम्याद गाली वेइजति भएको मितिले ६ महिना भित्र नालेश (मुद्दा) सम्बन्धित जिल्लाको जिल्ला अदालतमा दर्ता गराउनु पर्दछ ।

## अन्य केही कानुनी व्यवस्थाहरु

### बिवाह

कसैलाई पनि निजको मंजुरी बिना, घर परिवारको वा अन्य कसैको दबाबले जवर्जस्ती बिवाह गरिदिन पाइँदैन । आफुखुशी बिवाह गर्नको लागि कानुनले २० बर्षको उमेर पुगेको हुनु पर्दछ । घर परिवारको मञ्जुरीले १८ बर्षको उमेर पुगेको हुनु पर्दछ । बिवाह जुनसुकै जातको, जुनसुकै धर्म मान्ने अथवा जुनसुकै देशको नागरिक बीच पनि हुन सक्छ । मंजूरी बिना जवर्जस्ती गरिएको बिवाहलाई अदालतवाट मुद्दा गरी बदर गर्न सकिन्छ । यसमा जवरजस्ती बिवाह भएको मितिले ३ महिना भित्र सो जिल्लाको

जिल्ला अदालतमा नालेश (मुद्दा) दिन सकिन्छ । जवरजस्ती विवाह गर्ने गराउनेलाई २ बर्षसम्म कैद सजाय हुन्छ ।

विद्यमान कानुनले विवाहका लागि महिला र पुरूष हुनुपर्ने अवस्था छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई पनि कानुनले जवरजस्ती विवाह गर्न/गराउनका लागि कोही कसैलाई छुट दिएको अवस्था छैन । चाहे विपरित लिङ्गी व्यक्तिसंगको विवाह होस् चाहे समुदायका व्यक्तिसंग कै विवाह होस् भनाईको तात्पर्य कोही कसैलाई कोही कसैले जवरजस्ती विवाह गर्ने, गराउने छुट छैन । विपरित लिङ्गी व्यक्तिहरूको विवाहलाई समाजले र ऐन कानुनले मान्यता दिइएको भन्ने कुरालाई लिएर अरू व्यक्तिहरू जो यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायमा पर्दछन्, ती व्यक्तिहरूलाई जवरजस्ती विवाह गर्ने गराउने छुट छ भनी मान्न सकिन्न । उनीहरू बीचको विवाह उनीहरूको नितान्त निजी मामिला हो । दुई व्यक्ति जो एक अर्का प्रति भावनात्मक रूपमा आकर्षित हुन्छन् र जीवन साथीको रूपमा चाहे उनीहरू आफुलाई श्रीमान र श्रीमति नै किन नमानुन् शारीरिक सम्पर्क समेत गर्दछन् र एक अर्कामा सन्तुष्ट समेत रहन्छन् भने त्यो जोडीलाई समाजले र कानुनले मान्यता दिनु नदिनु संग कुनै सरोकार राख्दैन । कानुन बन्छ समाजका लागि, संशोधन हुन्छ, समाजका लागि र परिपालना समेत समाजकै लागि गरिन्छ । यसै विषयलाई मध्यनजर गर्दै नेपालको सर्वोच्च अदालतले समलिङ्गी विवाहको विषयलाई लिएर एउटा सात सदस्यीय समिति समेत गठन गर्न आदेश दिएको पाइन्छ । यो गठन प्रक्रियामा छ ।

महिला महिला / पूरूष परूष संग बसेको अवस्थामा घर परिवारले वा अन्य कसैले जवर्जस्ती रूपमा छुटाउन, कुनै किसिमको यातना दिन वा कुटपीट गर्न पाइदैन । यदि दुई जना संगै बसेको अवस्थामा घर परिवार वा अन्य कसैले, प्रहरीले दुई मध्ये एकलाई वेपत्ता पारेमा वा थुनामा राखेमा निज व्यक्तिलाई छुटाउनका लागि नजिकको पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दिन सकिन्छ । यो निवेदन निज व्यक्तिको परिवारका अन्य सदस्यले, साथी भाईले, संघ संस्था, कानून व्यवसायी वा जो सुकैले पनि दिन सक्दछ ।

## सम्पत्ति

सम्पत्तिको परिभाषा भित्र चल अचल दुवै प्रकारको सम्पत्ति पर्दछ । चल सम्पति भन्नले एक ठाउँवाट अर्को ठाउँमा सजिलैसंग सार्न लैजान सकिने वस्तुलाई जनाउछ । जस्तै सुन, चाँदी, रूपैयाँ पैसा आदि । अचल सम्पत्ति भन्नाले एक ठाउँवाट अर्को ठाउँमा सजिलैसंग सार्न लैजान नसकिने वस्तुलाई जनाउँछ । जस्तैः घर, जग्गा आदि । त्यस्तो सम्पति जो परिवारको सगोलको सम्पति हुन्छ अंशवण्डा गर्दा वावु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरी वीच व्यक्ति पिच्छे वरावर भाग लगाउनु पर्दछ ।

मुलुकी ऐन अंशबण्डाको महलको १ नं. ले अंश पाउने कुरामा कोही कसैलाई विभेद गरेको अवस्था छैन । उक्त ऐनले चाहे पुरूष, चाहे महिला, चाहे समलिङ्गी/तेश्रो लिङ्गी कोही कसैलाई विभेद गरेको अवस्था पाइदैन । केवल कानुनले विवाहित छोरीलाई मात्र अंश दिन नपर्ने भन्ने व्यवस्था गरेको पाइन्छ । यसरी हेर्दा समुदायका व्यक्ति जो आफुले जीवनसाथी रोजेर लिएर, हुनसक्छ श्रीमान् श्रीमति कै रूपमा बसेका अझ त्यसमा पनि जैविक लिङ्गको आधारले छोरी मान्छे नै किन नहुन् उनीहरूको विवाहलाई कानुनले विवाह दर्ता गरी दर्ता प्रमाणपत्र नदिदाको अवस्था सम्म ती जैविकताको आधारमा भएको छोरी मान्छेलाई कुनै कानुनले अंश दिनु पर्दैन भनी उल्लेख भएको पाइदैन । तर व्यवहारमा

यस समुदायका व्यक्तिहरूले घर परिवारबाट निकालिनु परेको, समाजबाट निकालिनु परेको, माना चामल, अंश जस्ता नैसर्गीक अधिकारबाट बञ्चित हुन परेको अवस्था प्रशस्त छन् । त्यस्तो अवस्थामा परिवारसंग कुरा राखी अंशवण्डा गराई आफ्नो भाग अंश लिनु पर्दछ । सहज रूपमा परिवारले अंश नदिएमा माना चामल र अंश मुद्दा एकै साथ परिवारको मुख्य व्यक्ति उपर दर्ता गराउनु पर्दछ । माना चामल मुद्दा संक्षिप्त (छोटो) कार्यविधी अन्तर्गत हेरिने हुँदा परिवारको मासिक आम्दानीलाई विचार गरी छिट्टै नै अदालतले परिवारका आम्दानीबाट मासिक रूपमा आफ्नो हिस्सा छुट्टयाई दिने हुँदा सो रकम लिई अंश मुद्दा लडी आफ्नो अंश भाग छुट्टयाई लिन सकिन्छ । तेस्रोलिङ्गीको परिचयवाट सम्पत्ति लिन पाउने व्यवस्था विद्यमान नेपाली कानून मौन रहेको भए तापनि जो व्यक्ति उदाहरणको रूपमा चन्दा मुसलमान (जिल्ला प्रशासन कार्यालय बाँके), विष्णु अधिकारी (जिल्ला प्रशासन कार्यालय कास्की) जस्ता व्यक्तिहरूले दुवै लिङ्गी/तेश्रो लिङ्गी भनी नागरिकता पाउनु भएको छ । वहाँहरूका लागि र ाज्यले विद्यमान कानुन मौन छ भनी बस्न मिल्दैन । नागरिकताका आधारमा महिला र पुरूष सरह नै अंश पाउनु पर्ने हुन्छ । अन्य नागरिकलाई भए सरह सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने अधिकार चन्दा र विष्णुलाई पनि हुन्छ ।

अंश तथा माना चामल मुद्दा दायर गर्ने कुनै हदम्याद हुँदैन । जहिले पीडितलाई आवश्यक हुन्छ सोही समयमा दर्ता गराउन सकिन्छ ।

## नागरिकता

राज्यले १६ बर्ष उमेर पुगेका कुनै व्यक्तिलाई आफ्नो देशको वासिन्दा (नागरिक) हो भनी स्वीकारेको एउटा प्रमाण-पत्र नै नागरिकता हो । सामान्यतयाः राज्यले महिला र पुरूष भनी नागरिकता दिदै आएकोमा हाल आएर महिला, पुरुष र तेश्रो लिङ्गी भनी नागरिकता दिने गरेको छ । विना नागरिकता राहदानी लिन नपाउने, घर, जग्गा किन्न नपाईने, रोजगारी नपाईने आदि हुन्छ । विद्यमान कानुनले वावु वा आमा मध्ये जसको नामवाट पनि नागरिकता लिन सकिन्छ । नागरिकता लिनको लागि आफ्नो नजिकको इलाका प्रशासन कार्यालय वा जिल्ला स्थित जिल्ला प्रशासन कार्यालयवाट लिनु पर्छ । कहिले काँही सहज रूपमा आफुले चाहे अनुसारको अर्थात् तेश्रो लिङ्गी उल्लेख गरी नागरिकता दिने कुरामा कार्यालयले समस्या देखाउन सक्तछ । त्यस्तो अवस्थामा यस अघि तेश्रो लिङ्गी वा दुवै लिङ्गी उल्लेख गरी नागरिकता लिएका व्यक्तिहरूको नागरिकताको प्रतिलिपी, सर्वोच्च अदालतबाट भएको निर्देशनात्मक आदेशको प्रतिलिपी समेत साथै राखी आफ्नो पहिचान अनुसारको नागरिकता लिन सकिन्छ । नेपाल नागरिकता ऐन, २०६३ बमोजिम बंशजका नाताले, जन्मका आधारमा, अंगीकृत नेपाली नागरिकता र सम्मानार्थ नागरिकता गरी ४ किसिमको नागरिकताको व्यवस्था गरिएको पाइन्छ ।

## सन्दर्भ सामाग्री


१. शर्मा, डा. गोपाल (२०६३), अन्तराष्ट्रिय संगठन, मानवअधिकार र मानविकी कानुन, पैरवी प्रकाशन, काठमाण्डौ ।

२. जनवकालत तालिम निर्देशिका (२०६०), अनौपचारीक सेवा केन्द ९इन्सेक) काठमाण्डौ ।

३. मानव अधिकारकर्मी नभएमा स्वरक्षा निर्देशिका (२०५९), हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिम राईटस) ।

४. मानव अधिकार प्रश्न उतर सँगालो (२०६२),राष्ट्रिय मानव अधिकार आयोग ।

५. न्याय निसाफ कानुनी शिक्षा सँगालो (२०६५), लुथरन विश्व फेडरेशन नेपाल इन्हरेड ईन्टरनेशनल ।

६. द्वन्दमा बालबालिका अनुगमन सहयोगी पुस्तिका एडभोकेसी फोरम नेपाल ।

७. सर्वोच्च अदालतबाट मिति २०६४ पौष ६ मा सुनील वावु पन्त समेत विरूद्ध नेपाल सरकारको मुद्धामा भएको निर्देशनात्मक आदेश ।

८. सर्वोच्च अदालतबाट मिति २०६४ पौष ६ मा सुनील वावु पन्त समेत विरूद्ध नेपाल सरकारको मुद्धामा चढाएको लिखित वहस नोट ।

९. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको लागि कानुनी साहायता सम्बन्धी सामान्य पुस्तिका (२०६५), नीलं हिरा समाज, लाजिम्पाट काठमाण्डौ ।

१०. जकार्ता (यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका सम्वन्धमा अन्तराष्ट्रिय मानवअधिकार कानुन उपयोगका सिदान्तहरू) सिदान्तहरू, नेपाली अनुवाद (२००७), नील हिरा समाज, लाजिम्पाट काठमाण्डौ ।

११. सान्डर्स, प्रा. डगलस (२००९), समलिङ्गी तेश्रो लिङ्गीहरूका हक अधिकार : संबिधान ,कानुन नजीर निर्णय, नेपाली अनुवाद, नील हिरा समाज, लाजिम्पाट काठमाण्डौ ।

१२. मानव अधिकार यौन अभिमुखिकरण र लैङ्गिक पहिचान सामान्य प्रश्न उत्तर : नील हिरा समाज ।

१३. श्रेष्ठ, ज्ञाइन्द्र बहादुर (२०६५), ऐन संग्रह, मूल दफा सहित एक टिप्पणी भाग १, पैरवी प्रकाशन, काठमाण्डौ ।

१४. मुलुकी ऐन (मिति २०६४ मंसिर १४ सम्म भएका संशोधन सहित मिलाइएको रूपमा), कानुन किताव व्यवस्था समिति, काठमाण्डौ ।

१५. नेपालको अन्तरिम संविधान, २०६३, (पाँचौ संशोधन समेत मिलाइएको रूपमा), कानुन किताव व्यवस्था समिति, काठमाण्डौ ।

१६. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, नेपाल राजपत्र, २०६६ साल बैशाख १४ अतिरिक्तांक ३, नेपाल सरकारद्वारा प्रकाशित ।

१७. Sanders, Prof. Dauglass “The Role of the Yogyakarta Principles” (2008)।

१८. खनाल, विशाल, मानवअधिकार र मानवअधिकारका सिद्धान्तहरू ।

# परिच्छेद ३

## अनुसूची १: मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

**डिसेम्बर १०, १९४८ को साधारण सभाको प्रस्ताव २१७ क(३) बाट ग्रहण गरी घोषणा गरिएको**

### प्रस्तावना

मानव परिवारका सबै सदस्यहरूको अन्तर्निहित मान तथा सम्मान र अविच्छिन्न अधिकारहरूको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकाले,

मानव अधिकारप्रति अवहेलना तथा अनादरको परिणामबाट नै बर्बर कार्य भई मानव जातिको अन्तःकरणमा चोट पुऱ्याइएको हुनाले र मानिसहरूले धर्म र वाक् स्वतन्त्रता तथा भय र अभावबाट मुक्ति पाउनु पर्छ भन्ने सर्वसाधारण जनताको घोषित आकांक्षा भएकाले,

अत्याचार र दमनको विरूद्ध विद्रोहका लागि अन्तिम उपायको रूपमा मानिसलाई बाध्य नगराउनका लागि कानूनी शासनद्वारा मानव अधिकार संरक्षित रहनु अति आवश्यक भएकाले,

राष्ट्रहरूका बीच मैत्री सम्बन्ध बृद्धि गर्न आवश्यक भएकाले,

मानिसका मौलिक अधिकार र तिनका मान तथा सम्मान र नरनारीका समान अधिकारहरूप्रति अधिकार पत्रमा पुनर्विश्वासको पुष्टयाइँ गरी अधिकत्तर स्वतन्त्रताका आधारमा सामाजिक प्रगति एवं जीवनको स्तर बढाउन संयुक्त राष्ट्र संघका जनताले निश्चय गरेकाले,

सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्र संघको सहयोगमा मानव अधिकार र मौलिक स्वतन्त्रताप्रति सर्वव्यापी सम्मानको बृद्धि एवं पालना गर्ने प्रतिज्ञा गरेकाले,

यही प्रतिज्ञाको पूर्ण प्राप्तिका लागि यी अधिकार एवं स्वतन्त्रता बारे साझा जानकारी अत्यावश्यक भएकाले,

अब त्यसकारण,

### साधारण सभा,

सदस्य राष्ट्रहरू र तिनका अधिकारक्षेत्रमा रहेका इलाकाका जनतामा समेत ती अधिकार र स्वतन्त्रताका सर्वव्यापी एवं प्रभावकारी मान्यता एवं पालना प्राप्त गर्नका लागि प्रत्येक व्यक्ति र समाजका अङ्गले यस घोषणापत्रलाई निरन्तर ध्यान राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रगतिशील कदमहरूद्वारा यी अधिकार र स्वतन्त्रताप्रति दीक्षा एवं शिक्षाद्वारा श्रद्धा बढाउन प्रयत्न गरून् भनी मानव अधिकारको यस सर्वव्यापी घोषणापत्रलाई सबै जनता र राष्ट्रका निमित्त मापदण्ड भनी घोषणा गर्दछ ।

**धारा १:** सबै व्यक्ति जन्मजात सम्मान एवं अधिकारमा स्वतन्त्र र समान छन् । तिनमा कारणवादिता र अन्तः स्करण भएकाले तिनले परस्परमा भ्रातृत्वको भावनाले व्यवहार गर्नु पर्दछ ।

**धारा २:** जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अरू विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै पनि भेद नगरी प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा

उल्लिखित अधिकार र स्वतन्त्रता प्राप्त हुनेछ । यसका साथै कुनै पनि व्यक्ति रहेको देश अथवा इलाकाको राजनैतिक, अधिकारक्षेत्रगत अथवा अन्तर्राष्ट्रिय अधिस्थानका आधारमा कुनै भेद गरिने छैन चाहे ती स्वतन्त्र, संरक्षित, अस्वशासनगत अथवा सार्वभौमिकत्वमा अन्य कुनै सीमाङ्कन भएका किन नहुन् ।

धारा ३ः प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता एवं व्यक्तिगत सुरक्षाका अधिकार हुनेछन् ।

धारा ४ः बाँधा वा दास बनाई कसैलाई राखिने छैन सबै प्रकारको दासत्व र दासव्यापार निषेध गरिनेछ ।

धारा ५ः कसैलाई पनि यातना अथवा निर्दयी, अमानवीय अथवा अपमानजनक व्यवहार अथवा दण्ड भोग्न लगाइने छैन ।

धारा ६ः कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ ।

धारा ७ः कानूनको दृष्टिमा सबै समान छन् तथा तिनलाई कुनै भेद बिना कानूनको समान संरक्षण प्राप्त हुनेछ । यस घोषणापत्रलाई उल्लघंन गरी गरिएको कुनै पनि भेद तथा यस्तो भेद गराउने उक्साहटका विरूद्ध सबैलाई समान संरक्षण प्राप्त हुनेछ ।

धारा ८ः संविधान अथवा कानूनद्वारा प्राप्त मौलिक अधिकार भंग गर्ने कार्यका विरूद्ध प्रत्येक व्यक्तिलाई दक्ष राष्ट्रिय अदालतको प्रभावकारी उपचारको अधिकार हुनेछ ।

धारा ९ः कसैलाई पनि स्वेच्छाचारी किसिमले पत्राउ, थुनाई अथवा देश निकाला गरिने छैन ।

धारा १०ः प्रत्येक व्यक्तिमाथि लगाइएको फौजदारी आरोपको विरूद्ध तथा निजको अधिकार र दायित्वको निरूपण गर्न स्वतन्त्र एवं पक्षपातरहित न्यायालयमा उचित एवं सार्वजनिक सुनुवाईमा उसलाई पूर्ण समानता प्राप्त हुनेछ ।

धारा ११ः

१. दण्डनीय अपराधको आरोप लागेको प्रत्येक व्यक्तिलाई आफ्नो प्रतिरक्षाका लागि आवश्यक सबै सुनिश्चितता प्राप्त सार्वजनिक सुनाईमा कानूनबमोजिम अपराधी नठहराइएसम्म निरापराध मानिने अधिकार हुनेछ ।
२. कसैलाई पनि आफूले गरेको कुनै कार्य अथवा गल्ती गरिएको समयमा राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय कानून अन्तर्गत दण्डनीय अपराध नमानिएको भए त्यस्तो कार्यका आधारमा कुनै पनि दण्डनीय अपराधको दोषी ठहराइने छैन । न त त्यस्तो दण्डनीय अपराध गरिएको समयमा लागू हुने भन्दा अधिकत्तर दण्ड नै दिइनेछ ।

धारा १२ः कसैलाई पनि आफ्नो गोपनीयता, परिवार, घर अथवा पत्राचारमा स्वेच्छाचारी हस्तक्षेप भोग्न लगाइने छैन न त तिनको सम्मान तथा ख्यातिमाथि चोट पुऱ्याइनेछ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप अथवा चोटका विरूद्ध कानूनी संरक्षणको अधिकार हुनेछ ।

धारा १३ः

१. प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमानाभित्र स्वतन्त्रतापूर्वक आवतजावत तथा बसोबासको अधिकार हुनेछ ।
२. प्रत्येक व्यक्तिलाई आफ्नो लगायत कुनै पनि देश छोड्ने तथा आफ्नो देशमा फर्कने अधिकार हुनेछ ।

**धारा १४ः**

१. प्रत्येक व्यक्तिलाई सजायँबाट उम्कन अन्य देशमा शरण खोज्ने तथा प्राप्त गर्ने अधिकार हुनेछ ।

२. संयुक्त राष्ट्र संघको उद्देश्य र सिद्धान्तका विपरीत कार्य अथवा अराजनैतिक अपराधहरूबाट यथार्थतः उब्जेका मुद्दाहरूमा यो अधिकार लागू गराउन पाइने छैन ।

**धारा १५ः**

१. प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुनेछ ।

२. कसैलाई पनि आफ्नो राष्ट्रियताबाट स्वेच्छाचारी किसिमले बञ्चित गरिने छैन न त तिनको राष्ट्रियता परिवर्तन गर्ने अधिकारलाई नकारिनेछ ।

**धारा १६ः**

१. जाति, राष्ट्रियता अथवा धर्मको भेद बिना उमेर पुगेका नरनारीलाई विवाह गर्ने तथा परिवार स्थापना गर्ने अधिकार हुनेछ । विवाह, विवाहको अवधि र विवाह भंगमा तिनलाई समान अधिकार प्राप्त हुनेछ ।

२. विवाह गर्न इच्छुक वरवधुको पूर्ण तथा करकापमुक्त सहमतिबाट मात्र विवाह हुनेछ ।

३. समाजको स्वाभाविक र आधारभूत सामूहिक इकाई परिवार भएकाले यसलाई समाज एवं राज्यको संरक्षण प्राप्त हुनेछ ।

**धारा १७ः**

१. प्रत्येक व्यक्तिलाई एक्लै वा अरूसँग मिलेर आफ्नो सम्पत्ति राख्ने अधिकार हुनेछ ।

२. कसैलाई पनि स्वेच्छाचारी किसिमले आफ्नो सम्पत्तिबाट बञ्चित गरिने छैन ।

**धारा १८ः** प्रत्येक व्यक्तिलाई विचार, अन्तःस्करण र धर्मको स्वतन्त्रताको अधिकार छ । धर्म अथवा आस्था बदल्ने स्वतन्त्रता र सार्वजनिक अथवा व्यक्तिगत रूपमा एक्लै अथवा समूहमा आफ्नो धर्म अथवा आस्थालाई शिक्षा, आचरण, पूजा र पालनाद्वारा प्रकट गर्ने स्वतन्त्रता समेत यस अधिकारमा समावेश छ ।

**धारा १९ः** प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको अधिकार छ । बिना कुनै हस्तक्षेप विचार ग्रहण गर्ने र सीमाना जेसुकै भए तापनि बिना रोकतोक कुनै पनि माध्यमद्वारा विचार प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

**धारा २०ः**

१. प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने तथा संस्था खोल्ने अधिकार छ ।

२. कसैलाई पनि संस्थाको सदस्य बन्न बाध्य गराइने छैन ।

**धारा २१ः**

१. प्रत्येक व्यक्तिलाई प्रत्यक्ष अथवा स्वतन्त्रतापूर्वक चुनिएका प्रतिनिधि मार्फत आफ्नो देशको सरकारमा भाग लिने अधिकार छ ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्ने समान अधिकार छ ।

३. सरकारको आधिकारित्वको आधार जनताको इच्छा हुनेछ, जुन इच्छा सर्वव्यापी एवं समान मताधिकारद्वारा हुने आवधिक तथा यथार्थ चुनावद्वारा अभिव्यक्त गरिनेछ र त्यस्तो चुनाव गोप्य मतदान अथवा उस्तै स्वतन्त्र मतदान प्रक्रियाद्वारा सम्पन्न हुनेछ ।

**धारा २२ः** समाजको सदस्यका रूपमा प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ तथा निजलाई आफ्नो सम्मान एवं व्यक्तित्वको स्वतन्त्र विकासको निमित्त आवश्यक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू राष्ट्रिय प्रयास एवं अन्तर्राष्ट्रिय सहयोग तथा प्रत्येक राज्यको संगठन र सम्पदा अनुरूप उपभोग गराइनेछ ।

**धारा २३ः**

१. प्रत्येक व्यक्तिलाई कार्य गर्ने, रोजगारीको स्वतन्त्र छनौट, आफु सुहाउँदो कार्य अवस्थाको तथा बेरोजगारी विरूद्ध सुरक्षाको अधिकार छ ।

२. प्रत्येक व्यक्तिको बिना भेद समान कार्यका लागि समान तलब पाउने अधिकार छ ।

३. कार्य गर्ने प्रत्येक व्यक्तिको आफू तथा आफ्ना परिवारका लागि मानव सम्मानयुक्त जीवन सुनिश्चित गर्न उचित एवं सुहाउँदो पारिश्रमिक पाउने अधिकार छ तथा यसलाई आवश्यक भएमा अन्य सामाजिक सुरक्षा-उपायद्वारा थप्न सकिनेछ ।

४. प्रत्येक व्यक्तिलाई निजको हित रक्षार्थ वाणिज्य संघ स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार छ ।

**धारा २४ः** प्रत्येक व्यक्तिलाई कार्यघण्टाको कारणयोग्य सीमाङ्कन तथा आवधिक सम्वैधानिक बिदा सहित विश्राम र फुर्सदको अधिकार छ ।

**धारा २५ः**

१. खाद्यान्न, कपडा, आवास तथा चिकित्सागत सेवा एवं आवश्यक सामाजिक सेवाहरू तथा बेरोजगारी, बिरामी, असमर्थता, विधवावस्था, बृद्धाबस्था अथवा आफ्नो नियन्त्रणभन्दा बाहिरको परिस्थितिमा जीवन धान्ने उपायको अभावमा सुरक्षाको अधिकारसमेत प्रत्येक व्यक्तिको आफू र आफ्नो परिवारको स्वास्थ्य एवं कल्याणका लागि पर्याप्त जीवनस्तरको अधिकार छ ।

२. मातृत्व तथा शैशवावस्थामा भएकाहरूलाई विशेष हेरचाह एवं सहयोग प्राप्त गराइनेछ । विवाह भई अथवा नभई जन्मेका सबै शिशुहरूले समान सामाजिक संरक्षण उपभोग गर्न पाउनेछन् ।

**धारा २६ः**

१. प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार छ । शिक्षा कममा पनि प्रारम्भिक तथा आधारभूत अवस्थामा नि:शुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्चत्तर शिक्षामा योग्यताका आधारमा सबैलाई समान पहुँच हुनेछ ।

२. मानिसको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई सुदृढ गर्ने तर्फ शिक्षा निर्देशित हुनेछ । यसले राष्ट्र, जाति र धार्मिक समूहहरूका बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको प्रबर्द्धन गर्नेछ तथा शान्ति कायम गर्न संयुक्त राष्ट्रसंघका क्रियाकलापहरूलाई अघि बढाउनेछ ।

३. मातापितालाई आफ्ना शिशुहरूलाई दिइने शिक्षाका किसिम रोज्ने अग्रीम अधिकार छ ।

**धारा २७ः**

१. प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समुदायको सांस्कृतिक जीवनमा भाग लिने, कलाको आनन्द लिने तथा वैज्ञानिक प्रगति र यसको फाइदामा हिस्सेदार हुने अधिकार छ ।

२. प्रत्येक व्यक्तिलाई निजले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक अथवा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभको संरक्षणको अधिकार छ ।

**धारा २८ः** प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्ने सामाजिक तथा अन्तराष्ट्रिय व्यवस्था उपलब्ध गराइनेछ ।

**धारा २९ः**

१. प्रत्येक व्यक्तिका समुदायप्रति कर्तव्यहरू छन् जसमा मात्रै निजको व्यक्तित्वको पूर्ण विकास सम्भव छ ।

२. आफ्नो अधिकार र स्वतन्त्रताको प्रयोग गर्दा प्रत्येक व्यक्तिलाई अरूका अधिकार र स्वतन्त्रताहरूको सम्मान तथा यथोचित मान्यता सुरक्षित गर्ने एवं नैतिकता, जनव्यवस्था तथा प्रजातान्त्रिक समाजको सामान्य कल्याणका उचित आवश्यकता पूरा गर्ने उद्देश्यका लागि मात्र कानूनले निर्धारण गरेका सीमांकन लागू हुनेछन् ।

३. कुनै पनि अवस्थामा यी अधिकार र स्वतन्त्रताहरूको प्रयोग संयुक्त राष्ट्र संघको सिद्धान्त र उद्देश्य विपरीत गर्न सकिने छैन ।

**धारा ३०ः** कुनै पनि राज्य, समूह अथवा व्यक्तिलाई यस घोषणापत्रमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई बिनाश गर्ने कुनै पनि कार्यमा लाग्ने अथवा त्यस्तो कार्य गर्ने अधिकार छ भनी यसमा भएका कुनै पनि कुराको व्याख्या गर्न सकिने छैन ।

# अनुसूची २ः नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (अनुबन्ध)

**महासभाको १६ डिसेम्बर १९६६ को प्रस्ताव २२०० क(२१) बाट ग्रहण गरी हस्ताक्षर, अनुमोदन तथा सम्मिलनका लागि खुला गरिएको**

**लागू भएको मितिः धारा ४९ अनुसार, २३ मार्च १९७६**

## प्रस्तावना

यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरू,

संयुक्त राष्ट्रसंघको बडापत्रमा निर्दिष्ट सिद्धान्तहरू अनुसार मानव परिवारका सम्पूर्ण सदस्यमा अन्तर्निहित मर्यादा तथा सम्मान एवं नैसर्गिक अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र विश्व शान्तिको आधार भएको कुरा मनन गर्दै,

मानिसमा अन्तर्निहित मर्यादाबाट नै यी अधिकारहरू निःसृत हुने कुरालाई मान्यता दिँदै,

मानव अधिकारहरूको विश्वव्यापी घोषणापत्र अनुसार भय तथा अभावबाट स्वतन्त्रता उपभोग गरिरहेका स्वतन्त्र मानव जातिको आदर्श प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको साथै नागरिक तथा राजनैतिक अधिकारहरू उपभोग गर्न पाउने अवस्था श्रृजना गरेमा मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मान्यता दिँदै,

संयुक्त राष्ट्रसंघको बडापत्र अन्तर्गत मानव अधिकार तथा स्वतन्त्रताको विश्वव्यापी सम्मान एवं पालनालाई प्रवर्द्धन गर्ने राष्ट्रहरूको दायित्वको विचार गर्दै,

अन्य व्यक्तिहरू तथा आफ्नो उद्भवको समुदाय प्रति कर्तव्य भएको व्यक्ति यस प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारहरूको प्रवर्द्धन तथा पालनाको लागि प्रयास गर्ने उत्तरदायित्व अन्तर्गत छ भन्ने कुरा महशुस गर्दै,

## देहायका धाराहरुमा सहमत भएका छन् :

### भाग–१

धारा १ः

१. सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गर्दछन् तथा स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा लाग्दछन् ।

२. सबै जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानुनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै दायित्व प्रति कुनै दुराग्रह नराखी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक धन तथा स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् । कुनै अवस्थामा पनि कुनै जनतालाई उसको आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन ।

३. गैर स्वशासित तथा न्याय ईलाकाहरूको प्रशासनको उत्तरदायित्व भएका पक्ष लगायत यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरू आत्म-निर्णयको अधिकारको प्राप्तिको प्रवर्द्धन गर्नेछन् तथा संयुक्त राष्ट्रसंघको बडापत्रका व्यवस्थाहरूअनुरूप सो अधिकारको सम्मान गर्नेछन् ।

### भाग–२

धारा २ः

१. यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरू आफ्ना इलाका तथा क्षेत्राधिकारभित्रका सबै व्यक्तिलाई जाति, वर्ण, भाषा, लिङ्ग, धर्म, राजनैतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभाव बिना यस प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरूको सम्मान तथा सुनिश्चितता प्रदान गर्न प्रतिज्ञा गर्दछन् ।

२. विद्यमान व्यवस्थापकीय वा अन्य उपायहरूले व्यवस्था भै नसकेको अवस्थामा आफ्ना प्रत्येक पक्ष राष्ट्रहरूले आफ्नो संवैधानिक प्रक्रिया तथा यस प्रतिज्ञापत्रका व्यवस्थाअनुरूप या प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारहरूलाई कार्यान्वयन गर्न त्यस्ता आवश्यक व्यवस्थापकीय वा अन्य उपायहरू ग्रहण गर्न आवश्यक कदमहरू चाल्ने प्रतिज्ञा गर्दछन् ।

३. यस प्रतिज्ञापत्रका प्रत्येक पक्षराष्ट्रहरू निम्न कुराको प्रतिज्ञा गर्दछन् :-

(क) सरकारी हैसियतमा कार्य गर्ने व्यक्तिहरूबाटै उल्लंघन भएता पनि स्वीकार गरिएका आफ्नो अधिकार एवं स्वतन्त्रताहरू उल्लंघन भएमा कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने,

(ख) त्यस्तो उपचार दावी गर्ने कुनै व्यक्तिको आफ्नो अधिकार सक्षम न्यायिक प्रशासनिक वा व्यवस्थापकीय अधिकारहरू वा राष्ट्रका कानुनी प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारित गरी पाउने कुरा सुनिश्चित गर्ने तथा न्यायिक उपचारका सम्भावनाहरू विकसित गर्ने,

(ग) त्यस्ता उपचारहरू प्रदान गरिएमा सक्षम अधिकारीहरूले ती उपचारहरू लागू गर्ने कुरा सुनिश्चित गर्ने ।

**धारा ३ः** यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरू यस प्रतिज्ञापत्रमा व्यवस्था गरिएका सबै नागरिक तथा राजनैतिक अधिकारहरू उपभोग गर्ने पुरूष तथा महिलाको अधिकार सुनिश्चित गर्ने कुराको प्रतिज्ञा गर्दछन् ।

**धारा ४ः**

१. राष्ट्रको अस्तित्वमा खलल पार्ने सार्वजनिक संकट र सोको विद्यमानता आधिकारिक रूपमा घोषणा गरिएको समयमा यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हदसम्म मात्र यस प्रतिज्ञापत्र अन्तर्गत आफ्ना दायित्वहरू न्यून गर्ने उपायहरू अवलम्बन गर्न सक्नेछन् तर त्यस्ता उपायहरू अन्तर्राष्ट्रिय कानुन अन्तरगत तिनीहरूका अन्य दायित्वहरूको प्रतिकूल हुनु हुँदैन र जाति, वर्ण, लिङ्ग, भाषा, धर्म वा समाजिक उत्पत्तिका आधारमा मात्र भेदभाव गर्ने कुरा त्यस्ता उपायहरूमा समावेश भएको हुनु हुँदैन ।

२. यो व्यवस्था अन्तर्गत धारा - ६, ७, ८ (प्रकरण १ र २) ११, १५, १६ तथा १८ लाई न्यून गर्न पाइनेछैन ।

३. न्यून गर्ने अधिकारको उपयोग गर्ने यस प्रतिज्ञापत्रको कुनै पक्षराष्ट्रहरूले आफूले न्यून गरेका व्यवस्थाहरू त्यसो गर्नु पर्नाको कारणहरूको जानकारी संयुक्त राष्ट्रसंघका महासचिव मार्फत तुरून्त यस प्रतिज्ञापत्रका अन्य पक्षराष्ट्रहरूलाई दिनेछ । आफूले यस्तो न्यूनता अन्त्य गरेको मिति सम्बन्धी अर्को सूचना पनि सोही मध्यवर्ति मार्फत दिनेछ ।

**धारा ५ः**

१. यस प्रतिज्ञापत्रमा भएका कुनै पनि कुरालाई कुनै राष्ट्र, समूह वा व्यक्तिलाई यस प्रतिज्ञापत्रमा स्वीकार गरिएका कुनै अधिकार वा स्वतन्त्रता नष्ट गर्ने वा ती अधिकारलाई यस प्रतिज्ञापत्रमा व्यवस्था गरे भन्दा बढी मात्रामा सीमित गर्ने उद्देश्य भएका कुनै क्रियाकलापमा संलग्न हुने वा कुनै काम गर्न पाउने अर्थ आउने गरी व्याख्या गर्न सकिनेछैन ।

२. यस प्रतिज्ञापत्रले यस्ता अधिकारहरू स्वीकार गर्दैनन् वा तिनलाई कम मात्रामा मात्र स्वीकार गर्दछन् भन्ने बहानामा कानुन, महासन्धिहरू, नियमहरू वा परम्पराका आधारमा कुनै देशमा स्वीकार गरिएका वा विद्यमान रहेका कुनै मौलिक मानव अधिकारमा कुनै नियन्त्रण वा न्यूनतालाई ग्रहण गरिनेछैन ।

## भाग–३

**धारा ६ः**

१. प्रत्येक व्यक्तिले जीवनको अन्तरनिहित अधिकार छ । कानुनद्वारा यो अधिकारको संरक्षण गरिनेछ । स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण गरिने छैन ।

२. मृत्युदण्डको उन्मूलन नगरेका देशहरूमा यदि गम्भीर अपराधहरूमा अपराध गर्दाको समयमा लागू रहेको कानुन अनुसार र यस प्रतिज्ञापत्रका व्यवस्थाहरू तथा आमहत्याको अपराधको रोकथाम तथा सजाय सम्बन्धी महासन्धिका व्यवस्थाहरू विपरीत नहुने गरी मृत्युदण्ड दिन सकिनेछ । सक्षम अदालतले गरेको अन्तिम निर्णय अनुसार मात्र यस्तो दण्ड कार्यान्वयन गर्न सकिनेछ ।

३. जीवनहरण आमहत्याको अपराध मानिने अवस्थामा यस धारामा उल्लिखित कुनै पनि कुराले यस प्रतिज्ञापत्रको कुनै पनि पक्षराष्ट्रहरूलाई आमहत्या अपराधको रोकथाम तथा सजाय सम्बन्धी

महासन्धि अन्तर्गतका आफ्ना कुनै पनि दायित्वलाई कुनै पनि प्रकरण न्यून गर्ने अधिकार प्रदान गर्ने अधिकार छैन भन्ने कुरा बुझिन्छ ।

४. मृत्युदण्डको सजाय पाएको कुनै पनि व्यक्तिलाई सजायबाट माफी वा दण्ड कटौतिको माग गर्ने अधिकार हुनेछ । सबै मुद्दाहरूमा माफी दिन, क्षमादान दिन वा मृत्युदण्डको सजायलाई कम गर्न सकिनेछ ।

५. १८ वर्ष मुनिका व्यक्तिबाट गरिएको अपराधमा मृत्युदण्ड दिइनेछैन तथा गर्भवती महिलाहरू उपर यस्तो दण्ड कार्यान्वयन गरिनेछैन ।

६. यस प्रतिज्ञापत्रको कुनै पनि पक्षराष्ट्रहरूले मृत्युदण्ड उन्मूलन गर्न ढिलाई गर्न वा त्यस्तो उन्मूलनमा रोक लगाउन यस धाराको कुनै पनि कुराको आधार लिन पाउने छैन ।

धारा ७ः कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन । विशेष गरी कसैलाई पनि निजको स्वतन्त्र मञ्जुरी बिना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन ।

धारा ८ः

१. कसैलाई पनि दासत्वमा राखिनेछैन, दासत्व तथा सबै किसिमका दास व्यापारलाई निषेध गरिनेछ ।

२. कसैलाई पनि चाकरीमा राखिनेछैन ।

३. (क) कसैलाई पनि बलपूर्वक अथवा अनिवार्य श्रम गर्न लगाइनेछैन,

(ख) कडा श्रम सहितको कैद कुनै अपराधको दण्ड सजायका रूपमा लागू गर्न सकिने देशहरूमा सक्षम अदालतले निर्णय गरेको दण्ड कार्यान्वयन गर्ने क्रममा कडा श्रम गराउन प्रकरण ३ (क) ले रोक लगाएको मानिन छैन,

(ग) यस प्रकरणको उद्देश्यका लागि बलपूर्वक वा अनिवार्य श्रमदान भन्ने शब्दले निम्न कुराहरू जनाउने छैनः-

(अ) उपप्रकरण (ख) मा उल्लेख नगरिएका, अदालतको कानुनी आदेशको परिणामस्वरूप थुनामा रहेका कुनै व्यक्तिले गर्नुपर्ने वा यस्तो थुनाबाट स-शर्त छुटेका व्यक्तिले सो अवधिभर साधारणतः गर्नुपर्ने कुनै काम वा सेवा,

(आ) सैनिक चरित्रको कुनै सेवा वा चेतनागत् विरोध स्वीकार गरिएका देशहरूमा, चेतनागत् विरोध-कर्ताहरूले कानुन बमोजिम गर्नुपर्ने कुनै राष्ट्रिय सेवा,

(इ) समुदायको जीवन वा कल्याणलाई खतरा पुर्‍याउने संकटकालिन अवस्था वा प्रकोपका समयमा बलपूर्वक लिइएको कुनै सेवा,

(ई) सामान्य नागरिक दायित्वको अङ्ग भएकोले कुनै काम वा सेवा ।

धारा ९ः

१. प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारीरूपले पक्राउ गर्न वा थुनामा राख्न पाइनेछैन । कानुनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिमबाहेक कसैको व्यक्तिगत स्वतन्त्रताको अपहरण गरिनेछैन ।

२. पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणको सूचना दिइनेछ तथा निज विरूद्ध लगाइएको आरोपको तुरून्त जानकारी दिइनेछ ।

३. कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानुनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकार प्राप्त अधिकारी समक्ष तुरून्त ल्याइनेछ तथा त्यस्तो व्यक्तिलाई न्यायोचित समयावधिभित्र सुनुवाइ गरिपाउने वा छुट्कारा पाउने अधिकार हुनेछ । सुनुवाईको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुनेछैन तर निजको रिहाइ भने न्यायिक कारबाहीको अन्य कुनै पनि चरणको सुनुवाइमा समुपस्थित हुने तथा अवस्था उत्पन्न भएमा फैसला कार्यान्वयन गर्नको लागि जमानत धरौटीको अधीनमा रहन सक्नेछ ।

४. पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालत समक्ष कारवाही थालनी गर्न पाउनेछ, ताकि सो अदालतले विलम्ब नगरी निजको थुनाको वैधताको सम्बन्धमा निर्णय गर्न तथा थुनुवाई कानुनी नभएमा निजलाई रिहाई गर्न आदेश दिन सक्नेछ ।

५. गैर कानुनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई क्षतिपूर्तिका कार्यान्वयन गर्न सकिने अधिकार हुनेछ ।

धारा १०ः

१. स्वतन्त्रताको अपहरण गरिएका सबै व्यक्तिहरूलाई मानवतासहित तथा मानिसको अन्तरनिहित मर्यादा प्रति सम्मान गर्ने किसिमले व्यवहार गरिनेछ ।

२. (क) अपवादजनक अवस्थाहरूमा बाहेक अभियुक्तहरूलाई अपराधीहरू (सजायँ पाएका व्यक्तिहरू) बाट अलग राखिने र सजायँ नपाएका व्यक्तिहरूको हैसियतले तिनीहरूको अवस्था सुहाउँदो पृथक व्यवहार गरिनेछ ।

(ख) बाल अभियुक्तहरूलाई वयस्कहरूबाट अलग राखिनेछ र जतिसक्दो चाँडो तिनीहरूको मुद्दा छिन्न लगाइनेछ ।

३. बन्दी सुधार प्रणालीमा कैदीहरू प्रतिको व्यवहार समावेश हुनेछ, जसको प्रमुख उद्देश्य उनीहरूको अत्यावश्यक सुधार तथा सामाजिक पुनर्स्थापना हुनेछ । बाल अपराधीहरूलाई वयस्कहरूबाट अलग राखिनेछ र उनीहरूको उमेर तथा कानुनी अवस्था सुहाउँदो व्यवहार गरिनेछ ।

धारा ११ः कुनै करारीय दायित्व पूरा गर्न नसकेको आधारमा मात्र कसैलाई पनि थुनामा राखिनेछैन ।

धारा १२ः

१. कुनै राष्ट्रको इलाकाभित्र कानुनी रूपमा रहेको प्रत्येक व्यक्तिलाई सो इलाकाभित्र आवतजावत गर्ने स्वतन्त्रता तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुनेछ ।

२. प्रत्येक व्यक्ति आफ्नो देश लगायत कुनै पनि देश छोड्न स्वतन्त्र हुनेछ ।

३. माथि उल्लिखित अधिरकाहरूमा कानुन बमोजिम लगाइएका राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य, वा नैतिकता वा अरूको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक तथा यस प्रतिज्ञापत्रमा स्वीकार गरिएका अन्य अधिकारहरू अनुरूपका प्रतिबन्धहरू बाहेक कुनै प्रतिबन्धहरू लगाइनेछैन ।

४. कुनै पनि व्यक्तिलाई आफ्नो देशभित्र प्रवेश गर्न पाउने अधिकारबाट स्वेच्छाचारी रूपमा वञ्चित गरिनेछैन ।

धारा १३ः यस प्रतिज्ञापत्रको कुनै पक्षराष्ट्रको इलाकामा कानुनीरूपमा रहेको कुनै विदेशीलाई कानुन बमोजिम गरिएको निर्णयअनुरूप मात्र त्यहाँबाट निष्काशन गर्न सकिनेछ र राष्ट्रिय सुरक्षाको बाध्यात्मक कारणबाट अन्यथा गर्नपर्ने भएमा बाहेक निजलाई आफ्नो निष्काशनविरूद्ध कारणहरू पेश गर्न तथा आफ्नो मुद्दा सक्षम अधिकारीबाट वा सक्षम अधिकारीबाट विशेष रूपमा तोकिएको कुनै व्यक्ति वा व्यक्तिहरूबाट पुनरावलोकन गरी पाउन तथा सो प्रयोजनकोलागि त्यस्तो अधिकारी वा व्यक्ति वा व्यक्तिहरू समक्ष आफ्नो प्रतिनिधित्व गरिपाउन दिनु पर्नेछ ।

धारा १४ः

१. सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणहरूको अगाडि समान हुनेछन् । आफूविरूद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै कानुनी मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई कानुनद्वारा स्थापित सक्षम, तथा निष्पक्ष न्यायाधिकरणबाट समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत जीवनको हितमा त्यसो गर्नुपर्ने भएमा वा विशेष परिस्थितिमा सार्वजनिक गर्दा न्यायको हितमा प्रतिकूल प्रभाव पर्न सक्छ भन्ने कुरा अदालतलाई लागेको अवस्थामा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाई वा त्यसको कुनै अंशबाट पत्रकार (प्रेस) तथा जनतालाई पृथक राख्न सकिनेछ, तर तरूणहरूको हितको रक्षा गर्न अन्यथा गर्नु पर्ने भएको वा कारबाहीहरू वैवाहिक विवाद् वा बालवालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै फौजदारी मुद्दामा वा कानुनी मुद्दामा गरिएका फैसलाहरू सार्वजनिक गरिनेछ ।

२. फौजदारी कसूरका आरोप लागेका प्रत्येक व्यक्तिलाई कानुन बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिपाउने अधिकार हुनेछ ।

३. प्रत्येक व्यक्ति विरूद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहायबमोजिमका न्यूनतम प्रत्याभूतिहरू पाउने अधिकार हुनेछ :-

(क) आफूविरूद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरून्त एवं विस्तार पूर्वक जानकारी पाउने,

(ख) आफ्नो प्रतिरक्षा तयार गर्नकालागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको वकिलसँग कुराकानी गर्न पाउने,

(ग) अनुचित विलम्बविना सुनुवाई गरी पाउने,

(घ) आफ्नो उपस्थितिमा सुनुवाइ हुने, तथा आफू स्वयंले वा आफूले रोजेको कानुनी सहायता मार्फत प्रतिरक्षा गर्ने, कानुनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानुनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सोकोलागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नुहँदा पनि कानुनी सहायता पाउने,

(ङ) आफू विरूद्धका साक्षीहरू परीक्षण गर्ने वा परीक्षण गरिपाउने, र आफू विरूद्धका साक्षीहरूकै जस्तो समान अवस्थाहरूमा आफ्नो तर्फका साक्षीहरूको हाजिरी तथा परीक्षण प्राप्त गर्ने,

(च) आफूले अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने,

(छ) आफ्नो विरूद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन नपाउने,

४. तरूणहरूको हकमा निजहरूको उमेर तथा पुनर्स्थापना प्रवर्द्धन गर्ने वाञ्छनीयतालाई मध्यनजर राख्ने किसिमका कार्यविधिहरू हुनेछन् ।

५. अपराधमा सजायँ पाएका प्रत्येक व्यक्तिलाई कानुनबमोजिम कुनै उच्च न्यायाधिकरणबाट आफ्नो सजायँ तथा दण्ड पुनरावलोकन गराइ पाउने अधिकार हुनेछ ।

६. अन्तिम निर्णयबाट कुनै व्यक्तिले फौजदारी कसूरमा सजायँ पाएको र पछि गएर नयाँ तथा नयाँ किसिमले पत्ता लागेको तथ्यबाट अन्याय भएको कुरा निर्विवाद रूपमा पुष्टि भएको भन्ने आधारमा निजको सजायँ उल्टाइएको वा निजलाई माफी दिइएको अवस्थामा पूर्ण वा आंशिक रूपमा निजको कारणबाट अज्ञात तथ्यहरू समयमा पत्ता लाग्न नसकेको कुरा प्रमाणित भएकोमा बाहेक, त्यस्तो सजायँको परिणाम स्वरूप दण्ड सजायँ भोगेको त्यस्तो व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति दिइनेछ ।

७. कुनै पनि व्यक्तिलाई कुनै कसूरमा प्रत्येक देशको कानुन र दण्ड कार्यविधि अनुसार अन्तिम सजायँ दिइसकेपछि वा सोबाट निजले छुटकारा पाइसकेपछि सोही कसूरमा निजविरूद्ध पुनः मुद्दा चलाउन वा निजलाई दण्ड दिन पाइनेछैन ।

**धारा १५ः**

१. कुनै कार्य वा त्रुटी गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुन अन्तरगत त्यस्तो कार्य वा त्रुटी कुनै फौजदारी कसूर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यस्तो कार्य वा त्रुटीका लागि कुनै फौजदारी कसूरको दोषी बनाइनेछैन । न त फौजदारी कसूर गर्दाका बखत प्रचलित सजाय भन्दा बढी सजाय नै दिइनेछ । कसूर गरेको समय पछि कानुनद्वारा कम सजाय गरिने व्यवस्था भएमा कसूरदारलाई सोको फाइदा प्राप्त हुनेछ ।

२. राष्ट्रहरूका समुदायबाट स्वीकृत कानुनका सामान्य सिद्धान्त अनुसार कुनै कार्य वा त्रुटी गर्दाको समयमा अपराध मानिने त्रुटी वा कार्यका लागि कुनै व्यक्तिको सुनुवाई वा सजायँलाई यस धारामा उल्लेखित कुनै पनि कुराले प्रतिकूल प्रभाव पार्नेछैन ।

**धारा १६ः** प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ ।

**धारा १७ः**

१. कुनै पनि व्यक्तिलाई निजको गोपनियता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानुनी हस्तक्षेप भोग्न लगाइने छैन, न त निजको प्रतिष्ठा तथा ख्यातिमा गैर कानुनी आक्रमण गर्न नै लगाइनेछ ।

२. प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमणविरूद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ ।

**धारा १८ः**

१. प्रत्येक व्यक्तिलाई विचार, सदविवेक तथा धर्मको स्वतन्त्रताको अधिकार हुनेछ । यस अधिकारमा आफूले रोजेको धर्म वा आस्था अवलम्बन गर्ने स्वतन्त्रता र आफ्नो धर्म वा आस्था पूजाआजा, नियम, अभ्यास तथा शिक्षणमा व्यक्तिगत रूपमा वा अरूसँग मिलेर तथा सार्वजनिक वा निजी रूपमा प्रकट गर्न पाउने स्वतन्त्रता समेत समावेश हुनेछ ।

२. कुनै पनि व्यक्तिलाई आफूले रोजेको धर्म वा आस्था अवलम्बन वा ग्रहण गर्ने निजको स्वतन्त्रतामा आघात पुऱ्याउन सक्ने कुनै करकापमा पारिने छैन ।

३. आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रतामा कानुनद्वारा तोकिएका र सार्वजनिक सुरक्षा व्यवस्था, स्वास्थ्य वा नैतिकता वा अरूको मौलिक अधिकार र स्वतन्त्रताको संरक्षण गर्न आवश्यक प्रतिबन्धहरू मात्र लगाउन सकिनेछ ।

४. यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरू आफ्नो आस्थाअनुसार आफ्ना बालबालिकाको धार्मिक तथा नैतिक शिक्षा सुनिश्चित गर्न मातापिताको तथा लागू हुने अवस्थामा कानुनी संरक्षकहरूको, स्वतन्त्रतालाई सम्मान गर्न प्रतिज्ञा गर्दछन् ।

धारा १९ः

१. प्रत्येक व्यक्तिलाई बिना हस्तक्षेप विचारहरू राख्न पाउने अधिकार हुनेछ ।

२. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, सीमाको बन्देज बिना, मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा निजको आफ्नो छनौटको कुनै अन्य माध्यममार्फत सबै किसिमका सूचना तथा विचारहरू प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समेत यस अधिकारमा समावेश हुनेछन् ।

३. यस धाराको प्रकरण २ मा व्यवस्था गरिएका अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तर दायित्वहरू पर्दछन् । तसर्थ यो केही निश्चित प्रतिबन्धहरूको अधिनमा हुन सक्नेछ तर ती प्रतिबन्धहरू कानुनद्वारा व्यवस्था गरिएको र देहायका कुराको लागि आवश्यक भएको हुनुपर्छ :-

(क) प्रत्येक व्यक्तिको अधिकार तथा प्रतिष्ठाको सम्मानका लागि

(ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, स्वास्थ्य वा नैतिकताको सुरक्षाको लागि

धारा २०ः

१. युद्धको लागि कुनै प्रचार कानुनबाट निषेधित गरिनेछ ।

२. भेदभाव, शत्रुता वा हिंसालाई उत्तेजित पार्ने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको कुनै पनि वकालतलाई कानुनबाट निषेधित गरिनेछ ।

धारा २१ः शान्तिपूर्वक भेला हुने अधिकारलाई स्वीकार गरिनेछ । यस अधिकारको प्रयोगमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरूको अधिकार तथा स्वतन्त्रताको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरू बाहेक अन्य कुनै प्रतिबन्धहरू लगाउन पाइनेछैन ।

धारा २२ः

१. प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणको लागि ट्रेड यूनियनहरू खोल्ने वा त्यसमा सम्मिलित हुने अधिकार लगायत अरू व्यक्तिहरूसँग संगठनको स्वतन्त्रताको अधिकार हुनेछ ।

२. यस अधिकारको प्रयोगमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरूको अधिकार तथा स्वतन्त्रताको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरूबाहेक अन्य कुनै प्रतिबन्धहरू लगाउन पाइनेछैन । सैनिक बलका सदस्यहरू तथा प्रहरीका सदस्यहरूबाट यस अधिकारको प्रयोग गर्दा निजहरू उपर कानुनी प्रतिबन्धहरू लगाउन यस धाराले रोक लगाउनेछैन ।

३. यस धाराको कुनै पनि कुराले संघको स्वतन्त्रता तथा संगठन गर्ने अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको सन् १९४८ को महासन्धिका पक्षराष्ट्रहरूलाई सो महासन्धिमा व्यवस्था

गरिएका प्रत्याभूतिहरू प्रति दूराग्रही हुने व्यवस्थापकीय उपायहरू अपनाउन, वा त्यसरी दूराग्रही हुने तरिकाले कानुन लागू गर्न अख्तियारी दिइनेछैन ।

धारा २३ः

१. परिवार समाजको प्राकृतिक तथा मौलिक समूह इकाई हो र परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउनेछ ।

२. विवाह योग्य उमेरका पुरूष तथा नारीहरूको विवाह गर्ने तथा परिवार आरम्भ गर्ने अधिकारलाई स्वीकार गरिनेछ ।

३. इच्छुक वरवधुको स्वतन्त्र तथा पूर्ण मन्जुरीविना कुनै पनि विवाह सम्पन्न गरिनेछैन ।

४. यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूले विवाह सम्बन्धमा, विवाह अवधिभर वा विवाहको विच्छेदका समयमा वरवधुहरूको अधिकार तथा उत्तरदायित्वहरूको समानता सुनिश्चित गर्न समुचित कदमहरू चाल्नेछन् । विवाह विच्छेद भएको खण्डमा कुनै पनि बालबालिकाको आवश्यक संरक्षणको लागि व्यवस्था गरिनेछ ।

धारा २४ः

१. प्रत्येक बालकलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा जन्मको आधारमा कुनै भेदभावविना निज नाबालक भएको हैसियतबाट आवश्यक संरक्षणका उपायहरूको अधिकार, परिवार, समाज तथा राष्ट्रबाट प्राप्त हुनेछ ।

२. प्रत्येक बालकलाई जन्मेपछि तत्कालै दर्ता गरिनेछ र निजको नाम राखिनेछ ।

३. प्रत्येक बालकलाई राष्ट्रियता प्राप्त गर्ने अधिकार छ ।

धारा २५ः प्रत्येक नागरिक धारा२ मा उल्लेख गरिएका कुनै भेदभावविना तथा अनुचित प्रतिबन्धहरू विना, देहायको कुराको अधिकार तथा अवसर हुनेछ :-

(क) प्रत्यक्ष रूपमा वा छानिएका प्रतिनिधिहरूमार्फत सार्वजनिक जीवन संचालनमा भाग लिने,

(ख) सर्वव्यापी तथा समान मताधिकारबाट तथा, गोप्य मतदानबाट निर्वाचकहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने शुद्ध आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने,

(ग) आफ्नो देशमा समानताका सामान्य शर्तहरूमा सार्वजनिक सेवामा प्रवेश गर्ने ।

धारा २६ः सबै व्यक्तिहरू कानुनको दृष्टिमा समान छन् र कुनै भेदभाव बिना कानुनको समान संरक्षणका हकदार छन् । यस सम्बन्धमा कानुनले कुनै भेदभावलाई निषेध गर्नेछ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभावविरूद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिनेछ ।

धारा २७ः सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकहरू विद्यमान रहेका राष्ट्रहरूमा त्यस्तो अल्प-संख्यक व्यक्तिहरूलाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिली आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अव लम्बन तथा अभ्यास गर्ने, वा आफ्नै भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गरिनेछैन ।

## भाग–४

**धारा २८ः**

१. मानव अधिकार समिति (यस प्रतिज्ञापत्रमा यसपछि "समिति" भनिएको) को स्थापना गरिनेछ । यसमा अठार सदस्यहरू रहनेछन् र यसले यसपछि व्यवस्था गरिएका कार्यहरू सम्पन्न गर्नेछ ।

२. उच्च नैतिक चरित्र भएका तथा मानव अधिकारहरूको क्षेत्रमा सक्षमता स्वीकार गरिएका यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूबाट कानुनी अनुभव भएका केही व्यक्तिहरूको सहभागिताको उपयोगितालाई ध्यान दिई समिति गठन हुनेछ ।

३. समितिका सदस्यहरू निर्वाचित हुनेछन् र तिनीहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन् ।

**धारा २९ः**

१. धारा २८ मा तोकिएको योग्यता भएका तथा सो प्रयोजनको लागि यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुनेछन् ।

२. यस प्रतिज्ञापत्रका प्रत्येक पक्षराष्ट्रहरूले दुई जना व्यक्तिसम्म मनोनयन गर्न सक्नेछन् । यी व्यक्तिहरू मनोनयन गर्ने राष्ट्रका नागरिकहरू हुनेछन् ।

३. कुनै व्यक्ति पुनः मनोनित हुन योग्य हुनेछन् ।

**धारा ३०ः**

१. यो प्रतिज्ञापत्र लागू भएको मितिले ६ महिना पछि प्रारम्भिक निर्वाचन गरिनेछ ।

२. धारा ३४ अनुसार घोषित रिक्त पदपूर्ति गर्ने बाहेकका समितिका प्रत्येक निर्वाचनको मितिभन्दा कम्तिमा चार महिना अगावै संयुक्त राष्ट्रसंघका महासचिवले यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूलाई तीन महिनाभित्र समितिको सदस्यताका लागि आ–आफ्ना मनोनयनहरू पेश गर्न आमन्त्रण गर्दै पत्र पठाउनेछन् ।

३. महासचिवले यसरी मनोनित सबै व्यक्तिहरूको वर्णानुक्रममा त्यस्ता व्यक्तिहरूको मनोनयन गर्ने पक्ष राष्ट्रहरूको नाम उल्लेख गरिएको एउटा सूची तयार गरी सो सूची यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरू समक्ष प्रत्येक निर्वाचनको मिति भन्दा एक महिना अगाडि पेश गर्नेछन् ।

४. संयुक्त राष्ट्रसंघका महासचिवद्वारा संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा बोलाइएको यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूको बैठकमा समितिका सदस्यहरूको निर्वाचत गरिनेछ । यस प्रतिज्ञापत्रका पक्ष र ाष्ट्रहरूको दुई तिहाई संख्या गणपूरक संख्या मानिने, सो बैठकमा सबभन्दा बढी मत तथा बैठकमा उपस्थित भै मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको मतको पूर्ण बहुमत प्राप्त गर्ने मनोनित व्यक्तिहरू नै समितिमा निर्वाचित हुनेछन् ।

**धारा ३१ः**

१. समितिमा एउटै राष्ट्रको एकजना भन्दा बढी नागरिक समावेश हुनसक्ने छैन ।

२. समितिका निर्वाचनमा सदस्यताको समन्यायिक भौगोलिक वितरण तथा सभ्यताका विभिन्न रूपको तथा प्रमुख कानुनी प्रणालीहरूको प्रतिनिधित्वलाई ध्यान दिइनेछ ।

**धारा ३२ः**

१. समितिका सदस्यहरू चारवर्षको अवधिका लागि निर्वाचित हुनेछन् । पुनः मनोनयन भएमा उनीहरू पुनः निर्वाचनको लागि योग्य हुनेछन् । तर, प्रथम निर्वाचित नौ सदस्यहरूको पदावधि दुईवर्ष

पुगेपछि समाप्त हुनेछ । प्रथम निर्वाचनको तत्कालै पछि यी नौ सदस्यहरूको नाम धारा ३० को प्रकरण ४ बमोजिम अध्यक्षद्वारा गोला हालेर छानिनेछ ।

२. यस प्रतिज्ञापत्रको यस भागका अघिल्ला धाराहरूअनुसार पदावधि समाप्त भएपछि निर्वाचनहरू गरिनेछन् ।

धारा ३३ः

१. अस्थायी प्रकृतिको अनुपस्थितिबाहेक अन्य कुनै कारणबाट समितिका कुनै सदस्यले आफ्नो कार्य गर्न छोडेको कुरामा अन्य सदस्यहरूको सर्वसम्मति भएमा समितिका अध्यक्षले संयुक्त राष्ट्र संघका महासचिवलाई सोको सूचना दिनेछन् र महासचिवले त्यसपछि सो सदस्यको स्थान रिक्त भएको घोषणा गर्नेछन् ।

२. समितिको कुनै सदस्यको मृत्यु भएमा वा सदस्यले राजीनामा दिएमा अध्यक्षले तुरून्तै संयुक्त राष्ट्रसंघका महासचिवलाई सो कुराको सूचना दिनेछन् र महासचिवले मृत्यु भएको मिति वा राजीनामा लागू भएको मितिबाट सो स्थान रिक्त भएको घोषणा गर्नेछन् ।

धारा ३४ः

१. धारा ३३ अनुसार रिक्त स्थान घोषणा गरिएपछि तथा रिक्त स्थान घोषणाको छ महिनाभित्र विस्थापित गरिने सदस्यको पदावधि समाप्त हुँदैन भने संयुक्त राष्ट्रसंघका महासचिवले यस प्रतिज्ञापत्रका प्रत्येक पक्षराष्ट्रहरूलाई सोको सूचना दिनेछन् । रिक्त स्थान पूर्ति गर्ने उद्देश्यको लागि धारा २९ बमोजिम दुई महिनाभित्र मनोनयनहरू पेश गर्न सक्नेछन् ।

२. राष्ट्रसंघका महासचिवले यसरी मनोनित व्यक्तिहरूको वर्णानुक्रममा एउटा सूची तयार पार्नेछन् र यस प्रतिज्ञापत्रको पक्षराष्ट्रहरू समक्ष पेश गरिनेछ । त्यस पछि यस प्रतिज्ञापत्रको यस भागका सम्बन्धित व्यवस्थाहरू अनुसार रिक्तस्थान पूर्ति गर्न निर्वाचन गरिनेछ ।

३. धारा ३३ अनुसार घोषणा गरिएको रिक्त स्थान पूर्ति गर्न निर्वाचित भएको समितिको सदस्यले त्यस धाराको व्यवस्था अन्तर्गत समितिको स्थान रिक्त गराउने सदस्यको बाँकी पदावधिको लागि पदभार ग्रहण गर्नेछ ।

धारा ३५ः संयुक्त राष्ट्रसंघको महासभाको अनुमोदन सहमतिबाट समितिका सदस्यहरूले समितिको उत्तर दायित्वको महत्व विचार गरी महासभाले निर्धारण गरेको शर्त एवं आधारमा संयुक्त राष्ट्रसंघको स्रोतबाट सुविधा पाउनेछन् ।

धारा ३६ः यस प्रतिज्ञापत्र अन्तर्गत समितिको कार्यको प्रभावकारी सम्पादनका लागि संयुक्त राष्ट्रसंघका महासचिवले आवश्यक कर्मचारी तथा सुविधाहरू उपलब्ध गराउनेछन् ।

धारा ३७ः

१. संयुक्त राष्ट्रसंघका महासचिवले समितिको प्रारम्भिक बैठक संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा आयोजना गर्नेछन् ।

२. प्रारम्भिक बैठक पछि समितिको कार्याविधिको नियममा व्यवस्था गरे बमोजिमको समयमा समितिको बैठक बस्नेछ ।

३. सामान्यतया समितिको बैठक संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय वा जेनेभा स्थित संयुक्त राष्ट्र संघको कार्यालयमा बस्नेछ ।

धारा ३८ः समितिको प्रत्येक सदस्यले आफ्नो कर्तव्य ग्रहण गर्नु पूर्व आफ्नो कार्य निष्पक्ष रूपमा तथा विवेकपूर्वक सम्पादन गर्नेछु भनी खुला समितिमा पवित्र घोषणा गर्नेछन् ।

धारा ३९ः

१. समितिले आफ्ना अधिकारीहरू दुईवर्षको पदावधिका लागि निर्वाचित गर्नेछ । उनीहरू पुनः निर्वाचित हुन सक्नेछन् ।

२. समितिले आफ्नो कार्यविधिको नियमहरू आफैं निर्धारण गर्नेछ तर ती नियमहरूले अन्य कुराका अतिरिक्त निम्न कुराको व्यवस्था गर्नेछ :-

(क) गणपूरक संख्या १२ जना सदस्य हुने ।

(ख) समितिका निर्णयहरू उपस्थित सदस्यहरूको बहुमतबाट गरिने ।

धारा ४०ः

१. यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरू यस प्रतिज्ञापत्रमा स्वीकृत अधिकारलाई कार्यान्वयन गर्न आफूले ग्रहण गरेका उपायहरू तथा ती अधिकारहरूका उपभोगमा गरिएका प्रगतिका सम्बन्धमा प्रतिवेदन पेश गर्न प्रतिज्ञा गर्दछन् :-

(क) सम्बन्धित पक्षराष्ट्रहरूलाई यस प्रतिज्ञापत्र लागू भएको एकवर्षभित्र,

(ख) त्यस पछि समितिले सोको लागि अनुरोध गरेका बखत ।

२. सबै प्रतिवेदनहरू संयुक्त राष्ट्रसंघका महासचिव समक्ष पेश गरिनेछ, निजले ती प्रतिवेदनहरू विचारकालागि समितिमा पठाउनेछन् । यस प्रतिज्ञापत्रको कार्यान्वयनमा असर पार्ने कुनै कुरा वा कठिनाइहरू भएमा सो कुरा प्रतिवेदनहरूको देखाउनेछन् ।

३. समितिसँग परामर्श गरेपछि संयुक्त राष्ट्रसंघका महासचिवले विशिष्टिकृत निकायहरूको आफ्नो कार्य क्षेत्रभित्र पर्ने प्रतिवेदनका अंशहरूको प्रतिहरू सम्बन्धित विशिष्टिकृत निकायहरूमा पठाउन सक्नेछन् ।

४. समितिले यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूबाट पेश गरिएका प्रतिवेदनहरूको अध्ययन गर्नेछ । यसले आफ्ना प्रतिवेदनहरू तथा आफूले उचित ठानेका सामान्य टिप्पणीहरू पक्षराष्ट्रहरूलाई पठाउनेछन् । समितिले यी टिप्पणीहरू एवं आफूले यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूबाट प्राप्त गरेका प्रतिवेदनहरूका प्रतिहरू आर्थिक तथा सामाजिक परिषद्लाई पनि पठाउन सक्नेछ ।

५. यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूले यो धाराको प्रकरण ४ बमोजिम गर्न सकिने कुनै टिप्पणी बारे आफ्नो धारणा समिति समक्ष पेश गर्न सक्नेछन् ।

धारा ४१ः

१. यस प्रतिज्ञापत्रका कुनै पक्षराष्ट्रहरूले यस प्रतिज्ञापत्र अन्तर्गत अर्को कुनै पक्षराष्ट्रहरूले आफ्नो दायित्व पूरा गरिरहेको छैन भनी कुनै पक्षराष्ट्रहरूले दाबी गरिदिएको सूचना प्राप्त गर्न तथा सो उपर विचार गर्न सक्ने समितिको सक्षमता स्वीकार गरेको कुरा यस धारा अन्तर्गत कुनै पनि समयमा घोषणा गर्न सक्नेछ । समितिको सक्षमता अन्तर्गत कुनै पनि समस्या घोषणा गर्न सक्नेछ ।

समितिको सक्षमता स्वीकार गरी घोषणा गरी पक्षराष्ट्रहरूबाट पेश गरिएका सूचना मात्र यस धारा अन्तर्गत ग्रहण गर्न र सो उपर विचार गर्न सकिनेछ । घोषणा नगरेको कुनै पक्षराष्ट्रहरूसँग सम्बन्धित कुनै सूचना समितिले प्राप्त गर्नेछैन । यस धारा अन्तर्गत प्राप्त गरिएका सूचनाहरू देहायका कार्यविधिहरू अनुसार हेरिनेछन् :-

(क) यस प्रतिज्ञापत्रका व्यवस्थाहरूलाई अर्को पक्षराष्ट्रहरूले कार्यान्वयन गरिरहेका छैन भनी यस प्रतिज्ञापत्रको कुनै पक्षराष्ट्रले विचार गरेमा सो पक्षराष्ट्रले लिखित सूचनाद्वारा सो कुरा त्यस्तो पक्षराष्ट्रको ध्यानमा ल्याउन सक्नेछ । सूचना प्राप्त गरेको तीन महिनाभित्र सूचना प्राप्त गर्ने राष्ट्रले सूचना पठाउने राष्ट्रलाई विषयवस्तु स्पष्ट गर्ने व्यवस्था वा कुनै अन्य वयान/कथन उपलब्ध गराउनेछ र त्यस्तो व्याख्या वा कथनमा, संभव तथा सान्दर्भिक भएसम्म, सो विषयमा लिइएका, विचाराधिन रहेका, वा उपलब्ध घरेलु कार्यविधि तथा उपचारहरूको सन्दर्भ समेत समावेश गर्न पर्नेछ ।

(ख) सूचना प्राप्त गर्ने राष्ट्रले प्रारम्भिक सूचना प्राप्त गरेको छ महिनाभित्र सम्बन्धित दुवै पक्ष राष्ट्रहरूको चित्त बुझ्ने गरी सो कुरा समाधान हुन नसकेमा, कुनै राष्ट्रलाई, समितिलाई तथा अर्को राष्ट्रलाई सूचना दिएर सो कुरा समिति समक्ष पेश गर्ने अधिकार हुनेछ ।

(ग) सो विषयमा अन्तर्राष्ट्रिय कानुनका सामान्यतः स्वीकृत सिद्धान्तहरू अनुरूप सबै उपलब्ध घरेलु उपचारहरूको माग गरिएको र त्यस्ता उपचारहरू समाप्त भै सकेको कुरा समितिले एकीन गरिसकेपछि मात्र समितिले आफू समक्ष पेश गरिएको कुनै कुरा हेर्नेछ । उपचारहरू लागू गर्न अनुचित रूपमा ढिलाई हुने अवस्थामा यो व्यवस्थालाई नियमको रूपमा लिईनेछैन ।

(घ) यस धारा अन्तर्गत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठक गर्नेछ ।

(ङ) उपप्रकरण (ग) का व्यवस्थाहरूको अधिनमा रही समितिले यस प्रतिज्ञापत्रमा स्वीकार गरिएका मानव अधिकार तथा मौलिक स्वतन्त्रताको सम्मानका आधारमा विषयको मैत्रीपूर्ण समाधान गराउने उद्देश्यले सम्बन्धित पक्षराष्ट्रहरूलाई आफ्नो सद्भावपूर्ण सेवा (गुड अफिसेस) उपलब्ध गराउनेछ ।

(च) आफू समक्ष पेश गरिएको कुनै कुरामा समितिले उपप्रकरण (ख) बमोजिमका सम्बन्धित पक्ष राष्ट्रहरूलाई कुनै सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

(छ) उपप्रकरण (ख) बमोजिम सम्बन्धित पक्षराष्ट्रहरूलाई सो विषय उपर समितिमा विचार भैरहेको बेलामा आफ्नो प्रतिनिधित्व गर्न पाउने तथा मौखिक वा लिखित रूपमा जिकिर पेश गर्ने अधिकार हुनेछ ।

(ज) उपप्रकरण (ख) अन्तर्गत सूचना प्राप्त गरेको मितिले बाह्र महिनाभित्र समितिले प्रतिवेदन पेश गर्नेछ :-

(१) उपप्रकरण (ङ) का अवस्थाभित्र कुनै समाधान प्राप्त भएको अवस्थामा, समितिले आफ्नो प्रतिवेदन तथ्यहरूको तथा प्राप्त भएको समाधानको संक्षिप्त व्यहोरामा सिमित गर्नेछ,

(२) उपप्रकरण (ङ) का अवस्थाभित्र कुनै समाधान प्राप्त नभएमा समितिले आफ्नो प्रतिवेदन तथ्यहरूको संक्षिप्त व्यहोरामा सीमित गर्नेछ, सम्बन्धित पक्षराष्ट्रहरूबाट पेश गरिएका लिखित जिकिरहरू तथा मौखिक जिकिरहरूको अभिलेख (रिकर्ड) प्रतिवेदन साथ संलग्न गरिनेछ । प्रत्येक कुरामा, सो प्रतिवेदन सम्बन्धित पक्षराष्ट्रहरूलाई पठाईनेछ ।

२. यस प्रतिज्ञापत्रका दश पक्षराष्ट्रहरूले यस धाराको प्रकरण १ अन्तर्गत घोषणाहरू गरिसकेपछि यस धाराका व्यवस्थाहरू लागू हुनेछन् । पक्षराष्ट्रहरूबाट त्यस्ता घोषणाहरू संयुक्त राष्ट्र संघको महासचिव समक्ष दाखिला गरिनेछ र निजले सोको प्रतिलिपि अन्य पक्षराष्ट्रहरूलाई प्रसार गर्नेछन् । महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ । यस धारा अन्तर्गत प्रसार गरिसकिएको सूचनाको विषय भएको कुनै कुराको विचारलाई त्यस्तो फिर्ताले प्रतिकूल प्रभाव पर्ने छैन । सम्बन्धित पक्षराष्ट्रहरूले नयाँ घोषणा नगरेमा महासचिवबाट घोषणा फिर्ता लिएको सूचना प्राप्त गरिसकेपछि त्यस्ता पक्षराष्ट्रहरूबाट कुनै अग्रीम सूचना प्राप्त गरिनेछैन ।

धारा ४२

१. (क) धारा ४१ अनुसार समिति समक्ष पेश गरिएको कुनै कुरा सम्वन्धित पक्ष राष्ट्रहरूको चित्त बुझ्ने गरी समाधान नभएमा समितिले सम्बन्धित पक्ष राष्ट्रहरूको पूर्व स्वीकृति लिई एउटा अस्थायी मेलमिलाप आयोग (यसपछि "आयोग" भनिएको) गठन गर्न सक्नेछ । यस प्रतिज्ञापत्रको सम्मानको आधारमा सो विषयको शान्तिपूर्ण समाधान गर्ने उद्देश्यले सम्बन्धित पक्षराष्ट्रहरूलाई आयोगको सद्भावपूर्ण सेवा (गुड अफिसेस) उपलब्ध गराइनेछ ।

(ख) आयोगमा सम्बन्धित पक्षराष्ट्रहरूलाई स्वीकार्य हुने पाँच जना व्यक्तिहरू रहनेछन् । तीन महिनाभित्र सम्बन्धित पक्षराष्ट्रहरू पूर्ण वा आंशिक रूपमा आयोगको गठनको सम्बन्धमा सहमत हुन नसकेमा आयोगका सदस्यहरू, जसको सम्बन्धमा कुनै सहमति हुन सकेन, समितिका सदस्यहरू मध्येबाट समितिको दुई तिहाई बहुमतबाट गोप्य मतदानद्वारा निर्वाचित गरिनेछन् ।

२. आयोगका सदस्यहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन् । सम्बन्धित पक्षराष्ट्रहरू वा यस प्रतिज्ञापत्रका पक्ष नभएको कुनै राष्ट्रका वा पक्षराष्ट्र जसले धारा ४१ अन्तर्गत घोषणा गरेको छैन, वा नागरिकहरू आयोगका सदस्यहरू हुने छैनन् ।

३. आयोगले आफ्नो अध्यक्ष आफै निर्वाचन गर्नेछ र आफ्नो कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ ।

४. आयोगका बैठकहरू सामान्यतया संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा वा जेनेभा स्थित संयुक्त राष्ट्र संघको कार्यालयमा गरिनेछन् । तथापि संयुक्त राष्ट्र संघका महासचिव तथा सम्बन्धित पक्षराष्ट्रहरूसँग परामर्श गरी आयोगले निर्धारण गरेको अन्य कुनै सुविधायुक्त स्थानमा आयोगका बैठकहरू गर्न सकिनेछ ।

५. धारा ३६ अनुसार उपलब्ध गराइएको सचिवालयले यस धारा अन्तर्गत तोकिएका आयोगहरूलाई समेत सेवा पुर्‍याउनेछ ।

६. समितिबाट प्राप्त गरिएका र सुक्ष्म परीक्षण गरिएका जानकारी आयोगलाई उपलब्ध गराइनेछ र आयोगले सम्बन्धित पक्षराष्ट्रहरूलाई अन्य कुनै सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

७. आयोगले पूर्ण रूपमा विषयवस्तु उपर विचार गरिसके पछि, तर कुनै पनि अवस्थामा विषयवस्तु लिएको १२ महिनाभित्रै आयोगले सम्बन्धित पक्षराष्ट्रहरूलाई संप्रेषण गर्नकालागि अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्नेछ :-

(क) आयोगले १२ महिनाभित्र विषयवस्तु उपर आफ्नो विचार टुंग्याउन नसकेमा, आयोगले आफ्नो प्रतिवेदन विषयवस्तु उपरको आफ्नो विचारको स्थितिका संक्षिप्त व्यहोरामा सीमित गर्नेछ,

(ख) यस प्रतिज्ञापत्रमा स्वीकार गरिएका मानव अधिकारहरूको सम्मानका आधारमा विषयको शान्तिपूर्ण समाधान प्राप्त गरिएमा, आयोगले आफ्नो प्रतिवेदन तथ्यहरूको तथा प्राप्त गरिएका समाधानको संक्षिप्त व्यहोरामा सीमित गर्नेछ,

(ग) उपप्रकरण (ख) का अवस्थाभित्र समाधान प्राप्त नभएकोमा, आयोगको प्रतिवेदनमा सम्बन्धित पक्षराष्ट्रहरूबीचका विवाद्हरूसँग सम्बन्धित सबै तथ्यगत प्रश्नहरूमा यसको ठहर, तथा विषयवस्तुको शान्तिपूर्ण समाधानका सम्भावनाहरू सम्बन्धी यसका विचारहरू समेत समावेश हुनेछन् । प्रतिवेदनमा सम्बन्धित पक्षराष्ट्रहरूबाट पेश गरिएका लिखित जिकिरहरू तथा मौखिक जिकिरहरूको अभिलेख समेत उल्लेख गरिनेछ,

(घ) उपप्रकरण (ग) अन्तर्गत आयोगको प्रतिवेदन पेश गरिएमा, सम्बन्धित पक्षराष्ट्रहरूले प्रतिवेदन प्राप्त गरेको मितिले तीन महिनाभित्र समितिको अध्यक्षलाई आफूले आयोगको प्रतिवेदनको व्यहोरा स्वीकार गर्ने वा नगर्ने कुराको सूचना दिनु पर्नेछ ।

८. यस धाराका प्रावधानहरूले धारा४१ अन्तर्गत समितिको उत्तरदायित्वहरूलाई प्रतिकूल प्रभाव पार्दैनन् ।

९. सम्बन्धित पक्षराष्ट्रहरूले संयुक्त राष्ट्र संघका महासचिवबाट उपलब्ध गराइएको अनुमान अनुसार आयोगका सदस्यहरूको सम्पूर्ण खर्च समान रूपमा व्यहोर्नेछन् ।

१०. आयोगका सदस्यहरूको खर्च यस धाराको प्रकरण ९ अनुसार सम्बन्धित पक्षराष्ट्रहरूबाट सोधभर्ना हुनु अगावै आवश्यक भएमा भुक्तानी गरिदिने अधिकार संयुक्त राष्ट्र संघका महासचिवलाई हुनेछ ।

**धारा ४३ः** समितिका तथा धारा४२ अन्तर्गत गठन हुन सक्ने अस्थायी मेलमिलाप आयोगका सदस्यहरूले संयुक्त राष्ट्र संघको सुविधा तथा उन्मुक्तिहरू सम्बन्धी महासन्धिका सम्बन्धित प्रकरणहरूमा व्यवस्था गरिएबमोजिमका संयुक्त राष्ट्र संघकालागि कार्यरत विशेषज्ञहरूको सुविधा, विशेषाधिकार तथा उन्मुक्तिहरू पाउनेछन् ।

**धारा ४४ः** यस महासन्धिको कार्यान्वयनका लागि गरिने व्यवस्थाहरू संयुक्त राष्ट्र संघ तथा त्यसका विशिष्टिकृत निकायहरूका वैधानिक दस्तावेज तथा महासन्धिहरूद्वारा वा सो अन्तर्गत मानव अधिकारहरूको क्षेत्रमा तोकिएका कार्यविधिहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी लागू गरिनेछन् र यी व्यवस्थाहरूले यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूलाई आफूहरूबीच लागू रहेका सामान्य वा विशेष अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार विवाद्को समाधान गर्न अन्य कार्यविधिहरू अवलम्बन गर्न रोक लगाउनेछैनन ।

**धारा ४५ः** समितिले आफ्नो कामकारबाही सम्बन्धी वार्षिक प्रतिवेदन आर्थिक तथा सामाजिक परिषद् मार्फत संयुक्त राष्ट्र संघको महासभामा पेश गर्नेछ ।

## भाग–५

**धारा ४६ः** यस प्रतिज्ञापत्रको कुनै पनि कुरालाई संयुक्त राष्ट्र संघको बडापत्रका तथा यस प्रतिज्ञापत्रमा उल्लेख भएका कुराहरूका सम्बन्धमा संयुक्त राष्ट्र संघका विभिन्न अंगहरू तथा विशिष्टकृत निकायहरूका आ-आफ्ना उत्तरदायित्वहरू परिभाषित गर्ने विशिष्टकृत निकायहरूका विधानका व्यवस्थाहरूलाई कमजोर पार्ने गरी व्याख्या गरिनेछैन ।

**धारा ४७ः** यस प्रतिज्ञापत्रको कुनै पनि कुरालाई आफ्ना प्राकृतिक धन तथा स्रोतहरूको पूर्ण एवं स्वतन्त्रतापूर्वक उपभोग तथा प्रयोग गर्ने सम्पूर्ण जनताहरूको अन्तर्निहित अधिकारलाई कमजोर पार्ने गरी व्याख्या गरिने छैन ।

## भाग– ६

धारा ४८ः

१. संयुक्त राष्ट्र संघको कुनै सदस्य राष्ट्र तथा यसको कुनै विशिष्टिकृत निकायको सदस्य, अन्तर्राष्ट्रिय न्यायालयको विधानको कुनै पक्षराष्ट्र तथा संयुक्त राष्ट्रसंघको महासभाले यस प्रतिज्ञापत्रको पक्ष हुन आमन्त्रण गरिएको कुनै अन्य राष्ट्रबाट हस्ताक्षरकोलागि यो प्रतिज्ञापत्र खुला छ ।

२. यस प्रतिज्ञापत्रलाई अनुमोदन गर्नु पर्नेछ । अनुमोदनका लिखतहरू संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

३. यस धाराको प्रकरण १ मा उल्लेख भएका कुनै पक्षराष्ट्रबाट सम्मिलनहरूका लागि यो प्रतिज्ञापत्र खुला रहनेछ ।

४. संयुक्त राष्ट्र संघका महासचिव समक्ष सम्मिलनको लिखत दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ ।

५. संयुक्त राष्ट्र संघका महासचिवले यस प्रतिज्ञापत्रमा हस्ताक्षर गरेका वा यसमा भएका सबै राष्ट्रहरूलाई अनुमोदन तथा सम्मिलनको प्रत्येक लिखत दाखिला भएको कुराको जानकारी दिनेछन् ।

धारा ४९ः

१. संयुक्त राष्ट्र संघका महासचिव समक्ष अनुमोदन तथा सम्मिलनको पहिलो उपकरण दाखिला भएको मितिले तीन महिना पछि यो प्रतिज्ञापत्र लागू हुनेछ ।

२. अनुमोदन तथा सम्मिलनको पैतीसौं लिखत दाखिला भएपछि यस प्रतिज्ञापत्रलाई अनुमोदन तथा यसमा सम्मिलन हुने प्रत्येक पक्षराष्ट्रका हकमा सो राष्ट्रले आफ्नो अनुमोदनको लिखत वा सम्मेलनको लिखत दाखिला गरेको मितिले तीन महिना पछि यो प्रतिज्ञापत्र लागू हुनेछ ।

धारा ५०ः कुनै सीमांकन वा अपवाद बिना यस प्रतिज्ञापत्रका व्यवस्थाहरू संयुक्त राष्ट्र संघीय राष्ट्रहरूका सबै भागहरूमा विस्तार हुनेछन् ।

धारा ५१ः

१. यस प्रतिज्ञापत्रको कुनै पक्षराष्ट्रले कुनै संशोधन प्रस्ताव गर्न सक्नेछ तथा त्यसलाई संयुक्त राष्ट्र संघका महासचिव समक्ष दर्ता गर्न सक्नेछ । त्यसपछि महासचिवले यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूलाई ती प्रस्ताव उपर विचार गर्न र मतदान गर्न, उनीहरू पक्ष राष्ट्रहरूको सम्मेलनका पक्षमा छन् वा छैनन् भनी सूचना गर्न अनुरोध सहित कुनै प्रस्तावित संशोधनहरूको जानकारी दिनेछन् । पक्षराष्ट्रहरूका कम्तिमा एक तिहाइ सदस्यहरू यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्र संघको आयोजनामा सो सम्मेलन बोलाउनेछन् । सम्मेलनमा उपस्थित भै मतदान गर्ने पक्ष राष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै संशोधनलाई अनुमोदनका लागि संयुक्त राष्ट्र संघको महासभामा पेश गरिनेछ ।

२. संयुक्त राष्ट्र संघको महासभाबाट अनुमोदन भएपछि तथा यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूका दुई तिहाई बहुमतबाट आ–आफ्ना संवैधानिक प्रक्रिया अनुसार स्वीकृत भएपछि संशोधनहरू लागू हुनेछन् ।

३. संशोधनहरू लागू भएपछि, संशोधनहरू स्वीकार गर्ने पक्षराष्ट्रहरू यस प्रतिज्ञापत्रका व्यवस्था तथा तिनले स्वीकार गरेका कुनै अघिल्लो संशोधनबाट बाँधिन लागेका अन्य पक्षराष्ट्रहरू उपर बन्धनकारी हुनेछन् ।

**धारा ५२ः** धारा ४८ को प्रकरण ५ अन्तर्गत सूचना दिइएता पनि संयुक्त राष्ट्र संघका महासचिवले सोही धाराको प्रकरण १ मा उल्लिखित सबै राष्ट्रहरूहरूलाई देहायका विवरणहरूको जानकारी दिनेछन् :-

(क) धारा ४८ अन्तर्गत हस्ताक्षर, अनुमोदन र सम्मिलन,

(ख) धारा ४९ अन्तर्गत यस प्रतिज्ञापत्र लागू हुने मिति र धारा ५१ अन्तर्गतका कुनै संशोधन लागू हुने मिति ।

**धारा ५३ः**

१. यो प्रतिज्ञापत्र, जसका अरवी, चीनियाँ, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समान रूपमा प्रामाणिक छन्, संयुक्त राष्ट्र संघको अभिलेखालयमा दाखिला गरिनेछ ।

२. संयुक्त राष्ट्र संघका महासचिवले यस महासन्धिका प्रमाणित प्रतिहरू धारा ४८ मा उल्लिखित सबै राष्ट्रहरूलाई पठाउनेछन् ।

# अनुसूची ३ः आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध

**साधारण सभाको १६ डिसेम्बर १९६६ को प्रस्ताव** २२०० (२१) **बाट ग्रहण गरी सही, अनुमोदन एवं सम्मिलनका लागि खुला भएको,**

**लागूः** ३ **जनवरी १९७६, धारा २७ अनुरुप,**

## प्राक्कथन

वर्तमान अनुबन्धका राज्यपक्ष,

संयुक्त राष्ट्र संघको बडापत्रमा उद्घोषित सिद्धान्त अनुसार मानवीय परिवारका सम्पूर्ण सदस्यका अन्तरनिहित समान तथा एवं नैसर्गिक अधिकारका स्वीकृति नै संसारमा स्वतन्त्रता, न्याय र शान्तिका आधार भएका कुरालाई बिचार गर्दै,

मानिसका अन्तरनिहित सम्मानबाट नै यी अधिकार सृजना हुन्छन् भनी स्वीकार गर्दै,

मानव अधिकारका सर्वव्यापी घोषणापत्र अनुसार भय तथा अभावबाट स्वतन्त्रता उपभोग गरिरहेका स्वतन्त्र मानिसका आदर्श प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका साथै नागरिक तथा राजनैतिक अधिकार उपभोग गर्न पाउने अवस्था सृजना गरेमा मात्र प्राप्त गर्न सकिन्छ भनी स्वीकार गर्दै,

संयुक्त राष्ट्र संघको बडापत्र अन्तर्गत मानव अधिकार तथा स्वतन्त्रताका सर्वव्यापी सम्मान एवं पालनालाई प्रवर्द्धन गर्ने राज्यहरूको दायित्वको बिचार गर्दै,

अन्य व्यक्ति तथा आफ्नो सम्प्रदायप्रति व्यक्तिको कर्तव्य भएकोले यस अनुबन्धमा स्वीकृत अधिकारका पालना एवं प्रबर्द्धनका लागि प्रयास गर्ने उत्तरदायित्व तिनमा छ भनी महसूस गर्दै,

**निम्न धारामा सहमत भएका छन्:**

## भाग १

धारा १ः

१. सम्पूर्ण जनजातिलाई स्वनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्ना राजनैतिक अधिस्थान निर्धारण गर्दछन् तथा स्वतन्त्रतापूर्वक आफ्ना आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा लाग्दछन् ।

२. पारस्परिक फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न दायित्वप्रति कुनै दुराग्रह नराखी सम्पूर्ण जनजातिले आफ्ना लक्ष्यका लागि आफ्ना प्राकृतिक धन एवं सम्पदा स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् । कुनै पनि अवस्थामा कुनै जनजातिलाई आफ्नो जीवन धान्ने उपायबाट बञ्चित गरिने छैन ।

३. यस अनुबन्धका राज्यपक्ष एवं अस्वशासनीय तथा सुम्पिएका भूभागका प्रशासनिक दायित्व भएका पक्ष समेतले स्वनिर्णयको अधिकारको प्राप्तिको प्रबर्द्धन गर्नेछन् तथा संयुक्त राष्ट्र संघको बडापत्रको व्यवस्था अनुरूप सो अधिकारको सम्मान गर्नेछन् ।

## भाग २

धारा २ः

१. विशेष गरी आर्थिक तथा प्राविधिक एवं अन्तर्राष्ट्रिय सहयोग र सहायतामार्फत तथा व्यक्तिगत रूपमा यस अनुबन्धका प्रत्येक राज्यपक्षले आफ्ना उपलब्ध सम्पदाको अधिकत्तम मात्रामा उपयोग गर्नेगरी यस अनुबन्धमा स्वीकृत अधिकार प्रगतिशील रूपमा प्राप्त गर्दै जान विशेष व्यवस्थापितकात्मक उपाय ग्रहण गर्नेसमेत सम्पूर्ण उचित उपायका लागि पाइला सार्नेछन् भनी प्रतिज्ञा गर्दछन् ।

२. जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनैतिक अथवा अन्य विचार, राष्ट्रिय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै प्रकारको भेद नगरी यस अनुबन्धमा प्रस्तुत अधिकारको उपभोग गरिनेछ भनी सुनिश्चित गर्न यस अनुबन्धका राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।

३. विकासशील देशहरूले मानव अधिकार तथा आफ्ना अर्थव्यवस्थालाई आवश्यक ध्यान दिँदै यस अनुबन्धमा स्वीकृत आर्थिक अधिकार अनागरिकहरूलाई कति मात्रामा सुनिश्चित गर्ने भनी निर्धारण गर्न सक्नेछन् ।

धारा ३ः यस अनुबन्धमा स्थापित सम्पूर्ण आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोग गर्ने नरनारीका समान अधिकार सुनिश्चित गर्न यस अनुबन्धका राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।

धारा ४ः यस अनुबन्ध अनुरूप राज्यले व्यवस्था गरेका अधिकारहरूको उपभोगमा यस्ता अधिकारको प्रवृत्तिसँग मिल्ने गरी तथा प्रजातान्त्रिक समाजमा साधारण कल्याणका प्रबर्द्धन गर्ने उद्देश्यका लागि मात्र कानूनद्वारा निर्धारित सीमाहरू प्रयोग गर्न सकिनेछ भनी यस अनुबन्धका राज्यपक्षहरू स्वीकार गर्दछन् ।

धारा ५ः

१. यस अनुबन्धमा भएका कुनै कुराले पनि कुनै राज्य, समूह अथवा व्यक्तिलाई कुनै कार्यमा लाग्न अथवा यसभित्र स्वीकार गरिएका अधिकार अथवा स्वतन्त्रता नष्ट गर्न अथवा ती अधिकारलाई यस अनुबन्धमा व्यवस्था गरेभन्दा बढी मात्रामा सीमांकन गराउने उद्देश्य भएका कुनै कार्य गर्न पाइनेछ भनी व्याख्या गर्न सकिने छैन ।

२. यस अनुबन्धले यस्ता अधिकारहरू स्वीकार गर्दैनन् अथवा तिनलाई कम मात्रामा मात्र स्वीकार गर्दछन् भन्ने स्वाङमा कानून, महासन्धि, नियम अथवा परम्पराका आधारमा कुनै पनि देशमा विद्यमान भएका अथवा स्वीकृति दिइएका मौलिक मानव अधिकारमा कुनै नियन्त्रण अथवा पन्छाइलाई स्वीकार गरिनेछैन ।

## भाग ३

धारा ६ः

१. यस अनुबन्धका राज्यपक्ष आफूले स्वतन्त्रतापूर्वक छानेको अथवा स्वीकार गरेको कुनै कार्यबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकार समेत प्रत्येक व्यक्तिको कार्य गर्ने अधिकार स्वीकार गर्छन् तथा तिनले उक्त अधिकारलाई सुरक्षागर्न उचित पाइला सार्नेछन् ।

२. यस अधिकारको पूर्ण प्राप्तिको निमित्त प्राविधिक तथा व्यवसायिक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, निरन्तर आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास प्राप्त गर्ने नीति तथा प्रविधि एवं व्यक्तिको मौलिक राजनैतिक तथा आर्थिक स्वतन्त्रता सुरक्षागर्ने अवस्थामा पूर्ण तथा उत्पादनशील रोजगारी यस अनुबन्धको लागि कुनै राज्यपक्षले सार्ने पाइलामा समावेश हुनेछन् ।

धारा ७ः प्रत्येक व्यक्तिको कार्य सुहाउँदो तथा न्यायोचित अवस्था उपभोग गर्ने अधिकारलाई यस अनुबन्धका राज्यपक्ष स्वीकार गर्छन् जसले विशेष गरी निम्न कुरा सुनिश्चित गर्नेछन् :

१. सबै मजदूरलाई न्युनतम् पारिश्रमिक दिई निम्न कुरा प्रदान गर्ने :

(क) कुनै प्रकारको भेद बिना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिकः विशेष गरी नारीहरूलाई पुरूषले उपभोग गरेभन्दा निम्न कार्यअवस्था नदिन समान कार्यका लागि समान तलबसहित सुनिश्चित गर्ने,

(ख) यस अनुबन्धका व्यवस्था अनुरूप उनीहरू एवं उनका परिवारलाई राम्रो जीवन स्तर,

२. सुरक्षित एवं स्वास्थ्य कार्यअवस्थाः

३. वरिष्ठता तथा योग्यताका आधारमा बाहेक प्रत्येक व्यक्तिलाई उचित उच्चत्तर स्तरमा पुग्न समान मौका ।

४. विश्राम, फुर्सद तथा कार्यघण्टाको उचित सीमांकन तथा तलबसहितको आवधिक तथा सार्वजनिक विदा ।

धारा ८ः

१. यस अनुबन्धका राज्यपक्ष निम्न कुरा सुनिश्चित गर्न प्रतिज्ञा गर्दछन् :

(क) आफ्नो आर्थिक एवं सामाजिक हित रक्षागर्न त्यस्ता सम्बन्धित संगठनका नियमहरू अन्तर्गत मात्र आफूले छानेका वाणिज्य संघ स्थापना गर्ने एवं त्यसमा सम्मिलित हुने प्रत्येक व्यक्तिको

अधिकार छ । कानूनले तोकेका तथा राष्ट्रिय सुरक्षा अथवा जनव्यवस्था अथवा अरूको स्वतन्त्रता एवं अधिकार रक्षागर्न प्रजातान्त्रिक समाजमा यस अधिकारको उपभोगमा आवश्यक रोक बाहेक अन्य कुनै सीमांकन लगाइनेछैन ।

(ख) वाणिज्य संघका राष्ट्रिय संघ अथवा परिसंघ स्थापना गर्ने तथा यस्ता परिसंघका अन्तर्राष्ट्रिय वाणिज्य संगठन स्थापना गर्ने अथवा त्यसमा सम्मिलित हुने अधिकार ।

(ग) कानूनले तोकेका तथा राष्ट्रिय सुरक्षा अथवा जनव्यवस्था अथवा अरूका स्वतन्त्रता एवं अधिकार रक्षागर्न प्रजातान्त्रिक समाजमा आवश्यक रोक बाहेक स्वतन्त्रतापूर्वक कार्य गर्ने वाणिज्य संघको अधिकारमा अन्य कुनै सीमांकन लागू हुनेछैन ।

(घ) कुनै एउटा देशको नियम अनुरूप उपयोग गरेका खण्डमा हडताल गर्ने अधिकार ।

२. सैनिक, प्रहरी अथवा राज्य-प्रशासनका सदस्यद्वारा यी अधिकार उपभोग गर्दा कानूनी बन्देज लगाउन यस धाराले पूर्वरोक लगाउनेछैन ।

३. संघको स्वतन्त्रता एवं संगठित हुने अधिकारको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको सन् १९४८ को महासन्धिमा राज्यपक्षलाई प्रदान गरिएका सुनिश्चितताप्रति दुराग्रह हुने गरी अथवा दुराग्रह हुने तरिकाबाट कानून लागू गर्न यस धाराको कुनै कुराले पनि आधिकारित्व दिँदैन ।

धारा ९ः यस अनुबन्धका राज्यपक्ष प्रत्येक व्यक्तिको सामाजिक बीमा समेत सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन् ।

धारा १०ः यस अनुबन्धका राज्यपक्ष निम्न कुरा स्वीकार गर्दछन् :

१. परिवार समाजको प्राकृतिक एवं मूलभूत समूहगत इकाइ भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा निर्भर बालबालिकाको हेरचाह एवं शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनु पर्दछ । इच्छुक वरवधुको स्वतन्त्र मंजुरीबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ ।

२. शिशु जन्मनु अघि र पछिको उचित अवधिमा माताहरूलाई विशेष सुरक्षा प्रदान गरिनु पर्दछ । यस्ता अवधिमा कर्मचारी माताहरूलाई तलबी बिदा अथवा पर्याप्त सामाजिक सुरक्षा सहितको बिदा दिइनु पर्दछ ।

३. पितृत्व एवं मातृत्व अथवा अन्य अवस्थाका कारणबाट बिनाभेद सम्पूर्ण बालबालिका तथा किशोरहरूका लागि सुरक्षा एवं सहायताका विशेष उपाय गरिनु पर्दछ । आर्थिक एवं सामाजिक शोषणबाट बालबालिका तथा किशोरहरूको रक्षा गरिनु पर्दछ । तिनका नैतिकता अथवा स्वास्थ्यलाई हानिकारक अथवा जीवनलाई खतरापूर्ण हुने अथवा तिनका सामानय विकासलाई कुण्ठित पार्न सक्ने रोजगार कार्यलाई कानूनतः दण्डनीय बनाइनु पर्दछ । राज्यहरूले उमेरको हद पनि तोक्नु पर्दछ जसका मुनि तलबी-बालश्रमको रोजगारलाई कानूनद्वारा निषेध गरिनु अथवा दण्डनीय बनाइनु पर्दछ ।

धारा ११ः

१. पर्याप्त भोजन, लुगा तथा आवास समेत प्रत्येक व्यक्तिको आफू स्वयं तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तर एवं जीवनका अवस्थामा निरन्तर सुधारको अधिकारलाई यस अनुबन्धका राज्यपक्ष स्वीकार गर्दछन् । राज्यपक्षले स्वतन्त्र मञ्जुरीमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उचित पाइला सार्नेछन् ।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मूलभूत अधिकार स्वीकार गर्दै यस अनुबन्धका राज्यपक्षले व्यक्तिगत रूपमा तथा अन्तर्राष्ट्रिय सहयोगमा निम्न कुराका लागि आवश्यक उपाय तथा तोकिएका कार्यक्रम समेत अवलम्बन गर्नेछन् :

(क) प्राविधिक अथवा वैज्ञानिक ज्ञानको पूर्ण उपयोगबाट पोषणसिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक सम्पदामा साह्रै प्रभावकारी विकास तथा उपयोग प्राप्त गर्ने किसिमबाट कृषि व्यवस्थाको विकास अथवा सुधार गरी खाद्यान्नको उत्पादन, संचय एवं वितरणको तरिकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात तथा निर्यातकर्ता देश दुबैका समस्यामा ध्यान दिंदै आवश्यकता हेरी विश्वको खाद्यान्न समान वितरण सुनिश्चित गर्ने ।

धारा १२ः

१. यस अनुबन्धका राज्यपक्ष प्रत्येक व्यक्तिको उच्चत्तम स्तरमा उपभोग गर्न सकिने शारीरिक एवं मानसिक स्वास्थ्यको अधिकार स्वीकार गर्दछन् ।

२. यस अधिकारको पूर्ण प्राप्तिका लागि यस अनुबन्धका राज्यपक्षले सार्ने पाइलामा निम्न आवश्यक कुरा पनि समावेश हुनेछन् :

(क) जन्मँदै मृतशिशु संख्या तथा शिशु मृत्युदर घटाउन शिशुको स्वास्थ्य विकासको व्यवस्था ।

(ख) वातावरणीय तथा औद्योगिक शुद्धता तथा सफाई अवस्थाका सम्पूर्ण पक्षमा सुधार ।

(ग) प्रकोप, महामारी, पेशागत तथा अन्य रोगको पूर्वरोक, उपचार तथा नियन्त्रण ।

(घ) बिरामी अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाको सृजना ।

धारा १३ः

१. यस अनुबन्धका राज्यपक्ष प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्दछन् । मानवीय व्यक्तित्व तथा त्यसको प्रतिष्ठातर्फ शिक्षा निर्देशित हुनेछ एवं शिक्षाको मानव अधिकार तथा मौलिक स्वतन्त्रताप्रति सम्मान सुदृढ गर्नेछ भन्ने कुरामा उनीहरू सहमत छन् । स्वतन्त्र समाजमा प्रभावकारी सहभागीत्व, सम्पूर्ण राष्ट्र तथा जातीय, जनजातीय अथवा धार्मिक समूहबीच सहनशीलता, मैत्री तथा समझदारी प्रबर्द्धन गर्न तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्र संघीय क्रियाकलापलाई अघि बढाउन शिक्षाले सम्पूर्ण व्यक्तिलाई योग्य तुल्याउँछ भन्ने कुरामा पनि उनीहरू सहमत छन् ।

२. यो अधिकार पूर्णतः प्राप्त गर्ने उद्देश्यका लागि यस अनुबन्धका राज्यपक्ष निम्न कुरा स्वीकार गर्छन् :

(क) सबैका लागि प्राथमिक शिक्षा अनिवार्य तथा निःशुल्क उपलब्ध हुनेछ ।

(ख) विशेष गरी निःशुल्क शिक्षाको प्रगतिशील प्रस्तुतीकरणबाट प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा समेत विभिन्न रूपमा माध्यामिक शिक्षा प्रत्येक उचित उपायद्वारा सबैका लागि सामान्यतः प्राप्य तथा पहुँचयुक्त बनाइनेछ ।

(ग) हर उपयुक्त उपायद्वारा खास गरी क्रमशः निशुल्कः शिक्षा लागू गरेर उच्च शिक्षालाई क्षमताको आधारमा सबैका निम्ति समान रूपले पहुच योग्य बनाईनेछ ।

(घ) प्रथमिक शिक्षाको पूर्णअवधि पूरा नगरेका अथवा प्राप्त नै नगरेका व्यक्तिका लागि यथासम्भव मूलभूत शिक्षालाई प्रोत्साहित अथवा तीब्र पारिनेछ ।

(ङ) सम्पूर्ण तहमा पाठशाला प्रणालीको विकासलाई क्रियाशील रूपमा अघि बढाइनेछ, छात्रवृत्तिको पर्याप्त व्यवस्था स्थापना गरिनेछ तथा शिक्षण कर्मचारीको भौतिक अवस्थामा निरन्तर सुधार गरिनेछ ।

३. मातापिता अथवा जहाँ लागू हुन्छ त्यहाँ कानूनी संरक्षकका आफ्ना शिशुका लागि सार्वजनिक अधिकारीले स्थापना गरेका बाहेक राज्यले निर्माण गरेका अथवा स्वीकृति दिएमा शैक्षिक मापदण्ड अनुरूप चल्ने विद्यालयहरू छान्ने तथा तिनका आस्था अनुरूप आफ्ना शिशुका धार्मिक एवं नैतिकता सुरक्षित गर्ने स्वतन्त्रतालाई सम्मान गर्न यस अनुबन्धका राज्यपक्षहरू प्रतिज्ञा गर्दछन् ।

४. यस धाराको प्रकरण १ मा प्रस्तुत सिद्धान्तको पालना तथा यस्ता संस्थामा दिइने शिक्षा राज्यले निर्धारित गर्नसक्ने न्यूनतम् अवस्था अनुरूप हुनुपर्छ भन्ने आवश्यकतालाई सँधै पालना गर्ने गरी शैक्षिक संस्था स्थापना एवं निर्देशित गर्ने व्यक्ति अथवा निकायको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने किसिमबाट यस धाराको कुनै पनि अंशको अर्थ लगाइनेछैन ।

धारा १४ः

१. यस अनुबन्धको पक्ष हुन लागेको समयमा आफ्ना महानगरीय भूभाग अथवा आफ्ना अधिकार क्षेत्रभित्रका अन्य भूभागमा सबैका लागि योजनामा तोकिने उचित वर्षको अवधिमा अनिवार्य निःशुल्क शिक्षाको सिद्धान्तको प्रगतिशील कार्यान्वयन गर्न, दुई वर्षभित्र नै विस्तारित कार्ययोजना तयार पार्न एवं ग्रहण गर्न अनिवार्य शिक्षा निःशुल्क उपलब्ध गराउन सक्षम नभएका राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।

धारा १५ः

१. यस अनुबन्धका राज्यपक्ष प्रत्येक व्यक्तिका निम्न कुरा स्वीकार गर्छन् :

(क) साँस्कृतिक जीवनमा सहभागी हुने ।

(ख) वैज्ञानिक प्रगति तथा त्यसका उपयोगको फाइदा उपभोग गर्ने ।

(ग) आफू निर्माता भएका कुनै वैज्ञानिक, साहित्यिक अथवा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक एवं भौतिक हितका सुरक्षाबाट फाइदा पाउने ।

२. यस अधिकारको पूर्ण प्राप्तिको लागि यस अनुबन्धका राज्यपक्षले सार्ने पाइलामा विज्ञान एवं साँस्कृतिको संचय, विकास तथा प्रसारका लागि सारिने आवश्यक पाइला पनि समावेश हुनेछन् ।

३. वैज्ञानिक अनुसन्धान तथा सृजनात्मक कार्यका लागि अत्यावश्यक स्वतन्त्रताको सम्मान गर्न यस अनुबन्धका राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।

४. अन्तर्राष्ट्रिय सम्बन्धको प्रोत्साहन तथा विकासबाट वैज्ञानिक तथा साँस्कृतिक जगतमा लिन सकिने फाइदा यस अनुबन्धका राज्यपक्ष स्वीकार गर्दछन् ।

## भाग ४

धारा १६ः

१. यस अनुबन्धको यो भाग अनुरूप आफूले ग्रहण गरेका उपाय तथा यसमा स्वीकार गरिएका अधिकारको पालना गर्न गरेका प्रगतिबारे प्रतिवेदन पेश गर्न यस अनुबन्धका राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।

(क) सम्पूर्ण प्रतिवेदन संयुक्त राष्ट्र संघका महासचिवलाई पेश गरिनेछ जसले यस अनुबन्धको व्यवस्था अनुरूप आर्थिक तथा सामाजिक परिषद्लाई विचारका लागि प्रतिलिपि प्रसार गर्नेछन् ।

(ख) संयुक्त राष्ट्र संघका महासचिवले विशेषीकृत संस्थाहरूलाई यस्ता संस्थाहरूका पनि सदस्य भएका यस अनुबन्धका राज्यपक्षहरूबाट प्राप्त गरेका प्रतिवेदन अथवा त्यसका अंश त्यस्ता संस्थाहरूको आफ्नो संवैधानिक उपकरण अनुरूपका उत्तरदायित्वहरूभित्र पर्ने कुनै विषयसँग सम्बन्धित भएमा ती प्रतिवेदन अथवा तिनका सान्दर्भिक अंश प्रसार गर्नेछन् ।

**धारा १७:**

१. राज्यपक्ष तथा सम्बन्धित विशेषीकृत संस्थाहरूसँग छलफल भएपछि यो अनुबन्ध लागू भएको १ वर्षभित्र आर्थिक तथा सामाजिक परिषद्ले स्थापना गर्ने कार्यक्रम अनुरूप यस अनुबन्धका र ाज्यपक्षले आफ्ना प्रतिवेदन विभिन्न चरणमा पेश गर्नेछन् ।

२. यस अनुबन्ध अन्तर्गतका दायित्वहरूको परिपूर्तिको मात्रालाई असर पार्ने कारण एवं कठिनाइलाई प्रतिवेदनले इंगित गर्न सक्नेछ ।

३. संयुक्त राष्ट्र संघ अथवा कुनै विशेषीकृत संस्थालाई यस अनुबन्धका कुनै राज्यपक्षले सान्दर्भिक सूचना अगाडि नै दिइसकेको भए त्यस्तो सूचना पुनः प्रस्तुत गर्न आवश्यक छैन तर त्यसरी प्रस्तुत गरेको सो सूचना संक्षेपमा उल्लेख गरे पुग्छ ।

**धारा १८:** मानव अधिकार तथा मौलिक स्वतन्त्रताका क्षेत्रमा संयुक्त राष्ट्र संघीय बडापत्र अन्तर्गतका आफ्ना उत्तरदायित्व बमोजिम आर्थिक तथा सामाजिक परिषद्ले विशेषीकृत संस्थाहरूसँग तिनका कार्यकलापका परिधिभित्र पर्ने यस अनुबन्धको पालना गर्न भएका प्रगतिबारे प्रतिवेदन दिने सम्बन्धमा व्यवस्था गर्न सक्नेछ । यस्ता प्रतिवेदनमा उनका योग्य अँगले ग्रहण गरेका कार्यान्वयनबारेका निर्णय एवं सिफारिशका विवरण समावेश हुन सक्नेछन् ।

**धारा १९:** धारा १६ एवं १७ अनुरूप राज्यपक्षले पेश गरेका मानव अधिकारसम्बन्धी तथा धारा १८ अनुरूप विशेषीकृत संस्थाले पेश गरेका मानव अधिकारसम्बन्धी प्रतिवेदन आर्थिक तथा सामाजिक परि षद्ले अध्ययन, सामान्य सिफारिश अथवा उचित भएमा सूचनाका लागि मानव अधिकार आयोगलाई पठाउन सक्नेछ ।

**धारा २०:** धारा १९ अन्तर्गत गरिएका कुनै समान्य सिफारिश अथवा मानव अधिकार आयोगको कुनै प्रतिवेदनमा भएको यस्तो सामान्य सिफारिशको विषयमा अथवा कुनै कागजातको उल्लेखका सम्बन्धमा यस अनुबन्धका राज्यपक्ष तथा सम्बन्धित विशेषीकृत संस्थाले आर्थिक तथा सामाजिक परिषद्लाई टिप्पणी पेश गर्न सक्नेछन् ।

**धारा २१:** यस अनुबन्धमा मान्यता प्राप्त अधिकारको समान्य पालनाका लगि लिइएका उपाय तथा गरिएका प्रगतिबारे यस अनुबन्धका राज्यपक्ष तथा विशेषीकृत संस्थाबाट पाएका सूचनाको संक्षेप तथा सामान्य प्रकृतिका सिफारिश भएका प्रतिवेदन आर्थिक तथा सामाजिक परिषद्ले समय समयमा साधारण सभालाई पेश गर्न सक्नेछ ।

**धारा २२:** प्रत्येकका आफ्ना योग्यताभित्रका क्षेत्रमा त्यस्ता इकाइलाई यस अनुबन्धका प्रभावकारी तथा प्रगतिशील कार्यान्वयनका लागि योगदान गर्नसक्ने अन्तर्राष्ट्रिय उपाय ग्रहणयोग्य छन् भनी निर्णय गर्न सहायता गर्नसक्ने यस अनुबन्धको यस भागमा उल्लेख गरिएका प्रतिवेदनबाट उत्पन्न भएका कुनै कुरा पनि आर्थिक तथा सामाजिक परिषद्ले संयुक्त राष्ट्र संघका अन्य अंग, तिनका शाखा तथा प्राविधिक सहायता उपलब्ध गराउने सम्बन्धित विशेषीकृत संस्थाको ध्यानमा ल्याउन सक्नेछ ।

**धारा २३ः** यस अनुबन्धमा स्वीकृत गरिएका अधिकार प्राप्त गर्ने अन्तर्राष्ट्रिय कार्यमा महासन्धि सम्पन्न गर्ने, सिफारिश ग्रहण गर्ने, प्राविधिक सहायता उपलब्ध गराउने, तथा सल्लाह एवं अध्ययनको उद्देश्यका लागि क्षेत्रीय एवं प्राविधिक बैठक गर्ने तथा सम्बन्धित सरकारहरूसँग मिलेर गरिएका अध्ययन, अधिवेशन जस्ता तरिकाहरू समावेश हुन्छन् भनी यस अनुबन्धका राज्यपक्ष मन्जुर गर्दछन् ।

**धारा २४ः** संयुक्त राष्ट्र संघको बडापत्र तथा यस अनुबन्धमा उल्लेख भएका विषयका सम्बन्धमा संयुक्त राष्ट्र संघका विभिन्न अंग तथा विशेषीकृत संस्थाका पारस्परिक उत्तरदायित्व परिभाषित गर्ने विशेषीकृत संस्थाका संविधानका व्यवस्थालाई कमजोर पार्ने गरी यस अनुबन्धको कुनै कुराको पनि व्याख्या गरिनेछैन ।

**धारा २५ः** वर्तमान अनुबन्धको कुनै पनि कुरालाई आफ्ना प्राकृतिक स्रोत र सम्पदाहरू पुर्ण स्वतन्त्र रूपले उपभोग गर्न पाउने सम्पुर्ण जनताहरूको अधिकारलाई चोट पुग्ने गरी व्याख्या गरिने छैन ।

## भाग ५

**धारा २६ः**

१. संयुक्त राष्ट्र संघका कुनै सदस्य राज्य अथवा यसका कुनै विशेषीकृत संस्थाका सदस्य, अन्तर्राष्ट्रिय न्यायालयको अधिनियमभित्रका कुनै राज्यपक्ष तथा संयुक्त राष्ट्र संघीय साधारण सभाले यस अनुबन्धको पक्ष हुन निमन्त्रणा गरिएको कुनै अन्य राज्यपक्षका लागि सही गर्न यो अनुबन्ध खुला छ ।

२. यस अनुबन्ध अनुमोदन गर्नुपर्नेछ । अनुमोदनको दस्तावेज संयुक्त राष्ट्र संघका महासचिवलाई बुझाइनेछ ।

३. यस धाराको प्रकरण १ मा उल्लेख भएका कुनै राज्यको सम्मिलनका लागि यो अनुबन्ध खुला रहनेछ ।

४. संयुक्त राष्ट्र संघका महासचिवलाई सम्मिलनको दस्तावेज बुझाएपछि सम्मिलन प्रभावकारी हुनेछ ।

५. संयुक्त राष्ट्र संघका महासचिवले यस अनुबन्धलाई सही अथवा सम्मिलिन गरेका सम्पूर्ण राज्यलाई अनुमोदन अथवा सम्मिलनको प्रत्येक दस्तावेज बुझाएको सूचना दिनेछन् ।

**धारा २७ः**

१. संयुक्त राष्ट्र संघका महासचिवलाई अनुमोदन अथवा सम्मिलनको पैंतीसौं दस्तावेज बुझाएको मितिले तीन महिना पछि यो अनुबन्ध लागू हुनेछ ।

२. अनुमोदन अथवा सम्मिलनको पैंतीसौं दस्तावेज बुझाई यस अनुबन्धलाई अनुमोदन अथवा सम्मिलन गर्ने प्रत्येक राज्यका हकमा आफ्ना दस्तावेज बुझाएको मितिले तीन महिना पछि यो अनुबन्ध लागू हुनेछ ।

**धारा २८ः** कुनै सीमांकन अथवा अपवाद बिना यस अनुबन्धका व्यवस्थाले संघीय राज्यका सम्पूर्ण भागलाई ढाक्नेछन् ।

**धारा २९ः**

१. यस अनुबन्धको कुनै राज्यपक्षले कुनै संशोधन प्रस्ताव गर्न सक्नेछ तथा त्यसलाई संयुक्त राष्ट्र संघका महासचिव कहाँ दर्ता गर्न सक्नेछ । त्यसपछि महासचिवले यस अनुबन्धका राज्यपक्षलाई ती प्रस्ताव विचार गर्न र मतदान गर्न उनीहरू राज्यपक्षको सम्मेलनका पक्षमा छन् अथवा छैनन् भनी उनलाई सूचना गर्न अनुरोध सहित कुनै प्रस्तावित संशोधनको जानकारी दिनेछन् । राज्यपक्षका एक तिहाई सदस्य यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्र संघको आयोजनामा सो

सम्मेलन बोलाउनेछन् । सम्मेलनमा उपस्थित तथा मतदान गर्ने राज्यपक्षको बहुमतले ग्रहण गरेका कुनै संशोधनलाई अनुमोदनका लागि संयुक्त राष्ट्र संघको साधारण सभामा पेश गरिनेछ ।

२. संयुक्त राष्ट्र संघको साधारण सभाले अनुमोदन तथा यस अनुबन्धका राज्यपक्षका दुई तिहाई बहुमतले आफ्ना पारस्परिक संवैधानिक प्रक्रिया अनुसार स्वीकार गरे पछि संशोधनहरू लागू हुनेछन् ।

३. संशोधनहरू लागू भएपछि तिनलाई स्वीकार गर्ने राज्यपक्ष यस अनुबन्धका व्यवस्था तथा तिनले स्वीकार गरेका अन्य अगाडिको संशोधनबाट बाँधिन लागेका अन्य राज्यपक्षलाई लागू हुनेछ ।

**धारा ३०ः** धारा २६ प्रकरण ५ अन्तर्गत गरिएको सूचना बाहेक संयुक्त राष्ट्र संघका महासचिवले सोही धाराको प्रकरण १ मा उल्लिखित सबै राष्ट्रलाई निम्नानुसार विवरणको सूचना गर्नेछन् :

(क) धारा २६ अन्तर्गत सही, अनुमोदन र सम्मिलन ।

(ख) धारा २७ अन्तर्गत यो अनुबन्ध लागू हुने मिति र धारा २९ अन्तर्गत भएका संशोधन लागू हुने मिति ।

**धारा ३१ः**

१. चीनीयाँ, फ्रान्सेली, रसियाली र स्पेनी मूलपाठ उत्तिकै आधिकारिक भएको यो अनुबन्ध संयुक्त राष्ट्र संघको अभिलेखालयमा बुझाइने छ ।

२. संयुक्त राष्ट्र संघका महासचिवले यस अनुबन्धका प्रमाणिक प्रतिहरू धारा २५ मा उल्लिखत सबै राष्ट्रलाई पठाउनेछन् ।

## अनुसूची ४ः सबै प्रकारका जातीय भेदको निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

**२१ डिसेम्बर १९६५ को साधारण सभा प्रस्ताव २१०६ क(२०) द्वारा ग्रहण गरी सही तथा अनुमोदनका लागि खुला गरिएको**

**लागूः ४ जनवरी १९६९, धारा १९ अनुरुप**

यस महासन्धिका राज्यपक्षहरू,

राष्ट्र संघको बडापत्र सम्पूर्ण मानव मात्रमा सन्निहित प्रतिष्ठा र समानताका सिद्धान्तहरूमा आधारित छ र सबै सदस्य राज्यहरूले संगठनसँग मिलेर जाति, लिङ्ग, भाषा वा धर्म जस्ता भेदबिना मानव अधिकार र आधारभूत स्वतन्त्रताको सर्वव्यापी सम्मान र परिपालनालाई अभिवृद्धि र प्रोत्साहन गर्ने राष्ट्र संघको उद्देश्यमध्ये एकको प्राप्तिका लागि संयुक्त तथा छुट्टै कार्य गर्न आफूलाई बचनवद्ध गरेका छन् भन्ने कुराको विचार गर्दै,

सबै मानिसहरू स्वतन्त्र जन्मेका हुन् र प्रतिष्ठा तथा अधिकारमा समान छन् भनी मानव अधिकार सम्बन्धी सर्वव्यापी घोषणापत्रले घोषणा गर्दछ र त्यसमा स्थापित सम्पूर्ण अधिकार र स्वतन्त्रता कुनै पनि किसिमका खासगरी जाति, रंग वा राष्ट्रिय उत्पत्ति जस्ता भेदबिना प्रत्येक व्यक्तिलाई प्राप्त हुनेछ भन्ने कुराको विचार गर्दै,

सबै मानिसहरू कानून समक्ष समान छन् र कुनै पनि भेद र कुनै पनि भेदका लागि गरिने उक्साहटका विरूद्ध कानूनबाट समान संरक्षण प्राप्त गर्न पाउनेछन् भन्ने कुराको विचार गर्दै,

राष्ट्र संघले उपनिवेशवाद र त्यसँग गाँसिएका पृथकीकरण र भेदका सम्पूर्ण व्यवहारहरू जुनसुकै ढाँचामा र जहाँ सुकै विद्यमान भएपनि निन्दा गरेको छ र १४ डिसेम्वर १९६० (साधारण सभा प्रस्ताव १५१४ (१५)) को औपनिवेशिक देश र जनताहरूलाई स्वतन्त्रता प्रदान गर्ने घोषणापत्रले तिनको द्रुतगतिले र शर्तरहित अन्त्य गर्ने आवश्यकतालाई पुष्टि गरी पवित्रतापूर्वक घोषणा गरेका छन् भन्ने कुराको विचार गर्दै,

२० नोभेम्बर १९६३ (साधारण सभा प्रस्ताव १९०४(१८) को सबै किसिमका जातीय भेदको निर्मूलन सम्बन्धी राष्ट्र संघीय घोषणापत्र सबै प्रकार र रूपमा विश्वबाट जातीय भेदलाई द्रुततर रूपले निर्मूलन गर्ने तथा मानव मात्रको प्रतिष्ठाको सम्मान तथा समझदारीको प्राप्ति गर्ने आवश्यकतालाई पवित्रतापूर्वक पुष्टि गर्दछ भन्ने कुराको विचार गर्दै,

जातीय विभिन्नतामा आधारित वरिष्ठताको कुनै पनि सिद्धान्त वैज्ञानिक रूपले असत्य छ, नैतिक रूपले निन्दनीय छ, सामाजिक रूपले अन्यायपूर्ण तथा खतराजनक छ तथा कहीं पनि सिद्धान्त वा व्यवहारमा जातीय भेदको औचित्य छैन भन्ने कुराप्रति चित्त बुझाउँदै,

रंग वा साम्प्रदायिक उत्पत्तिका आधारमा मानव मात्रका बीच हुनेभेद राष्ट्रहरूबीचको मैत्री तथा शान्तिपूर्ण सम्बन्धका लागि बाधक छ र मानिसहरूबीच शान्ति र सुरक्षा तथा एकै र उही राष्ट्रभित्र पनि सँगै बसेका मानिसहरूको सहजीवन खल्बल्याउन समर्थ छ भन्ने कुराको पुन:पुष्टि गर्दै,

जातीय भेदको विद्यमानताको छेकवार कुनै पनि मानव समाजका आदर्शहरूको लागि घृणित छ भन्ने कुराप्रति चित्त बुझाउँदै,

विश्वका केही क्षेत्रमा अझै प्रमाणको रूपमा विद्यमान जातीय भेदको प्रकट रूप र रंगभेद, विभाजन वा पृथकीकरणका जस्ता नीति जातीय वरिष्ठता वा घृणामा आधारित सरकारी नीतिबाट त्रसित हुँदै,

सबै प्रकार र प्रकट रूपमा रहेका जातीय भेदलाई द्रुततर गतिले निर्मुलन गर्न र जातिहरूबीच समझदारी अभिवृद्धि गर्ने क्रममा जातिवादी सिद्धान्त र व्यवहारमा पूर्वरोक लगाउन र त्यससँग जुध्न तथा सबै प्रकारका जातीय पृथकीकरण र जातीय भेदबाट मुक्त अन्तर्राष्ट्रिय समुदायको निर्माण गर्न सबै आवश्यक उपायहरू ग्रहण गर्न निश्चिय गर्दै,

अन्तर्राष्ट्रिय श्रम संगठनले १९५८ मा ग्रहण गरेको रोजगारी र पेशाको सन्दर्भको भेदसँग सम्बन्धित महासन्धि र राष्ट्र संघीय, शैक्षिक, वैज्ञानिक र साँस्कृतिक संगठनले १९६० मा ग्रहण गरेको शिक्षामा हुने भेद विरूद्धको महासन्धिलाई ध्यानमा राख्दै,

सबै प्रकारका जातीय भेद निर्मुलन गर्ने सम्बन्धी राष्ट्र संघीय घोषणापत्रमा अन्तर्निहित सिद्धान्तहरूको कार्यान्वयन गर्न र त्यस दिशामा व्यवहारिक उपायहरूको शीघ्रतम ग्रहणलाई सुनिश्चित गर्ने अभिलाषाले देहाय अनुसार स्वीकार गरेका छन् ।

## भाग १

धारा १ः

१. यस महासन्धिमा "जातीय भेद" भन्ने शब्दले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै पनि सार्वजनिक जीवनको क्षेत्रमा मानव अधिकार र आधारभूत स्वतन्त्रताको समान तहबाट गरिने मान्यता, उपभोग अथवा अभ्यासलाई निष्फल पार्ने वा रोक्ने उद्दे श्य वा प्रभाव भएको कुनै पनि भिन्नता, अमिलान, नियन्त्रण वा जाति, रंग, सम्पत्ति वा राष्ट्रिय वा साम्प्रदायिक उत्पत्तिमा आधारित प्राथमिकतालाई बुझाउनेछ ।

२. यस महासन्धिको कुनै पनि राज्यपक्षले नागरिक तथा अनागरिकहरूबीच गरेको भिन्नता, अमिलान, नियन्त्रण वा प्राथमिकताका हकमा यो महासन्धि लागू हुनेछैन ।

३. राष्ट्रियता, नागरिकता वा पुनःस्थापनाका सम्बन्धमा राज्यपक्षका कानूनी व्यवस्थाहरूलाई कुनै पनि प्रकारले प्रभाव पर्ने गरी यस महासन्धिको केही कुराको पनि व्याख्या हुन सक्नेछैन यद्यपि यस्तो व्यवस्थाहरूले कुनै खास राष्ट्रियता विरूद्ध भेद गर्नेछैन ।

४. यस्तो सुरषा चाहिनेखास जातीय वा जातिगत साम्प्रदायिक समूह वा व्यक्तिहरूलाई मानव अधिकार र आधारभूत स्वतन्त्रताको समान उपभोग वा अभ्यास सुनिश्चित गर्ने क्रममा तिनका पर्याप्त सम्वृद्धि प्राप्त गर्ने उद्देश्यका लागि मात्रै लिइएका विशेष उपायहरूलाई जातीय भेद मानिनेछैन यद्यपि यस्ता उपायहरूले परिणामतः विभिन्न जातीय समूहका लागि छुट्टै अधिकारको संवर्द्धनतिर डोऱ्याउँदैनन् र जुन उद्देश्यका लागि ती उपायहरू अवलम्बन गरिएका हुन् तिनको प्राप्तिका पछि छुट्टै अधिकारको व्यवस्थाको अन्त्य गरिनेछ ।

धारा २ः

१. राज्यपक्षहरू जातीय भेदको निन्दा गर्छन् र सबै प्रकारका जातीय भेदको निर्मुलन र सम्पूर्ण जातिबीच समझदारी अभिवृद्धि गर्ने नीति अनुशरण गर्न सम्पूर्ण उचित उपायहरू बिना ढिलाई पछ् याउन प्रतिज्ञा गर्छन् । यस उद्देश्यका लागिः,

(क) व्यक्ति, व्यक्तिहरूको समूह वा संस्था विरूद्ध जातीय भेदको कुनै पनि कार्य वा व्यवहारमा संलग्न हुन कुनै पनि राज्यपक्षले प्रतिज्ञा गर्नेछैन र सबै सार्वजनिक अधिकारी तथा राष्ट्रिय र स्थानीय संघहरूले यस दायित्व अनुरूप कार्य गर्नेछैन ।

(ख) कुनै पनि व्यक्ति वा संगठनद्वारा हुने जातीय भेदलाई प्रायोजन, रक्षा वा समर्थन नगर्न प्रत्ये क राज्यपक्ष प्रतिज्ञा गर्छन् ।

(ग) सरकारी राष्ट्रिय र स्थानीय नीतिहरूको पुनःमूल्यांकन गर्न र जहाँसुकै भए पनि जातीय भेद सृजना गर्ने वा निरन्तर गर्दै जाने प्रभाव भएका कुनै पनि नियम कानूनलाई संशोधन, खारे ज वा रद्द गर्न प्रत्येक राज्यपक्षले प्रभावकारी उपायहरू अपनाउनेछन् ।

(घ) प्रत्येक राज्यपक्षले परिस्थितिबाट आवश्यक देखिएका व्यवस्था समेतका सम्पूर्ण उचित उपाय अपनाएर कुनै व्यक्ति, समूह अथवा संस्थाले गरेको जातीय भेदलाई निषेध र अन्त्य गर्नेछ ।

(ङ) प्रत्येक राज्यपक्षले उपयुक्त स्थानमा अखण्डकारी वहुजातीय संगठन र गतिविधि तथा जातिहरूबीचको अवरोध निर्मुलन गर्ने अन्य उपायहरूलाई प्रोत्साहन दिन र जातीय विभाजनलाई बढाउनेतिर प्रवृत्त कुनै पनि कुरालाई निरूत्साहित गर्न प्रतिज्ञा गर्छ ।

२. परिस्थितिले माग गरेका बखत सामाजिक, आर्थिक, साँस्कृतिक र अन्य क्षेत्रमा खास जातीय समूह वा व्यक्तिको उचित विकास र सुरक्षालाई सुनिश्चित गर्न तिनलाई मानव अधिकार र आधारभूत स्वतन्त्रताको पूर्ण र समान उपभोगको अंगीकार गर्ने उद्देश्यका लागि राज्यपक्षले विशेष र ठोस उपायहरू अपनाउँछन् । जुन उद्देश्यका लागि ती अपनाइएका हुन् ती उद्देश्य प्राप्त भए पछि यी उपायहरूले कुनै स्थितिमा पनि विभिन्न जातीय समूहका लागि असमान वा छुट्टै अधिकार कायम गर्ने परिणाम कुनै पनि अवस्थामा ल्याउने छैन ।

**धारा ३ः** पक्षराष्ट्रहरूले खास गरी जातीय विखण्डन तथा रंगभेदको निन्दा गर्दछन् र आफ्नो क्षेत्रधिकार अन्तर्गतका इलाकाहरूमा यस्ता प्रकृतिका सबै व्यवहारहरूको रोकथाम, निषेध तथा उन्मूलन गर्ने प्रतिज्ञा गर्दछन् ।

**धारा ४ः** एकै जाति वा एउटै रंग वा जातिगत उत्पत्तिका व्यक्तिहरूको समूहको वरिष्ठताका विचार र सिद्धान्तमा आधारित सम्पूर्ण प्रचार वा जातीय घृणा वा कुनै पनि किसिमको भेदलाई पुष्टि वा प्रवर्द्धन गर्ने संगठनलाई राज्यपक्षहरू निन्दा गर्दछन् र यस महासन्धिको धारा ५ मा खुला रूपले स्थापित मानव अधिकार सम्बन्धी सर्वव्यापी घोषणापत्र र अधिकारमा समाहित सिद्धान्तहरूलाई उचित ध्यान दिई यस्ता भेद र यस दिशामा भएका सम्पूर्ण उक्साहट वा कार्यहरूको उन्मूलन गर्न निर्मित तत्कालीक र सकारात्मक उपायहरू अवलम्बन गर्न प्रतिज्ञा गर्छन् । यसका साथै :

१. जातीय उच्चता वा घृणा, जातीय भेदको उक्साहटका साथै कुनै जाति वा अर्को रंग वा जातिगत उत्पत्तिको व्यक्तिको समूह विरूद्धका सम्पूर्ण हिंसाका कार्यहरू वा यस्ता कार्यलाई उक्साउने विचार का सम्पूर्ण प्रसार र जातिवादी क्रियाकलाप त्यसपछि आर्थिक लगानी समेतको कुनै पनि सहयो गको व्यवस्था पनि कानूनद्वारा दण्डनीय अपराध घोषणा गर्नेछन् ।

२. जातीय भेदको प्रवर्द्धन र उक्साहटका साथै संगठित तथा अन्य सबै प्रकारका प्रचार कार्य गर्ने संगठनलाई अवैध एवं निषेध घोषणा गर्नेछन् र यस्ता संगठन र क्रियाकलापमा भएको सहभागीत्वलाई कानूनद्वारा दण्डनीय अपराधका रूपमा मान्यता दिनेछन् ।

३. जातीय भेद प्रवर्द्धन वा उक्साहट गर्न सार्वजनिक अधिकारी वा राष्ट्रिय वा स्थानीय सार्वजनिक संस्थालाई अनुमति दिनेछैनन् ।

**धारा ५ः** यस महासन्धिको धारा २ मा व्यवस्था गरिएका आधारभूत दायित्व अनुरूप सबै प्रकारका जातीय भेदहरूलाई निषेध र निर्मुलन गर्न र जाति, रंग वा राष्ट्रिय वा साम्प्रदायिक उत्पत्ति जस्ता भेदबिना प्रत्येक व्यक्तिको कानून समक्ष समानताको अधिकारलाई ग्यारेन्टी दिन, खासगरी देहायका अधिकारको उपभोगमा राज्यपक्षहरू प्रतिज्ञा गर्दछन् :

१. न्याय संचालन गर्ने ट्रिब्यूनल र अन्य सबै अंग सामु समान व्यवहार पाउने अधिकार ।

२. कुनै सरकारी अधिकारी वा व्यक्तिगत समूह वा संस्थाले हिंसा वा शारीरिक चोट पुऱ्याउने कार्य विरूद्ध राज्यबाट व्यक्तिले सुरक्षा र संरक्षण पाउने अधिकार ।

३. सर्वव्यापी र समान मतदानका आधारमा मतदान गर्न र चुनावमा उठ्न, सरकारमा भाग लिनका साथै जुनसुकै तहको सरकारी कार्यको सञ्चालनमा भाग लिन र सरकारी सेवामा समान पहुँच हुनका लागि राजनीतिक अधिकार खासगरी चुनावमा सहभागी हुने अधिकार ।

४. अन्य नागरिक अधिकारहरू खासगरीः

(क) राष्ट्रको सीमाभित्र हिंडडुल गर्ने र बस्ने स्वतन्त्रताको अधिकार ।

(ख) आफ्नो समेत कुनै पनि देश छाड्ने र आफ्नो देशमा फर्कने अधिकार ।

(ग) राष्ट्रियताको अधिकार ।

(घ) विवाह गर्ने र वरवधु छान्ने अधिकार ।

(ङ) एक्लै तथा अरूसँग मिली सम्पत्ति आर्जन गर्ने अधिकार ।

(च) पुस्तौनी सम्पत्ति पाउने अधिकार ।

(छ) विचार, विवेक र धर्मको स्वतन्त्रता सम्बन्धी अधिकार ।

(ज) विचार र अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अधिकार ।

(झ) शान्तिपूर्वक/गरिने सभा र संगठन गर्ने स्वतन्त्रताको अधिकार ।

५. आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार, खासगरीः

(क) कार्य, रोजगारको छनौट गर्ने स्वतन्त्रता, कार्यको उपयुक्त र उचित अवस्था, रोजगारी विरूद्ध सुरक्षा, समान कार्यको लागि समान तलब, उपयुक्त एवं उचित पारिश्रमिक सम्बन्धी अधिकार ।

(ख) वाणिज्य संघ गठन गर्ने र त्यसमा सामेल हुने अधिकार ।

(ग) घरबासको अधिकार ।

(घ) सार्वजनिक स्वास्थ्य, चिकित्सीय हेरचाह, सामाजिक सुरक्षा र सामाजिक सेवा सम्बन्धी अधिकार ।

(ङ) शिक्षा र तालिम सम्बन्धी अधिकार ।

(च) साँस्कृतिक क्रियाकलापमा समान सहभागीत्व सम्बन्धी अधिकार ।

(छ) बाहन, होटेल, रेष्टुरा, चमेनागृह, नाचघर तथा सार्वजनिक उद्यान जस्ता सामान्य जनताको प्रयोगका लागि प्राप्य कुनै स्थान अथवा सेवामा पहुँचको अधिकार ।

**धारा ६ः** यस महासन्धिको विपरीत मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूको उल्लघंन गर्ने जातीय भेदका कुनै पनि कार्य विरूद्ध दक्ष्य राष्ट्रिय अदालत र अन्य राज्य संस्थाहरू मार्फत राज्यपक्षहरूले आफ्ना अधिकार क्षेत्रभित्र प्रत्येकलाई प्रभावकारी संरक्षण र निदानबारेका साथै यस्ता भेदका कारणले भएको कुनै पनि क्षतिका लागि यस्ता ट्रिव्यूनलबाट उपयुक्त र उचित क्षतिपूर्ति पाउने वा सन्तुष्टि खोज्ने अधिकारबारे आश्वस्त पार्नेछन् ।

**धारा ७ः** जातीय भेदतिर डोर्‍याउने दुराग्रहसँग जुध्ने विचारले खासगरी अध्यापन, शिक्षा, संस्कृति र सूचनाको क्षेत्रमा तत्काल र प्रभावकारी उपायहरू अपनाउन र राष्ट्र र जातीय वा साम्प्रदायिक समूहका बीच समझदारी, सहनशीलता र मित्रता अभिवृद्धि गर्नुका साथै राष्ट्र संघीय बडापत्र, मानव अधिकार सम्बन्धी सर्वव्यापी घोषणापत्र, सबै प्रकारका जातीय भेदको निर्मुलन गर्ने सम्बन्धी राष्ट्र संघीय घोषणापत्र र यस महासन्धिका उद्देश्य र सिद्धान्तहरूको प्रचार गर्न राज्यपक्षहरू प्रतिज्ञा गर्दछन् ।

## भाग २

धारा ८ः

१. व्यक्तिगत क्षमता अनुरूप सेवागर्ने आफ्ना नागरिकहरूमध्येबाट समान भौगोलिक वितरण र विभिन्न किसिमका सभ्यताका साथै मुख्य कानूनी व्यवस्थाको प्रतिनिधित्वलाई ध्यान दिएर राज्यपक्षद्वारा निर्वाचित उच्च नैतिकता भएका र निष्पक्ष स्वीकार गरिएका अठार जना विशेषज्ञ रहेको जातीय भेदको निर्मुलन सम्बन्धी समिति (यस पछि समिति भनी उल्लेख गरिनेछ) स्थापना हुनेछ ।

२. राज्यपक्षले मनोनित गरेका व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरूको छनोट हुनेछ । प्रत्येक राज्यपक्षले आफ्ना नागरिकहरूमध्येबाट एकजनालाई मनोनयन गर्न सक्नेछ ।

३. यो महासन्धि लागू भएको मितिले ६ महिना पछि प्राथमिक निर्वाचन सम्पन्न हुनेछ । कमसेकम प्रत्येक निर्वाचनको मिति भन्दा ३ महिना अघि राष्ट्र संघका महासचिवले २ महिनाभित्र आफ्नो नामांकन प्रस्तुत गर्न निम्त्याउँदै राज्यपक्षलाई सम्बोधन गरी पत्र पठाउनेछन् । तिनलाई मनोनयन गर्ने राज्यपक्ष खुलाउँदै यसरी मनोनयन भएका सम्पूर्ण व्यक्तिको सूची महासचिवले वर्णानुक्रम अनुसार बनाउनेछन् र त्यसलाई राज्यपक्ष समक्ष प्रस्तुत गर्नेछन् ।

४. राष्ट्र संघीय मुख्यालयमा महासचिवद्वारा बोलाइएको राज्यपक्षहरूको सभामा समितिका सदस्यहरूको निर्वाचन सम्पन्न हुनेछ । दुई तिहाइ राज्यपक्षको उपस्थितिले गणपुरक संख्या पुग्ने त्यस सभामा उपस्थित तथा मतदान गर्ने राज्यपक्षका प्रतिनिधिहरूको उच्चतम मत तथा पूर्ण वहुमत प्राप्त गर्ने व्यक्तिहरू समितिमा छानिनेछन् र तिनकै मनोनयन हुनेछ ।

५. (क) समितिका सदस्यहरू चार वर्षको अवधिका लागि निर्वाचित हुनेछन् । तथापि पहिलो निर्वाचनबाट चुनिएका नौ जना सदस्यको पदावधि २ वर्ष पुगेपछि सकिनेछ, पहिलो निर्वाचनको लगत्तै पछि यी नौ सदस्यको नाम समितिका अध्यक्षद्वारा गोला हालेर छानिनेछ ।

(ख) अकस्मिक रिक्तता भर्नका लागि समितिका सदस्यको रूपमा कार्य गरिरहेका आफ्नो विशेषज्ञ भएको राज्यपक्षले समितिको स्वीकृतिका लागि आफ्ना नागरिकमध्येबाट अर्को विशेषज्ञलाई नियुक्त गर्नेछ ।

६. समितिका सदस्यहरूले समितिको कर्तव्य पालन गर्दाका अवस्थामा उनीहरूको खर्चका लागि राज्यपक्षहरू उत्तरदायी हुनेछन् ।

धारा ९ः

१. यस महासन्धिका व्यवस्थाहरूलाई प्रभावकारी गराउन राज्यपक्षले ग्रहण गरेका व्यवस्थापिकात्मक, न्यायिक, प्रशासनिक वा अन्य उपायहरूको प्रतिवेदन समितिको विचारका लागि राष्ट्र संघका महासचिवलाई प्रस्तुत गर्न राज्यपक्षहरू प्रतिज्ञा गर्दछन् ।

(क) सम्बन्धित राष्ट्रका लागि महासन्धि लागू भए पछि एक वर्षभित्र ।

(ख) त्यस पछि प्रत्येक दुई वर्षमा र समितिले अनुरोध गरेका बेला समितिले राज्यपक्षबाट थप सूचना माग गर्नसक्नेछ ।

२. आफ्ना क्रियाकलापहरूको विषयमा राष्ट्र संघका महासचिव मार्फत समितिले वर्षेनी साधारण सभामा प्रतिवेदन दिनेछ र राज्यपक्षबाट प्राप्त प्रतिवेदन र सूचनाको परीक्षणमा आधारित सुझाव र साधारण सिफारिश दिन सक्छ । राज्यपक्षबाट भएको यस्तो कुनै सुझाव र सिफारिशहरूको टिप्पणी सहितको जानकारी साधारण सभालाई गराइनेछ ।

धारा १०ः

१. समितिले आफ्नै कार्यविधि अवलम्बन गर्नेछ ।

२. समितिले आफ्ना अधिकारीहरू दुई वर्षका लागि छान्नेछ ।

३. समितिको सचिवालय राष्ट्र संघका महासचिवले उपलब्ध गराउनेछन् ।

४. समितिको सभा सामान्यतः राष्ट्र संघीय मुख्यालयमा सम्पन्न हुनेछ ।

धारा ११ः

१. यस महासन्धिका व्यवस्थाहरू अर्को राज्यपक्षले लागू गरेको छैन भन्ने कुनै राज्यपक्षलाई लागेमा त्यसले सो कुराप्रति समितिको ध्यान आकृष्ट गर्नेछ । त्यसपछि समितिले यसको सूचना सम्बन्धी राज्यपक्षलाई पठाउनेछ । ३ महिनाभित्र सूचना पाउने राज्यले सो कुरालाई तथा राज्यपक्षले लिएको भए कुनै उपचारलाई प्रष्ट पारी लिखित व्याख्या वा विवरण समितिलाई प्रस्तुत गर्नेछ ।

२. द्विपक्षीय कुराकानी वा तिनका लागि खुला अन्य कुनै पनि प्रक्रियाबाट दुवै पक्षलाई सन्तोष हुने गरी उक्त कुरा नमिलेमा आरम्भिक सूचना प्राप्त गर्ने राष्ट्रले सूचना पाएको ६ महिनाभित्रै दुवै राज्यलाई समितिलाई तथा अन्य राज्यलाई सूचना दिएर सो विषयलाई फेरि समितिमा उल्लेख गर्ने अधिकार हुनेछ ।

३. प्राप्त सबै अन्तर्राष्ट्रिय कानूनको सामान्यतः मान्य सिद्धान्तहरू अनुरूप सो मुद्दामा राष्ट्रिय उपचारहरू उपयोग गरी सकिएको कुरा आफूले निश्चित गरी सकेपछि समितिले आफूलाई प्रकरण २ बमोजिम उल्लेख गरिएको विषयलाई छुनेछ । उपचारको प्रयोगलाई अकारण लम्ब्याएकोमा यो नियम लागू हुनेछैन ।

४. यसमा उल्लिखित कुनै पनि कुरामा अन्य कुनै आवश्यक सूचनाको पूर्ति गर्न समितिले राज्यपक्षलाई आह्वान गर्नसक्नेछ ।

५. समितिद्वारा यस धारादेखि बाहेक उठेका कुरामा विचार भइरहेको बेलामा सम्बन्धित राज्यपक्षले सो कुरा विचार भएको बखत मताधिकार नभएको समितिको कारवाहीमा भाग लिन प्रतिनिधि पठाउन पाउनेछन् ।

धारा १२ः

१. (क) समितिले आवश्यक ठानेका सम्पूर्ण सूचना प्राप्त गरेपछि र सम्पादन गरेपछि अध्यक्षले समितिका सदस्य भएको अथवा नभएको पाँच जनाको एक अस्थायी मिलाप आयोग (यसपछि आयोगको रूपमा उल्लेख गरिनेछ) नियुक्त गर्नेछन् । विवाद गर्ने पक्षहरूको सर्वसम्मतिले आयोगका सदस्यहरूको नियुक्ति हुनेछ र यस महासन्धिको सम्मान गर्ने आधारमा त्यस कुराको मित्रवत् समाधान होस् भन्ने विचारले सम्बन्धित राष्ट्रहरूलाई आयोगले कार्यालय उपलब्ध गराउनेछ ।

(ख) यदि विवाद गर्ने राज्यपक्षहरू ३ महिनाभित्र आयोगको पूर्ण वा आंशिक बनोटबारे सहमतिमा पुग्न असफल भएमा विवाद गर्ने राज्यपक्षले स्वीकार नगरेका आयोगका सदस्यहरू समितिको आफ्नै सदस्यमध्येबाट गोप्य मतदानको दुई तृतीयांश वहुमतले छानिनेछन् ।

२. आयोगका सदस्यले आफ्ना व्यक्तिगत क्षमता अनुरूप सेवा गर्नेछन् । तिनीहरू विवादमा संलग्न राज्यपक्षका वा यस महासन्धिमा पक्ष नभएका राज्यहरूका नागरिक हुनेछैनन् ।

३. आयोगले आफ्नै अध्यक्ष छान्नेछ र आफ्ना कार्यविधि ग्रहण गर्नेछ ।

४. आयोगको सभा सामान्यतः राष्ट्र संघको मुख्यालय वा आयोगले तोकेको अन्य कुनै पनि सुविधायुक्त स्थानमा सम्पन्न हुनेछ ।

५. राज्यपक्षबीचको विवादले आयोगलाई क्रियाशील बनाए पछि यस महासन्धिको धारा १० प्रकरण ३ अनुरूप व्यवस्था गरिएको सचिवालयले आयोगलाई पनि सेवा दिनेछ ।

६. राष्ट्र संघका महासचिवले उपलब्ध गराउने अनुमान अनुसार आयोगका सदस्यहरूको सम्पूर्ण खर्च विवाद गर्ने राज्यपक्षले दामासाहीले व्यहोर्नेछन् ।

७. आयोगका सदस्यहरूको खर्च यस धाराको प्रकरण ६ अनुरूप विवाद गर्ने राज्यपक्षले परिपूर्ति गर्नु अघि आवश्यक भएमा तिर्न महासचिवलाई अधिकार दिइनेछ ।

८. समितिले प्राप्त गरेका र सम्पादन गरेका सूचना आयोगलाई उपलब्ध गराइनेछ र आयोगले सम्बन्धित राष्ट्रलाई अन्य कुनै पनि आवश्यक सूचना उपलब्ध गराउन आह्वान गर्न सक्नेछ ।

### धारा १३ः

१. यस कुरालाई आयोगले पूर्ण विचार गरेपछि पक्षहरूबीचका विषय उपर तथ्यहरूका सम्पूर्ण प्रश्नमा सम्बन्धित आफ्ना निर्क्यौलहरू समावेश गरी र विवादको मैत्रीपूर्ण समाधानका लागि आफूले उचित ठानेका यस्ता सिफारिशहरू समेत राखी यसले एक प्रतिवेदन तयार पार्नेछ र समितिका अध्यक्ष समक्ष प्रस्तुत गर्नेछ ।

२. विवादका सम्बन्धमा समितिका अध्यक्षले प्रत्येक राज्यपक्षलाई आयोगको प्रतिवेदनबारे सूचना गर्नेछन् । आयोगको प्रतिवेदनमा रहेका सिफारिशहरूलाई तिनीहरू स्वीकार गर्छन् वा गर्दैनन् भन्ने कुरा ती राज्यपक्षले तीन महिनाभित्र समितिका अध्यक्षलाई सूचना दिनेछन् ।

३. यस धाराको प्रकरण २ मा दिइएको अवधि पछि समितिका अध्यक्षले आयोगको प्रतिवेदन र सम्बन्धित राज्यपक्षका घोषणाबारे यस महासन्धिका अन्य राज्यपक्षलाई सूचना गर्नेछन् ।

### धारा १४ः

१. आफ्ना अधिकार क्षेत्रभित्र यस महासन्धिमा स्थापित कुनै पनि अधिकारको उल्लघंनको शिकार भएको व्यक्ति वा व्यक्तिहरूको समूहले त्यस राज्यपक्ष विरूद्ध दिएको निवेदनलाई समितिले प्राप्त गर्ने तथा विचार गर्ने योग्यता पाएकोछ भनी कुनै पनि राज्यपक्षले कुनै पनि समयमा घोषणा गर्न सक्नेछ । यस्तो घोषणा नगरेको कुनै पनि राज्यपक्ष सम्बन्धी सूचना समितिले स्वीकार गर्नेछैन ।

२. शिकार भएका व्यक्तिहरू वा व्यक्तिका समूहहरूबाट आफ्ना अधिकार क्षेत्र अन्तर्गत यस महासन्धिमा स्थापित कुनै पनि अधिकार उल्लघंन भएर तथा प्राप्य स्थानीय उपचार गरिसकेपछि तिनीहरूले दिने निवेदनलाई प्राप्त गर्ने तथा विचार गर्ने दक्षता भएको यस धाराको प्रकरण १ मा प्रदान भए अनुरूप घोषणा गर्ने कुनै पनि राज्यपक्षले आफ्नो राष्ट्रिय कानूनी व्यवस्थाभित्र एक अंगको स्थापना वा त्यसलाई इंगित गर्न सक्छ ।

३. यस धाराको प्रकरण १ अनुरूप गरिएको घोषणापत्र र यस धाराको प्रकरण २ अनुरूप स्थापित वा इंगित कुनै पनि अंगको नाम सम्बन्धित राज्यपक्षले राष्ट्र संघका महासचिव कहाँ बुझाउनेछन्- उनले त्यसपछि त्यसका प्रतिहरू अन्य राज्यपक्षलाई पठाउनेछन् । महासचिवलाई सूचना गरेर कुनै पनि बेला घोषणापत्र फिर्ता हुन सक्छ तर समितिबाट कारवाही हुन बाँकी निवेदनलाई यस्तो फिर्ता लिने कार्यले असर गर्नेछैन ।

४. यस धाराको प्रकरण २ अनुरूप स्थापित वा इंगित अंगद्वारा निवेदन दर्ता पुस्तिका राखिनेछ र उचित माध्यम मार्फत दर्ता पुस्तिकाका प्रमाणित प्रतिहरूको विषयमा सार्वजनिक रूपले प्रकाशमा आउनेछैन भन्ने समभ्फदारीका आधारमा वर्षेनी महासचिव कहाँ पंजीकृत हुनेछ ।

५. यस धाराको प्रकरण २ अनुरूप स्थापित वा इंगित अंगबाट सन्तुष्टी प्राप्त गर्न असफल भएको अवस्थामा ६ महिनाभित्र सो कुरा समितिलाई सूचना गर्ने निवेदकको अधिकार हुनेछ ।

६. (क) यस महासन्धिका कुनै पनि व्यवस्था उल्लघंन गरेको आरोप लागेका राज्यपक्षको ध्यान आफूलाई उल्लेख गरिएको कुनै सूचनाप्रति गोप्य रूपले समितिले आकृष्ट गर्नेछ तर सम्बन्धित व्यक्ति वा व्यक्तिहरूको समूहको परिचय उसको वा तिनको व्यक्त सम्पत्ति नभएसम्म गोप्य राखिनेछ । समितिले बेनामी सूचना प्राप्त गर्नेछैन ।

(ख) सूचना पाउने राष्ट्रले ३ महिनाभित्र सो कुरा प्रष्ट पारी र त्यस राष्ट्रले गरिसकेको भए कुनै उपचारबारे प्रष्ट पारी समिति समक्ष लिखित व्याख्या वा विवरण प्रस्तुत गर्नेछ ।

७. (क) सम्बन्धित राज्यपक्ष र निवेदकले आफूलाई प्राप्त गराएका सबै सूचनाको सन्दर्भमा समितिले उक्त सूचना उपर विचार गर्नेछ । निवेदकले प्राप्त सबै राष्ट्रिय उपचार सकिसकेको कुरा आफूले निर्धारण नगरेसम्म समितिले कुनै पनि निवेदकबाट प्राप्त कुनै सूचना उपर विचार गर्नेछैन । तथापि उपचारको प्रयोग अकारण लम्ब्याएकोमा यो नियम लागू हुनेछैन ।

(ख) सम्बन्धित राज्यपक्ष र निवेदक कुनै भए त्यसलाई आफ्ना सुभ्फाव र सिफारिश समितिले पठउनेछ ।

८. समितिले आफ्नो वार्षिक प्रतिवेदनमा यस्तो सूचनाको सारांश समावेश गर्नेछ र उचित स्थानमा सम्बन्धित राज्यपक्षको व्याख्या र विवरणको सारांश तथा आफ्नै सुभ्फाव र सिफारिश समावेश गर्नेछ ।

९. यस धाराको प्रकरण १ अनुरूप घोषणपत्रमा कममा पनि दश राज्यपक्षहरू यस महासन्धिप्रति सम्मिलित भएको अवस्थामा मात्र यस धाराबाट प्रदान भएका कार्यहरू गर्न समिति सक्षम हुनेछ ।

धारा १५ः

१. १४ डिसेम्बर १९६० को साधारण सभाको प्रस्ताब १५१४ (१५) मा रहेको औपनिवेशिक देश र जनतालाई स्वतन्त्रता प्रदान गर्ने सम्बन्धी घोषणापत्रका उद्देश्यहरूको उपलब्धि नआउञ्जेल यस महासन्धिका व्यवस्थाहरू अन्य अन्तर्राष्ट्रिय दस्तावेज वा राष्ट्र संघ र यसका विशेषीकृत संस्थाहरूद्वारा यी मानिसहरूलाई प्रदान गरिएको निवेदनको अधिकारलाई कुनै पनि तरिकाले सीमित गर्नेछैन ।

२. (क) सुम्पेका इलाका र अस्वशासनीय भुभाग तथा साधारण सभा प्रस्ताव १५१४ (१५) लागू हुने अन्य सम्पूर्ण भुभागका बासिन्दाबाट प्राप्त राष्ट्र संघका अंगहरूका सम्मुख भएका यस महासन्धिले ढाक्ने कुरासँग सम्बन्धित निवेदनबारे तिनको विचारमा यस महासन्धिका सिद्धान्त र उद्देश्यसँग प्रत्यक्ष रूपले सम्बन्धित कुराको व्यवहार गर्ने राष्ट्र संघका अंगहरूबाट यस महासन्धिको धारा ८ प्रकरण १ अन्तर्गत स्थापित समितिले निवेदनका प्रतिहरू प्राप्त गर्नेछ र त्यसलाई यी निवेदनबारे आफ्नो राय व्यक्तगरी सिफारिश प्रस्तुत गर्नेछ ।

(ख) यस धाराको उप प्रकरण (क) मा उल्लिखित भुभागभित्र प्रबन्ध गर्ने शक्तिद्वारा लागू गरिएको यस महासन्धिका सिद्धान्त र उद्देश्यहरूसँग प्रत्यक्ष रूपले सम्बन्धित व्यवस्थापकीय, कानूनी, प्रशासनिक वा अन्य उपायहरूबारे राष्ट्र संघको दक्ष अंगबाट समितिले प्रतिवेदनका प्रतिहरू प्राप्त गर्नेछ र आफ्नो राय व्यक्त गरी यो अंगहरूलाई सिफारिश दिनेछ ।

३. समितिले साधारण सभामा प्रस्तुत गर्ने आफ्नो प्रतिवेदनमा राष्ट्र संघीय निकायहरूबाट प्राप्त निवेदन र प्रतिवेदनको सारांश तथा उल्लिखित निवेदन र प्रतिवेदनसँग सम्बन्धित समितिको राय र सिफारिशहरू समावेश गर्नेछ ।

४. यस महासन्धिका उद्देश्यहरूसँग सम्बन्धित सम्पूर्ण सूचना र यस धाराको प्रकरण २ (क) मा उल्लिखित भुभागबारे राष्ट्र संघका महासचिवलाई प्राप्त सूचना उनबाट प्राप्त गर्न समितिले अनुरोध गर्नेछ ।

धारा १६ः विवाद वा उजुरीको टुंगो सम्बन्धमा राष्ट्र संघ र यसका विशेषीकृत संस्थाहरूको वैधानिक दस्तावेज वा त्यसले अवलम्बन गरेको महासन्धिमा भएका भेदको क्षेत्रमा हुने विवाद वा उजुरीको टुंगो लगाउने अन्य कार्यविधिहरूमा यस महासन्धिका व्यवस्थाहरू बिना दुराग्रह लागू हुनेछन् तथा तिनले राज्यपक्षलाई विवादको टुंगो लगाउनका लागि तिनका बीच लागू भै रहेका सामान्य अथवा विशेष अन्तर्राष्ट्रिय सहमती अनुरूप अन्य कार्यविधि ग्रहण गर्न पूर्वरोक लगाउने छैनन् ।

## भाग ३

धारा १७ः

१. राष्ट्र संघका कुनै पनि सदस्य राष्ट्र वा यसका कुनै पनि विशेषीकृत संस्थाहरूको सदस्य, अन्तर्राष्ट्रिय न्यायालयको अधिनियम मान्ने कुनै पनि राज्यपक्ष र यस महासन्धिको पक्ष हुन राष्ट्र संघीय साधारण सभाले आमन्त्रण गरेको कुनै पनि राज्यद्वारा सही गरिनका लागि यो महासन्धि खुला छ ।

२. यस महासन्धिलाई अनुमोदन गरिनु पर्ने हुन्छ । अनुमोदनको दस्तावेज राष्ट्र संघका महासचिव कहाँ बुझाइनेछ ।

धारा १८ः

१. महासन्धिको धारा १७ प्रकरण १ मा उल्लिखित कुनै पनि राष्ट्रद्वारा सम्मिलन हुन यो महासन्धि खुला हुनेछ ।

२. राष्ट्र संघका महासचिवलाई स्वीकृतिका दस्तावेज बुझाए पछि सम्मिलन लागू हुनेछ ।

धारा १९ः

१. अनुमोदन वा सम्मिलनको सत्ताइसौं दस्तावेज राष्ट्र संघका महासचिवलाई बुझाएको मितिपछि तीसौं दिनमा यो महासन्धि लागू हुनेछ ।

२. अनुमोदन वा सम्मिलनको सत्ताइसौं दस्तावेज जम्मा भएपछि यस महासन्धिलाई अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रका लागि यसको आफ्नो अनुमोदन वा सम्मिलनको दस्तावेज बुझाएको मिति पछि तीसौं दिनमा यो महासन्धि लागू हुनेछ ।

धारा २०ः

१. राष्ट्र संघका महासचिवले अनुमोदन वा सम्मिलनका समयमा राज्यहरूद्वारा राखिएका शर्तहरू यस महासन्धिका पक्ष भएका वा हुनसक्ने सम्पूर्ण राज्यबाट प्राप्त गर्नेछन् र तिनलाई पठाउनेछन् । शर्तहरूको विरोध गर्ने कुनै पनि राज्यले तोकिएको सूचना पाएको मितिले ९० दिनको अवधिभित्र आफू त्यसलाई स्वीकार नगर्ने कुराको सूचना महासचिवलाई दिनेछन् ।

२. यस महासन्धिको लक्ष्य र उद्देश्यसँग नमिल्ने शर्तलाई अनुमति दिइने छैन न त यस महासन्धिद्वारा स्थापित कुनै पनि अंगहरूको संचालनलाई रोक्ने गरी असर पार्ने शर्तलाई नै अनुमति दिइनेछ । यदि यस महासन्धिका कमसेकम दुई तिहाइ राज्यपक्षले यसको विरोध गरेमा शर्तलाई असंगत वा बाधक मानिनेछ ।

३. राष्ट्र संघका महासचिवलाई सम्बोधन गरी त्यस हदसम्म सूचना गरी कुनै पनि बेला शर्तहरू फिर्ता हुनसक्छ । प्राप्त भएको मितिदेखि नै यस्तो सूचना लागू हुनेछ ।

**धारा २१ः** राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिई राज्यपक्षले यस महासन्धिलाई परित्याग गर्न सक्छ । महासचिवले सूचना पाएको मितिले १ वर्ष पछि यस्तो परित्याग लागू हुनेछ ।

**धारा २२ः** यस महासन्धिको व्याख्या वा कार्यान्वयनका सन्दर्भमा छलफलबाट वा यस महासन्धिद्वारा प्रदत्त कार्यविधिबाट नटुगिएको दुई वा दुईभन्दा बढी राज्यपक्षबीच उठेको कुनै पनि विवाद कुनै पनि विवादकारी पक्षको अनुरोधमा तिनले समाधानको अर्को तरिका स्वीकार नगरेमा निर्णयका लागि अन्तर्राष्ट्रिय न्यायालयमा पठाइनेछ ।

**धारा २३ः**

१. कुनै पनि राज्यपक्षले कुनै पनि बेला राष्ट्र संघका महासचिवलाई सम्बोधन गरी लिखित सूचना दिएर यस महासन्धिको संशोधनको लागि अनुरोध गर्न सक्नेछ ।

२. यस्तो अनुरोधका सन्दर्भमा राष्ट्र संघको साधारण सभाले चाल्नु पर्ने कुनै पाइला भए त्यसबारे निर्णय गर्नेछ ।

**धारा २४ः** राष्ट्र संघका महासचिवले यस महासन्धिको धारा १७ प्रकरण १ मा उल्लिखित सम्पूर्ण राष्ट्रलाई खास गरी देहायका कुराको सूचना गर्नेछन् :

१. धारा १७ र १८ अन्तरगत सही, अनुमोदन र सम्मिलन ।

२. धारा १९ अन्तरगत महासन्धि लागू भएको मिति ।

३. धारा १४, २० र २३ अन्तरगत प्राप्त सूचना र घोषणा ।

४. धारा २१ अन्तरगत परित्याग ।

**धारा २५ः**

१. चीनिया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी मूलपाठ उत्तिकै अधिकारिक भएको यो महासन्धि राष्ट्र संघको अभिलेखालयमा बुझाइनेछ ।

२. राष्ट्र संघका महासचिवले यस महासन्धिका प्रमाणित प्रतिलिपि महासन्धिको धारा १७ प्रकरण १ मा उल्लिखित कुनै पनि प्रकारमा पर्ने सबै राज्यलाई पठाउनेछन् ।

# अनुसूची ९: महिलाका विरुद्ध सबै किसिमका भेद उन्मूलन सम्बन्धी महासन्धि

**१८ डिसेम्बर १९७९ को साधारण सभा प्रस्ताव ३४/१८० द्वारा ग्रहण गरी सही, अनुमोदन र सम्मिलनका लागि खुला गरिएको**

**लागू: ३ सेप्टेम्बर १९८१, धारा २७ (१) अनुरुप**

यस महासन्धिका राज्यपक्षहरू,

राष्ट्र संघीय बडापत्रले आधारभूत मानव अधिकार, मानव मात्रको प्रतिष्ठा र मूल्य तथा पुरूष र नारीको समान अधिकारमा आफ्नो विश्वास पुनर्पुष्टि गरेको छ भन्ने कुरा टिप्दै,

अधिकार सम्बन्धी सर्वव्यापी घोषणापत्रले भेदको अग्राह्यताको सिद्धान्तलाई पुष्टि गरेको छ र सबै मानिसहरू स्वतन्त्र जन्मेका हुन् र प्रतिष्ठा तथा अधिकारमा समान छन् भन्ने घोषणा गर्छ र त्यसमा स्थापित सबै अधिकार र स्वतन्त्रता लिङ्गमा आधारित भेद समेत कुनै पनि किसिमको फरक बिना पाउने प्रत्येक व्यक्तिको अधिकार छ भन्ने कुरालाई टिप्दै,

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धका राज्यपक्षको सबै आर्थिक, सामाजिक, सास्कृतिक, नागरिक र राजनीतिक अधिकारको उपभोग गर्न पुरूष र नारीको समान अधिकारलाई सुनिश्चित गर्ने दायित्व छ भन्ने कुरालाई टिप्दै,

पुरूष तथा नारीको अधिकारको समानतालाई प्रवर्द्धन गर्ने राष्ट्र संघ र विशिष्टिकृत संस्थाहरूको तत्वावधान अन्तर्गत सम्पन्न अन्तर्राष्ट्रिय महासन्धिको विचार गर्दै,

पुरूष तथा नारीको अधिकारको समानतालाई प्रवर्द्धन गर्ने राष्ट्र संघ र विशिष्टिकृत संस्थाहरूद्वारा ग्रहण गरिएको प्रस्ताव, घोषणा र सिफारिसहरूलाई पनि टिप्दै,

यी विभिन्न दस्तावेजका बावजुद नारी विरूद्धको विस्तृत भेद यद्यपि विद्यमान रहिरहेको छ भन्ने कुराबाट चिन्तित हुँदै,

नारी विरूद्धको भेदले अधिकारहरूको समानता र मानव प्रतिष्ठाको सम्मानका सिद्धान्तहरूलाई उल्लघन गर्छ, आफ्ना देशको राजनीतिक, सामाजिक र आर्थिक जीवनमा पुरूषसँगको समान शर्तमा नारीहरूको सहभागीत्वलाई बाधा पुऱ्याउँछ, समाज तथा परिवारको सम्वृद्धिको विकासमा अवरोध खडा गर्छ र आफ्ना देश र मानवीयताको सेवामा नारीहरूका सम्भावनाको पूर्ण विकासलाई बढी कठीन बनाउँछ भन्ने कुराको स्मरण गर्दै,

खाद्यान्न, स्वास्थ्य, शिक्षा, तालीम र रोजगारका अवसरहरूका लागि र अन्य आवश्यकताप्रति गरीबीको अवस्थामा भएका नारीहरूको न्यूनतम् पहुँच छ भन्ने कुराप्रति चिन्तित हुँदै,

समानता र न्यायमा आधारित नयाँ अन्तर्राष्ट्रिय आर्थिक प्रणालीको स्थापनाले पुरूष र नारी बीच समानताको प्रवर्द्धन गर्नेतिर महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने कुरामा चित्त बुझाउँदै,

रंगभेद, सबै प्रकारको जातिवाद, जातिगत भेद, उपनिवेशवाद, नव उपनिवेशवाद, आक्रमण, विदेशी कब्जा तथा प्रभूतव तथा राज्यहरूको आन्तरिक मामिलामा हस्तक्षेप जस्ता कुराको उन्मुलन पुरूष तथा नारीको अधिकारको पूर्ण उपभोगका लागि अत्यावश्यक छ भन्ने कुरालाई जोड दिंदै,

राष्ट्रिय शान्ति र सुरक्षाको सुदृढीकरण, अन्तराष्ट्रिय तनावको समन, जस्तोसुकै सामाजिक र आर्थिक व्यवस्था भएपछि सबै राज्यहरू बीचको आपसी सहयोग, सामान्य र पूर्ण निशस्त्रीकरण, खासगरी कडा र प्रभावकारी अन्तराष्ट्रिय नियन्त्रण अन्तर्गत आणविक निशस्त्रीकरण, देशहरू बीचको सम्बन्धमा न्याय, समानता तथा आपसी लाभका सिद्धान्तको पुष्टि र विदेशी तथा औपनिवेशिक प्रभूतव तथा विदेशी कब्जा अन्तर्गत रहेका जनजातिहरूको स्वनिर्णय र स्वतन्त्रताको अधिकारको प्राप्ति तथा राष्ट्रिय सार्वभौमिकत्व र भुभागीय अखण्डताको सम्मानले सामाजिक उन्नति र विकासको प्रवर्द्धन गर्नेछ र फलस्वरूप, पुरूष र नारीबीच पूर्ण समानताको प्राप्तिलाई योगदान पुऱ्याउनेछ भन्ने कुरालाई पुष्टि गर्दै,

देशको पूरा र पूर्ण विकास, विश्वको कल्याण र शान्तिको उद्देश्यका लागि सबै क्षेत्रका पुरूष सरहको शर्तमा नारीहरूको अधिकतम सहभागिता आवश्यक छ भन्ने कुरामा चित्त बुझाउँदै,

परिवारको कल्याण र समाजको विकासमा नारीहरूको अहिलेसम्म पूर्ण रूपमा स्वीकार नगरिएको महान् योगदानलाई मातृत्वको सामाजिक महत्व र परिवार तथा बालबालिकालाई हुर्काउने कार्यमा मातापिता दुवैको भूमिकाको विचार गर्दै र नारीहरूको सन्तान जन्माउने कार्यमा रहेको भूमिका भेदका लागि आधार हुनु हुँदैन तर बालबालिका हुर्काउने कार्यलाई पुरूष र नारी तथा समाज सम्पूर्णको उत्तर दायित्वको साझेदारी आवश्यक छ भन्ने कुराप्रति सचेत हुँदै,

पुरूष र नारीबीच पूर्ण समानता प्राप्त गर्न पुरूषहरूका साथै नारीको समाज र परिवारमा हुने परम्परागत भूमिकामा परिवर्तन आवश्यक छ भन्ने कुराप्रति सचेत हुँदै,

नारी विरूद्ध हुने भेदको निर्मूलन सम्बन्धी घोषणापत्रमा स्थापित सिद्धान्तहरू कार्यान्वयन गर्न र त्यस उद्देश्यका लागि सबै प्रकार र प्रकट रूपमा हुने यस्ता भेदको निर्मूलनका लागि चाहिने उपायहरू ग्रहण गर्न दृढ निश्चय गरी,

देहायका कुरामा सहमत भएका छन् ।

## भाग १

**धारा १ः** यस महासन्धिको उद्देश्यका लागि 'नारी विरूद्धको भेद' शब्दले लिङ्गका आधारमा गरिएको कुनै पनि भेद, निष्काशन वा नियन्त्रणलाई बुझाउने छ, जसको प्रभाव र उद्देश्य पुरूष र नारीको समानताका आधारमा तिनको जस्तो सुकै वैवाहिक स्थिति भए पनि राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक नागरिक वा अन्य कुनै क्षेत्रमा नारीहरूद्वारा मानव अधिकार र आधारभूत स्वतन्त्रताको उपभोग वा अभ्यासको मान्यतालाई बाधा दिने वा रद्द गर्ने प्रभाव वा उद्देश्य हुनेछ ।

**धारा २ः** नारी विरूद्धको सबै प्रकारका भेदलाई राज्यपक्षहरू निन्दा गर्छन्, नारी विरूद्धका भेद निर्मूलन गर्ने नीतिलाई सबै उचित उपाय र बिना ढिलाई अघि लान सहमत छन् र यस उद्देश्यका लागि निम्न कुराको प्रतिज्ञा गर्छन् :

(क) आफ्ना राष्ट्रिय संविधान वा अन्य उचित कानूनमा यदि अझै समावेश गरिएको छैन भने पुरूष र नारीको समानताको सिद्धान्तलाई समावेश गर्ने र कानून तथा अन्य उचित उपायबाट यस सिद्धान्तको व्यवहारिक प्राप्तिलाई सुनिश्चित गर्ने ।

(ख) नारी विरूद्धका सम्पूर्ण भेदलाई निषेध गरी उचित स्थानमा बन्देज सहित उचित कानूनी र अन्य उपायहरू ग्रहण गर्ने ।

(ग) पुरूषसँगको समान आधारमा नारीहरूको अधिकारको कानूनी सुरक्षा स्थापना गर्ने र दक्ष राष्ट्रिय ट्रिव्यूनल र अन्य सार्वजनिक संस्था मार्फत भेदका कुनै पनि कार्य विरूद्ध नारीको प्रभावकारी सुरक्षा सुनिश्चित गर्ने ।

(घ) नारी विरूद्धको भेदको कुनै पनि कार्य वा व्यवहारमा संलग्न हुनबाट पछि हट्ने र सार्वजनिक अधिकारी र संस्थाहरूले यस दायित्व अनुरूप कार्य गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

(ङ) कुनै पनि व्यक्ति, संगठन वा औद्योगिक संस्थाद्वारा हुने नारी विरूद्धको भेदलाई निर्मूलन गर्न सबै उचित उपायहरू अबलम्बन गर्ने ।

(च) नारी विरूद्धको भेद ठहरिने विद्यमान नियम कानून, रीति र व्यवहारलाई परिवर्तन वा खारेज गर्न कानूनी सहित सबै उचित उपायहरू अवलम्बन गर्ने ।

(छ) नारी विरूद्धको भेद ठहरिने सम्पूर्ण राष्ट्रिय दण्ड व्यवस्थाहरूलाई खारेज गर्ने ।

धारा ३ः पुरूषसँगको समानताको आधारमा मानव अधिकार र आधारभूत स्वतन्त्रताको अभ्यास र उपभोग गर्न तिनलाई ग्यारेन्टी दिने उद्देश्यका लागि नारीहरूको पूर्ण विकास र सम्बृद्धिलाई सुनिश्चित गर्न राज्यपक्षले सबै क्षेत्रमा, खासगरी राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा कानुनी समेतका सबै उचित उपायहरू अवलम्बन गर्नेछन् ।

धारा ४ः

१. पुरूष र नारीहरूबीच व्यवहारिक समानतालाई तीब्र पार्ने लक्ष्य राखी राज्यपक्षहरूद्वारा ग्रहण गरिएका विशेष अस्थायी उपायहरूलाई यस महासन्धिमा परिभाषा गरिए जस्तै भेदकारी मानिनेछैन तर यसले असमान वा पृथक मापदण्ड कायम गरिरहने परिणाम कुनै पनि हालतमा संलग्न गर्ने छैन । अवसर र व्यवहारको समानताका उद्देश्यहरू प्राप्त भए पछि यी उपायहरू लागू गरिनेछैनन् ।

२. प्रसूतिको सुरक्षार्थ राज्यपक्षद्वारा ग्रहण गरिएका यस महासन्धिमा रहेका उपायहरू समेतका विशेष उपायहरूलाई भेदकारी मानिनेछैन ।

धारा ५ः राज्यपक्षहरूले सबै उचित उपायहरूको अवलम्बन गर्नेछन् :

(क) कुनै एक लिङ्गको लघुता अथवा वरिष्ठताको वा पुरूष र नारीका लागि रूढीगत भूमिकामा आधारित दुराग्रह र परम्परा तथा अन्य सबै व्यवहारहरूको निर्मूलन गर्ने विचारले पुरूष र नारीको व्यवहारको सामाजिक तथा सास्कृतिक ढाँचामा परिवर्तन ल्याउने ।

(ख) सबै अवस्थामा बालबालिकाको हित प्राथमिक दृष्टि हो भन्ने कुरा बुझ्दै पारिवारिक शिक्षाले सामाजिक कार्यको रूपमा प्रसूतिको विषयमा उचित समझदारी र तिनका बालबालिका हुर्काउने र विकासमा पुरूष र नारीको समान उत्तरदायित्वको मान्यतालाई समावेश गर्छ भन्ने कुरा सुनिश्चित गर्ने ।

धारा ६: राज्यपक्षहरूले नारीको सबै प्रकारको बेचविखन र नारीलाई वेश्यावृत्तिमा लगाई गरिने शोषण अन्त्य गर्न कानूनी समेतका सबै उचित उपायहरू अवलम्बन गर्नेछन् ।

## भाग २

धारा ७: राज्यपक्षहरूले देशको राजनीतिक र सार्वजनिक जीवनमा नारी विरूद्धको भेद निर्मूलन गर्न सबै उचित उपायहरू अपनाउने छन् र खासगरी पुरूषसँगको समान शर्तमा नारीका लागि निम्न अधिकार सुनिश्चित गर्नेछन्:

(क) सबै निर्वाचन र सार्वजनिक जनमतमा मतदान गर्ने र सार्वजनिक रूपले चुनिने निकायमा निर्वाचनका लागि योग्य मानिने ।

(ख) सरकारी नीतिको तर्जुमा र त्यसको कार्यान्वयनमा सहभागी हुने र सरकारी पद सम्हाल्ने तथा सरकारको सबै तहका सार्वजनिक कार्य सम्पन्न गर्ने ।

(ग) देशको सार्वजनिक राजनीतिक जीवनसँग सम्बन्धित असरकारी संघ र संगठनहरूमा सहभागी हुने ।

धारा ८: राज्यपक्षले पुरुषसँगको समान शर्त र कुनै भेद बिना अन्तराष्ट्रिय स्तरमा आफ्ना सरकारको प्रतिनिधित्व गर्ने र अन्तर्राष्ट्रिय संगठनहरूको कार्यमा सहभागी हुने अवसर नारीका लागि सुनिश्चित गर्न सबै उचित उपायहरू अवलम्बन गर्नेछन् ।

धारा ९:

१. आफ्ना राष्ट्रियता प्राप्त गर्न, परिवर्तन गर्न र कायम राख्न पुरूष सरह समान अधिकार राज्यपक्षले नारीलाई प्रदान गर्नेछन् । विदेशीसँगको विवाह वा विवाहको अवधिमा पतिद्वारा गरिएको राष्ट्रियताको परिवर्तनले नै पत्नीको राष्ट्रियतालाई स्वत: परिवर्तन गर्नेछैन, तिनलाई राज्यविहीन बनाउनेछैन वा तिनमाथि पतिको राष्ट्रियता लाद्नेछैन भन्ने कुरा खासगरी राज्यपक्षहरूले सुनिश्चित गर्नेछ ।

२. तिनका बालबालिकाको राष्ट्रियताको सन्दर्भमा राज्यपक्षले नारीहरूलाई पुरूष सरहको अधिकार प्रदान गर्नेछन् ।

## भाग ३

धारा १०: पक्षराष्ट्रहरूले महिलालाई शिक्षामा पुरूष सरह समान अधिकार प्राप्तिको व्यवस्था सुनिश्चित गर्नकोलागि महिला विरूद्ध हुने भेदभाव उन्मूलन गर्न सबै आवश्यक कदमहरू चाल्नेछन् र महिला र पुरूषको समानताको आधारमा खास गरेर देहायका कुराहरू सम्बन्धी व्यवस्था सुनिश्चित गर्नेछन् :-

(क) ग्रामीण तथा शहरी क्षेत्रमा अवस्थित सबै प्रकारका शिक्षण संस्थामा अध्ययन गर्न र उपाधि हासिल गर्न पाउनकोलागि जीविकाको तथा व्यवसायको जानकारी पाउने समान अवसरको व्यवस्था, यस प्रकारको समानता पूर्व विद्यालय शिक्षा, साधारण शिक्षा, प्राविधिक शिक्षा, पेशागत शिक्षा तथा उच्च प्राविधिक शिक्षा एवं सबै प्रकारका व्यवसायिक प्रशिक्षणको सम्बन्धमा उपलब्ध हुने कुरा सुनिश्चित गरिनेछ,

(ख) एउटै पाठ्यक्रम, एउटै परीक्षा, एकै स्तरको योग्यता प्राप्त शिक्षक तथा उस्तै प्रकारको विद्यालय भवन तथा उपकरणमा शिक्षा पाउने अवसरको व्यवस्था,

(ग) सबै प्रकारका तथा तहको शिक्षामा देखा पर्ने गरेको पुरूष तथा महिलाको भूमिका नै फरक छ भनी पुरातनवादी धारणालाई उन्मूलन गर्न तथा यस लक्ष्य प्राप्तिकोलागि सहायक हुने सह-शिक्षा तथा अन्य प्रकारका शिक्षण विधिलाई प्रोत्साहित दिने, र खास गरेर पाठ्य पुस्तकहरू तथा विद्यालय कार्यक्रमहरूमा परिवर्तन गर्ने एवं सोही बमोजिमको शिक्षण विधि अपनाउने,

(घ) छात्रबृत्ति तथा अन्य प्रकारका अध्ययन अनुदान सम्बन्धी फाइदा प्राप्त गर्नकोलागि समान अवसर उपलब्ध गराउने,

(ङ) प्रौढ शिक्षा तथा कार्यगत साक्षरता कार्यक्रम लगायतका स्थायी शिक्षण कार्यक्रमहरूमा, खास गरेर पुरूष तथा महिलाकाबीचमा रहेको शैक्षिक अन्तरलाई जति सक्दो चाँडो कमगर्ने लक्ष्य रहेका कार्यक्रममा सरिक हुन समान अवसर दिलाउने,

(च) पढाई छाड्ने छात्राहरूको संख्यालाई घटाउने तथा परिपक्वता विना नै विद्यालय छाडेका बालिकाहरू तथा महिलाहरूको निमित्त शैक्षिक कार्यक्रमहरूको आयोजना गर्ने,

(छ) खेलकूद तथा शारीरिक शिक्षामा सक्रिय रूपमा भाग लिन पाउने समान अवसर प्रदान गर्ने,

(ज) परिवार नियोजन सम्बन्धी सूचना एवं सल्लाह लगायतका परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी दिलाउने ।

धारा ११ः

१. पक्षराष्ट्रहरूले रोजगारीको क्षेत्रमा महिलालाई पुरूष सरह समानताको आधारमा समान हक सुनिश्चित गराउनको लागि महिला विरूद्धको सबै प्रकारको भेदभाव उन्मूलन गर्न सबै आवश्यक कदम चाल्नेछन् र खास गरेर देहायका अधिकारहरूको प्राप्ति सुनिश्चित गर्नेछन् :-

(क) समस्त मानव जातियको अविच्छेद अधिकारको रूपमा काम गर्ने अधिकार दिलाउने,

(ख) रोजगारीमा नियुक्तिको लागि छनौट गरिंदा समान प्रक्रिया प्रयोग गरिने लगायत रोजगारीको समान अवसरको अधिकार,

(ग) स्वतन्त्र रूपमा पेशा तथा रोजगारी चयन गर्न पाउने अधिकार, बढुवा हुन पाउने, सेवाको सुरक्षा पाउने तथा सेवाका तमाम शर्तहरू एवं फाईदाहरू उपभोग गर्न पाउने अधिकार र सिक्ने सुविधा लगायत व्यवसायिक तालीम तथा पुनःतालीम पाउने, उच्च व्यवसायिक तालीम तथा समय समयमा तालीम पाउने अधिकार,

(घ) समान सुविधा सहितको समान पारिश्रमिक पाउने अधिकार समान मूल्यको कामकोलागि समान व्यवहार पाउने अधिकार तथा कामको गुणात्मक मूल्यांकन हुँदा समान व्यवहार पाउने अधिकार,

(ङ) सामाजिक सुरक्षाको अधिकार, खास गरेर निवृत्त भएकोमा, बेरोजगारीमा, विरामी परेकोमा, अशक्त भएकोमा तथा वृद्धावस्थामा र काम गर्न अन्य तवरबाट अशक्त भएको अवस्थामा समेत सामाजिक सुरक्षा पाउने अधिकार एवं पूरा तलव सहित विदा लिन पाउने अधिकार,

(च) प्रजनन पद्धतिको बचाउ हुने गरी स्वास्थ्यको संरक्षण पाउने अधिकार एवं कार्यगत अवस्थामा सुरक्षाको अधिकार ।

२. विवाह वा मातृत्वको आधारमा महिला विरूद्ध हुने भेदभाव रोक्न तथा तिनीहरूको काम गर्ने अधिकारलाई सक्षमताका साथ उपलब्ध गराउन पक्षराष्ट्रहरूले देहायका कुरामा उपयुक्त कदम चाल्नेछन् :-

(क) लगाईएका नियन्त्रण व्यवस्थाको अधीनमा रही गर्भवती वा प्रसूति विदाको आधारमा पदच्युत गर्न नपाउने तथा अन्य अवस्थामा पदच्युत गर्दा पनि वैवाहिक स्थितिको आधारमा भेदभाव गर्न नपाउने गरी प्रतिवन्ध लगाउने,

(ख) नोकरीबाट वा वरिष्टताक्रमबाट वा सामाजिक भत्ताबाट बन्चित हुनु नपर्ने गरी पूरा तलव सहितको प्रसूती विदा वा सोही सरहको सामाजिक फाइदाहरू पाउने व्यवस्था प्रारम्भ गर्ने,

(ग) बाबु आमाहरूलाई आफ्नो कार्यगत जिम्मेवारी साथ साथै पारिवारिक दायित्व पनि निर्वाह गर्न सक्ने तथा सार्वजनिक जीवनमा सरिक हुन सक्ने तुल्याउन, खास गरेर बाल स्याहार सुविधा प्रणालीको स्थापना गरेर एवं विकास कार्यलाई प्रवर्द्धन गरेर, आवश्यक सहायक सामाजिक सेवाहरूको व्यवस्थालाई प्रोत्साहन दिने,

(घ) गर्भवती महिलालाई हानिकारक हुने भनी प्रमाणित भएका काममा लगाउन नपाउने गरी विशेष संरक्षण प्रदान गर्ने ।

३. यस धारामा वर्णन गरिएका कुराहरूसँग सम्बन्धित संरक्षणात्मक कानूनी व्यवस्थाहरूलाई तत्काल प्रचलित वैज्ञानिक तथा प्राविधिक ज्ञानका आधारमा समय समयमा पुनरावलोकन गरिनेछ र आवश्यकता अनुसार परिवर्तन खारेज वा विस्तृत गरिनेछ ।

**धारा १२ः**

१. पक्षराष्ट्रहरूले महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य स्याहार सेवा सम्बन्धी कुरा पुरुष सरह समानताको आधारमा उपलब्ध गराउन स्वास्थ्य क्षेत्रमा महिला विरूद्ध हुने भेदभाव उन्मूलन गर्नकोलागि सबै उपयुक्त कदमहरू चाल्नेछन् ।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षराष्ट्रहरूले महिलालाई गर्भ धारणको समयमा, प्रसूतिको समयमा तथा सुत्केरी भै सके पछिको अवधिका सम्बन्धमा चाहिँदो सेवाहरू, एवं गर्भवति समय तथा स्तनपानको समयमा पर्याप्त पोषण उपलब्ध गराउन साथै आवश्यकतानुसार निःशुल्क सेवा समेतको आवश्यक व्यवस्था गर्नेछन् ।

**धारा १३ः** पक्षराष्ट्रहरूले महिलालाई पुरुष सरह समानताको आधारमा समान प्रकारका अधिकारहरू, खास गरेर देहायका अधिकारहरू उपलब्ध गराउनको लागि आर्थिक तथा सामाजिक जीवनको अन्य क्षेत्रहरूमा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनकोलागि सबै उपयुक्त कदमहरू चाल्नेछन् :-

(क) पारिवारिक लाभ भोग्न पाउने अधिकार,

(ख) बैक कर्जा पाउने, वन्धकी राख्ने तथा अन्य प्रकारका आर्थिक ऋण प्राप्त गर्न पाउने अधिकार,

(ग) खेलकुदमा, मनोरञ्जनका गतिविधिमा तथा साँस्कृतिक जीवनका समस्त पक्षहरूमा सहभागी हुन पाउने अधिकार ।

**धारा १४ः**

१. पक्षराष्ट्रहरूले गाउँले महिलाले भोगी रहेका खास समस्याहरू तथा ती गाउँले महिलाले परिवारको आर्थिक उन्नतिमा तथा विना मूल्यमा गरिएका आर्थिक योगदान लगायत आर्थिक व्यवस्थामा तिनीहरूले खेलेको महत्वपूर्ण भूमिका प्रति ध्यान दिनेछन् र यस महासन्धिको व्यवस्थाहरू ती ग्रामीण क्षेत्रका महिलामा लागू गराउन सबै उपयुक्त कदमहरू चाल्ने छन् ।

२. पक्षराष्ट्रहरूले ग्रामीण क्षेत्रका महिलाले पुरूष सरह समानताको आधारमा ग्रामीण विकासमा सहभागी हुन पाउन् र त्यसबाट पाउने फाईदा भोग्न पाउन् भन्ने कुरा एकीन गर्नको लागि ग्रामीण क्षेत्रका महिला विरूद्ध हुने भेदभावलाई उन्मुलन गर्न सबै प्रकारका कदमहरू चाल्नेछन् र खास गरेर त्यस्ता महिलालाई देहायका अधिकार उपलब्ध गराउनेछन् :-

(क) विकास योजनाको विस्तृतिकरण तथा कार्यान्वयनका सबै तहमा भाग लिन पाउने,

(ख) परिवार नियोजनका सूचना, सल्लाह र सेवा लगायत पर्याप्त स्वास्थ्य स्याहार सुविधा पाउने,

(ग) सामाजिक सुरक्षा कार्यक्रमहरूबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने,

(घ) कार्यगत साक्षरता लगायत सबै प्रकारका औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने एवं अन्य कुराका अतिरिक्त उनीहरूको प्राविधिक क्षमता वृद्धि गराउनको लागि सबै सामुदायिक तथा विस्तार सेवाहरूबाट फाईदा प्राप्त गर्ने,

(ङ) रोजगारी तथा आत्म-रोजगारीद्वारा आर्थिक अवसरहरूमा समान पहुँचको लागि स्वावलम्वन समुहहरू तथा साझा संस्थाहरू गठन गर्न पाउने,

(च) समस्त सामुदायिक क्रियाकलापहरूमा भाग लिने,

(छ) कृषि कर्जा तथा ऋण, वजार सुविधा, उपयुक्त प्रविधि प्राप्त गर्न सक्ने तथा भुमि सम्बन्धी र कृषि सुधार एवं जग्गा जमिन पुनर्व्यवस्था योजना सम्बन्धमा समान प्रकारको व्यवहार पाउने,

(झ) जीवनयापनका उपयुक्त अवस्थाहरू खास गरेर आवास, सरसफाई विद्युत तथा खानेपानीको व्यवस्था, यातायात तथा संचार सम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने ।

## भाग ४

धारा १५ः

१. पक्षराष्ट्रहरूले कानूनको दृष्टिमा महिलालाई पुरूष सरहको समानता प्रदान गर्नेछन् ।

२. पक्षराष्ट्रहरूले महिलालाई देवानी मामिलामा पुरूष सरहको कानूनी क्षमता प्रदान गर्नेछन् र त्यस्तो क्षमता उपभोग गर्न पाउने समान अवसर प्रदान गर्नेछन् । खास गरेर तिनीहरूले महिलालाई करार सम्पन्न गर्न पाउने तथा सम्पत्ति संचालन गर्न पाउने समान अधिकार प्रदान गरी अदालत तथा न्यायाधिकरण समक्ष हुने कार्यविधिका सबै अवस्थामा समान व्यवहार गर्नेछन् ।

३. महिलाको कानूनी क्षमतालाई नियन्त्रण गर्ने किसिमका कानूनी मान्यता प्राप्त कुनै पनि किसिमका करार तथा तमाम निजी लिखतहरू वदर हुनेछन् तथा गैरकानूनी मानिनेछन् भन्ने कुरा पक्षराष्ट्रहरू मन्जुर गर्दछन् ।

४. व्यक्तिको घुमफिर गर्न पाउने अधिकार तथा आफ्नो वासस्थान एवं निवास छान्न पाउने स्वतन्त्रता सम्बन्धी कानूनमा पुरूष तथा महिलालाई समान अधिकार प्रदान गर्न पक्षराष्ट्रहरू मञ्जुर गर्दछन् ।

धारा १६ः

१. पक्षराष्ट्रले विवाह तथा पारिवारिक सम्बन्ध वारेको कुराहरूमा महिला विरूद्धको भेदभाव उन्मुलन गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन् तथा खास गरेर देहायका व्यवस्था पुरूष तथा महिलामा समानताको आधारमा लागू गराउनेछन् :-

(क) विवाह गर्ने समान अधिकार हुने,

(ख) आफ्नो जीवन साथी स्वतन्त्र रूपले छान्न पाउने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह हुने गरी समान अधिकार दिलाउने,

(ग) विवाह पर्यन्त तथा सम्बन्ध विच्छेद पश्चातको अवस्थामा समान अधिकार तथा दायित्व दिलाउने,

(घ) विवाहको स्थिति जे जस्तो रहेतापनि बालबच्चा सम्बन्धी कुराहरूमा बाबुआमा दुवैलाई समान अधिकार तथा दायित्व दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,

(ङ) आफ्नो बालबच्चाको संख्या तथा तिनीहरूको जन्मान्तरको सम्बन्धमा स्वतन्त्र एवं जिम्मेवारी पूर्वक निर्णय गर्न पाउने समान अधिकार हुने/दिलाउने तथा ती अधिकारहरू प्रभावकारी ढंगबाट गर्न सक्ने तुल्याउन जो चाहिने जानकारी शिक्षा तथा साधन उपलब्ध गराउने,

(च) बालबालिकाको संरक्षकत्व, संरक्षण, गुठीयारको हैसियत तथा दत्तक ग्रहण गर्ने सम्बन्धमा, अथवा कुनै मुलुकको राष्ट्रिय कानूनी व्यवस्थामा यो कुरा लागू रहेछ भने त्यस्ता संस्थाको सम्बन्धमा, महिलालाई पनि समान अधिकार तथा जिम्मेवारी दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,

(छ) कुनै पनि पारिवारिक नाम, पेशा तथा वृत्ति चयन गर्न पाउने अधिकार लगायत पति वा पत्नीको रूपमा दुबैमा समान वैयक्तिक अधिकार दिलाउने,

(झ) सम्पत्तिको सम्बन्धमा निःशुल्क वा सशुल्क रूपमा स्वामित्व, प्राप्ति, वन्दोवस्त, प्रशासन, उपयोग तथा वेचविखन गर्न पाउने गरी पति पत्नी दुवैलाई समान अधिकार दिलाउने ।

२. बालकको वैवाहिक वाक्दान र बाल-विवाहको कुनै पनि कानूनी मान्यता हुनेछैन । विवाह गर्ने न्यूनतम उमेर निर्धारण गर्ने कानूनी लगायत सबै आवश्यक व्यवस्था गरिनेछ र औपचारिक विवाह दर्ता किताबमा विवाह गर्न अनिवार्य गरिनेछ ।

## भाग ५

धारा १७ः

१. यस महासन्धिको कार्यान्वयन सम्बन्धी प्रगतिको लेखाजोखा गर्नको लागि यो महासन्धिले व्यवस्था गरेका कुराहरूका सम्बन्धमा उच्च नैतिक मर्यादा तथा क्षमता भएका विशेषज्ञहरू मध्येबाट यो महासन्धि प्रारम्भ हुने वित्तिकै अठाह्र जना र यो महासन्धिलाई पैतीसौं पक्षराष्ट्रले अनुमोदन वा सम्मिलन गरेपछि तेईस जना विशेषज्ञहरू भएको एउटा 'महिला विरूद्ध भेदभाव उन्मुलन समिति' (यस पछि 'समिति' भनिएको) गठन गरिनेछ । यी विशेषज्ञहरू समानुपातिक भौगोलिक वितरण पद्धति अनुसार तथा भिन्न भिन्न सभ्यताको एवं प्रमुख कानूनी प्रणालीको प्रतिनिधित्व हुने गरी पक्षराष्ट्रहरूले आ-आफ्नो नागरिकहरूबाट निर्वाचित गर्नेछन् र तिनीहरूले व्यक्तिगत हैसियतमा काम गर्नेछन् ।

२. पक्षराष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचिबाट गोप्य मतपत्रको तरिकाबाट समितिका सदस्यहरू निर्वाचित हुनेछन् । प्रत्येक पक्षराष्ट्रले आफ्ना नागरिकहरू मध्ये एक जना व्यक्ति मात्र मनोनित गर्न पाउनेछन् ।

३. यो महासन्धि प्रारम्भ भएका मितिले ६ महिना पछि प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचन हुने मिति भन्दा कम्तीमा ३ महिना अगावै संयुक्त राष्ट्र संघको महासचिवले पक्षराष्ट्रहरूलाई आ-आफ्नो

मनोनयनपत्रहरू दुई महिनाभित्र दाखिल गर्न आव्हान गर्दै पत्र पठाउनेछन् । महासचिवले प्राप्त मनोनयनहरूको आधारमा मनोनयन गर्ने पक्षराष्ट्रहरूको नाम समेत जनाई वर्णानुक्रम अनुसारको एउटा सूची बनाउनेछन् र सो सूची पक्षराष्ट्रहरूलाई पठाउनेछन् ।

४. समितिका सदस्यहरूको निर्वाचन संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा महासचिवले आयोजना गरेको पक्षराष्ट्रहरूको बैठकमा हुनेछ । यस बैठकको लागि दुई तिहाई पक्षराष्ट्रहरूले उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिनेछ । बैठकमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत प्राप्त गर्ने त्यस्ता मनोनित व्यक्तिहरू नै समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ ।

५. समितिका सदस्यहरू चारवर्षको अवधिका लागि निर्वाचित हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरू मध्ये नौ जनाको पदावधि दुईवर्षमा समाप्त हुनेछ । पहिलो निर्वाचन भएको लगत्तैपछि समितिका अध्यक्षले त्यस्ता नौ जना सदस्यहरूको नाम गोला प्रथाद्वारा छुट्याउने छन् ।

६. समितिको पाँच जना अतिरिक्त सदस्यहरूको निर्वाचन पैतिसौं अनुमोदन वा सम्मिलन प्राप्त भएपछि यसै धाराको प्रकरण २, ३ र ४ मा भएका व्यवस्थाहरू अनुसार गरिनेछ । यस पटक निर्वाचित अतिरिक्त सदस्यहरूमध्ये दुई जना सदस्यहरूको पदावधि दुईवर्ष पूरा भएपछि समाप्त हुनेछ । त्यस्ता दुई जना सदस्यहरूको नाम समितिका अध्यक्षले गोला प्रथाद्वारा छाने बमोजिम हुनेछ ।

७. बीचमा पर्न आउने रिक्त पदको पूर्ति गर्दा जुन पक्षराष्ट्रको विशेषज्ञले सो समितिको सदस्यताको रिक्तता सिर्जना गरेको हो सोही पक्षराष्ट्रले समितिको स्वीकृति प्राप्त गरी आफ्ना नागरिकहरू मध्येबाट अर्को विशेषज्ञ नियुक्त गर्नेछ ।

८. समितिका सदस्यहरूले समितिको कामको महत्वलाई ध्यानमा राखी महासभाले निर्धारण गरिदिए बमोजिमको शर्त तथा व्यवस्था अनुसार महासभाबाट स्वीकृत भए बमोजिम संयुक्त राष्ट्र संघको श्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

९. यस महासन्धि अनुसार समितिले गर्नु पर्ने कामको प्रभावकारी कार्यान्वयनकोलागि संयुक्त राष्ट्र संघको महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउनेछन् ।

धारा १८ः

१. पक्षराष्ट्रहरूले यो महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनकोलागि अपनाइएका व्यवस्थापकीय, न्यायिक प्रशासकीय तथा अन्य कदमहरू सम्बन्धी तथा यस सम्बन्धमा भएका प्रगति बारेको प्रतिवेदन समितिको विचारार्थ अवधिमा संयुक्त राष्ट्रसंघको महासचिव समक्ष पेश गर्ने कबूल गर्दछन् :–

(क) सम्बन्धित राष्ट्रको हकमा प्रारम्भ भएको मितिले एकवर्षभित्र,

(ख) तत्पश्चात कम्तीमा प्रत्येक चारवर्षमा तथा समितिले अनुरोध गरेको समयमा ।

२. प्रतिवेदनमा यो महासन्धिका दायित्वहरू पूरा गर्नमा व्यवधान पार्ने तत्वहरू तथा अवरोधहरू समेत उल्लेख गर्न सकिनेछ ।

धारा १९ः

१. समितिले आफ्नो कार्यविधि सम्बन्धी नियमहरू आफैं निर्धारण गर्नेछ ।

२. समितिले दुईवर्षको पदावधिकोलागि आफ्ना पदाधिकारीहरू आफैं छान्नेछ ।

धारा २०ः

१. यस महासन्धिको धारा-१८ अनुसार पेश गरिएका प्रतिवेदनहरूमाथि विचार विमर्श गर्नको लागि समितिको बैठक प्रत्येक वर्ष सामान्यतः बढीमा दुई हप्ताको अवधिको लागि बस्नेछ ।

२. समितिको बैठक सामान्यतः संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा वा समितिले निर्धारण गरेको अन्य कुनै उपयुक्त ठाउँमा बस्नेछ ।

धारा २१ः

१. समितिले आफूले गरेको कामको सम्बन्धमा प्रत्येक वर्ष आर्थिक तथा सामाजिक परिषद् मार्फत संयुक्त राष्ट्र संघको महासभामा प्रतिवेदन पेश गर्नेछ र पक्षराष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा सिफारिसहरू गर्न सक्नेछ । यस्ता सुझावहरू तथा साधारण सिफारिस र त्यसको सम्बन्धमा पक्ष राष्ट्रहरूबाट कुनै टीकाटिप्पणी प्राप्त भएको भए सो समेत समितिको प्रतिवेदनमा संलग्न गरिनेछ ।

२. संयुक्त राष्ट्र संघका महासचिवले समितिको प्रतिवेदन जानकारीको लागि "महिलाको स्थिति सम्बन्धी आयोग" समक्ष पठाउनेछन् ।

धारा २२ः विशिष्टकृत संस्थाहरूको कार्यक्षेत्र भित्र पर्न आउने यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनको सम्बन्धमा विचार विमर्श गरिंदा तिनीहरूको पनि प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । समितिले ती विशिष्टकृत संस्थाहरूको कार्यक्षेत्रभित्र पर्न आउने कुराहरूका सम्बन्धमा महासन्धिको कार्यान्वयन बारेमा प्रतिवेदन पेश गर्न तिनीहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

## भाग ६

धारा २३ः यस महासन्धिमा उल्लेखित कुनै कुराले पनि पुरूष तथा महिलाको बीचमा समानता कायम गर्नको लागि बढी सहायक हुने देहायका लिखतमा परेका कुनै पनि व्यवस्थामा असर पार्ने छैन ।

(क) कुनै पक्षराष्ट्रको कानूनमा रहेका, वा

(ख) सो राष्ट्रका सम्बन्धमा लागू रहेका अन्य कुनै अन्तर्राष्ट्रिय महासन्धि, सन्धि वा सम्झौतामा रहेका ।

धारा २४ः यस महासन्धिद्वारा मान्यता प्रदान गरिएका अधिकारहरूको पूर्ण प्राप्तिको लागि लक्षित समस्त आवश्यक कार्यहरू राष्ट्रिय तहमा कार्यान्वयन गर्न पक्षराष्ट्रहरू कबुल गर्दछन् ।

धारा २५ः

१. यो महासन्धि सबै राष्ट्रहरूबाट हस्ताक्षर हुनको लागि खुला रहनेछ ।

२. यो महासन्धिको निक्षेपकको रूपमा संयुक्त राष्ट्र संघका महासचिवलाई तोकिएको छ ।

३. यो महासन्धिलाई अनुमोदन गर्नुपर्नेछ । अनुमोदनका लिखतहरू संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिल गर्नु पर्नेछ ।

४. यो महासन्धि कुनै पनि राष्ट्रद्वारा सम्मिलनको लागि खुला रहनेछ । सम्मिलन सम्बन्धी लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिए पछि सो राष्ट्र सम्मिलित भएको मानिनेछ ।

धारा २६ः

१. यस महासन्धिमा संशोधन गर्नको लागि कुनै पनि पक्षराष्ट्रले कुनै पनि समयमा संयुक्त राष्ट्र संघका महासचिवलाई सम्बोधन गरी लिखित सूचना दिएर अनुरोध गर्न सक्नेछ ।

२. यस प्रकारको अनुरोध भएकोमा के कस्तो कारबाही गर्ने भन्ने कुरो संयुक्त राष्ट्र संघको महासभाले निर्णय गरे बमोजिम हुनेछ ।

धारा २७ः

१. यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत संयुक्त राष्ट्र संघको महासचिव कहाँ दाखिला भएको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ ।

२. यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत दाखिला भै सकेपछि यसको अनुमोदन वा सम्मिलन गर्ने अन्य प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

धारा २८ः

१. अनुमोदन वा सम्मिलन गर्दाको अवस्थामा कुनै राष्ट्रले यस महासन्धिको सम्बन्धमा आफ्नो आरक्षण राख्ने भएमा त्यस्तो आरक्षण सम्बन्धी लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गर्नेछन् र त्यस्तो लिखतको व्यहोरा निजले सबै राष्ट्रहरूलाई उपलब्ध गराउने छन् ।

२. यस महासन्धिको उद्देश्य तथा प्रयोजनसँग मेल नखाने आरक्षणलाई अनुमति दिईने छैन ।

३. आरक्षणलाई फिर्ता लिइने भएमा संयुक्त राष्ट्र संघका महासचिवलाई तत्सम्बन्धी सूचना दिई आरक्षण फिर्ता लिन सकिनेछ । निजले उक्त कुराको सूचना सबै राष्ट्रहरूलाई दिनेछन् । यस प्रकारको सूचना महासचिवलाई प्राप्त भएको मितिदेखि क्रियाशील हुनेछ ।

धारा २९ः

१. यस महासन्धिको व्याख्या वा प्रयोगको सम्बन्धमा कुनै दुई वा बढी पक्षराष्ट्रहरूकाबीच उठेको कुनै विवाद आपसी वार्तालापबाट समाधान हुन नसकेमा तिनीहरू मध्ये कसैको अनुरोध भएमा मध्यस्थताका लागि पेश गरिनेछ । मध्यस्थताको लागि अनुरोध भएको मितिले ६ महिनाभित्र सम्म पनि मध्यस्थताको संगठन बारेमा पक्षहरू मन्जुर हुन नसकेमा त्यस्ता पक्षहरू मध्ये कुनै एक पक्षले सो विवाद अन्तर्राष्ट्रिय न्यायालयमा सो न्यायालयको कानून अनुसार दरखास्त दिई पेश गर्न सक्नेछ ।

२. यो महासन्धिमा हस्ताक्षर वा अनुमोदन गर्दाको वा सम्मिलन गर्दाको अवस्थामा प्रत्येक पक्षराष्ट्रले यो धाराको प्रकरण १ बाट आफू आवद्ध छैन भन्ने कुराको घोषणा गर्न सक्नेछ । यस प्रकारको आरक्षण राख्ने पक्षराष्ट्रसँग सो प्रकरणमा लेखिएका कुराको सम्बन्धमा अरू पक्षराष्ट्रहरू आवद्ध हुने छैनन् ।

३. यस धाराको प्रकरण २ अनुसार आरक्षण राख्ने कुनै पक्षराष्ट्रले त्यस्तो आरक्षण संयुक्त राष्ट्र संघको महासचिवलाई सूचना दिई कुनै पनि बखतमा फिर्ता लिन सक्नेछ ।

धारा ३०ः यो महासन्धिको अरवी, चिनयाँ, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका मूल प्रतिहरू समान रूपमा आधिकारिक मानिनेछन् र ती प्रतिहरू संयुक्त राष्ट्र संघका महासचिवको जिम्मामा राखिनेछन् । यस कुराको साक्षीको रूपमा अधिकार प्राप्त तलका हस्ताक्षरकारीहरूले यस महासन्धिका हस्ताक्षर गरेका छन् ।

# अनुसूची ६ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि

Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment

**महासभाको १० डिसेम्बर १९८४ को प्रस्ताव ३४५२ (३०) द्वारा २९/४६ द्वारा जारी भई हस्ताक्षर, अनुमोदन र सम्मिलनका लागि खुला**

**धारा २७ (१) बमोजिम मिति २६ जुन १९८७ देखि प्रारम्भ (लागू) भएको**

यस महासन्धिका राज्यपक्षहरू,

संयुक्त राष्ट्रसङ्घको बडापत्रमा घोषित सिद्धान्तअनुसार मानवपरिवारका सबै सदस्यको समान र अहरणीय अधिकारको मान्यतालाई नै विश्वको स्वतन्त्रता, शान्ति र न्यायको आधारशिला ठान्दै,

ती अधिकारहरु मानवव्यक्तिमा अन्तर्निहित मर्यादाबाटै उत्पत्ति भएका हुन भन्ने कुरालाई मान्यता दिँदै,

मानवअधिकार र आधारभूत स्वतन्त्रताहरूको विश्वव्यापी कदर र पालना बडापत्रको विशेषतः धारा ५५ अनुसार हरेक राष्ट्रको दायित्व रहेको कुरालाई विचार गर्दै,

कसैलाई पनि यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय नगरिने उल्लेख भएका मानवअधिकारको विश्वव्यापी घोषणपत्रको धारा ५ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ७ दुवैप्रति पूर्ण निष्ठा राख्दै,

महासभाबाट ९ डिसेम्बर १९७५ मा जारी भएको सबै मानिसलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार या सजायबाट संरक्षण गर्ने घोषणापत्रलाई पनि आदर गर्दै,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार या सजायँविरूद्ध विश्वभर अरु बढी प्रभावकारी लडाई सञ्चालन गर्न सकियोस् भन्ने सदिच्छासाथ,

निम्नबमोजिम सहमत छन् ।

## भाग १

धारा १ः

१. यस महासन्धिको प्रयोजनका लागि "यातना" भन्नाले सार्वजनिक अधिकारीले वा सार्वजनिक अधिकारी वा सार्वजनिक क्षमतामा काम गर्ने अन्य व्यक्तिका उक्साहट, सम्मति वा स्वीकृतिमा कुनै व्यक्तिलाई ऊ वा अरु कसैको जानकारी वा साबिती लिन या ऊ वा अरु कसैले गरेको भनी आशा गरिएको कुनै अपराधमा सजाय दिन वा भेदभावमा आधारित अन्य कुनै कारणले डरत्रास देखाउन वा जबर्जस्ती गर्न जानाजान उसलाई कठोर शारीरिक वा मानसिक पीडा वा सकस पार्न गरिने क्रियाकलापलाई जनाउँछ । सो शब्दले कानुनसङ्गतको दण्डभारमा अन्तर्निहित वा सोबाट अकस्मात् उत्पन्न पीडा वा सकसलाई समेट्दैन ।

२. कुनै अन्तर्राष्ट्रिय अध्यालेख वा राष्ट्रिय कानुनमा रहेका वा रहन सक्ने अझ व्यापक प्रचलनका प्रावधानप्रति यस धाराको कुनै पूर्वाग्रह छैन ।

धारा २ः

१. महासन्धिलाई अनुमोदन गरेका हरेक राष्ट्रले आफ्ना क्षेत्राधिकारभित्रका भूभागमा यातनाका कार्यलाई रोक्न प्रभावकारी कानुनी, प्रशासकीय, न्यायिक वा अन्य उपायहरु अपनाउनेछन् ।

२. युद्धको अवस्था वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य सार्वजनिक संकट जेसुकै भए पनि कुनै पनि अपवादजनक परिस्थितिलाई यातनाको पुस्ट्याइँका रूपमा याचना गर्न सकिनेछैन ।

३. माथिल्लो तहका अधिकारी वा सार्वजनिक अधिकारीको आदेशलाई यातनाको पुष्ट्याइँका लागि याचना गर्न सकिनेछैन ।

धारा ३ः

१. अर्को देशमा यातनाको सिकार हुन सक्ने खतरामा पर्न सक्छ भन्ने विश्वास गर्नुपर्ने पर्याप्त आधार भएमा राज्यपक्षले कुनै व्यक्तिलाई त्यस्तो देशमा निकाला गर्ने, फिर्ता गर्ने, वा प्रत्यार्पण गर्नेछैन ।

२. यस्तो आधार भए-नभएको निर्धारण गर्ने प्रयोजनका लागि सक्षम अधिकारीले, उपयुक्त हुने ठाउँमा, सम्बन्धित देशको मानवअधिकारको सघन, खुला र आमउल्लङ्घनको स्थिर स्वरूपहरूको विद्यमानता लगायतका सान्दर्भिक सबै कुरा विचार गर्न ध्यान पुऱ्याउनेछन् ।

धारा ४ः

१. हरेक राज्यपक्षले यातनाका सबै कार्यलाई आफ्नो फौजदारी कानुनअन्तर्गतका कसुर सुनिश्चय गर्नेछन् । यातना दिन उद्योग गरेको वा यातना दिनमा मतियार वा सहभागी भएको व्यक्तिका हकमा पनि सोही कुरा लागू हुनेछ ।

२. हरेक राज्यपक्षले यी कसुरहरूलाई, तिनको गम्भीर प्रकृतिलाई समेत ध्यानमा राखी, उपयुक्त दण्डसजायद्वारा दण्डनीय बनाउनेछन् ।

धारा ५ः

१. हरेक राज्यपक्षले धारा ४ अनुसारको कसुरमा देहायका मामिलामा आफ्ना क्षेत्राधिकार स्थापनाका लागि आवश्यक हुन सक्ने उपाय अपनाउनेछन् :

(क) आफ्नो अधिकारक्षेत्र अन्तर्गतको कुनै पनि भूभाग वा राज्यमा दर्ता भएको हवाईजहाज वा पानीजहाजमा कसुर भएमा;

(ख) आरोपित कसुरदार त्यस राज्यको नागरिक भएमा;

(ग) सो राज्यले उपयुक्त ठानेका खण्डमा, पीडित सो राज्यको नागरिक भएमा ।

२. यसै गरी हरेक राज्यपक्षले यातना दिने व्यक्ति आफ्नो क्षेत्राधिकारको भूभागमा रहेको र धारा ८ बमोजिम यस धाराको अनुच्छेद १ मा उल्लेख गरिएका राज्यहरूमा सपुर्द नगर्ने अवस्थामा आफ्ना क्षेत्राधिकार स्थापनाका लागि आवश्यक हुन सक्ने उपाय अपनाउनेछन् ।

३. आन्तरिक कानुनबमोजिम प्रयोग गरिने फौजदारी क्षेत्राधिकारलाई यस महासन्धिले अलग्याउने छैन ।

धारा ६ः

१. आफूलाई प्राप्त सूचनाको जाँचबुझपछि विश्वस्त भई अवस्थाले मागेअनुसार जुनसुकै राज्यपक्षले धारा ४ अनुसारको कसुर गरेको अभियोगबाट आरोपित कसुरदार आफ्ना भूभागमा रहे-भएका अवस्थामा निजको उपस्थिति सुनिश्चित पार्न निजलाई हिरासतमा लिने वा अन्य कानुनी उपाय अपनाउनेछन् । हिरासत वा अन्य कानुनी उपाय कानुनमा व्यवस्था गरिएअनुसार हुनेछ र फौजदारी वा सपुदर्गीको कारबाई स्थापित गर्न सक्षम पार्न आवश्यक पर्नेसम्मको समयका लागि मात्र तिनलाई निरन्तर राख्न सकिनेछ ।

२. यस्तो राज्यले तथ्यउपर अविलम्ब प्रारम्भिक छानबिन गर्नेछ ।

३. यस धाराको अनुच्छेद १ बमोजिम हिरासतमा रहको जुनसुकै व्यक्तिलाई ऊ नागरिक रहेको मुलुकको र राज्यविहीन व्यक्तिका हकमा उसले सामान्य बसोवास गरेको मुलुकको उपयुक्त निकटतम प्रतिनिधिसँग अविलम्ब सञ्चारसम्पर्क गर्न मद्दत गरिनेछ ।

४. यस धाराअनुसार कुनै राज्यले कुनै व्यक्तिलाई हिरासतमा लिएमा सो राज्यले यस्तो व्यक्तिलाई हिरासतमा लिइएको तथ्य र उसलाई थुनामा राख्नुपरेको परिस्थितिसमेतका बारेमा धारा ५ को अनुच्छेद १ अनुसार राज्यहरूलाई अविलम्ब जनाउ दिनेछ । यस धाराको अनुच्छेद २ मा प्रतिविम्बित प्रारम्भिक छानबिन गर्ने राज्यले आफ्नो छानबिनको नतिजा उल्लिखित राज्यहरूलाई अविलम्ब पठाउने र आफूले क्षेत्राधिकारको प्रयोग गर्ने भए सो कुरा जनाउनेछ ।

धारा ७ः

१. धारा ४ मा उल्लिखित कसुर गरेको अभियोग लागेको आफ्नो क्षेत्राधिकारभित्रको भूभागमा फेला परेमा राज्यले धारा ५ मा प्रतिविम्बित भएका मामिलामा सम्बन्धित मुलुकमा सपुर्दगी नगर्ने भएमा अभियोजनका प्रयोजनका लागि त्यस्तो व्यक्तिलाई सक्षम अधिकारीसमक्ष दाखिल गर्नेछ ।

२. यस्ता अधिकारीले त्यस राज्यको कानुनअन्तर्गतका गम्भीर प्रकृतिका सामान्य कसुरमा जस्तै समान तरिकाले निर्णय गर्नेछन् । धारा ५ को अनुच्वेद २ मा निर्दिष्ट भएका मामिलामा अभियोजन र कसुर स्थापित गर्न चाहिने सबुतप्रमाणको मापदण्ड धारा ५ को अनुच्छेद १ मा निर्दिष्ट मामिलामा लागू हुनेभन्दा कुनै हालतमा कम कठोर हुनेछैन ।

३. धारा ४ मा निर्दिष्ट कुनै पनि कसुरका सम्बन्धमा कुनै व्यक्तिविरूद्ध अगि बढाइएको कारबाईमा कारबाईका सबै चरणमा यस्तो व्यक्तिलाई स्वच्छ व्यवहार प्रत्याभूत गरिनेछ ।

धारा ८ः

१. धारा ४ मा निर्दिष्ट कसुरहरु राज्यपक्षहरूबीच विद्यमान कुनै पनि सपुर्दगी सन्धिमा सपुर्दगी गर्न सकिने कोटीको कसुरमा समावेशयोग्य ठानिनेछन् । राज्यपक्षहरूले तिनीहरूका बीचमा सम्पन्न हुने हरेक सपुर्दगी सन्धिमा यस्ता कसुरलाई सपुर्दगीयोग्य बनाउनेछन् ।

२. सपुर्दगीका लागि अर्कोबाट अनुरोध प्राप्त गर्ने सन्धि विद्यमान भएका राज्यपक्षले सपुर्दगीलाई ससर्त बनाउन चाहेमा, सपुर्दगी सन्धि नभएको राज्यपक्षले यस्ता कसुरहरूका सन्दर्भमा यस महासन्धिलाई कानुनी आधार मान्न सक्नेछ । सपुर्दगी अनुरोध गरिएको राज्यको कानुनले व्यवस्था गरेका अन्य सर्तहरूको अधीनमा रही हुनेछ ।

३. सदस्य राष्ट्रहरूले, जसले प्रत्यार्पणका लागि सन्धि हुन आवश्यक पर्ने शर्त राखेका हुदैनन् यस्ता अपराधलाई प्रत्यार्पण गरिनुपर्ने अपराधको स्थानमा राख्नेछन् र अपराधीको निमित्त अनुरोध प्राप्त गर्ने राष्ट्रको कानून द्वारा लगाईएका शर्तहरूले प्रत्यार्पणलाई नियन्त्रण गर्नेछन् ।

४. राज्यपक्षहरूबीचका सपुर्दगीका प्रयोजनका लागि यस्ता कसुरहरूलाई तिनीहरु भएका ठाउँमा मात्र नभई धारा ५ को अनुच्छेद १ बमोजिम तिनको क्षेत्राधिकार स्थापना गर्नुपर्ने राज्यहरूका भूभागमा समेत भएको ठानी यस्ता कसुरहरूप्रति व्यवहार गरिनेछ ।

धारा ९ः

१. धारा ४ मा निर्दिष्ट कुनै पनि कसुरसम्बन्धमा चलाइएका फौजदारी कारबाईमा कारबाईका लागि आवश्यक आफूसँग भएका सबै सबुतप्रमाणको आपूर्तिलगायत पारस्पारिक सहायताका अधिकतम उपाय प्रदान गर्नेछन् ।

२. यस धाराको अनुच्छेद १ अन्तर्गतको दायित्व राज्यपक्षहरूले पारस्पारिक न्यायिक सहायताको उनीहरूबीच विद्यमान हुन सक्ने कुनै पनि सन्धिसँग अनुकूल हुन गरी निर्वाह गर्नेछन् ।

धारा १०:

१. जुनसुकै स्वरूपको पक्राउ, थुनेछक वा कैदसजायँमा रहेको कुनै पनि व्यक्तिको सुरक्षा, सोधपुछ वा व्यवहारमा संलग्न हुन सक्ने निजामती वा जंगी कानुन कार्यान्वयन अधिकारी, चिकित्सा कर्मचारी, सार्वजनिक अधिकारी तथा अन्य व्यक्तिहरूलाई दिइने तालिममा यातनाको निषिद्धतासम्बन्धी शिक्षा र जानकारी पूर्णतः समावेश गर्ने कुरा हरेक राज्यपक्षले सुनिश्चित गर्नेछन् ।

२. हरेक राज्यपक्षले यस्ता कुनै पनि व्यक्तिका कामकर्तव्य सम्बन्धमा जारी गरिने नियम वा निर्देशनहरूमा यो निषिद्धता समावेश गर्नेछन् ।

धारा ११ः यातनाका कुनै पनि घटनाको रोकथाम गर्ने ध्येयले हरेक राज्यपक्षले आफ्ना क्षेत्राधिकारको जुनसुकै भूभागमा जुनसुकै स्वरूपका पक्राउ, थुनछेक वा कैदमा रहेका व्यक्तिहरूको सुरक्षा तथा उनीहरूप्रतिका व्यवहारलगायत सोधपुछसम्बन्धी नियम, निर्देशन, पद्धति तथा अभ्यासहरूलाई नियमित पुनरावलोकन गर्नेछन् ।

धारा १२ः हरेक राज्यपक्षले आफ्नो भूभागभित्र कतै यातना दिएको विश्वास गर्नुपर्ने उचित आधार देखिएमा आफ्ना सक्षम अधिकारीद्वारा छिटोछरितो, निष्पक्ष अनुसन्धान अगाडि बढाउने कुरा सुनिश्चित पार्नेछन् ।

धारा १३ः हरेक राज्यपक्षले आफ्नो क्षेत्राधिकारभित्रको भूभागमा आफूलाई यातनाको सिकार बनाइएको आरोप लगाउने व्यक्तिलाई उजुर गर्ने अधिकार हुने र निजको मुद्दाको शीघ्रता तथा निष्पक्षतापूर्वक सक्षम अधिकारीबाट जाँचबुझ गराउने कुरा निश्चित पार्नेछन् । उजुर गरेको वा सबुतप्रमाण दिएको परिणामस्वरूप हुन सक्ने डरत्रास र दुर्व्यवहारविरूद्ध उजुरकर्ता तथा साक्षीहरूको संरक्षण सुनिश्चित गर्न पाइला चालिनेछन् ।

धारा १४ः

१. हरेक राज्यपक्षले आफ्ना कानुनी प्रणालीभित्रै यातनापीडितले पुनरूद्धार प्राप्त गर्ने तथा निजलाई यथासम्भव पूर्ण पुनःस्थापनाको माध्यमसहित जायज र पर्याप्त क्षतिपूर्तिको प्रभावकारी हकाधिकार रहने कुरा सुनिश्चित पार्नेछन् । यातनाको नतिजास्वरूप पीडितको मृत्यु भएका खण्डमा निजका आश्रित क्षतिपूर्तिको हकदार हुनेछन् ।

२. यस धाराको कुनै कुराले राष्ट्रिय कानुनअन्तर्गत विद्यमान पीडित वा अन्य व्यक्तिको क्षतिपूर्तिसम्बन्धी अधिकारलाई असर पार्नेछैन ।

धारा १५ः यातनाको नतिजास्वरूप तयार गरिएको भन्ने स्थापित भएको बयानलाई यातना दिने व्यक्तिको विरूद्धबाहेक कुनै कारबाईप्रक्रियामा प्रमाणस्वरूप प्रयोग गर्न नपाइने कुरा हरेक राज्यले सुनिश्चित गर्नेछन् ।

धारा १६ः

१. हरेक राज्यपक्षले आफ्नो क्षेत्राधिकारभित्रको कुनै पनि भूभागभित्र, सार्वजनिक अधिकृत वा आधिकारिक हैसियतमा काम गर्ने व्यक्तिबाट हुने धारा १ ले परिभाषित गरेअनुसार यातना हुनेबाहेकका अन्य क्रूर, अपमानजनक र अमानवीय व्यवहार वा सजायँको रोकथाम गर्न कबोल गर्नेछन् । खास गरी धारा १०, ११, १२ र १३ मा यातनाका सम्बन्धमा उल्लिखित कुरा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका सन्दर्भमा पनि लागू हुनेछन् ।

२. क्रूर, अमानवीय तथा अपमानजनका व्यवहार वा सजायँलाई निषेध गर्ने वा सपुर्दगी वा देश निकालासम्बन्धी अन्य राष्ट्रिय कानुन वा अन्तर्राष्ट्रिय अध्यालेखका कुनै पनि प्रावधानउपर यस महासन्धिका प्रावधानहरूले असर पार्नेछैनन् ।

## भाग २

धारा १७ः

१. यातनाविरूद्धको समिति (यसपछि समिति भनिएको) स्थापित हुनेछ, जसले यसपछि व्यवस्था गरिएका कार्यहरु सम्पादन गर्नेछ । समितिमा उच्च नैतिक प्रतिष्ठा भएका र मानवअधिकारको क्षेत्रमा सक्षमताको मान्यता पाएका १० जना विशेषज्ञ रहनेछन्, जसले व्यक्तिगत क्षमतामा सेवा प्रदान गर्नेछन् । समानुपातिक भौगोलिक वितरण तथा कानुनी क्षेत्रमा अनुभव हासिल गरेका केही व्यक्तिको सहभागिताको उपयोगितासमेतलाई विचार गरी राज्यपक्षहरूले विशेषज्ञहरूको निर्वाचन गर्नेछन् ।

२. राज्यपक्षहरूबाट मनोनयन भएका व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरु निर्वाचित हुनेछन् । हरेक राज्यपक्षले आफ्ना नागरिकमध्येबाट एक व्यक्तिको मनोनयन गर्न सक्नेछ । राज्यपक्षहरूले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत स्थापित मानवअधिकारको समितिका सदस्य पनि रहेका र यातनाविरूद्धको समितिमा सेवा गर्न इच्छा भएका व्यक्तिहरूको मनोनयनको उपयोगितालाई ख्यालमा राख्नेछन् ।

३. संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा आयोजित राज्यपक्षहरूको द्विवार्षिक बैठकमा समितिका सदस्यहरूको निर्वाचन सम्पन्न हुनेछ । राज्यपक्षहरूको दुई तिहाइको गणपूरक संख्या रहने बैठकमा सर्वाधिक मत प्राप्त गर्ने र उपस्थित रही मतदान गर्ने राज्यपक्षहरूका प्रतिनिधिहरूको पूर्ण बहुमत प्राप्त गर्ने व्यक्तिहरु समितिमा निर्वाचित हुनेछन् ।

४. यो महासन्धि लागू भएको मितिले छ महिनाभित्र प्रारम्भिक निर्वाचन सम्पन्न हुनेछ । हरेक निर्वाचनमितिको कम्तीमा चार महिनाअगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले तीन महिनाभित्र आफ्नो मनोनयन प्रस्तुत गर्न राज्यपक्षहरूलाई पत्र सम्बोधन गरी पठाउनेछन् । यसरी मनोनयन भएका सबै व्यक्तिको तिनलाई कुन राज्यले मनोनयन गरेको भन्ने कुरा खुल्ने गरी वर्णानुक्रमिक सूची महासचिवले तयार पार्नेछन्, र राज्यपक्षहरूलाई प्रस्तुत गर्नेछन् ।

५ समितिका सदस्य चार वर्षका लागि निर्वाचित हुनेछन् । पुनःमनोनयन भएमा तिनीहरु पुनः निर्वाचनका लागि योग्य मानिनेछन् । तर, पहिलो निर्वाचनमा चुनिएका पाँच सदस्यहरूको पदावधि

दुई वर्षको अन्त्यमा समाप्त हुनेछ, पहिलो निर्वाचनको लगत्तै पछि यी पाँच सदस्यको नाम यस धाराको अनुच्छेद ३ मा उल्लिखित बैठकका अध्यक्षले गोलाप्रथाबाट छान्नेछन् ।

६. समितिका सदस्यको मृत्यु वा राजिनामा भएमा वा अन्य कुनै कारणबाट निजले समितिको आफ्नो कार्य सम्पादन गर्न नसकेमा निजलाई मनोनयन गरेका राज्यपक्षले निजको बाँकी पदावधिका लागि बहुमत राज्यपक्षहरूको समर्थनको विषय हुने गरी आफ्ना नागरिकहरूमध्येबाट अर्को विशेषज्ञ नियुक्त गर्नेछ । यस्तो नियुक्तिका बारेमा संयुक्त राष्ट्रसंघका महासचिवले दिएको सूचना पाएको छ हप्ताभित्र आधा वा सोभन्दा बढी राज्यपक्षले नकारात्मक उत्तर नदिएमा समर्थित भएको मानिनेछ ।

७. समितिको कार्यसम्पादन गर्दा समितिका सदस्यहरूबाट भएको खर्चप्रति राज्यपक्षहरु उत्तरदायी हुनेछन् ।

### भाग १८

१. समितिले आफ्ना पदाधिकारीहरु दुई वर्षको पदावधिका लागि निर्वाचित गर्नेछ । तिनीहरु पुनः निर्वाचित हुन सक्नेछन् ।

२. समितिले आफ्नो कार्यविधि नियमावली आफै स्थापित गर्नेछ, तर सो नियमावलीले अन्य कुराका साथैसाथै निम्न व्यवस्था मिलाउनेछः

(क) छ जना सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ;

(ख) उपस्थित सदस्यहरूको बहुमतबाट समितिका निर्णय गरिनेछन् ।

३. समितिका यस महासन्धिअन्तर्गत कार्यहरूको प्रभावकारी सम्पादनका लागि संयुक्त राष्ट्रसंघका महासचिवले आवश्यक कर्मचारी तथा सरसुविधाको व्यवस्था मिलाउनेछन् ।

४. समितिको प्रारम्भिक बैठक संयुक्त राष्ट्रसङ्घका महासचिवले संयोजन गर्नेछन् । प्रारम्भिक बैठकपछि कार्यविधिसम्बन्धी नियमावलीमा व्यवस्था भएका समयमा समितिको बैठक बस्नेछ ।

५. यस धाराको अनुच्छेद ३ बमोजिम कर्मचारी र सरसुविधाका लागि भएका खर्चजस्ता संयुक्त राष्ट्र संघबाट कुनै पनि खर्चको सोधभर्नासहित राज्यपक्षहरु तथा समितिको बैठक सञ्चालनका क्रममा भएका खर्चका लागि राज्यपक्षहरु जिम्मेवार रहनेछन् ।

### धारा १९ः

१. सम्बन्धित राज्यपक्षका हकमा महासन्धि लागू भएको एक वर्षभित्र यस महासन्धिअन्तर्गतका प्रतिज्ञा कार्यान्वयनलाई प्रभावकारी पार्न आफूले अपनाएका उपायका सम्बन्धमा राज्यपक्षहरूले संयुक्त राष्ट्र संघका महासचिवमार्फत समितिसमक्ष प्रतिवेदन पेश गर्नेछन् । तत्पश्चात् राज्यपक्षहरूले अवलम्बन गरिएका नयाँ उपायहरूको प्रत्येक चार वर्षमा पूरक प्रतिवेदन र समितिले अनुरोध गर्न सक्ने अन्य प्रतिवेदनहरु प्रस्तुत गर्नेछन् ।

२. संयुक्त राष्ट्र संघका महासचिवले प्रतिवेदनहरु सबै राज्यपक्षहरूलाई पठाउनेछन् ।

३. हरेक प्रतिवेदनलाई समितिले विचार गर्नेछ र प्रतिवेदनउपर आफूलाई उचित लागेको सामान्य टिप्पणी गरी सम्बन्धित राज्यपक्षलाई प्रेषित गर्नेछ । सो राज्यपक्षले टिप्पणीउपर आफ्नो निरूपणकथनसाथ समितिलाई उत्तर दिन सक्नेछ ।

४. यस धाराको अनुच्छेद ३ अनुरूप सम्बन्धित राज्यपक्षबाट प्राप्त निरूपणकथनसहित आफूले गरेको कुनै पनि टिप्पणीलाई धारा २४ अनुसारको वार्षिक प्रतिवेदनमा समावेश गर्ने गरी समितिले आफ्नै तजबिजले निर्णय गर्न सक्नेछ । सम्बन्धित राज्यपक्षले अनुरोध गरेमा समितिले यस धाराको अनुच्छेद १ अन्तर्गत पेस भएको प्रतिवेदनको प्रति पनि समावेश गर्न सक्नेछ ।

धारा २०ः

१. राज्यपक्षको भूभागभित्र यातना व्यवस्थित तवरले भइरहेको छ भन्ने दरिलो गरी इङ्गित गर्ने विश्वसनीय सूचना समितिले प्राप्त गरेमा, सूचनाको जाँचबुझको लागि र यस उद्देश्यको परिपूर्तिका लागि उक्त सूचनाका सम्बन्धमा आफ्नो निरूपणकथन पेस गर्न समेत समितिले राज्यपक्षलाई आमन्त्रण गर्न सक्नेछ ।

२. सम्बन्धित राज्यपक्षले पेसेको निरूपणकथन साथसाथै आफूलाई उपलब्ध अन्य सान्दर्भिक सूचनाहरूलाई ध्यानमा राखी, आवश्यकता बोध गरी निर्णय गरेमा, समितिले गोप्य रूपले छानबिन गरी समितिसमक्ष प्रतिवेदन गर्न समितिका एक वा बढी सदस्यलाई खटाउन सक्नेछ ।

३. यस धाराको अनुच्छेद २ बमोजिम छानबिन भएमा समितिले सम्बन्धित राज्यपक्षको सहयोग खोज्नेछ । राज्यपक्षसँगको सम्झौतामा यस्तो छानबिनमा सो राज्यपक्षको भूभागमा भ्रमण गर्ने कुरा समावेश हुन सक्नेछ ।

४. यस धाराको अनुच्छेद २ अनुसार सदस्य वा सदस्यहरूले पेस गरेका प्राप्त तथ्यका जाँचबुझ गरे पछि आयोग (समिति?) ले अवस्थाका बारेमा उपयुक्त देखिने कुनै पनि टिप्पणी वा सुझाउसहित ती प्राप्त तथ्यहरु सम्बन्धित राज्यपक्षलाई पठाउनेछ ।

५. यस धाराका १ देखि ४ सम्मका अनुच्छेदहरूमा उल्लिखित समितिका सबै कारबाई गोप्य हुनेछन् र तिनको प्रत्येक चरणमा राज्यपक्षको सहयोग मागिनेछ । समितिले अनुच्छेद २ बमोजिम गरिएका छानबिनका सम्बन्धमा कारबाई पूरा भएपछिसम्बन्धित राज्यपक्षसँग परामर्श गरी कारबाईको नतिजाको सारांश विवरण धारा २४ अनुसार आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्ने निर्णय लिन सक्नेछ ।

धारा २१ः

१. यस महासन्धिको कुनै पनि राज्यपक्षले यस धाराअन्तर्गत कुनै बेला अर्को राज्यपक्षले यस महासन्धि अन्तर्गतका दायित्वहरु पूरा गरिरहेको छैन भन्ने बारेमा कुनै राज्यपक्षबाट समितिले सञ्चार लिने र विचार गर्ने समितिको सक्षमतालाई मान्यता प्रदान गर्ने घोषणा गर्न सक्नेछ । आफ्ना सम्बन्धमा समितिको सक्षमतालाई मान्यता दिएको घोषणा गर्ने राज्यपक्षबाट प्राप्त हुन आएमा मात्र यस धारामा स्थापित कार्यविधिअनुसार यस्ता सञ्चार प्राप्त गरी विचार गरिनेछ । यस्तो घोषणा नगरेको राज्यपक्षसम्बन्धी कुनै पनि सञ्चारलाई समितिले यस धाराअन्तर्गत कारबाईमा लिनेछैन । यस धारा अन्तर्गत प्राप्त सञ्चारउपर निम्नानुसारको प्रक्रिया चलाइनेछ ।

(क) अर्को राज्यपक्षले यस महासन्धिका व्यवस्थालाई लागू गरेको छैन भन्ने ठानेमा कुनै पनि राज्यपक्षले लिखित सञ्चारद्वारा सो कुराको ध्यानाकर्षण सम्बन्धित राज्यपक्षलाई गराउन सक्नेछ । यस्तो सञ्चार पाउने राज्यपक्षले सञ्चार पाएको तीन महिनाभित्र सञ्चार पठाउने राज्यपक्षलाई सोबारेमा हदसम्भव र अत्यावश्यक भएसम्म उपलब्ध वा बाँकी राष्ट्रिय कार्यविधि र उपचारहरूको सन्दर्भलगायत विषयवस्तु प्रष्ट्याउने विवरण वा स्पष्टीकरण उपलब्ध गराउनेछ ।

(ख) प्रारम्भिक सञ्चार प्राप्त गर्ने राज्यले सञ्चार पाएको छ महिनाभित्रसम्बन्धित दुवै राज्यपक्षहरूका लागि सन्तोषजनक हुन नसकेमा समिति र अर्को राज्यपक्षलाई सूचना दिई सो विषयलाई समितिमा पठाउने अधिकार दुवै राज्यपक्षलाई रहनेछ ।

(ग) यस दफाअन्तर्गत आफूसमक्ष साधिएका मामिलाका सम्बन्धमा समितिले सो विषयमा अन्तर्राष्ट्रिय कानुनका मान्य सिद्धान्तसँग सङ्गति रहने गरी सम्पूर्ण राष्ट्रिय उपचारको दाबी लिइएको र उपयोग भइसकेको कुरा निश्चित गरिएपछि मात्र कारबाई गर्नेछ । बेमनासिव तरिकाले उपचारको कार्यान्वयन लम्बिएको वा यस महासन्धिको उल्लङ्घनको पीडित व्यक्तिलाई प्रभावकारी उद्धार दिन अपत्यारिलो देखिएको अवस्थामा यो नियम लागू हुनेछैन ।

(घ) यस धाराअन्तर्गतका सञ्चारहरूको जाँचबुझ गर्दा समितिले गोप्य बैठक गर्नेछ ।

(ङ) उपअनुच्छेद (ग) का प्रावधानहरूका अधीनमा रही समितिले यस महासन्धिमा व्यवस्था गरिएका दायित्वको सम्मानका आधारमा विषयको मैत्रीपूर्ण समाधान निकाल्ने ध्येयले आफ्नो सद्भाव-सेवा (गुड अफिसेस) उपलब्ध गराउनेछ । यस प्रयोजनका लागि समितिले, उपयुक्त भएसम्म, तदर्थ मेलमिलाप आयोग गठन गर्न सक्नेछ ।

(च) यस धाराअन्तर्गत समितिलाई साधिएको जुनसुकै विषयमा उपअनुच्छेद (ख) मा उल्लिखित सम्बन्धित राज्यपक्षहरूलाई सान्दर्भिक जुनसुकै सूचना आपूर्ति गराउन समितिले आह्वान गर्न सक्छ ।

(छ) समितिले मामिलाउपर विचार गरेको समयमा उपस्थित हुने र लिखित वा मौखिक रूपमा आफ्नो कुरा प्रस्तुत गर्ने अधिकार उपअनुच्छेद (ख) मा उल्लिखित सम्बन्धित राज्यपक्षहरूलाई रहनेछ ।

(ज) उपअनुच्छेद (ख) अन्तर्गत सूचना पाएको मितिले १२ महिनाभित्र समितिले प्रतिवेदन प्रस्तुत गर्नेछ :

(१) उपअनुच्छेद (ङ) का शर्तअनुरूप समाधानमा पुगिएमा समितिले प्रतिवेदनलाई तथ्यको छोटकरी विवरण र टुङ्गो गरिएको समाधानमा सीमित गर्नेछ ।

(२) उपअनुच्छेद (ङ) का शर्तअनुरूप समाधानमा नपुगिएमा समितिले प्रतिवेदनको संक्षिप्त तथ्य, सम्बन्धित राज्यपक्षहरूले गरेका लिखित प्रस्तुति र मौखिक प्रस्तुतिको अभिलेख प्रतिवेदनमा संलग्न हुनेछ । हरेक विषयमा सम्बन्धित राज्यपक्षहरूलाई प्रतिवेदन सञ्चार गरिनेछ ।

२. यस महासन्धिका पाँच राज्यपक्षहरूले यस धाराको अनुच्छेद १ अन्तर्गत घोषणा गरेपछि यस धाराका व्यवस्थाहरु लागू हुनेछन् । यस्ता घोषणाहरु राज्यपक्षहरूले संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिला गर्नेछन् र महासचिवले तिनका प्रतिहरु अन्य राज्यपक्षहरूलाई पठाउनेछन् । महासचिवलाई सूचना दिई जुनसुकै समयमा घोषणा फिर्ता गर्न सकिनेछ । यस धाराअन्तर्गत पहिले नै पठाइएको सञ्चारलाई विचार गर्ने कार्यलाई घोषणा फिर्तागराइले कुनै असर पुऱ्याउनेछैन; घोषणा फिर्ता लिएको जनाउ महासचिवले प्राप्त गरेपछि, सम्बन्धित राज्यपक्षले नयाँ घोषणा नगरेसम्म, कुनै पनि राज्यपक्षले पठाएका थप सञ्चारलाई यस धाराअन्तर्गत ग्रहण गरिनेछैन ।

धारा २२ः

१. राज्यपक्षद्वारा यसको क्षेत्राधिकारभित्र महासन्धिका व्यवस्थाहरूका उल्लंघनबाट पीडित भएको दावी गर्ने व्यक्तिहरु वा तिनको तर्फबाट गरिएका सञ्चारहरु प्राप्त गरी विचार गर्न समितिलाई सक्षम मानी

मान्यता दिने घोषणा यस महासन्धिको राज्यपक्षले जुनसुकै बेला यस धाराअन्तर्गत गर्न सक्नेछ । यस्तो घोषणा नगरेको राज्यपक्षसँग सम्बन्धित भएमा त्यस्तो सञ्चार समितिले ग्रहण गर्नेछैन ।

२. बेनामी वा सञ्चार प्रस्तुत गर्ने अधिकारको दुरूपयोग भएको वा यस महासन्धिसित असङ्गत रहेको भन्ने समितिले ठानेको कुनै पनि सञ्चारलाई समितिले यस धाराअन्तर्गत अग्राह्य मान्नेछ ।

३. अनुच्छेद २ का व्यवस्थाका अधीनमा रही यस धाराअन्तर्गत आफूसमक्ष प्रस्तुत कुनै पनि सञ्चारलाई समितिले अनुच्छेद १ अन्तर्गत घोषणा गरेको र महासन्धिको कुनै पनि व्यवस्था उल्लंघन गरेको आरोप लागेको राज्यपक्षको ध्यानमा ल्याउनेछ । यस्तो ध्यानमा ल्याइएको राज्यपक्षले विषयवस्तु र सो राज्यले कुनै उपचार लिएको भए स्पष्ट लिखित विवरण वा स्पष्टीकरण समितिसमक्ष छ महिनाभित्र प्रस्तुत गर्नेछ ।

४ यस धाराअन्तर्गत प्राप्त सञ्चारहरूको समितिले व्यक्ति वा निजका पक्षबाट र सम्बन्धित राज्यपक्षद्वारा उपलब्ध गराइएका सबै सूचनाका आधारमा विचार गर्नेछ ।

५. यस धाराअन्तर्गत निम्न कुरा पक्कापक्की नगरीकन व्यक्तिबाट प्राप्त कुनै पनि सञ्चारलाई समितिले विचार गर्नेछैनः

(क) सोही विषयवस्तुमा अर्को अन्तर्राष्ट्रिय अनुसन्धान वा समाधानको कार्यविधिअन्तर्गत जाँचबुझ भएको वा भइरहेको छैन भन्ने कुरा;

(ख) उपलब्ध सबै राष्ट्रिय उपचारको सो व्यक्तिले उपयोग गरिसकेको छ; उपचारहरूको कार्यान्वयन अनुचित रूपले लम्बाइएको वा यस महासन्धिको उल्लंघनबाट पीडित व्यक्तिलाई प्रभावकारी राहत दिलाउन सकिने सम्भावना कम भएका अवस्थामा यो कुरा लागू हुनेछैन ।

६. यस धाराअन्तर्गत सञ्चारहरूको जाँच गर्दा समितिले गोप्य बैठक गर्नेछ ।

७. सम्बन्धित राज्यपक्ष र व्यक्तिलाई समितिले आफ्नो राय पठाउनेछ ।

८. यस महासन्धिका पाँच राज्यपक्षहरूले यस धाराको अनुच्छेद १ अन्तर्गतको घोषणा गरिसकेपछि यस धाराका व्यवस्थाहरु लागू हुनेछन् । यस्ता घोषणाहरु संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिल हुनेछन् र महासचिवले अन्य राज्यपक्षहरूलाई तिनका प्रतिहरु पठाइदिनेछन् । महासचिवलाई जनाउ दिई घोषणा जुनसुकै बेला फिर्ता लिन सकिनेछ । यस्तो घोषणाले यस धाराअन्तर्गत पहिले नै पठाइएको सञ्चारका बारेमा समितिले विचार गर्ने कुरालाई असर पार्ने छैन; राज्यपक्षले नयाँ घोषणा नगरेमा घोषणा फिर्ताको जनाउ महासचिवले पाइसकेपछि समितिले व्यक्ति वा व्यक्तिका हकमा कसैबाट सञ्चार ग्रहण गर्नेछैन ।

**धारा २३ः** समितिका सदस्यहरु र धारा २१ अनुच्छेद १ (ङ) अन्तर्गत नियुक्त हुन सक्ने मेलमिलाप आयोगका सदस्यहरु संयुक्त राष्ट्रसंघीय विशेषाधिकार तथा उन्मुक्तिसम्बन्धी महासन्धिका सान्दर्भिक दफाहरूमा उल्लिखित संयुक्त राष्ट्रसंघको नियोगका विशेषज्ञको सरसुविधा, विशेषाधिकार तथा उन्मुक्तिका हकदार हुनेछन् ।

**धारा २४ः** समितिले यस महासन्धिअन्तर्गतका आफ्ना क्रियाकलापका बारेमा राज्यपक्षहरु र संयुक्त राष्ट्रसंघको महासभासमक्ष वार्षिक प्रतिवेदन पेस गर्नेछ ।

## भाग ३

धारा २५ः

१. हस्ताक्षरका लागि यो महासन्धि सबै राज्यहरूलाई खुला छ ।

२. यो महासन्धि अनुमोदन गर्नुपर्ने विषय रहेको छ । अनुमोदन गरिएको अध्यालेखहरु संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिला गरिनेछन् ।

धारा २६ः यो महासन्धि सम्मिलनका लागि सबै राज्यलाई खुला छ । संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष सम्मिलनको अध्यालेख दाखिल भएपछि सम्मिलन प्रभावमा आउनेछ ।

धारा २७ः

१. अनुमोदन वा सम्मिलनको बीसौँ अध्यालेख संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिल भएको मितिले तीसौँ दिनबाट यो महासन्धि लागू हुनेछ ।

२. अनुमोदन वा सम्मिलनको बीसौँ अध्यालेख दाखिल भएपछि यस महासन्धिलाई अनुमोदन वा सम्मिलन गर्ने हरेक राज्यका हकमा तिनले आफ्नो अनुमोदन वा सम्मिलनको अध्यालेख दाखिल गरेको मितिले तीसौँ दिनबाट यो महासन्धि लागू हुनेछ ।

धारा २८ः

१. यो महासन्धि हस्ताक्षर वा अनुमोदन गर्ने समयमा वा त्यसपछि सम्मिलन गर्ने समयमा हरेक राज्यले धारा २० द्वारा व्यवस्थित समितिको सक्षमतालाई मान्यता नदिने घोषणा गर्न सक्नेछ ।

२. यस धाराको अनुच्छेद १ अनुसार अपवादशर्त राख्ने कुनै पनि राज्यपक्षले संयुक्त राष्ट्रसंघका महासचिवलाई जनाउ दिएर जुनसुकै बेला यस्तो सर्त फिर्ता लिन सक्नेछ ।

धारा २९ः

१. यस महासन्धिको कुनै पनि राज्यपक्षले संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दर्ता गर्न सक्नेछ । महासचिवले तत्पश्चात् उक्त प्रस्तावउपर विचार गरी मतदान गर्न सम्मेलनका पक्षमा रहेनरहेको निजलाई जनाउ गर्ने अनुरोधसहित संशोधनप्रस्ताव राज्यपक्षहरूलाई सञ्चार गर्नेछन् । यस्तो सञ्चार गरिएको मितिले चार महिनाभित्र कम्तीमा एक तिहाइ राज्यपक्षहरूले सो सम्मेलन बोलाउनुपर्ने मत जाहेर गरेमा महासचिवले संयुक्त राष्ट्रसंघको सहयोगमा यस्तो सम्मेलनको आयोजना गर्नेछन् । सम्मेलनमा उपस्थित र मतदान गर्ने राज्य पक्षहरूको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन मन्जुरीका लागि महासचिवले सबै राज्यपक्षसमक्ष पेस गर्नेछन् ।

२. यस धाराको अनुच्छेद १ अनुसार ग्रहण गरिएको कुनै पनि संशोधन यस महासन्धिका दुई तिहाइ राज्यपक्षहरूले आफ्ना संवैधानिक प्रक्रियाअनुसार सकार गरिएको कुरा संयुक्त राष्ट्रसंघका महासचिवलाई जनाउ दिएपछि लागू हुनेछ ।

३. संशोधन लागू भएपछि सो सकार गर्ने राज्यपक्षहरूका हकमा बन्धनकारी हुनेछ, यस महासन्धिका व्यवस्था र तिनले सकार गरेका अगिल्ला संशोधन अन्य राज्यपक्षहरूका हकमा पनि बन्धनकारी हुनेछन् ।

धारा ३०ः

१. छलफलबाट टुङ्गिन नसकेमा यस महासन्धिका व्याख्या वा कार्यान्वयनसम्बन्धी दुई वा बढी राज्यपक्षहरूबीचको वार्ताप्रक्रियाबाट समाधान हुन नसक्ने कुनै पनि विवाद तिनीहरूमध्ये कुनै एकको अनुरोधमा मध्यस्थनिर्णयन (आर्बिटेसन) का लागि प्रस्तुत गरिनेछ । मध्यस्थनिर्णयन (आर्बिटेसन) का लागि अनुरोध भएको मितिले छ महिनाभित्र मध्यस्थनिर्णयन निकाय गठन गर्नमा पक्षहरू सहमत हुन असमर्थ भएमा अदालतको विधान सङ्गत हुने गरी कुनै एक पक्षले विवादलाई अन्तर्राष्ट्रिय अदालतमा साधी पठाउन सक्नेछ ।

२. हरेक राज्यपक्षले यस महासन्धिमा हस्ताक्षर वा अनुमोदन गर्ने वा त्यसमा सम्मिलन गर्ने समयमा यस धाराको अनुच्छेद १ आफ्ना हकमा बन्धनकारी नहुने कुराको घोषणा गर्न सक्नेछन् । यस्तो अपवादशर्त राख्ने जुनसुकै राज्यपक्षको हकमा यस धाराको अनुच्छेद १ अन्य राज्यपक्षहरूका लागि पनि बन्धनकारी हुनेछैन ।

३. यस धाराको अनुच्छेद २ बमोजिम अपवादशर्त राख्ने कुनै पनि राज्यपक्षले राज्यपक्षले संयुक्त राष्ट्रसंघका महासचिवलाई जनाउ दिएर जुनसुकै समयमा अपवादशर्त फिर्ता लिन सक्नेछन् ।

धारा ३१ः

१. संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित जनाउ दिएर राज्यपक्षले यो महासन्धि परित्याग गर्न सक्नेछ । महासचिवले जनाउ पाएको मितिले एक वर्षपछि यस्तो परित्याग प्रभावकारी हुनेछ ।

२. परित्याग प्रभावकारी हुने मितिभन्दा अगावै उत्पन्न हुने कुनै पनि कार्य वा अकार्यका सम्बन्धमा यस महासन्धिअन्तर्गत आफ्ना दायित्वहरूबाट राज्यपक्षलाई छुट दिनदिलाउन सक्नेछैन र परित्याग प्रभावकारी हुने मितिभन्दा अगाडि समितिले विचार गर्न थालिसकेको कुनै पनि विषयको अटुट विचार गर्ने कार्यको निरन्तरतालाई पनि यस्तो परित्यागले कुनै असर पार्नेछैन ।

३. राज्यपक्षको परित्याग प्रभावकारी हुने मिति पश्चात् समितिले त्यस राज्यका सम्बन्धमा विचार गर्ने कार्यको थालनी गर्नेछैन ।

धारा ३२ः संयुक्त राष्ट्रसंघका महासचिवले संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरू र यस महासन्धिमा हस्ताक्षर गरेका वा यसलाई सम्मिलन गरेका सम्पूर्ण राज्यलाई निम्न कुराको जानकारी दिनेछन् :

(क) धारा २५ र २६ अन्तर्गतको हस्ताक्षर, अनुमोदन र सम्मिलनहरू;

(ख) धारा २७ अन्तर्गत यो महासन्धि लागू हुने मिति र धारा २९ अन्तर्गतको जुनसुकै संशोधन लागू हुने मिति;

(ग) धारा ३१ अन्तर्गत परित्याग ।

धारा ३३ः

१. यस महासन्धिका अरबी, चिनियाँ, अंग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस भाषाका पाठ समान रूपमा आधिकारिक छन् र राष्ट्रसंघीय महासचिवकहाँ दाखिल रहनेछन् ।

२. महासचिवले यस महासन्धिका प्रमाणित प्रतिहरू सबै राज्यहरूलाई पठाउनेछन् ।

# अनुसूची ७: बाल अधिकार सम्बन्धी महासन्धि

**संयुक्त राष्ट्र संघको महासभाको २० डिसेम्बर १९८९ को प्रस्ताव नं. ४४/२५ बाट ग्रहण गरिएको र हस्ताक्षर, अनुमोदन तथा सम्मिलनकालागि खुला गरिएको**

**लागू भएको मितिः- धारा-४९ अनुसार, २ सेप्टेम्बर १९९०**

## प्रस्तावना

यस महासन्धिका पक्षराष्ट्रले,

संयुक्त राष्ट्र संघको घोषणापत्रमा उद्घोषण गरिएका सिद्धान्तहरू अनुरुप नैसर्गिक मर्यादा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरूको समच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको आधारशिला हो भन्ने तथ्यलाई विचार गर्दै,

संयुक्त राष्ट्र संघका जनताहरूले बडापत्रमा आधारभूत मानव अधिकारहरू मानवीय मूल्य तथा मर्यादामा आफ्नो आस्था पुष्टि गरेको व्यापकत्तर स्वतन्त्रताको परिवेशमा सामाजिक प्रगति र जीवनको राम्रा स्तरहरूको प्रवर्द्धन गर्न दृढ भएको कुरालाई विचार गर्दै,

संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरूमा प्रत्येक व्यक्तिले तिनमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रता जाति, रंग, लिङ्ग भाषा, धर्म, राजनीति वा अन्य विचार वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता आधारमा कुनै पनि किसिमको भेदभाव विना उपलब्ध हुने कुराको घोषणा तथा मन्जुरी गरेको कुरालाई स्वीकार गर्दै,

संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा बाल्यावस्थामा विशेष स्याहार तथा सहयोग प्रदान गरिनु पर्ने घोषणा गरेको कुरा संस्मरण गर्दै,

समाजको मूलभूत समूहको तथा यसका सबै सदस्यहरू तथा खासगरी बालबालिकाको विकास तथा कल्याणकोलागि प्राकृतिक वातावरणको रूपमा रहेको परिवारलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गरिनु पर्छ ताकि यसले समुदायभित्र आफ्नो जिम्मेवारी पूर्ण रूपले बहन गर्न सकोस, भन्ने कुरामा विश्वस्त भएर,

आफ्नो व्यक्तित्वको पूर्ण तथा सामन्जस्यपूर्ण विकासकालागि बालबालिका एउटा पारिवारिक वातावरण, प्रसन्नता, ममता तथा समझदारीको परिवेशमा हुर्कनु पर्छ भन्ने कुरालाई स्वीकार गर्दै,

समाजमा व्यक्तिगत जीवन निर्वाह गर्न बालबालिका पूर्ण रूपले तयार हुनपर्छ तथा तिनीहरूलाई संयुक्त राष्ट्र संघको बडापत्रमा घोषित आदर्शहरूको भावनामा तथा खासगरी शान्ति, सम्मान, सहनशीलता, स्वतन्त्रता, समानता र सहबद्धताको भावनामा पालनपोषण गरिनुपर्छ भन्ने कुरा विचार गर्दै,

बालबालिकालाई विशेष स्याहार पुऱ्याईनु पर्ने आवश्यकता बाल अधिकारहरूको सन् १९२४ जेनेभा घोषणापत्र तथा संयुक्त राष्ट्र संघले २० नोभेम्बर १९५९ मा ग्रहण गरेको बाल अधिकारहरूको

घोषणापत्रमा उल्लेख गरिएको छ र मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा, नागरिक ताथ राजनीतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय (विशेष गरी धारा- २३ र २४ मा) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (विशेष गरी धारा-१० मा) र बालबालिकाको कल्याणसँग विशिष्टिकृत संस्था तथा अन्तर्राष्ट्रिय संस्थाका विधानहरू तथा सम्बद्ध दस्तावेजहरूमा स्वीकार गरिएको कुरालाई हृदयंगम गर्दै,

बालबालिकाको संरक्षण तथा कल्याणसँग सम्बन्धित सामाजिक तथा कानूनी सिद्धान्तहरू, खासगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा बालबालिकाको हेरचाह स्थापना तथा धर्मपुत्र सम्बन्धी घोषणापत्रका किशोर न्याय प्रशासनकोलागि संयुक्त राष्ट्र संघीय स्तरीय न्यूनतम नियमहरू ("वेइजिंग नियमहरू")का तथा संकटकालिन एवं सशस्त्र युद्धमा नारी तथा बालबालिकाको संरक्षण सम्बन्धी घोषणापत्रका व्यवस्थाहरूलाई संस्मरण गर्दै,

विश्वका सबै देशहरूमा बालबालिका अपवादजनकरूपमा कठिन अवस्थाहरूमा रहेका र त्यस्तै बालबालिकालाई विशेष ध्यान दिनुपर्ने आवश्यकता भएको कुरालाई स्वीकार गर्दै,

बालबालिकाको संरक्षण तथा सामन्जस्यपूर्ण विकासकालागि प्रत्येक जनताको परम्परा तथा सास्कृतिक मूल्यहरूको महत्वप्रति उचित ध्यान दिंदै,

प्रत्येक देशमा खासगरी विकासशील देहरूमा बालबालिकाको जीवन अवस्था सुधारकालागि अन्तर्राष्ट्रिय सहयोगको आवश्यकतालाई स्वीकार गर्दै,

देहाय बमोजिम सहमत भएका छन्ः-

## भाग १

**धारा १ः** यस महासन्धिको प्रयोजनका लागि, बालबालिका भन्नाले बालबालिका सम्बन्धी कानूनले पहिले नै नाबालक हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानव जाति सम्झनु पर्दछ ।

**धारा २ः**

१. पक्ष राष्ट्रहरूले आफ्नो क्षेत्राधिकार भित्रका प्रत्येक बालबालिकाको वा निजका बाबु आमाको वा कानुनी संरक्षकको जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य हैसियतको आधारमा भेदभाव नगरी यस महासन्धिमा उल्लिखित अधिकारहरूलाई सम्मान तथा सुनिश्चित गर्ने छ ।

२. बालबालिकाका बाबु आमाहरू कानुनी संरक्षक वा परिवारका सदस्यहरूको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरू वा आस्थाहरूको आधारमा गरिने सवै किसिमका भेदभाव वा दण्डसजायबाट बालबालिकाको संरक्षण सुनिश्चित गर्न यस महासन्धिका पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अवलंवन गर्ने छन् ।

**धार ३ः**

१. सार्वजनिक वा निजी सामाजिक कल्याणकारी संस्थाहरू, अदालतहरू, प्रशासनिक अधिकारीहरू वा विधायिकी निकायहरू जो सुकैबाट गरिने बालबालिकासंग सम्बन्धित सवै कार्यहरूमा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक विचारको कुरा हुनेछ ।

२. पक्ष राष्ट्रहरूले बालबालिकाका आमाबाबु, कानुनी संरक्षक वा कानुनी रूपमा तिनीहरूको जिम्मेवारी लिने अन्य व्यक्तिहरूको अधिकार र कर्तव्यहरूलाई ध्यानमा राख्दै बालकको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्थागर्ने प्रतिज्ञा गर्दछन् र यस उद्देश्यको लागि सबै समुचित व्यवस्थापकीय र प्रशासनिक उपायहरू अवलम्बन गर्नेछन् ।

३. पक्ष राष्ट्रहरूले बालबालिकाको स्याहार वा संरक्षणका लागि जिम्मेवार संस्थाहरू तथा सेवा र सुविधाहरू समक्ष अधिकारीहरूले निर्धारण गरेका मापदण्ड, खासगरी सुरक्षा, स्वास्थ्य, नितनका कर्मचारीहरूको संख्या र योग्यताका साथै दक्ष सुपरिवेक्षणको क्षेत्रमा, अनुरूप भएको कुरा सुनिश्चित गर्नेछन् ।

धारा ४ः पक्ष राष्ट्रहरूले यस महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको कार्यान्वयनका लागि सबै समुचित व्यवस्थापकीय, प्रशासनिक र अन्य उपायहरू अपनाउने छन् । आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको सम्बन्धमा पक्ष राष्ट्रहरूले आ–आफ्ना स्रोतहरूले भ्याएसम्म र आवश्यक भएको अवस्थामा अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र, बढीभन्दा बढीमात्रामा यस्ता उपायहरू अपनाउने छन् ।

धारा ५ः पक्ष राष्ट्रहरूले बालबालिकाले यस महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको प्रयोग गर्दा तिनीहरू क्रमिक विकासशील क्षमतासँग मेल खाने किसिमले समुचित निर्देशन र मार्गदर्शन दिनको लागि बालबालिकाका बाबुआमा, वा लागू हुने अवस्थामा, विस्तारित परिवारका वा स्थानीय प्रथाबाट व्यस्थि भए अनुसार समुदायका सदस्यहरू, कानुनी संरक्षक वा बालबालिकाका लागि कानुनी रपमा जिम्मेवार अन्य व्यक्तिहरूको उत्तरदायित्व, अधिकार र कर्तव्यहरूको सम्मान गर्नेछन् ।

धारा ६ः

१. बाँच्न पाउने प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो भनी पक्ष राष्ट्रहरू स्वीकार गर्दछन् ।

२. पक्ष राष्ट्रहरूले संभव अधिकतम हदसम्म बालकको अतिजीवन र विकास सुनिश्चित गर्नेछन् ।

धारा ७ः

१. जन्मनासाथ बालबालिकालाई दर्ता गरिने छ र बालकले जन्मे पछि आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र संभव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउने छन् ।

२. पक्ष राष्ट्रहरूले आ–आफ्ना राष्ट्रिय कानुन र अन्तर्राट्रिय लिखतहरू अन्तर्गतको दायित्व अनुसार विशेष गरी बालबालिका राष्ट्रबिहीन हुने भएमा माथि उल्लेखत अधिकारहरूको कार्यान्वयन सुनिश्चित गर्नेछन् ।

धारा ८ः

१. पक्ष राष्ट्रहरूले कानुनले मान्यता दिए अनुसार बालबालिकाले आफ्नो राष्ट्रियता, नाम र पारिवारिक सम्बन्ध लगायत आफ्नो परिचय संरक्षण गर्न पाउने अधिकारलाई गैर कानुनी हस्तक्षेप विना सम्मन गर्ने प्रतिज्ञा गर्छन् ।

२. कुनै बालबालिका निजको आफ्नो परिचय सम्बन्धी कुनै वा सबै तत्वहरूबाट गैर कानुनी ढंगको बञ्चित हुन गएमा पक्ष राष्ट्रहरूले निजको परिचयको छिटो भन्दा छिटो पुनःस्थापना गर्ने उद्देश्यले समुचित सहयोग र संरक्षण प्रदान गर्नेछन् ।

धारा ९ः

१. बालबालिकाको सर्वोत्तम हितका लागि निजलाई बाबुआमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानुन र कार्यविधि अनुसार अक्षम अधिकारीहरूले न्यायिक पुनरावलोकन हुने गरी निर्धारण गरेमा बाहेक कुनै पनि बालबालिकालाई निजको बाबुआमाको इच्छा विरूद्ध अलग नगरिने कुरा पक्ष राष्ट्रहरूले सुनिश्चित गर्नेछन् । यस्तो निर्धारण कुनै खास अवस्था, जस्तै कुनै बालबालिका आफ्ना बाबु आमाबाट उपेक्षित र दुर्व्यवहारको शिकार भएमा वा बाबु आमा अलग्गै बसोबास गरीरहेको र बालबालिकाको बासस्थानको सम्बन्धमा निर्णय गर्नु पर्ने भएमा आवश्यक हुन सक्नेछ ।

२. यस धाराको प्रकरण १ मा उल्लेखित कुनै पनि कारवाहीमा, सम्पूर्ण इच्छुक पक्षहरूलाई कार्वाहीमा सहभागी हुने र आफ्नो विचार प्रकट गर्ने अवसर प्रदान गरिने छ ।

३. पक्ष राष्ट्रहरूले बालबालिकाको सर्वोत्तम हितमा प्रतिकुल असर पर्ने स्थितिमा बाहेक आफ्नो बाबु वा आमा वा दुवैबाट अलग गरिएका बालबालिकाले बाबु आमासँग नियमित रूपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने उनिहरूको अधिकारलाई मान्यता दिनेछन् ।

४. कुनै पक्ष राष्ट्रद्वारा थालनी गरिएको कुनै कारवाही जस्तै बालबालिकाको वा आमा बाबु मध्ये एक वा दुवैको थुनाउ, कैद, निर्वाशन, देश निकाला वा मृत्यु (सो व्यक्ति राष्ट्रको हिराशतमा रहेको बखत कुनै कारणबाट हुन गएको मृत्यु समेत) को कारणबाट त्यस्तो विछोड भएमा त्यस्तो पक्ष राष्ट्रले अनुरोध गरिएमा बाबु आमा, बालबालिका वा उपयुक्त देखिएमा परिवारको कुनै सदस्यलाई बालबालिकाको हितको प्रतिकुल हुने अवस्था भएकोमा बाहेक परिवारको अनुपस्थित सदस्यहरुको अवस्थिति सम्बन्धी आवश्यक जानकारी दिनेछ । पक्ष राष्ट्रहरूले यस प्रकार गरिएको अनुरोधले आफैंमा सम्बन्धित व्यक्तिलाई कुनै असर नपर्ने कुरा अझ सुनिश्चित गर्नेछन् ।

धारा १०ः

१. धारा-९ को प्रकराण १ अन्तर्गत पक्ष राष्ट्रहरूको दायित्व अनुरूप, पारिवारिक पुनर्मिलनको उद्देश्यको लागि कुनै बालबालिका वा तिनका बाबु आमाले कुनै राष्ट्रमा प्रवेश गर्न वा कुनै राष्ट्र छाड्नको लागि दिएका निवेदनहरू उपर पक्ष राष्ट्रहरूले सकारात्मक, मानवीय र शीघ्र किसिममले कार्वाही गर्नेछन् । पक्ष राष्ट्रहरूले त्यसरी गरिएको अनुरोधले आफैंमा निवेदकहरू र उनिहरूका परिवारका सदस्यहरूलाई कुनै प्रतिकूल असर नपार्ने कुरा अझ सुनिश्चित गर्नेछन् ।

२. कुनै बालबालिका जसका बाबु आमा छुट्टा छुट्टै राष्ट्रहरूमा बसेका छन् लाई अति अपवादजनक परिस्थितिहरूमा बाहेक बाबु आमा दुवैसँग नियमित रूपमा व्यक्तिगत सम्बन्ध राख्न र प्रत्यक्ष भेटघाट गर्न पाउने अधिकार हुनेछ । यस उद्देश्यका लागि र धारा-९ को प्रकरण १ अन्तर्गत पक्ष राष्ट्रहरूको दायित्व अनुसार कुनै पनि पक्ष राष्ट्रहरूले आफ्नो देश लगायत कुनै पनि देश छाड्न पाउने तथा आफ्नो देशमा प्प्वेश गर्न पाउने बालबालिका तथा निजका बाबु आमाको अधिकारलाई सम्मान गर्नेछन् । कुनै पनि देश छोड्न पाउने अधिकार कानुन बमोजिम तोकिएको तथा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा नैनिकता वा अरूको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक एवं यस महासन्धिमा स्वीकार गरिएका अन्य अधिकारहरूसँग नबाझिने प्रतिवन्धहरूको मात्र अधिनमा रहनेछ ।

धारा ११ः

१. पक्ष राष्ट्रहरूले बालबालिकाको विदेशमा अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने कुरा विरूद्ध लड्न पाइला चाल्ने छ ।

२. यस उद्देश्यका लागि पक्ष राष्ट्रहरूले द्विपक्षीय वा बहुपक्षिय सन्धिहरू गर्ने वा विद्यमान सन्धिहरूमा सम्मिलन हुने कुराको प्रवद्धन गर्नेछन् ।

धारा १२ः

१. आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई आफूसंग समबद्ध सबै विषयहरूमा आफ्नो विचार स्वतन्त्र रूपले व्यक्त गनै पाउने अधिकार भएको कुराको आश्वासन पक्ष राष्ट्रहरूले दिनेछन्, बालबालिकाको उमेर र परिपक्वता अनुसार बालबालिकाको विचारलाई उचित महत्व दिइनेछ ।

२. यस प्रयोजनका लागि, बालबालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक कार्वाहीमा सम्बन्धित राष्ट्रिय कानुनको कार्यविधि बमोजिम प्रत्यक्ष रूपमा वा प्रतिनिधिद्वारा वा कुनै उचित निकायद्वारा सुनुवाई हुने विशेष अवसर प्रदान गरिनेछ ।

धारा १३ः

१. बालबालिकालाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, सीमाको बन्देज बिना मौखिक, लिखित वा मुद्रितरूपमा वा कलाको रूपमा वा बालबालिकाको आफ्नो छनौटको कुनै अन्य माध्यम मार्फत सबै किसिमका सूचना तथा विचारहरू खोज्ने, प्राप्त गर्ने, प्रदान गर्ने स्वतन्त्रता यस अधिकारमा समावेश हुनेछन् ।

२. यो अधिकारको प्रयोग निश्चित प्रतिवन्धहरूको अधीनमा हुन सक्नेछ, तर ती प्रतिवन्धहरू त्यस्ता मात्र हुन सक्नेछन् जुन कानुनद्वारा व्यवस्थित गरिएका र देहायका कुराको लगि आवश्यक छन्ः

(क) अरूको अधिकार वा प्रतिष्ठाको सम्मान, वा

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण ।

धारा १४ः

१. बालबालिकाको विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकारलाई पक्ष राष्ट्रहरूले सम्मान गर्नेछन् ।

२. बालबालिकाको विकसित हुँदै गरेका क्षमताहरूसँग मेल खाने किसिमले निजको अधिकारको प्रयोगमा बाबु आमा र लागू हुने अवस्थामा कानुनी संरक्षकको बालबालिकालाई निर्देशन दिने अधिकार र कर्तव्यहरूलाई पक्ष राष्ट्रहरूले मान्यता दिनेछन् ।

३. आफ्नो धर्म र आस्था प्रकट गर्न पाउने स्वतन्त्रतामा कानुनद्वारा तोकिएका र सार्वजनिक सुरक्षा, व्यवस्था, स्वास्थ्य वा नैतिकता, वा अरूको मौलिक अधिकार र स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक प्रतिवन्धहरू मत्र लगाउन सकिने छ ।

धारा १५ः

१. पक्ष राष्ट्रहरूले बालबालिकाको संगठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारहरूको सम्मान गर्ने छ ।

२. यी अधिकारहरूको प्रयोगमा कानून बमोजिम लगाईएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा वा सार्वजनिक व्यवस्था, सार्वजनिक स्वस्थ्य वा नैतिकताको संरक्षण वा

अरूको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षण हितमा आवश्यक प्रतिवन्धहरू बाहेक अन्य कुनै पनि प्रतिवन्धहरू लगाउन पाइने छैन ।

धारा १६ः

१. कुनै पनि बालबालिकाको गोपनियता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानुनी हस्तक्षेप भोग्न लगाइने छैन, न त उनीहरूको प्रतिष्ठा तथ ख्यातीमा गैर कानुनी रूपमा आक्रमण नै भोग्न लगाइने छ ।

२. बालबालिकाको यस्तो हस्तक्षेप वा आक्रमणको विरुद्ध कानुनी संरक्षण पाउने अधिकार हुनेछ ।

धारा-१७ः पक्ष राष्ट्रहरू आम संचार माध्यमले खेलेका महत्वपूर्ण कार्यलाई मान्यता दिन्छन् र विशेषतः बालबालिकाको सामाजिक, आध्यातिमक र नैतिक कल्याण तथा शारीरिक एवं मानसिक स्वास्थ्य प्रवद्धन गर्ने खालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूको विविधताबाट पाउने जानकारी र सामाग्रीमा बालबालिकाको पहुँच सुनिश्चित गर्ने छन् । यस प्रयोजनका लागि पक्ष राष्ट्रहरूलेः-

(क) आम सञ्चार माध्यमलाई धारा-२९ को भावना अनुरूप तथा बालबालिकाको सामाजिक, साँस्कृतिक हित हुने खालका सूचना र सामग्री प्रचार प्रसार गर्न प्रोत्साहन दिनेछन् ।

(ख) साँस्कृतिक, राष्ट्रिय तथ अन्तर्राष्ट्रिय स्रोतहरूको विविधताबाट त्यस्ता जानकारी र सामग्री उत्पादन, आदान प्रदान र प्रचार प्रसार गर्न प्रोत्साहन दिनेछन् ।

(ग) बाल पुस्तकहरूको उत्पादन र प्रचार प्रसारलाई प्रोत्साहन दिनेछन् ।

(घ) आम संचार माध्यमहरूलाई अल्पसंख्यक समूहका बालबालिका वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन प्रोत्साहन दिनेछन् ।

(ङ) धारा-१३ र १८ का प्रावधानहरूलाई ध्यानमा राख्दै बालबालिकाको हितलाई आघात पुऱ्याउने खालका जानकारी तथा सामग्रीबाट निजहरूको संरक्षण गर्नका लागि उपयुक्त मार्ग दर्शनहरूको विकासलाई प्रोत्साहन दिनेछन् ।

धारा १८ः

१. बालबालिकाको पालनपोषण र विकासका लागि बाबु आमा दुवैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तको मान्यता सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सर्वोत्तम प्रयत्न गर्नेछन् । बालबालिकाको पालनपोषण र विकासकालागि बाबु आमा वा अवस्था अनुसार कानूनी संरक्षकको प्राथमिक उत्तर दायित्व हुन्छ । बाबालिकाको सर्वोपरी हित नै उनीहरूको आधारभूत चासोको विषय हुनेछ ।

२. यस महासन्धिमा व्यवस्था भएका अधिकारहरूको प्रत्याभुति तथा प्रवर्द्धन गर्ने प्रयोजनका लागि पक्ष राष्ट्रहरूले बालबालिकाको पालनपोषणको उत्तरदायित्व पूरा गर्ने कार्यमा बाबु आमा वा कानूनी संरक्षकहरूलाई समूचित सहयोग पुऱ्याउने छन् र बालबालिकाको हेरचाहको लागि संस्था, सुविधा र सेवाको विकास सुनिश्चित गर्नेछन् ।

३. पक्ष राष्ट्रहरूले काममा लागेका बाबु आमाका बालबालिकाले पाउने बाल स्याहार सेवा र सुविधाहरूबाट फाइदा लिन पाउने निजहरूको अधिकार सुनिश्चित गर्न आवश्यक सबै समुचित उपायहरू अपनाउनेछन् ।

धारा १९ः

१. बाबु आमा, कानूनी संरक्षक वा अन्य बालबालिकाको हेरचाह गर्ने व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकालाई सबै किसिमको कुनै शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा वा उपेक्षित व्यवहार, दुर्व्यवहार, वा शोषण, यौन दुर्व्यवहार समेतबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रहरूले सबै समुचित कानूनी, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनेछन् ।

२. यस्ता संरक्षणात्मक उपायहरू, उचित भए अनुसार बालबालिकालाई तथा बालबालिकाहरूको हेरचाह गर्ने व्यक्तिहरूलाई आवश्यक सहायता उपलब्ध गराउनको लागि सामाजिक तथा माथि उल्लिखित दुर्व्यवहारका घटनाहरूको रोकथाम, पहिचान, जाहेरी, प्रेषण, अनुसन्धान, व्यवहार वा अनुगमनका लागि समेत र उपयुक्त भएको अवस्थामा न्यायिक संलग्नताका लागि प्रभावकारी कार्यविधिहरू समेत समाबेश हुनेछन् ।

धारा २०ः

१. आफ्नो पारिवारिक वातावरणबाट स्थायी वा अस्थायी रूपमा वंचित भएको कुनै पनि बालबालिका वा सो वातावरणमा रहँदा आफ्नो सर्वोत्तम हित हुन नसक्ने बालबालिकालाई राष्ट्रद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

२. पक्ष राष्ट्रहरूले आफ्ना अन्य कुराका अनुसार त्यस्ता बालबालिकाको लागि वैकल्पिक हेरचाह सुनिश्चित गर्नेछन् ।

३. यस्तो हेरचाहमा अन्य कुराका अतिरिक्त बालबालिकाको पालन पद्धति, इस्लामिक कानून अन्तर्गतको कफाला, धर्मपुत्र वा आवश्यक भएमा बालबालिकाको हेरचाहको लागि उपयुक्त संस्थाहरूमा भर्ना जस्ता कार्यहरू समावेश हुनेछन् । यस्ता समाधानको विचार गर्दा बालबालिकाको पालनपोषणमा निरन्तरताको वान्छनीयता जातीय, धार्मिक, सांस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई उचित ध्यान दिइनेछ ।

धारा २१ः धर्मपुत्रको व्यवस्थालाई मान्यता दिने र वा स्वीकृति दिने पक्ष राष्ट्रहरूले बालबालिकाको सर्वोत्तम हितनै सर्वोच्च विचार भएको कुरा सुनिश्चित गर्नेछन् र तिनीहरूले,

(क) बालबालिकाको धर्मपुत्रमा लागू हुने कानून र कार्यविधि अनुसार र सम्पूर्ण सान्दर्भिक र भरपर्दो जानकारीको आधारमा बाबु आमा, नातेदार र कानूनी संरक्षकहरू सम्बन्धी बालबालिकाको हैसियत दृष्टिगत गरी धर्मपुत्र ग्राह्य भएको र आवश्यक भएमा आवश्यक हुने सरसल्लाहका आधारमा धर्मपुत्रका लागि सम्बन्धित व्यक्तिले जानिकन सहमति दिएको कुरा निर्धारण गर्ने सक्षम अधिकारीहरूबाट मात्र अधिकृत गरिएको कुरा सुनिश्चित गर्नेछन् ।

(ख) कुनै बालबालिकालाई पालनपोषण गर्ने वा धर्मपुत्र लिने परिवारमा राख्न नसकिने भएमा वा निजको उत्पत्तिको देशमा निजलाई उपयुक्त तवरमा हेरचाह गर्न नसकिने भएमा अन्तरदेशीय धर्मपुत्र व्यवस्थालाई बालबालिकाको हेरचाहको एउटा वैकल्पिक उपायको रूपमा लिन सकिने कुरालाई मान्यता दिनेछन्,

(ग) अन्तरदेशीय धर्मपुत्रसँग सम्बन्धित बालबालिकालाई स्वदेशी धर्मपुत्रको हकमा विद्यमान सुरक्षा तथा स्तरहरू सरहका सुरक्षा तथा स्तरहरू प्राप्त भएको कुरा सुनिश्चित गर्नेछन् ।

(घ) अन्तरदेशीय धर्मपुत्रमा पदस्थापनाबाट यस्तो धर्मपुत्रमा संलग्न व्यक्तिहरूलाई अनुचित आर्थिक फाईदा नहुने करा सुनिश्चित गर्नका लागि सबै समुचित उपायहरू अपनाउने छन् ।

(ङ) द्विपक्षीय वा बहुपक्षीय व्यवस्था वा सम्झौताहरू गरी यस धारामा उल्लेखित उद्देश्यहरू समुचित भएको अवस्थामा प्रवर्द्धन गर्छन् र यस संरचनाभित्र सक्षम अधिकारी वा निकायहरूबाट अन्य देशमा गरिएको बालबालिकाको पदस्थापना कार्य गरिने कुरा सुनिश्चित गर्न प्रयत्न गर्नेछन् ।

धारा २२ः

१. पक्ष राष्ट्रहरूले सम्बन्धित अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानून र कार्यविधिहरू अनुसार शरणार्थीको हैसियत खोजिरहेको वा शरणार्थी मानिने बालबालिकाले आफ्नो बाबु आमा वा अन्य कसैसँग बसे पनि वा नवसे पनि यस महासन्धिमा ती राष्ट्रहरू पक्ष भएका अन्य अन्तर्राष्ट्रिय मानव अधिकार र मानवतावादी दस्तावेजहरूमा उल्लिखित सम्बन्धित अधिकारहरूको प्रयोग गर्दा समुचित संरक्षण र मानवतावादी सहयोग प्राप्त गर्ने कुरा सुनिश्चित गर्न समुचित उपायहरू अपनाउनेछन् ।

२. यस उद्देश्यको निम्ति पक्ष राष्ट्रहरूले बालबालिकाको परिवारसँग पुनर्मिलन गराउनको लागि आवश्यक जानकारी प्राप्त गर्न यस्ता बालबालिकालाई संरक्षण तथा सहयोग गर्न तथा कुनै शरणार्थी बालबालिकाको आमा बाबु वा निजको परिवारका अन्य सदस्यहरू पत्ता लगाउने कार्यमा संयुक्त राष्ट्र संघ तथा संयुक्त राष्ट्र संघलाई सहयोग गर्ने अन्य सक्षम अन्तरसरकारी संगठनहरू वा गैर सरकारी संगठनहरूबाट गरिएको कुनै पनि प्रयत्नहरूमा पक्ष राष्ट्रहरूले उपयुक्त ठाने अनुसारको सहयोग प्रदान गर्नेछन् । बाबु आमा वा परिवारका अन्य सदस्यहरू पत्ता नलागेको अवस्थामा यस महासन्धिमा व्यवस्था भए अनुरूप कुनै कारणबाट स्थायी वा अस्थायी रूपमा आफ्ना परिवारिक वातावरणबाट वञ्चित कुनै अन्य बालबालिकाले पाए सरहको समान संरक्षण सो बालबालिकालाई दिइनेछ ।

धारा २३ः

१. पक्ष राष्ट्रहरूले मानसिक वा शारीरिक रूपले अशक्त बालबालिकाले निजको मर्यादा सुनिश्चित गर्ने, स्वावलम्बन अभिवृद्धि गर्ने र आफ्नो समुदायमा निजको सक्रिय सहभागिता सुगम बनाउने अवस्थाहरूमा पूर्ण तथा सुसम्पन्न जीवनयापन गर्नुपर्छ भन्ने कुरा स्वीकार गर्छन् ।

२. पक्ष राष्ट्रहरू अशक्त बालबालिकाको विशेष हेरचाहको अधिकारलाई स्वीकार गर्छन् र उपलब्ध स्रोतहरूका अधिनमा रही योग्य बालबालिकालाई र निजहरू हेरचाहको लागि जिम्मेवार व्यक्तिहरूलाई आवेदन गरिएको र ती बालबालिकाको अवस्था र निजहरूको बाबु आमा वा हेरचाह गर्ने अन्य व्यक्तिहरूको परिस्थिति अनुकूल सहायता विस्तार गर्ने कार्यलाई प्रोत्साहन दिई सुनिश्चित गर्नेछन् ।

३. अशक्त बालबालिकाका विशेष आवश्यकतालाई स्वीकार गर्दै बालबालिकाको स्याहार गर्ने बाबु आमा वा अन्य व्यक्तिहरूको आर्थिक स्रोतलाई ध्यानमा राखी सम्भव भएसम्म यस धाराको प्रकरण २ बमोजिम विस्तार गरिएको सहायता निःशुल्क उपलब्ध गराइनेछ र त्यस्तो सहायता अशक्त बालबालिकाको सांस्कृतिक तथा आध्यात्मिक विकास लगायत निज सम्भव पूर्णरूपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट शिक्षा, प्रशिक्षण, स्वास्थ्य स्याहार सेवाहरू पुनर्स्थापना सेवाहरू, रोजगारीको तयारी र मनोरञ्जनका अवसरहरू निजको प्रभावकारी पहुँचमा हुने र निजले प्राप्त गर्ने कुरा सुनिश्चित गर्ने किसिमले व्यवस्था गरिनेछन् ।

४. पक्ष राष्ट्रहरूले पुनर्स्थापन, शिक्षा र व्यवसायिक सेवाहरूका तरिका सम्बन्धी सूचनाहरूको प्रसार गर्ने र प्राप्त गर्ने लगायत अशक्त बालबालिकाको निवारक स्वास्थ्य स्याहार, औषधि उपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उपयुक्त जानकारीको आदान प्रदान गर्ने कुरालाई, पक्ष राष्ट्रहरूलाई आफ्नो क्षमता र सीपमा सुधार गर्न र विकास अनुभवलाई विस्तार गर्न सक्षम बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोगको भावनामा अभिवृद्धि गर्नेछन् । यस विषयमा, विकासशील देशहरूको आवश्यकतालाई विशेष रूपमा विचार गरिनेछ ।

धारा २४ः

१. पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुर्नलाभ गर्न पाउने सुविधाको अधिकारलाई स्वीकार गर्छन् । कुनै पनि बालबालिका यस्तो स्वास्थ्य स्याहार सेवाहरूमा पहुँच पाउने अधिकारबाट वञ्चित नभएको कुरा सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले प्रयत्न गर्नेछन् ।

२. पक्ष राष्ट्रहरूले यस अधिकारको पूर्ण कार्यान्वयन अवलम्बन गर्नेछन् र विशेषतः निम्न कुराका लागि समुचित उपायहरू ग्रहण गर्नेछन् :-

(क) शिशु तथा बाल मृत्युदर घटाउने,

(ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकालाई आवश्यक औषधो पचार सहयोग र स्वास्थ्य स्याहार उपलब्धता सुनिश्चित गर्ने,

(ग) वातावरणीय प्रदुषणबाट हुने खतरा र जोखिमहरूलाई ध्यानमा राख्दै, प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र समेत रही अन्य कुराको अतिरिक्त सहज रूपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषणको विरूद्ध लड्ने,

(घ) आमाहरूको निम्ति पूर्व प्रसूति तथा प्रसूति पश्चातका उचित सेवाहरू सुनिश्चित गर्ने,

(ङ) समाजका सबै क्षेत्रहरू, खासगरी बाबु आमा र बालबालिकाहरू बल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाई र बातावरणीय स्वच्छताका फाइदाहरू र दुर्घटनाहरूको रोकथामबारे जानकारी दिइएको छ, सो सम्बन्धी शिक्षामा निजहरूको पहुँच भएको वा यस कार्यमा सहयोग पुऱ्याइएको कुरा सुनिश्चित गर्ने,

(च) बाबु आमाको लागि निरोधक स्वास्थ्य स्याहार, सरसल्लाह, र परिवार नियोजन शिक्षा र सेवाहरूको विकास गर्ने ।

३. पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यवहारको उन्मुलन गर्ने उद्देश्यले सम्पूर्ण प्रभावकारी र समुचित उपायहरू अपनाउनेछन् ।

४. पक्ष राष्ट्रहरू यस धारामा मान्यता दिइएको अधिकारको पूर्ण प्राप्ति गर्न र प्रगतिशील रूपमा हासिल गर्न अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन र प्रोत्साहन गर्ने प्रतिज्ञा गर्छन् । यस विषयमा विकासशील देशहरूको आवश्यकतालाई विशेष रूपमा विचार गरिनेछ ।

धारा २५ः कुनै बालबालिका, जसलाई निजको हेरचाह, संरक्षण वा शारीरिक वा मानसिक उपचारको उद्देश्यले सक्षम अधिकारीहरूले राखेका छन्, को निजलाई उपलब्ध गराइएको उपचार तथा निजको

स्थापनासँग सम्बन्धित अन्य सबै परिस्थितिहरूको आवधिक पुनरावलोकन गराउन पाउने अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन् ।

धारा २६ः

१. पक्ष राष्ट्रहरूले सामाजिक बिमा लगायत सामाजिक सुरक्षाबाट फाइदा लिन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई स्वीकार गर्नेछन् र आ-आफ्ना राष्ट्रिय कानून बमोजिम यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न आवश्यक उपायहरू अपनाउनेछन् ।

२. यस्ता सुविधाहरू, उपयुक्त भएको अवस्थामा, बालबालिकाको र तिनको पालनपोषणको लागि उत्तरदायी व्यक्तिहरूको स्रोत र परिस्थितिहरूका साथै सुविधाको लागि बालबालिका वा तिनका तर्फबाट गरिएको निवेदनसँग सम्बन्धित अन्य कुनै कुरालाई समेत ध्यानमा राखेर प्रदान गरिनु पर्नेछ ।

धारा २७ः

१. प्रत्येक बालबालिकाको शारीरिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्दछन् ।

२. आफ्नो क्षमता र आर्थिक सक्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि आवश्यक जीवन-स्तरको व्यवस्था गर्नु बाबु आमा वा बालबालिकाको लागि उत्तरदायी अन्य व्यक्तिहरूको प्राथमिक दायित्व हुन्छ ।

३. पक्ष राष्ट्रहरूले राष्ट्रिय अवस्थाहरू अनुसार तथा आफ्नो साधनको परिधिभित्र रही यो अधिकारको कार्यान्वयन गर्न बाबु आमा तथा बालबालिकाको लागि जिम्मेवार अन्य व्यक्तिहरूलाई सहयोग गर्न समुचित उपायहरू अपनाउनेछन् र आवश्यक भएको अवस्थामा खास गरी पोषण, लुगाफाटो तथा आवासका सम्बन्धमा भौतिक सहयोग उपलब्ध गराउनेछन् र तत्सम्बन्धी कार्यक्रमहरूमा सहयोग गर्नेछन् ।

४. पक्ष राष्ट्रहरूले स्वदेश तथा विदेशमा रहेका बाबु आमाहरू व बालबालिकाको लागि आर्थिक दायित्व भएका अन्य व्यक्तिहरूबाट बालबालिकाको लागि पालन पोषण (माना चामल)को असुली सुनिश्चित गर्न सबै समुचित उपायहरू अपनाउनेछन् । विशेषतः बालबालिकाको लागि आर्थिक दायित्व भएको व्यक्ति बालबालिका बस्ने राष्ट्रमा नभई अन्य कुनै राष्ट्रमा बसेको अवस्थामा पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय सम्झौताहरूको सम्मिलन वा त्यस्ता सम्झौताहरू गर्ने कार्य एवं अन्य समुचित प्रबन्धहरू गर्ने कार्यलाई प्रवर्द्धन गर्नेछन् ।

धारा २८ः

१. बालबालिकाको शिक्षाको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन् र प्रगतिशील रूपमा तथा समान अवसरको आधारमा यस अधिकारको प्राप्ति गर्ने र उद्देश्यले विशेष गरी देहायका कार्य गर्नेछन् :-

(क) प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई निःशुल्क उपलब्ध गराउने,

(ख) साधारण तथा व्यवसायिक शिक्षा लगायत विविध प्रकारका माध्यामिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने, तथा निःशुल्क शिक्षाको प्रयोग गर्ने र आवश्यक भएमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता समुचित उपायहरू अपनाउने,

(ग) उच्च शिक्षालाई प्रत्येक समुचित माध्यमहरूद्वारा क्षमताको आधारमा सबैको निम्ति पहुँच योग्य बनाउने,

(घ) शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन सम्पूर्ण बालबालिकाहरूलाई उपलब्ध गराउने, र पहुँच योग्य बनाउने,

(ङ) विद्यालयहरूमा नियमित हाजिरीलाई प्रोत्साहित गर्न तथा पढाई छोड्नेहरूको संख्या घटाउने उपायहरू अपनाउने

२. बालबालिकाको मानवीय मर्यादा अनुकूल हुने गरी र यस महासन्धि अनुरूप विद्यालय अनुशासन कायम गरिएको कुरा सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अपनाउनेछन् ।

३. पक्ष राष्ट्रहरूले शिक्षा सम्बन्धी कुरामा, खासगरी विश्वबाटै अज्ञानता र निरक्षरता उन्मूलन गर्ने उद्देश्यले र बैज्ञानिक तथा प्राविधिक ज्ञान र आधुनिक शिक्षण तरिकाहरूमा पहुँच सुगम बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन तथा प्रोत्साहन गर्नेछन् । यस सम्बन्धमा विकासशील देशहरूको आवश्यकतालाई विशेष ध्यान दिइनेछ ।

धारा २९ः

१. पक्ष राष्ट्रहरू बालबालिकाको शिक्षा निम्न कुरातर्फ निर्देशित हुनुपर्ने कुरा स्वीकार गर्छन् ।

(क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक सक्षमताहरूको उच्चतम संभाव्य हदसम्मको विकास,

(ख) मानव अधिकार र मौलिक स्वतन्त्रताहरू तथा संयुक्त राष्ट्र संघको बडापत्रमा उल्लेखित सिद्धान्तहरू प्रतिको आदर भावको विकास,

(ग) बालबालिकाको बाबु आमाप्रति, उसको आफ्नो सांस्कृतिक पहिचान, भाषा र मूल्यहरूप्रति बालबालिका बसेको देशको राष्ट्रिय मूल्यहरूप्रति, निज उत्पत्ति भएको देशप्रति र निजको भन्दा भिन्न सभ्यताहरू प्रतिको आदर भावको विकास,

(घ) स्वतन्त्र समाजमा, सबै जनताहरू, जाति, राष्ट्रिय र धार्मिक समुदायहरू र आदिवासी मूलका मानिसहरूबीच समभदारी, शान्ति, सहिष्णुता, लैङ्गिक समानता र मित्रताको भावनामा उत्तर-दायित्वपूर्ण जीवनको लागि बालबालिकाको तयारी,

(ङ) प्राकृतिक वातावरणप्रति सम्मान गर्ने भावनाको विकास ।

२. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरूको पालनाको तथा यस्ता संस्थाहरूमा दिइने शिक्षा पक्ष राष्ट्रहरूले निर्धारण गरेको न्यूनतम मापदण्डहरू अनुरुप हुनुपर्ने आवश्यकताको सदैव अधिनमा रहने गरी शैक्षिक संस्थाहरूको स्थापना तथा निर्देशित गर्ने व्यक्ति वा निकायहरूको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको तथा धारा- २८ को कुनै पनि अंशको व्याख्या गरिनेछैन ।

धारा ३०ः सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यक विद्यमान रहेका राष्ट्रहरूमा त्यस्तो अल्पसंख्यकहरूका बालबालिकालाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अवलम्बन तथा अभ्यास गर्ने, वा आफ्नै भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गरेको छैन ।

धारा ३१ः

१. आराम गर्ने र फुर्सद लिन पाउने, आफ्नो उमेर सहाउँदो खेल र मनोरञ्जनपूर्ण क्रियाकलापहरूमा संलग्न हुन पाउने र सांस्कृतिक जीवन तथा कलामा स्वतन्त्ररूपले सहभागी हुन पाउने बालबालिकाको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन् ।

२. पक्ष राष्ट्रहरूले सांस्कृतिक र कलात्मक जीवन पूर्णरूपले भाग लिन पाउने बालबालिकाको अधिकारलाई सम्मान र प्रवर्द्धन गर्नेछन् र सांस्कृतिक, कलात्मक, मनोरञ्जनात्मक र फुर्सद सम्बन्धी क्रियाकलापहरूको लागि समुचित र समान अवसरहरू प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनेछन् ।

धारा ३२ः

१. आर्थिक शोषणबाट र जोखिमपूर्ण हुने वा आफ्नो शिक्षामा दखल पु¥याउने वा आफ्नो स्वास्थ्य वा शारीरिक मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासका हानिकारक हुनसक्ने कुनै कार्यबाट संरक्षण पाउने बालबालिकाको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन् ।

२. पक्ष राष्ट्रहरूले यस धाराको कार्यान्वयनलाई सुनिश्चित गर्न व्यवस्थापकीय, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनेछन् । यस प्रयोजनको लागि, तथा अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूका सम्बन्धित प्रावधानहरूलाई ध्यानमा राख्दै पक्ष राष्ट्रहरूले खास गरी देहायका कार्यहरू गर्नेछन्ः-

(क) रोजगारीमा प्रवेश गर्न न्यूनतम उमेर वा न्यूनतम उमेरहरूको हद तोक्ने व्यवस्था गर्ने,

(ख) रोजगारीको समय र अवस्थाहरूको समुचित नियमहरूको व्यवस्था गर्ने,

(ग) यस धाराको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न उपयुक्त दण्ड वा अन्य बन्देजहरूको व्यवस्था गर्ने,

धारा ३३ः पक्ष राष्ट्रहरू सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरूमा परिभाषा गरिए बमोजिम लागू औषधी तथा मनोद्वीपक पदार्थहरूको गैर-कानुनी प्रयोगबाट बालबालिकालाई संरक्षण गर्न तथा त्यस्ता पदार्थहरूको गैर-कानुनी उत्पादन र ओसार पसारमा बालबालिकाको प्रयोगमा रोक लगाउनको लागि व्यवस्थापकीय, प्रशासनिक, सामाजिक तथा शैक्षिक उपायहरू लगायत सम्पूर्ण समुचित उपायहरू अपनाउनेछन् ।

धारा ३४ः पक्ष राष्ट्रहरूले बालबालिकालाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्ने प्रतिज्ञा गर्छन् । यी प्रयोजनहरूका लागि, पक्ष राष्ट्रहरूले खास गरी निम्न कुराहरूमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन् ः-

(क) कुनै गैर-कानुनी यौन क्रियाकलापमा लाग्न बालबालिकालाई उक्साउने वा दवाव दिने,

(ख) बेश्यावृत्ति र अन्य गैर-कानुनी यौन व्यवहारहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग,

(ग) अश्लील चित्रणको कार्यमा वा सामग्रीहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग ।

धारा ३५ः पक्ष राष्ट्रहरूले कुनै पनि उदेश्यको लागि वा कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचविखन वा ओसार पसारमा रोक लगाउन समुचित सबै राष्ट्रिय, द्विपक्षीय उपायहरू अपनाउनेछन् ।

धारा ३६ः पक्ष राष्ट्रहरूले बालबालिकाको हितका कुनै पक्षलाई दुराग्रह पार्ने सबै प्रकारका शोषणबाट बालबालिकालाई संरक्षण गर्नेछन् ।

धारा ३७ः पक्ष राष्ट्रहरू सुनिश्चित गर्दछन् कि,-

(क) कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायँ गरिनेछैन । नत अठारवर्ष भन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरिएका कसूरहरूका लागि मृत्युदण्डको सजायँ वा रिहाइ पाउने सम्भावना विनाको आजीवन कारावासको सजायँ नै दिइनेछ,

(ख) गैर कानुनी वा स्वेच्छाचारी तवरले कुनै पनि बालबालिकाको स्वतन्त्रता अपहरण गरिनेछन । बालबालिकाको गिरफ्तारी, थुना वा कैद कानून अनुरुप हुनेछ र अन्तिम उपायको रूपमा र सबभन्दा कम समुचित समयावधिको लागि मात्र प्रयोग गरिनेछ,

(ग) स्वतन्त्रताको अपहरण गरिएको प्रत्येक बालबालिकालाई मानवीयता र मानव व्यक्तिको अन्तर्निहित मर्यादाको आदर गरी तथा निजका उमेरका व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राख्ने तवरले व्यवहार गरिनेछ । खास गरी, स्वतन्त्रताको अपहरण गरिएका प्रत्येक बालबालिकालाई निजको सर्वोपरी हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्क व्यक्तिहरूबाट अलग्गै राखिनेछ र अपवादजनक परिस्थितिहरूमा बाहेक निजलाई पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसँग सम्पर्क राख्ने अधिकार हुनेछ,

(घ) स्वतन्त्रताको अपहरण गरिएका प्रत्येक बालबालिकालाई कुनै अदालत वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय समक्ष आफ्नो स्वतन्त्रता अपहरणको बैधताको बारेमा उजुरी दिने र त्यस्तो उजुरीमा शीघ्र निर्णय पाउने अधिकार लगायत कानुनी वा अन्य समुचित सहायतामा शीघ्र पहुँच पाउने अधिकार हुनेछ ।

धारा ३८ः

१. पक्ष राष्ट्रहरू सशस्त्र संघर्षका सम्बन्धमा आफूहरू उपर लागू हुने बालबालिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवीय कानुनका नियमहरूको आदर गर्ने र आदर सुनिश्चित गर्ने प्रतिज्ञा गर्छन् ।

२. पक्ष राष्ट्रहरूले पन्ध्रवर्षको उमेर नपुगेका व्यक्तिहरूले युद्धमा प्रत्यक्ष भाग नलिने कुरा सुनिश्चित गर्न सबै सम्भव उपायहरू अपनाउनेछन् ।

३. पक्ष राष्ट्रहरूले पन्ध्रवर्षको उमेर नपुगेका कुनै पनि व्यक्तिलाई आफ्ना सशस्त्र सेनामा भर्ना गर्ने छैनन् । पन्ध्रवर्ष उमेर पुगेका तर अठारवर्षको उमेर नपुगेका व्यक्तिहरूमध्येबाट भर्ना गर्दा, पक्ष राष्ट्रहरूले बढी उमेरका व्यक्तिहरूलाई प्राथमिकता दिन प्रयत्न गर्नेछन् ।

४. सशस्त्र संघर्षहरूमा गैर-सैनिक व्यक्तिहरूलाई रक्षा गर्ने अन्तर्राष्ट्रिय मानवीय कानुन अन्तर्गतको आफ्नो दायित्व अनुसार, पक्ष राष्ट्रहरूले सशस्त्र संघर्षबाट प्रभावित बालबालिकाको संरक्षण र हेरचाह सुनिश्चित गर्ने सबै सम्भव उपायहरू अपनाउनेछन् ।

धारा ३९ः पक्ष राष्ट्रहरूले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा अन्य कुनै पनि प्रकारको क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायँ, वा सशस्त्र संघर्षबाट पीडित कुनै बालबालिकाको शारीरिक तथा मनोबैज्ञानिक पुर्नलाभ र सामाजिक पुनर्स्थापना प्रवर्द्धन गर्न सबै समुचित उपायहरू अपनाउनेछन् । यस्तो पुर्नलाभ र पुर्नस्थापना त्यस्तो बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादा सम्बर्द्धन गर्ने वातावरणमा हुनेछ ।

धारा ४०ः

१. पक्ष राष्ट्रहरूले फौजदारी कानुनको उल्लघंन गरेको आरोप लागेको वा सोको अभियुक्त वा सो कार्य पक्ष राष्ट्रहरूले फौजदारी कानूनको उल्लघंन गरेको आरोप लागेको वा सोको अभियुक्त वा सो कार्य गरेको भनी मानिसएका बालबालिकालाई निजको मर्यादा र महत्वको भावनालाई सम्बर्द्धन गर्ने किसिमबाट तिनीहरूको मनमा अरूको मानव अधिकार र मौलिक स्वतन्त्रताहरूप्रतिको आदर

पुर्नजागरण हुने एवं पुर्नस्थापना तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको सम्बर्द्धन हुने बाँछनीयतालाई ध्यानमा राखी व्यवहार गर्नुपर्नेछ ।

२. यस उद्देश्यको लागि तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूका सम्बन्धित व्यवस्थाहरूलाई ध्यानमा राख्दै पक्ष राष्ट्रहरूले खास गरी देहायका कुरा सुनिश्चित गर्नेछन् :-

(क) कुनै कार्य गरेको समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा निषेध नगरिएका त्यस्ता कार्य गरेको वा नगरेको कारणबाट मात्र कुनै पनि बालबालिकालाई फौजदारी कानून उल्लघंन गरेको आरोप लगाइने वा अभियुक्त बनाइने वा निजले उल्लघंन गरेको आरोप लगाइने वा अभियुक्त बनाइने वा निजले उल्लघंन गरेको मानिनेछैन ।

(ख) फौजदारी कानूनको उल्लघंन गरेको आरोप लागेको वा सोकोलागि अभियुक्त बनाइएको कुनै पनि बालबालिकालाई कम्तिमा पनि देहायका प्रत्याभूतिहरू दिइनेछ :-

(१) कानुन बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने,

(२) आफू विरूद्ध लगाइएको अभियोगको तुरून्त र प्रत्यक्ष रूपमा र उपयुक्त भएमा आफ्नो बाबु आमा वा कानूनी संरक्षक मार्फत जानकारी पाउने तथा आफ्नो प्रतिरक्षाको तैयारी र प्रस्तुतिमा कानूनी वा अन्य समुचित सहयोग पाउने,

(३) कानुनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा र निजको उमेर वा अवस्थाको विचार गर्दा बालबालिकाको अधिकतम हितको विपरीत नहुने ठानिएमा खास गरी निजका बाबु आमा वा कानुनी संरक्षकको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक निकायबाट कुनै विलम्ब बिना कानून बमोजिम स्वच्छ सुनुवाई गरी सो कुराको निर्धारण गरिपाउने,

(४) प्रमाण दिन वा अपराध स्वीकार गर्न कर नलगाइने, आफू विरूद्धका साक्षीहरू परीक्षण गर्ने वा गर्न लगाउने र आफ्नो पक्षका साक्षीहरूलाई समान अवस्था अन्तर्गत उपस्थित गराई परीक्षण गराई पाउने,

(५) फौजदारी कानुनको उल्लघंन गरिएको ठहरिएमा सो फैसला र त्यसको परिणाम स्वरूप लगाइएका कुनै पनि कार्यका सक्षम, स्वतन्त्र र निष्पक्ष उपल्लो निकाय वा न्यायिक संस्थाबाट कानुन बमोजिम पुनरावलोकन गराई पाउने,

(६) प्रयोग गरिएको भाषा बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने दोभाषेको निःशुल्क सहयोग पाउने,

(७) कारबाहीका सबै तहहरूमा आफ्नो गोपनीयताको पूर्ण सम्मान पाउने,

३. पक्ष राष्ट्रहरूले फौजदारी कानुन उल्लघंन गरेको भनी दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लघंन गरेको मानिएका बालबालिकाहरूका लागि विशेष रूपमा लागू हुने खालका कानुनहरू, कार्यविधिहरू, निकायहरू र संस्थाहरूको स्थापना प्रवर्द्धन गर्ने प्रयास गर्नेछन् र, विशेषतः निम्न कुराहरूको प्रयत्न गर्नेछन्ः-

(क) न्युनतम उमेरको हदको स्थापना, जुन उमेर भन्दा कम उमेरका बालबालिकाको फौजदारी कानुन उल्लघंन गर्न सक्ने क्षमता हुँदैन भनी अनुमान गरिनेछ,

(ख) समुचित र बाञ्छनीय भएको कुनै पनि अवस्थामा यस्ता बालबालिकाका सम्बन्धमा न्यायिक कारवाही नगरी अन्य कार्य गर्ने उपायहरू, तर मानव अधिकार र कानुनी सुरक्षाहरूलाई पूर्ण रूपमा सम्मान गर्नुपर्नेछ ।

४. बालबालिकाको हितको अनुकूल हुने गरी तथा निजहरूको परिस्थिति र कसूर दुवैमा समुचित हुने गरी निजहरूसँग व्यवहार गर्ने कुरा सुनिश्चित गर्न विभिन्न प्रकारका कुराहरू जस्तैः हेरचाह, मार्गदर्शन र निरीक्षण सम्बन्धी आदेशहरू, सरसल्लाह, परीक्षण, स्याहार सम्बर्द्धन, शिक्षा तथा व्यवसायिक तालीम कार्यक्रमहरू तथा संस्थागत हेरचाहका अन्य विकल्पहरू उपलब्ध हुनेछन् ।

धारा ४१ः बलअधिकारलाई साकार तुल्याउन बढी उपयोगी हुने कुनै पनि व्यवस्थाहरूलाई यस महासन्धिको कुनै पनि कुराले असर पार्नेछैन र त्यस्ता व्यवस्थाहरू देहायका कुरामा निहित हुन सक्नेछन् :-

(क) कुनै पक्ष राष्ट्रको कानुन, वा

(ख) त्यस राष्ट्रको निम्ति लागू हुने अन्तर्राष्ट्रिय कानुन ।

## भाग २

धारा ४२ः पक्ष राष्ट्रहरूले महासन्धिका सिद्धान्तहरू र व्यवस्थाहरूलाई विस्तृत रूपले वयस्कहरू तथा बालबालिकाको जानकारीमा उचित र सक्रिय माध्यमद्वारा समान रूपले ल्याउने प्रतिज्ञा गर्छन् ।

धारा ४३ः

१. यस महासन्धिमा कबूल गरिएका दायित्वहरूको प्राप्तिमा पक्ष राष्ट्रहरूले हासिल गरेको प्रगतिको जाँच परीक्षण गर्ने उद्देश्यका लागि बालअधिकार सम्बन्धी समितिको स्थापना गरिनेछ, जसले यस पछि व्यवस्था गरिएका कार्यहरू गर्नेछन् ।

२. समितिमा उच्च नैतिक मर्यादा भएका र यस महासन्धिमा समेटिएका क्षेत्रमा दक्षता स्वीकार गरिएका दश जना विशेषज्ञहरू रहनेछन् । समितिका सदस्यहरू समानुपातिक भौगोलिक वितरण एवं प्रमुख कानुनी प्रणालीको प्रतिनिधित्व हुनेगरी पक्ष राष्ट्रहरूले आ–आफ्ना नागरिकहरू मध्येबाट निर्वाचित गर्नेछन् र सदस्यहरूले आ–आफ्नो व्यक्तिगत हैसियतमा कार्य गर्नेछन् ।

३. पक्ष राष्ट्रद्वारा मनोनित व्यक्तिहरूको सूत्रबाट गोप्य मतदानको तरिकाबाट समितिका सदस्यहरू निर्वाचित हुनेछन् । प्रत्येक पक्ष राष्ट्रले आफ्ना नागरिकहरू मध्येबाट एक जना व्यक्ति मनोनित गर्न सक्नेछ ।

४. यो महासन्धि लागू भएको मितिले छ महिनाभित्रै र त्यसपछि हरेक दोस्रोवर्षमा समितिको प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचन हुने मितिभन्दा कम्तिमा चार महिना अगावै संयुक्त राष्ट्र संघका महासचिवले पक्ष राष्ट्रहरूलाई दुई महिनाभित्रमा आ–आफ्ना मनोनयनपत्रहरू, दाखिला गर्न आव्हान गर्दै पत्र पठाउनेछन् । तत्पश्चात् महासचिवले मनोनित गर्ने पक्ष राष्ट्रहरूको नाम उल्लेख्य गरी सम्पूर्ण मनोनित सदस्यहरूको वर्णानुक्रम अनुसारको नामावली तयार पार्नेछन् र उक्त नामावली यस महासन्धिका पक्ष राष्ट्रहरू समक्ष पेश गर्नेछन् ।

५. संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा महासचिवद्वारा आयोजित पक्ष राष्ट्रहरूका बैठकमा निर्वाचन हुनेछ । यस्तो बैठककोलागि दुइ्र तिहाई पक्ष राष्ट्रहरूको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिनेछ । बैठकमा उपस्थिति भई मतदान गर्ने पक्ष राष्ट्रहरूको प्रतिनिधिहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत पाउने व्यक्तिहरू नै समितिको सदस्यमा निर्वाचत भएको मानिनेछन् ।

६. समितिका सदस्यहरू चारवर्षको अवधिकालागि निर्वाचित हुनेछन् । पुनः मनोनित भएको खण्डमा उनीहरू पुनः निर्वाचनको लागि योग्य हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरू मध्ये पाँच जना सदस्यको पदावधि दुइवर्षमा समाप्त हुनेछ । पहिलो निर्वाचन भएको लगत्तै पछि ती पाँच जना सदस्यहरूको नाम बैठकको अध्यक्षले गोला प्रथाद्वारा छुट्याउने छन् ।

७. समितिको कुनै सदस्यको मृत्यु भएमा वा निजले राजिनामा दिएमा वा अन्य कुनै कारणले गर्दा निजले समितिको कार्य गर्न नसक्ने भनी घोषणा गरेमा निजको मनोनयन गर्ने पक्ष राष्ट्रले आफ्ना नागरिकहरू मध्येबाट अर्को एकजना विशेषज्ञलाई बाँकी पदावधि भर सेवा गर्नको निमित्त समितिको स्वीकृतिको अधिनमा रहने गरी मनोनित गर्नेछ ।

८. समितिले आफ्नो कार्यविधि सम्बन्धी नियमहरू आफैं निर्धारण गर्नेछ ।

९. समितिले दुई वर्षका अवधिको लागि आफ्ना अधिकृतहरू निर्वाचित गर्नेछ ।

१०. समितिका बैठकहरू सामान्यतः संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा वा समितिले नै निर्धारण गरे बमोजिमको अनय कुनै सुविधाजनक स्थानमा बस्नेछन् । समितिको बैठक सामान्यतः वार्षिक रूपमा बस्नेछ । समितिका बैठकहरूको अवधि महासभाको स्वीकृतिको अधिनमा रहने गरी यी महासन्धिका पक्ष राष्ट्रहरूको बैठकबाट निर्धारण गरिने र आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

११. यस महासन्धि अन्तर्गतको समितिका कार्यहरूको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त राष्ट्र संघका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउनेछन् ।

१२. महासभाको स्वीकृतिबाट, यस महासन्धि अन्तर्गत गठित समितिका सदस्यहरूले महासभाद्वारा निर्णय गरिएका शर्त र अवस्थाहरू अनुसार संयुक्त राष्ट्र संघको स्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

धारा ४४ः

१. पक्ष राष्ट्रहरूले महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको कार्यान्वयन गर्नकालागि आफूले अपनाएको उपायहरू तथा ती अधिकारहरूको उपभोगमा हासिल गरिएको प्रगति सम्बन्धी प्रतिवेदनहरू देहायको अवधिमा संयुक्त राष्ट्र संघका महासचिव मार्फत समितिमा पेश गर्ने कबूल गर्दछन् :-

(क) सम्बन्धित पक्ष राष्ट्रको हकमा महासन्धि लागू भएको मितिले दुईवर्षभित्र,

(ख) त्यस पछि प्रत्येक पाँचवर्षमा ।

२. यस महासन्धि अन्तर्गतका दायित्वहरूको परिपूर्तिको मात्रालाई प्रभाव पार्ने कुनै कारक र कठिनाईहरू भए त्यस्ता कारक र कठिनाईहरू यस धारा- अन्तर्गत गरिने प्रतिवेदनहरूमा इंगित गरिनेछ । प्रतिवेदनहरूमा समितिलाई सम्बन्धित देशमा महासन्धिको कार्यान्वयन सम्बन्धी विस्तृत ज्ञान प्रदान गर्ने पर्याप्त जानकारी समेत समावेश गरिएको हुनुपर्नेछ ।

३. समितिलाई विस्तृत प्रारम्भिक प्रतिवेदन पेश गरेको पक्ष राष्ट्रले पहिले नै उपलब्ध गराई सकेको आधारभूत जानकारी प्रकरण-१(ख) अनुसार पेश गरिने पछिका प्रतिवेदनहरूमा दोहोऱ्याई राख्न आवश्यक छैन ।

४. समितिले महासन्धिको कार्यान्वयनसँग सम्बन्धित थप जानकारीको लागि पक्ष राष्ट्रहरूलाई अनुरोध गर्न सक्नेछ ।

५. समितिले आफ्ना क्रियाकलापहरू सम्बन्धी निवेदनहरू प्रत्येक दुईवर्षमा आर्थिक तथा सामाजिक परिषद् मार्फत संयुक्त राष्ट्र संघको महासभामा पेश गर्नेछ ।

६. पक्ष राष्ट्रहरूले आफ्ना प्रतिवेदनहरू आफ्ना देशमा सर्वसाधारण जनतालाई व्यापक रूपमा उपलब्ध गराउनेछन्।

धारा ४५ः महासन्धिको प्रभावकारी कार्यान्वयनलाई सम्बर्द्धन गर्न तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन गर्नः-

(क) विशिष्टिकृत संस्थाहरू संयुक्त राष्ट्र संघीय बाल कोष र संयुक्त राष्ट्र संघका अन्य अंगहरूलाई आ-आफ्नो कार्य क्षेत्रभित्र पर्न आउने यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनका सम्बन्धमा विचार विमर्श गरिंदा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । समितिले उपयुक्त ठानेमा विशिष्टकृत संस्थाहरू, संयुक्त राष्ट्र संघीय बालकोष तथा अन्य सक्षम निकायहरूलाई तिनीहरूको आ-आफ्नो कार्य क्षेत्रभित्र पर्ने विषयहरूमा यो महासन्धिको कार्यान्वयनमा विशेषज्ञ सल्लाह प्रदान गर्न आमन्त्रण गर्न सक्नेछ । समितिले विशिष्टकृत संस्थाहरू, संयुक्त राष्ट्र संघीय बालकोष तथा अन्य संयुक्त राष्ट्र संघीय अंगहरूलाई तिनीहरूको कार्य क्षेत्रभित्र पर्ने विषयहरूमा यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा प्रतिवेदनहरू पेश गर्न आमन्त्रण गर्न सक्नेछ,

(ख) समितिले आफूलाई उपयुक्त लागेको खण्डमा पक्ष राष्ट्रहरूबाट प्राप्त कुनै प्रतिवेदनहरू जसमा प्राविधिक सहयोग वा सल्लाहको लागि अनुरोध गरिएकोछ वा सो कुराको आवश्यकता दर्शाइएकोछ, तथा यस्ता अनुरोध तथा संकेतहरूको सम्बन्धमा आफ्नो कुनै विचार र सुझावहरू भएमा सो सहित विशिष्टकृत संस्थाहरू, संयुक्त राष्ट्र संघीय बालकोष र अन्य सक्षम निकायहरूलाई पठाउनेछ,

(ग) समितिले बालअधिकारसँग सम्बन्धित खास विषयहरूका सम्बन्धमा आफ्नो तर्फबाट अध्ययन गर्न महासचिवलाई अनुरोध गर्न महासभालाई सिफारिश गर्न सक्नेछ ।

(घ) महासन्धिका धारा-४४ र ४५ अनुरूप प्राप्त हुन आएको जानकारीको आधारमा समितिले सुझावहरू र सामान्य सिफारिशहरू प्रस्तुत गर्न सक्नेछ । यस्ता सुझावहरू र सामान्य सिफरिशहरू सम्बन्धित पक्ष राष्ट्रहरूलाई पठाइनेछ र पक्ष राष्ट्रहरूबाट कुनै टिप्पणी आएको भए सो समेत संलग्न गरी महासभामा प्रस्तुत गरिनेछ ।

## भाग ३

धारा ४६ः यो महासन्धि सबै राष्ट्रहरूबाट हस्ताक्षर हुनको लागि खुला रहनेछ ।

धारा ४७ः

१. यो महासन्धि अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

धारा ४८ः यो महासन्धि कुनै पनि राष्ट्रबाट सम्मिलनको लागि खुला रहनेछ । सम्मिलनका लिखतहरू संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

धारा ४९ः

१. यो महासन्धि अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत संयुक्त राष्ट्र संघका महासचिव कहाँ दाखिला भएको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ ।

२. यो महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत दाखिला भै सकेपछि यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ ।

धारा ५०ः

१. कुनै पनि पक्ष राष्ट्रले संशोधनको प्रस्ताव गर्न र त्यसलाई संयुक्त राष्ट्र संघको महासचिव समक्ष दर्ता गर्न सक्नेछ । त्यस पछि महासचिवले पक्ष राष्ट्रहरूलाई ती प्रस्तावहरू उपर विचार गर्न र मतदान गर्न उनीहरू पक्ष राष्ट्रहरूको सम्मेलनको पक्षमा भएको नभएको कुरा उनलाई संकेत गर्ने अनुरोध सहित प्रस्तावित संशोधनहरू पक्ष राष्ट्रहरूलाई पठाउने छन् । यस प्रकारले जानकारी गराइएको मितिले चार महिनाभित्र कम्तिमा एक तिहाई पक्ष राष्ट्रहरू यस्तो सम्मेलनको पक्षमा भएको खण्डमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा सम्मिलनको आयोजना गर्नेछन् । सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै संशोधनलाई अनुमोदनको लागि संयुक्त राष्ट्र संघको साधारण सभामा पेश गरिनेछ ।

२. यस धाराको प्रकरण १ बमोजिम ग्रहणगरिएको संशोधन संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन भई पक्ष राष्ट्रहरूको दुई तिहाई बहुमतबाट स्वीकृत भएपछि लागू हुनेछ ।

३. कुनै संशोधन लागू भएपछि, संशोधन स्वीकार गर्ने पक्ष राष्ट्रहरू उपर र यस महासन्धिका व्यवस्था र तिनले स्वीकार गरी कुनै अघिल्लो संशोधनबाट बाँधिन लागेका अन्य पक्ष राष्ट्रहरू उपर बन्धनकारी हुनेछ ।

धार ५१ः

१. संयुक्त राष्ट्र संघका महासचिवले अनुमोदन वा सम्मिलनको समयमा राष्ट्रहरूद्वारा राखिएका आरक्षणहरूको प्रति प्राप्त गरी सबै राष्ट्रहरूलाई पठाउनेछन् ।

२. यस महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने त्यस्ता कुनै पनि आरक्षणलाई स्वीकार गरिने छैन ।

३. संयुक्त राष्ट्र संघका महासचिवलाई सम्बोधन गरिएकोसो प्रयोजनको सूचना दिई आरक्षणहरू कुनै पनि समयमा फिर्ता लिन सकिनेछ, महासचिवले सबै राष्ट्रहरूलाई सोको जानकारी दिनेछन् । यस्तो सूचना महासचिवले प्राप्त गरेको मितिदेखि लागू हुनेछ ।

धारा ५२ः कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धिलाई परित्याग गर्न सक्नेछ । महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्ष पछि परित्याग प्रभावकारी हुनेछ ।

धारा ५३ः संयुक्त राष्ट्र संघका महासचिवलाई यस महासन्धिको सँग्रहकर्ता (डिपोजिटरी) को रूपमा तोकिएको छ ।

धारा ५४ः

१) यस महासन्धि, जसका अरवी, चिनियाँ, अँग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी प्रतिहरू समान रूपमाप्रामाणिक छन् । ती मूल प्रति संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

२) यस कुराको सक्षीको रूपमा सम्बन्धित सरकारबाट विधिवत रूपमा अख्तियार पाएका देहायको हस्ताक्षरकारी सर्वाधिकार सम्पन्न प्रतिनिधिहरूले यस महासन्धिमा हस्ताक्षर गरेका छन् ।

# अनुसूची ८: जकार्ता (योग्यकार्ता) सिद्धान्तहरू

यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकार कानून उपयोगका सिद्धान्तहरू

अंग्रेजी संस्करण नै आधिकारिक प्रकाशन हो । अरबी, चाईनीज, फ्रान्सैली, र रसियाली तथा स्पयानिस भाषामा यसको औपचारिक अनुवादहरू उपलब्ध छ ।

मार्च २००७

यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकार कानून उपयोगका सिद्धान्तहरू

## विषयसूची

### परिचय

### प्रस्तावना

सिद्धान्त (१) विश्वव्यापी मानवअधिकारको उपभोग गर्न पाउने अधिकार
सिद्धान्त (२) समानता र भेद्भाव विरूद्धको अधिकार
सिद्धान्त (३) कूनका अगाडि मान्यताको अधिकार
सिद्धान्त (४) बाँच्न पाउने अधिकार
सिद्धान्त (५) वैयक्तिक सुरक्षाको अधिकार
सिद्धान्त (६) गोपनियताको अधिकार
सिद्धान्त (७) जबर्जस्ती स्वतन्त्रता खोस्ने विरूद्धको अधिकार
सिद्धान्त (८) निष्पक्ष सुनुवाइको अधिकार
सिद्धान्त (९) नजरबन्द/कैद रहँदाको अवस्थामा मानवीय व्यवहारको अधिकार
सिद्धान्त (१०) यातना, क्रुर अमानवीय र अपमानजन्य सजाय वा व्यवहार

### विरूद्धको अधिकार

सिद्धान्त (११) सबैखाले शोषण, बेचविखन र तस्करी विरूद्धको अधिकार
सिद्धान्त (१२) कामको अधिकार
सिद्धान्त (१३) सामाजिक सुरक्षा र अन्य सामाजिक संरक्षणका उपायहरूको अधिकार

| | |
|---|---|
| सिद्धान्त (१४) | स्तरीय जीवन बाँच्न नपाउने अधिकार |
| सिद्धान्त (१५) | पर्याप्त आवासको अधिकार |
| सिद्धान्त (१६) | शिक्षाको अधिकार |
| सिद्धान्त (१७) | स्वस्थ रहने अधिकार |
| सिद्धान्त (१८) | स्वास्थ्यगत दुर्व्यवहारबाट संरक्षणको अधिकार |
| सिद्धान्त (१९) | विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार |
| सिद्धान्त (२०) | शान्तिपूर्ण भेला र संघसंस्थाको अधिकार |
| सिद्धान्त (२१) | धर्म नैतिकता र आदर्शको स्वतन्त्रता प्राप्तिको अधिकार |
| सिद्धान्त (२२) | स्वतन्त्रतापूर्वक आवतजावत गर्ने अधिकार |
| सिद्धान्त (२३) | शरण खोज्ने अधिकार |
| सिद्धान्त (२४) | परिवार बसाउने अधिकार |
| सिद्धान्त (२५) | सार्वजनिक जीवनमा सहभागी हुने अधिकार |
| सिद्धान्त (२६) | सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार |
| सिद्धान्त (२७) | मानव अधिकार प्रवर्धन गर्ने अधिकार |
| सिद्धान्त (२८) | प्रभावकारी उपचार र सम्बोधनको अधिकार |
| सिद्धान्त (२९) | उत्तरदायित्व |

## अतिरिक्त सुझावहरू

जकार्ता सिद्धान्तप्रति हस्ताक्षर गर्नेहरू

## जकार्ता सिद्धान्तको परिचय

सम्पूर्ण मानव जातिहरू जन्मदै स्वतन्त्र हुन्छन् र प्रतिष्ठा र अधिकारमा समान छन् । सम्पुर्ण मानव अधिकारहरू विस्व व्यापी, अन्तरनिर्भर , अभिभाज्य तथा अन्तर सम्वन्धित हुन्छन् यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान प्रत्येक व्यक्तिको मानवता र प्रतिष्ठाको महत्व पूर्ण पाटो हो र यिनीलाई भेदभावको आधार बनाइनु हुँदैन।

सबै यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरू अन्य व्यक्ति सरह पूर्ण सम्मान र प्रतिष्ठाका हकदार भएको कुरा सुनिश्चित गर्न धेरै प्रगतिहरू हासिल भएका छन् । धेरै राज्यहरूमा सबै यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा भेदभाव नगर्ने र लैङ्गिक समानताको प्रत्याभूति दिने कानून र संविधानको व्यवस्था गरिएको छ ।

कुनै पनि व्यक्तिको वास्तविक वा ग्रहण गरिएको यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका आधारमा हुने श्रृंखलाबद्ध मानव अधिकार उल्लंघनका घटनाहरूले विश्वव्यापी रूपमा नै चिन्तालाई बढाएको

छ । यस अन्तर्गत गैह्र कानूनी हत्या, यातना र अमानवीय व्यवहार, यौन हिंसा तथा बलात्कार, गोपनियताको अतिक्रमण, स्वेच्छाचारी धडपकड, रोजगार र शिक्षाका अवसरहरूबाट बञ्चित गर्नु र अन्य मानव अधिकारको उपभोग गर्ने कुरामा समेत गम्भीर भेदभावहरू पर्दछन् । यी भेदभावहरू प्राय जसो जातीय, उमेर, धर्म, अपाङ्गता वा आर्थिक, सामाजिक वा अन्य स्थितिका आधारमा हुने घृणा, हिंसा, भेदभाव र बहिस्करणले थप जटिल तुल्याएको हुन्छ ।

धेरै राज्य एवम् समाजहरूमा व्यक्तिहरूमाथि, प्रथा कानून र हिंसा लादेर यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान सम्बन्धी विचार लादेका हुन्छन् र उनीहरूले आफ्नो परिचय कसरी दिन्छन् र व्यक्तिगत सम्बन्धमा कस्तो अनुभव गर्छन् भन्ने कुरा नियन्त्रण गर्न कोशिश गर्छन् । लैङ्गिकतामा आधारित हिंसा र असमानता पछाडि यौनिकताको निगरानी नै महत्वपूर्ण प्रेरक तत्वको रूपमा छ ।

अन्तर्राष्ट्रिय प्रणालीले परिवार, समाज र समुदायमा हिंसा विरूद्ध र लैङ्गिक समानतातर्फ महत्वपूर्ण फड्का मारेको छ । यसका अतिरिक्त, संयुक्त राष्ट्र संघीय मानव अधिकार संयन्त्रले सबै व्यक्तिहरूलाई यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान को आधारमा हुने भेदभाव विरूद्ध प्रभावकारी संरक्षण राज्यको दायित्व भएको कुरा जोडदार रूपमा प्रस्तुत गरेको छ । तथापि, यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका आधारमा भएका मानव अधिकार हिंसाको विरूद्ध अन्तर्राष्ट्रिय प्रतिक्रियाहरू क्षतविक्षत र खण्डित रहेका छन् ।

(१) यौन अभिमुखीकरण भन्नाले हरेक व्यक्तिले अर्को समान लिङ्ग भएको भिन्न लिङ्ग भएको वा दुवै लिङ्गीसँग गहन संवेगात्मक, भावनात्मक तथा यौनका आकर्षण र निकतम तथा यौन सम्बन्ध राख्न सक्ने क्षमतालाई बुझ्नु बुझाउनु पर्दछ ।

(२) लैङ्गिक पहिचान भन्नाले हरेक व्यक्तिले अन्तस्करणमा, व्यक्तिगत रूपमा अनुभव गरेको लैङ्गिक पहिचान हो जसमा व्यक्तिगत शारीरिक संवेदना (जसमा, स्वतन्त्रपूर्वक छनोट गरिएको हकमा, शारीरिक स्वरूपको परिवर्तन र स्वास्थ्यगत शल्यक्रिया वा अन्य माध्यमबाट गर्ने कुरा पर्दछ) का साथै, व्यक्ति जन्मदै निरूपण गरिएको लैङ्गिक निरूपणसँग मेल खाने वा नखाने अवस्था, पहिचानका अभिव्यक्ति गर्ने पोशाक, बोलीचाली वा व्यवहार समेत पर्दछन् ।

यी कमी कमजोरीहरूलाई सम्बोधन गर्नका लागि अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको कार्यन्वयनका लागि विस्तृत र भरपर्दो दलबलको आवश्यकता छ । सबै व्यक्तिहरूका लागि सम्पूर्ण मानव अधिकारको समान ढङ्गबाट र भेदभाव बिना संवर्द्धन र संरक्षण गर्न विद्यमान अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत रही राज्यको दायित्व स्पष्ट पार्ने र संकलन, सम्पादन गर्ने काम जटिल हुन्छ ।

अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी संघसस्थाहरूको सञ्जालको प्रतिनिधित्व गर्ने आइ.सि.जे. र मानव अधिकारका लागि अन्तर्राष्ट्रिय सेवाले यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान मा आधारित भेदभाव विरूद्ध अन्तर्राष्ट्रिय कानूनमा आधारीत मानव अधिकार उलङ्घनका घटनाहरू प्रति राज्यको दायित्व समेत बृहद रूपमा स्पष्ट पार्नका लागि कानूनी सैद्धान्तिक सामग्रीको बिकास गर्ने परियोजना सञ्चालन गरेका छन् ।

गन्यमान्य एवं भद्र भलाद्मी मानव अधिकार विदहरूले यी सिद्धान्तहरूलाई मस्यौदा गरि विकास, छलफल र छर्लङ्ग पारेका छन् । सन् २००६ को नोवेम्बर ६ देखी ९ सम्म इन्डोनेसिया, जकार्ताको गाजामादा

विश्वविद्यालयमा सम्पन्न मानव अधिकार कानून सम्वन्धि विविध क्षेत्रहरूको प्रतिनिधित्व गर्ने विभिन्न २५ राष्ट्रहरूका २९ विज्ञहरूको भेलाले यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान सम्वन्धमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको प्रयोग सम्वन्धी जकार्ता सिद्धान्तलाई सर्वसम्मतिबाट पारित गरेको छ ।

उक्त भेलाका समाधिक्षक प्रो माइकल ओफ्लार्टीले यो सिद्धान्तलाई मस्यौदा गर्न र पुनरावलोकन गर्न अतुलनीय योगदान पुऱ्याएका छन् । उहाँको अथक प्रयास र प्रतिवद्धता यसको प्रक्रियाको सफलताको लागि अतुलनीय रहेको छ ।

यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका सवालमा मानव अधिकार सम्वन्धी मापदण्ड र प्रयोगका सम्वन्धमा जकार्ता सिद्धान्तले बृहद रूपमा सम्बोधन गर्दछ । मानव अधिकारको कार्यन्वयन गर्ने राज्यको प्रथमिक दायित्वलाई यो सिद्धान्तले अझ पुष्टि गरेको छ । हरेक सिद्धान्तहरूमा राज्यले गर्नु पर्ने दायित्वहरूको सिफारिस समेत गरेको छ । त्यसो भएतापनि विज्ञहरूले मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि अन्य पात्रहरूको दायित्व रहेको कुरामाथि जोड दिएका छन् । अतिरिक्त सिफारिसहरू राष्ट्रिय मानव अधिकार संस्थाहरू, आम सञ्चार, गैह्रसरकारी संस्थाहरू तथा दाताहरू, संयुक्त राष्ट्र संघीय मानव अधिकार निकाय लगायत अन्य पात्रहरूका लागि यस सिद्धान्तमा समावेश गरिएका छन् ।

यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका का सवालमा विद्यमान अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको स्थितीलाई जकार्ता सिद्धान्तले प्रतिविम्वित गरेको कुरा माथि सबै विज्ञहरूले सहमति जनाएका छन् । साथै, मानव अधिकार कानूनमा क्रमिक रूपमा विस्तार हुँदै गैरहेकोले राज्यको दायित्व थप हुन सक्ने कुरामा समेत सहमत छन्।

सम्पूर्ण राज्यहरूले मान्नै पर्ने बाध्यकारी अन्तर्राष्ट्रिय कानूनी मापदण्डलाई जकार्ता सिद्धान्तले पुष्टि गर्दछ । यी सिद्धान्तले सम्पूर्ण मानिसहरू जन्मँदै स्वतन्त्र हुने र अधिकार र प्रतिष्ठामा समान भएको कुरा स्वीकार गरेकोले सुनौलो भविष्यको दिशाबोध गरेको छ ।

**सोनिया ओनुफर कोरिया**
सहअध्यक्ष

**भिटिटि मुन्टरबोर्न**
सहअध्यक्ष

## प्रस्तावना

हामी, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका बिज्ञहरूको अन्तर्राष्ट्रिय समुह ।

## प्रस्तावना

स्मरणीय छ, सबै व्यक्ति जन्मजात सम्मान एवंम् अधिकारमा स्वतन्त्र र समान छन् तथा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अरू विचार राष्ट्रिय अथवा अन्य अधिस्थानका आधारमा कुनै पनि भेदभाव विना मानव अधिकारको उपयोगको हकदार हुन्छन् ।

कटु सत्य यो छ की, संसारको सबै क्षेत्रहरूमा व्यक्तिहरूको यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचानको आधारमा व्यक्तिहरूको विरूद्ध हिंसा, अवहेलना, भेदभाव, पृथकीकरण, कलंक तथा पूर्वाग्रह लक्षित गरिएको हुन्छ र यी अनुभवहरूलाई लिङ्ग, वर्ण, धर्म, अपाङ्गता, आर्थिक तथा स्वास्थ्य स्थितीको आधारमा गरिने भेदभावले समेत थप जटिल तुल्याएको हुन्छ र त्यस्ता हिंसा, अवहेलना, भेदभाव, पृथकीकरण, कलंक तथा पूर्वाग्रहले पीडितहरूको प्रतिष्ठा र आत्मसम्मानलाई निस्तेज गदर्छ र सामुदायिक अपनत्वलाई समेत कमजोर तुल्याइ धेरैलाई आफ्नो परिचय लुकाइ त्रासपुर्ण तथा अदृश्य रूपमा जीवन जीउन बाध्य गराउँछ।

यो कुरामा ध्यानाकर्षण गरिन्छ की, ऐतिहासिक रूपमा मानिसहरूले आफु महिला वा पुरूष समलिङ्गी वा दोहोरो यौनिक भएकोले वा ग्रहण गरेकोले उमेर पुगेका समान लिङ्ग भएकाहरू सँगको यौन आचरण वा तेस्रो यौनिक, तेस्रो लैङ्गिक प्रकृति भएका वा द्विलिङ्गी व्यक्ति भएको वा सोको रूपमा हेरिने भएकोले केहि समाजमा यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान को आधारमा पहिचान गरिएको सामाजिक समुहमा राखिएकोले यस्ता मानव अधिकार हनन्का घटनाहरू भोगिरहेका छन् ।

यौन अभिमुखीकरण भन्नाले हरेक व्यक्तिले अर्को समान लिङ्ग भएको भिन्न लिङ्ग भएको वा दुवै लिङ्गीसँग गहन संवेगात्मक, भावनात्मक तथा यौनका आकर्षण र निकततम तथा यौन सम्बन्ध राख्न सक्ने क्षमतालाई बुझ्नु बुझाउनु पर्दछ ।

लैङ्गिक पहिचान भन्नाले हरेक व्यक्तिले अन्तस्करणमा, व्यक्तिगत रूपमा अनुभव गरेको लैङ्गिक पहिचान हो जसमा व्यक्तिगत शारीरिक संवेदना (जसमा, स्वतन्त्रपूर्वक छनोट गरिएको हकमा, शारीरिक स्वरूपको परिवर्तन र स्वास्थ्यगत शल्यक्रिया वा अन्य माध्यमबाट गर्ने कुरा पर्दछ) का साथै, व्यक्ति जन्मदै निरूपण गरिएको लैङ्गिक निरूपणसँग मेल खाने वा नखाने अवस्था, पहिचानका अभिव्यक्ति गर्ने पोशाक, बोलीचाली वा व्यवहार समेत पर्ने कुरा बुझ्नु बुझाउनु पदर्छ ।

यो कुरा विचारयोग्य छ की, अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारबिना नै हरेक व्यक्तिले सबै खाले मानव अधिकारहरूको पूर्ण उपभोग गर्न पाउने कुरालाई सुनिश्चित गर्दछ र विद्यमान मानव अधिकार लागू गरिदा भिन्न यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको अनुभव तथा विशेष परिस्थितिहरू पनि ध्यानमा राखिनुपर्दछ र बालबालिका सम्बन्धी सबै कार्यहरूमा बालबालिकाको रूचि नै प्रमुख मानिनेछ साथै आफ्नो व्यक्तिगत धारणा बनाउन सक्षम बालबालिकाले ती विचारहरू/धारणाहरू स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने अधिकार राख्दछन् र त्यस्ता अभिव्यक्तिहरूलाई बालबालिकाको उमेर र परिपक्वता अनुरूप मान्यता दिइनुपर्दछ ।

तथ्य यो छ की, अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले मानव, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा सामाजिक अधिकारको पूर्ण उपभोगमा हुने भेदभावलाई कडा रूपमा निषेध गर्दछ र यौन अधिकार, यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानप्रतिको सम्मान भनेको महिला र पुरूषबीचको समानताको अभिन्न अंग हो राज्यले कुनै एउटा लिङ्गको आधारमा उच्च र निच छुट्याउने भेदभावपूर्ण चलनहरूलाई वा महिला वा पुरूषको पक्षपातपूर्ण भूमिकाहरूलाई निर्मूल गर्नका लागि उपायहरू अपनाउनुपर्दछ र अर्को महत्वपूर्ण तथ्य यो पनि छ की, अन्तर्राष्ट्रिय समुदायले जोडजबरजस्ती, भेदभाव तथा हिंसात्मक भई यौन तथा प्रजनन स्वास्थ्य लगायत उनीहरूको यौनिकतासँग सम्बन्धित सवालहरूमा व्यक्तिको स्वतन्त्र तथा जिम्मेवारीपूर्वक निर्णयहरू लिन सक्ने अधिकारलाई पनि मान्यता दिएको छ ।

यो कुरा ध्यानमा राख्नु पर्छ की, विविध यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका व्यक्तिहरूको जीवनमा समेत अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको उपयोगिता रहेको कुरा जोडदार एवं नियोजित ढङ्गबाट अभिव्यक्त गर्नु मुल्यवान हुन्छ ।

यो कुरा स्वीकार्नु पर्छ की, यस्ता अभिव्यक्तिहरू विद्यमान अन्तर्राष्ट्रिय मानव अधिकार कानून सङ्गत रहेको हुँदा, अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको विस्तार सँगै यी सिद्धान्तलाई निरन्तर समिक्षा गर्नु पर्दछ र विविध यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका व्यक्तिका लागि विभिन्न समय र क्षेत्रमा लागू गर्नु उपयुक्त हुन्छ ।

नोभेम्बर ६ देखि ९ २००७ मा जकार्ता, इण्डोनेशियामा भएको विज्ञहरूको बैठकले यी सिद्धान्तहरू ग्रहण गरेको घोषणा गर्दछ ।

# सिद्धान्त १

## विश्वव्यापी मानव अधिकारको उपभोग गर्न पाउने अधिकार

सबै व्यक्ति जन्मदा स्वतन्त्र हुन्छन् र प्रतिष्ठा र अधिकारमा समान छन् । सबै खाले यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका सबै व्यक्तिहरू सबै खाले मानव अधिकारको उपभोग गर्न स्वतन्त्र छन् ।

**राज्यहरूले**

(क) आफ्नो राष्ट्रिय संविधान र सम्बन्धित कानूनहरूमा सबै खाले मानव अधिकारको विश्वव्यापकता, अन्तरसम्बन्ध, अन्तरनिर्भरता र अभिभाज्यताको सिद्धान्तलाई आत्मसात् गर्दै सबैखाले मानव अधिकारको उपभेग गर्न व्यावहारिक प्रयासहरूको प्रत्याभुति दिनेछ ।

(ख) सबै खाले मानव अधिकारको उपभोगका लागि उपभोगलाई सहज तुल्याउन/एकरूपता ल्याउन फौजदारी कानून लगायत अन्य सम्बन्धित कानून समेत संशोधन गर्नेछ ।

(ग) व्यक्तिको लैङ्गिक पहिचान र यौन अभिमुखीकरणको परवाह नगरी सम्पूर्ण व्यक्तिले सम्पूर्ण मानव अधिकारको उपभोग गर्नका लागि शिक्षा र जनचेतना सम्बन्धी कार्यक्रम संञ्चालन गर्ने छ ।

(घ) लैङ्गिक पहिचान र यौन अभिमुखीकरण लगायत मानव पहिचानको सम्पूर्ण पक्षको राज्यको अन्तरसम्बन्ध र अभिभाज्यतालाई मान्यता दिने बहुलवादी दृष्टिकोणलाई राज्यको नीति र निर्णय प्रक्रियामा एकीकृत गर्नेछ ।

# सिद्धान्त २

## समानता र भेदभाव विरूद्धको अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा कुनै पनि भेदभाव विना मानव अधिकारको उपभोग गर्न हरेक व्यक्ति स्वतन्त्र छ । सबै व्यक्तिहरू कानूनका अगाडी समान छन् र यस्ता कुनै पनि

भेदभाव विना, अन्य कुन मानव अधिकारको उपभोगमा असर पारेको खण्डमा पनि कानूनको संरक्षणका समान भागीदार हुन्छन् । कानूनले यस्ता कुनै पनि भेदभाव विरूद्ध समान र प्रभावकारी संरक्षणको प्रत्याभूति दिनु पर्दछ।

यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा हुने भेदभाव भन्नाले यस्तो कुनै पनि भेद, पृथकीकरण, प्रतिबन्ध वा प्राथमिकता बुझिन्छ जसले कानूनका अगाडि समानतालाई वा कानुनकै अगाडि समान संरक्षणलाई समान आधारमा मौलिक स्वतन्त्रता र सम्पूर्ण मानव अधिकारहरूको मान्यता, उपभोग वा प्रयोगलाई रद्ध गर्ने वा क्षति पुऱ्याउने उद्देश्य वा प्रभाव हुन्छ । यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको आधारमा हुने भेदभावलाई लिङ्ग, जात, उमेर, धर्म, अपाङ्गता, स्वास्थ्य तथा आर्थिक स्थितिका आधारमा हुने भेदभावले थप जटिल तुल्याएको हुन्छ ।

राज्यहरूले

(क) कानूनले मान्यता दिएको उमेर पुगेका समान लिङ्ग भएका व्यक्तिहरू बीच आपसी सहमतीमा हुने यौन जन्या क्रियाकलापलाई अपराध मान्ने कुनै पनि कानून वा त्यस्ता कानूनी प्रयोजनको खारेजी गर्ने र त्यस राज्यको कानूनले तोकेको उमेरको हद असमान लिङ्ग भएका व्यक्ति सहर नै समान लिङ्ग भएका व्यक्तिहरूको हकमा समेत लागू गर्ने छ ।

(ख) यौन अभिमुखीकरण र लङ्गीक पहिचानका आधारमा सार्वजनिक र नीजि जीवनका पक्षहरूमा भेदभाव जन्य कानूनलाई निषेध र उन्मुलन् गर्नको लागि अनुकूल उपायहरू र कानूनी प्रयोजनहरू पारित गर्ने छ ।

(ग) विविध यौन अभिमुखीकरण भएका व्यक्तिहरूको यथेष्ट विकास सुनिश्चित गर्न यस्ता व्यक्ति वा समुहहरूलाई मानव अधिकारको समान उपभोग एवं प्रयोगको प्रत्याभुति दिन आवश्यक भएमा उचित कदमहरू अपनाउने छ । त्यस्ता कदमहरू भेदभावजन्य ठहरिनेछैनन् ।

(घ) यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा गरिने भेदभावको सम्पूर्ण प्रतिक्रियाहरूमा अन्य भेदभावहरू भन्दा कुन तरिकाबाट फरक हुन्छ भन्ने कुराको लेखाजोखा गर्ने छ ।

(ङ) कुनै पनि लैङ्गिक अभिव्यक्ति वा यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका व्यक्तिको हिनता बोध वा गुणवतामा आधारित विचार, भेदभाव, पक्षपाति धारणा, उन्मुलन गर्नका लागि शिक्षा र तालिम सम्बन्धी कार्यक्रम लगायत सम्पूर्ण उपयुक्त कदम उठाउने छ ।

# सिद्धान्त ३

## कानूनका अगाडि मान्यताको अधिकार

हरेक व्यक्तिलाई समाजको हरेक क्षेत्रमा व्यक्तिको रूपमा कानून समक्ष आफूलाई चिनाउने अधिकार हुन्छ । विविध यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका व्यक्तिले आफ्नो जीवनका सम्पूर्ण पक्षहरूमा कानूनको उपभोग गर्नेछन् । हरेक व्यक्तिको स्वपरिभाषित लैङ्गिक पहिचान र यौन अभिमुखीकरण उनीहरूको पहिचानको अभिन्न अङ्ग हुने र आत्मनिर्णय, प्रतिष्ठा र स्वातन्त्रताको सम्बन्धमा आधारभूत

पक्ष हुनेछ । व्यक्तिहरूको लैङ्गिक पहिचानलाई कानूनी मान्यता दिनका लागि हर्मोनल वा नि:संक्राकम उपचार वा अन्य चिकित्सकीय पद्धती वा यौनिक पुननिरूपण शल्यक्रिया गर्न कसैलाई पनि बाध्य तुल्याईने छैन । विवाह र अभिभावकत्वलाई लैङ्गिक पहिचानको परिचय दिनका लागि कानूनी बाधा पुऱ्याउने मापदण्डका रूपमा प्रयोग गर्न सकिने छैन । कसैलाई पनि उनिहरूको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान लुकाउन, दमन गर्न, वा इन्कार गर्न बाध्य तुल्याइनैछैन ।

राज्यले

(क) यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा भेदभाव विना नै हरेक व्यक्तिले कानून उपभोग गर्न सक्ने अधिकार निर्धिष्ट हुनु पर्दछ र आफुले आर्जेको सम्पत्ति (पुख्यौली लगायत) को बेचविखन गर्न, व्यवस्थापन गर्न, स्वामीत्व कायम गर्न, सन्धिसम्झौताहरू गर्न, सट्टापट्टा गर्ने अधिकारको निर्वाद उपभोग गर्ने वातावरणलाई सुनिश्चित गर्नेछ ।

(ख) हरेक व्यक्तिले स्वनिर्णय गरेको लैङ्गिक पहिचानको पूर्ण सम्मान र कानूनी मान्यता दिन आवश्यक सम्पूर्ण कानूनी, प्रशासकीय तथा अन्य उपायहरू अपनाउने छ ।

(ग) जन्म दर्ता प्रमाणपत्र, पार्सपोर्ट (राहदानी), नागरिकता प्रमाणपत्र, मतदाता प्रमाणपत्र र अन्य परि चय दिने सरकारी दस्तावेजहरूमा हरेक व्यक्तिद्धारा स्वनिर्णित लैङ्गिक पहिचानलाई सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासकीय तथा अन्य उपायहरू अपनाउने छ ।

(घ) सम्बन्धित व्यक्तिको गोपनियता र प्रतिष्ठालाई सम्मान गर्दै त्यस्ता कार्यविधिहरू दक्ष, निष्पक्ष तथा भेदभावरहित छन् भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(ङ) यदि कानून वा नितिले व्यक्तिको लिङ्गको आधारमा पृथकीकरण र पहिचान खोजेमा सम्पूर्ण वातावरण/अवस्थामा उनीहरूको परिचयात्मक दस्तावेजमा हुने परिर्वतनलाई मान्यता दिईने कुरा सुनिश्चित गर्ने छ ।

(च) लैङ्गिक संक्रमण वा पुनरनिरूपणबाट गुज्रिरहेका सम्पूर्ण व्यक्तिहरूलाई सामाजिक सहयोग प्रदान गर्न उनीहरू प्रति लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने छ ।

## सिद्धान्त ४

## बाँच्न पाउने अधिकार

सबैको बाँच्न पाउने अधिकार सुनिश्चित हुन्छ । कसैलाई पनि यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमासमेत बलजफ्ती बाँच्न पाउने अधिकारबाट बञ्चित गरिने छैन । यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा वा कानून अनुसार उमेर पुगेका व्यक्तिहरू बीच सहमतीमा हुने यौन जन्य क्रियाकलापलाई लिएर कसैलाई पनि मृत्यु दण्डको सजायँ दिईने छैन ।

राज्यले

(क) कानूनी रूपमा उमेर पुगेका समान लिङ्ग भएका व्यक्तिहरू बीच सहमतीमा हुने यौन जन्य क्रियाकलापलाई प्रतिबन्धित तुल्याउने वा निषेध गर्ने वा निषेधकारी प्रभाव पार्ने सम्पूर्ण अपराधलाई

खारेज गर्ने र माथि उल्लेखित प्रयोजनहरू खारेज नगरेसम्म कुनै पनि व्यक्तिलाई त्यस्ता कानून अर्न्तगत मृत्युदण्ड दिने छैन ।

(ख) कानूनी रूपमा उमेर पुगेका व्यक्तिहरू बीचमा सहमतीमा भएको यौन जन्य क्रियाकलापहरूलाई लिएर सजायँ भोगी रहेका वा सजाय कुरीरहेका व्यक्तिहरूलाई रिहा गर्नुका साथै मृत्युदण्डको सजायँ समेत हटाउने छ ।

(ग) यौन अभिमुखीकरण र लैङ्गिक पहिचानमा आधारीत व्यक्तिहरू माथि राज्यद्धारा प्रयोजित वा राज्यद्धारा परिचालित आक्रमणहरू बन्द गर्ने र त्यस्ता आक्रमण चाहे कुनै सरकारी अधिकारीहरू वा अन्य कुनै व्यक्ति वा समुहबाट भएको किन नहोस्, सोको कडाइका साथ अनुसन्धान गरी उपयुक्त प्रमाण जुटेको खण्डमा त्यस्ता व्यक्तिहरू उपर मुद्दा चलाई कारवाही गर्नुका साथै सजायँ दिईनेछ ।

## सिद्धान्त ५

## बैयक्तिक सुरक्षाको अधिकार

यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको परवाह नगरीसबै व्यक्तिहरूलाई सरकारी अधिकारी वा अन्य कुनै व्यक्ति वा समुहले शारिरिकरूपमा चोट पुऱ्याउने वा अन्य कुनै हिंसा विरूद्ध राज्यद्धारा बैयक्तिक सुरक्षाका संरक्षणको अधिकार हुन्छ ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान संग सम्बन्धित सबैखाले हिंसा एवं भौतिक आक्रमण निरोध गर्ने र संरक्षण दिनआवश्यक सम्पूर्ण सुरक्षात्मक तथा अन्य उपायहरू अपनाउने छ ।

(ख) यौन अभिमुखीकरण र लैङ्गिक पहिचानमा आधारित कुनै व्यक्ति, समुह, एवं परिवार समेतको कुनै पनि हिंसाको धम्की/चेतावनी वा त्यस्तो हिंसालाई उक्साउने कामलाई अनुकूल हुने फौजदारी सजायँको व्यवस्था गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवम् अन्य उपायहरू अपनाउनेछ ।

(ग) त्यस्ता हिंसाहरूलाई सामान्य तुल्याउनका लागि पीडितको यौन अभिमुखीकरण र लैङ्गिक पहिचानलाई वाहनाको रूपमा प्रयोग गरिने छैन भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासकीय एवं अन्य उपायहरू अवलम्बन गरिनेछ ।

(घ) यस्ता हिंसाका घटनाहरू माथि कडाइका साथ अनुसन्धान गरी, मुद्दा चलाई, कारवाही गरी, आवश्यक सजायँ दिईने छ साथै पीडितहरूलाई पनि आवश्यक उपचारात्मक विधिका साथै उचित क्षतिपुर्ति दिईने छ ।

ङ) यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको आधारमा हुने हिंसा भेदभाव र पक्षपातीपूर्ण व्यवहारहरू रोक्नका लागि वास्तविक एवं संभाविक पिडक र सर्वसाधारण प्रति लक्षित जनचेतना जगाउने अभियानहरू संचालन गर्ने छ ।

# सिद्धान्त ६

## गोपनीयताको अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान जेसुकै भएता पनि सम्पूर्ण व्यक्तिहरू गैरकानूनी एवं बलजफ्ती हस्तक्षेप विनाको गोपनीताको अधिकार उपभोग गर्न स्वतन्त्र छन् । जसमा परिवार सम्बन्ध, घर वा अन्य पत्राचार वा मान र इज्जतमा कुनै पनि गैह्रकानूनी आक्रमण विरूद्धको संरक्षण सुनिश्चित गरिएको हुन्छ । गोपनीयता भन्नाले कुनै पनि सुचनालाई सार्वजनिक गर्ने नगर्ने कुरा र त्यस्ता कुराहरू भित्र यौन अभिमुखीकरण र लैङ्गिक पहिचान र कुनै व्यक्तिको आफ्नो शरीर र सहमतीमा हुने अन्य यौन जन्य क्रियाकलापहरू र अन्य व्यक्तिहरू सँगको सम्वन्धमा गरिने निर्णय र छनौट पनि पर्दछन् ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लङ्गीक पहिचान जेसुकै भएता पनि कानूनीरूपमा उमेर पुगेका व्यक्तिहरू बीच हस्तक्षेप बिना सहमतिमा हुने यौन जन्य क्रियाकलाप लगायत, मानवीय सम्बन्धहरू, नितान्त व्यक्तिगत निर्णयहरू गोप्य पक्षहरूसम्वन्धी अधिकारहरू हरेक व्यक्तिले उपभोग गरेको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक तथा अन्य उपायहरू अपनाउने छ ।

(ख) कानूनी रूपमा उमेर पुगेका समान लिङ्ग भएका व्यक्तिहरूबीच सहमतीमा हुने यौन जन्य क्रियाकलापहरूलाई अपराधिकरण गर्ने कानूनको खारेजी गर्ने तथा कानूनी उमेरको हद समान लिङ्ग भएका वा असमान लिङ्ग भएका दुबै खाले व्यक्तिहरूमा एउटै कानूनी प्रावधान लागू हुन्छ भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(ग) कानूनी रूपमा उमेर पुगेका समान लिङ्ग भएका व्यक्तिहरू बीच हुने यौन जन्य क्रियाकलापलाई गैरकानूनी ठहऱ्याउने वा अपराध ठहऱ्याइ सामान्य फौजदारी कानून लागू गरेको छैन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(घ) लैङ्गिक पहिचान अभिव्यक्त गर्ने कुनै पनि कुरा जस्तै लवाई, बोलीचाली, पोशाक, वा शरीरको माध्यमबाट कुनै पनि व्यक्तिलाई आफ्नो लैङ्गिक पहिचान बदल्न र अभिव्यक्त गर्न निषेध गर्ने वा अपराधिकरण गर्ने कुनै पनि कानूनलाई खारेज गर्ने छ ।

(ङ) उमेर पुगेका व्यक्तिहरूबीच सहमतिमा भएको यौन जन्य क्रियाकलापलाई अपराध ठहऱ्याई बन्दी बनाईएको र गिरफ्तार गरिएको भएमा त्यस्तो गिरफ्तारी लैङ्गिक पहिचान सँग सम्बन्धित भएको खण्डमा त्यस्ता व्यक्तिहरूलाई रिहा वा कैदमुक्त गर्ने छ ।

(च) लैङ्गिक पहिचान वा यौन अभिमुखीकरणको सम्बन्धमा कोसँग कहिले र कसरी सुचना खोल्ने भन्ने कुरा छनौट गर्ने अधिकार र त्यस्ता सुचनाको जबरजस्ती सार्वजनिकीकरण वा सार्वजनिक गर्ने धम्कीबाट संरक्षणको अधिकार सम्पूर्ण व्यक्तिहरूलाई सुनिश्चित गर्ने छ ।

## सिद्धान्त ७

## बलजफ्ती स्वतन्त्रतामाथि बन्देज लगाउने विरुद्धको अधिकार

कसैलाई पनि बलजफ्ती गिरफ्तारी वा नजरबन्दीमा राखिने छैन । यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको अधारमा चाहे अदालतद्धारा जारी आदेश होस् वा अन्य अधिकारी द्धारा हुने गिरफ्तारी वा नजरबन्द होस् त्यसलाई बलजफ्ती गिरफ्तारी मानिनेछ । व्यक्तिको यौन अभिमुखीकरण र लङ्गीक पहिचानको पर्वाह नगरी हरेक व्यक्तिलाई आफू आफूलाई कैद गरीएको कारण र लगाइएको आरोप र त्यसको प्रकृतिबारे समानताका आधारमा सूचना पाउने अधिकार राख्दछन् । कुनै कसुर लगाइएको खण्डमा अदालती प्रक्रिया सुरुगर्न वा स्थापित गर्नका लागि न्यायिक अधिकारी समक्ष उपस्थित गराई गिरफ्तारी वा नजरबन्द गरिएको तथ्य कानून संगत भएको कुरा निर्णय गर्नु पर्दछ ।

राज्यले

(क) पक्षपाती भए गिरफ्तार गर्न सघाउने, ठाउँ दिने वा अस्पष्ट वा दोहोरो अर्थ लाग्ने शब्द प्रयोग भएको कानूनी प्रयोजनहरूको निमूर्ल गरी यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा कसैलाई पनि कुनै पनि हालतमा गिरफ्तारी गरिने भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनीक तथा अन्य उपायहरू अपनाउने छ ।

(ख) व्यक्तिको यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानको पर्वाह नगरी हरेक व्यक्तिले आफू आफूलाई कैद गरिएको कारण र लगाइको आरोप र त्यसको प्रकृति बारे समानताका आधारमा सूचना पाउने अधिकार सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक तथा अन्य उपायहरू अपनाउनेछ ।

(ग) व्यक्तिको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा हुने बलजफ्ती गिरफ्तारी वा नजरबन्दीको विरूद्ध कानून पालना गराउने अधिकारी र प्रहरीहरूलाई यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको सम्बन्धमा शिक्षित तुल्याउन जनचेतना मुलक तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने छ ।

(घ) सम्पूर्ण गिरफ्तारी तथा पक्राउका अभिलेख दुरूस्त र अध्यावधिक गर्ने जसमा गिरफ्तारीको कारण समय र स्थान किटान वा उल्लेख गरिएको हुनु पर्दछ र गिरफ्तारी वा प्रक्राउको पहिचान गर्न प्रयाप्त कार्यादेश भएका र साधन सम्पन्न निकायहरूलाई सम्पूर्ण गिरफ्तारी र बन्दीको स्वतन्त्र सुपरिवेक्षणको सुनिश्चित गर्ने छ ।

## सिद्धान्त ८

## निश्पक्ष सुनुवाईको अधिकार

कानूनद्धारा स्थापित स्वतन्त्र निश्पक्ष एवं सक्षम अदालतमा सार्वजनिक वा निश्पक्ष सुनुवाईको अधिकारको हरेक व्यक्ति भागीदार हुन्छ र आफ्नो अधिकार एवं कर्तव्य/जिम्मेवारीको निर्णय गर्दा मुद्दा हाल्दा उनीहरू विरूद्ध कुनै पनि फौजदारी आरोपका निर्णय गर्दा यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा पक्षपात वा भेदभाव गरिनु हुँदैन ।

राज्यले

(क) अधिकार र कर्तव्य निर्धारण गर्ने नागरीक र फौजदारी कारवारहीको वा न्यायिक प्रक्रियाको सबै चरणमा न्यायिक र प्रशासनिक काम कारवाहीको तहमा लैङ्गिक पहिचान र यौन अभिमुखीकरणका आधारमा गरिने पक्षपातपूर्ण व्यवहारलाई उन्मुलन र निषेध गर्ने र यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको कारण देखाई कसैको पनि पक्ष, अधिवक्ता, साक्षी नितिनिर्माताको विरोध गरिने छैन भन्नेकुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक तथा अन्य उपायहरू अपनाउने छ ।

(ख) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानद्वारा प्रेरित पूर्ण/आंशिक रूपले सञ्चालन गरिएका कानूनी प्रक्रिया वा फौजदारी कारवाही विरूद्ध व्यक्तिहरूलाई संरक्षण दिन आवश्यक सम्पूर्ण मनासिव कदमहरू उठाउनेछ ।

(ग) अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी मापदण्ड, समानता र भेदभावहरू विरूद्धका सिद्धान्तको बारेमा यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको सम्वन्धमासमेत न्यायधिसहरू, अदालतका कर्मचारीहरू, अबियोक्ताहरू, अधिवक्ताहरू, तथा अन्यलाई जनचेतना जगाउने तालिम कार्यक्रमहरू सञ्चालन गर्ने छ ।

# सिद्धान्त ९

## नजरबन्द/कैद रहदाको अवस्थामा मानवीय व्यवहारको अधिकार

स्वातन्त्रता खोसिएका हरेक व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुका साथै व्यक्तिको रूपमा पाउने सम्मान तथा व्यवहार गर्नु पर्दछ । यौन अभिमुखीकरण र लैङ्गिक पहिचान हरेक व्यक्तिको प्रतिष्ठासँग अन्यो न्याश्रित ढङ्गबाट जोडिएको विषय हो ।

राज्यले

(क) यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको आधारमा कैद अवस्थामा बन्दी बनाईदा, व्यक्तिहरू थप सिमान्तकृत नहुन् वा हिंसाको जोखिमा नपरून्, शरीरीक, मानसिक वा यौन दुराचारको भागी नबनाइयुन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(ख) जेल भित्र रहेका सम्पूर्ण व्यक्तिहरूलाई यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानको आधारमा उनीहरूको विशेष आवश्यकताको पहिचान गर्दै आवश्यक परेको खण्डमा यौनिक पुननिरूपण तथा हर्मोनल वा अन्य उपचार पद्दति तथा एच आई भी/एडस् तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी लगायतका विषयहरूमा पहुँच र पर्याप्त स्वास्थ्य र परामर्श सेवा प्रदान गर्ने छ ।

(ग) आफ्नो यौन अभिमूखीकरण तथा लैङ्गिक पहिचानको उचित वा अनुकूल हुने स्थानको निर्णयको सम्बन्धमा सबै कैदीहरूको सहभागिता भएको कुराको सम्भांव्य हदसम्म सुनिश्चित गरनेछ ।

(घ) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान वा लैङ्गिक अभिव्यक्तिको आधारमा हुन सक्ने दुरव्यवहार र हिंसा विरूद्ध संरक्षणका उपायहरू कार्यन्वयन गर्नेछ र त्यसो गर्दा सामान्य कैदीहरूले अनुभव गरे भन्दा बढी अधिकारमा प्रतिबन्धात्मक अवस्थाहरू नभएको कुरा सुनिश्चित गर्ने छ ।

(ङ) दम्पतीको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानलाई वास्ता नगरी सम्पूर्ण कैदी र बन्दीहरूलाई

आफ्नो बैवाहिक सम्बन्धका नाता भएका व्यक्तिहरूलाई भेट्ने अनुमति समान आधारमा दिईने कुरा सुनिश्चित गर्ने छ ।

(च) राज्य, गैरसरकारी संगठन एवं यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानको सम्वन्धमा काम गर्ने संगठनलाई समेत बन्दि गृहमा बन्दीहरूको लागि उपलब्ध गराएको सुविधाको स्वतन्त्र अनुगमन गर्ने व्यवस्था प्रदान गर्नेछ ।

(छ) समानता र भेदभाव विरूद्धका सिद्धान्त र अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्डको बारेमा, यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको विषयमा समेत जेलका कर्मचारी र अन्य सम्बद्ध अधिकारीहरू र बन्दी प्रक्रियमा संलग्न सार्वजनिक नीजि संगठनहरूलाई समेत जनचेतना र तालिमका कार्यक्रमहरू संचालन गर्ने छ ।

## सिद्धान्त १०

## यातना, क्रुर, अमानवीय र अपमान जन्य सजाय वा व्यवहार विरुद्ध स्वतन्त्रताको अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका सम्बद्ध कारणहरू समेत हरेक व्यक्तिलाई यातना, क्रुर, अमानवीय र अपमान जन्य सजाय वा व्यवहार विरूद्ध स्वतन्त्रताकौ अधिकार रहेको हुन्छ ।

राज्यले

(क) यातना, क्रुर, अमानवीय र अपमान जन्य सजाय वा व्यवहारका पीडितहरूलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा गरिने वा दिइने यातना तथा क्रुर अमानवीय र अपमान जन्य सजाय वा व्यवहार विरूद्ध र त्यस्तो घटना गर्न उक्साउने क्रियाकलापहरूबाट समेत निरोध गर्न र संरक्षण प्रवर्धन गर्नाका लागि आवश्यक सम्पूर्ण कानूनी प्रशासकिय र अन्य उपायहरू अपनाउने छ ।

(ख) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा गरिने वा दिइने यातना तथा क्रुर अमानवीय र अपमान जन्य सजाय वा व्यवहारका पीडितहरू पत्ता लगाउनेका लागि आवश्यक सम्पूर्ण मनासिव कदमहरू उठाउने र पिडकलाई आवश्यकता अनुसार सजाय, हर्जाना र पीडितलाई क्षेतिपूर्ति एवं आवश्यक भएमा स्वास्थ्य र मनोवैज्ञानिक उपचार सहयोग समेत प्रदान गर्ने छ ।

(ग) त्यस्ता गतिविधिहरू गर्न सक्ने वा निरोध गर्ने प्रहरी,जेल कर्मचारी तथा अन्य कर्मचारीहरूका लागि तालिम र जनचेतनाका कार्यक्रमहरू संचालन गर्ने छ ।

## सिद्धान्त ११

## सबैखाले शोषण, बेचविखन र तस्करी विरुद्धको संरक्षणको अधिकार

वास्तविक वा ग्रहण गरिएको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा गरिने शोषण लगायत सबै खाले तस्करी र बेचविखन विरूद्ध हरेक व्यक्ति सुरक्षित हुने अधिकारको भागीदार हुन्छ ।

तस्करीलाई निरोध गर्न अपनाइएका कदमहरूले ग्रहण गरेको वा वास्तविक यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान वा यी वा अन्य पहिचानको अभिव्यक्तिका आधारमा हुने असमानता, र भेदभावहरू लगायत जोखिम बढाउने तत्वहरूलाई संबोधन गर्नु पर्दछ । यस्ता उपायहरू तस्करीबाट जोखिममा रहेको व्यक्तिहरूको मानव अधिकारको विरोधाभासी हुनुहुँदैन ।

राज्यले,

(क) सम्पूर्ण मानव जातिलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा यौन शोषण लगायत सबै खाले शोषण, बेचविखन र तस्करी विरूद्ध रोकथाम र संरक्षण दिन आवश्यक कानूनी, प्रशासकिय र अन्य उपायहरू अपनाउने छ ।

(ख) यस्ता कानूनहरूले त्यस्ता क्रियाकलापबाट हानी पुग्ने जोखिममा रहेका पिछडिएका व्यक्तिहरूको स्थितिलाई अझै विगार्ने छैन वा त्यस्ता व्यक्तिहरूको बानी व्याहोरालाई अपराधीकरण गरिने छैन र कलंकीत तुल्याइने छैन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(ग) वास्तविक वा गृहण गरिएको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा हुने यौन शोषण लगायत तस्करी बेचविखन र आवास सुविधा, रोजगार तथा सामाजिक सेवाहरूको अभाव लगायत सामाजिक बहिष्करण, भेदभाव, परिवार वा सास्कृतीक समुदायबाट बहिस्करण, आर्थिक स्वतन्त्रताकौ अभाव, आवासबिहिना, हतोत्साहि तुल्याउने भेदभावजन्य सामाजिक धारणा लगायत सबै खाले शोषणको जोखिम बढाउने तत्वहरूलाई सम्बोधन गर्नका लागि कानूनी शैक्षिक र सामाजिक उपायहरू, सेवा तथा कार्यक्रमहरू संञ्चालन र स्थापना गर्नेछ ।

## सिद्धान्त १२

## कामको अधिकार

हरेक व्यक्तिलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव नगरी बेरोजगारी विरूद्ध उपयुक्त उत्पादनशिल काम र कार्य सुहाउँदो न्यायोचित र सहज वातावरणको अधिकार हुन्छ ।

राज्यले

(क) सार्वजनिक वा निजी रोजगारको क्षेत्रमा व्यवसायिक तालिम, छनौट वा भर्ना, बढुवा ,निष्काशन कार्यका अन्य शर्त एवं ज्यालाको सम्बन्धमा समेत यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा हुने भेदभावलाई निषेध र उन्मुलन गर्न आवश्यक सम्पूर्ण कानूनी प्रशासनिक तथा अन्य उपायहरू अपनाउने छ ।

(ख) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा सार्वजनिक सेवाको हरेक क्षेत्रमा समान रोजगार तथा उन्नतीका अवसरहरूमा कुनै पनि विधमान भेदभावलाई उन्मुलन गर्ने जसमा सबै तहका सरकारी सेवा तथा रोजगारी ,सार्वजनिक कार्यहरू, प्रहरी र सैन्य सेवा समेतमा भेदभाव पूर्ण धारणको सामना गर्न आवश्यक जनचेतानामूलक कार्यक्रमहरू तथा तालिमहरू संञ्चालन गर्ने छ ।

# सिद्धान्त १३

## सामाजिक सुरक्षा र अन्य सामाजिक संरक्षणका उपायहरूको अधिकार

हरेक व्यक्तिलाइ यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव रहित सामाजिक सुरक्षा र अन्य सामाजिक संरक्षणको अधिकार हुन्छ ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा कुनै भेदभाव विना नै सामाजिक सुरक्षा एवं संरक्षणको अन्य उपायहरूमा र रोजगारको सुविधा (सुत्केरी विदा) वेरोजागार भत्ता स्वास्थ्य विमा वा सुविधा (लैङ्गिक पहिचान सम्बन्धी आवश्यक शल्य क्रियासमेत) अन्य सामाजिक विमाहरू, पति पत्नी वा दम्पती, पारिवारिक सुविधा, किरियासुविधा, पती पत्नी वा दम्पती विमारी वा मृत्युले गर्दा हुने सहयोगको अभावको क्षतिपुर्तिका लागि निबृत्ति भणर वा अन्य सुविधाहरूमा समेत पहुँच भएको कुरा सुनिश्ति गर्ने छ ।

(ख) केटाकेटीहरू वा परिवारका कुनै पनि सदस्यहरूलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा सामाजिक सुरक्षा प्रणाली वा सामाजिक कल्याणकारी प्रयोजनहरूमा भेदभाव पूर्ण व्यवहारको शिकार बनाइने छैन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(ग) यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव नगरी गरिबी उन्मुलन रणनीति एवं कार्यक्रमहरूले सफलता पाइरहेको कुरा सुनिश्चित गर्नाका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

# सिद्धान्त १४

## स्तरीय जीवन बाँच्न पाउने अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव नगरी हरेक व्यक्तिको प्रर्याप्त खाना, सफा पिउने पानी, पर्याप्त सरसफाइ एवं लत्ताकपडा र जीवन स्तरको निरन्तर सुधार लगायत स्तरीय जीवन बाँच्न पाउने अधिकार हुन्छ ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव नगरी पर्याप्त खाना, सफा पिउने पानी, पर्याप्त सरसफाई एवं लत्ता कपडा सम्म समान पहुँच भएको कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

# सिद्धान्त १५

## पर्याप्त आवासको अधिकार

हरेक व्यक्तिलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा कुनै भेदभाव नगरी स्तरीय आवास र बलजफ्ती विस्थापन विरूद्ध संरक्षणको अधिकार हुन्छ ।

राज्यले

(क) आवधिक सुरक्षा तथा क्षमता भित्रको, बसोवास योग्य, सुलभ, साँस्कृतिक रूपले अनुकूल र सुरक्षित आवास, आकस्मीक सुविधा एवं अन्य आवासमा समेत यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान लगायत पारिवारीक वा वैवाहिक स्थितिको आधारमा कुनै भेदभाव नभएको सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(ख) अन्तर्राष्ट्रिय मानव अधिकार कानून सँग अमिल्दा उपायहरू र बलजफ्ती विस्तापनबाट संरक्षण दिनका लागि र कुनै पनि बलजफ्ती विस्तापनको शिकार हुन सक्ने व्यक्ति वा धम्कीपाएको व्यक्तिले सोको विरूद्ध संरक्षणको अधिकार उंल्लर्घन भएको दावी गरेमा, पुनरस्थापनाको अधिकार, समान वा बेहेत्तर जमीन प्रतिको अधिकार र पर्याप्त आवासको अधिकार यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान र वैवाहिक वा पारिवारीक स्थितिको आधारमा समेत भेदभाव नगरी पर्याप्त र प्रभावकारी कानूनी एवं अन्य उपयुक्त उपचारहरू त्यस्ता व्यक्तिहरूका लागि उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(ग) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव नगरी हरेक व्यक्तिको पुख्यौली सम्पत्ती, जमिन र आवासको स्वामित्व माथिको समान अधिकार सुनिश्चित गर्ने छ ।

(घ) बालबालिकाहरू र युवाहरू माझ आवाश हिनताको सम्भावनालाई बृद्धि गर्ने सामाजिक पृथकीकरण, घरायसी एवं अन्य खालको हिंसा, भेदभाव, आर्थिक स्वातन्त्रताको अभाव र पारिवारीक एवं साँस्कृतिक समुदायहरू द्वारा बहिस्करण र छरछिमेकमा सहयोग र सुरक्षा परियोजनालाई प्रबर्द्धन गर्ने कार्यक्रमहरूलाई समेत यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानलाई प्रभाव पार्ने तत्वहरू सम्बन्धमा सामाजिक र सहायक कार्यक्रमहरू सञ्चालन गर्ने छ ।

(ङ) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परिणाम स्वरूप आवास विहिनताको समस्या भोगेका वा सामाजिकरूपमा पछि परेकाहरूको आवश्यकताहरू प्रति सम्बन्धित सम्पूर्ण निकाय संवेदनशिल र सचेत छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि तालिम र जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्नेछ ।

# सिद्धान्त १६

## शिक्षाको अधिकार

हरेक व्यक्तिलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा हुने भेदभाव विना नै शिक्षाको अधिकार हुन्छ र यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानलाई समेत ध्यान दिनु पर्दछ ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा कुनै भेदभाव विना नै शिक्षा प्रणाली भित्र हरेक विद्यार्थी, शिक्षक र कर्मचारीहरूलाई समान व्यवहार र हरेकको शिक्षामा समान पहुँच छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानुनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

खं) शिक्षालाई हरेक केटा केटीको संभाव्य पूर्णतम व्यक्तित्व क्षमता तथा मानसिक एवं शारिरीक क्षमताहरूको विकासमा लगाइने छ र केटा केटीको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आवश्यकतालाई समेत ध्यान दिइनेछ भन्ने कुरा सुनिश्चित छ ।

(ग) विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानलाई ध्यानमा राखी मानव अधिकार प्रतिको सम्मानको विकास गर्ने र केटाकेटीको बाबु आमा र परिवारका सदस्यहरूको साँस्कृतिक पहिचान, भाषा तथा मुल्याहरूलाई समेत समझदारी, शान्ति, सहिष्णुता र समानताको भावना अनुसार सम्मान विकास गर्ने तर्फ शिक्षा निर्देशित छ भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(घ) शिक्षाको विधि, पाठ्यक्रम र स्रोतहरू विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान र अन्य कुराहरू लगायत विशेष आवश्यकता भएको विद्यार्थीहरू र उनीहरूको अभिभावक तथा परिवारका सदस्यहरूको पनि सम्मान र समझदारी बढाउने तर्फ निर्दिष्ट भएको भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(ङ) विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका शिक्षक कर्मचारी एवं विद्यार्थीहरूलाई (Bullying) र हतोत्साही गर्ने लगायत विद्यालय वातावरणमा हुने सबै खाले भेदभाव र सामाजिक पृथकीकरणका विरूद्ध निति तथा कानूनले पर्याप्त संरक्षण दिएको छ भन्ने कुरा सुनिश्चित गर्नै छ ।

(ङ) त्यस्ता भेदभाव वा हिंसाबाट पीडित विद्यार्थीहरूलाई संरक्षणको नाममा अझ पछि पारिने छैन र गलहत्याइने छैन र उनीहरूको सर्वोपरि हित पत्ता लगाई सहभागितात्मक ढंगबाट सम्मान गरिएको छ भन्नेकुरा सुनिश्चित गर्ने छ ।

(च) विद्यार्थीको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान र त्यसको अभिव्यक्तिको आधारमा अनुशासन र सजायँमा भेदभाव नगरी शैक्षिक संस्कारहरूमा मानव प्रतिष्ठामा आँच नआउने गरी अनुशासनको व्यवस्था गरिएको कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण न्यायिक, प्रशासकिन एव अन्य उपायहरू अपनाउने छ ।

(छ) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको पर्वाह नगरी पीडा भोगिसकेका बयस्क र सबैलाई आजीवन सिकाईका लागि अवसर र स्रोतहरूमा पहुँच भएको कुरा सुनिश्चित गर्ने छ ।

# सिद्धान्त १७

## स्वस्थ्य रहने अधिकार

हरेक व्यक्तिलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा भेदभाव नगरी शारिरीक र मानसिक रूपमा स्वास्थ्य रही बाँच्ने अधिकार हुन्छ । यौन तथा प्रजनन् स्वास्थ्य यो अधिकारको मुख्य पाटो हो ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा भेदभाव नगरी कुनै पनि व्यक्तिलाई स्वास्थ्य जीवन बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(ख) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव नगरी सबै व्यक्तिलाई यौन र प्रजनन् स्वास्थ्यको सवालमा आफ्नो स्वास्थ्यको अभिलेख, स्वास्थ्य स्याहार र सुविधा र सामग्री एवं सेवाहरूमा पहुँच छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(ग) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा भेदभाव नगरी हरेक व्यक्तिको स्वास्थ्य सम्बन्धी आवश्यकतालाई पुरा गर्न र स्वास्थ्य स्तर कायम राख्न र स्वास्थ्य स्याहार र सुविधाहरू तयार गरिएको कुरा तथा स्वास्थ्य अभिलेखहरूमा गोपनियता कायम राख्ने कुरा सुनिश्चित गर्ने छ ।

(घ) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा व्यक्तिको स्वास्थ्य स्याहारमा असर पार्ने भेदभाव, पक्षपात एवं अन्य सामाजिक तथ्यहरूलाई न्यून पार्न कार्यक्रमहरूको विकास र कार्यान्वयन गर्ने छ ।

(ङ) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा भेदभाव नगरी हरेक व्यक्तिलाई स्वास्थ्य सम्बन्धी सेवा र स्याहार प्राप्त गर्न वास्तविकरूपमा सहमती दिनका लागि सवल र सुसूचित छन् भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(च) यौन एवं प्रजजन् स्वास्थ्य, स्याहार, रोकथाम, उपचारको कार्यक्रम तथा सेवाहरूले यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको विविधतालाई सम्मान गर्दै, यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा भेदभाव विनानै स्वास्थ्य सेवा सबैलाई समान रूपले उपलब्ध भएको कुरा सुनिश्चित गर्ने छ ।

(छ) लैङ्गिक रूपमा पुनरनिरूपण गर्ने र शारिरीक अनुकूलन गर्न चाहने व्यक्तिको सम्बन्धमा दक्ष एवं भेदभाव मुक्त स्वास्थ्य स्याहार सम्मको पहुँचलाई सहजीकरण गर्ने छ ।

(ज) स्वास्थ्य कर्मीहरूले सम्पूर्ण ग्राहक एवं सेवा प्रदायकरूलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा समेत भेदभाव नगरी त्यस्ता चिनिएका, रक्त सम्बन्ध नभएका साथि, साझेदारलाई समेत उपचार गर्दछ भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(झ) हरेक व्यक्तिको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको सम्मान गर्दै, अन्य सबै व्यक्तिहरूलाई उच्च स्तरिय स्वास्थ्य सेवा पुऱ्याउन सक्षम तुल्याउनका लागि आवश्यक शिक्षा र तालिमका कार्यक्रमहरु र नीतिहरू अनुमोदन गर्ने छ ।

# सिद्धान्त १८

## स्वास्थ्यगत दुव्यवहारबाट संरक्षण

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा कुनै पनि व्यक्तिलाई मनोवैज्ञानिक एवं शारिरीक स्वास्थ्य उपचार परिक्षणका विभिन्न विधिहरू वा कुनै पनि निश्चित स्वास्थ्य सुविधामा मात्र सिमित

राख्न जवरजस्ती गरिने छैन । अन्य कुनै वर्गीकरणको परवाह नगरी यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान आफैमा कुनै खाले स्वास्थ्य सम्बन्धी अवस्था नभएको हुँदा यिनीहरूको उपचार वा दमन गरिने छैन ।

राज्यले

(क) व्यवहार, शारिरीक रूप वा उसले ग्रहण गरेको लैङ्गिक धारणाको सम्बन्धमा साँस्कृतिक वा अन्य किसिमको भेदभावपूर्ण धारणा (Stereotypes) र यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा हानिकारक स्वास्थ्यगत अभ्यासहरू नगरीएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण प्रशासनिक कानूनी वा अन्य उपायहरू अपनाउने छ ।

(ख) बालबालिकाको उच्चतम हितलाई ध्यान दिनु पर्ने कुरालाई महत्व दिदै बच्चाको उमेर र परिपक्वता अनुसार बच्चाको पूर्ण, स्वतन्त्र एवं सुसूचित रूपले सहमती प्राप्त गरेर मात्रै स्वास्थ्यका विभिन्न विधिहरू अपनाइनेछ । अन्यथा, कुनै पनि बालबालिका माथि स्वास्थ्यगत विधि (शल्यक्रिया) बाट फर्काउनै नसकिने गरी कुनै लैङ्गिक पहिचान वा शारीरिक परिवर्तन बलजफ्ती लादिने छैन भन्ने कुरा सुनिश्चित गर्ने आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक तथा अन्य उपायहरू अपनाउने छ ।

(ग) कुनै पनि बालबालिकाहरू स्वास्थ्यगत दुर्वव्यवहारको सिकार नबनुन् र जोखिमबाट समेत मुक्त रहुन् भन्नका लागि बालबालिका संरक्षण सयन्त्रको स्थापना गर्ने छ ।

(घ) अनैतिक र वाध्यात्मक स्वास्थ्यगत अनुसन्धान, खोप उपचार वा एच. आई. भी. एडस् वा अन्य रोगहरूका लागि गरिने सुक्ष्म किटाणुको परिक्षण समेत विरूद्ध विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको संरक्षण सुनिश्चित गर्ने छ ।

(ङ) विकासका लागि दिइने सहायता जस्ता देखिने स्वास्थ्यमा प्रयोग हुने कुनै पनि आर्थिक स्रोतले स्वास्थ्यगत दुरूपयोगलाई बढावा वा प्रश्रय दिन्छ भने त्यस्ता प्रयोजन वा व्यवस्थापन कार्यक्रमहरूलाई संशोधन र पुनरावलोकन गर्नेछ ।

(च) कुनै पनि शारिरीक वा मनोवैज्ञानिक उपचार पद्धति वा परामर्शले यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानलाई उपचार वा दमित गर्नुपर्ने स्वास्थ्यगत अवस्थाको रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले व्यवहार गर्ने छैन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

## सिद्धान्त १९

## विचार र अभिव्यक्तिको स्वातन्त्रताको अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परवाह नगरी, हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार हुन्छ जस अन्तर्गत आफ्नो परिचयको अभिव्यक्ति वा "व्यक्ति हुँ" भन्ने परिचयको अभिव्यक्ति, बोलीचाली, हिडाई वा चालढाल, शारिरीक वनावट/गुण, नामको छनौट र अन्य कुनै माध्यमद्धारा "व्यक्ति हुँ" भन्ने परिचय दिने स्वतन्त्रता समेत समाविष्ट हुन्छ र कुनै सिमानाको पर्वाह विना जुनसुकै माध्यमबाट पनि सूचना वा जानकारी खोज्ने वा ग्रहण गर्ने र बाड्ने स्वतन्त्रता समेत पर्दछ ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव नगरी कानूनी अधिकार सम्बन्धमा पैरवीका सामग्रीहरू प्रकाशन, सभा सम्मेलनहरूमा सहभागिता, कार्यक्रम प्रशासरण र सुचनाको ग्रहण र आदानप्रदान, सुरक्षित यौन सम्बन्धको सूचनाहरूमा पहुँच र प्रचार प्रसार समेत अरूको स्वतन्त्रताको सम्मान गर्दै विचार र अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी अधिरकारको पूर्ण रूपले उपभोग गरेको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(ख) कुनै पनि राज्यद्धारा नियन्त्रीत सञ्चार माध्यम र सूचनाहरू बहुलवादी भएको र यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव पूर्ण छैनन् र त्यस्ता संगठनहरूमा कर्मचारी भर्ना र बढुवा नितिहरू समेत यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव पूर्ण छैनन् भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(ग) बोली, हिडाई वा चालढाल, पोसाक, वा शारिरीक विशेषताहरूद्धारा "व्यक्ति हुँ" भन्ने परिचय दिने अधिकारको समेत उपभोग गर्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(घ) विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानलाई प्रस्तुत गर्ने कुनै पनि विचार वा अभिव्यक्ति स्वतन्त्रतालाई प्रतिबन्धित गर्ने गरी सार्वजनिक सुव्यवस्था, नैतिकता, सार्वजनिक स्वास्थ्य र सुरक्षा जस्ता कुनै पनि धारणाहरू प्रयोग नभएको कुरा सुनिश्चि गर्ने छ ।

(ङ) विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको प्रयोग गर्दा विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको स्वतन्त्रता र अधिकारको हनन् नहुने कुरा सुनिश्चित गर्नेछ ।

(च) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परवाह नगरी हरेक व्यक्तिले सार्वजनिक वहस र सूचना तथा विचारहरूमा समान पहुँच पाउने कुरा सुनिश्चित गर्नेछ ।

# सिद्धान्त २०

## शान्तिपुर्वक भेला र संघ सस्थासम्वन्धि स्वतन्त्रताको अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परवाह नगरी हरेक व्यक्तिलाई शान्तिपुर्वक विरोध प्रर्दशन लगायत भेला गरी विरोध प्रदर्शन गर्ने र संघ सस्थामा आबद्ध हुने अधिकार हुन्छ । विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा भेदभाव विना नै कुनै व्यक्तिले संघ संगठन खोल्ने र मान्यता प्राप्त गर्ने, व्यक्तिहरू बीच संचार सर्म्पक गर्ने वा व्यक्तिहरूसँगको बारेमा सूचना प्रवाह गर्ने अधिकार सम्बन्धी पैरवी गर्ने संघ सस्थाहरूसँग आवद्ध हुनसक्ने छन्।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव विना नै संघ संस्था वा समुहहरूले कानूनी मान्यता प्राप्त गर्न र शान्तिपुर्ण रूपले भेला हुन, संघ सगंठनले कार्यक्रम आयोजना गर्न र वहस गर्न पाउने अधिकारको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी प्रशासनिक वा अन्य उपायहरू अपनाउने छ ।

(ख) विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको प्रस्तुत गरेकै आधारमा शान्तिपूर्वक भेला हुने र संस्था खोल्ने अधिकार प्रतिबन्धित गर्ने गरी सार्वजनिक सूचना, नैतिकता, स्वास्थ्य तथा सार्वजनिक सुरक्षाको प्रयोग नगरिने कुरा सुनिश्चित गर्ने छ ।

(ग) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा कुनै पनि हालतमा शान्तिपुर्वक भेला हुने र संघ सस्था खोल्न अधिकारहरूमा बाधा नपुऱ्याउने र त्यस्ता अधिकार उपभोग गरेका व्यक्तिहरूलाई आवश्यक पर्याप्त प्रहरी सुरक्षा तथा अन्य भौतिक संरक्षण उपलब्ध गराउने कुरा सुनिश्चित गराउने छ ।

(घ) त्यस्तो संरक्षण प्रदान गर्नका लागि सक्षम तुल्याउन कानून पालना गराउने सम्बन्धित निकायहरू वा अन्य अधिकारीहरूलाई तालिम एवं जनचेतना मुलक कार्यक्रमहरू प्रदान गर्नेछ ।

(ङ) स्वयसेवी सगठन एवं समूहहरूलाई सूचना सार्वजनिक गर्ने अभ्यासमा वा सो क्रममा त्यस्ता यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको सवाललाई सम्बोधन गर्ने संगठन वा समुहहरूको सदस्यहरूप्रति भेदभाव पूर्ण प्रभाव नगरेको कुरा सुनिश्चित गर्ने छ ।

## सिद्धान्त २१

## धर्म, नैतिकता र आदर्शको स्वतन्त्रता प्रतिको अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको प्ररवाह नगरी हरेक व्यक्तिलाई धर्म, नैतिकता र आदर्शको स्वतन्त्रताको अधिकार हुन्छ । यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव गर्ने वा समान सरक्षण नदिने कानूनहरूको औचित्य स्थापित गर्ने राज्यद्वारा कुनै पनि कानून, नीति, कार्यक्रमहरू जारी गरिने छैन ।

राज्यले

(क) व्यक्तिहरूलाई ,एक्लै वा समुहमा ,आफ्नो धार्मिक वा गैरधार्मिक अभ्यासहरू गर्न कुनै पनि कुरामा विश्वास गर्न वा अस्वीकार गर्न र कुनै पनि विश्वास मान्न बाध्य तुल्याइने छैन र उनीहरूलाई कुनै पनि हस्तक्षेप विना, आफ्नो विश्वास कायम राख्न पाउने कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(ख) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको सम्बन्धमा कुनै पनि विचार प्रतिबद्धता र विश्वासहरू अभिव्यक्त गर्ने तरिकाहरूलाई बढावा दिन गरिने कुरालाई मानव अधिकारको प्रतिकुल हुने गरी प्रयोग नगरीने कुरा सुनिश्चित गर्ने छ ।

## सिद्धान्त २२

## स्वतन्त्रतापूर्वक आवतजावत गर्ने अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परवाह नगरी हरेक व्यक्तिलाई कानून संगत ढंगबाट राज्यभित्र स्वतन्त्रता पूर्वक आवतजावत गर्ने र राज्यको सिमाना भित्र बसोबास गर्ने अधिकार हुन्छ ।

कुनै पनि व्यक्तिलाई कुनै पनि देशमा प्रवेश गर्न वा आफ्नै राज्यमा फर्कनबाट वा अन्य आप्रवासमा जानबाट बाधा पुऱ्याउन वा सिमित तुल्याउनका लागि यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानलाई आधार मानिने छैन ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको पर्वाह नगरी हरेक व्यक्तिलाई स्वतन्त्र रूपले आवतजात र बसोवास गर्ने अधिकारको प्रत्याभूति दिइएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

## सिद्धान्त २३

## शरण खोज्ने अधिकार

प्रत्येक व्यक्तिलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानमा आधारित क्रुर अमानवीय व्यवहार समेत अन्य अमानवीय व्यवहारबाट बच्ने र शरण खोज्ने अधिकार हुन्छ । राज्यले कुनै पनि व्यक्तिलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा क्रुर, अमानवीय, अपमानजनक यातना वा सजायको त्रास छ भन्ने कुराको बलियो आधार भएमा कुनै पनि व्यक्तिलाई जबरजस्ती हटाउन, निस्कासन गर्न, वा सुपुर्दगी गर्ने छैन ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा क्रुर, अमानवीय, कारवाही वा यातनाको त्रास छ भन्ने बलियो आधार भएमा शरणाथीको रूपमा स्वीकार्न वा शरण माग्नका लागि बलियो आधार हो भनी सुनिश्चित गर्न कानूनहरू पुनरावलोकन, संशोधन र लागू गर्नेछ ।

(ख) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा कुनै पनि शरण खोज्ने व्यक्तिलाई कुनै पनि नीति वा व्यवहारले भेदभाव गरिने छैन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(ग) कुनै पनि व्यक्तिको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा अर्को राज्यमा कारवाही गर्ने, सजायँ दिने, यातना दिने, क्रुर अमानवीय र अपमानजनक व्यवहारको सिकार हुने आधार भएमा कुनै पनि राज्यले कुनै व्यक्तिलाई हटाउन, देश निकाला गर्न, वा सुपुर्दगी गर्ने छैन भन्नै कुरा सुनिश्चित गर्नेछ ।

## सिद्धान्त २४

## परिवार बसाउने अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परवाह विना नै हरेक व्यक्तिलाई परिवार बसाउने अधिकार हुन्छ । परिवारहरू विविध स्वरूपमा अस्तित्वमा रहेका हुन्छन् । कुनै परिवार र परिवारको कुनै पनि सदस्यलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा कुनै पनि भेदभाव गर्ने अधिकार छैन ।

राज्यले

(क) परिवार बसाउन यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव विना नै कृत्रिम गर्भाधारण (दाता वाट प्राप्त सुक्रकिट ग्रहण गरी समेत) वा धर्म पुत्र वा पुत्री स्वीकार्ने अधिकारमा पहुँच भएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक, एवं अन्य उपायहरू अपनाउने छ ।

(ख) वंशाणु वा वैवाहिक सम्बन्धबाट परिभाषित नगरिएका लगायत, जुनसुकै स्वरूप वा प्रकृतिको परिवारलाई कानूनी मान्यता दिएको कुरा सुनिश्चित गर्ने र परिवार सम्बन्धमा कल्याणकारी योजना र अन्य सार्वजनिक फाइदाहरू योजना एवम् बसाइसराईका सवालमा यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा कुनै पनि परिवारका सदस्यलाई भेदभाव गरिएको छैन भन्ने कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(ग) बालबालिका सम्बन्धी सार्वजनिक वा नीजि संस्थाहरूले अदालती, विधायकि वा प्रशासनिक निकायले निर्णय अथवा नितिनिर्माण वा अन्य क्रियाकलाप गर्दा ती बालबालिको यौन अभिमुखिकरण वा लैङ्गिक पहिचान र उसको परिवारका सदस्यहरूको यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानलाई पर्वाह नगरी बालबालिकाको सर्वोत्तम हितलाई नै सर्वोपरि महत्व दिइन्छ भन्ने कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपाय अपनाउने छ ।

(घ) बालबालिका सम्बन्धी निर्णय र कार्यक्रमको सम्बन्धमा बालबालिकाले विचार राख्न सक्ने क्षमता भएमा उनीहरूको विचारलाई स्वतन्त्रता पूर्वक अभिव्यक्त गर्न पाएको र उनीहरूको उमेर परिपक्वताको आधारमा महत्व दिएको कुरा सुनिश्चित गर्ने छ ।

(ङ) भिन्न यौन प्रकृति भएका दम्पती सरह समान यौन प्रकृति भएका दम्पतीलाई समेत राज्यले वैवाहिक मान्यता र अधिकार, सुविधा वा फाइदा सबै कुरा प्रति उत्तिकै हकदार भएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छन् ।

(च) असमान यौन प्रकृति भएका अविवाहित दम्पत्तिहरूलाई उपलब्ध कर्तव्य, सुविधा र अधिकार समान यौन प्रकृति भएका अविवाहित दम्पत्तिहरूलाई पनि उपलब्ध हुने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(छ) विवाह वा अन्य यस्तै कानूनी मान्यताका सम्बन्धहरू सहवासी दम्पत्तिहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र कायम गरिने कुरा सुनिश्चित गर्ने छ ।

# सिद्धान्त २५

## सार्वजनिक जीवनमा सहभागी हुने अधिकार

हरेक नागरिकलाई आफ्नो हितलाई असर पार्ने नीति निर्माणको तहमा र निर्वाचित भई जानु पर्ने सार्वजनिक पदहरूमा र लोक सेवाको तहमा, सार्वजनिक समारोहमा रोजगार, प्रहरी र शैन्य सेवामा समेत यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको पर्वाह नगरी सहभागी हुने अधिकार हुन्छ ।

राज्यले

(क) हरेक व्यक्तिको यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परवाह नगरी पूर्ण सम्मानका साथ सार्वजनिक जीवनका हरेक तह लगायत लोकसेवा, प्रहरी र सैन्यसेवा, सार्वजनिक र राजनैतिक मामिलामा सहभागी हुने अधिकारको पूर्ण उपभोग गरेको कुरा सुनिश्चित गर्नका लागि कानूनको पुनरावलोकन संसोधन तथा लागू गर्नु पर्छ ।

(ख) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा सार्वजनिक जीवनमा सहभागितालाई प्रतिबन्ध गर्ने भेदभावपूर्ण र पक्षपातपूर्ण तत्वहरूलाई निर्मुल गर्न सम्पूर्ण अनुकुल कदमहरू अपनाउनु पर्छ ।

(ग) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको भेदभाव नगरी पूर्ण सम्मानका साथ हरेक व्यक्तिलाई आफ्नो हितमा प्रभाव पार्ने नीतिनिर्माणको प्रक्रियामा सहभागी हुने अधिकार सुनिश्चित गर्नु पर्छ ।

## सिद्धान्त २६

## सास्कृतिक जीवनमा सहभागी हुने अधिकार

यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परवाह नगरी हरेक व्यक्तिलाई साँस्कृतिक जीवनमा सहभागी हुने र साँस्कृतिक सहभागिता मार्फत आफ्नो विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परिचय दिने अधिकार हुन्छ ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको परवाह नगरी पूर्ण सम्मानका साथ सबै व्यक्तिको साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(ख) राज्य भित्र विद्यमान विभिन्न साँस्कृतिक विशेषता भएका समुहहरू तथा यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको सवालमा भिन्न विचार राख्ने बीच सम्वाद र पारस्परिक सम्मानलाई बढावा दिने यस सिद्धान्तमा उल्लेख गरिए अनुसारको मानव अधिकारको सम्मान गरिएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपाहरू अपनाउने छ ।

## सिद्धान्त २७

## मानव अधिकार प्रवर्द्धन गर्ने अधिकार

यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानको आधारमा भेदभाव नगरी हरेक व्यक्तिलाई व्यक्तिगतरूपमा वा संगठनिक रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको संरक्षण र प्रत्याभूति दिने अधिकार हुन्छ । यस अन्तर्गत विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण र प्रबर्द्धनका क्रियाकलापहरू पर्दछन् , साथै नयाँ मानव अधिकारका धारणाहरूको विकास गर्नुका साथै त्यसको स्वीकृतिका लागि वकालत गने कुरा समेत पर्दछन् ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान लगायत सम्पूर्ण मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रत्याभूति दिने खालको उपयुक्त वातावरण सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अपनाउने छ ।

(ख) विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका वा कालागि काम गर्ने मानव अधिकार कर्मीहरू र यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानमा आधारित मानव अधिकार विरूद्ध गरिने व्यवहार/काम कारवाहीसँग सामाना गर्न सम्पूर्ण न्यायोचित उपायहरू अपनाउनेछ ।

(ग) विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानमा काम गर्ने मानव अधिकारकर्मीले वकालत गर्ने मानव अधिकारका सवालहरूको पर्वाह नगरी सबै मानव अधिकारकर्मीहरूलाई भेदभाव विना राष्ट्रिय/अन्तर्राष्ट्रिय मानव अधिकार संगठन वा निकायहरूमा सहभागिता र संचार सर्म्पक सुनिश्चित गर्ने छ ।

(घ) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका सवालमा काम गर्ने मानव अधिकार कर्मीहरूलाई मानव अधिकार सम्बन्धी क्रियाकलापको प्रतिक्रियामा राज्य वा गैरराज्य पक्षबाट हुने वा गरीएको कुनै पनि हिंसा, धम्की, प्रतिशोध कानूनी वा सरकारी भेदभाव ,दवाव वा कुनै स्वच्छा चारी क्रियाकलाप विरूद्ध संरक्षण सुनिश्चित गर्ने छ । माथि उल्लेखित संरक्षणहरू यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानमा मात्र आधारीत नभई जुनसकै मानव अधिकार सम्बन्धी क्षेत्रमा काम गर्ने मानव अधिकार कर्मीहरूलाई सुनिश्चित गर्नेछ ।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएको व्यक्तिहरूको मानव अधिकार सुरक्षण तथा प्रबर्द्धन गर्नै सगंठनहरूलाई मान्यता र ओहदा प्राप्त गर्न सहयोग गर्ने छ ।

## सिद्धान्त २८

## प्रभावकारी उपचार र सम्बोधनको अधिकार

मानव अधिकार हिंसा पीडितहरू, यौन अभिमुखिकरणका आधारमा पीडित गराईएका हरूलाई समेत प्रभावकारी, पर्याप्त र न्यायोचित उपचारको अधिकार हुन्छ । पीडितलाई क्षतिपूर्ति, पिडकलाई सजाय र अभियोजनको व्यवस्था गर्न उठाइएका सम्पूर्ण कदमहरू वा विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका व्यक्तिहरूका लागि माथि उल्लेखित कुराहरू प्राप्त गर्नु वा प्रक्रिया अगाडि बढाउनु प्रभावकारी उपचार र संबोधन सम्बन्धी अधिकारको अभिन्न अङ्ग हो ।

राज्यले

(क) यौन अभिमुखिकरणका आधारमा भएका मानव अधिकार उल्लंघनका घटनाहरूका पीडितहरूलाई हर्जाना, क्षतिपूर्ति, पुनस्थापना ,सन्तुष्टि, पुन नदोहरीने प्रत्याभूति र अन्य कुनै न्यायोचित उपायहरूद्धारा गर्नुपर्ने संबोधनका लागि पहुँच भएको कुरा सुनिश्चित गर्न नीति र कार्यक्रमहरूको पुनरावलोकन समेत गरी कानूनी प्रक्रियाको स्थापना गर्नेछ ।

(ख) कानूनी उपचारहरू समयमा नै कार्यन्वयन र क्रियाशिल गराइएका कुरा सुनिश्चित गर्ने छ ।

(ग) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा हुने मानव अधिकार हिंसा विरूद्ध कानूनी उपचार र संबोधनका लागि प्रभावकारी र स्तरीय संस्थागत व्यवस्था भएको कुरा सुनिश्चित गर्ने र कर्मचारीहरू समेत सो सम्बन्धमा तालिम प्राप्त भएको कुरा सुनिश्चित गर्ने छ ।

(घ) सबै व्यक्तिलाई क्षतिपूर्ति र सम्बोधन प्राप्त गर्ने प्रक्रियाहरूको आवश्यक सम्पूर्ण जानकारीमा पहुँच भएको कुरा सुनिश्चि गर्ने छ ।

(ङ) सम्बोधन प्राप्त गर्ने प्रक्रियाका लागि लाग्ने खर्च व्यहोर्न नसक्ने व्यक्तिहरूलाई आर्थिक सहयोग प्रदान गरिएको र त्यस्तो कानूनी सम्बोधन प्राप्त गर्नका लागि हुने अन्य कुनै आर्थिक वा अन्य बाधा वा अड्चनहरू हटाइएको कुरा सुनिश्चित गर्ने छ ।

(च) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानमा आधारीत भेदभावको सामना गर्न यसै सिद्धान्तमा आधारित भई अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्डहरूको सम्मान र सम्मीलन प्रवर्दन गर्न र मानव अधिकारका सम्भाव्य उलत्त्न कर्ताहरूमा, पेशागत निकायहरूमा, विद्यार्थी र शिक्षकलाई लक्षित गरी सार्वजनिक शिक्षाको सबै तहमा समेत जनचेतना र तालिम कार्यक्रमहरू सुनिश्चित गर्नेछ ।

## सिद्धान्त २९

## उत्तरदायित्व

हरेक व्यक्ति जसको मानव अधिकार यस सिद्धान्तमा उल्लेखित अधिकारहरूको समेत उल्लंघनको घटनाको गम्भीरताको आधारमा चाहे सरकारी वा गैह्रसरकारी निकाय वा अधिकारी जोसुकैले घटाएको भए तापनि यस सिद्धान्तमा उल्लढंगबाट जवाफदेही तुल्याइने छ । यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान सम्बन्धी मानव अधिकारको उल्लंघनकर्तालाई दण्डबाट छुटकारा दिनु हुँदैन ।

राज्यले

(क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानसँग सम्बन्धित मानव अधिकारको उल्लंघनका घटनाहरूको उत्तरदायित्व सुनिश्चित गर्न अनुगमन संयत्रका साथै न्यायोचित, सुलभ र प्रभावकारी फौजदारी, नागरिक, प्रशासनिक तथा अन्य प्रक्रियाहरू स्थापना गर्नेछ ।

(ख) वास्तविक वा ग्रहण गरिएको यौन अभिमुखीकरणका आधारमा पीडितलाई लगाइएका सम्पूर्ण अपराधिक आरोपको सीघ्रातीसीघ्र र गहनताका साथ अनुसन्धान गरी प्रमाणहरू फेला परेको हदसम्म कानून बमोजिम त्यस्ता जिम्मेवार व्यक्तिलाई मुद्दा चलाइएको र कारवाही गरिएको कुरा सुनिश्चित गर्ने छ ।

(ग) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा हुने भेदभावको अन्त्य सुनिश्चित गर्नका लागि कानून र नीति निर्माण र कार्यान्वयनको अनुगमन गर्ने स्वतन्त्र एवंम् प्रभावकारी संस्था तथा प्रक्रियाहरूको स्थापना गर्नेछ ।

(घ) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भएको मानव अधिकार उल्लंघनको घटनाप्रति कुनै पनि व्यक्तिलाई जिम्मेवार तुल्याउन, वाधा पुर्‍याउने कुनै पनि वाधा अड्काउलाई हटाउनेछ ।

## अतिरिक्त सुझावहरु

समाजका सम्पूर्ण सदस्यहरू र अन्तर्राष्ट्रिय समुदायहरू मानव अधिकार सुनिश्चित भए नभएको निर्क्योल गर्न जिम्मेवार हुन्छन् । त्यसैले, हामी यो सिफारिस गर्छौं की:

(क) संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी उच्चायुक्तको कार्यालयले यी सिद्धान्तहरूलाई पारित गर्नुका साथै विश्वव्यापी रूपमा कार्यान्वयन प्रवर्द्धन गर्न र सो कार्यालयले फिल्ड तहसम्मका आफ्ना गतिविधिहरूमा समेत यी सिद्धान्तहरूलाई एकीकृत गर्नु पर्दछ ।

(ख) संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्ले यी सिद्धान्तहरूलाई पारित गरी, राज्यले यी सिद्धान्तहरूको अनुशरण गरून् भन्ने कुरालाई जोड दिंदै, यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा हुने मानव अधिकार उल्लंघनका घटनाहरूलाई यथेष्ट महत्व दिनु पर्दछ ।

(ग) संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी विशेष कार्यविधिले यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा हुने मानव अधिकार उल्लंघनका घटनाहरूप्रति यथेष्ट ध्यान पुऱ्याउँदै यी सिद्धान्तहरूलाई आफ्ना निर्दिष्ट कार्यादेशहरूमा एकीकृत गर्दै लैजानुपर्दछ ।

(घ) सन् १९९६ को प्रस्तावना धारा ३१ अनुसार संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक परिषद्ले विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य लिएका गैर सरकारी संस्थाहरूलाई मान्यता र ओहदा प्रदान गर्नुपर्दछ ।

(ङ) परीक्षण र Case law मा समेत आवश्यकतानुसार व्याख्यात्मक लिखतहरू वा साधारण टिप्पणीहरू विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको हकमा मानव अधिकार कानूनहरू लागू गर्दा संयुक्त राष्ट्रसंघीय मानव सन्धी सम्वन्धी निकायहरूले यी सिद्धान्तहरूलाई आफ्ना निर्दीष्ट कार्यादेशको कार्यान्वयनलाई जबरजस्त वा दिगो रूपमा एकीकृत गर्नुपर्दछ ।

(च) विश्व स्वास्थ्य संगठन र UNAIDS ले विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको मानव अधिकारको पूर्ण सम्मान गर्दै उनीहरूको आवश्यकतालाई पूर्ति गर्ने प्रयोजनका लागि स्वास्थ्य सेवा र स्याहार सम्बन्धमा निर्देशिकाको विकास गर्नु पर्दछ ।

(छ) संयुक्त राष्ट्रसंघीय शरणार्थी सम्बन्धी उच्चायुक्तले यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा सजायँ पाउने वा अन्य यातनाको पीडित हुने बलियो आधार भएको व्यक्तिहरूको संरक्षण गर्नका लागि यी सिद्धान्तहरूलाई एकीकृत गर्नुपर्छ र शरणार्थी स्थिति निर्धारण गर्ने सवालमा वा मानवीय सहायता प्रदान गर्ने सवालमा वा अन्य सेवाहरूको सम्बन्धमा यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा कुनै पनि व्यक्तिलाई भेद्भाव नगरेको कुरा सुनिश्चित गर्नु पर्दछ ।

(ज) मानव अधिकारप्रति प्रतिबद्धता भएका क्षेत्रीय तथा उपक्षेत्रीय अन्तर-सरकारी संगठनहरू र मानव अधिकार सम्बन्धी सन्धिका क्षेत्रीय निकायहरूले तिनीहरूका मानव अधिकार सम्बन्धी सयन्त्रहरू, कार्यविधि तथा अन्य पहल एवंम् व्यवस्थाहरूको कार्यादेशको कार्यान्वयनमा यी सिद्धान्तहरू अभिन्न अंगका रूपमा रहेका हुन्छन् भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ ।

(झ) क्षेत्रीय मानव अधिकार अदालतहरूले मानव अधिकार सन्धिसँग सान्दर्भिक हुने सिद्धान्तहरूलाई उनीहरूले व्याख्या द्वारा यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको सवालमा Case Law (केस ल) विकास गर्नका लागि जोडदार रूपमा एकीकृत गर्नु पर्दछ ।

(ञ) राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार सम्बन्धी काम गर्ने गैह्र-सरकारी संगठनहरूले आफ्नो विशेष कार्यादेशको सीमाभित्र रही यी सिद्धान्तहरू प्रतिको सम्मान प्रवर्द्धन गर्नु पर्दछ ।

(ट) मानवीय संगठनहरूले मानवीय वा उद्धार कार्यक्रमको सिलसिलामा यी सिद्धान्तहरूलाई आत्मसात गर्छ र सहायता र अन्य सेवाहरूको व्यवस्था गर्दा कुनै पनि व्यक्तिलाई यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा भेद्भाव हुन नदिने कुरा सुनिश्चित गर्नु पर्दछ ।

(ठ) राष्ट्रिय मानव अधिकार संस्थाहरूले राज्य र गैह्र राज्य पक्षहरूमा यी सिद्धान्तहरूप्रति सम्मानको प्रवर्द्धन गर्नु पर्छ र आफ्नो कामकारवाहीमा विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण र प्रवर्द्धनलाई एकिकृत गर्नुपर्दछ ।

(ड) विभिन्न पेशागत संगठनहरू जस्तैः स्वास्थ्य, नागरिक, न्यायिक तथा शैक्षिक क्षेत्रले यी सिद्धान्तहरूको कार्यान्वयनको जबरजस्त प्रवर्द्धन सुनिश्चित गर्नका लागि आफ्नो अभ्यासहरू र निर्देशिकाहरू पुनरावलोकन गर्नु पर्दछ ।

(ढ) व्यापारिक संगठनहरूले आफ्नो कार्यबल र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा यी सिद्धान्तहरूको प्रवर्द्धनका लागि आफ्नो महत्वपूर्ण भूमिका स्वीकार्दै कार्यहरू गर्नु पर्दछ ।

(ण) आम सञ्चारका माध्यमहरूले यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको सवालमा पक्षपातपूर्ण (Stereotype) व्यवहारलाई पन्छाउनु पर्छ र विविध मानव यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानप्रति सहिष्णुता र स्वीकार्य वातावरण प्रवर्द्धन गर्दै यही सवालको वरिपरि जनचेतना जगाउनु पर्दछ ।

(त) विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको मानव अधिकार संस्थाहरूको प्रवर्द्धन गर्ने गैह्र सरकारी वा अन्य संगठनहरूलाई आर्थिक सहायता दिई सरकारी एवम् व्यक्तिगत दाताहरूले आर्थिक सहायता प्रदान गर्नुपर्दछ

यी सिद्धान्त एवम् सिफारिसहरू र अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको प्रयोगले विविध यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको जीवन तथा अनुभव प्रतिविम्बित गर्दछन् र यहाँ उल्लेखित कुनै पनि कुरालाई राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय कानून र मापदण्डहरूले मान्यता दिदा त्यस्ता व्यक्तिहरूको स्वतन्त्रतालाई वाधा पुऱ्याउन सीमित गर्न यहाँ उल्लेखित कुनै पनि प्रावधानहरूको व्याख्या गरिने छैन ।

# अनुसूची

## जकार्ता सिद्धान्तप्रति हस्ताक्षर गर्नेहरू

- फीलीप आलस्टन (अष्ट्रेलीया) गैह्रकानूनी आमहत्या एवम् मृत्यूदण्डको विषयमा संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षक तथा कानूनका प्राध्यापक, न्यूयोर्क विश्वविद्यालय कानून संकाय संयुक्त राज्य अमेरिका
- मेक्सीम आनभेगीचन (मालदोभा) यूरोपियन क्षेत्रीय अन्तर्राष्ट्रिय महिला र पुरूष समलिङ्गी संगठन
- माउरो क्याबरल (अर्जेन्टीना), अनुसन्धानकर्ता Universidad Nacional de Cordoba, अर्जेन्टीना, अन्तर्राष्ट्रिय महिला एवम् पुरूष समलिङ्गी मानव अधिकार आयोग

- ऐड्वीन क्यामरन (दक्षिण अफ्रीका), न्यायाधिश, सर्वोच्च पुनरावेदन अदालत, Bloemfontein, दक्षिण अफ्रीका
- सोनिया ओनुफर कोरिया (ब्राजील), सह अनुसन्धानकर्ता, अन्तर Disciplinary (सहयोग) (AIDS) संगठन (ABIA) तथा यौनिक निती परीक्षण (Watch) (विशेषज्ञहरूको बैठकको सह सभापति)
- याकीन एरटर्क (टर्की), महिला विरूद्ध हिंसाको विषयमा संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षक, समाज विभागका प्राध्यापक, मीडल ईष्ट प्राविधिक विश्वविद्यालय, अंकारा, टर्की ।
- एलीजाबेथ इभाट (अष्ट्रेलिया), भूतपूर्व अध्यक्ष तथा सदस्य, महिला भेदभाव उन्मुलन सम्बन्धी संयुक्त राष्ट्र संघीय समिति तथा संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगका पूर्व सदस्य तथा अन्तर्राष्ट्रिय न्यायिक आयोगका पूर्व उच्चायुक्त ।
- पल हन्ट (न्यूजील्याण्ड), स्वास्थ्य रहने अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिक्षक, प्राध्यापक, कानून विभाग, एसेक्स विश्वविद्यालय, संयुक्त अधिराज्य ।
- आस्मा जहाँगीर (पाकिस्तान), अध्यक्ष, पाकिस्तानी मान अधिकार आयोग
- मेइना कीयायी (केन्या), अध्यक्ष, केन्याली/केन्या मानव मानव अधिकार आयोग
- मीलुन कोठारी (भारत), पर्याप्त आवसको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिक्षक
- जुडीथ मेस्क्वीता (संयुक्त अधिराज्य) वरिष्ठ अनुसन्धान अधिकृत, मानव अधिकार केन्द्र, एसेक्स विश्वविद्यालय, संयुक्त अधिराज्य
- एलीस एम. मीलर (संयुक्त राज्य अमेरिका), सह प्राध्यापक जन स्वास्थ्य विद्यालय, सह-निर्देशक, मानव अधिकार कार्यक्रम, कोलम्बीया विश्वविद्यालय, संयुक्त राज्य अमेरिका
- सान्जी मास्नोनो मोनागेन्ज (बोत्स्वाना),न्यायाधीश, उच्च न्यायालय, (गाम्बीया गणतन्त्र), मानव तथा जन अधिकार सम्बन्धी अफ्रीकी आयोगका आयुक्त, यातना तथा अन्य अमानवीय र अपमानजन्य व्यवहारको रोकथाम तथा निषेधसम्बन्धी रोबन आइल्याण्ड निर्देशिकाहरूको कार्यान्वयन सम्बन्धी अनुगमन समितिका अध्यक्ष (मानव तथा वैयक्तिक अधिकार सम्बन्धी अफ्रिकी आयोग) ।
- भिटिटि मुन्टरबोर्न, थाइल्यान्ड, कोरियाली गणतान्त्रिकमा मानव अधिकारको अवस्था सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिक्षक तथा कानुनका प्राध्यापक, चुलालोङकोर्न विश्वविधालय, थाइल्यान्ड, विशेशज्ञहरूको बैठकको सह अध्यक्ष ।
- लरेन्स म्यूट (केन्या), केन्याली मान अधिकार आयोगका आयुक्त
- म्यान फ्रेड नोवाक (अष्ट्रिया): यातना तथा अन्य क्रुर, अमानवीय तथा अपमानजन्य व्यवहार वा सजाय सम्बन्धी राष्ट्र संघीय विशेष समाधिक्षक, अन्तर्राष्ट्रिय न्यायिक आयोगका सदस्य, प्राध्यापक, मानव अधिकार, भीएना विश्वविद्यालय, अष्ट्रिया तथा Ludwig Botzmann मानव अधिकारको संस्थानका निर्देशक
- आना एलीना अबान्डो मेन्डोजा (कोस्टारिका) महिलावादी न्यायाधिवक्ता, मानव अधिकारकर्मी तथा अन्तराष्ट्रिय सल्लाहकार ।
- माइकल ओ' फ्लाहर्टी (आयरल्यान्ड), संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति सदस्य तथा व्यावहारिक मानव अधिकारका प्राध्यापक र नटीङघम विश्वविद्यालय, मानव अधिकार कानून केन्द्रका सह निर्देशक, संयुक्त अधिराज्य (जकार्ता सीद्दान्त विकाशका लागि समाधिक्षक) ।

- सुनील पन्त (नेपाल), ब्लू डायमण्ड सोसाइटी, नेपालका अध्यक्ष
- डाइमीट्रीना पेट्रोभा (बुल्गेरिया), कार्यकारी निर्देशक, द इक्वल राईट्स ट्रष्ट ।
- रूदि मोहम्मद रिज्की (इन्डोनेसीया), अर्न्राष्ट्रिय सहयोगका लागि संयुक्त राष्ट्र संघीय विशेष समाधिक्षक, तथा, कानुन संकायको शैक्षिक मामिलाका लागि, सह डीन, पादजाजरन विश्वविद्यालय ।
- मेरी रबिन्सन (आयरल्यान्ड) रियलाइजीङ राइट्स का संस्थापक अध्यक्ष तथा, आयरल्यान्डका भु.पु. राष्ट्रपति तथा, संयुक्त राष्ट्र संघीय मानव अधिकार कार्यालयका लागि भ.पु. उच्चायुक्त ।
- नेबिना भकोभकि सहोभीक (सर्विया) बालबालिकाको संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको सदस्य तथा बालबालिका अधिकार केन्द्र बेलग्रेड, सर्वीयाका अध्यक्ष ।
- मार्टिन शेनिन्, फनीलेन्ड, मानव अधिकार तथा काउन्टर टेररिज्मका संयुक्त राष्ट्र संघीय विषेश समाधिक्षक, संवैधानिक तथा अन्तर्राष्ट्रिय कानूनका प्राध्यापक तथा मानव अधिकार संस्थानका निर्देशक, आबु एकेडेमी विश्वविधालय, फनीलेन्ड ।
- वान यान्हाई (चाइना), AIZHI, परियोजनाका संस्थापक तथा स्वास्थ्य विज्ञान संस्थान, AIZHIXING, बेइजीङ्का निर्देशक ।
- स्टीफन व्हीटल (संयुक्त अधिराज्य), समान कानून सम्बन्धी म्यानचेस्टर विश्वविद्यालय, संयुक्त अधिराज्यका प्राध्यापक ।
- रोमन वेरूज्वेस्की (पोल्यान्ड) सदस्य, संयुक्त राष्ट्र संघीय मानव अधिकार समिती तथा, पोन्जन सेन्टर फर ह्युमन राइट्स, पोल्यान्डका सदस्य ।
- रोबर्ट वीनटीन्यूट (क्यानाडा तथा संयुक्त अधिराज्य), मानव अधिकार कानुनका प्राध्यापक, स्कुल अफ ल, कीङस कलेज, युनाइटेड कीङडम ।

# अनुसूची ९: यौनिक तथा लैङ्गिक अल्पसंख्यक समूदायको हकमा सम्मानित सर्वोच्च अदालबाट नेपाल सरकारको नाममा जारी गरिएको निर्देशनात्मक आदेश

### सर्वोच्च अदालत संयुक्त इजलास

**माननीय न्यायाधीश श्री बलराम के.सी.**

**माननीय न्यायाधीश श्री पवन कुमार ओझा**

## आदेश

संवत २०६४ सालको रिट नम्वर ९१७

**बिषयः- उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी पाउँ ।**

का.जि.का.म.न.पा. वडा नं. २ शिवभक्त मार्ग खुर्सानीटार, लाजिम्पाट

काठमाडौं स्थित नीलहिरा समाजका कार्यकारी निर्देशक **सुनील बाबु पन्त** ------------------ १

ऐ.ऐ. का मितिनी नेपालका उपाध्यक्ष **मीना नेपाली** ----------------------------------------- १

ऐ.ऐ. सुवर्ण समसेर मार्ग बालुवाटार काठमाडौंका क्रुस एड्स नेपालका
अध्यक्ष **संजिव गुरुङ्ग** ------------------------------------------------------------ १ निवेदक

ऐ.ऐ. परिचय समाज नेपालका कार्यकारी निर्देशक **मनोरञ्जन कुमार वैद्य** ------------------ १

## विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ---------------------- १

व्यवस्थापिका संसद, सिंहदरवार, काठमाडौं ----------------------------------------- १ विपक्षी

नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरवार ------------------ १

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा यस प्रकार रहेको छः

हामी निवेदकहरू यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित अल्पसंख्यक व्यक्तिहरूको प्रतिनिधित्व गरेका संस्थाहरूसंग आवद्ध छौं । हामीलाई विद्यमान समाज, कानून र राज्यको संयन्त्रले दिनु पर्ने स्थान दिएको छैन । हामी बहुमतमा आधारित राज्य तथा समाजले अपनाउँदै आएको संरचना तथा कानूनको ढाँचा तथा मान्यतासंग असहमति जाहेर गरी हाम्रा हक अधिकारका लागि पनि उत्तिकै स्थान दिनु पर्ने भनी माग राखिआएका छौं । यही कारणले बिभिन्न किसिमका शारीरिक तथा मानसिक यातना भोगेका प्रशस्त उदाहरणहरू हामीसंग छन् । हामी चार जना निवेदकहरूले कम्तीमा ६० हजार व्यक्तिको प्रतिनिधित्व गरेका छौं ।

यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान अन्तर्गतका अल्पसंख्यकमा महिला समलिङ्गी, पुरूष समलिङ्गी तथा तेस्रो लिङ्गी लगायतका व्यक्तिहरू पर्दछन् । यी व्यक्तिहरू आफूले आफैलाई तेस्रो प्रकृतिका व्यक्ति भनेर चिनाउने गर्दछन् । अन्तर्राष्ट्रिय चलन चल्तीको भाषा अनुसार तेस्रो लिङ्गी र समलिङ्गी भनेर चिनिने पनि गरिन्छ । हामी यसमा पाँच वर्गमा विभाजित भएका छौं । जसलाई महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तर लिङ्गी भनेर चिनिन्छ । यस्ता पहिचानहरू कपोल कल्पित नभइकन वैज्ञानिक ढंगले प्रमाणित तथ्यहरू हुन् । यस्ता प्रकृतिका मानिसहरूको जन्म र अस्तित्वका वारेमा विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदनमा समेत उल्लेख छ । उक्त प्रतिवेदनमा यस किसिमका मानिसहरूको प्रकृतिलाई पुष्टि गर्दै यो कुनै रोग नभईकन सामान्य प्रकृति नै हो भनिएको छ । उल्लिखित सबै खालका व्यक्तिहरूको जन्म प्राकृतिक रूपमा भएपनि यसलाई अप्राकृतिक नाम दिएर वर्तमान समाजले हाम्रो अस्तित्व माथि जबरजस्ती शंका गर्दछ । हामी घर परिवार तथा समाजबाटै बहिष्कृत भएका छौं । हाम्रा लागि राज्यले समेत कुनै व्यवस्था गरेको छैन । सामाजिक बहिस्कारको यो चरम घडीमा हामी कम्तीमा कानूनबाट सुरक्षित हुनु पर्नेमा कानून पनि यस विषयमा गम्भीर भएको देखिंदैन । हाम्रो समस्याका लागि भनेर कुनै कानून राज्यले बनाउन पहल पनि गरेको छैन ।

यस विषयमा राज्यले पर्याप्त कानूनको निर्माण गरी सबै खाले नागरिकलाई समानताको हैसियत प्रदान गर्नु पर्दछ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा मौलिक हक र भाग ४ मा राज्यको दायित्व तथा नीति निर्देशक सिद्धान्तको व्यवस्था गरिएको छ । यो देशका नागरिक भएको नाताले हामीसँग उल्लिखित सम्पूर्ण मौलिक तथा मानव अधिकारको उपभोग तथा दावी गर्ने अधिकार छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र लगायत अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजमा कहीं र कतै पनि जाति र उत्पत्तिका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ । यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानसंग सम्बन्धित व्यक्तिहरूको हकको सुरक्षाका लागि युरोपियन देशहरूको अलावा अन्य मुलुकहरूले पनि महत्वपूर्ण व्यवस्था गरेका छन् । संवैधानिक व्यवस्था भएको पछिल्लो देश दक्षिण अफ्रिका हो र यसको संविधानमा नै यौन अभिमुखीकरणका आधारमा समेत भेदभाव गरिने छैन भन्ने व्यवस्था छ । त्यसै गरी फिजीको संविधानले पनि यो कुरालाई आत्मसात गरेको छ । त्यसै गरी संयुक्त राज्य अमेरिका, क्यानडा तथा युरोपियन कोर्ट अफ ह्युमेन राइटसले समेत यस विषयमा बोलेका प्रसस्त उदाहरण छन् । यस्ता बर्गका धेरै समूह छन् । भारतमा हिंजडा भनेर चिनारी दिइएको छुट्टै समूह छ र त्यहाँ यो कुरा पासपोर्ट तथा नागरिकतामा समेत उल्लेख गर्ने व्यवस्था गरेको छ ।

नेपालको संवैधानिक व्यवस्था र तिनले प्रदान गरेका अधिकारहरूमा सबै नेपालीको समान हैसियत र हने कुरामा कुनै शंका छैन । राज्यले सबैलाई समान व्यवहार देखि लिएर सम्पूर्ण हक अधिकारको सुनिश्चितता कायम गर्नु राज्यको दायित्व हो । विभिन्न अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरूमा नेपालले हस्ताक्षर गरी अनुमोदन समेत गरिसकेको हुनाले सन्धि ऐनको दफा ९ अनुसार यिनीहरू नेपाल कानून सरह मान्य हुन्छन् । यसरी एकातिर संवैधानिक मौलिक हक छन् भने अर्कोतिर अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी मापदण्ड छन् । जसका लागि पक्ष राष्ट्रको हिसाबले नेपाल जिम्मेवार छ । अर्कोतिर व्यावहारिक तथा कानूनी हिसाबले भन्दा यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित जनसंख्याको एक हिस्साले मानव अधिकारको उपभोग गर्न पाएका छैनन । यस समुदायका व्यक्तिहरू दिन दिनै पारिवारिक, घरेलु, सामाजिक तथा राज्यको हिंसाबाट ग्रसित छन् । प्रहरी प्रशासन तथा सरकारी निकायहरू यस समुदायका व्यक्तिहरू प्रति सम्वेदनशील छैनन । हामी महिला र पुरूष नभएकाले हाम्रो पहिचानको आधारमा नागरिकता माग्न जाँदा सरकारी कर्मचारीहरू नै अन्यौलमा परी हामीहरूले मागे जस्तो नागरिकता दिन नसक्ने कुरा गर्नु हुन्छ । हामी हाम्रो चिनारी भन्दा फरक खालको नागरिकता लिन चाहँदैनौं । मानव अधिकारको उल्लंघन तथा आफू माथि हिंसा र अभद्र व्यवहार हुँदा प्रहरी प्रशासनमा जाँदा यस विषयको सुनुवाई भएको छैन । संयुक्त राष्ट्र संघको प्रतिवेदनमा समेत यस कुरालाई पुष्टि गरेर लेखिएको छ । स्कूल, क्याम्पस, सरकारी तथा निजी कार्यालय, सार्वजनिक स्थल लगायत हरेक क्षेत्रमा यी व्यक्तिहरू प्रति अभद्र व्यवहार गरिन्छ र यस्तो गर्ने व्यक्तिलाई कुनै सजायको भागीदार बनाइदैन । राज्यले दिनुपर्ने सुविधाबाट सर्वथा बञ्चित हुनु पर्ने अवस्था छ । आफूले विवाह गर्न खोजेको व्यक्तिसंग विवाह गर्न नमिल्ने परम्परामा राज्य अडेको छ । यी सबै कुराहरू व्यक्तिको आत्मसम्मान र जीवनको अधिकार तथा सम्मान साथ बाँच्न पाउने अधिकारको खिलाफमा छन् ।

अतः संविधान तथा कानून, अन्तर्राष्ट्रिय कानून, प्रत्येक मानिसको बाँच्न पाउने अधिकारको सम्बन्धमा सम्मानित सर्वोच्च अदालत तथा मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघले स्थापित गरेका नजीर, सिद्धान्त र मान्यता समेतका आधारमा हामी यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका अल्पसंख्यक

व्यक्तिहरूको कानूनी तथा नीतिगत संरक्षण गरी निजहरूलाई संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून प्रदत्त हक तथा अधिकारहरू उपभोग गर्न नपाई उपेक्षित र तल्लो श्रेणीको व्यक्ति जस्तो भएर बस्नु पर्ने बाध्यताबाट मुक्त गरी कानूनी हक अधिकारको संरक्षण तथा प्राप्तिका लागि अविलम्ब व्यवस्था गरी दिनु भनी विपक्षीहरूको नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ । साथै नागरिकता प्रदान गर्न र अन्य भेदभावजन्य कानूनको खारेज गरी समानतामा आधारित कानूनको निर्माण गर्न र यसरी भेदभाव तथा हिंसा पीडित व्यक्तिहरूको हक अधिकारको संरक्षणका लागि तत्काल सम्बन्धित व्यक्तिहरूको समेत उचित सहभागितामा आवश्यक अन्य कानून तर्जुमा गरी समानुपातिक तथा आवश्यक संरक्षणको समेत व्यवस्था गर्न कानूनी तथा अन्य संस्थागत संरचना बनाई यथाशक्य छिटो मौलिक मानव अधिकारको संरक्षण गर्नु र राज्यका कुनै पनि अंगले भेदभाव तथा हिंसामा संलग्न नहुनु र भएमा विशेष क्षतिपूर्तिको व्यवस्था समेत गरिदिनु भन्ने समेतको आदेश जारी गरी पाउँ । कानून नबनुन्जेलसम्मका लागि सम्मानित अदालतले गोपाल शिवाकोटी चिन्तन विरूद्ध अर्थ मन्त्रालय समेतको मुद्दामा गरिएको निर्णय जस्तै तदर्थ व्यवस्था गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

निवेदकले आफ्नो चिनारी भन्दा फरक खालको नागरिकताको प्रमाणपत्र लिन चाहनन्नौं भन्ने उल्लेख गर्नु भएको छ । सरकारले पनि त्यस्तो फरक पर्ने गरी नागरिकता प्रमाणपत्र दिन मिल्दैन । कुनै नेपालीले लिङ्ग उल्लेख गर्दा महिला वा पुरूष मध्ये कुनै पनि नभए अन्य उल्लेख गरी नागरिकताको प्रमाणपत्र पाउनका लागि निवेदन फाराम पेश गरी नेपालको नागरिकता लिन कुनै कानूनी बाधा रहेको देखिंदैन । यदि त्यसरी माग गर्दा नपाइएमा मात्र त्यस्ता कानूनी हकको प्रचलनका लागि सोदाहरण सरोकारवालाले इन्साफ खोज्ने विषय हो । फरक प्रकारको लैङ्गिक पहिचानका व्यक्तिका विरूद्ध विभेदकारी व्यवस्थाको एउटा उदाहरण सम्मको उल्लेख नगरी व्याख्या र विश्लेषण मात्र गरेको यो निवेदन हचुवा प्रकृतिको छ । फरक प्रकृतिको लैङ्गिक पहिचानका व्यक्ति विरूद्ध कुनै हिंसा वा अभद्र व्यवहार भएको छ भने त्यस्तो हिंसा वा अभद्र व्यवहार गर्नेका विरूद्ध महिला वा पुरूषको लैङ्गिक पहिचान भएका व्यक्ति सरह नै इन्साफको खोजी गर्न नसकिने अवस्था विद्यमान छैन । तसर्थ रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको व्यवस्थापिका संसद सचिवालयको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

संविधान तथा अन्य प्रचलित नेपाल कानूनमा व्यवस्थित हक अधिकार सबै नागरिकका लागि समान रूपमा लागू हुने विषय हो । त्यस्तो अधिकारको उपभोग गर्नमा रिट निवेदकलाई कहिं कतैबाट बाधा अवरोध भएको भन्ने कुरा रिट निवेदनमा उल्लेख छैन । जहाँसम्म यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित वर्गका लागि छुट्टै कानूनको व्यवस्था गर्नु पर्ने भन्ने निवेदन जिकिर छ । मौजुदा कानूनबाट नै निवेदकहरूको हक संरक्षण हुन सक्ने हुनाले सो प्रयोजनका लागि छुट्टै ऐन बनाइ रहनु पर्ने आवश्यकता छैन । कुनै पनि विषयमा के कस्तो कानून निर्माण वा संशोधन गर्ने भन्ने कुरा विधायिकाको एकलौटी अधिकार क्षेत्र भित्र पर्ने विषय भएको र त्यस्तो विषय यस कार्यालयले नियमित गर्ने विषय नभएकोले यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण र आधार छैन । तसर्थ असम्बन्धित विषयलाई लिएर यस कार्यालयलाई विपक्षी बनाइएको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा उल्लिखित मौलिक हकहरूको उपभोग गर्नबाट राज्यले निवेदकलाई रोक लगाएको छैन । निवेदकहरू प्राकृतिक व्यक्ति भएकोमा कुनै विवाद छैन ।

व्यक्तिको हैसियतबाट प्राप्त हुने सबै संवैधानिक एवं कानूनी हक तथा अधिकारको उपभोग गर्न निवेदकहरू स्वतन्त्र र सक्षम छन् । राज्यले निवेदकहरूलाई कुनै भेदभाव गरेको छैन । त्यसैले निवेदन दावी तर्क संगत देखिंदैन । जहाँसम्म नागरिकताको प्रश्न छ, नेपाल नागरिकता ऐन, २०५३ ले व्यक्तिको परिभाषा गरेको र ऐ. ऐनमा हरेक प्राकृतिक व्यक्तिलाई जन्म र वंशजका आधारमा नागरिकता प्रदान गरिने कानूनी व्यवस्था समेत भएको हुँदा निवेदकहरूलाई व्यक्तिको हैसियतबाट नागरिकता प्राप्त गर्न कुनै रोक लगाएको छैन । साथै नागरिकका हैसियतबाट प्राप्त हुने सबै मौलिक हकहरू निवेदकहरूलाई प्रदान गर्नबाट पनि राज्यले कुनै रोक लगाएको नहुँदा निवेदन दावी औचित्यपूर्ण देखिंदैन । यस मन्त्रालयले निवेदकहरूको मानव अधिकार उल्लंघन हुने कुनै काम कारवाही समेत गरेको नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हरि फूयाँलले राज्यमा नागरिकहरूको मानव अधिकारको रक्षा गर्नु पर्ने वाध्यात्मक प्रकृतिको दायित्व रहेको हुन्छ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले सबै मानिसहरू कानूनको अगाडि समान हुने, कानूनको समान संरक्षण पाउने र कुनै पनि आधारमा भेदभाव नगरिने कुराको प्रत्याभूति गरेका छन् । तेस्रो लिङ्गीलाई पनि सो अनुसारको अधिकार प्राप्त हुन्छ भन्ने विषयमा दक्षिण अफ्रिकाको संवैधानिक अदालतले गरेको व्याख्या हाम्रो सन्दर्भमा पनि अनुकरणीय हुन सक्छ । सो अदालतले लैङ्गिक अभिमुखीकरणका आधारमा कसैलाई पनि भेदभाव गर्न नपाइने र लैङ्गिक अभिमुखीकरणले तेस्रो लिङ्गीलाई समेत समेट्ने व्याख्या गरेको छ । नेपालले पनि मानव अधिकार सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय अभिसन्धिहरूलाई अनुमोदन गरिसकेको सन्दर्भमा सन्धि ऐन मुताविक त्यसको परिपालना पनि गर्न गराउन सक्नु पर्दछ । नेपालमा तेस्रो लिङ्गीप्रति समान व्यवहार नभएको र उनीहरूको हक अधिकारको संरक्षण गर्नेतर्फ कुनै प्रयास नभएको हुँदा निवेदकको माग बमोजिम रिट जारी हुनुपर्दछ भनी बहस गर्नु भयो । रिट निवेदककै तर्फबाट विद्वान अधिवक्ताहरू श्री हरि प्रसाद उप्रेती, श्री चन्द्रकान्त ज्ञवाली, श्री रूपनारायण श्रेष्ठ, श्री भुवनप्रसाद निरौला, श्री प्रेमचन्द्र राई र श्री शर्मिला ढकालले तेस्रो लिङ्गीले व्यहोर्नु परेका कठिनाई उनीहरूले भोग्नु परेका अप्ठ्याराहरू, कानूनी व्यवस्थाको अभावमा आइपरेका समस्याहरू तथा यस सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरूको वारेमा विश्लेषण गर्दै लैङ्गिक तथा यौनिक अल्पसंख्यक नागरिकहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण गर्ने दायित्व राज्यको तर्फबाट पूरा नभएकोले प्रस्तुत रिट दायर गरेको हो । यौनिक अल्पसंख्यकहरू जहिले पनि भेदभावको सिकार बन्ने अवस्थाबाट मुक्त भई उनीहरूले चाहेको जस्तो गरी लैङ्गिक पहिचान भएको व्यक्तिलाई निजहरूले चाहेको लैङ्गिक पहिचान खुल्ने जन्म दर्ता प्रमाणपत्र, नागरिकता, पासपोर्ट, मतदाता परिचय पत्र लगायतका कागजात उपलब्ध गराउनु राज्यको दायित्व हो । सो अनुसार हाम्रो कानूनी व्यवस्थामा सुधार गरी लिङ्ग भन्ने शव्दको अर्थ गर्दा तस्रो लिङ्गी र यौन अभिमुखीकरण शव्दले समेट्ने समूहलाई समेत परिभाषित गरिनु पर्दछ । सो व्यवस्थासंग मेल नखाने कानूनी व्यवस्था बदर गरी रिट निवेदकको माग बमोजिमको आदेश गरी हुनुपर्दछ भनी बहस गर्नु भयो ।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेले नेपालको अन्तरिम संविधान, २०६३ ले कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा

वैचारिक आस्थाका आधारमा सामान्य कानूनको प्रयोगमा वा नागरिकहरू बीच कुनै भेदभाव नगरिने प्रत्याभूति गरिएको छ । त्यस्तो अधिकारको उपभोग गर्नमा रिट निवेदकलाई कहीं कतैबाट बाधा विरोध गरिएको छैन । फरक प्रकृतिका लैङ्गिक पहिचानको व्यक्ति विरूद्ध कुनै हिंसा वा दूर्व्यवहार भएमा प्रचलित कानून बमोजिम अरू व्यक्ति सरह उपचार पाउँने अधिकार निजहरूमा पनि समान रूपमा रहेको छ । तसर्थ रिट निवेदन खारेज गरी पाँउ भनी बहस गर्नु भयो । निवेदक तथा विपक्षी दुबै पक्षबाट भएको बहस जिकिर समेत सुनी रिट निवेदन सहितको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा देहायका विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

(क) लैङ्गिक पहिचान (Gender Identity) एवम् यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा अल्पसंख्यकको रूपमा रहेका समलिङ्गी वा तेस्रो लिङ्गीको अधिकारको विषयमा परेको रिट निवेदन सार्वजनिक सरोकारको विषय भित्र पर्छ कि पर्दैन ?

(ख) समलिङ्गी वा तेस्रो लिङ्गी व्यक्तिहरूको पहिचानको आधार के हो ? यो व्यक्तिको मनोवृत्तिका कारण हुन्छ वा प्राकृतिक रूपमा नै यस्तो विशेषता कायम भएको हो ?

(ग) समलिङ्गी यौन अभिमुखीकरण भएका एवम् तेस्रो लिङ्गी लैङ्गीय पहिचान भएका नागरिक प्रति राज्यले भेदभावपूर्ण व्यवहार गरेको छ छैन ? र

(घ) रिट निवेदकहरूको माग बमोजिम आदेश जारी गर्नु पर्ने हो होइन ?

तेस्रो लिङ्गीको अधिकारको विषयमा परेको यस रिट निवेदन सार्वजनिक सरोकारको विवाद समावेश भएको संवैधानिक तथा कानुनी प्रश्नको निरूपणको विषय भित्र पर्छ पर्दैन भन्ने पहिलो प्रश्न तर्फ विचार गर्दा समाज विभिन्न धर्म, वर्ण, उत्पत्ति, भाष भाषी, वर्ग, लिङ्ग, लिङ्गी, जात जाति, समुदाय समूहको समष्टिगत स्वरूप हो । सबै समाजहरू एकै स्वरूप र चरित्रका हुन सक्दैनन् । समाजका सबै वर्गले समान अवसर प्राप्त गर्न नसकेको अवस्था पनि हुन सक्छ । यसरी अवसर नपाएका र समाजिक रूपमा पछाडि परेका वर्ग समुदायलाई पनि अरू सरह अवसरको उपयोग गर्न सक्ने र अधिकारको प्रयोग गर्न सक्ने बनाउनु राज्यको संवैधानिक कर्तव्य एवम् दायित्व हो । जसलाई विधिशास्त्रीय भाषामा वितरणात्मक न्याय (Distributive Justice) भन्ने गरिन्छ भने यसलाई सामाजिक न्यायको परिधिभित्र पनि राख्ने गरिन्छ । हाम्रो न्यायिक अभ्यासमा सामाजिक न्यायको विषयलाई सार्वजनिक सरोकारको विषय वा सार्वजनिक सरोकारको विवादको विषयको रूपमा मान्यता प्रदान गर्दै आएको पाइन्छ । निश्चय नै सामाजिक, आर्थिक, सांस्कृतिक आदि विभिन्न कारण लगायत राज्यको Inaction का कारणले आफ्नो हक अधिकारको उपभोग गर्न असमर्थ रहेका व्यक्ति वा समूहको अधिकारको सुरक्षाको विषय सार्वजनिक सरोकारको विवादको विषय भित्र पर्दछ । हाम्रो न्यायिक अभ्यास र संवैधानिक व्यवस्था पनि पनि यसै दिशा तर्फ उन्मुख रहेको छ ।

प्रस्तुत निवेदन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७ (२) अन्तर्गत पर्न आएको देखिन्छ । धारा ३२ को संवैधानिक उपचारको हक पनि मौलिक हक हो । तर धारा ३२ को यो हक आफैमा निरपेक्ष रूपमा कुनै हक नभए पनि भाग ३ को धारा १२ देखि धारा ३१ सम्म प्रदान भएका हकहरू हनन् भएमा यस अदालतको धारा १०७ (२) को असाधारण अधिकार क्षेत्र अन्तर्गत त्यस्तो हनन् भएको हक प्रचलन गराई पाउन निवेदन दिन पाउने हक हो । अर्थात धारा ३२ को हकलाई संविधानको भाग ३ द्वारा नागरिकलाई प्रदान भएका विभिन्न मौलिक हकहरू हनन् भएमा त्यस्तो हक

प्रचलन गराउन यस अदालतमा निवेदन गर्ने हकदैया (Locus standi) प्रदान गर्ने हक भन्नु पर्दछ । अफ्र अर्को शब्दमा भन्नु पर्दा धारा ३२ को हक भनेको मौलिक हक हनन् भएको अवस्थामा उपचारका लागि सर्वोच्च अदालतमा प्रवेश गर्न पाउने हक (Right to move the supreme court) को हक हो ।

त्यसै गरी धारा १०७ मा यस अदालतको दुई प्रकारका असाधारण अधिकारहरूको व्यवस्था भएको छ । धारा १०७ (१) को असाधारण अधिकार भनेको विधायिकाले आफ्नो विधायिकी अधिकार अन्तर्गत बनाएका ऐनहरू वा ऐनको नियम बनाउन पाउने अधिकार अन्तर्गत बनेका नियमहरू संविधान अनुकूल छन् वा छैनन् भनी न्यायिक पुनरावलोकन गर्ने असाधारण अधिकार हो । कहिले काहीं विधायिकाले नचाहेर वा मस्यौदाकारको गल्ती वा भूलले पनि संविधानको व्यवस्था विपरीत ऐनहरू तर्जुमा हुन गई विधेयकको रूपमा पारित हुन सक्छ । विधायिकाको दृष्टि नपुग्नाले त्यस्तो ऐन पारित हुन सक्छ । कानून बनाउने (Law Making) को काममा मात्र विधायिका सर्वोच्च हुने भएकोले संवैधानिक सर्वोच्चता (Constitutional Supremacy) भएका हाम्रो जस्तो देशमा संविधानसंग बाझिने कानूनको कुनै स्थान हुँदैन । यसका लागि संविधान नै मापदण्ड हो । संविधान सार्वभौम जनताले आफूमा भएको संविधान निर्माण गर्ने सार्वभौम अधिकार प्रयोग गरी छानेका ￼भिनबतभ हरूद्धारा संवैधानिक अधिकार अन्तर्गत निर्माण गरिएको हुन्छ ।

विधायिका संविधानको सिर्जना (Creation) हो अर्थात creature हो । त्यसैले संविधानले जन्माउने विधायिकाले आफूलाई जन्माउने संविधान विपरीत हुने गरी Legislative Power प्रयोग गरी कानून बनाउन सक्दैन । संविधान विपरीत बनेको कानून संवैधानिक प्रक्रियाद्वारा नै खारेज वा संशोधन हुन सक्छ । तर संवैधानिक प्रक्रियाद्धारा खारेज वा संशोधन गर्न पनि समय लाग्दछ । विधायिकाको अधिवेशन बोलाई अधिवेशन बसी संविधान विपरीत बनेको ऐन खारेज वा संशोधन गर्न विधायिकाको समय नहुन सक्छ । संविधान विपरीत बनेको ऐन खारेज वा संशोधन गर्न त्यती लामो समय पर्खि रहँदा नागरिकहरूलाई संविधानले प्रदान गरेको हकहरू जोखिममा पर्ने हुन्छ । त्यस्तो जोखिमबाट नागरिकलाई बचाउनका लागि नै संविधान स्वयंले नै संविधानसंग बाझिने गरी वनेका त्यस्तो ऐन अमान्य गर्न सक्ने असाधारण अधिकार यस अदालतलाई धारा १०७ (१) ले प्रदान गरेको हो । प्रस्तुत बिवादको बिषय धारा १०७ (१) संग प्रत्यक्षरूपले सम्बन्धित बिषय नभएकोले त्यस तर्फ थप विवेचना गरी रहनु परेन ।

संविधानको धारा १०७ (२) ले पनि यस अदालतलाई असाधारण अधिकार प्रदान गरेको छ । सो धारा अन्तर्गत यस अदालतले देहायको अवस्थामा असाधारण अधिकार प्रयोग गरी पूर्ण न्याय प्रदान गर्दछ ।

- संविधानद्वारा प्रदत्त मौलिक हक प्रचलनका लागि ।
- बैकल्पिक उपचारको व्यवस्था नभएको वा प्रभावकारी उपचार प्राप्त हुन नसकेको कुनै कानुनी हकको प्रचलनका लागि
- सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक वा कानून प्रश्नको निरूपण गर्नका लागि ।

धारा १०७ को उपधारा (२) को उपरोक्त व्यवस्था अनुसारको हक प्रचलन गराउन वा सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक वा कानून प्रश्नको निरूपणका लागि (जसलाई Public Interest Litigation jf Social Action Litigation भनिन्छ) यस अदालतबाट बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत आवश्यकता अनुसार अन्य उपयुक्त आदेश जारी गरी हक

प्रचलन गराइन्छ । निजी हक प्रचलन गराउन माग भएको विवादको बिषयमा निवेदकको हकहित समावेश भएको देखिनु पर्छ अन्यथा हकदैया (Locus Standi) को अभावमा निवेदन खारेज हुन्छ भने यसको विपरित सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक वा कानूनी प्रश्नको निरोपणका लागि निवेदकले आफ्नो हकदैया स्थापित गरी प्रमाणित गरिरहनु पर्दैन । जो सुकै Public spirited Individual ले सार्वजनिक हितका लागि (pro-bono publico) निवेदन गर्न सक्छ र उसको निवेदन लाग्दछ । यस्तो निवेदनबाट पनि धारा १०७ (२) वमोजिम हक प्रचलन गराइन्छ । अर्थात सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक वा कानूनी प्रश्न निरोपणका लागि गरिने निवेदनमा परम्परागत हकदैया (Traditional & Conservative Locus Standi) लाई व्यापक (Widen) गरिएको छ र गरिनु पनि पर्दछ । यस्ता प्रकारका विवादमा हकदैयालाई व्यापक नगर्ने हो भने यस अदालतलाई जतिसुकै व्यापक असाधारण अधिकार प्रदान गरे पनि पीडित समूहले न्याय पाउन नसक्ने हुनाले हकदैयालाई यसरी व्यापक गरिएको हो ।

प्रस्तुत निवेदन नीलहिरा समाजको तर्फबाट उक्त संस्थाका कार्यकारी निर्देशकसमेतबाट पर्न आएको देखिन्छ । निवेदकतर्फका कानुन व्यवसायीबाट प्राप्त लिखित बहस नोट हेर्दा निवेदक संस्थाको अंग्रेजी नाम Blue Diamond Society रहेको र सो संस्था २०५७ सालमा तेस्रो लिङ्गी समुदायको हकहितका लागि स्थापित भएको भन्ने देखिन्छ । निवेदक संस्थाले नेपालमा लैङ्गिक अल्पसंख्यक (Sexual Minorities) को हक अधिकारमा काम गरिरहेको भन्ने पनि देखिन्छ । निवेदकको माग हेर्दा लैङ्गिक अल्पसंख्यकको रूपमा रहेका Lesbian, Gay, Bisexual, Transsexual र Intersex (LGBTI) लाई उनीहरूको लैङ्गिक अनुभूतिका आधारमा लैङ्गिक पहिचान (Gender Identity) र यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा उनीहरूको आपसी सम्वन्धलाई मान्यता प्रदान गर्ने गरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने माग गरेको देखिन्छ ।

संविधानको धारा १०७ (२) मा भएको सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक एवं कानूनी प्रश्न सम्बन्धी बिवादका मुद्दालाई Public Interest Litigation अन्तर्गत पर्ने विवाद भनिन्छ । यस्तो बिवादमा यस अदालतमा मुद्दा ल्याई दिनलाई ल्याई दिने व्यक्ति कै व्यक्तिगत हक हनन् भएको हुन नपर्ने त्यस्ता बिवादका पीडितको तर्फबाट जो सुकैले यस अदालतमा निवेदन ल्याई दिन सक्ने व्यवस्था हुनको पछाडि केही मान्यताहरू छन् ।

संविधानले नागरिकहरूलाई विभिन्न प्रकारका मौलिक हकहरू प्रदान गरेको छ । नेपाली समाजमा सबै व्यक्ति वर्ग समूह र जात जातिका नागरिकहरू शिक्षित र सचेत छैनन् । नेपाली समाजमा राज्यको दृष्टि नपुग्नु र प्रचलित अशिक्षा, अज्ञानता सामाजिक मान्यता, रूढीवादी परम्परा, प्रचलन तथा आर्थिक विपन्नता अर्थात गरिवी आदिको कारण सम्पन्न बर्गबाट विपन्न वर्ग शोषित र दविएको हुनाले नेपालका विभिन्न क्षेत्रका विभिन्न वर्ग समुदाय जात जाति Disadvantaged हुन पुगी उनीहरू आफ्नो हक र अधिकार प्रति सचेत छैनन र उनीहरूलाई आफ्नो हक प्रचलन गराउन सकिन्छ भन्ने सम्म पनि थाहा छैन । यही कारणले नै उनीहरू पिछडिएको (Disadvantaged) बर्गको रूपमा रहनु परेको छ ।

समाजमा सबै बर्ग र नागरिक आर्थिक रूपले सम्पन्न छैनन् । अर्थात शिक्षाको कमी, अनभिज्ञता वा आर्थिक विपन्नता आदिको कारणले गर्दा संविधानले आफूलाई विभिन्न हकहरू प्रदान गरेको छ र आफ्ना ती हकहरू हनन् भैरहेका छन् र ती हकहरू यस अदालतबाट प्रचलन हुन सक्छ भन्ने सम्म पनि जानकारी नहुने Disadvantaged समूहको हक प्रचलन गराइदिन त्यस्ता Disadvantaged समूहको

तर्फबाट जो सुकैले संविधानको धारा १०७(२) अन्तर्गत यस अदालतको असाधारण क्षेत्र अन्तर्गत निवेदन गर्न सकोस् भनेर नै धारा १०७(२) अन्तर्गतको सार्वजनिक सरोकारको विवाद समावेश भएको संवैधानिक वा कानुनी प्रश्नको निरोपणका लागि परम्परागत Locus Standi को Rule लाई Widen गरी जोसुकै Public Spirited Individual ले पनि त्यस्ता Disadvantaged समूहको तर्फबाट निवेदन गर्न पाउने हक प्रदान गरेको हो ।

हाम्रो परम्परागत समाजले महिला र पुरूष दुई वर्गलाई मात्र पहिचान गरेकोले समाजमा महिला र पुरूष दुई लिङ्गको मात्र अधिपत्य रहेको छ । तेस्रो लिङ्गीहरूलाई समाजले बेग्लै दृष्टिले हेर्ने प्रचलन कायम रहेको छ । यो कुरालाई अदालतले Judicial Notice मा लिनु पर्दछ । चेतनाको कमी, शिक्षाको कमी र ज्ञानको कमीका कारणले गर्दा महिला र पुरूष वाहेकका तेश्रो लिङ्गीलाई हामीले मात्र होइन बाह्य राष्ट्रहरूमा पनि भिन्नै दृष्टिले हेर्ने परम्परा र प्रचलन रहेको देखिन्छ । त्यस कारणले गर्दा तेश्रो लिङ्गी समूह आफैले एकीकृत भएर निवेदन गर्न नसक्ने अवस्थालाई अन्यथा भन्न मिल्दैन । हाम्रो संविधानको भाग ३ मा नेपाली नागरिकहरूलाई विभिन्न मौलिक हक प्रदान भएको छ । भाग ४ मा रहेको राज्यका नीति र निर्देशक सिद्धान्तले नागरिकहरूको उत्थान र विकासमा राज्य केन्द्रित हुने व्यवस्था भएको छ । बालक, बृद्ध, महिला, पुरूष, अपाङ्ग, सुस्त मनस्थितिका व्यक्ति, तेश्रो लिङ्गी लगायत सम्पूर्ण मानिसहरू (Human beings) नेपालका नागरिक हुन् । ती सम्पूर्ण नागरिकहरूको समूह सहितको यो देशको समष्टिगत भूभाग राष्ट्र (Nation) हो । राष्ट्रको नागरिक जनसंख्या मध्येका तेश्रो लिङ्गी पनि नेपालका जनसंख्या कै एक हिस्सा हुन् । तेश्रो लिङ्गीहरू हालसम्म उनीहरू प्रतिको समाजिक दृष्टिकोण र समाजले गर्ने व्यवहार तथा तेश्रो लिङ्गी समुदायमा नै पनि शिक्षाको अभाव, अनभिज्ञता, आर्थिक विपन्नता आदि कारणले गर्दा यो वर्ग वा समुदाय अझैसम्म पनि पिछडिएको बर्ग (Disadvantaged Class) का नागरिक समूहमा रहेको मान्नु पर्दछ । अदालतबाट यस्तै सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्नको निरोपण गर्नका लागि नै Public Interest Litigation को परिपाटी विकास भएको हो, अर्थात आर्थिक, सामाजिक, शैक्षिक आदि विभिन्न कारणले पीडित भई पछाडि परेका बर्गको भलाई र हितका लागि (Pro Bono Publico) उनीहरूको तर्फबाट जो सुकै Public Spirited Individual ले निवेदन दिन सक्ने गरी संविधानको धारा १०७ (२) मा असाधारण अधिकार क्षेत्र अन्तर्गत निवेदन दिन पाउने व्यवस्था गरिएको हो ।

हाम्रो संविधानको भाग ३ मा विभिन्न मौलिक हकहरूको व्यवस्था भएको छ । तर त्यसको उपभोग गर्नु पर्ने जनताहरू सबै शिक्षित छैनन् । जनता सबै आर्थिक रूपले सम्पन्न छैनन । जनताहरू अनभिज्ञ पनि छन् । यस्ता विभिन्न तत्वहरू (Multiple Factor) ले गर्दा जनताहरू पिछडिन पुग्दछन् । त्यसैले यस्ता बिषयमा अदालतले परम्परागत रूपमा हकदैयाको साँघुरो दृष्टिकोण (Narrow Concept of Locus Standi) र परम्परागत अदालती ढाँचामा (Traditional Pattern of Court) मा बस्ने हो भने त्यस्तो पिछडिएका बर्गका लागि न्याय र मौलिक हकमा पहुँच नै हुँदैन । यही मान्यताले त्यस्ता पिछडिएका (Disadvantaged) बर्गको तर्फबाट जो सुकैले मुद्दा दिन सक्ने व्यवस्था भएको हो । भारतको संविधानमा हाम्रो संविधानको धारा १०७ (२) मा भए जस्तो सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक एवम् कानूनी प्रश्न निरोपण गर्ने व्यवस्था उल्लेख भएको छैन । तर पनि सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्न निरोपणका सम्बन्धमा भारतको सर्वोच्च अदालतबाट भएको S.P. Gupta & Others vs. President of India को मुद्दामा भएको फैसला यस सम्बन्धमा महत्वपूर्ण रहेको छ । Public Interest Litigation मा सो मुद्दाको फैसलालाई मार्गदर्शक

फैसला मान्नु पर्दछ । न्यायमूर्ति P.N. Bhagabati ले व्यक्त गर्नु भएका यी विचारहरूले यस सम्बन्धी अवधारणालाई स्पष्ट पारेको छ –

...where a legal wrong or a legal injury is caused a person or to a determinate class of persons by reason of violation of any constitutional or legal right or any burden is imposed in contravention of any constitutional or legal provision or without authority of law or any such legal wrong or legal injury or illegal burden is threatened and such person or determinate class of persons is by reason of poverty, helplessness or disability or socially or economically disadvantaged position, unable to approach the court for relief any member of the public can maintain and application for an appropriate derection or order.

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा मौलिक हक र भाग ४ मा राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वहरूको व्यवस्था गरिएको छ । ती व्यवस्थाहरू देशलाई जनकल्याणकारी राज्य (Welfare State) मा परिणत गरी नागरिकहरूको कल्याण गर्ने Approach बाट व्यवस्था भएको हो । यसका साथै २०४७ पछि आएर नेपालले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि (ICCPR), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि (ICESCR), महिला बिरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW) लगायत १८ ओटा भन्दा बढी अन्तर्राष्ट्रिय महासन्धिहरू अनुमोदन समेत गरेको छ । कार्यपालिकाले काम गर्दा संविधानको मौलिक हक र राज्यका निर्देशक सिद्धान्त एवम् राज्यले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी महासन्धिलाई मध्यनजरमा राखी सो अनुसारका नीति बनाउने, कानून बनाउने र त्यसलाई लागू गर्नु पर्दछ । तर कार्यपालिकाले त्यसो नगरेको अवस्थामा नै धारा ३२ र धारा १०७ (२) आकर्षित हुने गर्दछ । त्यसैले कार्यपालिकाले उपरोक्त व्यवस्थालाई मध्यनजरमा राखी आफ्नो संवैधानिक कर्तव्य पालना गर्नु पर्दछ । हालसम्मको कार्यपालिकाको कार्यशैली हेर्दा उल्लिखित व्यवस्थाको परिपालना भएको देखिएको छैन ।

सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्न निरोपण गर्न जो सुकैले निवेदन गर्न पाउने बर्तमान संविधानको धारा १०७ (२) मा मात्र होइन खारेज भएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (२) मा पनि समावेश भएको थियो । यस अदालतले आफ्नो असाधारण अधिकार क्षेत्र अन्तर्गत सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्नको निरोपणमा हकदैयालाई व्यापक गरिएको कारण Disadvantaged बर्गको तर्फबाट विभिन्न गैर सरकारी संस्था (NGOs, INGOs) र Public Spirited Individual बाट परेको निवेदनमा उचित र उपयुक्त आदेश जारी गर्दा गर्दै पनि हकदैयाको बिषयमा बिवाद उठ्ने गरेकोले कस्तो बिवाद संवैधानिक वा कानूनी प्रश्न समावेश भएको सार्वजनिक सरोकारको बिवाद हुन सक्छ भन्ने व्याख्या गर्नु आवश्यक देखिएको छ । बर्तमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) को सन्दर्भमा देहायको बिवाद सार्वजनिक हक वा सरोकारको विवाद समावेश भएको संवैधानिक वा कानूनी प्रश्न निरूपण गर्नु पर्ने बिवादको रूपमा अर्थात Public Interest Litigation को विवाद मान्न सकिन्छ:

- राज्यको ढिलाई वा Inaction को कारण विभिन्न वर्ग, जातजाति, लिङ्ग, समूह, भाषा भाषी आदि नागरिकको विभिन्न समूह संविधानको भाग ३ ले प्रदान गरेको मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,
- राज्यले क्रमशः लागू गर्ने निर्देशक सिद्धान्तलाई वेवास्ता गरेको कारण मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,

- ❖ राज्यको तर्फबाट वर्तमान संविधानको प्रस्तावना खासगरी प्रस्तावनाको चौथो प्रकरणको व्यवस्था र भावना विपरीत हुने कार्य भएको अवस्थामा,
- ❖ न्यायपालिकाको स्वतन्त्रता र संविधान बमोजिम स्वतन्त्र भएर काम गर्नु पर्ने अन्य संवैधानिक निकायको स्वतन्त्रतामा हस्तक्षेप सम्बन्धी विषय,
- ❖ वातावरण प्रदूषण सम्वन्धी विषय,
- ❖ संविधानको धारा १३(३)को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएका विशेष व्यवस्था गरी संरक्षण र सशक्तीकरण गर्न सकिने जातजाति वा व्यक्ति वा वर्गको हकहित सम्वन्धी विषय,
- ❖ संविधानको भाग ३ र ४ मा उल्लिखित अन्य व्यक्ति वा समूह वा वर्गको हकहित सम्वन्धी विषय,
- ❖ नेपालको प्राकृतिक श्रोत सम्पदा जस्तैः सार्वजनिक जग्गा, नदीनाला, वनजंगल आदि Public Trust Doctrine अन्तर्गत पर्ने विषय,
- ❖ नेपालको सांस्कृतिक सम्पदा सम्वन्धी ऐतिहासिक र पुरातात्विक विषयहरू ,
- ❖ कार्यपालिकाले आफ्नो संवैधानिक कर्तव्य पालना नगरेको कारणबाट नागरिकहरूको कुनै वर्ग वा समूह वा जातजाति पीडित हुन परेको विषय आदि ।

हाम्रो सन्दर्भमा उल्लिखित विषयहरू Public Interest Litigation का विषय हुन् । यस्ता विषयमा संविधानको धारा १०७(२.) अनुसार त्यस्ता Disadvantaged वर्गको तर्फबाट जोसुकै Public spirited Individual वा समूहले पनि निवेदन दिन सक्छ । तर माथि उल्लिखित विषय मात्र अन्तिम होइनन्, हाम्रो संविधानको व्यवस्थाबाट बेला बेलामा अवस्था अनुसार अन्य विषयहरू पनि यस अन्तर्गत पर्न सक्दछन् । यसलाई सम्पूर्णरूपमा अहिले नै किटेर सीमित गर्न सकिदैन ।

प्रस्तुत रिट निवेदनमा उठाइएको लैङ्गिक पहिचान, लैङ्गिक विभेद र यसैका कारणबाट व्यहोर्नु परेका कठिनाई, लैङ्गिक मान्यताको आदि जस्ता विषयहरू सामाजिक न्याय र सरोकारका विषय हुन् । यस्तो विषयमा आवश्यक उपचारको माग गरी अदालत आउन पाउने भनी यस अदालतले पनि विभिन्न मुद्दामा व्याख्या गरेको छ । लैङ्गिक पहिचान र यौन अभिमुखीकरणको विषयमा समलिङ्गी र तेस्रो लिङ्गी व्यक्तिहरूको प्रतिनिधित्व गर्दै आफूहरूप्रति राज्य र समाजले गरेको व्यवहारको विषयमा असहमति जनाउँदै आफ्नो वर्गको हक अधिकारको विषयलाई लिएर दायर भएको प्रस्तुत रिट निवेदन सार्वजनिक सरोकारको विषय भित्रै पर्ने देखिन्छ र प्रस्तुत रिट निवेदनमा उठाइएका बिषयहरूसित निवेदकहरूको तात्विक सरोकार (Substential Interest) र अर्थपूर्ण सम्बन्ध (Meaningful Relation) पनि रहेको छ । तसर्थ माथि उल्लेख गरिए अनुसार LGBTI को हकहित संरक्षण गर्न स्थापित संस्थाहरूको प्रस्तुत रिट निवेदन दिने हकदैया हुँदैन भन्ने बिपक्षी तर्फको जिकिरसँग सहमत हुन सकिएन । अतः निवेदकहरूलाई प्रस्तुत निवेदन दिने हकदैया पुग्ने देखिन्छ ।

अब समलिङ्गी वा तेस्रो लिङ्गी व्यक्तिहरूको पहिचानको आधार के हो ? यो व्यक्तिको मनोवृत्तिका कारण हुन्छ वा प्राकृतिक रूपमा नै यस्तो विशेषता कायम भएको हो ? भन्ने दोस्रो प्रश्न तर्फ विचार गर्दा व्यक्तिको यौन अंग अनुसार देखा पर्ने भिन्नतालाई लिङ्ग (Sex) र लिङ्गको आधारमा समाजले निर्धारण गरेको सामाजिक भूमिकालाई लैङ्गिकता (Gender) भनी परिभाषित गर्ने गरिएको छ । लैङ्गिक पहिचानको दृष्टिकोणबाट मूलधार (Mainstream) को रूपमा रहेका महिला र पुरूष भन्दा अलग तेस्रो लिङ्गी (Third Gender) पहिचान भएका व्यक्तिहरू समेत समाजमा अल्पसंख्यक रूपमा रहेका हुन्छन् ।

यौन अभिमुखीकरणका आधारमा तीन प्रकृतिका लैङ्गिक आकर्षण (Sexual Attraction) भएका मानिसहरू हुन्छन् भनी चिकित्साशास्त्र एवम् मनोविज्ञानले समेत बर्गीकरण गरेको पाईन्छ । यसअनुसार समान लिङ्गीका बीचमा हुने यौन सम्वन्ध वा यौन आकर्षणलाई समलिङ्गी (Homosexual) सम्वन्ध, विपरीत लिङ्गीप्रति हुने यौन सम्वन्ध वा यौन आकर्षणलाई विपरीत लिङ्गी (Heterosexual) सम्वन्ध र समान तथा विपरीत दुवै लिङ्गी प्रति उत्तिकै रूपमा हुने यौन सम्वन्ध वा यौन आकर्षणलाई द्विलिङ्गी (Bi-sexual) सम्वन्ध भनिन्छ । लैङ्गिक पहिचानका दृष्टिले जसरी महिला पुरूषलाई समाजको mainstream वर्गको रूपमा लिइए जस्तै यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा विपरीत लिङ्गीप्रति यौन आकर्षण भएका (Heterosexual) व्यक्तिहरूको बाहुल्यता हुने भएकाले उनीहरूलाई पनि सो वर्गको mainstream का रूपमा लिइन्छ । अर्को तिर समलिङ्गी र द्विलिङ्गी व्यक्तिहरूको संख्या समाजमा मात्रात्मक रूपमा ठूलो रूपमा रहेको पाइदैन । समलिङ्गीहरू भित्र पनि महिला समलिङ्गी (Lesbian) र पुरूष समलिङ्गी (Gay) गरी दुई प्रकारका समलिङ्गीहरू रहेका हुन्छन् । यस्तै एउटा लिङ्ग जनाउने कोषीय तत्व लिएर जन्मेका तर मानसिक रूपमा आफू अर्को लिङ्गको रूपमा रहेको अनुभूति दिलाउने श्रेणीका मानिसहरूलाई तेश्रो लिङ्गी (transsexual) भनिन्छ ।

यौन अल्पसंख्यकको रूपमा रहेको अर्को वर्ग भनेको अन्तरलिङ्गी (Intersexual) वर्ग हो, जुन प्राकृतिक रूपमा नै महिला र पुरूष दुवैको जैविक लिङ्ग लिएर जन्मिएको हुन्छ । यस्ता व्यक्तिहरूको संख्या अत्यन्त न्यून (Rarest of the Rare) रहेको छ । उनीहरूमा वयस्क भएपछि Sexual Orientation का आधारमा लैङ्गिकताको निर्धारण हुने गर्दछ । यसरी समग्रमा हेर्दा यौन अल्पसंख्यक भित्र रहेका सवै वर्गका व्यक्तिहरू भित्र Lesbian, Gay, Bisexual, Transgender र Intersexual गरी ५ प्रकारका वर्गहरू रहेका पाइन्छ । यसलाई छोटकरीमा LGBTI भनेर पनि भन्ने गरिन्छ । यो बर्गलाई अहिलेसम्म यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको आधारमा मान्यता प्रदान गरिएको छैन भन्ने रिट निवेदकहरूको मुख्य दावी रहेको छ ।

निवेदकको दावीका सम्बन्धमा बिवेचना गर्नु पूर्व यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको परिभाषा गर्नु सान्दर्भिक देखिन्छ । यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको क्षेत्रमा क्रियाशील रहेका मानव अधिकारवादीहरूको सन् २००६ को नोभेम्बर ६ देखि ९ सम्म इण्डोनेसियाको जकार्तामा सम्पन्न भेलाले अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको प्रयोग सम्बन्धी जकार्ता सिद्धान्त (The Yagyakarta Principles) लाई पारित गरेको छ । सो सिद्धान्तमा गरिएको यौन अभिमुखीकरण (Sexual Orientation) र लैङ्गिक पहिचान (Gender identity) को परिभाषा यस प्रकार रहेको छ :

Sexual Orientation is understood to refer to each person's capacity for profound emotional, affectional and sexual attraction to, and intimate and sexual relations with, individuals of a different gender or the same gender or more than one gender.

अर्थात यौन अभिमुखीकरण भन्नाले हरेक व्यक्तिले अर्को समान लिङ्ग भएको, भिन्न लिङ्ग भएको वा दुबै लिङ्गीसंग गहन संबेगात्मक, भावनात्मक तथा यौन आकर्षण र आत्मीय तथा यौन सम्बन्ध राख्न सक्ने क्षमतालाई बुझ्नु बुझाउनु पर्दछ ।

Gender identity is understood to refer to each person's deeply felt internal and individual experience of gender, which may or may not correspond with the sex assigned at birth, including the personal sense of the body (which may involve, if freely chosen, modification of bodily appearance or

function by medical, surgical or other means) and other expressions of gender, including dress, speech and mannerisms.

अर्थात लैङ्गिक पहिचान भन्नाले हरेक व्यक्तिले अन्तः स्करणमा व्यक्तिगत रूपमा अनुभव गरेको लैङ्गिक पहिचान हो जसमा व्यक्तिगत शारीरिक संवेदना (जसमा स्वतन्त्रपूर्वक छनौट गरिएको हकमा शारीरिक स्वरूपको परिवर्तन र स्वास्थ्यगत शल्यक्रिया वा अन्य माध्यमबाट गर्ने कुरा पर्दछ) का साथै व्यक्ति जन्मदै निरूपण गरिएको लैङ्गिक निरूपणसंग मेल खाने वा नखाने अवस्था पहिचानको अभिव्यक्ति गर्ने पोशाक, बोलीचाली वा व्यवहार समेत पर्दछन् ।

यसै सन्दर्भमा प्रस्तुत रिट निवेदनमा पटक पटक उल्लेख भएका केही शव्द र शव्दावलीहरूको सम्बन्धमा शव्दकोशमा गरिएको परिभाषालाई समेत यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

**Lesbian** : A woman who is sexually attracted to other woman.

**Gay** : A homosexual person especially a man.

**Bisexual** : A person who is attracted to both man and woman.

**Transsexual** : A person especially a man who feels that he should have been opposite sex, and therefore behaves and dresses like a member of that sex.

**Homosexual** : A person, especially a man, who is sexually, attracted people of the same sex and not to people of the opposite sex.

**Source:** Cambridge Advanced Learner's Dictionary (online version).

**Transgender :** Transgender is the state of one's "gender identity (self-identification as woman, man, or neither) not matching ones "assigned sex" (identification by others as male or female based on physical/genetic sex). "Transgender" does not imply any specific form of sexual orientation; transgender people may identify as heterosexual, homosexual, bisexual, pansexual, polysexual, or asexual. The precise definition for transgender remains in flux, but includes:

- "Of, relating to, or designating a person whose identity does not conform unambiguously to conventional notions of male or female gender roles, but combines or moves between these."
- "People who were assigned a sex, usually at birth and based on their genitals, but who feel that this is a false or incomplete description of themselves."
- "Non-identification with, or non-presentation as, the sex (and assumed gender) one was assigned at birth."

**Intersexuality :** Intersexuality is the state of a living thing of a gonochoristic species whose sex chromosomes, genitalia, and/or secondary sex characteristics are determined to be neither exclusively male nor female. An intersex organism may have biological characteristics of both the male and female sexes. Intersexuality is the term adopted by medicine during the 20th century applied to human beings who cannot be classified as either male or female. Intersexuality is also the word adopted by the identity-political movement, to criticize medical protocols in sex assignment and to claim the right to be heard in the construction of a new one.

**Source :** wikipedia

यसै प्रसंगमा International Commission of Jurists द्वारा प्रकाशित Sexual Orientation and Gender Identity in Human Rights Law मा प्रकाशित यो सन्दर्भ यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ :

Discrimination on the grounds of sexual orientation and gender identity may give rise to the most egregious human rights violations, such as extrajudicial killings, torture and ill-treatment and arbitrary detention. Demonstrating that discrimination has consequences in the deprivation of enjoyment of all other guaranteed human rights. These include inter alia the right to life, right to liberty, right to a fair trail by an independentand impartial tribunal, right to privacy, freedom of conscience, freedom of opinion, freedom of assembly and freedom of association, equal access to public services, equality before the law and equal protection of the law, right to work, right to social security including social insurance, right to the enjoyment of the highest attainable level of health, right to education, and right to adequate housing. The social sexual orientation exposes them more to violence and human rights abuses; this stigmatisation also increases the climate of impunity, in which such violations frequently occur.

In some countries, sexual relationships between same-sex consenting adults or "unnatural behaviour", such as the manifestation of transgender behaviours, are criminalized under "sodomy laws" or under the abuse of morality laws, which violate the right to privacy and the equal protection of the law without discrimination. such criminalisation reinforces attitudes of discrimination between persons on the basis of sexual orientation. In some countries such acts are punishable by corporal punishments or the death penalty impairing the right to be free from cruel, inhuman or degrading punishment and the right to life. Treaty bodies, the former Commission on Human Rights and special procedures have expressed concern at such criminalisation, called on States to refrain from such criminalisation and where such laws exist repeal them, and urged all States that maintains the death penalty not to impose for sexual relations between same-sex consenting adults.

Violence taking place in some countries against lesbian, gay, bisexual or transgender (LGBT) persons, including killing, "social cleansing", torture and ill-treatment, impairs the right to life, the right to be free from torture and cruel, inhuman or degrating treatment or punishment, and the right to security and is also a matter of concern of treaty bodies and special procedures of the former Commission. Victims of criminal offences suffer.

From discrimination because of their sexual orientation and gender identity, as they are often perceived as less credible by law enforcement agencies and police officials frequently show prejudice towards such persons. These particular in cases of abuse, ill treatment, including rape or sexual assualt, torture, or sexual harassment, and may be disinclined to investigate promptly and thoroughly extrajudicial executions of LGBT persons. The refusal to bring those responsible for such killings to justice and to ensure that such killings particularly disturbing. The special procedures and the treaty bodies have repeatedly asked the States to take action to protect the right to lifr of LGBT persons, including proper investigation in cases of violence against LBGT persons. They have also called on states to take initiatives against homophobia and hate crimes, including policies and programmes aimed towards overcoming hatred and prejudice against LGBT persons.

लैङ्गिक पहिचानका सम्बन्धमा भएको अभ्यास र प्रचलन हेर्दा सन् १९७० मा बेलायतको उच्च अदालतले व्यक्तिका अन्तर्निहित तीन ओटा तत्वहरू जनेन्द्रिय (Genital Sex), कोषीय (Cromosomal Sex) र

जनन ग्रन्थीय तत्व (Gonodal Sex) का आधारमा लैङ्गिक पहिचान निर्धारणको आधार हुनु पर्ने फैसला गरेको देखिन्छ । तर अष्ट्रेलियाको पारिवारिक अदालतले उक्त नजीर प्रति असहमति जनाउँदै लैङ्गिकता (gender) निर्धारण गर्दा उसको वास्तविक लिङ्ग छुट्याउनु पर्ने र त्यसका लागि जैविक, शारीरिक र मानसिक तत्व (जस्तो Brain Sex) लाई समेत आधार मान्नु पर्ने व्याख्या गऱ्यो । यो फैसलाले सम्बन्धित व्यक्तिको स्व धारणा (self perception) लाई समेत स्वीकार गरेको छ । अष्ट्रेलियाको पारिवारिक अदालतको उक्त फैसलाको केही अंश यहाँ उद्धृत गर्नु सान्दर्भिक देखिन्छ ।

It is wrong to say that a person's sex depends on some limited range of factors, such as the state of the person's gonods, Chromosomes or genitals (whether at birth or at some other time)… the relevant matters include the person's biological and physical characteristics at birth; … the person's self perception as a man or woman; …. and the person's biological, psycological and physical characteristics at the time of the marriage, including any biological features of the person's brain that are associated with a particular sex.

यही फैसलालाई आधार बनाएर युरोपियन मानव अधिकार अदालत (The European Court of Human Rights) ले पनि गडविन विरूद्ध संयुक्त अधिराज्य (Goodbin v. United Kingdom) भएको मुद्दामा उक्त अवधारणालाई स्वीकार गरेको देखिन्छ । त्यसै गरी विभिन्न खोज अनुसन्धानबाट निकालिएका वैज्ञानिक र चिकित्सकीय तथ्यहरूले पनि जन्मदाको लिङ्गको आधारमा मात्र व्यक्तिको लैङ्गिक पहिचान कायम नहुने र मस्तिष्कमा रहेको चरित्रले पनि यसमा प्रभाव पार्ने निष्कर्ष निकालेको देखिन्छ ।

रिट निवेदनमा यौन अभिमुखीकरण (Sexual Orientation) को प्रसंग पनि उठाइएको छ । समान लिङ्गीहरू बीच हुने यौन आकर्षणका कारण समलिङ्गीहरूलाई समाजले वेग्लै र असमाजिक व्यवहार गरिदै आएको भनी निवेदकहरूले उल्लेख गरेका छन् । यस प्रसंगमा दक्षिण अफ्रिकाको संवैधानिक अदालतले गरेको व्याख्यालाई महत्वपूर्ण व्याख्या मान्नु पर्दछ । National Coalition for Gay and Lesbian Equality and others v. Minister of Justice and others भएको मुद्दामा सो अदालत गरेको व्याख्याको केही अंश यहाँ उदृत गर्नु सान्दर्भिक देखिन्छ :

"….. Sexual Orientaion is defined by reference to erotic attraction: in the case of heterosexuals, to members of the opposite sex; in the case of gays and lesbian, to members of the same sex. Potentially a homosexual or gay or lesbian person can therefore be anyone who is erotically attracted to member of his or her own sex."

त्यसै गरी Human Right Watch को एउटा प्रकाशनमा भनिएको छः-

Sexual Orientation generally refers to the way in which a person's Sexual and emotional desires are directed. The term catagorizes according to the sex of the object of desire- that is, it describes whether a person is attracted primarily toward people of the same or opposite sex or to both.

संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले लरेन्स वि. टेक्सास ( Lawrence et al. v. Texas 2003) को मुद्दामा बयस्कहरू वीच सहमतिमा गरिने समलिङ्गीहरूको सम्वन्धलाई अपराध कायम गर्ने कानुनलाई असंवैधानिक घोषणा गरेको पाइन्छ । इक्वेडरको संवैधानिक अदालतले पनि समलिङ्गी सम्वन्धलाई अपराध घोषणा गर्ने राष्ट्रिय कानुनको व्यवस्थालाई अमान्य घोषित गरेको पाइन्छ । उक्त मुलुकको अपराध संहिताको धारा ५१६, संविधान र ICCPR को धारा २६ सँग मेल नखाएको भन्ने आधारमा सन १९९७ मा नै अमान्य घोषणा गरिएको पाइन्छ ।

उल्लेखित विभिन्न सन्दर्भहरूलाई हेर्दा, लिङ्ग, लैङ्गिकता, यौन अभिमुखीकरण र लैङ्गिक पहिचान सम्बन्धमा रहँदै आएको परम्परागत मूल्य मान्यतामा क्रमशः परिवर्तन आउन थालेको देखिन्छ । व्यक्तिको शारीरिक अवस्था र मानसिक अनुभूति अनुरूप उनीहरूको लैङ्गिक पहिचान कायम हुनु पर्दछ भन्ने मान्यता क्रमशः स्थापित हुँदै गएको पनि देखिन्छ । समलिङ्गी एवम् तेस्रो लिङ्गीहरू मानसिक रोगी होइनन्, यो उनीहरूको सामान्य जीवन शैली हो भन्ने मान्यता स्थापित हुने क्रममा छ । सोही सन्दर्भमा बेलायतको Interdepartmental Working Group को प्रतिवेदनमा समलिङ्गीको वारेमा उल्लेख गरिएका केही प्रासांगिक अंश यहाँ उदृत गर्नु सान्दर्भिक देखिन्छः

There is zero evidence that psychiatric intervention can 'cure' transsexualism, just as there is zero evidence that psychiatry can 'cure' homosexuality.

एउटा प्रतिवेदन (Kinsey Report) मा उल्लेख गरिए अनुसार समाजमा ५ देखि ८ प्रतिशत मानिसहरू यौन अभिमुखीकरणको उक्त परिभाषाले समेटेको वर्गमा पर्दछन् । उल्लिखित तथ्यले मानिसको लैङ्गिक पहिचान र यौन अभिमुखीकरणको विषयलाई समाज भित्रका निश्चित संख्याका मानिसहरू जो अल्पसंख्यक अवस्थामा छन् उनीहरूको जीवनशैलीलाई चित्रण गरेको देखिन्छ । यसले यो विकृत मनोबृत्ति वा मानसिक विकारको कारणबाट नभई व्यक्तिको शरीर विकासक्रममा भएको स्व अनुभूति समेतका कारण प्राकृतिक रूपमा हुने विकास नै हो भन्ने मतलाई स्थापित गर्न बल पुऱ्याएको देखिन्छ ।

अब समलिङ्गी यौन अभिमुखीकरण भएका एवम् तेस्रो लिङ्गीय लैङ्गीय पहिचान भएका नागरिकप्रति राज्यले भेदभावपूर्ण व्यवहार गरेको छ छैन ? भन्ने तेस्रो प्रश्न तर्फ विचार गरौं । फरक लैङ्गिक पहिचान कायम भएका वा समलिङ्गी यौन अभिमुखीकरण भएका व्यक्तिहरू प्रति राज्य र समाजले भेदभाव पूर्ण व्यवहार गरेको छ भन्ने निवेदकहरूको दावी रहेको देखिन्छ । यस समुदायका मानिसहरू पारिवारिक, घरेलु, सामाजिक तथा राज्यको हिंसाबाट ग्रस्त छन्, उनीहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक तथा नागरिक अधिकारबाट बञ्चित गरिएको छ, उनीहरू समाज र परिवारबाट अपहेलित बन्नु परेको छ, राज्यबाट प्रदान गरिएका सेवा सुविधाको उपभोगबाट बञ्चित हुनु परेको छ, रोजगारी, विवाह र नागरिकता जस्ता आधारभूत अधिकारबाट बञ्चित हुनु परेको अवस्था छ भन्ने समेतको निवेदन जिकिर रहेको देखिन्छ ।

तेस्रो लिङ्गीहरूको लैङ्गिक पहिचान स्थापित गराउने विषय हाम्रो देशको मात्र समस्या होइन । संसारभरि नै यो विषय अहिले गऱ्हुँगो बहसको विषय भएको छ । निश्चय नै तस्रो लिङ्गी व्यक्तिहरू प्राकृतिक रूपमा आफूमा कायम भएको चरित्र अनुरूप समाजमा सहज रूपमा स्थापित हुन सकिरहेका छैनन् । यो समूहले भोग्नु परेको समस्याको वारेमा संयुक्त राष्ट्र संघीय विशेष प्रतिनिधिको प्रतिवेदनको यो अंश यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

...member of sexual minorities are disproportionately subjected to torture and other forms of ill treatment because they fail to conform to socially constructed gender expectation. Indeed, discrimination on grounds of sexual orientation or gender identity may often contribute to the process of the dehumanization of the victim, which is often a necessary condition for torture and ill treatment to take place.

परम्परागत मान्यता भन्दा फरक खालको यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका व्यक्तिहरूले संसारभरिनै समस्या व्यहोरी रहेको कुरालाई जर्कार्ता सिद्धान्तले समेत स्पष्ट पारेको छ । सो सिद्धान्तको प्रस्तावनामा उल्लिखित अंश यस प्रकार रहेको छः-

"कटु सत्य यो छ कि संसारको सबै क्षेत्रमा व्यक्तिहरूको यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा व्यक्तिहरूको बिरूद्ध हिंसा, अवहेलना, भेदभाव, पृथकीकरण, कलंक तथा पूर्वाग्रह लक्षित गरिएको हुन्छ र यी अनुभवहरूलाई लिङ्ग, वर्ण, धर्म, अपाङ्गता, आर्थिक तथा स्वास्थ्य स्थितिको आधारमा गरिने भेदभावले समेत थप जटिल तुल्याएको हुन्छ र त्यस्ता हिंसा, अवहेलना, भेदभाव, पृथकीकरण, कलंक तथा पूर्वाग्रहले पीडितहरूको प्रतिष्ठा र आत्म सम्मानलाई निस्तेज गर्दछ र सामुदायिक अपनत्वलाई समेत कमजोर तुल्याई धेरैलाई आफ्नो परिचय लुकाई त्रासपूर्ण तथा अदृश्य रूपमा जीवन विताउन बाध्य गराउँदछ ।

यो कुरामा ध्यान आकर्षण गरिन्छ कि ऐतिहासिक रूपमा मानिसहरूले आफू महिला वा पुरूष समलिङ्गी वा दोहोरो यौनिक भएकोले वा ग्रहण गरेकोले उमेर पुगेका समान लिङ्ग भएकाहरूसंगको यौन आचरण वा तेश्रो यौनिक, तेश्रो लैङ्गिक प्रकृति भएका वा सो को रूपमा हेरिने भएकोले केही समाजमा यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा पहिचान गरिएको सामाजिक समूहमा राखिएकोले यस्ता मानव अधिकार हनन्का घटनाहरू भोगिरहेका छन् ।"

संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयवाट प्रकाशित २००६ मे १६ को एउटा प्रतिवेदनमा कोलम्वियामा लैङ्गिक अल्पसंख्यकका विरूद्ध भएका घटनाको विवरणलाई यसप्रकार प्रस्तुत गरिएको छः

Lesbians, gays, bisexual and transgenders were exposed to murder and threats in the name of "social cleansing." Generally speaking the results of investigations into the identities of prepetrators are very inadequate. Those groups were the victims of arbitrary detentions and cruel, inhuman or degarding treatment by member of the police force. There have also been allegations of harassment of homosexuals by members of the illegal armed groups. There are no specific public policies to prevent or penalize such actions or to eliminate discrimination against those groups, especially in educational establishments, in the field of employment, in the police force and in detention centres.

यसबाट नेपालमा मात्र होइन राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा पनि तेस्रो लिङ्गी र समलिङ्गीहरू प्रति दुर्व्यवहारका घटनाहरू भैरहेको भन्ने देखिन्छ ।

यिनै सन्दर्भलाई पृष्ठभूमिमा राखी अव नेपालको सन्दर्भमा विचार गरौं । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले लिङ्ग, जात जातिको आधारमा भेदभाव नगर्ने र समान व्यवहार गर्ने कुराको प्रत्याभूति गरेको छ । धारा ३३ ले सबै विभेदकारी कानूनको अन्त्य गर्ने र धारा ३४ ले सामाजिक न्याय प्रदान गर्ने कुरालाई स्वीकार गरेको छ । त्यसै गरी मानव अधिकारको संरक्षणका लागि बनेका महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिहरूलाई नेपालले अनुमोदन गरी मानव अधिकारको विश्वव्यापी मान्यताप्रति आफ्नो प्रतिवद्धता समेत व्यक्त गरेको छ । नेपालले सबै किसिमका जातीय विभेदहरू अन्त्य गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि, १९६६, महिला विरूद्धको सबै किसिमको भेदभाव उन्मूलन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९७९ र बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ अनुमोदन गरिसकेको छ । यी सन्धिहरूमा व्यक्तिको मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने तथा सबै किसिमका विभेदको अन्त्य गर्ने प्रावधानलाई स्वीकार गरिएको छ । अन्तर्राष्ट्रिय सन्धि एवम् महासन्धिहरूको पक्ष राष्ट्र भएपछि Treaty सम्वन्धी भियना महासन्धि,

१९६९ र नेपाल सन्धि ऐन, २०४७ बमोजिम पनि उल्लिखित महासन्धिहरूको दायित्व परिपालना गर्ने जिम्मेवारी नेपाल सरकारमा रहन्छ ।

माथि नै उल्लेख गरिसकिएको छ कि सामान्यतया लिङ्ग भन्नाले महिला र पुरूष मात्र हुन्छन् । पुरूष र महिला वाहेक अन्य तेश्रो लिङ्गी नगण्य मात्रामा हुन्छन् र ती तेश्रो लिङ्गीहरू Sexual Deviation का कारण बन्दछन् भन्ने पुरानो धारणा हो । मानव अधिकारप्रति समर्पित आजको लोककल्याणकारी राज्यले प्रत्येक नागरिकको बाच्न पाउने अधिकार (Right to Life) को रक्षा गर्नु पर्छ भन्ने मान्यता राख्ने हो भने त्यस्तो पुरानो धारणाको कुनै मूल्य रहदैन । भारत, अमेरिका, ब्राजिल, मेक्सिको, बेलायत, स्पेन, बेल्जियम, निदरल्याण्ड, कोलम्बिया आदि राष्ट्रहरूमा तेश्रो लिङ्गी (Third Gender) को पहिचान र समलिङ्गी बिवाह (Same Sex Marriage) लाई legalize र destigmatize गर्ने माग भई यस सम्वन्धमा आवाज उठिरहेका छन् । हाम्रो छिमेकी मुलुक भारतको अभ्यास हेर्ने हो भने त्यहाँ पनि हजारौं संख्यामा हिजरा (Hijras) र कोथीहरू (Kothis) रहेको भन्ने देखिन्छ । समलिङ्गी वा तेस्रो लिङ्गी हुनु आफैमा कुनै रोग होइन । हामी कहाँ समलिङ्गी बिवाहलाई अप्राकृतिक मैथुन मानी अपराधीकरण (Criminalization) गरिएको छ । तर आजको विश्वमा प्रत्येक व्यक्तिका आ–आफ्ना रोजाई (Choice) र यौनिक प्राथमिकताहरू (Sexual Preferences) अप्राकृतिक मैथुन नहुन सक्छन् । तसर्थ हामीले पनि अप्राकृतिक मैथुनको परिभाषामा संशोधन गरी समलिङ्गी बिवाहलाई decriminalize र destigmatize गर्ने तर्फ पनि सोच्ने बेला आएको छ ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (International Covenent on Civil and Political Rights - ICCPR) को धारा २६ को व्यवस्था यस सन्दर्भमा विशेष उल्लेखनीय रहेको छः–

All persons are equal before the law and are entitled without any discrimination to the equal protection of law. In this respect, the law shall prohibit any discrimination and gurantee to all person's equal and effective protection against discrimination on any ground such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth, or other status.

उल्लिखित धारा २६ ले सबै मानिसहरू कानूनको अगाडि समान हुने र कानूनको समान संरक्षणको भागीदार हुने, जाति, रङ्ग, भाषा, लिङ्ग, धर्म, राजनीति तथा अरू विचार, राष्ट्रिय उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता कुनै पनि आधारमा भेदभाव नगरिने भनेको छ । सोही धाराको व्याख्या गर्ने क्रममा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले यौन अभिमुखीकरणलाई समेत सो परिभाषाले समेट्ने अर्थ गरेको छ ।

महिला पुरूषको बीचको समानता सरह नै फरक यौन अभिमुखीकरण भएका तेस्रो लिङ्गी व्यक्तिहरूलाई पनि समान व्यवहार गर्नु पर्ने र यौन अभिमुखीकरणलाई भेदभावको आधार मानी लैङ्गिक पहिचानलाई अलग हो भन्न मिल्दैन भन्ने धारणा सो समितिको रहेको छ । समितिले उल्लेख गरेको छः–

Sexual Orientation needs to be understood as link inseparably to the equality of men and women. Thus discrimination on grounds of Sexual Orientation is connected to discrimination against people who do not live out socially accepted norms for "masculinity" and "Femininity". The concept of "Gender Identity" can not be separated from that of "Sexual Orientation" as prohibited grounds of discrimination.

युरोपियन कोर्ट अफ ह्युम्यन राइटस (European Court of Human Rights) ले पनि यस्तै खालको विधिशास्त्रीय धारणा प्रकट गरेको छ । सो अदालतले गोपनियता र यौन अभिमुखीकरणको आधारमा भेदभाव गर्नु नहुने कुरालाई विधिशास्त्र कै रूपमा विकास गर्दै लैङ्गिक पहिचानको आधारमा गरिने भेदभावलाई अस्वीकार गरेको छ । लिङ्ग परिवर्तनको शल्य क्रियाका लागि बीमाले दायित्व नलिने गरी भएको विभेदकारी व्यवस्था सम्बन्धमा परेको भान कुक बिरूद्ध जर्मनी (Van Cook v. Germany) भएको मुद्दामा सो अदालतले ....the applicants freedom to define herself as a female person, one of the most basic essentials of self determination the very essence of the European Convention of Human Right being respect for human dignity and human freedom. Protection is given to the right of transsexual personal development and physical and moral security. भनी व्याख्या गरेको छ ।

त्यसै गरी शल्य क्रियाबाट परिवर्तित लिङ्गसंग मेल खाने गरी व्यक्तिको कानूनी पहिचान हुने लिखतहरू तयार गर्न बेलायतले इन्कार गरेको बिषयमा परेका दुई ओटा महत्वपूर्ण मुद्दामा (Goodbin vs. United Kingdom and I. vs. United kingdom) सन् २००२ मा सो अदालतले तेश्रो लिङ्गी व्यक्तिको अधिकारलाई महत्वपूर्ण एवम् दरिलो रूपमा मान्यता प्रदान गर्‍यो । यस सम्बन्धमा बोल्दै अदालतले Changes in their identity papers holding their right, to respect for their private lives and also their right to marry had been violated भनी बोलेको पाईन्छ ।

नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा २६ मानव जातिको समानता सम्बन्धी अधिकारको धारा हो । धारा २६ को अधिकार भनेको लिखित संबिधान भएका प्रत्येक स्वतन्त्र र सार्वभौम राष्ट्रहरूको संविधानले प्रत्याभूत गरेको समानताको हक सम्बन्धी व्यवस्थाले स्वीकार गरेको अधिकार हो । उदाहरणको रूपमा हाम्रो संविधानको धारा १३ को समानताको हकलाई लिन सकिन्छ । सो धारा १३ ले सबै नागरिकलाई समानताको हक प्रदान गर्दछ ।

## समानताको हक

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, बर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा बैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

तर महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको बर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

(४) समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

नेपाल सरकारको तथ्याङ्क विभागद्वारा प्रकाशित सन् २००५ को तथ्याङ्क अनुसार नेपालमा हिन्दु धर्म, बुद्ध धर्म, इस्लाम धर्म, किराँत धर्म, जैन धर्म, क्रिश्चियन धर्म, सिख धर्म, बोहाई धर्म र अरू धर्म मान्ने धर्मावलम्बीहरू रहेको देखिन्छ । राज्यले यी धर्मावलम्वीहरूलाई भेदभाव गर्न सक्दैन । नेपाल सरकारको तथ्याङ्क अनुसार नेपालमा पहिचान गरिएका (Identifed) मात्र १०२ जातजाति रहेका देखिन्छन् । जसरी राज्यले धर्म र जातजातिका आधारमा भेदभाव गर्न सक्दैन त्यसरी नै राज्यले लिङ्गका आधारमा पनि भेदभाव गर्न सक्दैन । लिङ्गका आधारमा भेदभाव नहुनु प्रत्येक नागरिकको मौलिक हक हो । तथ्याङ्क विभागद्वारा प्रकाशित तथ्याङ्कमा लैङ्गिक रूपमा महिला र पुरुष भनी उल्लेख गरिएको देखिन्छ । सो वाहेक अरू तेश्रो लिङ्गीको अस्तित्वसम्म पनि स्वीकार गरिएको देखिदैन । सबै तथ्याङ्कमा महिला र पुरूष मात्र उल्लेख गरिएको छ । तेश्रो लिङ्गीलाई अन्य (Others) सम्म पनि भनिएको देखिदैन ।

एउटा सामान्य कुरा के हो भने बच्चा पैदा हुँदा प्रायःजसो सामान्य (Normal) पैदा हुन्छ । तर कुनै कुनै बच्चा कतै कतै, कहिले काँही हातका औंला ५ भन्दा बढी भएका वा आँखा नभएका, दुई बच्चा जोडिएको वा अपाङ्ग जस्ता अनौठा बच्चा पैदा भए जस्तै लिङ्गका सम्बन्धमा पनि सामान्य महिला र पुरूष भन्दा फरक अन्तर लिङ्गी पनि जन्मने गर्दछन् । या जन्मदा एउटा लिङ्गीमा जन्मेको भए पनि जैविक (Biological) र प्राकृतिक (Natural) प्रक्रिया अनुसार जन्मदा भन्दा अर्को लिङ्गीमा विकास भई जन्मदाको भन्दा फरक लिङ्गीमा लैङ्गिक स्वरूप परिवर्तन हुन सक्छन् । यस्तो परिवर्तन हुंदैमा तिनीहरू मानव जाति वा नागरिक नै नहुने होइनन् । परम्परागत समाजमा लिङ्गका आधारमा महिला र पुरूष दुई लिङ्गले मात्र मान्यता पाइआएको भन्नेमा बिवाद भएन । मानव (human being) र Sex तथा Gender फरक फरक कुरा हुन् । संविधानको भाग ३ मा भएका मौलिक हकहरू राज्यका बिरूद्ध नागरिकहरूलाई प्राप्त हुने कार्यान्वयनयोग्य मौलिक मानव अधिकारहरू (Enforceable Fundamental Human Rights) हुन् । यही कारणले गर्दा भाग ३ का मौलिक हकहरू Human Being भएको कारण तेस्रो लिङ्गीलाई पनि समान रूपले प्राप्त हुने हक हो । महिला पुरूष जस्तै तेश्रो लिङ्गी वा समलिङ्गी पनि मानिस नै हुन् । महिला र पुरूष बाहेकका तेश्रो लिङ्गी वा समलिङ्गी सबै मानव हुनुका साथसाथै यो देशको नागरिकहरू पनि हुन् ।

नेपालको अन्तरिम संविधानको धारा १३ (४) मा पारिश्रमिकका सम्बन्धमा बाहेक अन्य कतै पनि महिला वा पुरूष भनी उल्लेख नभई 'नागरिक' वा 'लिङ्ग' भन्ने शब्द प्रयोग भएको छ । प्राकृतिक व्यक्तिलाई विभिन्न आधारमा बर्गीकरण (Classifiy) गर्न सकिन्छ । जस्तै उमेरका आधारमा बालक, प्रौढ, बयस्क, बृद्ध भने जस्तो उचाईका आधारमा अग्लो र होचो भने जस्तो, वा शारीरिक बनावटका आधारमा दुब्लो र मोटो भने जस्तो वा बर्णका आधारमा कालो र गोरो भने जस्तो लिङ्ग (Sex) को आधारमा पनि प्राकृतिक व्यक्तिलाई लैङ्गिक (Gender) आधारमा महिला, पुरूष, तेस्रो लिङ्गी भनी बर्गीकरण (Classify) गर्ने गर्नु पर्छ । तसर्थ महिला र पुरूष वाहेक अन्य तेश्रो लिङ्गी लगायतका व्यक्तिहरूलाई यौन अभिमुखीकरण (Sexual Oriention) का आधारमा भेदभाव गर्न मिल्दैन । राज्यले महिला र पुरूष बाहेकका तेस्रो लिङ्गी प्राकृतिक व्यक्ति नागरिकहरूको अस्तित्वलाई स्वीकार गरी उनीहरूलाई पनि संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकहरूबाट वञ्चित गर्न सक्दैन ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (ICCPR) को धारा २६ मा हाम्रो संविधानको धारा १३ मा जस्तो महिला र पुरूष नभनी "Person" अर्थात "व्यक्ति" भन्ने शब्द प्रयोग भएको छ । सो धारामा प्रत्येक व्यक्तिहरूलाई लिङ्गका आधारमा भेदभाव गर्न नहुने कुरा उल्लेख भएको छ ।

कतिपय देशका संविधानमा नै ICCPR को धारा २६ लाई ध्यानमा राखी यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा हुन सक्ने भेदभावलाई अन्त्य गरी तेश्रो लिङ्गीहरूलाई पनि अन्य लिङ्गी सरहको समान व्यवहार गर्न महिला र पुरूष नभनी लिङ्गलाई आधार मान्ने व्यवस्था भएको देखिन्छ । यौन अभिमुखीकरणका आधारमा नागरिकहरूलाई भेदभाव गर्न पाइदैन । दक्षिण अफ्रिका विश्वको पहिलो राष्ट्र भनेपनि हुने देखिन्छ जसले आफ्नो संविधानको Bill of Rights मा समानताको हकमा नागरिकलाई Sexual Orientation का आधारमा भेदभाव गर्न नपाइने व्यवस्था समावेश गरेको छ । ८ मे १९९६ मा adopt गरी ११ अक्टोबर १९९६ मा संशोधन गरिएको र ७ फ्रेबुअरी १९९७ देखि लागू भएको सो संविधानको धारा ९ को उपधारा (३) मा समानताको हक अन्तर्गत Sexual Orientation को आधारमा भेदभाव गर्न नपाउने गरी देहाय वमोजिमको व्यवस्था गरिएको छः-

## दक्षिण अफ्रिकाको संविधानको धारा ९ (३)

The state may not unfairly discriminate directly or indirectly against any one on one or more grounds including race, gender, sex, pregnancy, marital status, ethnic or social origin, colour, sexual orientation, age, disability, relegion, conscience, belief, culture, language and birth.

यसरी सो संविधानमा Sexual Orientation को आधारमा पनि कसैलाई पनि भेदभाव गर्न नपाउने गरी स्पष्ट शब्दमा मौलिक हकको व्यवस्था भएको देखिन्छ ।

त्यस्तै तेस्रो लिङ्गी र समलिङ्गीहरूको समान संरक्षणका लागि दक्षिण अफ्रिकाको संवैधानिक अदालतले गरेको व्याख्या समेत यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण रहेको देखिन्छ । लैङ्गिक पहिचानको आधारमा हुने सबै किसिमको भेदभाव बिरूद्ध संवैधानिक संरक्षण रहेको हुन्छ भन्ने कुराको प्रत्याभूत गर्दै सो अदालतको फैसलामा भनिएको छः

The concept 'Sexual Orientation' as used in s 9(s) of the 1996 constitution must be given a generous interpretation of which it is linguistically and textually fully capable of bearing. It applies equally to the orientation of persons who are bi-sexual or transsexual and it also applies to the orientation of persons who might on a single occasion only be erotically attracted to a member of their own sex.

दक्षिण अफ्रिकाको संवैधानिक व्यवस्था र उक्त फैसलालाई तेस्रो लिङ्गीको हकहितका लागि महत्वपूर्ण दस्तावेज मान्नु पर्ने हुन्छ ।

त्यसै गरी महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको धारा ५ ले लिङ्गको आधारमा समाजमा उचो निचो बनाउने पूर्वाग्रहयुक्त वा परम्परागत खालका सबै सामाजिक संस्कारहरू बदल्नु पर्ने कुरा उल्लेख गरेको छ । सो धारामा भनिएको छः-

States parties shall take all appropriate measures to modify the social and cultural patterns of conduct of men and women, with a view to achieving the elimination of prejudices and customary and all other practices which are based on the idea of the inferiority or the superiority or either of the sexes or on stereotyped roles for men and women.

उल्लिखित विभिन्न प्रयासहरू पछि यौनिक अल्पसंख्यकहरूको अधिकारको संरक्षण गरिनु पर्दछ भन्ने विधिशास्त्रीय मान्यता प्रवल बन्दै गईरहेको छ । यौनानुभूति सम्बन्धी मानिसको चाहना र त्यसको

प्राकृतिक स्वभाव प्रति सचेतता र संवेदनशीलता बढ्दै गएको छ । मानवीय आचरणमा देखिने प्राकृतिक स्वभावलाई स्वीकार्ने खालको सामाजिक सिद्धान्तहरूलाई स्वाभाविक रूपमा लिन थालिएको छ । अधिकार स्वास्थ्य सम्बन्धी संयुक्त राष्ट्रसंघीय एउटा प्रतिवेदनमा Paul Hunt ले लेखेको यो अंश यहाँ उद्धृत गर्नु उपयुक्त हुने छ :

...Sexual rights include the right of all persons to express their sexual orientation with due regard for the well being and rights of others, without fear of persecution, denial of liberty or social interference.

समलिङ्गी र तेश्रो लिङ्गी व्यक्तिहरूको अधिकारको बिषयमा विभिन्न अभिमतहरू प्रकट भएका छन् । कतिपय मुलुकहरू विशेष गरी मुस्लिम मुलुकहरूले आफ्नो धर्म संस्कृति र मूल्य मान्यताका कारण यसलाई अधिकारको रूपमा मान्यता प्रदान गर्न नहुने तर्क पनि अघि सारेका छन् । तर अव यो सामान्य बहसको बिषय मात्र रहेन । राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा यस सम्बन्धमा व्यापक चासो र सरोकार व्यक्त गर्न थालिएको छ । संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्त लुइस आर्वरले मन्ट्रियलमा सम्पन्न समलिङ्गी र तेश्रो लिङ्गीहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा (२६ जुलाई २००६) व्यक्त गरेको धारणा यस प्रकार रहेको थियो:

Freedom of religion is a right that also protects the freedom not to share in religious beliefs or be required to live by them. Under the broad and ill-defined mentle of 'culture' states may fail to recognize the diverse voices within their own communities, or may deliberately chose to suppress them. Such an approach stems from and ossified vision of culture, however, which ignores the indisputable transformation of social morel as well as the obligation to promote tolerance and respect for diversity required by human rights law as core aspects of the right to privacy.

...respect for cultural diversity is insufficient to justify the existence of laws that violate the fundamental right to life, security and privacy by criminalizing harmless private relation between coveting adults. Even when such laws are not actively enforced or worse when they are arbitrarily enforced, their mere existence fosters and atmosphere of fear, silence and devil of identity in which LGBT persons are confined. Neither the existence of national laws, nor the prevalence of custom can ever justify the abuse, attacks, torture and indeed killing that gay, lesbion, bisexual and transgender persons are subjected to because of who they are or are percieved to be. Because of the stigma attached to issues sorrounding sexual orientation and gender identity, violence against LGBT person is frequently unreported, undocumented and goes ultimately unpunished. Rarely does it provoke public debate and outrage. This shameful silence is the ultimate rejetion of the fundamental principle of universality of rights.

यौन अभिमुखीकरण र लैङ्गिक पहिचानलाई स्वीकार गर्नु पर्ने सम्बन्धमा विकास भएका उल्लिखित मान्यता विपरीत विभिन्न धारणाहरू अझै पनि प्रकट भैरहेको पाईन्छ । समलिङ्गी वा तेश्रो लिङ्गीहरूको यौनिक क्रियाकलाप प्राकृतिक होइन, उनीहरू सन्तानोत्पादनका लागि सक्षम हुँदैनन् । यसले सामाजिक विकृति भित्र्याउँछ । त्यसैले यस्तो अप्राकृतिक सम्बन्धलाई बैधानिकता प्रदान गर्नु हुँदैन भन्ने मत पनि सशक्त रूपमा उठ्ने गरेको छ । महिला र पुरूषको आधारमा मात्र गरिने लैङ्गिक पहिचान सम्बन्धी परम्परागत मान्यताको प्रभावबाट यस्ता प्रश्नहरू उठेका हुन् । गोपनियताको अधिकार मानिसको आधारभूत मौलिक

अधिकार हो । यौनिक क्रियाकलापको बिषय गोपनियताको परिभाषाभित्र पर्दछ । कानूनले निर्धारण गरेको उमेर पूरा गरेका व्यक्तिहरूले कसरी यौन सम्पर्क (Sexual Intercourse) राख्दछन् र त्यस्तो सम्पर्क प्राकृतिक अप्राकृतिक के हो भनी प्रश्न गर्ने अधिकार कसैलाई पनि प्राप्त हुनु हुँदैन । जसरी महिला र पुरूषहरू (विपरीत लिङ्गी) ले गर्ने यौन सम्पर्कमा गोपनियताको हक सुरक्षित छ त्यस्तो अधिकार फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका तेश्रो लिङ्गी व्यक्तिहरूको हकमा पनि समान रूपमा आकर्षित हुन्छ । त्यसैले यौनिक क्रियाकलापलाई अप्राकृतिक भनी समलिङ्गी र तेश्रो लिङ्गीहरूको लैङ्गिक पहिचान र यौन अभिमुखीकरणलाई अस्वीकार गर्न सकिने अवस्था हुनु हुँदैन । जब कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्दछ तत्पश्चात उसको जैविक लिङ्ग के हो ? निजले कस्तो यौन साथी रोज्नु पर्ने हो, कस्तो व्यक्तिसंग बैवाहिक सम्बन्ध कायम गर्नु पर्ने हो भन्ने कुराको निर्धारण अरू व्यक्ति, समाज, राज्य वा कानूनले गरिदिने होइन । यो नितान्त रूपमा त्यस्तो व्यक्तिको वैयक्तिक आत्मनिर्णयको अधिकार अन्तर्गत पर्ने बिषय हो ।

उल्लिखित विकासक्रमको पृष्ठभूमिमा हेर्दा नेपालको कानूनले समलिङ्गी र तेस्रो लिङ्गीहरूको हक अधिकारको संरक्षण र सम्बर्द्धनका लागि छुट्टै कुनै प्रयास गरेको अवस्था देखिंदैन । हुनतः समलिङ्गीहरू बीचको सम्बन्धलाई प्रत्यक्ष रूपमा कसूर कायम गर्ने छुट्टै कानून नभएको (यद्यपि यसलाई अप्राकृतिक मैथुनको परिभाषा भित्र पारिएको देखिन्छ) अवस्थामा समाजको नकारात्मक दृष्टिकोण रहेको कारण उनीहरूप्रति राज्ययन्त्रले भेदभावयुक्त व्यवहार गरेका भन्ने आरोपलाई अन्यथा मान्न सकिने अवस्था छैन । तेस्रो लिङ्गीको अवधारणालाई कानूनी रूपमा स्वीकार नगरेको कारण त्यस्ता व्यक्तिहरूले आफ्नो पहिचान कायम राखी जीवन संचालन सहज रूपमा गर्न नसकेको कुरालाई पनि अन्यथा भन्न सकिने अवस्था छैन । जन्मदाको अवस्थामा देखिएको जैविक लिङ्गको आधारमा आफ्नो चरित्र स्वभाव विपरीतको पहिचान कायम राखी सार्वजनिक जीवनमा उपस्थित हुनु पर्ने वाध्यात्मक परिस्थिति अहिले पनि यथावत रहेको कुरा प्रति मानव अधिकार र मौलिक हकको सन्दर्भमा पुनर्विचार हुनु अति आवश्यक छ ।

व्यक्तिको अधिकारको प्रयोगका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय अभ्यासहरू, बदलिंदो विश्व समाज र अल्पसंख्यकको अधिकारको सम्मान गर्ने परिपाटीलाई हामीले पनि क्रमशः आत्मसात गर्दै जानु पर्दछ । समाजमा विकृति फैलिन्छ कि भन्ने धारणाका आधारमा मात्र यस्ता व्यक्तिको अधिकारलाई कानुनी रूपमा नै बेवास्ता गर्दै जाने हो भने हाम्रो मानव अधिकार प्रतिको प्रतिवद्धतामा अन्तर्राष्ट्रियस्तरमा नै प्रश्न उठ्न जान्छ । यस्ता व्यक्तिहरूले उनीहरूको आत्मानुभूति अनुरूपको व्यवहार, गतिविधि, आचरण गर्दैमा समाजले लैङ्गिक पहिचान बमोजिम निर्धारण गरिदिएको भन्दा अलग प्रकारको लवाई (Cross Dress) हुँदैमा समाजमा विकृति फैलन्छ भन्न मिल्दैन । किनकी अरूको देखासिखीबाट मात्र मानिसले आफ्नो स्वाभाविक लैङ्गिक पहिचान त्यागेर अर्को पहिचान अगाल्ने होइन । यो समस्या कुनै Psychiatric समस्या नभएर प्राकृतिक रूपमा नै आउने स्वभावगत समस्या हो भन्ने कुरा चिकित्सा विज्ञानले प्रमाणित गरिसकेको छ । अब चिकित्सा शास्त्र र विज्ञानले देखाएका निचोडहरूलाई अस्वीकार गरी यथास्थितिमा रहन सकिने अवस्था पनि हुँदैन । मानिसको स्वतन्त्रता, प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि व्यवस्थाहरू मानव अधिकारको दृष्टिकोणबाट मान्य हुन सक्दैनन् । धर्म, संस्कृति, परम्परा, मूल्य मान्यता जस्ता कुनै पनि आधारमा व्यक्तिको आधारभूत अधिकारलाई संकुचन गरिनु पनि हुँदैन ।

हाम्रो प्रचलित कानूनमा रहेको पशुकरणीको महल, विहावारीको महल, लोग्नेस्वास्नीको महल, लगायतका कानूनी व्यवस्थाहरू, नागरिकता, राहदानी, मतदाता नामावली, सुरक्षा जाँच लगायतका कतिपय ऐन

नियमावलीमा भएका व्यवस्था लगायतका हाम्रा अभ्यासहरूले तेस्रो लिङ्गीको पहिचानलाई स्वीकार नगरेको मात्र होइन उनीहरूको अस्तित्वलाई नै पनि आत्मसात गरेको छैन । त्यस्तै प्रशासनिक निकायको सोच र सामाजिक परिवेशले पनि तेस्रो लिङ्गीलाई उनीहरूलाई प्रकृतिले प्रदान गरेको स्वभाव र चरित्र अनुरूपको जीवन यापन गर्न सहज नभएको समेतको परिस्थितिलाई विश्लेषण गरिनु आवश्यक भैसकेको छ । जस्तो कि पुरूष जनेन्द्रिय लिएर जन्मेको कुनै व्यक्ति वयस्क हुँदै गएपछि ँझ्ष्लष्लभ चरित्रको व्यवहार गर्न थाल्दछ र त्यसै प्रकारको पोशाक लगाई महिला जस्तो भएर हिड्दछ तर उसलाई राज्य वा समाजले प्रदान गरेको पहिचान खुल्ने प्रमाणपत्र (नागरिकता इत्यादि) भने पुरूषको परिचय देखिने खालको छ वा महिला जनेन्द्रिय लिएर जन्मेको कुनै व्यक्ति उमेर बढ्दै जाँदा :बकअगष्लिभ चरित्रको व्यवहार गर्न थाल्दछ र त्यसै प्रकारको पोशाक लगाई पुरूष जस्तो भएर हिड्छ तर उसलाई राज्य वा समाजले प्रदान गरेको पहिचान खुल्ने प्रमाणपत्र (नागरिकता ईत्यादि) भने महिलाको परिचय देखिने खालको छ भने त्यस्ता व्यक्तिलाई पहिचानको समस्या पर्न जानु स्वभाविक नै हुन्छ ।

माथि विवेचना गरे अनुरुप अब रिट निवेदकहरूको माग बमोजिम आदेश जारी हुनुपर्ने हो होइन भन्ने चौथो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रस्तुत रिट निवेदन यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित अल्पसंख्यक व्यक्तिहरूको तर्फबाट पर्न आएको रहेछ । निवेदकहरूको मुख्य मागलाई यसप्रकार वर्गीकरण गर्न सकिन्छः

- तेस्रो लिङ्गी (Transgender वा Third gender) का व्यक्तिहरू जसमा महिला तेस्रो लिङ्गी, पुरूष तेस्रो लिङ्गी र अन्तर लिङ्गी (Intersex) पर्दछन्, उनीहरूको स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान (Gender Identity) कायम हुने गरी कानूनी व्यवस्था गरिनु पर्दछ । उनीहरूलाई लैङ्गिक आधारमा भेदभाव गर्न पाइदैन ।
- महिला समलिङ्गी (Lesbion), पुरूष समलिङ्गी (Gay) र द्विलिङ्गी (Bisexual) व्यक्तिहरूलाई उनीहरूको यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा राज्य र समाजले कानुनी एवम् सामाजिक मान्यता प्रदान गरी अरू विपरीत लिङ्गीले पाए सरह स्वतन्त्रतापूर्वक जीवन यापन गर्न पाउने गरी कानुनी व्यवस्था गरी त्यस्ता व्यक्तिहरूको मौलिक मानव अधिकारको संरक्षण गरिनु पर्दछ ।

सर्वप्रथम पहिलो मागका सम्वन्धमा विचार गर्दा, तेस्रोलिङ्गी व्यक्तिहरू महिला वा पुरूष दुबै नभएको कारण आफ्नै लिङ्ग अर्थात आफ्नै कभह को आधारहरूमा नागरिकता लगायत पहिचान दिलाउने कागजात सरकारी कार्यालयबाट प्राप्त गर्न नसकेको, अध्ययन गर्न शिक्षण संस्था लगायत कुनै पनि सार्वजनिक कार्यालयबाट नागरिकको हैसियतले प्राप्त गर्ने सुविधा प्राप्त गर्न नसकेको र सार्वजनिक कार्यालय एवं सार्वजनिक पद धारण गरेको व्यक्तिहरूबाट समेत अपमानजनक र अपहेलित हुनु परेकोले महिला, पुरूषमा आधारित र केन्द्रित वर्तमान भेदभावकारी कानून खारेज गरी स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान प्रदान गरी आधारभूत मौलिक हक एवं मानव अधिकार सुरक्षित गरी पाउँ भनी प्रस्तुत निवेदनमा जिकिर लिएको देखियो ।

LGBTI वर्गका व्यक्तिहरू मध्येका पुरूषबाट महिला (Male to Female) र महिलाबाट पुरूष (Female to male) मा परिवर्तन सम्बन्धी शल्यक्रिया (Sex Change Operation) बाट परिवर्तन भएको बाहेक अरू व्यक्तिहरू प्राकृतिक रूप (Natural process) बाट विकास भएका हुन् । LGBTI बाहेकका प्राकृतिक तवरले जन्म एवं विकास भएकाहरूमा पनि कोही ठीक उचाइका ठीक तौलको चनाखो र स्वस्थ मनस्थितिका व्यक्तिहरू पनि हुन्छन् । कोही अपाङ्ग, कोही सुस्त मनस्थितिका (Handicapped) व्यक्ति

पनि जन्मिएका हुन्छन् भने कोही अन्धो, कोही बहिरो, कोही पुड्को, कोही म्भबाजगतभ जन्म भएका हुन्छन् । पुरूष वा महिलाको लिङ्गीय पहिचान (जनेन्द्रीय) भएका कारण यी व्यक्तिहरू महिला वा पुरूष मानिए ।

यसरी महिला र पुरूष भनी स्पष्ट पहिचान भएका व्यक्तिहरूलाई चाँही मौलिक हक उपभोग गर्नमा कुनै बाधा देखिंदैन । तर लैङ्गिक पहिचानका दृष्टिले स्पष्टरूपमा महिला र पुरूष भनी चिनिएका वाहेकका तेस्रो लिङ्गीहरूलाई चाँही मौलिक हक उपभोग गर्नमा बाधा पर्ने खालका संवैधानिक तथा कानुनी व्यवस्था हुनु उपयुक्त हुँदैन । LGBTI हरूमा अरू स्वभाव सामान्य हुन्छ । केवल sexuality मा मात्र पुरूष या महिला जस्तो विपरीत लिङ्गी प्रति आकर्षित नहुने, पोशाक पहिरन आदि भिन्न खालको लगाउने कारणले मात्र ती व्यक्तिहरू मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु हुँदैन । राज्यले यस्ता महिला र पुरूष वाहेकका तेस्रो लिङ्गी व्यक्तिहरूका लागि समेत आवश्यक व्यवस्था गर्नु पर्दछ । यदि लिङ्गको आधारमा पुरूष वा महिला भनी पहिचान भएको तर अपाङ्ग वा पुड्को वा Deafmute भएका व्यक्तिहरूले आफ्नै पहिचानमा संविधानले दिएको मौलिक हक वा मानव अधिकार सम्बन्धी महासन्धिहरूले दिएको मानव अधिकारको उपभोग गर्न पाउँछन् भने अरू सबै अवस्था सामान्य भएका तर केवल लैङ्गिक पहिचान र यौन चाहना मात्र फरक भएका व्यक्तिहरूले चाहि त्यस्तो अधिकारको उपभोग गर्न पाँउदैनन् भन्नु तर्कसंगत हुँदैन । यस्ता व्यक्तिहरूले हाम्रो संविधानको भाग ३ का मौलिक हक र नेपालले हस्ताक्षर गरी नेपाल कानून सरह लागू भएका मानव अधिकार सम्बन्धी विभिन्न महासन्धिहरूले दिएको अधिकार आफ्नै पहिचानमा उपयोग गर्न नपाउने कानुनी व्यवस्था छ भने त्यस्तो व्यवस्थालाई स्वेच्छाचारी (Arbitrary), आधारहीन (Unreasonable) र भेदभावयुक्त (Discriminatory) मान्नु पर्ने हुन्छ र त्यस्तो कानुन कार्यान्वयन गर्ने राज्यको कार्य पनि Arbitrary, Unreasonable र Discriminatory नै मान्नु पर्दछ ।

यस प्रसङ्गमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि (ICESCR) र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि (ICCPR) का केही व्यवस्थाहरू यहाँ उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

**ICESCR Article 10**

Marriage must be entered into with the free consent of the intending spouses.

**ICCPR Article 2**

1. Each State Party to the present Covenant undertakes to respect and to ensure to all individuals within its territory and subject to its jurisdiction the rights recognized in the present Covenant, without distinction of any kind, such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status.
2. Where not already provided for by existing legislative or other measures, each State Party to the present Covenant undertakes to take the necessary steps, in accordance with its constitutional processes and with the provisions of the present Covenant, to adopt such laws or other measures as may be necessary to give effect to the rights recognized in the present Covenant.

3. Each State Party to the present Covenant undertakes:

   (a) To ensure that any person whose rights or freedoms as herein recognized are violated shall have an effective remedy, notwithstanding that the violation has been committed by persons acting in an official capacity;

   (b) To ensure that any person claiming such a remedy shall have his right thereto determined by competent judicial, administrative or legislative authorities, or by any other competent authority provided for by the legal system of the State, and to develop the possibilities of judicial remedy;

   (c) To ensure that the competent authorities shall enforce such remedies when granted.

**Article 16**

Everyone shall have the right to recognition everywhere as a person before the law.

**Article 17**

1. No one shall be subjected to arbitrary or unlawful interference with his privacy, family, or correspondence, nor to unlawful attacks on his honour and reputation.
2. Everyone has the right to the protection of the law against such interference or attacks.

**Article 23**

1. The family is the natural and fundamental group unit of society and is entitled to protection by society and the State.
2. The right of men and women of marriageable age to marry and to found a family shall be recognized.
3. No marriage shall be entered into without the free and full consent of the intending spouses.
4. States Parties to the present Covenant shall take appropriate steps to ensure equality of rights and responsibilities of spouses as to marriage, during marriage and at its dissolution. In the case of dissolution, provision shall be made for the necessary protection of any children.

माथि नै उल्लेख भैसकेको छ कि महिला समलिङ्गी, पुरूष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तर लिङ्गी जसलाई Lexbian, Gay, Bisexual, Trans-sexual, Intersex अर्थात LGBTI भनिन्छ, उनीहरूको लिङ्ग (sex) महिला वा पुरूष (Male or Female) अथवा न्भलमभच को हिसाबले Masculine र Feminine अथवा यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान जेभएपनि उनीहरू पनि प्राकृतिक व्यक्ति हुन् भन्ने कुरा विभिन्न खोज, अनुसन्धान र परीक्षणबाट स्थापित भएको छ । तसर्थ उल्लिखित अभिसन्धिका व्यवस्थाहरूको पूर्ण उपभोगका लागि उनीहरूलाई कुनैपनि आधारमा वाहेक गर्न मिल्दैन । कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता प्राप्त भएपछि अरू कुनै कारणले व्यक्तिका मौलिक मानव अधिकार उपभोगमा संकुचन हुन सक्दैन । स्वतन्त्र सहमतिबाट विवाह गर्ने, परिवार आरम्भ गर्ने, गोपनियतामा हस्तक्षेप नगरिने, जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पति,

जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभाव नगरिने भनी उल्लिखित अभिसन्धिले प्रत्याभूत गरेका अधिकारको समानरूपमा उपभोग गर्न पाउने हक LGBTI हरू लाई पनि स्वभाविक रूपमा प्राप्त छ ।

प्रत्येक नेपाली नागरिक एवं व्यक्तिहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को धारा १२ देखि धारा ३२ सम्मको सबै मौलिक हकहरू प्रदान भएको छ । निवेदकहरू अल्पसंख्यक भएपनि नेपाली नागरिक भएको कारण आफ्नै पहिचानमा ती हकहरू उपभोग गर्न पाउने उनीहरूको मौलिक अधिकार हो । संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको व्यवस्था भएको छ । राज्यले बनाउने नीतिहरूबाट आफ्नै पहिचानमा लाभान्वित हुन पाउने निवेदकहरूको हक हो । संविधानमा महिला र पुरूष दुई लिङ्ग मात्र उल्लेख हुँदैमा संविधानका मौलिक हकहरू वा अन्य कानूनी हकहरू वा नेपालले हस्ताक्षर गरेको मानव अधिकार सम्बन्धी विभिन्न महासन्धि वा मानव अधिकारहरू महिला र पुरूषले मात्र उपभोग गर्न पाउँछन् भन्ने अर्थ गर्न मिल्दैन । महिला र पुरूष वाहेकका तेश्रो प्रकारको लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको व्यक्ति पनि नेपाली नागरिक एवम् प्राकृतिक व्यक्ति भएको कारण उनीहरूले पनि आफ्नै पहिचानमा संविधान, कानून र मानव अधिकार सम्बन्धी सन्धि महासन्धिहरूले दिएका सम्पूर्ण हकहरू उपभोग गर्न पाउनुपर्छ । त्यस्तो हकको उपभोग गर्न पाउने वातावरण श्रृजना गर्ने र सो अनुसारको कानूनी व्यवस्था गर्ने दायित्व राज्यको हो । फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको कारण ती हकहरू उपभोग गर्न नपाउने वा महिला वा पुरूष भएमात्र ती हकहरू उपभोग गर्न पाउने भन्ने अर्थ गर्न मिल्दैन ।

यसैगरी संविधानको धारा १२ ले स्वतन्त्रताको हक प्रदान गरेको छ । उक्त धारा १२ (१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र धारा १२ (२) ले कानून वमोजिम वाहेक कुनै पनि व्यक्तिको बैयक्तिक स्वतन्त्रता अपहरण नगरिने व्यवस्था गरेको छ । उक्त धारा १२ लाई जीवनको अधिकार (Right to life) को हक मान्नु पर्छ । सो धारा १२ मा महिला वा पुरूष भन्ने शव्द छैन । धारा १२ ले दिएको स्वतन्त्रता प्रत्येक व्यक्तिलाई हो । व्यक्ति भन्नाले प्रत्येक प्राकृतिक व्यक्ति (Natural person) लाई जनाउँछ । LGBTI पनि प्राकृतिक व्यक्ति (Natural person) भएको कारण उनीहरूले समाजमा ती सबै स्वतन्त्रताहरूको उपयोग गरी सम्मानपूर्वक बाँच्न पाउनु पर्छ । सो धारा १२ (२) ले मानव जातिको लागि न्यूनतम (Minimum) स्वतन्त्रताहरू प्रदान गरेको छ । सो धाराले प्रदान गरेको स्वतन्त्रता कुनै निश्चित लिङ्गको पहिचानमा आधारित नभई (Irrespective of sex) आफ्नै पहिचानमा उपयोग गर्न पाउने स्वतन्त्रता हो । धारा १२ (३) को खण्ड (क) देखि खण्ड (च) सम्मको स्वतन्त्रताहरू कानून बनाएर मात्र रोक लगाउन सकिन्छ । तर ती कानून arbitrary, discriminatory/ unreasonable हुनु हुँदैन । ती स्वतन्त्रताहरू नेपालको सार्वभौमसत्ता तथा अखण्डता, जातजाति, धर्म वा सम्प्रदाय बीचको सम्बन्ध खलल गर्ने वा अपराध गर्न उक्साउने वा सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने भएमा मनासिव प्रतिबन्ध लगाउने कानून बनाई रोक लगाउन सकिन्छ । धारा १२ (१) को "सम्मानपूर्वक" शव्द र धारा १२ (२) को "कानून बमोजिम वाहेक" भन्ने दुई शव्द महत्वपूर्ण छ । यी दुई उपधाराका शव्दको व्याख्यामा महिला पुरूष लगायत LGBTI समेत सबैको मौलिक हक र मानव अधिकारलाई प्रवर्द्धन (Furtherance) गर्ने गरी व्याख्या गर्नुपर्छ निरूत्साहित (Frustrate) गर्ने गरी होइन ।

त्यसै गरी संविधानको धारा १३ ले समानताको हकको प्रत्याभूति गरेको छ, जस अनुसार उपधारा (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने छन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था गरेको छ भने उपधारा (२) ले सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था छ । त्यस्तै उपधारा (३) मा राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पति, भाषा वा बैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी जनजाती, मधेशी वा किसान, मजदुर वा आर्थिक सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था छ । उपधारा (४) मा समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन भन्ने व्यवस्था छ ।

समानता सम्बन्धी उल्लिखित संवैधानिक प्रावधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुने र समान संरक्षण पाउने, कानूनको प्रयोगमा भेदभाव नगरिने तथा राज्यले कुनै आधारमा पनि भेदभाव नगर्ने तथा सामाजिक सुरक्षामा समेत भेदभाव नगरिने प्रत्याभूति गरिएको छ ।

हाम्रो संविधानको धारा १२ (२) मा कानून बमोजिम वाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भन्ने संवैधानिक व्यवस्था भएको छ । यस व्यवस्था हेर्दा सार्वजनिक हितको लागि कानून बनाई त्यस्तो स्वतन्त्रतामा रोक लगाउन सकिने देखिन्छ । धारा १२ को स्वतन्त्रता भनेको बाँच्न पाउने हक अर्थात जीवनको हक (Right to Life) सम्बन्धी स्वतन्त्रता हो । धारा १२ ले दिएको Right to Life को स्वतन्त्रता भनेको मानव जातिको लागि अपरिहार्य स्वतन्त्रता हो । छोटकरीमा भन्दा यस्तो स्वतन्त्रता सबै नागरिक, सबै व्यक्तिलाई समानताको आधारमा Right to have one's own Identity को रूपमा प्राप्त हुन्छ । तर भेदभावकारी वा स्वेच्छाचारी कानून बनाउदैमा भने यस्तो स्वतन्त्रता अपहरण हुन सक्दैन । तर वर्तमान सम्पत्ति सम्बन्धी कानून, नागरिकता लगायत व्यक्तिगत पहिचानसम्बन्धी कानून, बिवाहसम्बन्धी कानून लगायतका विभिन्न कानूनहरू पुरूष एवम् महिला केन्द्रित (Male and Female Sex Specific) रहेका देखिन्छन् । यस्ता कानुनले महिला र पुरूष वाहेक अन्य व्यक्तिको कुनै अस्तित्व नै मानेको देखिदैन ।

कुनै पनि व्यक्तिको लैङ्गिक पहिचान उसको जैविक लिङ्गका आधारमा मात्र नभई उसको स्वभाव, चरित्र र अवधारणाले समेत निर्धारण गर्ने गर्दछ भन्ने मान्यता अव स्थापित भैसकेको छ । सामान्यतया प्राकृतिक र जैविक आधारमा जन्ममा पुरूष वा महिला जे भए पनि शारीरिक विकासक्रम संगैं उनीहरूको स्वभाव उनीहरूको पहिचान अनुरूप नै या त Masculine of Faminine प्रकारको हुँदैजान्छ । तर सबै मानिसहरूलाई एउटै सिद्धान्तबाट हेर्न सकिदैन । केही व्यक्तिहरूमा भने जन्मदाको लिङ्ग विपरीतको स्वभाव, आचरण एवं व्यवहार हुन जान्छ । जुन प्राकृतिक रूपमा नै हुने गर्दछ भन्ने सम्बन्धमा माथि नै पनि विवेचना गरिसकिएकै छ । तर यस्तो परिवर्तित लैङ्गिक पहिचानको आधारमा उनीहरूले पेशा व्यवसाय लगायत वैवाहिक सम्बन्ध समेत कायम गर्न सक्ने अवस्था हाम्रो वर्तमान कानूनमा रहे भएको देखिंदैन । आफ्नै पहिचान कायम राखी मौलिक हक र स्वतन्त्रताको उपभोग गर्न नपाउने कानूनलाई भेदभावकारी कानून मान्नु पर्छ । सो सम्बन्धमा नेपालले हस्ताक्षर गरी नेपाल

कानून सरह लागू भएको ICESCR को धारा १० र ICCPR को धारा २३ मा वैवाहिक सम्बन्ध महिला र पुरूषको बीचमा मात्र कायम हुन सक्ने गरी व्यवस्था गरे पनि ICCPR को धारा २, धारा १६ र १७ को व्यवस्थालाई सामन्जस्यपूर्ण व्याख्या (Hormonious Interpretation) गर्दा प्रत्येक व्यक्तिलाई आफ्नो पहिचानमा राज्यले मान्यता प्रदान गर्नु पर्ने अर्थात आफ्नोपनको पहिचानको अधिकार (Right to have one's own identity) प्रदान गरेको देखिन्छ । सो महासन्धिको उक्त व्यवस्थाले प्रत्येक व्यक्तिको इज्जत मर्यादामा दखल दिन नपाउने गरी पारिवारिक जिन्दगीको गोपनियताको हक समेत प्रदान गरेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ वमोजिम ICCPR / ICESCR समेत नेपाल कानून सरह भएको हुँदा भए LGBTI हरूले आफ्नोपनको अधिकार (Right to have one's own identity) को आधारमा विना भेदभाव आफ्नै पहिचान सहित नेपाल कानूनले दिएको हकहरू अरू सरह निर्वाध रूपमा उपभोग गर्न पाउनु पर्ने देखिन्छ । यसर्थ सरकारले यस सम्बन्धमा आवश्यक अध्ययन गरी फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले समेत अरू सरह नै विना भेदभाव आफ्नो अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानून बनाउनु वा भैरहेको कानून संशोधन गरी आवश्यक प्रबन्ध गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ ।

त्यसैगरी हाम्रो संविधानको भाग ३ को मौलिक हक तथा भाग ४ को राज्यको निर्देशक सिद्धान्त र नीतिमा महिला, बालबालिका, बृद्ध, अपाङ्ग, आदिवासी, दलित आदि जस्ता उत्पीडित, उपेक्षित वर्गको उत्थानका लागि राज्यले कानूनद्वारा विशेष व्यवस्था गर्नु पर्ने देखिन्छ । सो व्यवस्थामा लिङ्ग नभनी पुरूष र महिला भनी उल्लेख भएको हुँदा यस विषयमा हामी सबैको ध्यान आकर्षित हुनु जरूरी छ । संविधानमा महिला र पुरूष भन्ने उल्लेख नभई लिङ्ग भन्ने शव्द मात्र उल्लेख भएमा यसले महिला पुरूष लगायत तेस्रो लिङ्गीलाई समेत समेट्न सक्ने देखिन्छ । लिङ्ग भन्नाले महिला, पुरूष वाहेक तेश्रो लिङ्गीलाई समेत समेट्ने भएकोले संविधान सभाद्वारा अब बन्ने नयाँ संविधानमा व्यक्तिलाई हक प्रदान गर्दा दक्षिण अर्फिकाको संविधानको Bill of Right को जस्तो महिला र पुरूषको अतिरिक्त Gender Indentity र Sexual Orientation का आधारमा समेत भेदभाव गर्न नपाउने खालको स्पष्ट व्यवस्था नै गरिनु पर्ने देखी यो न्यायिक टिप्पणी समेत गरिएको छ ।

महिला समलिङ्गी (Lesbion), पुरूष समलिङ्गी (Gay) र द्विलिङ्गी (Bi-sexual) व्यक्तिहरूलाई उनीहरूको यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा राज्य र समाजले कानुनी एवम् सामाजिक मान्यता प्रदान गरी अरू विपरीत लिङ्गीले पाए सरह स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने कानुनी व्यवस्था गरी त्यस्ता व्यक्तिहरूको मौलिक मानव अधिकारको संरक्षण गरिनु पर्दछ भन्ने निवेदकहरूको अर्को माग रहेको छ । बस्तुतः यो माग समलिङ्गी विवाह वा उनीहरूको co-habitation लाई मान्यता दिनु पर्ने विषयमा केन्द्रित रहेको छ । समलिङ्गी विवाहका सम्वन्धमा हेर्दा एउटा सावालक व्यक्तिले अर्को सावालक व्यक्तिसँग राजीखुशी मञ्जूरीले आफ्नो चाहना अनुरूप वैवाहिक सम्वन्ध राख्न पाउनु उसको नैसर्गिक हक र अधिकार हो । समलिङ्गी विवाहलाई सम्बन्धित व्यक्तिहरूको हक अधिकार र सामाजिक पारिवारिक दृष्टि सबै पक्षबाट हेरिनु पर्दछ । अन्य राष्ट्रको यस सम्बन्धी प्रचलन एवं कानूनी व्यवस्था समेत हेरी महिला तथा पुरूष समलिङ्गी बिवाह (Gay and Lesbian Marriage) को सम्बन्धमा अध्ययन गरी निष्कर्षमा पुग्न उचित हुने देखिन्छ । कतिपय राष्ट्रहरूले यसलाई मान्यता समेत प्रदान गरेका छन् भने कतिपय राष्ट्रमा मान्यता दिई नसकेको पनि देखिन्छ । तसर्थ मानव अधिकार सम्वन्धी दस्तावेजहरू, विश्वमा विकास भएका यस सम्बन्धी नवीन मान्यताहरू, समलिङ्गी विवाहलाई मान्यता

प्रदान गर्ने देशहरूको अनुभव र त्यसले समाजमा पार्ने प्रभावका बारेमा बृहत् अध्ययन र विश्लेषण गरिनु आवश्यक रहेको छ । यस सम्बन्धी समग्र विषयमा अध्ययन गर्न नेपाल सरकारले देहाय बमोजिमको एक समिति गठन गर्नु ।

## समितिको गठन

| | | |
|---|---|---|
| (क) स्वास्थ्य मन्त्रालयले तोकिएको विशेषज्ञ डाक्टर | - | संयोजक |
| (ख) राष्ट्रिय मानव अधिकार आयोगले तोकेको आफ्नो एक जना प्रतिनिधि | - | सदस्य |
| (ग) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको प्रतिनिधि | - | सदस्य |
| (घ) नेपाल सरकारले तोकेको एक जना समाजशास्त्री | - | सदस्य |
| (ङ) नेपाल प्रहरीको प्रतिनिधि (यस विषयका विशेषज्ञ) | - | सदस्य |
| (च) जनसंख्या तथा वातावरण मन्त्रालयका प्रतिनिधि | - | सदस्य |
| (छ) निवेदकहरूको प्रतिनिधित्व गर्ने अधिवक्ता हरी फुयाल | - | सदस्य |

उक्त समितिले निवेदकले उठाएको मागहरू मध्ये समान लिङ्गका व्यक्तिहरू बीचको बिवाह (Same Sex Marriage) र समग्र LGBTI हरूको वैवाहिक अवस्थाका सम्बन्धमा सम्भव भए अन्य राष्ट्रका कानुनी व्यवस्था समेत अध्ययन गरी उक्त समितिले दिएको राय सुझावको आधारमा नेपाल सरकारले आवश्यक निर्णय गरी कानूनी व्यवस्था गर्नु । समितिको कार्यविधि एवं समयावधिका सम्बन्धमा विषयवस्तुको गाम्भीर्यतालाई हेरी सरकारले नै तोक्न उपयुक्त हुने हुँदा कार्यविधि र समयतालिका यस अदालतले तोक्न उपयुक्त देखिएन । सो समितिले दिएको प्रतिवेदन यस अदालतलाई समेत उपलब्ध गराउनु भनी विपक्षी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

यो आदेशको प्रतिलिपि सहितको जानकारी विपक्षीहरूलाई दिनु भनी महान्यायाधिवक्ताको कार्यालयलाई र आदेशको कार्यान्वयनको अवस्थाका बारेमा नियमित रूपमा अनुगमन गर्नु भनी यसै अदालतको अनुगमन तथा निरीक्षण महाशाखालाई लेखी पठाई दिनु । साथै प्रस्तुत आदेशको प्रतिलिपी सहितको जानकारी निवेदकहरू समेतलाई दिई मिसिल नियमानुसार बुझाई दिनु ।

**उक्त रायमा सहमत छु ।** **न्यायाधीश**

**न्यायाधीश**

**इजलास अधिकृतहरु** : श्यामकुमार भट्टराई
यादवराज पोखरेल

इति संवत २०६४ साल पौष ६ गते रोज शुभम

नील हिरा समाज

यूरोपेली संघ